CC-0. In Public Domain. Digitization by eGangotri

# नेपाली व्यावहारिक व्याकरण र अभिव्यक्ति

महादेव अवस्थी
ऋषिराम शर्मा

४९५
नै

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

# नेपाली
# व्यावहारिक व्याकरण र अभिव्यक्ति

*माध्यमिक र उच्च माध्यमिक तह तथा त्रि.वि.को प्रवीणता प्रमाण-पत्र तहका निम्ति (र नेपाली भाषाका व्याकरण र अभिव्यक्तिसँग सम्बन्धित विभिन्न भाषिक सीप आर्जन गर्न चाहनेहरूका निम्ति)।*

महादेव अवस्थी
ऋषिराम शर्मा

एकता बुक्स डिष्ट्रिब्युटर्स प्रा.लि.
थापाथली, काठमाडौं
नेपाल।

CC-0. In Public Domain. Digitization by eGangotri

© सम्पूर्ण अधिकार प्रकाशकमा सुरक्षित, २०५३

पहिलो संस्करण : २०५३
दोस्रो संस्करण : २०५५

दर्ता नं.
22062
891.495
अ १४ने

एकता बुक्स डिस्ट्रिब्युटर्स प्रा.लि. का लागि श्रीरामचन्द्र तिमोथीद्वारा प्रकाशित
पो.ब.नं. ६४४५, थापाथली, काठमाडौँ, नेपाल
फोनः २१३४८३, २३०४८२, फ्याक्सः ००९७७-१-२२५३८२

CC-0. In Public Domain. Digitization by eGangotri

# प्रस्तुत पुस्तकका सम्बन्धमा

प्रस्तुत पुस्तकका सम्बन्धमा यसको 'नेपाली व्यावहारिक व्याकरण र अभिव्यक्ति' भन्ने शीर्षकले नै धेरै कुरा प्रकाश पारेको छ। यो नेपाली भाषाका व्याकरण र अभिव्यक्तिसँग सम्बन्धित पुस्तक हो र विद्यार्थीहरूका लागि तयार गरिएको व्यवहारोपयोगी पुस्तक हो। यसमा नेपालको शैक्षिक प्रणालीका माध्यमिक र उच्चमाध्यमिक तहका साथै विश्वविद्यालयअन्तर्गतका प्रवीणता प्रमाणपत्र तह (र स्नातक तहसमेत) का निम्ति निर्धारित गरिएका नेपाली व्याकरण र अभिव्यक्तिसँग सम्बन्धित सम्पूर्ण पाठ्यसामग्रीलाई समेटिएको छ। यस पुस्तकमा विद्यार्थीहरूलाई चाहिनेजति मात्रामा व्याकरण र अभिव्यक्तिबारेका नियमहरू उल्लेख भएकै छन् भने ती नियमहरूका आधारमा व्यावहारिक रूपमा विद्यार्थीहरूले गर्नुपर्ने अभ्यासका निम्ति चाहिने सामग्री पनि यहाँ यथेष्ट मात्रामा दिइएका छन्। हामीलाई विश्वास छ, विद्यार्थीहरूले यो पुस्तक पढी-बुझी यसमा दिइएका अभ्यासकार्यहरूलाई राम्ररी सम्पन्न गरेमा उनीहरूले नेपाली व्याकरण र अभिव्यक्तिसँग सम्बन्धित विषयमा दक्षता हासिल गर्नाका साथै परीक्षामा समेत उल्लेखनीय सफलता प्राप्त गर्नेछन्।

यो पुस्तक हामीले खास गरी माध्यमिक तहका विद्यार्थीहरूका निम्ति तयार गरेका हौं र यसलाई तयार गर्दै जाँदा उच्चमाध्यमिक तह र प्रवीणता प्रमाणपत्र तहका साथै स्नातक तहका निम्ति पनि व्यवहारोपयोगी हुने खालका सामग्रीसमेत यसमा समेटिन पुगे। त्यसैले यहाँ व्यावहारिक रूपमा अभ्यास गर्न दिइएका सामग्रीहरूमा हाल कक्षा ९-१० मा पढाइँदै गरेका नेपाली पाठ्यपुस्तकहरूभित्रका अभ्यास-सामग्रीका साथै माध्यमिक, उच्चमाध्यमिक र प्रवीणता प्रमाण-पत्र तहका वार्षिक परीक्षामा सोधिएका प्रश्नभित्रका कुराहरू पनि परेका छन्। यसबाट विद्यार्थीहरूलाई प्रशस्त सहयोग पुग्नेछ भन्ने हाम्रो ठहर छ।

यस पुस्तकमा परेका धेरैजसो अभ्यास-सामग्रीहरू हामीले नेपालको निजी क्षेत्रका केही विद्यालयका निम्ति तयार गरी प्रयोग गरेका थियौं। हामी तिनै अभ्यास-सामग्रीमा अरू केही थपथाप गरी व्याकरण र अभिव्यक्तिबारेका आवश्यक नियमहरूसमेत दिई यो पुस्तक लेख्न हौसिएका हौं र आज यो पुस्तकाकार कृति तपाईंका हातमा छ।

CC-0. In Public Domain. Digitization by eGangotri

यस पुस्तकमा हामीले हाम्रा आदरणीय अग्रज नेपाली वैयाकरणहरूका पुस्तक-लेख र अरू लेखकहरूका लिखित-सङ्कलित जे-जति सामग्रीको उपयोग गरेका छौं त्यसका निम्ति हामी उहाँहरूप्रति पनि विनम्रतापूर्वक आभार प्रकट गर्दछौं।

अन्त्यमा यस पुस्तकको लेखनकालमा समेत यथासम्भव सहयोग गरी यसको प्रकाशनको गुरुतर अभिभारासमेत लिई सो पूरा गरिदिनुहुने 'एकता बुक्स डिष्ट्रिब्युटर्स प्रा.लि.'का अध्यक्ष तथा प्रबन्ध सञ्चालक श्री रामचन्द्र तिमोथीज्यूलाई पनि हाम्रो हार्दिक धन्यवाद छ। धन्यवाद !

*- लेखकहरू*

CC-0. In Public Domain. Digitization by eGangotri

# विषय-सूची


| परिच्छेद | विषय | पृष्ठ |
|---|---|---|

**खण्ड क**
**व्याकरण**

| | | |
|---|---|---|
| १. | **भाषा र व्याकरण** | **१५-२२** |
| | १.१ 'भाषा'को शब्दार्थ | १५ |
| | १.२ भाषाको परिभाषा | १६ |
| | १.३ भाषा के-के मिलेर बन्दछ? | १९ |
| | (क) भाषाः ध्वनि/वर्णको समूह | १९ |
| | (ख) भाषाः शब्दहरूको समूह | १९ |
| | (ग) भााषाः शब्दावली/पदावलीको समूह | १९ |
| | (घ) भाषाः वाक्यको समूह | २० |
| | १.४ भाषाका प्रकार | २० |
| | १.५ व्याकरण | २१ |
| २. | **ध्वनि, वर्ण र अक्षर** | **२३-३४** |
| | २.१ ध्वनि/भाषाध्वनि | २३ |
| | २.२ वर्ण | २४ |
| | २.३ नेपाली भाषाका वर्णहरूको वर्गीकरण | २४ |
| | (क) नेपाली स्वरवर्णहरू र तिनको वर्गीकरण | २५ |
| | (ख) नेपाली व्यञ्जनवर्णहरूको वर्गीकरणका आधार | २६ |
| | २.४ अक्षर | ३१ |
| | २.५ नेपाली उच्चरित अक्षरहरूको संरचना | ३२ |
| | २.६ नेपाली वर्ण र वर्णमाला | ३२ |
| ३. | **शब्द, पद र पदका प्रकार** | **३५-४०** |
| | ३.१ शब्द | ३५ |
| | ३.२ पद | ३६ |
| | ३.३ पदका प्रकार | ३६ |
| | (क) रूप-परिवर्तन हुने/नहुने आधारमा पदका प्रकार | ३६ |
| | (ख) कार्यका आधारमा पदका प्रकार | ३८ |
| ४. | **नामपद र यसका प्रकार** | **४१-४६** |
| | ४.१ नामपद | ४१ |
| | ४.२ नामपदका प्रकार | ४२ |
| | ४.३ नामपदका प्रकार देखाउने केही अरू आधार | ४४ |
| | ४.४ नामपद चिन्ने तरिका | ४५ |

CC-0. In Public Domain. Digitization by eGangotri

५. लिङ्ग, लिङ्गका किसिम र लिङ्ग-परिवर्तन ४७-५०
५.१ लिङ्ग ४७
५.२ लिङ्गका किसिम ४७
५.३ सामान्य वा उभयलिङ्ग ४८
५.४ लिङ्ग-परिवर्तन ४८
६. वचन, वचनका किसिम र वचन-परिवर्तन ५१-५३
६.१ वचन ५१
६.२ वचनका किसिम ५१
६.३ वचन-परिवर्तन ५२
७. पुरुष, पुरुषका किसिम र पुरुष-परिवर्तन ५४-५६
७.१ पुरुष ५४
७.२ पुरुषका प्रकार ५४
७.३ पुरुष-परिवर्तन ५५
८. सर्वनामपद र यसका प्रकार ५७-६१
८.१ सर्वनामपद ५७
८.२ सर्वनामपदका प्रकार ५७
८.३ सर्वनामपद चिन्ने तरिका ६०
९. विशेषण र विशेषणका प्रकार ६२-६६
९.१ विशेषणपद ६२
९.२ विशेषणका प्रकार ६२
९.३ भेदक विशेषण ६४
९.४ नामस्थानिक विशेषण ६५
९.५ विशेषणको रूपावली ६५
९.६ विशेषणपद चिन्ने तरिका ६५
१०. धातु, क्रिया र क्रियापद-रचना ६७-७७
१०.१ धातु, क्रियामूल र क्रियापदको रचना ६७
१०.२ धातुबाट क्रियापदको रचना ६७
१०.३ धातुको वर्गीकरण ७२
१०.४ क्रिया र क्रियापदको परिभाषाः क्रिया र क्रियापदमा फरक ७५
११. क्रियाका किसिम ७८-९४
११.१ कर्मकत्वका आधारमा क्रियाः अकर्मक, सकर्मक र द्विकर्मक क्रिया ७८
११.२ पूरकत्वका आधारमा क्रियाः पूरकापेक्षी र पूरकानपेक्षी क्रिया ८२
११.३ वाक्य टुङ्ग्याउने र नटुङ्ग्याउने आधारमा क्रियाः असमापिका र समापिका क्रिया ८४
११.४ संरचनाका आधारमा क्रियाः सरल र जटिल क्रिया ८५

CC-0. In Public Domain. Digitization by eGangotri


११.५ अर्थका आधारमा क्रियाः मुख्यक्रिया, गुणक्रिया, गौणक्रिया र सहायक क्रिया ८९
११.६ क्रियाका अन्य किसिमः पूर्वक्रिया र उत्तरक्रिया तथा आश्यकताबोधक क्रिया ९२

१२. अव्ययपद र यसका प्रकार ९५-९९
१२.१ क्रियाविशेषण र क्रियाविशेषणका प्रकार ९५
१२.२ नामयोगी ९७
१२.३ संयोजक र संयोजकपदका प्रकार ९७
१२.४ विस्मयादिबोधकपद (निपातसमेत) ९८

१३. क्रियापदको काल १००-१०६
१३.१ कालको परिचय १००
१३.२ कालका प्रकारः भूत र अभूत १००
(क) क्रियापदको भूतकालः परिचय र रूपावली १०१
(ख) क्रियापदको वर्तमानकालः परिचय र रूपावली १०२
(ग) क्रियापदको भविष्यत् कालः परिचय र रूपावली १०४

१४. पक्षः परिचय र प्रकार १०७-१२८
१४.१ पक्षको परिचय १०७
१४.२ भूतकालका पक्षहरू १०९
(क) सामान्य पक्ष/सामान्य भूत १०९
(ख) अपूर्ण पक्ष/अपूर्ण भूत ११०
(ग) पूर्ण पक्ष/पूर्ण भूत १११
(घ) अज्ञात पक्ष/अज्ञात भूत ११२
(ङ) अभ्यस्त (बानी बुझाउने) पक्ष ११४
१४.३ अभूत काल (वर्तमान र भविष्यत् काल) का पक्षहरू ११४

१५. नेपाली क्रियापदको अर्थ/भाव १२९-१३५
१५.१ भावको परिचय १२९
१५.२ भाव/अर्थका प्रकारः सामान्यार्थ, विध्यर्थ र अनिश्चयार्थः सम्भावनार्थ १२९

१६. नेपाली भाषा र यसको शब्दभण्डार १३६-१४०
१६.१ नेपाली भाषा १३६
१६.२ नेपाली भाषाको शब्दभण्डार १३७

१७. नेपाली भाषाका अनुकरणात्मक शब्द १४१-१४५

१८. पारिभाषिक/प्राविधिक शब्द १४६-१५३

१९. शब्दविनोद १५४-१६०
१९.१ पर्यायवाची शब्द १५४
१९.२ विपरीतार्थक शब्द १५५
१९.३ श्रुतिसम भिन्नार्थक शब्द १५६
१९.४ अनेकार्थक शब्द १५७
१९.५ सार शब्द १५९

CC-0. In Public Domain. Digitization by eGangotri

२०. शब्द-निर्माण-प्रक्रिया १६१-१६४
२०.१ शब्द-निर्माण-प्रक्रियाः व्युत्पादनका आधारमा शब्दका किसिम १६१
२०.२ व्युत्पादन र रूपायनमा फरक १६२
२१. उपसर्गद्वारा शब्द-निर्माण १६५-१७०
२१.१ संस्कृत उपसर्ग, उपसर्गनिर्मित शब्द र निर्माण-प्रक्रिया १६५
२१.२ अन्य उपसर्ग, अन्य उपसर्गनिर्मित शब्द र निर्माण-प्रक्रिया १६८
२२. परसर्गद्वारा शब्द-निर्माण १७१-१८१
२२.१ धातुमा परसर्ग लागेर हुने शब्द-निर्माण-प्रक्रियाः कृदन्त-प्रक्रिया १७१
२२.२ शब्द (नाम, सर्वनाम, विशेषण र अव्वय) मा परसर्ग लागेर हुने शब्द-निर्माणप्रक्रियाः तद्धित-प्रक्रिया १७६
२२.३ शब्द (नाम, विशेषण र अव्यय) मा परसर्ग लागेर बनेका नामधातु १८०
२३. समासद्वारा शब्दनिर्माण १८२-१८९
२३.१ समास १८२
२३.२ समासका प्रकार १८२
(क) अव्ययीभाव समास १८२
(ख) तत्पुरुष समास १८३
(ग) द्विगु समास १८४
(घ) कर्मधारय समास १८५
(ङ) बहुव्रीहि समास १८६
(च) द्वन्द्व समास १८७
२४. द्वित्वद्वारा शब्द-निर्माण १९०-१९१
२४.१ पूर्ण द्वित्व १९०
२४.२ आंशिक द्वित्व १९०
२४.३ आपरिवर्तित द्वित्व १९१
२५. सन्धिद्वारा शब्द-निर्माण १९२-१९५
२५.१ सन्धि १९२
२५.२ सन्धिका प्रकार १९२
(क) स्वरसन्धि १९२
(ख) व्यञ्जनसन्धि १९४
२६. वाक्यः परिचय, आधारभूत अङ्ग र विस्तार १९६-१९८
२६.१ वाक्य १९६
२६.२ वाक्यका आधारभूत/अनिवार्य अङ्गः उद्देश्य र विधेय १९६
२६.३ वाक्यका आधारभूत अङ्गको विस्तारः उद्देश्य-विस्तार र विधेय-विस्तार १९७

CC-0. In Public Domain. Digitization by eGangotri

२७. वाक्यका किसिम छुट्ट्याउने आधारः अर्थ र बनोट १९९-२००
२८. वाक्यको अर्थः अर्थका आधारमा वाक्यका किसिम २०१-२११
२८.१ सामान्यार्थक वाक्य २०१
२८.२ प्रश्नार्थक वाक्य २०२
२८.३ विस्मयार्थक वाक्य २०३
२८.४ विध्यर्थ वाक्य २०४
२८.५ सम्भावनार्थक वाक्य २०५
२८.६ सङ्केतार्थक वाक्य २०८
२९. बनोटका आधारमा वाक्यका किसिमः सरल, मिश्र र संयुक्त २१३-२२१
२९.१ वाक्यका प्रकार २१३
(क) सरल वाक्य २१४
(ख) मिश्र वाक्य २१५
(ग) संयुक्त वाक्य २१८
३०. पदसङ्गतिः लिङ्ग, वचन, पुरुष र आदरको मेल २२२-२२६
३०.१ पदसङ्गतिः परिचय २२२
३०.२ पदसङ्गतिका प्रकार २२३
(क) कर्तृवाच्य वाक्यमा कर्ता र क्रियाका बीच पदसङ्गति २२३
(ख) कर्मवाच्य वाक्यमा कर्म र क्रियाका बीच पदसङ्गति २२३
(ग) नाम र सर्वनामबीच पदसङ्गति २२४
(घ) विशेषण र विशेष्यका बीच पदसङ्गति २२४
(ङ) भेदक र भेद्यका बीच पदसङ्गति २२५
३१. पदक्रमः वाक्यमा पदहरूको रहने पालो २२७-२३०
३१.१ पदक्रमः परिचय २२७
३१.२ पदक्रमका प्रकार २२७
(क) व्याकरणिक पदक्रम २२७
(ख) आलङ्कारिक पदक्रम वा विशिष्ट पदक्रम २२९
३२. कारक र विभक्ति २३१-२४१
३२.१ कारकः परिचय र परिभाषा २३१
३२.२ कारकका प्रकारः अर्थ/कार्य र रूपका आधारमा २३२
३२.३ बाह्य रूपका आधारमा कारकः सरल र तिर्यक् २३५
३२.४ विभक्तिः परिचय २३५
३२.५ विभक्तिका प्रकार २३६
३२.६ विभक्ति-नियम २३८
३३. वाक्यान्तरण र अर्थसम्बन्धी वाक्यान्तरण २४२-२४५
३३.१ वाक्यान्तरणको परिचय २४२
३३.२ अर्थसम्बन्धी वाक्यान्तरण २४३

CC-0. In Public Domain. Digitization by eGangotri


३४. वाच्य र वाच्यपरिवर्तन २४६-२६२
३४.१ वाच्य २४६
३४.२ वाच्यका प्रकार २४७
कर्तृवाच्य २४७
कर्मवाच्य २४७
भाववाच्य २४८
३४.३ वाच्य-परिवर्तनः कर्मवाच्यको भाववाची प्रयोग २४८
३४.४ कर्तृवाच्यबाट कर्मवाच्यमा वाक्यान्तरण २४९
३४.५ कर्तृवाच्यबाट कर्मवाच्यमा परिवर्तन र त्यसको भाववाची प्रयोग २५०
३४.६ थप कुरा : द्विकर्मकमा मुख्य कर्मअनुरूप क्रिया चल्ने २५१
३४.७ कर्तृवाच्यबाट भाववाच्यमा वाक्यान्तरण २५२
३४.८ कर्म र भाववाच्यबाट कर्तृवाच्यमा वाक्यान्तरण २५४
३४.९ वाच्य-परिवर्तनः संयुक्त र मिलित क्रियापदको प्रयोग भएका वाक्यमा २५६
३४.१० वाच्य-परिवर्तनका सीमा २५७
३५. करण-अकरणः परिचय र वाक्यान्तरण २६४-२७४
३५.१ करण र अकरण २६४
३५.२ करण क्रियापदमा अकरण जनाउने 'न' को प्रयोग २६५
३५.३ अकरणः अर्थ र संरचनाका तहमा २६६
३५.४ क्रियाको संरचनामात्र अकरण गर्दा अर्थमा बाधा पर्ने स्थान र निराकरण २६८
३६. प्रेरणार्थक वाक्यान्तरणः प्रयोग र अभ्यास २७५-२८१
३६.१ प्रेरणार्थकमा वाक्यान्तरण गर्ने प्रक्रिया र प्रयोगको अभ्यास २७६
३६.२ विशेष परिस्थिति र प्रेरणार्थकमा परिवर्तन २७७
३७. उक्ति र उक्ति-परिवर्तन २८२-२८४
३७.१ उक्तिको परिचय २८२
३७.२ उक्तिका प्रकारः प्रत्यक्ष र अप्रत्यक्ष कथन २८२
३७.३ उक्ति-परिवर्तन २८३
३८. वाक्य-संश्लेषणः परिचय र प्रयोग २८५-२८६
३९. वाक्य-संश्लेषणः सरल, मिश्र र संयुक्त वाक्यमा २८७-२९५
३९.१ सरल वाक्यबाट मिश्र वाक्यमा संश्लेषण २८७
३९.२ सरल वाक्यबाट संयुक्त वाक्यमा संश्लेषण २८८
३९.३ मिश्र वाक्यबाट सरल वाक्यमा संश्लेषण २८९
३९.४ मिश्र वाक्यबाट संयुक्त वाक्यमा संश्लेषण २९०
३९.५ संयुक्त वाक्यबाट सरल वाक्यमा संश्लेषण २९०
३९.६ संयुक्त वाक्यबाट मिश्र वाक्यमा संश्लेषण २९१

CC-0. In Public Domain. Digitization by eGangotri

४०. वाक्य-विश्लेषणः परिचय र प्रयोग २९६-२९७
४१. वर्णविन्यास-नियम २९८-३१४
४१.१ वर्णविन्यास-नियम २९८
४१.२ ह्रस्व-दीर्घ इकार/उकारसम्बन्धी नियम २९८
४१.३ श, ष, स को नियम ३०२
४१.४ 'ब' र 'व' को नियम ३०३
४१.५ व/ओ, य/ए, ऋ/रि, क्ष/छे/क्ष्य/छ्य को प्रयोग ३०४
४१.६ ङ, ञ, ण, न, म तथा शिरविन्दु र चन्द्रविन्दु ३०६
४१.७ हलन्तसम्बन्धी नियम र अपवादहरू ३०७
४१.८ पदयोग र पदवियोगसम्बन्धी नियम ३०९
४१.९ लेख्य विरामचिह्नको परिचय ३१०

## खण्ड ख
## अभिव्यक्ति र यसका प्रकार

१. अभिव्यक्ति ३१७-३१८
१.१ परिचय ३१७
१.२ अभिव्यक्तिका प्रकार र यस पुस्तकको सीमा ३१७
१.३ लिखित अभिव्यक्ति प्रस्तुत गर्दा ध्यान दिनुपर्ने कुरा ३१७
२. अनुच्छेद-लेखन ३१९-३२१
२.१ अनुच्छेद ३१९
२.२ अनुच्छेद लेख्ने तरिका ३१९
२.३ अनुच्छेदका प्रकार ३२०
(क) वस्तुपरक अनुच्छेद ३२०
(ख) आत्मपरक अनुच्छेद ३२१
३. चिठी-लेखन ३२२-३३६
३.१ चिठी ३२२
३.२ चिठीका प्रकार र तिनको लेख्ने तरिका ३२२
(क) घरायसी चिठी ३२२
(ख) कार्यालयीय चिठी ३२८
(ग) व्यावसायिक चिठी ३३१
३.३ चिठीका अन्य प्रकार ३३४
(क) सूचना ३३४
(ख) विज्ञापन ३३५
(ग) निमन्त्रणा-पत्र ३३५
४. दैनिकी-लेखन ३३७-३३९
४.१ दैनिकी ३३७
४.२ दैनिकी लेख्ने तरिका ३३७

CC-0. In Public Domain. Digitization by eGangotri

५. मनोवाद-लेखन ३४०-३४२
 ५.१ मनोवाद ३४०
 ५.२ मनोवाद लेख्ने तरिका ३४०

६. संवाद-लेखन ३४३-३४५
 ६.१ संवाद ३४३
 ६.२ संवाद लेख्ने तरिका ३४३

७. वादविवाद-लेखन ३४६-३४८
 ७.१ वादविवाद ३४६
 ७.२ वादविवाद लेख्ने तरिका ३४६

८. निबन्ध-लेखन ३४९-३७४
 ८.१ निबन्ध ३४९
 ८.२ निबन्धका प्रकार ३४९
  (क) वस्तुपरक निबन्ध ३४९
  (ख) आत्मपरक निबन्ध ३५४
 ८.३ निबन्ध लेख्ने तरिका ३५९

९. टिप्पणी-लेखन ३७५-३७८
 ९.१ परिचय ३७५
 ९.२ टिप्पणी लेख्ता ध्यान दिनुपर्ने कुरा ३७५
 ९.३ टिप्पणी-लेखनको नमुना ३७६

१०. प्रतिवेदन-लेखन ३७९-३८०
 १०.१ परिचय ३७९
 १०.२ प्रतिवेदन लेख्ने तरिका ३७९
 १०.३ प्रतिवेदन-लेखनको नमुना ३७९

## खण्ड ग
## उखान-टुक्काको प्रयोग

१. केही उखान : कथात्मक प्रयोग ३८३-३८६
२. टुक्का : प्रयोग र अभ्यास ३८७-३९४

## परिशिष्ट

वाक्यान्तरणसम्बन्धी समष्टि नमुना र अभ्यास ३९७-४००

CC-0. In Public Domain. Digitization by eGangotri

## खण्ड क

# व्याकरण

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

परिच्छेद एक

# भाषा र व्याकरण

## १.१ 'भाषा'को शब्दार्थ

'भाषा' तत्सम (संस्कृत) स्रोतको नेपाली शब्द हो। यो संस्कृतको व्यक्त बोली (व्यक्तायां वाचि) भन्ने अर्थ भएको 'भाष्' धातुमा 'टाप्' (आ) प्रत्यय लागी बनेको भाववाचक नामपद हो। त्यसैले 'भाषा' शब्दको अर्थ हो- (मानिसका मुखबाट) व्यक्त बोली। संस्कृतको 'भाष्' धातुको समानार्थी नेपाली धातु 'बोल्' हो र संस्कृतमा 'भाष्' धातुबाट 'भाषा' भन्ने भाववाचक नामपद बनेझैँ नेपालीमा 'बोल्' धातुबाट 'बोली' भन्ने भाववाचक नामपद बन्दछ। यसरी हेर्दा मोटामोटीमा 'भाषा' भनेको मानिसका मुखबाट व्यक्त भएको 'बोली' हो भन्ने बुझिन आउँछ। तर यस 'भाषा' शब्दले बोलिएको/बोलिने बोली भन्ने अर्थ मात्र नबुझाई मानिसले आफ्ना मनमा उठेका भाव-विचारलाई व्यक्त गर्ने साधनका साथै ती बोलिएका/भनिएका कुरालाई सुनेर बुझ्ने साधन भन्ने अर्थ पनि बुझाउँछ। त्यसै गरी मानिसले आफ्ना मनमा उठेका भावनालाई लेखेर व्यक्त गर्ने र त्यसरी लेखिएको कुरालाई पढ्ने-बुझ्ने साधनलाई पनि 'भाषा' शब्दले व्यक्त गर्दछ। यो 'भाषा' शब्द अङ्ग्रेजी भाषाको 'ल्याङ्गुएज' भन्ने शब्दको समानार्थी शब्दको रूपमा नेपाली भाषामा चलेको छ र उक्त 'ल्याङ्गुएज' शब्दको अर्थ अङ्ग्रेजी भाषाको 'अक्सफोर्ड एडभान्स्ड लर्नर्स डिक्सनरी'ले यसरी खुलाएको छ- "मानिसद्वारा विचार र भावनालाई सम्प्रेषण गर्न प्रयोग गरिने ध्वनि, शब्द, ढाँचा (शब्दावली/वाक्य) आदिको व्यवस्था (नै भाषा हो)।"

'भाषा' शब्दको यस शब्दार्थ-चर्चाबाट के कुरो सिद्ध हुन्छ भने कुनै भाव-विचारलाई व्यक्त गर्न मनुष्यद्वारा बोलिएका ध्वनि, शब्द, शब्दावली र वाक्यको व्यवस्था नै भाषा हो। यसअनुसार मनुष्यद्वारा व्यक्त (स्पष्ट रूपमा उच्चारण गरिएको) वाक्/वाणी वा बोली नै भाषा हो भन्ने कुरो स्पष्ट हुन आउँछ। यसबाट मनुष्येतर चेतन पशुपक्षीको र बोटबिरुवाको उच्चरित/अनुच्चरित आबाज भाषा होइन भन्ने पनि छर्लङ्ग हुन्छ; किनभने त्यो उच्चरित (उच्चारण गरिएको) भएमा पनि अव्यक्त वा अस्पष्ट हुन्छ भने अनुच्चरित भएमा चाहिँ त्यसमा वाक्/वाणी/बोलीको अभाव रहन्छ। मनुष्यले गर्ने सान/इसारा/सङ्केत आदिले केही हदसम्म कुनै भाव-विचार व्यक्त गर्दछन्; तर तिनमा पनि वाणीको अभाव हुने हुनाले त्यस्ता सान/इसारा/सङ्केत आदिलाई पनि भाषा मानिँदैन। मानिसका मुखबाट उच्चारण गरिएको निरर्थक र अस्पष्ट उच्चारणलाई पनि भाषा मानिँदैन; जस्तै- (क) ढुङ्गो भात खान्छ; (ख) टोके योआ। यी दुई उदाहरणमध्ये (क) मा दिइएको उदाहरण निरर्थक छ; किनभने ढुङ्गाले भात खाने काम गर्दैन। त्यसै गरी (ख) मा दिइएको उदाहरण अस्पष्ट भएकाले त्यो पनि भाषा होइन। 'राम भात खान्छ' र 'केटो आयो' जस्ता उदाहरण सार्थक र स्पष्ट छन्; यही

CC-0. In Public Domain. Digitization by eGangotri

सार्थकता र स्पष्टताका कारणले यी नेपाली भाषाभित्र पर्दछन्। त्यसैले मनुष्यद्वारा उच्चारण गरिएका र अर्थ भएका ध्वनि, शब्द, शब्दावली र वाक्यको व्यवस्था नै भाषा हो।

## १.२ भाषाको परिभाषा

भाषाको अध्ययन गर्ने विद्वान्लाई भाषाशास्त्री भनिन्छ र भाषाशास्त्रीहरूले आ-आफूले अध्ययनको विषय बनाएको भाषाका नियमहरूको चर्चा गर्दछन्। यस्ता भाषाशास्त्रीहरू प्रशस्त छन् र उनीहरूले भाषाको परिभाषा पनि दिने गरेको पाइन्छ। यहाँ त्यस्ता भाषाशास्त्रीहरूले दिएका भाषाबारेका प्रत्येक परिभाषाको उल्लेख गरी तिनबारे छलफल गर्नु सम्भव छैन। त्यसैले भाषाका सम्बन्धमा धेरैजसो चलेको एक मात्र परिभाषा दिई त्यसैको चर्चा-परिचर्चा यहाँ गरिएको छ। भाषालाई चिनाउने त्यो परिभाषा यस्तो छ–

"यादृच्छिक वाक्प्रतीकहरूको त्यस्तो व्यवस्था भाषा हो जसका सहायताले मानिसहरू परस्परमा विचारको आदान-प्रदान गर्दछन्"।

भाषालाई चिनाउन विद्वान्हरूले धेरैजसो प्रयोग गर्ने गरेको परिभाषा यही हो र यसै परिभाषाको छानबिनबाट भाषा भनेको के हो भन्ने कुरो राम्ररी ठम्याउन सकिन्छ।

भाषा मानिसका मनका भावनाहरूलाई परस्परमा आदान–प्रदान गराउने साधन हो। भाषाका सहायताले नै एक मानिसले आफ्ना विचार वा भावनालाई बोलेर वा लेखेर अर्का मानिसका सामु पुऱ्याउँछ भने त्यसरी बोलेर वा लेखेर व्यक्त गरिएका कुराहरूलाई अर्को मानिसले सुनेर वा पढेर बुझ्दछ। भाषाका यिनै बोलाइ-सुनाइ वा लेखाइ-पढाइजस्ता क्रियाकलापबाट नै सारा मानवीय व्यवहारहरू चल्दछन्। यो भाषा "यादृच्छिक वाक्यप्रतीकहरूको व्यवस्था"का रूपमा रहेको देखिन्छ। यहाँ प्रयोग गरिएको 'व्यवस्था' भन्ने शब्दले नियम भन्ने अर्थ बुझाउँछ। संसारका प्रत्येक भाषाका आ-आफ्नै व्यवस्था वा नियम छन्। व्यवस्था वा नियम नभएको भाषा हुँदैन। यस कुराको पुष्टिका निम्ति तलका उदाहरणलाई हेरौँ–

(क) राम भात खान्छ। (नेपाली भाषा)

(ख) राम इट्स् राइस्। (अङ्ग्रेजी भाषा)

माथि (क) मा नेपाली भाषाको र (ख) मा अङ्ग्रेजी भाषाको वाक्य दिइएको छ। यी दुवै वाक्यले बुझाउने अर्थ उही हो तर यी दुवै वाक्यमा पदहरू राख्ने व्यवस्था वा नियम भने फरक देखिन्छ। (क) मा दिइएको नेपाली भाषाको वाक्यमा क्रमश: कर्तापद (राम), कर्मपद (भात) र क्रियापद (खान्छ) को प्रयोग भएको छ भने (ख) मा दिइएको अङ्ग्रेजी भाषाको वाक्यमा क्रमश: कर्तापद (राम), क्रियापद (इट्स्) र कर्मपद (राइस)को प्रयोग भएको छ। यसबाट कर्तापद + कर्मपद + क्रियापद = वाक्य हुन्छ भन्ने नेपाली भाषाको एक व्यवस्था वा नियम स्पष्ट हुन जान्छ भने कर्तापद + क्रियापद + कर्मपद = वाक्य हुन्छ भन्ने अङ्ग्रेजी भाषाको एक व्यवस्था वा नियम प्रकट हुन जान्छ। यसरी हरेक

CC-0. In Public Domain. Digitization by eGangotri

भाषाका आ-आफ्नै व्यवस्था वा नियम हुने हुनाले भाषालाई व्यवस्था भनिएको हो। वास्तवमा भाषा एक व्यवस्था हो।

माथिको भाषा-परिभाषामा प्रयोग भएको अर्को शब्द हो– वाक्प्रतीक। भाषाका ध्वनि, शब्द र वाक्य नै वाक्प्रतीक हुन्; जस्तै– कालो मान्छे दगुर्दै आयो। यो 'कालो मान्छे दगुर्दै आयो' भन्ने नेपाली भाषाको एक वाक्य हो र यो एक वाक्प्रतीक हो अर्थात् मुखबाट बोलिएका क् + आ + ल् + ओ म् + आ + न् + छ् + ए द् + अ + ग् + उ + र् + द् + ऐ आ + य् + ओ जस्ता वाक्ध्वनिको प्रतीक वा चिह्न नै उक्त वाक्य हो। उक्त वाक्यमा प्रयोग भएका पूर्वोक्त छुट्टाछुट्टै वाक्ध्वनिका प्रतीक वा चिह्नको आफ्नो अलगै अर्थचाहिँ छैन तर निश्चित क्रम र सङ्ख्यामा आएका ती ध्वनिप्रतीकको समूहले भने कुनै खास अर्थ बुझाएको छ; जस्तै–

| उच्चार्य वाक्/ध्वनिप्रतीक | लेख्य शब्दप्रतीक | अर्थ | वाक्य-प्रतीक |
|---|---|---|---|
| क् + आ + ल् + ओ | कालो | | |
| म् + आ + न् + छ् + ए | मान्छे | | |
| द् + अ + ग् + उ + र् + द् + ऐ | दगुर्दै | | |
| आ + य् + ओ | आयो | | |




माथि 'अर्थ' का महलमा देखाइएका वस्तु, व्यक्ति वा क्रिया/काम आफै प्रतीक हुन्। ती प्रतीकलाई चिनाउन मानिसले उच्चारण गर्ने ध्वनिप्रतीक 'उच्चार्य वाक्/ध्वनिप्रतीक'का महलमा देखाइएका छन् र ती छुट्टाछुट्टै रूपमा आफ्नो अर्थ नभएका ध्वनिप्रतीक हुन्। निश्चित क्रम र सङ्ख्यामा आएका ती ध्वनिप्रतीकको समूहले बुझाउने कुनै वस्तु/व्यक्ति वा क्रिया/कामको अर्थ 'शब्दप्रतीक'का महलमा दिइएको छ। माथि देखाइएका शब्द-प्रतीकहरू 'उच्चार्य वाक्/ध्वनिप्रतीक'का महलमा देखाइएका ध्वनि-प्रतीककै लेख्यप्रतीक हुन्। ती शब्दहरूले समग्रमा मिलेर 'कालो मान्छे दगुर्दै आयो' भन्ने वाक्य-प्रतीकको निर्माण

CC-0. In Public Domain. Digitization by eGangotri

गरेका छन् र सो वाक्य पनि माथि देखाइएका उच्चार्य वाक्/ध्वनिप्रतीककै लेख्य प्रतीक हो। यसरी हेर्दा भाषा प्रतीकको पनि प्रतीक हो भन्ने कुरो पनि खुल्न आउँछ. अर्थात् कुनै वस्तु/व्यक्ति वा क्रिया/काम आदिका प्रतीकलाई बुझाउन मानिसले वाक्प्रतीकको प्रयोग गर्ने हुनाले भाषा प्रतीकको पनि प्रतीक हो भन्ने कुरो स्पष्टिन जान्छ। माथिको छलफलबाट भाषा उच्चार्य वा लेख्य वाक्प्रतीकको व्यवस्था हो भन्ने कुरो पनि सिद्ध हुन्छ नै; किनभने निश्चित क्रम र सङ्ख्यामा आएका उच्चार्य वाक्/ध्वनिप्रतीकबाट बनेर नै माथिका वाक्य-प्रतीक र शब्द-प्रतीकले केही कुरो वा अर्थ बुझाएका छन्। त्यसैले कुनै वस्तु/व्यक्ति वा क्रिया/काम आदिलाई बुझाउन मानिसले प्रयोग गर्ने वाक्प्रतीक (उच्चार्य र लेख्य प्रतीक) को व्यवस्था भाषा हो।

माथि दिइएको भाषाको परिभाषामा उल्लेख भएको अर्को शब्द हो– यादृच्छिक। यहाँ 'यादृच्छिक' शब्दको अर्थ हो– 'कुनै तर्क वा आधारविनाको' अथवा इच्छानुसारको। माथिको भाषा–परिभाषामा यस 'यादृच्छिक' शब्दले 'वाक्प्रतीक' शब्दको विशेषणको काम गरेको छ र यसले कुनै पनि भाषामा केही कुरो बुझाउन प्रयोग हुने वाक्प्रतीकहरू कुनै तार्किक आधारविनाका वा इच्छानुसार फरक-फरक किसिमका हुन्छन् भन्ने कुरो जनाएको छ; जस्तै– म् + आ + न् + छ् + ए का क्रममा भएका जम्मा पाँच ध्वनिसमूहबाट बनेको 'मान्छे' भन्ने वाक्-प्रतीकले नेपाली भाषामा दुई-दुई हात-खुट्टा-आँखा-कान र एक-एक नाक-मुख भएको त्यस्तो स्तनपायी प्राणीलाई बुझाउँछ जो आफ्नो बुद्धिका कारणले सर्वश्रेष्ठ प्राणी ठहरिन्छ। यस्तो प्राणीलाई अङ्ग्रेजी भाषामा 'म्यान', संस्कृत भाषामा 'मनुष्य' र अरबी भाषामा 'आदमी' भन्ने वाक्प्रतीकले बुझाउँछन्। उक्त प्राणीलाई नेपाली भाषामा किन 'मान्छे' भनियो भन्नाको कुनै तार्किक आधार छैन। त्यस्तो तार्किक आधार भएको भए उक्त प्राणीलाई सबै भाषामा 'मान्छे' नै भनिन्थ्यो। तर उक्त प्राणीलाई बुझाउन भाषापिच्छे फरक-फरक वाक्प्रतीकको प्रयोग गरिन्छ। त्यसैले हरेक भाषाका वाक्प्रतीकहरू यादृच्छिक किसिमका वा फरक-फरक किसिमका हुन्छन् भनिएको हो। भाषाका वाक्प्रतीकहरू यादृच्छिक किसिमका नभई कुनै तर्कका आधारमा आधारित हुने भए संसारका भाषाहरूमा कुनै भिन्नता नै हुने थिएन। संसारका कुनै पनि भाषामा कुनै व्यक्ति/वस्तु वा क्रिया/काम आदिलाई बुझाउन जे-जस्ता वाक्प्रतीकहरूको प्रयोग गरिन्छ ती वाक्प्रतीकहरू सम्बन्धित व्यक्ति/वस्तु वा क्रिया/कामलाई बुझाउन किन प्रयोग गरिएका हुन् भन्ने कुराको कुनै ठोस तार्किक आधार भेटिन्न। यसैले हरेक भाषाका वाक्प्रतीकहरू यादृच्छिक किसिमका हुन्छन्।

भाषाको परिभाषासम्बन्धी माथि गरिएको चर्चा-परिचर्चाको निचोड हो– कुनै व्यक्ति/वस्तु वा क्रिया/काम आदिलाई बुझाउन-बुझ्न मानिसले प्रयोग गर्ने यादृच्छिक वाक्प्रतीक (उच्चार्य र लेख्य प्रतीक)हरूको व्यवस्था नै भाषा हो र यो मानिसका भाव-विचारलाई परस्परमा आदान-प्रदान गर्न सहयोग पुऱ्याउने साधन हो।

CC-0. In Public Domain. Digitization by eGangotri

## १.३ भाषा के-के मिलेर बन्दछ?

### (क) भाषा: ध्वनि/वर्णको समूह

भाषा खास किसिमका ध्वनिहरूको समूहबाट बन्दछ। 'ध्वनि' भनेको आबाज हो तर सबै आबाज वा ध्वनि भाषाभित्र पर्दैनन्। मानिसका मुखबाट उच्चारण गरिएका र कुनै खास सङ्ख्या र क्रममा व्यवस्थित रूपमा आएका ध्वनिहरूको समूह भाषा हो।

मानिसका फोक्साबाट बाहिर निस्केको सास र घाँटी, तालु, दाँत, ओठ आदि मुखभित्रका अङ्गका सहायताले उच्चारण भएका ध्वनिहरूबाट भाषा बन्दछ। त्यस्ता ध्वनिहरूको आफ्नो अलगै अर्थचाहिँ हुँदैन तर कुनै अर्थ बुझाउने गरी खास सङ्ख्या र क्रमका व्यवस्थामा आई तिनले कुनै खास अर्थ बुझाएमा ती भाषाभित्र पर्दछन्। यस्ता ध्वनिहरूको सबभन्दा सानो एकाइलाई वर्ण भनिन्छ र तिनै वर्णहरूको व्यवस्था भाषा हो। नेपाली भाषाका मानवीय ध्वनिका रूपमा उच्चारण गरिने 'अ, आ, इ, उ, ए, ओ, औ' आदि र 'क्, ख्, ग्, घ्, ङ्, ......' आदि ध्वनि वर्ण हुन्। यिनै वर्णहरूमध्येका खास वर्ण/ध्वनिले कुनै खास सङ्ख्या र क्रममा व्यवस्थित रूपमा आई कुनै खास अर्थ बुझाउने भाषाका शब्दांश वा शब्दको निर्माण गर्ने हुनाले भाषालाई ध्वनि/वर्णको व्यवस्था भनिएको हो। यस्ता वर्णहरू दुई प्रकारका हुन्छन्- स्वरवर्ण र व्यञ्जनवर्ण। मानिसका फोक्साबाट आएको सासले मुखभित्र कतै ठक्कर नखाई बाहिर निस्कँदा उच्चारण हुने 'अ, आ, इ, उ, ए, ऐ, ओ, औ' आदि ध्वनि स्वरवर्ण हुन्। मानिसका फोक्साबाट आएको सासले मुखभित्रका घाँटी, तालु, दाँत, ओठ आदिमा ठक्कर खाएर वा रोकिएर बाहिर निस्कँदा उच्चारण हुने, 'क्, ख्....., च्, छ्......, ट्, ठ्......, त्, थ्......., प्, फ्...... आदि ध्वनि व्यञ्जनवर्ण हुन्। यिनै स्वरवर्ण र व्यञ्जनवर्णको व्यवस्था नै नेपाली भाषाको वर्णव्यवस्था हो।

### (ख) भाषा: शब्दहरूको समूह

अर्थ बुझाउने गरी कुनै खास सङ्ख्या र क्रमका व्यवस्थामा आएका एक वा एकभन्दा बढी स्वर व्यञ्जनवर्णहरूले शब्द बनाउँछन्; जस्तै- म् + आ + न् + छ् + ए = मान्छे। यो 'मान्छे' एक शब्द हो। यो शब्द बनाउने स्वर-व्यञ्जन ध्वनिको सङ्ख्या जम्मा पाँच (म्, आ, न्, छ्, ए) छ। ती स्वरव्यञ्जन ध्वनिहरू म् + आ + न् + छ् + ए का क्रममा आएका छन् र यस क्रमलाई बदलेमा 'मान्छे' भन्ने शब्द बन्दैन। यसरी निश्चित सङ्ख्या र क्रममा आएका स्वर-व्यञ्जनवर्णहरूले 'मान्छे' भन्ने शब्द बनाएका छन् र यस शब्दले नेपाली भाषामा बुझाउने अर्थ हो- दुई-दुई हात-खुट्टा-आँखा-कान र एक-एक नाक-मुख भएको त्यो स्तनपायी जीव/प्राणी जो मस्तिष्क / बुद्धिका कारणले सबै जीव/प्राणीहरूभन्दा श्रेष्ठ, विकसित र चेतनशील मानिन्छ। यसरी निश्चित सङ्ख्या र क्रममा आएका स्वर-व्यञ्जनवर्णहरूबाट बनेका र आफ्नो कुनै खास अर्थ पनि भएका शब्दको

CC-0. In Public Domain. Digitization by eGangotri

समूहबाट भाषा बन्दछ। भाषाका यस्ता शब्दहरू सम्बन्धित भाषाका 'शब्दकोश'मा वर्णानुक्रममा राखी अर्थ पनि दिई सङ्कलित गरिएका हुन्छन्।

### (ग) भाषा: शब्दावली/पदावलीको समूह

दुई वा दुईभन्दा बढी शब्दको समूहलाई शब्दावली भनिन्छ; जस्तै- (क) असल विद्यार्थी; (ख) राम्ररी पढ्छ आदि। यहाँ 'असल विद्यार्थी' एउटा शब्दावली हो भने 'राम्ररी पढ्छ' पनि एक शब्दावली नै हो। यी शब्दावलीहरूले आ-आफ्नो अर्थ पनि बुझाएकै छन्। त्यसैले अर्थ बुझाउने गरी आउने शब्दावलीहरूबाट पनि भाषा बन्दछ। माथि दिइएका दुई उदाहरण नेपाली भाषाका शब्दावली हुन्। यस्ता शब्दावलीलाई पदावली पनि भनिन्छ।

### (घ) भाषा: वाक्यको समूह

दुई वा दुईभन्दा बढी शब्दको त्यस्तो समूह वाक्य हो जसले कम्तीमा पनि कुनै एउटा कुरा वा अर्थलाई पूरा गरी बुझाउँछ; जस्तै- (क) राम हाँस्यो। (ख) असल विद्यार्थी राम्ररी पढ्छ। यीमध्ये (क) मा दिइएको वाक्य 'राम' र 'हाँस्नु' (हाँस्यो: भूतकालीन रूप) भन्ने दुई शब्द मिली बनेको छ र त्यसले 'राम भन्ने मान्छेले हाँस्ने काम गऱ्यो' भन्ने एउटा अर्थलाई पूरा गरी बुझाएको छ। त्यसै गरी (ख) मा दिइएको वाक्य 'असल', 'विद्यार्थी', 'राम्ररी' र 'पढ्नु' (पढ्छ: वर्तमानकालीन रूप) गरी जम्मा चार शब्द मिली बनेको छ र त्यो 'असल विद्यार्थी' र 'राम्ररी पढ्छ' जस्ता दुई शब्दावली/पदावली मिलेर पनि बनेको छ अनि त्यसले 'असल विद्यार्थीले राम्ररी पढ्ने काम गर्छ' भन्ने एउटा अर्थलाई पूरा गरी बुझाएको छ। यसरी दुई वा दुईभन्दा बढी शब्द वा शब्दावली मिली बन्ने र कुनै एउटा अर्थलाई पूरा गरी बुझाउने भाषाको व्यवस्थालाई वाक्य-व्यवस्था भन्दछन्। कुनै पनि भाषाको वाक्यमा आ-आफ्नै नियम वा व्यवस्था हुन्छन्। यस्ता व्यवस्थित वाक्यको समूहबाट पनि भाषा बन्दछ।

सारांशमा भन्ने हो भने भाषा कुनै खास अर्थ बुझाउने ध्वनि/वर्णको समूहका साथै शब्द, शब्दावली/पदावली र वाक्यको समूहबाट बन्दछ।

## १.४ भाषाका प्रकार

बोल्ने/भन्ने र सुन्ने आधारमा अनि लेख्ने-पढ्ने आधारमा भाषाका दुई प्रकार छन्- (क) कथ्य-श्रव्य भाषा र (ख) लेख्य-पाठ्य भाषा। मानिसका मुखबाट बोलिएको र कानले सुनिएको भाषा कथ्यश्रव्य भाषा हो र यसलाई कथ्य भाषा वा मौखिक भाषा वा बोलचालको भाषा पनि भनिन्छ। लिपिचिह्नका सहायताले लेखिने-पढिने भाषा लेख्य-पाठ्य भाषा हो र यसलाई लेख्य भाषा वा लिखित भाषा वा लेखपढको भाषा पनि भनिन्छ। हामी कथ्य-श्रव्य भाषामा बोल्ने-सुन्ने काम गर्दछौँ भने लेख्य-पाठ्य भाषामा लेख्ने-पढ्ने काम गर्दछौँ।

CC-0. In Public Domain. Digitization by eGangotri

## १.५ व्याकरण

'व्याकरण' संस्कृत भाषाका स्रोतबाट नेपाली भाषामा आएको शब्द हो। संस्कृतमा यसको शब्दार्थ यसरी लगाउने गरेको पाइन्छ- "व्याक्रियन्ते व्युत्पाद्यन्ते शब्दा अनेन इति व्याकरणम्" अर्थात् शब्द वा भाषाको वर्णन गर्ने र संरचना केलाउने शास्त्र नै व्याकरण हो।

वास्तवमा व्याकरण भनेको भाषाको नियम हो। नियम वा व्यवस्थाविनाको कुनै भाषा हुँदैन। संसारका प्रत्येक भाषाका आ-आफ्नै व्यवस्था/नियम छन्; त्यसैले संसारका प्रत्येक भाषाको आ-आफ्नै व्याकरण छ। भाषाका नियम/व्यवस्थाका बारेमा वर्णन गरिएको लेख वा पुस्तकलाई पनि व्याकरण भन्ने गरिन्छ।

संसारका सबै भाषाहरूको आ-आफ्नै व्याकरण भए पनि ती सबै भाषाका व्याकरण लिखित रूपमा आउन सकेका छैनन्। तर लिखित व्याकरण भएको भाषाको मात्र व्याकरण हुन्छ र लिखित व्याकरण नभएका भाषाको व्याकरण छैन भन्नु गलत हो; किनभने भाषाको व्याकरण भाषाभित्रै हुन्छ र त्यो लेखिएको वा नलेखिएको भए पनि सबै भाषाको प्रयोग नियम वा व्याकरणअनुसार नै भइरहेको हुन्छ।

कुनै पनि भाषा बोल्न, लेख्न वा पढ्न-बुझ्न सो भाषाको नियम वा व्याकरण जान्नुपर्दछ। भाषाको व्याकरणले कुनै पनि भाषाका बोल्ने-लेख्ने नियम सिकाउँछ। कुनै पनि भाषाका वर्णविन्यास, शब्द-निर्माण, वाक्य-व्यवस्था, वाक्यान्तरण आदि पक्षसँग सम्बन्धित नियम हुन्छन् र ती नियमहरूको ज्ञानबाट मात्रै सो भाषा राम्ररी बोल्न एवं लेख्न जानिन्छ।

नेपाली भाषाका पनि आफ्नै नियम छन्। नेपाली भाषालाई शुद्धसँग प्रयोग गर्न ती नियमहरू जानिराख्नुपर्छ र नेपाली भाषाका नियमहरू थाहा पाउन नेपाली व्याकरणसँग सम्बन्धित लेख वा पुस्तकहरू पढ्नुपर्दछ। नेपाली भाषाका व्याकरणका पुस्तकहरूले नेपाली भाषाका वर्णविन्याससम्बन्धी नियमका साथै पदवर्ग, शब्द-निर्माण-प्रक्रिया, कारक र विभक्ति, वाक्य-संरचना, पदसङ्गति, पदक्रम, वाक्यान्तरण आदिसँग सम्बन्धित नियमहरूको जानकारी दिन्छन्।

### अभ्यास

१. तलका प्रश्नहरूको छोटो-छोटो उत्तर दिनुहोस्।
   (क) 'भाषा' कुन स्रोतको नेपाली शब्द हो?
   (ख) 'भाषा' कसरी बनेको शब्द हो?
   (ग) 'भाषा' शब्दको अर्थ के हो?
   (घ) पशुपक्षी र बोटबिरुवाको आवाजलाई भाषा नमान्नाको कारण के हो?
   (ङ) भाषाको परिभाषा कसरी गर्न सकिन्छ?

CC-0. In Public Domain. Digitization by eGangotri

(च) भाषालाई 'व्यवस्था' किन भनिएको हो?
(छ) 'वाक्प्रतीक' भनेको के हो?
(ज) भाषाका वाक्प्रतीकहरू यादृच्छिक किसिमका नहुने भएदेखि के हुन्थ्यो?
(झ) भाषा के-के मिलेर बन्दछ?
(ञ) भाषाका दुई प्रकार के-के हुन् र तिनलाई कसरी चिनाउन सकिन्छ?

२. 'व्याकरण' भनेको के हो र यसले के-के कुरा सिकाउँछ?

●

CC-0. In Public Domain. Digitization by eGangotri

परिच्छेद दुई

# ध्वनि, वर्ण र अक्षर

## २.१ ध्वनि/भाषाध्वनि




चित्र नं. १




चित्र नं. २

माथिको चित्र १ मा बायाँपट्टि रहेको कारले आवाज (हर्न) दिएको छ र त्यो आवाज दायाँपट्टि रहेको मानिसका कानसम्म वायुतरङ्गहरूमार्फत पुगेको छ। त्यस्तै माथिकै चित्र नं. २ मा बायाँपट्टि रहेको मानिसले आफ्ना मुखबाट 'कहाँ जान्छौ?' भन्ने आवाज निकालेको छ र दायाँपट्टि रहेको मानिसका कानमा उक्त आवाज वायुतरङ्गहरूमार्फत पुगेको छ। चित्र नं. १ को कारबाट निस्केको आवाज पनि ध्वनि हो र चित्र नं. २ को मानिसका मुखबाट उच्चरित भएको 'कहाँ जान्छौ?' भन्ने आवाज पनि ध्वनि नै हो। तर भाषाका सन्दर्भमा चित्र नं. १ को कारबाट निस्केको आवाज ध्वनि होइन भने चित्र नं. (२) को मानिसका मुखबाट निस्केको भाषिक आवाजमात्र ध्वनि हो। त्यसैले चित्र नं. (२) को 'कहाँ जान्छौ?' मा रहेका [क्], [अ], [ह्], [आ], [ँ], [ज्], [आ], [न्], [छ्], [औ] ध्वनि हुन्।

यसरी व्यापक अर्थमा ध्वनि भनेको कुनै पनि वस्तुबाट निस्कने कुनै पनि प्रकारको आवाज हो तापनि भाषामा 'ध्वनि'को अर्थ सीमित छ। त्यसैले भाषा (बोली)का सन्दर्भमा मानिसका उच्चारण अवयव (बोल्ने अङ्ग)हरूद्वारा उत्पादित भई मुखबाट वा नाकबाट वा मुखनाक दुवैबाट एकसाथ उच्चरित हुने (बोलिने)

CC-0. In Public Domain. Digitization by eGangotri

भाषिक आबाज नै ध्वनि हो। यसरी एक मानिसका मुखबाट निस्की वायु-तरङ्ग- (हावाका लहर) मार्फत उक्त ध्वनि श्रोताका कानसम्म पुग्दछ र श्रोताले कुनै कुरा सुन्दछ।

## २.२ वर्ण

*चित्र नं. ३*

माथि चित्र नं. (२) को पहिलो मानिसले बोलेको आबाज चित्र नं. (२) कै दोस्रो मानिसले सुनेको छ। त्यस आबाजभित्र रहेका [क्] [अ] [ह्] [आ] [ँ] [ज्] [आ] [न्] [छ्] [औ] ध्वनिहरू वायुतरङ्गहरूमार्फत दोस्रो मानिसका कानमा पुगेका छन्। यसरी उच्चारणका तहमा मात्र सीमित रहुन्ज्याल यी चिह्नहरू ध्वनि हुन् भने ध्वनिहरूलाई चिनाउन प्रयोग गरिने लेख्य चिह्नहरू वर्ण हुन्।

माथि चित्र नं. (३) मा एउटा मानिसले एउटा कागज समातेर त्यहाँ लेखिएको 'कहाँ जान्छौ?' भन्ने हेरेर पढिरहेको छ। त्यस 'कहाँ जान्छौ?' भन्ने लेखिएको कागजमा क्/अ/ह्/आ/ ँ/ज्/ /आ/ /न्/ /छ्/ औ/ वर्णहरू छन्। यस्ता उच्चारण गरेर बोलिने ध्वनिहरूका लिखित चिह्नहरूलाई वर्ण भनिन्छ।

## २.३ नेपाली भाषाका वर्णहरूको वर्गीकरण

**वर्ण**

१. अ, आ, इ, उ, ए, ओ

२. क् ख् ग् घ् ङ्
च् छ् ज् झ्
ट् ठ् ड् ढ्
त् थ् द् ध् न्
प् फ् ब् भ् म्
य् र् ल् व् स्
ह्

माथिको रेखाचित्रको बायाँपट्टि दिइएका लेख्य चिह्न पनि वर्णहरू हुन् र दायाँपट्टि दिइएका लेख्य चिह्न पनि वर्णहरू नै हुन्। यिनमा फरक के छ भने बायाँपट्टि दिइएका वर्णहरूको उच्चारण गर्दा वा बोल्दा मानिसका फोक्सोबाट आएको सास मुखभित्रका ओठ, जिब्रो, तालु, दाँत आदि कुनै पनि ठाउँमा नठोक्किई मुखबाट सोझै बाहिर निस्कन्छ। तर दायाँपट्टिका तीसवटा वर्ण

CC-0. In Public Domain. Digitization by eGangotri

उच्चारण गर्दा भने फोक्साबाट आएको सास मुखबाट बाहिर निस्कन खोज्दा ओठ/जिब्रो/तालु/दाँत आदिमा ठोक्किन्छ; जस्तै–

| आउ | आक् |
| --- | --- |

माथि बायाँतिर कोठाभित्र दिइएको 'आउ'को उच्चारण गर्दा फोक्साबाट निस्केको सास कतै नठोक्किई मुखबाट बाहिर आउँछ। दायाँतिरको कोठाभित्र दिइएको 'आक्' भन्ने वर्णसमूहमा रहेको 'आ' वर्णको उच्चारण गर्दा सास मुखबाट सोभ्कै बाहिर निस्कन्छ भने 'क्' वर्णको उच्चारण गर्दा फोक्साबाट आएको सासलाई जिब्राको फँदले कोमल तालुको फँद वा घाँटीमा एकछिन रोकिदिन्छ। यसरी फोक्साबाट आएको सास कतै नरोकिई सरासर बाहिर निस्कँदा उच्चारण हुने वर्ण स्वरवर्ण हुन् भने फोक्साबाट आएको सासमा व्यवधान (रोकावट) भई उच्चारण हुने वर्ण व्यञ्जन वर्ण हुन्। यसरी नेपाली भाषाका वर्ण दुई प्रकारका छन्– स्वरवर्ण र व्यञ्जनवर्ण।

## (क) नेपाली स्वरवर्णहरू र तिनको वर्गीकरण

नेपाली भाषाका स्वरवर्णहरूको सङ्ख्या निम्नानुसार छ:

अ, आ, इ, उ, ए, ओ

स्वरवर्णहरूको उच्चारण गर्दा मानिसका फोक्साबाट आएको सास मुखभित्रका जिब्रो, ओठ, दाँत र तालुजस्ता स्थानमा कतै पनि नठोक्किई मुखबाट बाहिर निस्कन्छ। माथि दिइएका स्वरवर्णहरूको उच्चारणमा जिब्रो र ओठले सास छेक्ने काम नगरे पनि जिब्राको र ओठको सक्रियता कुनै-न-कुनै रूपमा रहेको हुन्छ। स्वरवर्णहरूको उच्चारण गर्दा हुने जिब्रो र ओठको सक्रियता र अवस्थाका आधारमा स्वरवर्णहरूको वर्गीकरण गर्न सकिन्छ। यस दृष्टिले स्वरवर्णको वर्गीकरण गर्दा अँगाल्नुपर्ने आधारहरू यी हुन आउँछन्:

(१) जिब्राको सक्रिय भागको आधार, (२) जिब्राको अग्लाइको आधार र (३) ओठको गोलोपनको आधार।

***(१) जिब्राको सक्रिय भागका आधारमा स्वर : अग्र, केन्द्रीय र पश्च:*** माथिका ६ वटा स्वरवर्णहरूको उच्चारण गर्दा उच्चारणकर्ताको जिब्रो सक्रिय रहन्छ। तर सबै स्वरवर्णको उच्चारणमा जिब्राको सबै भाग सक्रिय हुँदैन। जिब्राको अगाडिको भाग सक्रिय भएर जुन स्वरवर्णहरूको उच्चारणमा विशेष भूमिका खेल्दछ ती अग्र स्वर हुन्। नेपाली भाषाका त्यस्ता अग्र स्वर 'इ' र 'ए' हुन्। जिब्राको मध्य/बीचको भाग सक्रिय भई जुन स्वरवर्ण उच्चरित हुन्छन् त्यस्ता स्वरवर्ण केन्द्रीय स्वर हुन्। केन्द्रीय स्वर नेपाली भाषामा छैनन्। जिब्राको पछिल्लो भाग सक्रिय भएर उच्चरित हुने स्वरवर्ण पश्च स्वर हुन्। नेपाली भाषाका 'अ', 'आ', 'उ' र 'ओ' पश्च स्वर हुन्।

CC-0. In Public Domain. Digitization by eGangotri

***(२) जिब्राको अग्लाइका आधारमा स्वर : निम्न, मध्य र उच्च:*** स्वरवर्णको उच्चारणका क्रममा जिब्रो कहिले धेरै तल रहन्छ, कहिले बीच भागमा वा मध्य भागमा अडिन्छ र कहिले धेरै माथि पुग्छ। 'अ', 'आ' स्वरवर्णहरूको उच्चारण गर्दा जिब्रो उठेको हुँदैन र तल नै रहन्छ; त्यसैले 'अ' 'आ' निम्न स्वर हुन्। जिब्रो मध्य/बीच भागसम्म पुगेपछि उच्चरित हुने स्वरवर्ण मध्यस्वर हुन्; जस्तै 'ए' 'ओ'। जिब्रो सबैभन्दा बढी उचाइसम्म उठेर जुन स्वरवर्ण उच्चरित हुन्छन् ती स्वरवर्ण उच्च स्वर हुन्। नेपाली भाषाका उच्च स्वरवर्ण 'इ' 'उ' हुन्।

***(३) ओंठको गोलोपनका आधारमा स्वर : गोलित/अगोलित:***
उ, ओ  अ, आ, इ, ए

स्वरवर्णहरूको उच्चारण गर्दा ओंठको अवस्था एकैनासको हुँदैन। माथि दिइएका बायाँपट्टिका स्वरवर्णहरूको उच्चारण गर्दा ओंठको आकार गोलो बन्दछ। ओंठको आकार गोलो हुँदा उच्चरित हुने स्वरवर्ण भएकाले 'उ' र 'ओ' गोलित स्वरवर्ण हुन्। माथि दायाँपट्टि रहेका 'अ', 'आ', 'इ', 'ए' को उच्चारण हुँदा ओंठको आकृति गोलो नहुने भएकाले 'अ', 'आ', 'इ', 'ए' अगोलित स्वरवर्ण हुन्।

**नेपाली स्वरवर्णको वर्गीकरण - तालिका**

| स्वरवर्ण | जिब्राको सक्रिय भाग | जिब्राको स्थिति | ओंठको स्थिति |
|---|---|---|---|
| अ | पश्च (पछाडि) | निम्न (तल) | अगोलित |
| आ | पश्च (पछाडि) | निम्न (तल) | अगोलित |
| इ | अग्र (अगाडि) | उच्च (माथि) | अगोलित |
| उ | पश्च (पछाडि) | उच्च (माथि) | गोलित (गोलो) |
| ए | अग्र (अगाडि) | मध्य (बीचमा) | अगोलित |
| ओ | पश्च (पछाडि) | मध्य (बीचमा) | गोलित (गोलो) |

**(ख) नेपाली व्यञ्जनवर्णहरूको वर्गीकरणका आधार : प्रयत्न, स्थान, घोषत्व र प्राणत्व:**

| | | | | |
|---|---|---|---|---|
| क् | ख् | ग् | घ् | ङ् |
| च् | छ् | ज् | झ् | |
| ट् | ठ् | ड् | ढ् | |
| त् | थ् | द् | ध् | न् |
| प् | फ् | ब् | भ् | म् |
| य् | र् | ल् | व् | स् |
| ह् | | | | |

CC-0. In Public Domain. Digitization by eGangotri

माथि दिइएका सबै नेपाली भाषाका व्यञ्जनवर्णहरू हुन्। यी व्यञ्जनवर्णहरूको उच्चारण गर्दा मानिसका फोक्साबाट निस्केको सास मुखबाट बाहिर निस्कन खोज्दा ओंठ/जिब्रो/तालु/दाँत आदिमा ठोक्किन्छ। यसरी मुखभित्रको कुनै भागमा त्यो सास ठोक्किएर निस्किएपछि माथिका वर्णहरू उच्चरित हुन्छन्। मुखभित्रका कुनै भागमा सास ठोक्किँदा कहीँ उक्त सास पूरै अवरुद्ध हुन्छ वा रोकिन्छ, कहीँ सानो चेपबाट सङ्घर्ष गर्दै निस्कन्छ र कहीँ उक्त सास रोकिन खोज्दा जिब्रो थर्किन्छ। यसरी अनेक प्रयत्नपश्चात् मात्र मुखबाट बाहिर निस्केको सासका सहायताले उच्चरित हुने भएकाले प्रयत्नका आधारमा व्यञ्जनवर्णको वर्गीकरण गरिन्छ।

माथिका व्यञ्जनवर्णहरूको उच्चारण गर्दा ओंठ, दाँत, तालु, जिब्रो, घाँटी आदि विभिन्न उच्चारणस्थान (ठाउँ) फोक्साबाट बाहिर निस्केको सासलाई रोक्न सक्रिय हुन्छन् र फोक्साबाट आएको सासले मुखबाट बाहिर निस्कन खोजेका बेला जुन-जुन स्थान सक्रिय भएर व्यञ्जनवर्ण उच्चरित हुन्छन्, ती-ती स्थानका आधारमा पनि व्यञ्जनवर्णहरूको वर्गीकरण गरिन्छ। यस आधारमा गरिने व्यञ्जनवर्णको वर्गीकरणलाई स्थानका आधारमा गरिने व्यञ्जनको वर्गीकरण भनिन्छ।

माथिका व्यञ्जनवर्णहरूको उच्चारण हुँदा मानिसका घाँटीभित्र रहेको चिम्टाजस्तो पातलो स्वरतन्त्री कुनै बेला नजिक आउँछ र कुनै बेला उक्त चिम्टा जस्तो तन्त्री टाढा रहन्छ। उक्त चिम्टा जस्तो स्वरतन्त्री जुन वर्णको उच्चारणका क्रममा नजिक आउँछ र फोक्साभित्रबाट आएको सासबाट थर्कँदै-झन्झनाउँदै जुन वर्ण उच्चरित हुन्छ त्यसलाई घोष वर्ण भनिन्छ। तर जुन वर्णको उच्चारण हुँदा उक्त चिम्टा टाढा रहन्छ र त्यसमा कुनै झन्झनाहट वा थर्काहट पैदा हुँदैन त्यस्ता व्यञ्जनवर्णलाई अघोष भनिन्छ। यसरी व्यञ्जन वर्णको वर्गीकरण गर्ने अर्को आधार मानिसका घाँटीभित्र रहेको स्वरचिम्टीको अवस्था हो।

माथिका व्यञ्जनवर्णहरूमध्ये कुनै वर्णको उच्चारण गर्दा मुखबाट बढी सास निस्कन्छ र कुनै वर्णको उच्चारण गर्दा मुखबाट थोरै सास निस्कन्छ। यस्तो सासलाई प्राण भनिन्छ। जुन वर्णको उच्चारण हुँदा मुखबाट थोरै सास निस्कन्छ ती एक थरी र जुन वर्णको उच्चारण गर्दा धेरै सास निस्कन्छ ती अर्को थरी गरी प्राणत्वका आधारमा पनि व्यञ्जनवर्णको वर्गीकरण गरिन्छ।

माथि वर्णन गरिएका व्यञ्जनवर्णका वर्गीकरणका विभिन्न आधारहरूका आधारमा तल नेपाली भाषाका व्यञ्जनवर्णको वर्गीकरण गरेर देखाइएको छ:

***(१) प्रयत्नका आधारमा व्यञ्जनवर्णको वर्गीकरण:***

(क) क्, ख्, ग्, घ्, ट्, ठ्, ड्, ढ्, त्, थ्, द्, ध्, प्, फ्, ब्, भ् स्पर्शी

(ख) च्, छ्, ज्, झ् स्पर्श सङ्घर्षी

(ग) स्, ह् सङ्घर्षी

CC-0. In Public Domain. Digitization by eGangotri

(घ) र् — प्रकम्पित
(ङ) ल् — पार्श्विक
(च) ङ्, न्, म् — नासिक्य/स्पर्शी
(छ) य्, व् — अन्तस्थ

माथि (क) मा दिइएका 'क्', 'ख्', 'ग्', 'घ्', 'ट्', 'ठ्', 'ड्', 'ढ्', 'त्' 'थ्' 'द्', 'ध्', 'प्', 'फ्', 'ब्', 'भ्' वर्णहरूको उच्चारण गर्दा मानिसको फोक्साबाट निस्केको सास मुखभित्रका विभिन्न ठाउँमा ठोकिन्छ वा स्पर्श गर्छ। त्यसरी स्पर्श गरेपछि वा छोएपछि मात्र उक्त हावाले बाहिर निस्कने प्रयत्न गर्दछ र ती वर्णहरूको उच्चारण हुन्छ। 'क्' 'ख्' 'ग्' 'घ्' वर्णहरूको उच्चारणमा फोक्साबाट आएको सास घाँटीमा ठोक्किन्छ, 'ट्', 'ठ्', 'ड्', 'ढ्' वर्णको उच्चारण गर्दा त्यो सास वर्त्स्य (दाँतका जरादेखि माथिपट्टि रहेको गरा-गरा परेको) भागमा ठोकिन्छ, 'त्', 'थ्', 'द्', 'ध्' वर्णको उच्चारण गर्दा त्यो सास दाँतमा ठोकिन्छ र 'प्', 'फ्', 'ब्', 'भ्' वर्णको उच्चारण गर्दा त्यो सास दुवै ओठद्वारा एकछिन पूरै रोकिई बाहिर निस्कन्छ। यसरी जुन वर्णहरूको उच्चारण गर्दा फोक्साबाट आएको सास मुखभित्रका विभिन्न भागमा ठोकिन्छ/छोइन्छ वा स्पर्श गर्छ र उक्त ठोकाइ, छुवाइ/स्पर्श गराइका प्रयास/प्रयत्नपूर्वक जुन व्यञ्जनवर्णको उच्चारण हुन्छ ती स्पर्शी व्यञ्जनवर्ण हुन्।

माथि (ख) मा 'च्', 'छ्', 'ज्', 'झ्' वर्णहरू दिइएका छन्। ती वर्णहरूको उच्चारण गर्दा पनि जिब्राको पाताले वर्त्स्य वा दाँतका जराभन्दा पछाडि रहेको गरा-गरा परेको ठाउँमा स्पर्श गर्छ। फलस्वरूप फोक्साबाट आएको सास त्यस ठाउँमा ठोकिन्छ। सो हावाले ठोकिने काम मात्र नगरी जिब्राको पातो र वर्त्स्यस्थानका बीचबाट सङ्घर्ष गर्दै निस्कने प्रयत्नसमेत गर्दछ। त्यसैले पहिले स्पर्श गर्ने र पछि सङ्घर्ष गरेर उच्चरित हुने भएकाले 'च्', 'छ्', 'ज्', 'झ्' वर्णहरू स्पर्श सङ्घर्षी व्यञ्जन वर्णहरू हुन्।

माथि (ग) मा स्, ह् वर्णहरू दिइएका छन्। यी दुई सङ्घर्षी वर्ण हुन्। 'स्' र 'ह्' वर्णहरूको उच्चारण गर्दा फोक्साबाट आएको सासलाई मुखभित्रको कुनै अङ्गले पनि पूरै रोक्दैन, जिब्रो वर्त्सस्थानमा छुन जाँदै गर्दा फोक्साबाट आएको सासको मुस्लो वर्त्स र जिब्राको साँगुरो चेपबाट सङ्घर्ष गर्दै र सुसाउँदै बाहिर निस्कन्छ। त्यस्तै 'ह्' वर्णको उच्चारणमा स्वरचिम्टी नजिक आएका बेला फोक्साबाट आएको सास कतै पनि अवरोध नबेहोरी साँगुरो चेपबाट सङ्घर्ष गर्दै निस्कन्छ। त्यसैले फोक्साबाट आएको सास कतै नठोक्किई सङ्घर्ष गर्दै/सुसाउँदै मुखबाट निस्कने प्रयत्न गर्दा उच्चरित हुने भएकाले 'स्' 'ह्' सङ्घर्षी वर्ण हुन्।

माथि (घ) मा 'र्' वर्ण दिइएको छ। उक्त वर्णलाई प्रकम्पित भनिन्छ; किनभने यसको उच्चारण गर्दा फोक्साबाट आएको सासलाई रोक्न जिब्राको टुप्पो वर्त्सस्थानतिर जाँदै गरेका बेला त्यो टुप्पो फोक्साबाट आएको हावाको मुस्लाले थरर्र काम्दछ। उक्त हावा जिब्रालाई कँपाउँदै बाहिर निस्कने प्रयत्न गर्दछ। त्यसैले 'र्' प्रकम्पित वर्ण हो।

CC-0. In Public Domain. Digitization by eGangotri

माथि (ङ) मा दिएको 'ल्' पार्श्विक वर्ण हो। 'ल्' वर्णको उच्चारण गर्दा जिब्रो दोब्रिन्छ वा फर्लक्क पल्टिन्छ अनि जिब्राको टुप्पाले माथि वर्त्स भागमा छुन्छ; तर फोक्सावाट आएको सास जिब्रो दोब्रिएका बेला जिब्राको छेउ-छेउमा रहेका वा पार्श्व (नजिक) मा रहेका प्वालबाट बाहिर निस्कने प्रयत्न गर्छ। यस्तो प्रक्रियाद्वारा 'ल्' वर्णको उच्चारण हुने भएकाले यसलाई पार्श्विक भनिएको हो।

माथि (च) मा दिइएका ङ्, न्, म् वर्णहरू नासिक्य स्पर्शी हुन्। किनभने 'ङ', 'न्', 'म्'को उच्चारण गर्दा फोक्साबाट आएको सास मुखभित्रका विभिन्न भागमा ठोकिन्छ र त्यसपछि नाकको बाटो हुँदै बाहिर निस्कन्छ। यसरी पहिले फोक्साबाट आएको सास मुखभित्रका अङ्गमा ठोकिने र पछि नाकको बाटो हुँदै बाहिर निस्कने भएकाले 'ङ्', 'न्', 'म्'लाई नासिक्य स्पर्शी वर्ण भनिएको हो।

माथि (छ)मा दिइएका 'य्' र 'व्' अन्तस्थ वर्ण हुन्। यिनलाई अर्द्धस्वर पनि भनिन्छ। यिनी कतै स्वर र कतै व्यञ्जनजस्ता देखिने भएकाले यिनलाई अन्तस्थ वा अर्द्धस्वर भनिएको हो।

### *(२) उच्चारण स्थानका आधारमा व्यञ्जनवर्णको वर्गीकरण:*

| | वर्ण | उच्चारण स्थान |
|---|---|---|
| (क) | क्, ख्, ग्, घ्, ङ् | कण्ठ/घाँटी |
| (ख) | च् छ्, ज्, झ्, स् | फलकीय वर्त्स |
| (ग) | ट्, ठ्, ड्, ढ् र्, ल्, न् | अग्र वर्त्स |
| (घ) | त् थ् द् ध् | दन्त |
| (ङ) | प् फ् ब् भ् म् व | द्वयोष्ठ |
| (च) | य् | तालु |
| (छ) | ह् | स्वरयन्त्रमुख |

माथि (क) मा दिइएका 'क्' 'ख्' 'ग्' 'घ्' 'ङ्' कण्ठ स्थानबाट उच्चरित हुने वर्ण हुन् अर्थात् क्, ख्, ग्, घ्, ङ् को उच्चारण हुने स्थान भनेको कण्ठ/घाँटी हो। जिब्राको पछिल्लो भागले घाँटीलाई छुँदा यी वर्णको उच्चारण हुने भएकाले यी वर्णहरूलाई उच्चारणस्थानका आधारमा कण्ठ्य वर्ण भनिन्छ। जुन वर्णको उच्चारण गर्दा जिब्रो वा ओठले जुन ठाउँमा छुन्छ त्यस वर्णको उच्चारणस्थान पनि त्यही छोइएको स्थान नै हुन्छ। त्यसैले 'क्', 'ख्', 'ग्', 'घ्', 'ङ्' वर्णको उच्चारणस्थान कण्ठ/घाँटी हो।

माथि (ख) मा दिइएका 'च्', 'छ्', 'ज्', 'झ्', 'स्' वर्त्स स्थानबाट उच्चरित हुने वर्णहरू हुन्। जिब्राको पाताले दाँतका जराभन्दा पछाडिपट्टिको गरा परेको भाग अर्थात् वर्त्स स्थानमा छोएर 'च्', 'छ्', 'ज्', 'झ्', 'स्' वर्ण उच्चरित हुने हुनाले यिनलाई फलकीय वर्त्स वर्ण भनिन्छ। जिब्राको टुप्पोले सोही वर्त्स स्थानमा छोएपछि माथि (ग) मा दिइएका 'ट्', 'ठ्', 'ड्', 'ढ्', 'र्', 'ल्', 'न्' वर्ण उच्चरित हुने हुँदा यिनलाई अग्र वर्त्स्य वर्ण भनिन्छ।

CC-0. In Public Domain. Digitization by eGangotri

माथि (घ) मा दिइएका 'त्', 'थ्', 'द्', 'ध्' वर्णको उच्चारण स्थान दाँत हो। जिब्राको पाताले दाँतमा छोएपछि 'त्', 'थ्', 'द्', 'ध्' वर्णहरू उच्चरित हुन्छन्। त्यसैले यिनलाई दन्त्य वर्ण भनिन्छ।

माथि (ङ) मा दिइएका 'प्', 'फ्', 'ब्', 'भ्', 'म्', 'व्' वर्णहरूको उच्चारण स्थान दुईवटा ओठ हुन्। 'प्', 'फ्', 'ब्', 'भ्' र 'म्' वर्णको उच्चारण गर्दा दुईवटा ओठ पूरै जोडिन्छन् भने 'व्' वर्णको उच्चारणमा दुईवटा ओठ नजिकै आएर पनि जोडिन्नन्। ओठ जोडिए पनि वा नजिकिएमात्र पनि माथि दिइएका वर्णहरूको उच्चारण गर्दा दुईवटा ओठ सक्रिय हुन्छन्; त्यसैले यिनलाई द्वयोष्ठ्य/दुई ओठे वर्ण भनिएको हो।

माथि (च) मा दिइएको 'य्' वर्णको उच्चारण गर्दा जिब्राको बीचभाग उठेर वर्त्स्य भागभन्दा पछाडिको ओडार वा तालुनिर पुग्छ र फोक्साबाट आएको सास बाहिर निस्कन्छ। यसरी जिब्राको पाताले तालुलाई छुन-छुन खोज्दा उच्चरित हुने भएकाले 'य्' वर्णको उच्चारणस्थान तालु हो।

माथि (छ)मा दिइएको 'ह्'को उच्चारणस्थान स्वरचिम्टी हो। मानिसको घाँटीभित्र रहने स्वरयन्त्रमा झन्झनाहट पैदा गरी उच्चरित हुने भएकाले 'ह्' वर्णको उच्चारणस्थान स्वरयन्त्रमुख हो।

### *(३) घोषत्वका आधारमा व्यञ्जनवर्ण : अघोष र घोष*

| (अ) | | (आ) | | | | |
|---|---|---|---|---|---|---|
| क् | ख् | ग् | घ् | ङ् | | |
| च् | छ् | ज् | झ् | | | |
| ट् | ठ् | ड् | ढ् | | | |
| त् | थ् | द् | ध् | न् | | |
| प् | फ् | ब् | भ् | म् | | |
| स् | | य् | र् | ल् | व् | ह् |

माथि (अ) तर्फ दिइएका 'क्' 'ख्' 'च्' 'छ्' 'ट्' 'ठ्' 'त्' 'थ्' 'प्' 'फ्' 'स्' आदि वर्णहरूको उच्चारण गर्दा घाँटीभित्र रहेको चिम्टीजस्तो यन्त्र नजिकमा आउँदैन। फलस्वरूप फोक्साबाट आई मुखबाट बाहिर निस्कन खोजेको सास त्यस चिम्टामा ठोकिने र झन्झनाहट पैदा हुने सम्भावना नै हुँदैन; त्यसले 'क्' 'ख्' 'च्' 'छ्' 'ट्' 'ठ्' 'त्' 'थ्' 'प्' 'फ्' 'स्' वर्णहरूको उच्चारणमा सो चिम्टा टाढा रहने हुँदा ती वर्णहरूलाई अघोष वर्ण भनिन्छ।

माथि (आ) मा दिइएका 'ग्' 'घ्' 'ङ्' 'ज्' 'झ्' 'ड्' 'ढ्' 'द्' 'ध्' 'न्' 'ब्' 'भ्' 'म्' 'य्' 'र्' 'ल्' 'व्' 'ह्' वर्णहरूको उच्चारण हुँदा मानिसका घाँटीभित्र रहने स्वरचिम्टा सन्निकट आउँछ र फोक्साबाट आएको सास बाहिर निस्कन खोज्दा एक किसिमको झननन आवाज आउँछ। यी वर्णहरूको उच्चारण गर्दा घाँटीमा हात राखेर विचार गर्दा पनि वक्ताले त्यस झनझनाहटलाई अनुभव गर्न सक्छ। स्वरचिम्टी निकटमा आएर झनझनाहट पैदा हुने भएकाले माथि 'आ'मा दिइएका वर्णहरू घोष वर्णहरू हुन्।

CC-0. In Public Domain. Digitization by eGangotri

***(४) प्राणत्वका आधारमा व्यञ्जनवर्णको वर्गीकरण: अल्पप्राण र महाप्राण***

| (अ) | | | | (आ) | |
|---|---|---|---|---|---|
| क् | ग् | ङ् | | ख् | घ् |
| च् | ज् | | | छ् | झ् |
| ट् | ड् | | | ठ् | ढ् |
| त् | द् | न् | | थ् | ध् |
| प् | ब् | म् | | फ् | भ् |
| य् | र् | ल् | व् | स् | ह् |

प्राण भनेको वायु वा सास हो। अल्पप्राण भनेको थोरै वायु वा सास र महाप्राण भनेको धेरै वायु वा सास हो। माथि (अ) मा दिइएका 'क्' 'ग्' 'ङ्' 'च्' 'ज्' 'ट्' 'ड्' 'त्' 'द्' 'न्' 'प्' 'ब्' 'म्' 'य्' 'र्' 'ल्' 'व्' वर्णको उच्चारण गर्दा फोक्साबाट आएको वायु/सासको थोरै मात्रा मुखबाट बाहिर निस्कन्छ। त्यसैले 'अ'मा दिइएका वर्णहरू अल्पप्राण व्यञ्जन (थोरै सास निस्केर उच्चारित हुने व्यञ्जन) हुन्।

माथि ('आ') मा दिइएका 'ख्' 'घ्' 'छ्' 'झ्' 'ठ्' 'ढ्' 'थ्' 'ध्' 'फ्' 'भ्' 'स्' 'ह्' वर्णहरूको उच्चारण गर्दा मुखबाट निस्कने सास (प्राण) को मात्रा केही बढी हुनेगर्छ, त्यसैले 'आ' मा दिइएका ती वर्णहरू महाप्राण (धेरै सास निस्केर उच्चरित हुने) व्यञ्जन हुन्।

## २.४ अक्षर

| | | |
|---|---|---|
| | (१) | [क्], [अ], [ह्], [इ], [ल्] [ए] [ज्] [आ], [न्], [छ्], [औं] : ध्वनि |
| कहिले जान्छौ | (२) | /क्/ /अ/ /ह्/ /इ/ /ल्/ /ए/ /ज्/ /आ/ /न्/ /छ्/ /औं/ : वर्ण |
| | (३) | क हि ले जान् छौ : अक्षर |

माथि (१) मा दिइएका सबै ध्वनि हुन्। ध्वनि उच्चारणका तहमा मात्र सीमित रहन्छन् र तिनलाई लेखेर सङ्केत गर्दा [ ] चिह्नभित्र राख्ने चलन छ। त्यस्तै (२) मा दिइएका वर्ण हुन्। (१) का ध्वनिहरूलाई लेख्य रूपमा प्रस्तुत गर्दा (२) अनुरूप / / को कोठाभित्र राखिएको छ। (३) मा दिइएका अक्षर हुन्। फोक्साबाट निस्केको सास एकै झोक्का/झट्का वा आघातसाथ बाहिर निस्केका ध्वनिको लेख्य प्रतीक नै अक्षर हो। नेपाली भाषाका ध्वनि र वर्ण भनेका एकै हुन् भने वर्ण र अक्षर भनेका फरक-फरक कुरा हुन् भन्नेसमेत माथिको तालिकाले बुझाउँछ। अक्षरहरू एक वा त्यसभन्दा बढी वर्णहरूको संयोगबाट बन्दछन्। स्वरवर्णहरू ध्वनि, वर्ण र अक्षर तीनै कोटिमा पर्दछन् भने व्यञ्जनवर्णहरू ध्वनि र वर्णमात्रै हुन्। व्यञ्जनवर्णहरू स्वरवर्णका सहायताले मात्र अक्षर बन्न सक्तछन्; जस्तै:

CC-0. In Public Domain. Digitization by eGangotri




माथि दिइएको 'अ' ध्वनि, वर्ण र अक्षर तीनवटै कोटिमा परेको छ भने 'क्' चाहिँ ध्वनि र वर्णका रूपमा मात्र देखाइएको छ। उक्त 'क्' ध्वनिले अक्षर हुनाका निम्ति कुनै स्वरवर्णलाई साथमा लिनुपर्दछ; जस्तै: क् + अ = क। यो 'क' चाहिँ एक अक्षर हो।

## २.५ नेपाली उच्चरित अक्षरहरूको संरचना

नेपाली भाषाका अक्षरमा कम्तीमा पनि एउटा स्वरवर्ण हुनै पर्दछ। व्यञ्जनवर्णहरू एक्लै अक्षर हुन सक्तैनन् र तिनीहरू स्वरवर्णसँग आएर मात्र अक्षर बन्न सक्तछन्। नेपाली भाषाका उच्चरित अक्षरहरूको संरचना निम्नानुसारको देखिन्छ:

| | वर्ण | | अक्षर |
|---|---|---|---|
| (१) | स्वर+० | अ+० | अ, |
| (२) | स्वर+व्यञ्जन | ए+क् | एक् |
| (३) | व्यञ्जन+स्वर | ख्+आ | खा |
| (४) | व्यञ्जन+स्वर+व्यञ्जन | घ्+अ+र् | घर् |
| (५) | व्यञ्जन+व्यञ्जन+स्वर | त्+य्+ओ | त्यो |
| (६) | व्यञ्जन+व्यञ्जन+स्वर+व्यञ्जन | त्+य्+अ+स् | त्यस् |

## २.६ नेपाली वर्ण र वर्णमाला

वर्ण भनेको उच्चारण-प्रतीक वा ध्वनिप्रतीक हो भने वर्णमाला भनेको कुनै पनि भाषामा परम्परादेखि चल्दै आएको त्यस भाषाका लेख्य वर्णहरूको समूह हो; जस्तै-

| (अ) नेपाली वर्णहरू | | (आ) नेपाली वर्णमाला | |
|---|---|---|---|
| स्वर | व्यञ्जन | स्वर | व्यञ्जन |
| अ<br>आ<br>इ<br>उ<br>ए<br>ओ | क् ख् ग् घ् ङ्<br>च् छ् ज् झ्<br>ट् ठ् ड् ढ्<br>त् थ् द् ध् न्<br>प् फ् ब् भ् म्<br>य् र् ल् व् स् ह् | अ आ<br>इ ई<br>उ ऊ<br>ऋ ए ऐ ओ<br>औ अं<br>अ: | क ख ग घ ङ<br>च छ ज झ ञ<br>ट ठ ड ढ ण<br>त थ द ध न<br>प फ ब भ म<br>य र ल व श ष स ह<br>क्ष त्र ज्ञ |
| ६ | २९ | १३ | ३६ |

CC-0. In Public Domain. Digitization by eGangotri

माथि (अ) मा नेपाली वर्णहरू दिइएका छन् र (आ) मा नेपाली वर्णमाला दिइएको छ। 'आ' मा दिइएको नेपाली वर्णमालामा स्वरवर्ण तेह्र र व्यञ्जनवर्ण छत्तीसवटा छन् तर बायाँपट्टि 'अ' मा दिइएका नेपाली वर्णहरूमा केवल छवटा स्वरवर्ण र उनन्तीसवटा व्यञ्जनवर्णहरू रहेका छन्। यसबाट नेपाली वर्ण र वर्णमालाका बीचमा फरक देखिन्छ। यो फरक देखिनाका कारणहरू हुन्- नेपाली भाषाको समसामयिक उच्चार्य रूप र परम्परागत लेख्य संस्कृति। माथि दिइएको नेपाली वर्णमालामा परेका 'ई', 'ऊ', 'ऋ', 'ऐ', 'औ', 'अं', 'अः' जस्ता स्वरवर्ण र 'ञ', 'ण', 'श', 'ष', 'क्ष', 'त्र', 'ज्ञ' जस्ता व्यञ्जन वर्ण/अक्षर समसामयिक उच्चार्य वा कथ्य नेपाली भाषामा ध्वनि वा वर्णका रूपमा नबोलिने/उच्चारण नगरिने हुनाले नै तिनलाई नेपाली भाषाका वर्ण नमानिएको हो। माथि दिइएको नेपाली वर्णमाला संस्कृत भाषाको वर्णमालामा आधारित छ र त्यस (संस्कृत) वर्णमालालाई नै नेपाली भाषाको वर्णमालाको रूपमा स्वीकार्नुको कारण के हो भने नेपाली भाषामा संस्कृत स्रोतबाट आएका शब्दहरू प्रशस्त छन् र ती शब्दहरू लेख्ता परम्परागत संस्कृत लेख्य संस्कृति वा वर्ण-विन्यासका नियमहरूकै अनुसरण गर्नुपर्दछ।

## अभ्यास

तलका प्रश्नहरूको उत्तर लेख्नुहोस्।

१. (क) भाषाका सन्दर्भमा ध्वनि भनेको के हो?
   (ख) वर्ण भनेको के हो?
   (ग) ध्वनि र वर्णमा के फरक छ?

२. (क) नेपाली भाषाका वर्ण कति प्रकारका र छन् ती कुन–कुन हुन्?
   (ख) नेपाली भाषाका स्वरवर्णहरू कुन-कुन हुन्?
   (ग) कस्ता वर्णलाई स्वरवर्ण भनिन्छ?
   (घ) स्वरवर्णको वर्गीकरणका आधार कति छन् र ती के-के हुन्?
   (ङ) नेपाली भाषाका अग्र स्वर र पश्च स्वर कुनकुन हुन्?
   (च) जिब्राको अग्लाइका आधारमा नेपाली भाषाका निम्न, मध्य र उच्च स्वर कुन-कुन हुन्?

३. (क) नेपाली भाषाका व्यञ्जनवर्ण कुन-कुन हुन्?
   (ख) कस्ता वर्णलाई व्यञ्जनवर्ण भनिन्छ?
   (ग) नेपाली व्यञ्जनवर्णको वर्गीकरणका आधार के-के हुन्?

४. (क) प्रयत्नका दृष्टिले तलका व्यञ्जनवर्णहरूलाई के भनिन्छ? छुट्ट्याएर लेख्नुहोस्:
   क्, घ्, ट्, ठ्, द्, ध्, फ्, भ्, छ्, झ्, स्, ह्, र्, ल्, ङ्, न्, म्, य्, व्।

CC-0. In Public Domain. Digitization by eGangotri

(ख) तलका व्यञ्जनवर्णका उच्चारणस्थान के-के हुन्? छुट्ट्याएर लेख्नुहोस्:
क्, घ्, च्, छ्, ज्, ट्, ठ्, ढ्, र्, ल्, न्, त्, द्, प्, ब्, म्, व्, य्, ह्।

(ग) तल दिइएका व्यञ्जनवर्णहरूमध्ये घोष र अघोष वर्णहरूलाई छुट्ट्याएर लेख्नुहोस्:
क्, ग्, ख्, छ्, ज्, ड्, ट्, ठ्, ढ्, द्, ध्, न्, त्, थ्, ब्, भ्, म्, प्, फ्, स्, य्, र्, ल्, व्, ह्।

(घ) तल दिइएका व्यञ्जनवर्णहरूमध्ये अल्पप्राण र महाप्राण व्यञ्जनवर्णलाई अलग-अलग पारी लेख्नुहोस्:
क्, ख्, ग्, घ्, ङ्, च्, छ्, ज्, झ्, ट्, ठ्, ढ्, ड्, ढ्, त्, थ्, दं, ध्, न्, प्, फ्, ब्, भ्. म्, य्, र्, ल्, व्, स्, ह्।

५. (क) अक्षर भनेको के हो?

(ख) तलका शब्दमा कति-कति अक्षर छन्? छुट्ट्याएर देखाउनुहोस्:
ए, आमै, व्यञ्जन, फोक्सो, बौद्ध, काठमाडौं, भक्तपुर, स्याङ्जा, सुर्खेत, बैतडेली, डँडेल्धुरा, दार्जिलिङ, सिक्किम।

६. (क) नेपाली वर्ण र वर्णमालामा के फरक छ? उदाहरण दिई स्पष्ट पार्नुहोस्।

(ख) 'ऋ', 'ऐ', 'अं', 'अः', 'ञ्', 'ण्', 'श्', 'ष्' जस्ता वर्णहरू नेपाली वर्ण हुन् कि होइनन्?

(ग) माथि ६ (ख) मा दिइएका वर्णहरू नेपाली भाषाका वर्ण नभए पनि नेपाली भाषाको लेखाइमा तिनको प्रयोग किन गरिन्छ?

CC-0. In Public Domain. Digitization by eGangotri

## परिच्छेद तीन

# शब्द, पद र पदका प्रकार

### ३.१ शब्द

मानिसका मुखबाट ध्वनि वा आवाजका रूपमा उच्चारण हुने 'अ, आ, इ, उ ........' आदि स्वरवर्ण र 'क्, ख्, ग्, घ् ......' आदि व्यञ्जनवर्णले आफ्नो खास बेग्लै अर्थ बुझाउँदैनन्; तर कुनै खास सङ्ख्या र क्रममा आउँदा भने यी स्वरव्यञ्जनवर्णले केही अर्थ बुझाउन सक्तछन्। यसरी कुनै अर्थ बुझाउने गरी खास सङ्ख्या र क्रममा आएका एक वा एकभन्दा बढी उच्चार्य-श्रव्य स्वर-व्यञ्जनवर्ण वा तिनका मात्रा लागेका लेख्य-पाठ्य अक्षरबाट नै शब्द बन्दछ; जस्तै-

| उच्चार्य-श्रव्य वर्ण | मात्रा लागेका लेख्य-पाठ्य अक्षर | शब्द |
|---|---|---|
| य् + ओ | यो | यो |
| क् + ए + ट् + ओ | के टो | केटो |
| स् + इ + प् + आ + ल् + उ | सि पा लु | सिपालु |
| छ् + अ | छ | छ |

माथि दिइएका 'यो', 'केटो', 'सिपालु' र 'छ' शब्द हुन्; किनभने यिनले आ-आफ्नो खास अर्थ बुझाउँछन्। यी शब्दहरू मात्रा लागेका लेख्य-पाठ्य अक्षरबाट बनेका छन् र ती अक्षरहरू कुनै खास सङ्ख्या र क्रममा आएका स्वर-व्यञ्जनवर्णबाट बनेका छन्; जस्तै– 'यो' शब्द क्रमश: आएका य् + ओ जस्ता दुई वर्ण मिली बनेको छ भने 'केटो' शब्द क्रमश: आएका क् + ए + ट् + ओ जस्ता चार वर्ण मिली बनेको छ। त्यसै गरी 'सिपालु' शब्द क्रमश: आएका स् + इ + प् + आ + ल् + उ जस्ता छओटा वर्ण मिली बनेको छ भने 'छ' शब्द क्रमश: आएका छ् + अ जस्ता दुई वर्ण मिली बनेको छ। यी शब्दहरूमा क्रमैले आएका वर्णहरूको क्रम बदलिदिने हो भने वा ती वर्णका सङ्ख्यामा घटबढ गरिदिने हो भने यी शब्दले बुझाउने अर्थ नबुझिने हुन्छ। तसर्थ कुनै निश्चित क्रम र सङ्ख्यामा आएका एक वा एकभन्दा बढी वर्ण वा अक्षर मिली बनेको कुनै खास अर्थ बुझाउने लबजलाई शब्द भनिन्छ।

यस्ता शब्दहरूमध्ये कुनै शब्द अर्थ भएका एकभन्दा बढी अंश/खण्ड/टुक्रामा टुक्र्याई बनोट देखाउन नसकिने खालका हुन्छन्; जस्तै– 'यो', 'छ' आदि। कुनै शब्द अर्थ भएका एकभन्दा बढी अंश/खण्ड/टुक्रामा टुक्र्याई

CC-0. In Public Domain. Digitization by eGangotri

बनोट देखाउन मिल्ने खालका पनि हुन्छन्; जस्तै– सिप + आलु = सिपालु। 'सिप' र 'आलु' जस्ता अर्थ भएका शब्दखण्डलाई 'शब्दांश' वा 'रूप' भनिन्छ। वाक्यमा स्वतन्त्र रूपमा प्रयोग भई अर्थ बुझाउन सक्ने 'सिप' जस्ता शब्दांशलाई मुक्त रूप वा शब्द भनिन्छ र शब्दकोशमा पनि यस्ता शब्दको अर्थ दिइन्छ; तर वाक्यमा स्वतन्त्र रूपमा प्रयोग भई अर्थ बुझाउन नसक्ने र अर्को शब्दांशमा जोडिएर मात्र अर्थ बुझाउन सक्ने 'आलु' जस्ता रूपलाई बद्ध रूप वा शब्दांश भनिन्छ र यस्ता बद्ध रूपको शब्दकोशीय अर्थ हुँदैन।

## ३.२. पद

वाक्यमा प्रयोग भएका शब्दलाई पद भन्दछन्; जस्तै–

| शब्द | वाक्य |
|---|---|
| 'यो', 'केटो', 'सिपालु' 'छ' | यो केटो सिपालु छ। |

माथि 'शब्द' अन्तर्गत अलग-अलग शब्द दिइएका छन् र 'वाक्य' अन्तर्गत ती शब्द मिली बनेको वाक्य दिइएको छ। वाक्यमा प्रयोग भएका यस्तै शब्दलाई नै पद भनिन्छ। माथिको 'यो केटो सिपालु छ' भन्ने वाक्यमा चार पद छन्।

वाक्यमा प्रयोग हुँदा शब्दको रूपमा केही परिवर्तन पनि आउन सक्तछ; जस्तै–

| शब्द | वाक्य |
|---|---|
| 'म', 'तिमी', 'देख्नु' | मैले तिमीलाई देखेँ। |

माथि दिइएका 'म', 'तिमी', र 'देख्नु' शब्द मिली बनेको 'मैले तिमीलाई देखेँ' भन्ने वाक्यमा ती शब्दका रूपमा केही परिवर्तन आएको छ। यसरी वाक्यमा प्रयोग हुँदा रूपमा केही परिवर्तन हुने वा नहुने शब्दलाई नै पद भनिन्छ।

## ३.३ पदका प्रकार

वाक्यमा प्रयोग हुने पद विभिन्न प्रकारका हुन्छन्। पदका प्रकार देखाउने आधार पनि विभिन्न हुन सक्तछन्। खास गरी (क) पदको रूप-परिवर्तन हुने/नहुने आधारमा र (ख) वाक्यमा पदले गर्ने कार्यका आधारमा पदहरूको वर्गीकरण गरिन्छ र यहाँ पनि यिनै दुई आधारमा नेपाली भाषाका पदका प्रकार देखाइएको छ।

### (क) रूप-परिवर्तन हुने/नहुने आधारमा पदका प्रकार: अविकारी र विकारी



CC-0. In Public Domain. Digitization by eGangotri

रूप-परिवर्तन हुने/नहुने आधारमा पद दुई प्रकारका हुन्छन्- (१) अविकारी र (२) विकारी। यस कुरालाई स्पष्ट पार्न तल केही उदाहरणहरू दिइएका छन्-

(अ) मेरो प्यारो छोरो आज यहाँ आउँछ क्यारे!
(आ) मेरी प्यारी छोरी आज यहाँ आउँछे क्यारे!
(इ) मेरा प्यारा छोराछोरी आज यहाँ आउँछन् क्यारे!

***(१) अविकारी पद:*** वाक्यमा प्रयोग हुँदा रूप-परिवर्तन नहुने पद अविकारी पद हुन्। माथि दिइएका तीनओटै वाक्यमा सात-सात पद छन् र (अ) मा दिइएको वाक्यमा प्रयोग भएका सातओटा पदहरूमध्ये केही पदको रूप (आ) र (इ) मा दिइएका वाक्यमा पनि जस्ताको तस्तै रहेको छ; जस्तै- 'आज', 'यहाँ' र 'क्यारे'। वाक्यमा प्रयोग हुँदा रूप-परिवर्तन नहुने यस्ता पदलाई अविकारी पद भनिन्छ। यस्ता पदहरू वाक्यमा सधैँ उस्तै रूपमा प्रयोग हुन्छन्। वाक्यमा जुनसुकै लिङ्ग, वचन, पुरुष, कारक, काल, पक्ष, आदर, वाच्य, अकरण आदि बुझाउँदा पनि यिनका रूपमा कुनै विकार वा परिवर्तन आउँदैन; त्यसैले नै यस्ता पदलाई अविकारी पद भनिएको हो।

***(२) विकारी पद:*** वाक्यमा प्रयोग हुँदा रूप-परिवर्तन हुने पद विकारी पद हुन्। माथि (अ), (आ), (इ) मा दिइएका वाक्यमा रूप-परिवर्तन भई प्रयोग भएका 'मेरो → मेरी → मेरा', 'प्यारो → प्यारी → प्यारा', 'छोरो → छोरी → छोराछोरी', 'आउँछ → आउँछे → आउँछन्' जस्ता पदहरू विकारी पदका उदाहरण हुन्। वाक्यमा प्रयोग हुँदा लिङ्ग, वचन, पुरुष, कारक-विभक्ति, काल, पक्ष, आदर, वाच्य, अकरण आदिका आधारमा यस्ता पदका रूपमा विकार वा परिवर्तन आउँछ; जस्तै-

| | |
|---|---|
| लिङ्गका आधारमा- | छोरो आयो। छोरी आई। |
| वचनका आधारमा- | छोरो आयो। छोराहरू आए। |
| पुरुषका आधारमा- | म आएँ। तँ आइस्। ऊ आयो। |
| कारक-विभक्तिका आधारमा- | यहाँ छोराको कलम छ। छोराले कलमले गीत लेख्यो। |
| कालका आधारमा- | म हिजो आएँ। म आज आउँछु। म भोलि आउनेछु। |
| पक्षका आधारमा- | म आउँदै छु। म आएको छु। |
| आदरका आधारमा- | तँ आइस्। तिमी आयौ। तपाईं आउनुभयो। |
| वाच्यका आधारमा- | म पुस्तक पढ्छु। मद्वारा पुस्तक पढिन्छ। |
| अकरणका आधारमा- | म कविता लेख्छु। म कविता लेख्दिनँ। |

उपर्युक्त आधारमा वाक्यमा प्रयोग हुँदा रूप चल्ने वा रूप-परिवर्तन हुने पदलाई विकारी पद भनिन्छ।

CC-0. In Public Domain. Digitization by eGangotri

## (ख) कार्यका आधारमा पदका प्रकार: नामिक पद, क्रियापद र अव्यय

| | पद | |
|---|---|---|
| नामिक पद | क्रियापद | अव्यय |

वाक्यमा प्रयोग भएका पदहरूले गर्ने कार्यका आधारमा पदका तीन मुख्य प्रकार देखाइन्छन्: नामिक पद, क्रियापद र अव्यय। तल उदाहरणका रूपमा एक वाक्य दिई यस कुरालाई स्पष्ट पारिएको छ–

उदाहरण: आहा! रातो गुलाब त क्या राम्ररी फुलेछ र यो मेरो निम्ति सधैँ फुल्नेछ।

***(१) नामिक पद:*** माथि उदाहरणमा दिइएको वाक्यमा प्रयोग भएको 'गुलाब' पदले एक प्रकारको फूलको नाम बुझाउने कार्य गरेको छ; माथिको वाक्यमा प्रयोग भएको 'यो' पदले 'गुलाब' पदका सट्टामा आई सोही 'गुलाब' नामलाई जनाउने कार्य गरेको छ। त्यसै गरी यहाँ 'मेरा' (म + का) पदमा परेको 'म' ले उक्त वाक्य बोल्ने व्यक्तिका नामका सट्टामा प्रयोग हुने कार्य गरी सोही वाक्य बोल्ने व्यक्तिलाई बुझाउन पुगेको छ। यसरी वाक्यमा कुनै वस्तु वा व्यक्तिको नामका सट्टामा आई उसै वस्तु वा व्यक्तिलाई बुझाउने कार्य गर्ने 'यो', 'म' जस्ता पद पनि नामिक पद नै हुन्। माथिको वाक्यमा आएको 'रातो' पदले 'गुलाब' नामको रङ्गसम्बन्धी विशेषता बुझाउने कार्य गरेको छ र नामको यस्तो विशेषता बुझाउन वाक्यमा प्रयोग हुने शब्दलाई पनि नामिक पद नै भनिन्छ। वास्तवमा वाक्यमा नामलाई बुझाउने, कुनै नामका सट्टामा आई सोही नामलाई बुझाउने र नामको विशेषतालाई बुझाउने जे-जस्ता जे-जति पदहरू प्रयोग भएका हुन्छन् ती सबै नामिक पद हुन्। नामिक पदका तीन उपभेद छन्– (अ) नामपद, (आ) सर्वनामपद र (इ) विशेषणपद। रूप-परिवर्तन हुने/नहुने आधारमा यस्ता नामिक पद विकारी वर्गभित्र पर्दछन्। नामिक पदका पूर्वोक्त उपभेदको चिनारी यस पुस्तकका पछिल्ला परिच्छेदहरूमा दिइएको छ।

***(२) क्रियापद:*** माथिको वाक्यमा प्रयोग भएका 'फुलेछ' र 'फुल्नेछ' भन्ने पदले 'फुल्ने' क्रिया वा कामलाई बुझाउने कार्य गरेका छन्। यसरी वाक्यमा प्रयोग हुँदा कुनै क्रिया वा कामलाई बुझाउने पद नै क्रियापद हुन्। लिङ्ग, वचन, पुरुष, काल, पक्ष, आदर, वाच्य, अकरण आदिका आधारमा यस्ता क्रियापदको रूप-परिवर्तनं भइरहन्छ; त्यसैले रूप चल्ने/नचल्ने आधारमा क्रियापदलाई पनि नामिक पदझैँ विकारी वर्गभित्र राखिन्छ।

***(३) अव्ययपद:*** माथिको वाक्यमा प्रयोग भएको 'राम्ररी' पदले 'फुलेछ' क्रियापदको तरिका बुझाउने कार्य गरेको छ भने 'सधैँ' पदले 'फुल्नेछ' क्रियापदको समय बुझाउने कार्य गरेको छ। यसरी क्रियापदको तरिका, समय आदि बुझाउने पदलाई 'क्रियाविशेषण' भनिन्छ।

CC-0. In Public Domain. Digitization by eGangotri

माथिको वाक्यमा परेको 'निम्ति' पदले उक्त वाक्य बोल्ने व्यक्तिका सट्टामा आएको 'म' नामिक पदमा लागेको षष्ठी विभक्तिपछि आई उक्त 'म' पदसँग सम्बन्ध जनाउने कार्य गरेको छ र यस्ता 'निम्ति' जस्ता पदलाई 'नामयोगी' भन्ने गरिन्छ।

माथिको वाक्यमा प्रयोग भएको 'र' पदले 'आहा! रातो गुलाब त क्या राम्ररी फुलेछ' भन्ने अनि 'यो मेरो निम्ति सधैँ फुल्नेछ' भन्ने दुई वाक्यलाई जोड्ने काम गरेको छ। यसरी दुई वा दुईभन्दा बढी वाक्य (र शब्द) लाई जोड्ने कार्य गर्ने पदलाई संयोजक भनिन्छ।

माथिको वाक्यमा प्रयोग भएका 'आहा' र 'क्या' पदले उक्त वाक्य बोल्ने व्यक्तिको मनका आश्चर्यको भाव बुझाउने कार्य गरेका छन् भने 'त' पदले उक्त वाक्य बोल्ने व्यक्तिले जोड दिन चाहेको कुरालाई झल्काउने कार्य गरेको छ। यस्ता मनमा पैदा भएका आश्चर्य आदिलाई बुझाउने 'आहा', 'क्या' जस्ता पदलाई विस्मयादिबोधक पद भनिन्छ भने वक्ताले दिन खोजेको जोड आदि बुझाउने 'त' जस्ता शब्दलाई निपात भनिन्छ। 'त' जस्ता निपातहरूले वाक्य बोल्ने व्यक्तिले दिन खोजेको जोडजस्तो मनकै विशेष भाव बुझाउने हुनाले यस्ता निपातलाई पनि विस्मयादिबोधक पद नै भन्दा पनि फरक पर्दैन।

यसरी वाक्यमा प्रयोग भई क्रियाविशेषण, नामयोगी, संयोजक र विस्मयादिबोधक पदको कार्य गर्ने पदलाई नै अव्यय पद भनिन्छ। 'अव्यय' भनेको 'खर्च नहुने' हो र वाक्यमा प्रयोग भएका उक्त पदहरूले लिङ्ग, वचन, पुरुष आदिका आधारमा व्यय/खर्च/परिवर्तन नभई आफ्नो कार्य गर्ने हुनाले तिनलाई अव्यय भनिएको हो। रूप चल्ने/नचल्ने आधारमा अव्यय पदलाई अविकारी वर्गअन्तर्गत राखिन्छ। अव्यय पदका चार प्रकार छन्– क्रियाविशेषण, नामयोगी, संयोजक र विस्मयादिबोधक।

यसरी रूप चल्ने/नचल्ने आधारमा र कार्यका आधारमा पदहरूका बेग्लाबेग्लै प्रकार देखाइन्छन्। यी दुवै आधारलाई एकै ठाउँमा मिसाई समष्टिमा पदको वर्गीकरण यसरी गर्न सकिन्छ–




यसरी पद जम्मा आठ प्रकारका देखिन्छन्।

CC-0. In Public Domain. Digitization by eGangotri

## अभ्यास

तलका प्रश्नहरूको छोटो-छोटो उत्तर दिनुहोस्।

१. (क) 'शब्द' कसरी बन्दछ?
(ख) 'शब्द' भनेको के हो?
(ग) कस्ता शब्दांशलाई मुक्त रूप भनिन्छ?
(घ) कस्ता शब्दांशलाई बद्ध रूप भनिन्छ?

२. (क) 'पद' भनेको के हो?
(ख) रूप-परिवर्तन हुने र नहुने आधारमा पद कति प्रकारका छन् र ती के-के हुन्?
(ग) कस्ता पदलाई अविकारी पद भनिन्छ?
(घ) कस्ता पदलाई विकारी पद भनिन्छ?

३. (क) कार्यका आधारमा पद कति प्रकारका छन्?
(ख) 'नामिक पद' भनेको के हो र यसका तीन उपभेद कुन-कुन हुन्?
(ग) 'क्रियापद' भनेको के हो?
(घ) 'अव्यय' पद भनेको के हो र त्यसका चार प्रकार कुन-कुन हुन्?

४. (क) तलका शब्दहरू के-कस्ता वर्णहरू मिली बनेका हुन्? छुट्ट्याउनुहोस्:
बाठो, तालु, च्याउ, भक्तपुरे, बौद्ध।
(ख) तल केही अक्षरसमूह दिइएका छन्; तीमध्ये कुन-कुनचाहिँ नेपाली भाषाका शब्द हुन्? टिप्नुहोस्:
केटो, टोके, साठी, ठीसा, आलु, लुआ, हिमाल, लमाहि।
(ग) माथि ४. (ख) मा दिइएका कुनै-कुनै अक्षरसमूह शब्द होइनन्; ती अक्षरसमूहलाई शब्द नमान्नाको कारण के हो?

५. (क) तलको वाक्यमा कति पद छन्? छुट्ट्याएर लेखी देखाउनुहोस्:
राम हिजो नै पोखराबाट हिँडेको हो रे!
(ख) माथि ५. (क) मा दिइएको वाक्यमा परेका अविकारी र विकारी पदलाई आ-आफ्ना समूहमा सार्नुहोस्।
(ग) तलको वाक्यमा प्रयोग भएका नामिक पद, क्रियापद र अव्यय पदलाई छुट्ट्याउनुहोस,:
अग्लो र फुर्तिलो खेलाडी केटाले आफूलाई निकै नै होसियार देखायो बा!

●

CC-0. In Public Domain. Digitization by eGangotri

## परिच्छेद चार

# नामपद र यसका प्रकार

### ४.१ नामपद

कुनै कुरा (व्यक्ति, वस्तु आदि) को नाम बुझाउने शब्दलाई नै नामशब्द भनिन्छ; जस्तै- रमेश, नेपाल, गाई, बथान, घिउ, पढाइ आदि। यीमध्ये 'रमेश' कुनै व्यक्तिको नाम हो भने 'नेपाल' एक देशको नाम हो। 'गाई' एक किसिमका जनावरको जातिलाई बुझाउने नाम हो। त्यसै गरी 'बथान' खास गरी जनावरहरूका समूहलाई बुझाउने नाम हो भने 'घिउ' एक किसिमको पग्लने र गन्न नसकिने द्रव्य/पदार्थको नाम हो। 'पढाइ' पढ्ने कामलाई बुझाउने नाम हो। तसर्थ कुनै व्यक्ति/ठाउँ, जाति, समूह, द्रव्य/पदार्थ, गुण/काम/अवस्था आदिको नामलाई बुझाउने शब्द नामशब्द हुन् र वाक्यमा प्रयोग भएपछि ती नामपद बन्दछन्। 'नाम' लाई नेपाली भाषाका व्याकरणमा 'संज्ञा' पनि भनिन्छ र 'नामपद' लाई 'संज्ञापद' पनि भनिन्छ। नामपद वा संज्ञापदले कनै कुराको नाम वा संज्ञा बुझाउँछन्। नामपद विकारी पदवर्गअन्तर्गत पर्दछन् र यिनका लिङ्ग, वचन र कारक-विभक्तिअनुसार रूप चल्दछन्; जस्तै-

**पुंलिङ्ग 'छोरो' नामपदको रूपावली**

| विभक्ति | एकवचन | बहुवचन |
|---|---|---|
| प्रथमा | छोरो, छोराले | छोराहरू, छोराहरूले |
| द्वितीया | छोरो, छोरालाई | छोराहरू, छोराहरूलाई |
| तृतीया | छोराले | छोराहरूले |
| चतुर्थी | छोरालाई | छोराहरूलाई |
| पञ्चमी | छोराबाट, छोरादेखि | छोराहरूबाट, छोराहरूदेखि |
| षष्ठी | छोराको, छोराकी, छोराका | छोराहरूको, छोराहरूकी, छोराहरूका |
| सप्तमी | छोरामा | छोराहरूमा |

४९१.४५५
अ ९४ ने
दर्ता नं.
२२०६२

CC-0. In Public Domain. Digitization by eGangotri

## स्त्रीलिङ्ग 'छोरी' नामपदको रूपावली

| विभक्ति | एकवचन | बहुवचन |
|---|---|---|
| प्रथमा | छोरी, छोरीले | छोरीहरू, छोरीहरूले |
| द्वितीया | छोरी, छोरीलाई | छोराहरू, छोराहरूलाई |
| तृतीया | छोरीले | छोरीहरूले |
| चतुर्थी | छोरीलाई | छोरीहरूलाई |
| पञ्चमी | छोरीबाट, छोरीदेखि | छोरीहरूबाट, छोरीहरूदेखि |
| षष्ठी | छोरीको, छोरीकी, छोरीका | छोरीहरूको, छोरीहरूकी, छोरीहरूका |
| सप्तमी | छोरीमा | छोरीहरूमा |

## नपुंसकलिङ्ग 'रूख' नामपदको रूपावली

| विभक्ति | एकवचन | बहुवचन |
|---|---|---|
| प्रथमा | रूख, रूखले | रूखहरू, रूखहरूले |
| द्वितीया | रूख, रूखलाई | रूखहरू, रूखहरूलाई |
| तृतीया | रूखले | रूखहरूलाई |
| चतुर्थी | रूखलाई | रूखहरूलाई |
| पञ्चमी | रूखबाट, रूखदेखि | रूखहरूबाट, रूखहरूदेखि |
| षष्ठी | रूखको, रूखकी, रूखका | रूखहरूको, रूखहरूकी, रूखहरूका |
| सप्तमी | रूखमा | रूखहरूमा |

यसरी पुंलिङ्ग, स्त्रीलिङ्ग र नपुंसकलिङ्ग बुझाउने नामपदका विभक्ति र वचनअनुसार रूपहरू चल्दछन्। तर 'सुन', 'चाँदी', 'फलाम', 'घिउ', 'दूध', 'दया', 'माया', 'रिस', 'घिन', 'जवानी', 'पढाइ' आदि अनेक नपुंसकलिङ्गी नामपदहरूको भने एकवचनमा मात्र रूपहरू चल्दछन्; यिनको बहुवचन बुझाउने रूप हुँदैन।

## ४.२ नामपदका प्रकार

नेपाली भाषाको व्याकरणका पुस्तकहरूमा विभिन्न प्रकारले नामपदको वर्गीकरण गरिएको भेटिन्छ; जस्तै-

(क)

**नामपद**

१. व्यक्तिवाचक २. जातिवाचक। ३. समूहवाचक ४. द्रव्यवाचक ५. भाववाचक

CC-0. In Public Domain. Digitization by eGangotri

(ख) **नामपद**

व्यक्तिवाचक नाम　　सामान्य नाम　　भाववाचक नाम

(ग) **नामपद**

विशेष नाम　　सामान्य नाम

नेपाली नामपदका उपर्युक्त वर्गीकरणहरूमध्ये (क) मा दिइएको वर्गीकरण नै ज्यादा प्रचलित रहेको छ। तसर्थ सो वर्गीकरणअनुसार यहाँ पनि नेपाली भाषाको नामपदका पाँच प्रकार देखाइएका छन् र ती हुन्- (१) व्यक्तिवाचक नामपद, (२) जातिवाचक नामपद, (३) समूहवाचक नामपद, (४) द्रव्यवाचक नामपद र (५) भाववाचक नामपद।

***(१) व्यक्तिवाचक नामपद:*** कुनै एक वा विशेष प्रार्णी/वस्तु/ठाउँ/नदी/पर्व आदिको नाम बुझाउने शब्दलाई व्यक्तिवाचक नामपद भन्दछन्; जस्तै- रमेश, रीता, ऐरावत, महाभारत, काठमाडौँ, वाग्मती, तीज आदि। यी नामहरूमध्ये 'रमेश' र 'रीता' ले त्यो नाउँ भएका क्रमश: कुनै एक पुरुष र कुनै एक स्त्रीको नाम बुझाउँछन् भने 'ऐरावत' नामले देवताका राजा इन्द्रको सो नाम भएको एक मात्र हात्तीलाई जनाउँछ। त्यसै गरी 'महाभारत' त्यो नाम भएको एक विशेष पुस्तक हो भने 'काठमाडौँ' र 'वाग्मती' क्रमश: एक विशेष ठाउँ र एक विशेष नदीका नाम हुन्। 'तीज' एक विशेष पर्वको नाम हो। यसरी त्यो नाम भएको कुनै एक वा विशेष कुरा (प्राणी, वस्तु आदि) लाई मात्र बुझाउने शब्द व्यक्तिवाचक नामपद हुन्। व्यक्तिवाचक नामपदले कुनै विशेष कुराको नाम मात्र बुझाउने हुनाले नामपदको यस प्रकारलाई विशेष नाम पनि भन्ने गरिन्छ।

***(२) जातिवाचक नामपद:*** एउटै वा उही जातका सबैलाई बुझाउने शब्दलाई जातिवाचक नामपद भन्दछन्; जस्तै- मानिस, पशु, देश, नदी, पुस्तक, पर्व आदि।

'मानिस' भन्नाले सबै मानिस, 'पशु' भन्नाले सबै पशु, 'देश' भन्नाले सबै देश, 'नदी' भन्नाले सबै नदी 'पुस्तक' भन्नाले सबै पुस्तक र 'पर्व' भन्नाले सबै पर्व बुझिन्छन्। त्यसैले आफ्नो प्रकार/जाति/वर्गका सबैलाई बुझाउने यस्ता शब्दहरू जातिवाचक नामपद हुन्। यस्ता शब्दहरूले कुनै कुराको विशेष नाम नबुझाई सामान्य जात/वर्ग/प्रकार बुझाउने हुनाले नामपदको यस प्रकारलाई जातिवाचक नामपद पनि भनिन्छ।

CC-0. In Public Domain. Digitization by eGangotri

***(३) समूहवाचक नामपद:*** कुनै कुरा (प्राणी वस्तु आदि) को समुदाय/समूह बुझाउने शब्दलाई समूहवाचक नामपद भन्दछन्; जस्तै- समूह, हुल, भिड, टोली, ताँती, बथान, लस्कर, पल्टन, जनता, जन्ती, दल, वर्ग, परिवार, झुत्तो, झुप्पो, बिटो, रास, मुठो, थुप्रो आदि। यस्ता समूहवाचक नामपदहरूले कुनै एक विशेष व्यक्ति वा वस्तुलाई नबुझाई सो जातिको समूहलाई सामान्य रूपमा बुझाउँछन्; त्यसैले समूहवाचक नामपदलाई जातिवाचक वा सामान्य नामपदभित्रै पनि राख्ने गरिन्छ।

***(४) द्रव्यवाचक नामपद:*** परिमेय (नापतौल गरिने) र अगणनीय (गन्न नसकिने) पदार्थलाई बुझाउने शब्दलाई द्रव्यवाचक नामपद भन्दछन्; जस्तै- सुन, चाँदी, फलाम, घिउ, दूध, पानी, दाल, चामल, पीठो आदि। यस्ता नामपदहरूले पनि सामान्य रूपमा आफ्नो जातलाई नै बुझाउँछन्; त्यसैले द्रव्यवाचक नामपदलाई पनि सामान्य वा जातिवाचक नामपदभित्रै राख्न नसकिने पनि होइन।

***(५) भाववाचक नामपद:*** कुनै कुरा (प्राणी, वस्तु आदि) का गुण, काम, अवस्था आदि बुझाउने शब्दलाई भाववाचक नामपद भन्दछन्; जस्तै- गुण, गुन, दया, माया, इच्छा, सुख, दु:ख आदि गुण बुझाउने नाम; काम, पढ्नु, पढाइ, लेख्नु, लेखाइ, अनुरोध, घटना, हिंसा, हत्या आदि काम बुझाउने नाम र बालकपन, केटाकेटीपन, जबानी, यौवन, बुढ्याइँ, गरिबी आदि अवस्था बुझाउने नाम।

## ४.३ नामपदका प्रकार देखाउने केही अरू आधार

हिजोआज नेपाली भाषाका व्याकरणहरूमा नामपदको वर्गीकरण निम्नलिखित किसिमले पनि देखाउन थालिएको छ–

(क) नाम < मानवीय (रमेश, रीता आदि) / मानवेतर (गाई, रूख आदि)

(ख) नाम < गणनीय (मानिस, घर आदि) / अगणनीय (पानी, धूलो आदि)

(ग) नाम < सजीव (मानिस, गाई आदि) / निर्जीव (ढुङ्गो, घर आदि)

(घ) नाम < एकल (मानिस, पाडो आदि) / समूह (हुल, बथान आदि)

(ङ) नाम < मूर्त (मानिस, ढुङ्गो आदि) / अमूर्त (दया, सुख आदि)

CC-0. In Public Domain. Digitization by eGangotri

## ४.४ नामपद चिन्ने तरिका

कुनै वाक्य वा अनुच्छेदमा परेका नामपदहरू चिन्ने एउटा तरिका छ। त्यो तरिका हो– त्यो को हो? वा 'त्यो के हो' भनी प्रश्न गर्ने र उत्तरमा आउने नामपद ठम्याउने तरिका; जस्तै-

''एकपटक काठमाडौँको ठूलो होटेलमा 'बफे डिनर' थियो। त्यहाँ कहिल्यै कतै नहिँड्ने एक जना जरसाहेब पनि आएका रहेछन्। उनले खाएपिएको देख्ता म छक्कै परेँ; झन्नै आधा दर्जन पाहुनालाई पुग्ने भाग उनी एक्कै जनाले बुत्याइदिए। आखिरीपटक खसखस थाम्न नसकेर मैले सोधेँ- होइन, जरसाहेबलाई आराम नहोला नि! उनले सजिलैसित भने- आराम नभए भोलि औषधि खाउँला। उनको यस भनाइबाट यही निष्कर्ष निस्कन्छ- मान्छे सबै कुरामा भोलिवादको अनुसरण गरे पनि खान भने भोलिलाई पर्खँदैन; यो उसको ठूलो गुन हो,

माथिको अनुच्छेदमा रेखाङ्कित गरिएका पद नामपद हुन्। यी नामपद हुन् भन्ने कुरो माथि बताइएको तरिकाको प्रयोग गरी यसरी स्पष्ट पार्न सकिन्छ-

तरिका: 'त्यो को/के हो' भन्ने प्रश्न गरी उत्तर मिलाउने

| प्रश्न | उत्तर |
|---|---|
| त्यो को हो? | जरसाहेब, पाहुना, मान्छे |
| त्यो के हो? | काठमाडौँ, होटल, बफेडिनर, भाग, खसखस, आराम, औषधि, भनाइ, निष्कर्ष, कुरो, भोलिवाद, अनुसरण, गुन। |

यसरी 'त्यो को हो' भन्ने प्रश्नको उत्तरका रूपमा मानवीय नाम आउँछन् भने 'त्यो के हो' भन्ने प्रश्नका उत्तरमा मानवेतर नाम आउँछन्। 'त्यो के हो' भन्ने प्रश्नद्वारा ठाउँलाई बुझाउने नाम ठम्याउन केही अलमल पर्न सक्तछ। त्यस अवस्थामा 'त्यस ठाउँको नाम के हो?' भन्ने प्रश्न गरेमा सम्बन्धित ठाउँको नाम नै उत्तरमा आउँछ। यिनै कुरालाई ध्यानमा राखी वाक्य वा अनुच्छेदमा प्रयोग भएका नामपदहरूलाई चिन्नुपर्दछ।

### अभ्यास

**तलका प्रश्नहरूको उत्तर दिनुहोस्।**

१. (क) नामपद भनेको के हो?

(ख) पुंलिङ्ग नामपद 'केटो', स्त्रीलिङ्गी नामपद 'केटी' र नपुंसकलिङ्गी नामपद 'फूल' का रूपावली लेख्नुहोस्।

CC-0. In Public Domain. Digitization by eGangotri

२. (क) नामपद कति प्रकारका छन् र ती कुनकुन हुन्?
(ख) कस्ता नामपदलाई व्यक्तिवाचक नामपद भनिन्छ? बीसबटा उदाहरण पनि लेख्नुहोस्।
(ग) कस्ता नामपदलाई जातिवाचक नामपद भनिन्छ? दशवटा उदाहरण पनि दिनुहोस्।
(घ) कस्ता नामपदलाई समूहवाचक नामपद भनिन्छ? दशवटा उदाहरण पनि दिनुहोस्।
(ङ) कस्ता नामपदलाई द्रव्यवाचक नामपद भनिन्छ? दशवटा उदाहरण पनि दिनुहोस्।
(च) कस्ता नामपदलाई भाववाचक नामपद भनिन्छ? बीसवटा उदाहरण पनि दिनुहोस्।

३. (क) मानवीय र मानवेतर नामपदका पाँच-पाँच उदाहरण लेख्नुहोस्।
(ख) गणनीय र अगणनीय नामपदका पाँच-पाँच उदाहरण लेख्नुहोस्।
(ग) सजीव र निर्जीव नामपदका पाँच-पाँच उदाहरण लेख्नुहोस्।
(घ) एकल र समूह नामपदका पाँच-पाँच उदाहरण लेख्नुहोस्।
(ङ) मूर्त र अमूर्त नामपदका पाँच-पाँच उदाहरण लेख्नुहोस्।

४. तलको अनुच्छेदमा प्रयोग भएका नामपदहरू टिप्नुहोस्:
सर्लाहीमा विवाहका दिन बेहुली हराइन्। दुलाहाको पक्षका जन्तीले अर्की केटी खोजी विवाह सम्पन्न गरे। त्यहाँ मान्छेहरूको ठूलो भिड लागेको थियो। दुलहीको विचार बुझ्ने कोसिस नगरिएकोले सबैले दुःख पाए। अब छोराछोरीका बारेमा निर्णय गर्दा बाबुआमाले आफ्नो पुरानो सोचाइ बदल्नु जरुरी भएको छ।

CC-0. In Public Domain. Digitization by eGangotri

परिच्छेद पाँच

# लिङ्ग, लिङ्गका किसिम र लिङ्ग-परिवर्तन

## ५.१ लिङ्ग

सजीव वा निर्जीव वस्तुलाई पुरुष (भाले) वा स्त्री (पोथी) वा नपुंसक (न भाले न पोथी) भनी जेले छुट्ट्याउँछ त्यो लिङ्ग हो; जस्तै- (क) अष्टमान, (ख) राजमती, (ग) हिजडो, ढुङ्गो आदि। यहाँ (क) मा दिइएको 'अष्टमान' शब्दले त्यो नाम भएको पुरुष वा भाले जातको मानिसलाई बुझाउँछ; (ख) मा दिइएको 'राजमती' शब्दले त्यो नाम भएकी स्त्री वा पोथी जातको मानिसलाई बुझाउँछ। त्यसै गरी (ग) मा दिइएको 'हिजडो' शब्दले पुरुष वा स्त्री भनी नछुट्टिने (नपुंसक) मानिसलाई बुझाउँछ भने 'ढुङ्गो' शब्दले चाहिँ पुरुष/स्त्री (भाले/पोथी) नछुट्टिने (नपुंसक) निर्जीव वस्तुलाई जनाउँछ। त्यसैले सजीव/निर्जीव वस्तुलाई पुरुष, स्त्री वा नपुंसक भनी छुट्ट्याउने तत्त्व लिङ्ग हो। लिङ्ग भाषाका नाम/सर्वनाम, विशेषण र क्रियापदजस्ता विकारी वर्गका पदहरूसँग सम्बन्धित छ। लिङ्गका आधारमा नाम, विशेषण र क्रियापदका रूप चल्दछन्।

## ५.२ लिङ्गका किसिम

लिङ्ग तीन किसिमका छन्- (क) पुंलिङ्ग, (ख) स्त्रीलिङ्ग र (ग) नपुंसकलिङ्ग।

**(क) पुंलिङ्ग:** पुरुष वा भाले जातलाई बुझाउने नामपद, सर्वनामपद, विशेषणपद र क्रियापदको लिङ्गलाई पुंलिङ्ग भन्दछन्; जस्तै-

*पुंलिङ्ग नामपद:* रमेश, गणेश, बुधन, अरुण, वरुण, नोर्बु, बीर, बहर, राँगो, कुखुरो आदि।

*पुंलिङ्ग सर्वनामपद:* (क्रियापदका साथमा): ऊ (आयो); ऊ (आउँछ); त्यो (पढ्छ) आदि।

*पुंलिङ्ग विशेषणपद:* सानो, ठूलो, राम्रो, कालो आदि।

*पुंलिङ्ग क्रियापद:* जान्छ, गयो, हुन्छ, भयो आदि।

उपर्युक्त उदाहरणका आधारमा नामपद, विशेषणपद र क्रियापदले एक्लै पनि पुंलिङ्ग बुझाउन सक्ने देखिन्छ भने सर्वनामपदको पुंलिङ्गत्वचाहिँ क्रियापदको रूपअनुसार मात्र थाहा लाग्ने देखिन्छ।

CC-0. In Public Domain. Digitization by eGangotri

**(ख) स्त्रीलिङ्ग:** स्त्री/पोथी जातलाई बुझाउने नामपद, सर्वनामपद, विशेषणपद र क्रियापदको लिङ्गलाई स्त्रीलिङ्ग भनिन्छ; जस्तै–

*स्त्रीलिङ्ग नामपद:* रीता, नीता, डोल्मा, लछुमनियाँ, भुनी, गाई, भैँसी, कुखुरी आदि।

*स्त्रीलिङ्गी सर्वनामपद (क्रियापदका साथमा):* ऊ (आई), उनी (आइन्), त्यो (गई) आदि।

*स्त्रीलिङ्गी विशेषणपद:* सानी, ठूली, राम्री, काली आदि।

*स्त्रीलिङ्गी क्रियापद:* जान्छे, गई, हुन्छे, भई आदि।

माथिका उदाहरण हेर्दा सर्वनामपदको स्त्रीलिङ्गत्वचाहिँ क्रियापदका रूपबाटै स्पष्टिने र अरू पदको चाहिँ आफैमा स्त्रीलिङ्ग छुट्टिने कुरो जाहेर हुन आउँछ।

**(ग) नपुंसकलिङ्ग:** पुरुष/स्त्री (भाले/पोथी) भनी नछुट्टिने सजीव वा निर्जीव नामपदको लिङ्गलाई नपुंसकलिङ्ग भन्दछन्; जस्तै– हिजडो, रूख, फूल, ढुङ्गो, माटो आदि। नपुंसकलिङ्गी नामपदलाई चिनाउन/बुझाउन प्रयोग हुने सर्वनामपद, विशेषणपद र क्रियापदको रूप भने पुंलिङ्गअनुसारकै हुन्छ; जस्तै– बूढो हिजडो आयो; ऊ गयो आदि। यहाँ 'हिजडो' नपुंसकलिङ्ग नामका साथमा आएका 'बूढो' विशेषण, 'ऊ' सर्वनाम र 'आयो', 'गयो' क्रियापद पुंलिङ्गअनुसारकै छन्।

## ५.३ सामान्य वा उभयलिङ्ग

सजीव वा प्राणीलाई बुझाउने कुनै-कुनै नामपदले पुरुष-स्त्री वा भालेपोथी दुवैलाई बुझाउँछन्; जस्तै– मानिस, पशु, दोपाया, चौपाया आदि। यी शब्दहरूले आफ्नो जातका पुरुष वा स्त्री (भाले/पोथी) दुवैलाई बुझाउन सक्ने हुनाले यिनको लिङ्गलाई सामान्य वा उभयलिङ्ग मानिन्छ। सामान्य वा उभयलिङ्ग भनेको पुंलिङ्ग-स्त्रीलिङ्ग दुवैथरी बुझिनु हो।

त्यसै गरी हाल समाजमा आएको परिवर्तनअनुसार कतिपय पेसा वा पदलाई बुझाउने नामपदले पनि उभयलिङ्ग नै जनाउँछन्; जस्तै– डाक्टर, इन्जिनियर, वकिल, कलाकार, अधिकृत, सचिव, मन्त्री आदि। यी शब्दहरूले सम्बन्धित पेसा वा पदमा रहेका पुरुष वा स्त्री दुवैलाई जनाउने हुनाले यिनको लिङ्गलाई सामान्य वा उभयलिङ्ग भनिन्छ।

## ५.४ लिङ्ग-परिवर्तन

लिङ्ग-परिवर्तन भनेको एउटा लिङ्ग बुझाउने शब्दलाई अर्को लिङ्ग बुझाउने शब्दमा वदल्ने काम हो; जस्तै– (क) बूढो → बूढी, (ख) बूढी → बूढो। यहाँ पहिले (क) मा पुंलिङ्ग बुझाउने 'बूढो'लाई स्त्रीलिङ्ग बुझाउने 'बूढी' मा

CC-0. In Public Domain. Digitization by eGangotri

परिवर्तन गरिएको छ भने पछि (ख) मा चाहिँ स्त्रीलिङ्ग 'बूढी'लाई पुंलिङ्ग 'बूढो'मा बदलिएको छ। यसरी पुंलिङ्गलाई स्त्रीलिङ्गमा र स्त्रीलिङ्गलाई पुंलिङ्गमा बदल्ने काम लिङ्ग-परिवर्तन हो। नाम, सर्वनाम, विशेषण र क्रियापद गरी चारै थरी विकारी वर्गका पदको लिङ्ग-परिवर्तन हुन सक्छ। त्यस क्रममा नाम, विशेषण र क्रियापदले स्वतन्त्र रूपमै पुंलिङ्ग वा स्त्रीलिङ्ग बुझाउन सक्छन् भने सर्वनामपदले एक्लै आफ्नो लिङ्ग छुट्ट्याउन सक्तैनन् भन्ने कुरो हेक्का राख्नु नै पर्छ। विशेषणपद र क्रियापदका लिङ्गका आधारमा समेत चल्ने रूपहरू यथास्थान दिइएकै छन् र सोही आधारमा ती पदको लिङ्ग-परिवर्तन गर्नुपर्दछ। यहाँ पुंलिङ्ग बुझाउने शब्दलाई मुख्य आधार मानी त्यस्ता शब्दलाई स्त्रीलिङ्गमा परिवर्तन गर्ने केही तरिका प्रस्तुत गरिएका छन्–

(क) केही पुंलिङ्ग शब्दका दायाँतिर 'ई' प्रत्यय लगाएर स्त्रीलिङ्ग शब्द बनाइन्छ; जस्तै– केटो + ई = केटी, बूढो + ई = बूढी, बच्चो + ई = बच्ची, बाहुन + ई = बाहुनी, कुखुरो + ई = कुखुरी, लाटो + ई = लाटी आदि।

(ख) केही पुंलिङ्ग शब्दका दायाँतिर 'नी' प्रत्यय लगाएर पनि स्त्रीलिङ्ग शब्द बनाइन्छ; जस्तै– नाति + नी = नातिनी, पनाति + नी = पनातिनी आदि। यस नियमअन्तर्गत पुंलिङ्गी शब्दको अन्तिम इकार-उकार दीर्घ भए 'नी' प्रत्यय लगाई स्त्रीलिङ्गी शब्द बनाउँदा सम्बन्धित पुंलिङ्गी शब्दको अन्तिम इकार-उकार ह्रस्व पार्नुपर्छ; जस्तै– छेत्री + नी = छेत्रिनी, राई + नी = राइनी, ज्यापू + नी = ज्यापुनी, लिम्बू + नी = लिम्बुनी आदि। यसै गरी पुंलिङ्गी शब्द अकारान्त लेखिने (खुट्टो नकाटिई लेखिने) भए 'नी' प्रत्यय लगाई स्त्रीलिङ्गी बनाउँदा पुंलिङ्गी शब्दको सो अकारान्त अक्षर हलन्त (खुट्टो काटिएको) पार्नुपर्छ; जस्तै– मगर + नी = मगर्नी, पण्डित + नी = पण्डित्नी आदि।

(ग) पुंलिङ्गी शब्दका अन्त्यमा 'इनी'/'एनी' लगाएर पनि स्त्रीलिङ्गी शब्द बनाइन्छ र त्यसरी लिङ्ग-परिवर्तन गर्दा पुंलिङ्ग शब्दको सुरुमा रहेको आकार अकारमा परिवर्तन हुन्छ; जस्तै- कार्की + इनी/एनी = कर्किनी/कर्केनी, थापा + इनी/एनी = थपिनी/थपेनी, काजी + इनी/एनी = कजिनी/कजेनी आदि।

(घ) पुंलिङ्गी शब्दको सुरुको रूप फेरेर पनि स्त्रीलिङ्गी शब्द बनाइन्छ; जस्तै– बाबुसाहेब → मैयाँसाहेब, राजासाहेब → रानीसाहेब, लोग्नेमान्छे → स्वास्नीमान्छे, भालेकुखुरो → पोथीकुखुरो आदि।

CC-0. In Public Domain. Digitization by eGangotri

(ङ) पुंलिङ्गी शब्दको पूरै रूप बदलिएर पनि स्त्रीलिङ्गी शब्द बन्दछन्; जस्तै– बाबु → आमा, भाइ → बुहारी, दाजु → भाउजू, भिनाजु → दिदी, छोरो/नाति → बुहारी, बीर → भुनी, मत्ता → ढोई, राँगो → भैँसी, साँढे/बहर → गाई आदि।

(च) केही तत्सम नेपाली पुंलिङ्गी शब्दहरूलाई संस्कृत भाषाका नियमअनुसार नै स्त्रीलिङ्गमा परिवर्तन गरिन्छ; जस्तै– कवि → कवयित्री, छात्र → छात्रा, बालक → बालिका, विद्वान् → विदुषी, श्रीमान् → श्रीमती, लेखक → लेखिका, प्रधानाध्यापक → प्रधानाध्यापिका आदि।

## अभ्यास

**तलका प्रश्नहरूको उत्तर लेख्नुहोस्।**

१. (क) लिङ्ग भनेको के हो?
   (ख) लिङ्ग कति प्रकारका छन्?

२. (क) पुंलिङ्ग भन्नाले के बुझिन्छ?
   (ख) कुनै पाँच पुंलिङ्ग नामपद लेख्नुहोस्।
   (ग) कुनै पाँच पुंलिङ्ग विशेषणपद लेख्नुहोस्।
   (घ) कुनै पाँच पुंलिङ्ग क्रियापद लेख्नुहोस्।

३. (क) स्त्रीलिङ्ग भन्नाले के बुझिन्छ?
   (ख) स्त्रीलिङ्गी नामपद, विशेषणपद र क्रियापदका पाँच-पाँच उदाहरण लेख्नुहोस्।

४. नपुंसक लिङ्ग भन्नाले के बुझिन्छ? उदाहरण दिई स्पष्ट पार्नुहोस्।
५. सामान्य वा उभयलिङ्ग भनेको के हो? उदाहरण दिई स्पष्ट पार्नुहोस्।
६. तलका शब्दहरूको लिङ्ग-परिवर्तन गर्नुहोस्।
   केटी, नाति, लिम्बू, मगर्नी, स्वास्नीमान्छे, रानीसाहेब, दाजु, फुपाजु, ढोई, बीर, कालो, होचो, जान्छे, भयो, गएछ।

●

CC-0. In Public Domain. Digitization by eGangotri

परिच्छेद छ

# वचन, वचनका किसिम र वचन-परिवर्तन

## ६.१ वचन

कुनै व्यक्ति वा वस्तुको एक वा एकभन्दा बढी सङ्ख्यालाई जेले बुझाउँछ त्यसलाई भाषाका व्याकरणमा वचन भनिन्छ; जस्तै- (क) केटो, भाइ, रूख; (ख) केटाहरू, भाइहरू, रूखहरू। यहाँ (क) मा दिइएका शब्दले ती नाम भएका एक-एक व्यक्ति वा वस्तुलाई बुझाएका छन् भने (ख)मा दिइएका शब्दले ती नाम भएका एकभन्दा बढी व्यक्ति वा वस्तुलाई बुझाएका छन्। त्यसैले कुनै व्यक्ति वा वस्तुलाई एक वा अनेक भनी चिनाउने तत्त्व वचन हो।

वचन नामपद, सर्वनामपद, विशेषणपद र क्रियापदसँग सम्बन्धित हुन्छ; जस्तै- (क) सानो केटो नाच्छ; ऊ राम्रो छ; (ख) साना केटाहरू नाच्छन्; उनीहरू राम्रा छन्। यहाँ (क) मा दिइएको वाक्यमा प्रयोग भएका 'केटो' नामपदले, 'सानो' र 'राम्रो' विशेषणपदले, 'ऊ' सर्वनामपदले र 'नाच्छ' अनि 'छ' क्रियापदले एक सङ्ख्या वा वचनलाई बुझाएका छन्। त्यसै गरी (ख) मा दिइएको वाक्यमा प्रयोग भएका नामपद (केटाहरू), विशेषणपद ('साना' र 'राम्रा'), सर्वनामपद (उनीहरू) र क्रियापद ('नाच्छन्' र 'छन्')ले तिनको दुई वा दुईभन्दा बढी सङ्ख्या वा वचनलाई बुझाएका छन्। यसरी नामपद, सर्वनामपद, विशेषणपद र क्रियापदबाट वचनको अभिव्यक्ति हुन्छ; त्यसैले वचनका आधारमा यी पदहरूको रूप चल्दछ। वचनका आधारमा यी नामपद, सर्वनामपद, विशेषणपद र क्रियापदको रूपावली चल्दछ भन्ने कुरो यी पदहरूसँग सम्बन्धित अध्यायमा देखाइएको छ।

## ६.२ वचनका किसिम

वचन दुई किसिमको छ- (क) एकवचन र (ख) वहुवचन।

(क) **एकवचन:** कुनै व्यक्ति वा वस्तुको एक सङ्ख्यालाई बुझाउने एकवचन हो; जस्तै- छोरो, छोरी, भैँसी, कलम, पुस्तक आदि। यी शब्दले यिनको एक सङ्ख्या मात्र बुझाएकाले यिनको वचनलाई एकवचन भनिन्छ।

(ख) **बहुवचन:** कुनै व्यक्ति वा वस्तुको दुई वा दुईभन्दा बढी सङ्ख्या बुझाउनेलाई बहुवचन भनिन्छ; जस्तै- छोराहरू, छोरीहरू, भैँसीहरू,

CC-0. In Public Domain. Digitization by eGangotri

कलमहरू, पुस्तकहरू आदि। यी शब्दहरूले आफ्नो दुई वा दुईभन्दा बढी सङ्ख्या बुझाउने हुनाले यिनको वचनलाई बहुवचन भनिन्छ।

नेपाली भाषामा एकवचन नै बुझाउँदा पनि आदर/मान/सम्मान बुझाउन बहुवचनको प्रयोग गर्नुपर्छ; जस्तै– ती साहु दयालु छन्। यस वाक्यमा 'साहू' एकवचन भए पनि 'साहू' प्रति आदर जनाउन बहुवचनको प्रयोग भएको छ। यस्तो प्रयोगलाई आदरार्थी बहुवचन भनिन्छ। 'साहू' प्रति आदर नजनाउँदा माथिको वाक्य यस्तो हुन्छ– त्यो साहू दयालु छ।

त्यसैले बहुवचनको प्रयोग दुई किसिमले गरिन्छ– (अ) सामान्य बहुवचन र (आ) आदरार्थी बहुवचन।। यिनका उदाहरण एकवचनसँग दाँजी तल दिइएका छन्–

| एकवचन | सामान्य बहुवचन | आदरार्थी बहुवचन |
|---|---|---|
| त्यो विद्यार्थी | ती विद्यार्थीहरू (धेरै जना) | ती विद्यार्थी (एक जना) |
| सानो केटो | साना केटाहरू (धेरै जना) | साना केटा (एक जना) |
| त्यो भाइ नाच्यो | ती भाइहरू नाचे (धेरै जना) | ती भाइ नाचे। (एक जना) |

## ६.३ वचन-परिवर्तन

एकवचन बुझाउने शब्दलाई बहुवचन बुझाउने शब्दमा र बहुवचन बुझाउने शब्दलाई एकवचन बुझाउने शब्दमा परिवर्तन गर्ने कामलाई वचन-परिवर्तन भन्दछन्। व्याकरणमा एकवचनलाई आधार मानी त्यसलाई बहुवचनमा परिवर्तन गर्ने तरिका देखाइएको हुन्छ। यसरी वचन-परिवर्तन गर्दा अँगाल्नुपर्ने केही तरिकाहरू छन् र तल मुख्यत: नामपद र केही मात्रामा सर्वनामपद र विशेषणपदको एकवचनलाई बहुवचनमा बदल्ने केही तरिका प्रस्तुत गरिएका छन्–

(क) एकवचन बुझाउने शब्दहरूका दायाँतिर प्राय:जसो 'हरू' थपी बहुवचन बनाइन्छ, जस्तै–

| एकवचन | बहुवचन | एकवचन | बहुवचन |
|---|---|---|---|
| प्राणी | प्राणीहरू | मानिस | मानिसहरू |
| बाबु | बाबुहरू | स्याउ | स्याउहरू |
| आइमाई | आइमाईहरू | कलम | कलमहरू |
| गोरु | गोरुहरू | कापी | कापीहरू |

(ख) एकवचन बुझाउने नामपद ओकारान्त भए बहुवचन बनाउँदा त्यसलाई आकारान्त पारी त्यसमा 'हरू' लगाउन पनि सकिन्छ; जस्तै–

| एकवचन | बहुवचन | एकवचन | बहुवचन |
|---|---|---|---|
| छोरो | छोरा/छोराहरू | केटो | केटा/केटाहरू |
| मानो | माना/मानाहरू | दानो | दाना/दानाहरू |

CC-0. In Public Domain. Digitization by eGangotri

(ग) सार्वनामिक विशेषणबाहेक अरू पुंलिङ्गी ओकारान्त, स्त्रीलिङ्गी ईकारान्त विशेषण र षष्ठी विभक्ति लागेका भेदक विशेषणपदलाई बहुवचनमा बदल्दा आकारान्त पार्नुपर्छ; त्यहाँ 'हरू' थप्नुहुँदैन; जस्तै–

| एकवचन | बहुवचन | एकवचन | बहुवचन |
|---|---|---|---|
| ठूलो | ठूला | कालो | काला |
| ठूली | ठूला | काली | काला |
| पढेको | पढेका | पढेकी | पढेका |
| मेरो | मेरा | मेरी | मेरा |
| रमेशको | रमेशका | रमेशकी | रमेशका |

(घ) एकवचन बुझाउने सर्वनामपदलाई बहुवचनमा बदल्दा तिनको पूरै रूप फेरिन्छ र तिनका दायाँतिर प्राय: 'हरू' लगाउनुपर्दछ; जस्तै–

| एकवचन | बहुवचन | एकवचन | बहुवचन |
|---|---|---|---|
| म | हामी/हामीहरू | तँ | तिमी/तिमीहरू |
| ऊ | उनी/उनीहरू | त्यो | तिनी/तिनीहरू |

(ङ) 'यो'/'त्यो' जस्ता सर्वनामलाई बहुवचनमा बदल्दा भने यिनका पछाडि 'हरू' थप्नु हुँदैन; जस्तै–

| एकवचन | बहुवचन | एकवचन | बहुवचन |
|---|---|---|---|
| यो | यी | त्यो | ती |

(च) 'वटा', 'गण', 'वर्ग', 'बृन्द', 'जन' जस्ता बहुवचन बुझाउने प्रत्यय लागेका शब्दमा 'हरू' थप्नुहुँदैन; जस्तै– चारवटा, दशवटा, देवगण, श्रोतागण, विद्यार्थीवर्ग, शिक्षकवर्ग, सज्जनवृन्द, महिलावृन्द, मान्यजन, भक्तजन आदि।

## अभ्यास

**तलका प्रश्नहरूको उत्तर लेख्नुहोस्।**

१. (क) वचन भनेको के हो?
   (ख) नेपाली भाषाका कुन-कुन पदहरूले वचन बुझाउँछन्?

२. (क) वचन कति किसिमको छ?
   (ख) एकवचन भनेको के हो? उदाहरण पनि दिनुहोस्।
   (ग) बहुवचन भनेको के हो? उदाहरण पनि दिनुहोस्।
   (घ) बहुवचन कति प्रकारको छ? उदाहरण दिई छर्लङ्ग पार्नुहोस्।

३. तलका शब्दहरूको वचन-परिवर्तन गर्नुहोस्:
घर, मानिस, डोको, केटी, छोरो, पढेकी. मेरा, रामको, कालो, होचो, म, तँ, ऊ, त्यो।

●

CC-0. In Public Domain. Digitization by eGangotri

परिच्छेद सात

# पुरुष, पुरुषका किसिम र पुरुष-परिवर्तन

## ७.१ पुरुष

भाषाका व्याकरणमा वक्ता, श्रोता र विषयलाई बुझाउने सङ्केतलाई पुरुष भन्दछन्; जस्तै (क) म गीत गाउँछु; (ख) तिमी गीत सुन्छौ; (ग) रमेश विद्यार्थी हो; ऊ मिहिनेती छ। यहाँ (क) मा दिइएको वाक्यको वक्ता 'म' हो। (ख) मा दिइएको वाक्यमा प्रयोग भएको 'तिमी' सो वाक्यको वक्ता नभई श्रोता हो। (ग) मा दिइएको वाक्यमा प्रयोग भएका 'रमेश' र 'ऊ' वक्ता र श्रोता दुवै नभई वक्ता र श्रोताका बीचको कुराकानीका विषय हुन्। यसरी कुनै शब्दले केही कुरा भन्ने/बोल्ने आफैलाई वा पहिलो मान्छे वा पुरुषलाई बुझाउँछन् भने कुनै शब्दले त्यो भनिएको/बोलिएको कुरो सुन्ने दोस्रो मान्छे वा पुरुषलाई सङ्केत गर्दछन्। त्यसै गरी कुनै शब्दले बोल्ने/भन्ने/वक्ता वा सुन्ने/श्रोताभन्दा अर्कै तेस्रो मान्छे/पुरुष वा विषयलाई जनाउँछन्। त्यसैले भाषाका व्याकरणअनुसार पुरुष भनेको वक्ता वा श्रोता वा विषयलाई सङ्केत गर्ने तत्त्व हो। यहाँ 'वक्ता' भनेको कुनै कुरो भन्ने/बोल्ने/लेख्ने पुरुष हो भने 'श्रोता' भनेको सो भनिएको/बोलिएको/लेखिएको कुरो सुन्ने/पढ्ने पुरुष हो अनि यी वक्ता र श्रोताभन्दा बाहेकका अरू सबै प्राणी, व्यक्ति वा वस्तुलाई बुझाउन एकै शब्दमा यहाँ 'विषय' भनिएको हो।

भाषामा पुरुषलाई बुझाउने काम सर्वनामपद र नामपदले गर्दछन्। ती सर्वनामपद र नामपदका साथमा वाक्यमा प्रयोग भई आएका क्रियापदले पनि पुरुषको सङ्केत गर्दछन्। माथिका वाक्यमा प्रयोग भएका क्रियापदहरूमध्ये 'गाउँछु'ले वक्तापुरुष, 'सुन्छौ'ले श्रोतापुरुष र 'हो' अनि 'छ' क्रियापदले विषयसँग सम्बन्धित पुरुषलाई सङ्केत गरेका छन्। क्रियापदले पुरुषबारे कसरी जानकारी दिन्छन् भन्ने कुरो यस पुस्तकको 'क्रियाका रूपावली' सँग सम्बन्धित परिच्छेदहरूबाट अवगत गर्न सकिन्छ।

## ७.२ पुरुषका प्रकार

नेपाली भाषाका व्याकरणमा पुरुषका यी तीन प्रकार देखाइन्छन्– (क) प्रथम पुरुष, (ख) द्वितीय पुरुष र (ग) तृतीय पुरुष।

CC-0. In Public Domain. Digitization by eGangotri

(क) **प्रथम पुरुष:** कुनै कुरा भन्ने/बोल्ने/लेख्ने वक्ता वा लेखक आफैलाई बुझाउने पुरुष प्रथम पुरुष हो। 'म' र 'हामी' सर्वनामपदले यस्तो प्रथम पुरुषलाई सङ्केत गर्दछन्। यसलाई कतै-कतै उत्तम पुरुष भन्ने गरेको पनि पाइन्छ।

(ख) **द्वितीय पुरुष:** भनेको/बोलेको/लेखेको कुरा सुन्ने/पढ्ने श्रोता वा पाठकलाई बुझाउने पुरुष द्वितीय पुरुष हो। 'तँ', 'तिमी' र 'तपाईं' सर्वनामपदले यस्तो द्वितीय पुरुषलाई चिनाउँछन्। यसलाई कतै-कतै मध्यम पुरुष भन्ने गरेको पनि भेटिन्छ।

(ग) **तृतीय पुरुष:** वक्ता र श्रोताभन्दा बाहेकको अर्को तेस्रो मानिस वा विषयलाई बुझाउने पुरुष तृतीय पुरुष हो। ऊ, त्यो, यो, उनी, तिनी, यिनी, यी, ती, उहाँ, त्यहाँ जस्ता सर्वनामपदले तृतीय पुरुषलाई चिनाउँछन्। रमेश, गणेश, नोर्बु, दावा, छेतेन, घुरहु, पुहातु, मनाङ, पोखरा, धनकुटा, दार्जिलिङ, मुख्र्याइँ, पढाइ जस्ता नामपदले पनि तृतीय पुरुषलाई नै सङ्केत गर्दछन्। वस्तुत: कुनै भनाइ वा लेखाइका सिलसिलामा प्रयोग हुने सबै किसिमका नामपदले तृतीय पुरुषलाई नै बुझाउँछन्। यस तृतीय पुरुषलाई कतै-कतै अन्य पुरुष भन्ने नाम दिएको पनि पाइन्छ।

## ७.३ पुरुष -परिवर्तन

एक पुरुषलाई बुझाउने पदलाई अर्को पुरुष बुझाउने पदमा बदल्ने काम नै पुरुष-परिवर्तन हो। तल यस्तो पुरुष-परिवर्तनको तालिका दिइएको छ-

| प्रथम पुरुष | द्वितीय पुरुष | तृतीय पुरुष |
|---|---|---|
| म (हाँस्छु) | तँ (हाँस्छस्) | त्यो/यो/ऊ (हाँस्छ) |
| हामी (हाँस्छौँ) | तिमी (हाँस्छौ) | तिनी/यिनी/उनी (हाँस्छन्) |
| | तपाईं (हाँस्नुहुन्छ) | उहाँ/त्यहाँ (हाँस्नुहुन्छ) |

यसरी एक पुरुषलाई बुझाउने सर्वनामपदका सट्टा अर्को पुरुष बुझाउने सर्वनामपद राखी पुरुष-परिवर्तन गरिन्छ। एक पुरुषलाई अर्को पुरुषमा परिवर्तन गर्दा क्रियापदको रूपमा पनि परिवर्तन आउने कुरो माथि कोष्ठकमा दिइएका क्रियापदले स्पष्ट गरेका छन्; त्यसैले पुरुष-परिवर्तन गर्दा सर्वनामको पुरुषका साथै क्रियापदको पुरुष-परिवर्तन गर्न पनि बिर्सनुहुँदैन।

CC-0. In Public Domain. Digitization by eGangotri

## अभ्यास

**तलका प्रश्नहरूको उत्तर लेख्नुहोस्।**

१. (क) पुरुष भनेको के हो?
    (ख) भाषाका कुन-कुन पदहरूले पुरुषलाई बुझाउँछन्?

२. (क) पुरुषका कति प्रकार छन् र ती के-के हुन्?
    (ख) प्रथम पुरुष भनेको के हो? उदाहरण दिई स्पष्ट पार्नुहोस्?
    (ग) द्वितीय पुरुष भनेको के हो? उदाहरण दिई छर्लङ्ग पार्नुहोस्?
    (घ) तृतीय पुरुष भन्नाले कस्तो पुरुष बुझिन्छ? यसलाई क-कस्ता पदहरूले चिनाउँछन्?

३. तलका शब्दहरूको पुरुष-परिवर्तन गर्नुहोस्।
    म, तँ, हामी, तिमी, ऊ, उनी, तपाईं, बस्छ, हेर्छु, लेख्छन्।

CC-0. In Public Domain. Digitization by eGangotri

## परिच्छेद आठ

# सर्वनामपद र यसका प्रकार

## ८.१ सर्वनामपद

नाम वा नामपदावलीको पुनरुक्ति रोक्न तिनका सट्टामा प्रयोग हुने शब्दलाई सट्टानाम वा सर्वनामपद भनिन्छ। यस्ता सर्वनामपदहरू कहिलेकाहीँ उपवाक्य/वाक्यकै सट्टामा पनि प्रयोग हुन सक्तछन्। जस्तै–

(क) राम विद्यार्थी हो। ऊ राम्ररी पढ्छ।
(ख) ती फुर्तिला केटाहरू विद्यार्थी हुन्। तिनीहरू मिहिनेती छन्।
(ग) विद्यार्थीहरू कक्षामा हल्ला गर्छन्। यो मलाई मन पर्दैन।

माथि (क) मा दिइएका दुई वाक्यहरूमध्ये अगिल्लो वाक्यमा प्रयोग भएको 'राम' नामपदका सट्टामा पछिल्लो वाक्यमा 'ऊ' पदको प्रयोग भएको छ। (ख) मा दिइएको पहिलो वाक्यमा परेको 'ती फुर्तिला केटाहरू' भन्ने नामपदावलीका सट्टामा त्यहीँ दिइएको पछिल्लो वाक्यमा 'तिनीहरू' पदको प्रयोग भएको छ। (ग) मा दिइएको पहिलो पूरै वाक्यका सट्टामा पछिल्लो वाक्यमा 'यो' पदको प्रयोग भएको छ। यी 'ऊ', 'तिनीहरू' र 'यो' सर्वनामपद हुन्; किनभने उपर्युक्त वाक्यहरूमा यिनले क्रमश: नाम, नामपदावली र पूरै वाक्यको पुनरुक्ति रोकी तिनका सट्टामा आउने काम गरेका छन्। नेपाली भाषाका यस्ता सर्वनामपदहरू यी हुन्– म, हामी, तँ, तिमी, तपाईं, आफू, ऊ, उनी, उहाँ, त्यो, यो, ती, यी, उनी, तिनी, यिनी, के, को, जे, जो आदि।

सर्वनामपद विकारी पदवर्गमा पर्दछ। सर्वनामपदका वचन, पुरुष र कारक-विभक्तिका आधारमा रूप चल्दछन्; जस्तै–

म/मैले, हामीहरू/हामीहरूले, तँ/तैँले, तिमीहरू/तिमीहरूले, ऊ/उसले, उनीहरू/उनीहरूले आदि।

## ८.२ सर्वनामपदका प्रकार

नेपाली भाषामा मुख्य रूपमा चार प्रकारका सर्वनामपद छन्; जस्तै–

**सर्वनामपद**

१. पुरुषवाचक    २. दर्शक    ३. सम्बन्धवाचक    ४. प्रश्नवाचक

CC-0. In Public Domain. Digitization by eGangotri

***(१) पुरुषवाचक सर्वनाम:*** पुरुष वा व्यक्तिका सट्टामा आउने सर्वनाम पुरुषवाचक सर्वनाम हो। यो तीन प्रकारको छ– प्रथम पुरुषवाचक, द्वितीय पुरुषवाचक र तृतीय पुरुषवाचक।

**प्रथम पुरुषवाचक सर्वनाम**

'म' (एकवचन) र 'हामी' (बहुवचन) प्रथम पुरुषवाचक सर्वनाम हुन्। यस्ता सर्वनामले बोल्ने वा लेख्ने प्रथम पुरुषलाई बुझाउँछन्।

**द्वितीय पुरुषवाचक सर्वनाम**

'तँ' (एकवचन), 'तिमी/तिमीहरू' (बहुवचन) जस्ता शब्द द्वितीय पुरुषवाचक सर्वनाम हुन्। यस्ता सर्वनामपदले प्रथम पुरुष 'म/हामी'ले बोलेको/लेखेको कुरालाई 'सुन्ने/पढ्ने' द्वितीय पुरुषलाई बुझाउँछन्। द्वितीय पुरुषवाचक सर्वनाम सामान्य आदर, मध्यम आदर र उच्च आदर बुझाउने गरी तीन प्रकारका छन्; जस्तै– 'तँ' (सामान्य आदरार्थी), 'तिमी' (मध्यम आदरार्थी), 'तपाईं', 'यहाँ' (उच्च आदरार्थी)।

**तृतीय पुरुषवाचक सर्वनाम**

बोल्ने/लेख्ने प्रथम पुरुष र सुन्ने/पढ्ने द्वितीय पुरुषबाहेक अरू व्यक्ति वा पुरुषलाई जनाउने 'यो', 'त्यो', 'ऊ' (एकवचन), 'यिनी', 'यिनीहरू', 'तिनी', 'तिनीहरू', 'उनी', 'उनीहरू' (बहुवचन) आदि सर्वनाम तृतीय पुरुषवाचक सर्वनाम हुन्। तृतीय पुरुषवाचक सर्वनामका यी उपभेदहरू छन्–

**तृतीय पुरुषवाचक सर्वनाम**

- आदरार्थी (यी, यिनी, ती, तिनी, त्यहाँ, ऊ, उनी, उहाँ, आदि)
- आत्मवाचक (आफू, आफूआफू)
- पारस्परिक (एकअर्का, आपसआपस आदि)
- निजवाचक (निज, अरू, सबै, आदि)

***(२) दर्शक सर्वनाम:*** नजिक वा टाढाका कुनै व्यक्ति/वस्तुलाई तोकेर देखाई तिनका सट्टामा आउने पद दर्शक सर्वनाम हुन्। दर्शक सर्वनामका उपभेद र उदाहरण तल देखाइएका छन्–

**दर्शक सर्वनाम**

- समीपवाचक
  - सामान्य आदरार्थी (यो)
  - विशेष आदरार्थी (यी, यिनी)
- दूरतावाचक
  - सामान्य आदरार्थी (त्यो, ऊ)
  - विशेष आदरार्थी (ती, तिनी, उनी, उहाँ, त्यहाँ, आदि)

CC-0. In Public Domain. Digitization by eGangotri

माथि दिइएका 'यो', 'यी', 'यिनी' जस्ता समीपवाचक दर्शक सर्वनामपदले नजिकै उपस्थित रहेको व्यक्ति/वस्तुलाई तोकेर बुझाउने काम गर्दछन् भने 'त्यो', 'ऊ', 'ती', 'तिनी', 'उनी', 'उहाँ', 'त्यहाँ' जस्ता दूरतावाचक सर्वनामपदले टाढा र अनुपस्थित रहेको व्यक्ति/वस्तुलाई तोकेर बुझाउने काम गर्दछन्।

***(३) सम्बन्धवाचक सर्वनाम:*** वाक्यमा कुनै नामपदका सट्टामा आई त्यस नामपदसँग सम्बन्धसमेत जनाउने 'जो', 'जे', 'जुन' आदि पद सम्बन्धवाचक सर्वनामपद हुन्। यसका उपभेद र उदाहरण तल दिइएका छन्–

**सम्बन्धवाचक सर्वनामपद**

- निश्चयवाचक
  - मानवीय (जो, जोजो)
  - मानवेतर (जे, जेजे)
  - मानवीय / मानवेतर (जुन, जुनजुन)
- अनिश्चयवाचक
  - मानवीय (जोसुकै)
  - मानवेतर (जेसुकै)
  - मानवीय / मानवेतर (जुनसुकै)

माथि दिइएका सम्बन्धवाचक सर्वनामहरूमध्ये 'जो' 'जोजो' जस्ता सर्वनामपदले निश्चित वा ज्ञात मानवीय नामपदका सट्टामा आई वाक्यमा तीसँगको सम्बन्ध जनाउँछन् भने 'जे' 'जेजे' जस्ता सर्वनामपदले निश्चित वा ज्ञात मानवेतर नामपदका सट्टामा आई वाक्यमा तीसँगको सम्बन्ध स्थापित गर्दछन्। त्यसै गरी 'जुन' 'जुनजुन' जस्ता सर्वनामपदहरूले निश्चित वा ज्ञात मानवीय वा मानवेतर दुवै थरी नामपदका सट्टामा आई वाक्यमा तीसँग सम्बन्ध गाँस्न पुग्दछन्। यस्तै माथि दिइएका सम्बन्धवाचक सर्वनामपदहरूमध्ये 'जोसुकै'ले अनिश्चित/अज्ञात मानवेतर नामपदका सट्टामा र 'जुनसुकै'ले अनिश्चित/अज्ञात मानवीय/मानवेतर दुवैथरी नामपदका सट्टामा आउने काम गरी वाक्यमा सम्बन्धित नामपदसँग सम्बन्ध स्थापित गर्दछन्।

***(४) प्रश्नवाचक सर्वनाम:*** नामपदका सट्टामा प्रयोग हुने 'को', 'के', 'कुन' जस्ता पद प्रश्नवाचक सर्वनामपद हुन्। प्रश्नवाचक सर्वनामपदका उपभेद र तिनका उदाहरण तल देखाइएका छन्–

CC-0. In Public Domain. Digitization by eGangotri

**प्रश्नवाचक सर्वनामपद**

- निश्चयवाचक
  - मानवीय (को, कोको)
  - मानवेतर (के, केके)
  - मानवीय / मानवेतर (कुन, कुनकुन)
- अनिश्चयवाचक
  - मानवीय (कोही, कोहीकोही)
  - मानवेतर (केही, केहीकेही)
  - मानवीय / मानवेतर (कुनै, कुनैकुनै)

माथि दिइएका प्रश्चवाचक सर्वनामपदहरूमध्ये 'को', 'कोको' जस्ता पदले निश्चित/ज्ञात मानवीय नामपदका सट्टामा 'के', 'केके' जस्ता पदले निश्चित/ज्ञात मानवेतर नामपदका सट्टामा र 'कुन' 'कुनकुन' जस्ता पदले निश्चित/ज्ञात मानवीय/मानवेतर दुवैथरी नामपदका सट्टामा आउने काम गरी प्रश्नार्थ बुझाउँछन्। त्यसैगरी 'कोही', 'कोहीकोही' जस्ता पदले अनिश्चित/अज्ञात नामपदका सट्टामा, 'केही', 'केहीकेही' जस्ता पदले अनिश्चित/अज्ञात मानवेतर नामपदका सट्टामा र 'कुनै', 'कुनैकुनै' जस्ता पदले अनिश्चित/अज्ञात मानवीय/मानवेतर दुवैथरी नामपदका सट्टामा आउने काम गरी प्रश्नार्थ बुझाउँछन्। त्यसैले यी प्रश्नवाचक सर्वनाम हुन्।

## ८.३ सर्वनामपद चिन्ने तरिका

कुनै वाक्य वा अनुच्छेदभित्र प्रयोग भएका सर्वनामपदहरू चिन्न उति गाह्रो छैन; किनभने सर्वनामपदको सङ्ख्या सीमित छ। त्यसैले कुन-कुन पद सर्वनामपद हुन् भनी थाहा पाउन यी सर्वनामपद हेक्का राखे पुग्दछ– म, हामी, तँ, तिमी, तपाइँ, यहाँ, यो, त्यो, ऊ, यी, ती, यिनी, तिनी, उनी, उहाँ, त्यहाँ, जो, जोजो, जे, जेजे, जुन, जुनजुन, जोसुकै, जेसुकै, जुनसुकै, को, कोको, के, केके, कुन, कुनकुन, कोही, कोहीकोही, केही, केहीकेही, कुनै, कुनैकुनै।

वाक्यमा प्रयोग हुँदा उपर्युक्त सर्वनामपदहरूले विभक्ति पनि लिन सक्तछन् र त्यसरी विभक्ति लाग्दा 'म', 'तँ', 'यो', 'त्यो', 'ऊ', 'यी/यिनी', 'ती/तिनी', 'उनी', 'जो', 'जोजो', 'को', 'कोको' जस्ता सर्वनामपदका रूपमा परिवर्तन आउँछ; जस्तै– 'मैले', 'तैँले', 'यसले', 'त्यसले', 'उसले', 'यिनले', 'तिनले', 'उनले', 'जसले', 'जसजसले', 'कसले', 'कसकसले' आदि। वाक्यमा प्रयोग हुँदा विभक्ति लागी रूप-परिवर्तन भएका यस्ता सर्वनामपदहरूलाई ठम्याई लेख्दा यिनको विभक्तिसहितको रूप नलेखी विभक्ति झिक्दा बाँकी रहने मूल रूप नै लेख्नुपर्दछ; जस्तै–

वाक्य: <u>मैले</u>, <u>तैँले</u> र <u>उसले</u> <u>उनलाई</u> देखेकै हौँ।

माथिको वाक्यमा प्रयोग भएका सर्वनामपद हुन्: म, तँ, ऊ र उनी।

CC-0. In Public Domain. Digitization by eGangotri

## अभ्यास

**तलका प्रश्नहरूको उत्तर लेख्नुहोस्।**

१. (क) कस्ता पदलाई सर्वनामपद भनिन्छ?
(ख) सर्वनामपदका रूपावली के-केका आधारमा चल्दछन्?

२. (क) सर्वनामपदका कति प्रकार छन् र ती कुन-कुन हुन्?
(ख) पुरुषवाचक सर्वनाम भनेको के हो र यो कति प्रकारको छ?
(ग) प्रथम पुरुषवाचक सर्वनामका उदाहरण के-के हुन्?
(घ) द्वितीय पुरुषवाचक सर्वनामका उदाहरण कुन-कुन हुन्?
(ङ) तृतीय पुरुषवाचक सर्वनाम कति प्रकारको छ? प्रत्येक प्रकारका उदाहरण पनि दिनुहोस्।

३. (क) कस्ता पदलाई दर्शक सर्वनाम भनिन्छ?
(ख) दर्शक सर्वनाम कति प्रकारको छ? प्रत्येक प्रकारका उदाहरण पनि लेख्नुहोस्।

४. (क) कस्ता पदलाई सम्बन्धवाचक सर्वनामपद भनिन्छ?
(ख) सम्बन्धवाचक सर्वनामपद कति प्रकारको छ? प्रत्येक प्रकारका उदाहरण पनि दिनुहोस्।

५. (क) कस्ता पदलाई प्रश्नवाचक सर्वनामपद भनिन्छ?
(ख) प्रश्नवाचक सर्वनामपद कति प्रकारको छ? प्रत्येक प्रकारका उदाहरण पनि दिनुहोस्।

६. तलका वाक्यहरूमा परेका सर्वनामपद चिनी टिप्नुहोस्:
मैले उसलाई तिमीसँग देखेको हुँ। त्यो राम्रो काम होइन। तपाईं उहाँलाई भेट्न हामीकहाँ आउनुहोला। जो यहाँ आउँछ त्यो को हो। तिमीलाई जे मन पर्छ त्यो कसैलाई मन पर्दैन। जोसुकैले जेसुकै गरे पनि कुनैकुनैले मतलब राख्तैनन्। तिमीले जे लेख्यौ त्यो के हो? आज यो तिनीहरूसँगै बस्छ।

●

CC-0. In Public Domain. Digitization by eGangotri

## परिच्छेद नौ

# विशेषण र विशेषणका प्रकार

### ९.१ विशेषणपद

नामपदको 'यस्तो' भन्ने गुण, 'यति' भन्ने सङ्ख्या/परिमाण आदि बुझाउने पदलाई विशेषण भनिन्छ; जस्तै राम्रो केटो; एक राजा; अलिकति पानी आदि। यहाँ 'राम्रो' पदले 'केटो' नामपदको यस्तो भन्ने गुण, 'एक' पदले 'राजा' नामपदको यति सङ्ख्या र 'अलिकति' पदले 'पानी' नामपदको यति मात्रा/परिमाण बुझाएका छन्; त्यसैले यी 'राम्रो', 'एक' र 'अलिकति' विशेषणपद हुन्। यस्ता विशेषणपदले जुन नामपदको विशेषता जाहेर गर्दछन् ती नामपदलाई विशेष्य भन्दछन्। विशेषणपदले विशेष्यपदको विशेषता जाहेर गर्दछन्।

### ९.२ विशेषणका प्रकार

वाक्यात्मक आधारमा विशेषणका दुई प्रकार छन्:

(क) उद्देश्यविशेषण र (ख) विधेयविशेषण

**(क) उद्देश्यविशेषण:** वाक्यमा विशेष्य/नामपद/कर्ताका अगाडि वा बायाँतिर आउने शब्द उद्देश्यविशेषण हो; जस्तै– सानो केटो हाँस्यो। यस वाक्यमा 'सानो' उद्देश्यविशेषण हो।

**(ख) विधेयविशेषण:** वाक्यमा विशेष्य/नामपद/कर्ताका पछाडि वा दायाँतिर आउने विशेषण विधेयविशेषण हो; जस्तै– केटो सानो छ। यस वाक्यमा सानो विधेयविशेषण हो।

विशेषण शब्दले बुझाउने अर्थ र त्यसले गर्ने कार्यका आधारमा विशेषणका चार प्रकार यसरी देखाइन्छन्:

**विशेषण**

१. गुणवाचक    २. परिमाणवाचक    ३. सङ्ख्यावाचक    ४. सार्वनामिक

***(१) गुणवाचक विशेषण:*** विशेष्य/नामपदको कुन/कस्तो/कत्रो आदि भन्ने गुण/विशेषता बुझाउने शब्द गुणवाचक विशेषण हुन्; जस्तै– अग्लो

CC-0. In Public Domain. Digitization by eGangotri

घर, ठूलो मान्छे, पाल्पाली ढाकाटोपी, नेपाली भाषा, नयाँ जमाना, पुरानो लुगा, बूढो मान्छे, अन्धो केटो, रातो रुमाल, पहेँलो फूल, ऊनी सुइटर, फलामे कराही, मीठो फल, असल केटी, लोभी साहू आदि। यहाँ प्रयोग गरिएका अग्लो, ठूलो, पाल्पाली, नेपाली, नयाँ, पुरानो, बूढो, अन्धो, रातो, पहेँलो, ऊनी, फलामे, मीठो, असल, लोभी आदि पदले सम्बन्धित विशेष्यपदका खास-खास गुण/विशेषता बुझाएका छन्; त्यसैले यी गुणवाचक विशेषणपद हुन्। त्यसै गरी पढ्ने केटो/केटी, पढ्दो केटो, पढ्दी केटी, पढ्दा केटाकेटीहरू, पढेको केटो, पढेकी केटी, पढेका केटाकेटीहरू जस्ता पदावलीमा प्रयोग भएका 'पढ्ने', 'पढ्दो/पढ्दी/पढ्दा', 'पढेको/पढेकी/पढेका' जस्ता पदहरू पनि गुणबोधक विशेषण नै हुन्। नेपाली भाषामा चलेका 'बृहत् हित', 'बृहत्तर हित' र 'बृहत्तम हित' जस्ता तत्सम पदावलीमा प्रयोग भएका 'तर/तम' लागेका तुलना बुझाउने शब्दलाई पनि गुणवाचक विशेषण नै माने हुन्छ।

***(२) परिमाणवाचक विशेषण:*** विशेष्य नामपदको यति भन्ने मात्रा/परिमाण बुझाउने शब्द परिमाणवाचक विशेषण हुन्; जस्तै– धेरै मान्छे, थोरै पानी, अलिकति नुन, प्रशस्त धन, कति पैसा। यी पदावलीहरूमा परेका 'धेरै', 'थोरै', 'अलिकति', 'प्रशस्त' र 'कति' परिमाणवाचक विशेषण हुन्। परिमाणवाचक विशेषणका अरू उदाहरण यी हुन्– यति, उति, त्यति, जति, घटी, बढी, कम, बेसी, ज्यादा, आधा, पूरा, केही, कतिपय, सबै, सारा, सम्पूर्ण आदि। यी शब्दहरूले वाक्यमा प्रयोग हुँदा क्रियापदको मात्रा/परिमाण बुझाएमा यी विशेषण नरही क्रियाविशेषण बन्दछन् (हेर्नू: परिमाणवाचक क्रियाविशेषण)।

***(३) सङ्ख्यावाचक विशेषण:*** विशेष्य नामपदको कति भन्ने सङ्ख्या बुझाउने शब्द सङ्ख्यावाचक विशेषण हुन्। सङ्ख्यावाचक विशेषणका दुई प्रकार छन्– निश्चित सङ्ख्यावाचक र अनिश्चित सङ्ख्यावाचक। निश्चित सङ्ख्यावाचक विशेषण्का उदाहरण यी हुन्– एक, दुई, दस, पचास, साठी, सय, हजार जस्ता पूरा सङ्ख्या बुझाउने शब्दहरू; सवा, पौने, डेढ, अढाई जस्ता सङ्ख्यांश बुझाउने शब्दहरू; पहिलो, दोस्रो, तेस्रो, दसौं, बीसौं जस्ता क्रमसङ्ख्या बुझाउने शब्दहरू; एकोहोरो, दोहोरो, दोब्बर, चौबर, दुईगुना, दशगुना जस्ता आवृत्तिसङ्ख्या बुझाउने शब्दहरू र हरेक, प्रत्येक, एकेक जस्ता प्रत्येक सङ्ख्या बुझाउने शब्दहरू। अनिश्चित सङ्ख्यावाचक विशेषणका उदाहरण यी हुन्– सयौं, हजारौं/हजारन्, लाखौं/लाखन्, करोडौं/करोडन्, पुगनपुग, औसत, दुईचार, दशबीस आदि।

***(४) सार्वनामिक विशेषण:*** विशेष्य नामपदका अगाडि वा बायाँतिर आई विशेषणको काम गर्ने सर्वनामलाई सार्वनामिक विशेषण भन्दछन्। यो तीन प्रकारको छ– दर्शक, सम्बन्धवाचक र प्रश्नवाचक।

CC-0. In Public Domain. Digitization by eGangotri

***दर्शक सार्वनामिक विशेषण:*** दर्शक सार्वनामिक विशेषणले विशेष्य नामपदलाई यो/त्यो भनी तोकेर देखाउने काम गर्दछन्; जस्तै– यो मान्छे, त्यो मान्छे, यी विद्वान्, ती विद्वान्, ऊ मान्छे, उही लेखक आदि। यहाँ 'यो', 'त्यो', 'यी', 'ती', 'ऊ' र 'उही' शब्द दर्शक सार्वनामिक विशेषण हुन्। यसका अरू उदाहरण यी हुन्– यही, त्यही, उही, यस्तो, यस्ता, यत्रो, यत्रा, यति, उति आदि।

***सम्बन्धवाचक सार्वनामिक विशेषण:*** विशेष्य नामपदका अगाडि प्रयोग भई त्यससँगको सम्बन्ध बुझाउँदा सम्बन्धवाचक सर्वनामहरूले विशेषणको कार्य गर्दछन्; जस्तै– जो मान्छे, जोजो विद्यार्थी, जुन कुरो, जे चीज, जोसुकै नेता, जस्तो कुरो, जति पानी। यी 'जो', 'जोजो', 'जुन', 'जे', 'जोसुकै', 'जस्तो', 'जति' शब्दहरूले यहाँ सम्बन्धवाचक सार्वनामिक विशेषणको कार्य गरेका छन्।

***प्रश्नवाचक सार्वनामिक विशेषण:*** विशेष्य नामपदका अगाडि आई प्रश्न बुझाउने शब्द प्रश्नवाचक सार्वनामिक विशेषण हुन्। यसका उदाहरण यी हुन्– को, कोको, के, केके, कुन, कुनकुन, कोही, केही, कस्तो, कति आदि।

## ९.३ भेदक विशेषण

नाम/सर्वनामपदमा षष्ठी विभक्ति (को/की/का; रो/री/रा; नो/नी/ना) लागेका पदले आफूपछि आउने भेद्य/विशेष्य नामपदको लिङ्ग र वचनसम्बन्धी विशेषता बुझाउँछन्; त्यसैले यस्ता षष्ठी विभक्ति लागेका शब्दहरूलाई पनि विशेषण नै भनिन्छ र यस्ता विशेषणलाई भेदक विशेषण भनिन्छ; जस्तै–

| भेदक/विशेषण | भेद्य/विशेष्य |
|---|---|
| रामको | भाइ |
| रामकी | बहिनी |
| रामका | भाइबहिनी |
| मेरो | छोरो |
| मेरी | छोरी |
| मेरा | छोराछोरी |
| आफ्नो | भाइ |
| आफ्नी | बहिनी |
| आफ्ना | भाइबहिनी |

CC-0. In Public Domain. Digitization by eGangotri

## ९.४ नामस्थानिक विशेषण

कहिलेकाहीँ वाक्यमा अर्को विशेष्य/नामपद नराखी विशेषणलाई नै नामसरह पनि प्रयोग गर्न सकिन्छ र त्यस अवस्थामा ती विशेषण नामपदसरह बन्दछन्; जस्तै:

| विशेषण-विशेष्य दुवैको प्रयोग | विशेषणको नामसरह प्रयोग |
|---|---|
| यहाँ धनी मानिसहरू छन्। | यहाँ धनीहरू छन्। |
| काली केटी आई। | काली आई। |

## ९.५ विशेषणको रूपावली

विशेषणपदका खास गरी लिङ्ग र वचनका आधारमा रूपहरू चल्दछन्; जस्तै:

| पुंलिङ्ग एकवचन | स्त्रीलिङ्ग एकवचन | बहुवचन |
|---|---|---|
| गोरो | गोरी | गोरा |
| कान्छो | कान्छी | कान्छा |
| अग्लो | अग्ली | अग्ला |
| बाठो | बाठी | बाठा |

## ९.६ विशेषणपद चिन्ने तरिका

वाक्यमा प्रयोग भएका पदहरूमध्ये विशेषणपद कुन-कुन हुन् भनी चिन्ने एउटा तरिका छ। त्यो तरिका हो– 'कस्तो', 'कत्रो', 'कुन' र 'कति' भनी गरिने प्रश्नको तरिका। यस तरिकाअनुसार कस्तो, कत्रो, कुन भन्ने प्रश्न गर्न मिल्ने र ती प्रश्नका उत्तरमा आउने शब्दहरू विशेषणपद हुन्; जस्तै–

| प्रश्न | उत्तर |
|---|---|
| कस्तो? | राम्रो, रातो, तरुनो, यस्तो, सुनौलो, पुरानो आदि। |
| कत्रो? | यत्रो, अग्लो, ठूलो, सानो, लामो आदि। |
| कुन? | यो, त्यो, कान्छो, पहिलो, नेपाली, पश्चिमी, तल्लो आदि। |
| कसको? | रामको, हरिको, सीताको, उसको। |

यसै गरी विशेष्य/नामपदका अगाडि/बायाँतिर आएको शब्दका बारेमा 'कति' भन्ने प्रश्न गर्न मिल्छ भने त्यो शब्द पनि विशेषण नै हो भनी बुझ्नुपर्छ। यस्तो 'कति' भन्ने प्रश्नका उत्तरमा आउने केही विशेषणपदहरू तल दिइएका छन्–

| प्रश्न | उत्तर |
|---|---|
| कति? | दुई, चार, दश, बीस, धेरै, थोरै, अलिकति, यति, त्यति, प्रशस्त, तमाम, सारा, सम्पूर्ण आदि। |

CC-0. In Public Domain. Digitization by eGangotri

## अभ्यास

**तलका प्रश्नहरूको उत्तर लेख्नुहोस्।**

१. (क) कस्ता पदलाई विशेषणपद भनिन्छ?
(ख) कस्ता पदलाई विशेष्यपद भनिन्छ?

२. (क) वाक्यात्मक आधारमा विशेषण कति प्रकारको छ र ती प्रकार के-के हुन्? उदारण दिई चिनाउनुहोस्।
(ख) अर्थ र कार्यका आधारमा विशेषणका कति प्रकार देखाइन्छन् र ती कुन-कुन हुन्?

३. (क) कस्ता पदलाई गुणवाचक विशेषण भनिन्छ? उदाहरण दिई चिनाउनुहोस्।
(ख) कस्ता पदलाई परिमाणवाचक विशेषण भनिन्छ? उदाहरण दिई चिनाउनुहोस्।
(ग) कस्ता पदलाई सङ्ख्यावाचक विशेषण भनिन्छ? उदाहरण दिई चिनाउनुहोस्।
(घ) कस्ता पदलाई सार्वनामिक विशेषण भनिन्छ र यो कति प्रकारको छ?
(ङ) कस्ता पदलाई दर्शक सार्वनामिक विशेषण भनिन्छ? उदाहरण दिनुहोस्।
(च) कस्ता पदलाई सम्बन्धवाचक सार्वनामिक विशेषण भनिन्छ? उदाहरण दिई स्पष्ट पार्नुहोस्।
(छ) कस्ता पदलाई प्रश्नवाचक सार्वनामिक विशेषण भनिन्छ? उदाहरण दिई छर्लङ्ग पार्नुहोस्।

४. कस्ता पदलाई भेदक विशेषण भनिन्छ? उदाहरण दिई छर्लङ्ग पार्नुहोस्।

५. तलका विशेषणहरूलाई वाक्यमा नामसरह प्रयोग गर्नुहोस्:
लाटो, काली, चुच्चे, धनी, गरिब, विद्वान्।

६. तलका वाक्यहरूमा परेका विशेषणपदहरू चिनी टिप्नुहोस्:
नयाँ जमाना आयो। सबै मान्छेहरूले असल शिक्षा पाउन थाले। लोभी साहूले पाल्पाली ढाकाटोपी र ऊनी सुइटर किन्यो। पढ्ने विद्यार्थी पढेको कुरो बिर्सन्न। हामीले देशको बृहत्तर हितलाई ध्यानमा राखी प्रशस्त मिहिनेत गर्नु छ र एक्काईसौं शताब्दीको स्वागत गर्नु छ। एक देशले बीस वर्षमा दोब्बर प्रगति गर्न कति पैसा खर्च गर्ला? त्यो मान्छे जुन वस्तु खोज्दै छ त्यो उसैको गोजीमा छ। तिमीले हिजो के काम गऱ्यौ? मेरो भाइ तिम्रा साथीसँगै हिजो आफ्नो झोला लिई गएको थियो।

●

CC-0. In Public Domain. Digitization by eGangotri

परिच्छेद दस

# धातु, क्रिया र क्रियापद-रचना

## १०.१ धातु, क्रियामूल र क्रियापदको परिचय

| | (क) धातु | (ख) क्रिया (मूल) | (ग) क्रियापद |
|---|---|---|---|
| १. | बस्<br>हिँड् | बस्नु<br>हिँड्नु | बस्छ, बस्यो, बस्दो छ<br>हिँड्छ, हिँड्यो, हिँड्दो छ |
| २. | खा<br>दि<br>धु | खानु<br>दिनु<br>धुनु | खान्छ, खायो, खाँदो छ<br>दिन्छ, दियो, दिँदो छ<br>धुन्छ, धोयो, धुँदो छ |
| ३. | उक्ल<br>पक्र | उक्लनु<br>पक्रनु | उक्लन्छ, उक्ल्यो, उक्लँदो छ<br>पक्रन्छ, पक्र्यो, पक्रँदो छ |
| ४. | पिउ<br>आउ<br>गाउ | पिउनु<br>आउनु<br>गाउनु | पिउँछ, पियो, पिउँदो छ<br>आउँछ, आयो, आउँदो छ<br>गाउँछ, गायो, गाउँदो छ |

उल्लिखित तालिकाको (क) मा दिइएका सबै धातु हुन्, (ख) मा दिइएका सबै क्रियामूल हुन् र (ग) मा दिइएका सबै क्रियापद हुन्। धातु + नु क्रियामूल र क्रियामूल – नु धातु हो। धातुमा 'नु' जोड्दा क्रियामूल बन्दछ र उक्त क्रियामूलबाट 'नु' हटाउँदा धातु बन्दछ। एक धातुबाट क्रियामूलचाहिँ एक मात्र र क्रियापदचाहिँ धेरै-धेरै बन्दा रहेछन् भन्नेसमेत यहाँ बुझिन्छ। यसरी धातु + नु को प्रक्रियाअनुसार बनेका क्रियामूलले क्रिया वा काम बुझाउने भाववाचक नामपदको कार्य गर्छन्। त्यसैले (ख) मा दिइएका सबै क्रियामूल धातुको काम (क्रिया) बुझाउने नामशब्द पनि हुन्।

## १०.२ धातुबाट क्रियापदको रचना

धातुबाट क्रियापदको रचना हुन्छ भन्ने कुरो माथिको तालिकामा दिइएका (क) अन्तर्गतका 'बस्', 'हिँड्', 'दि', 'उक्ल', 'पक्र', 'पिउ' आदि धातुबाट (ग) मा दिइएका 'बस्छ', 'बस्यो', 'बस्दो छ', 'हिँड्', 'हिँड्यो', 'हिँड्दो छ', 'दिन्छ', 'दियो', 'दिँदो छ', 'उक्लन्छ', 'उक्ल्यो', 'उक्लँदो छ'; 'पक्रन्छ', 'पक्र्यो', 'पक्रँदो छ'; 'पिउँछ', 'पियो', 'पिउँदो छ' आदि क्रियापदको रचना भएको कुराले नै स्पष्ट पारेको छ। धातुमा 'छ', 'यो', 'दो' 'छ' आदि काल, पक्ष, लिङ्ग, वचन, पुरुष, आदर आदि बुझाउने रूपायक प्रत्ययहरू लागी क्रियापदहरू निर्मित हुन्छन्। धातु + रूपायक प्रत्ययको मेल भई क्रियापद बन्दा धातुमा

CC-0. In Public Domain. Digitization by eGangotri

निश्चित अवस्थामा केही विकारहरू देखा पर्दछन् भन्नेसमेत माथिका उदाहरणबाट देखिन आउँछ। धातुमा विकार आउनु भनेको धातुका मूल रूपमा परिवर्तन आउनु हो। यस्ता कुराको चर्चा तल गरिएको छ:

### (क) धातुबाट क्रियापदको रचना हुँदा यथावत् रहने धातुहरू

धातुबाट क्रियापदको रचना हुन्छ। यसरी क्रियापदको रचना हुँदा हलन्त धातुहरू छन् भने तिनमा क्रियापदको रूप निर्माण गर्ने प्रत्यय लाग्दा धातुमा कुनै पनि विकार आउँदैन। माथिको तालिकाको (१) मा 'बस्' र 'हिँड्' धातुहरू दिइएका छन् र तिनबाट 'बस्छ', 'बस्यो', 'बस्दो छ'; 'हिँड्छ', हिँड्यो', 'हिँड्दो छ' आदि क्रियापदका रूपहरूको रचना भएको छ। यसरी क्रियारूपको रचना हुँदा हलन्त वा अन्त्यमा खुट्टो काटिएका वर्णहरू भएका 'बस्', 'हिँड्' जस्ता धातुमा कुनै पनि विकार आएको छैन। यसका अन्य उदाहरणहरू यस प्रकार छन्:–

| धातु (व्यञ्जनान्त) | क्रियापद |
|---|---|
| बस् | बस्छ, बस्यो, बस्दो छ, बस्ला, |
| डुल् | डुल्छ, डुल्यो, डल्दो छ, डुल्ला, |
| भन् | भन्छ, भन्यो, भन्दो छ, भन्ला, |
| सुत् | सुत्छ, सुत्यो, सुत्तो छ, सुत्ला, |

### (ख) धातु + प्रत्ययको संरचनामा आधा 'न' [न्] थपिने स्थानहरू

स्वरान्त धातुमा वर्तमान कालको कालबोधक प्रत्यय 'छ' र अभ्यस्त भूतकालको 'थ्' जोडिँदा धातु + छ र धातु + थ् का बीचमा 'न' थपिएको देखिन्छ; जस्तै–

| स्वरान्त धातु | धातु + प्रत्यय | क्रियापद | धातु + छ/थ् का बीचमा थपिएको वर्ण |
|---|---|---|---|
| खा | खा + छ | खान्छ | [न्] |
| | खा + थ्यो | खान्थ्यो | [न्] |
| दि | दि + छ | दिन्छ | [न्] |
| | दि + थ्यो | दिन्थ्यो | [न्] |
| जा | जा + छ | जान्छ | [न्] |
| | जा + थ्यो | जान्थ्यो | [न्] |
| हु | हु + छ | हुन्छ | [न्] |
| | हु + थ्यो | हुन्थ्यो | [न्] |
| पक्र | पक्र + छ | पक्रन्छ | [न्] |
| | पक्र + थ्यो | पक्रन्थ्यो | [न्] |
| बह | बह + छ | बहन्छ | [न्] |
| | बह + थ्यो | बहन्थ्यो | [न्] |
| सह | सह + छ | सहन्छ | [न्] |
| | सह + थ्यो | सहन्थ्यो | [न्] |

CC-0. In Public Domain. Digitization by eGangotri

**(ग) धातु + प्रत्ययको संरचनामा चन्द्रबिन्दु [ ँ ] थपिने स्थानहरू**

सबै स्वरान्त र द्विस्वरान्त सबै धातुहरूमा 'दो' 'दी' 'दा' 'दै' प्रत्यय लागी कृदन्त शब्द वा क्रियापदका रूपको निर्माण हुँदा धातु + प्रत्ययको बीचमा चन्द्रविन्दुको थप प्रयोग हुन्छ, तर द्विस्वरान्त धातुहरूमा भने 'छ्' र 'थ्' प्रत्यय लाग्दा पनि चन्द्रविन्दु थपिएको देखिन्छ; जस्तै–

| धातु | स्वरान्त | द्विस्वरान्त | धातु+प्रत्यय | क्रियापद | थपिएको वर्ण |
|---|---|---|---|---|---|
| खा | √ | | खा + दो छ | खाँदो छ | [ ँ ] |
| दि | √ | | दि + दो छ | दिँदो छ | [ ँ ] |
| पक्र | √ | | पक्र + दो छ | पक्रँदो छ | [ ँ ] |
| पिउ | | √ | पिउ + दो छ | पिउँदो छ | [ ँ ] |
| पिउ | | √ | पिउ + छ | पिउँछ | [ ँ ] |
| | | | पिउ + थ्यो | पिउँथ्यो | [ ँ ] |
| पाउ | | √ | पाउ + छ | पाउँछ | [ ँ ] |
| | | | पाउ + थ्यो | पाउँथ्यो | [ ँ ] |

**(घ) धातुबाट क्रियापदको रचना हुँदा वर्ण-परिवर्तन हुने धातु**

धातुबाट क्रियापदको रचना हुँदा केही धातुहरूका केही स्थानहरूमा एउटा वर्ण अर्कै वर्णमा पनि परिवर्तित हुने गर्दछ। त्यसरी वर्ण-परिवर्तन विशेष गरी स्वरान्त धातु + एकाक्षरी स्वरवर्ण/अर्द्धस्वरवर्णयुक्त रूपायक प्रत्यय र 'ल्' वर्ण लाग्दा हुने गर्दछ। एकअक्षरे उकारान्त (स्वरान्त) धातुमा त्यस्तो रूपायक प्रत्यय लाग्दा 'उ' 'ओ' मा परिवर्तित हुन्छ; जस्तै–

| धातु | धातु + प्रत्यय | क्रियापद | धातुको वर्ण परिवर्तन |
|---|---|---|---|
| रु | रु + एँ | रोएँ | उ > ओ |
| धु | धु + यो | धोयो | उ > ओ |
| रु | रु + ला | रोला | उ > ओ |
| हु | हु + ए | भए | हु > भ |
| जा | जा + यो | गयो | जा > ग |
| लैजा | लैजा + ए | लगे | लैजा > लग् |

**(ङ) धातुबाट क्रियापदको रचना हुँदा कुनै वर्ण लोप हुने धातु**

'अ' अन्त्यमा भएको धातु, 'उ' अन्त्यमा हुने अनेकाक्षरी धातु र द्विस्वरान्त धातुमा 'य्' 'ए' 'इ' 'एँ' आदि स्वर र अर्द्धस्वरवर्ण भएका प्रत्यय गाँसिँदा

CC-0. In Public Domain. Digitization by eGangotri

अकारान्त धातुका अन्त्यमा रहेको 'अ' को र अनेकाक्षरी/द्विस्वरान्त धातुका अन्त्यमा रहेको 'उ' को लोप हुन्छ; जस्तै:

| धातु | प्रकार | धातु + प्रत्यय | क्रियापद | लोप |
|---|---|---|---|---|
| सप्र | अकारान्त. | सप्र + एको छ | सप्रेको छ | [अ] |
| कुहु | अनेकाक्षर उकारान्त | कुहु + एको छ | कुहेको छ | [उ] |
| पिउ | द्विस्वरान्त उकारान्त | पिउ + एको छ | पिएको छ | [उ] |

**(च) दोहोरो प्रयोग हुने प्रचलित क्रियापद र तिनको रचना-प्रक्रिया**

| अ | आ | इ |
|---|---|---|
| बस् | बस्छ | बस्तछ |
| डुल् | डुल्छ | डुल्दछ |
| भन् | भन्छ | भन्दछ |
| सुत् | सुत्छ | सुत्तछ |

माथि 'अ' मा दिइएका जति सबै धातु हुन्; 'आ' मा दिइएका वर्तमान काल (सामान्य पक्ष) बुझाउने क्रियापद हुन् र (इ) मा दिइएका पनि हाल प्रचलनमा रहेका वर्तमान काल (सामान्य पक्ष) बुझाउने क्रियापद हुन्। (आ) मा दिइएका क्रियापद धातु + कालबोधक प्रत्ययको योगबाट निर्मित भएका छन् तर (इ) मा दिइएका क्रियापदहरू धातु + कालबोधक प्रत्ययका योगबाट मात्र निर्मित भएका छैनन्। यिनका बीचमा 'त्''द्' वर्ण आएको छ। (इ) मा दिइएका क्रियापदहरूको रचनाप्रक्रिया हेर्दा के बुझिन्छ भने तिनीहरू कृदन्त तो/दो, ती/दी, ता/दा प्रत्यय लागेर बनेका हुन् र तिनै तो/दो, ती/दी, ता/दा प्रत्यय नै 'त्'/'द्' का रूपमा त्यहाँ रहेका हुन्। तर हाल यिनले अपूर्ण पक्षको नभई सामान्य पक्षकै अर्थ बुझाउँछन्। 'इ'मा दिइएका क्रियापदहरूको रचना-प्रक्रिया निम्नानुसार छ:

| धातु | कृत्-प्रत्यय | काल | क्रियापद | विकृत रूप | हाल दिने अर्थ |
|---|---|---|---|---|---|
| बस् | तो | छ | बस्तो छ | बस्तछ | बस्छ |
| डुल् | दो | छ | डुल्दो छ | डुल्दछ | डुल्छ |

यसरी 'बस्छ' र 'डुल्छ'का 'बस्तछ' र 'डुल्दछ' जस्ता रूपको प्रयोग पनि प्रचलनमा रहेको छ।

CC-0. In Public Domain. Digitization by eGangotri

## अभ्यास

१. **तलका प्रश्नहरूको उदाहरणसहित उत्तर दिनुहोस्।**

(क) धातु, क्रियामूल र क्रियापदका बीच के फरक छ?

(ख) धातुबाट क्रियामूल र क्रियापदको रचना कसरी हुन्छ?

(ग) धातुबाट क्रियापदको रचना हुँदा विकार/परिवर्तन नहुने अवस्था कुन-कुन हुन्?

(घ) धातुबाट क्रियापदको रचना हुँदा आधा 'न्' थपिने स्थान कुन-कुन हुन्?

(ङ) धातुबाट क्रियापदको रचना हुँदा चन्द्रबिन्दु थपिने स्थान कुन-कुन हुन्?

(च) धातुबाट क्रियापदको रचना हुँदा वर्णको परिवर्तन हुने स्थान कुन-कुन- हुन्?

(छ) धातुबाट क्रियापदको रचना हुँदा कुनै वर्णको लोप हुने स्थान कुन-कुन हुन्?

२. हु, रु, धु धातुमा 'ला' 'ली' र 'लास्' प्रत्यय जोडेर तीन-तीनवटा क्रियापदको रचना गर्नुहोस्।

३. पिउ, पढाउ, हिँडाउ, ल्याउ र समाउ धातुमा 'एछन्' रूपायक प्रत्यय जोडेर पाँचवटा क्रियापदको रचना गर्नुहोस्।

४. (क) तल 'खा' धातुमा 'छ' 'यो' 'दै छ' 'ला' र 'ए' प्रत्यय जोडेर पाँचवटा क्रियापदहरूको रचना गरिएको छ र यसरी क्रियापदको रचना हुँदा वर्ण परिवर्तन, थप र लोप भएको कुरासमेत तालिका बनाएर उल्लेख गरिएको छ;

**धातु : खा**

| **धातु** | **+** | **रूपायक प्रत्यय** | **=** | **क्रियापद-रचना** | **परिवर्तन** | **थप** | **लोप** |
|---|---|---|---|---|---|---|---|
| खा | + | छ | = | खान्छ | × | न् | × |
| खा | + | यो | = | खायो | × | × | × |
| खा | + | दै छ | = | खाँदै छ | × | ँ | × |
| खा | + | ला | = | खाला | × | × | × |
| खा | + | ए | = | खाए | × | × | × |

(ख) माथि 'खा' धातुबाट क्रियापदको रचना जसरी गरिएको छ त्यसरी नै डुल्, उठ्, दि, लि, खा, धु, कुहु, सप्र, पिउ र ल्याउ धातुहरूमा पनि 'छ', 'यो', 'दै छ', 'ला' र 'ए' प्रत्यय लगाई प्रत्येक धातुबाट पाँच-पाँच क्रियापदको रचना गर्नुहोस्।

CC-0. In Public Domain. Digitization by eGangotri

## १०.३ धातुको वर्गीकरण

- १. अर्थ
  - (क) सामान्य धातु —— बस्, डुल्, पक्र
  - (ख) विशेष धातु
    - प्रेरणार्थक धातु : बसाउ, डुलाउ, पक्राउ
    - भाव / कर्मवाची धातु : बसि, डुलि, पक्रि
    - प्रेरणार्थ कर्मवाची धातु : बसाइ, डुलाइ, पक्राइ
- २. अन्त्य
  - (क) स्वरान्त
    - एक स्वरान्त : खा, दि, पक्र
    - द्विस्वरान्त : पिउ, पाउ, डुलाउ
  - (ख) व्यञ्जनान्त —— बस्, डुल्, लखेट्
- ३. अक्षर
  - (क) एकाक्षरी —— बस्, खा, दि
  - (ख) अनेकाक्षरी —— लखेट्, समात्, पिउ

माथिको तालिकामा धातुको वर्गीकरण तीन किसिमले गरिएको छ। अर्थका आधारमा, अन्त्यका आधारमा र अक्षरका आधारमा। माथिको तालिकाको (१) मा अर्थका आधारमा, (२) मा अन्त्यका आधारमा र (३) मा अक्षरका आधारमा धातुको वर्गीकरण गरिएको छ।

***(१) अर्थका आधारमा धातुको वर्गीकरण:*** अर्थका आधारमा धातुलाई सामान्य अर्थ दिने र विशेष अर्थ दिने गरी दुई वर्गमा विभाजन गरिन्छ। माथि दिइएको तालिका १ (क) अन्तर्गतका सबै सामान्य धातुहरू हुन्। किनभने यिनले धातुको सामान्य अर्थलाई मात्र बुझाएका छन् तर १ (ख) मा दिइएका सबै विशेष धातु हुन्। सामान्य धातु + प्रत्यय = विशेष धातुको संरचनामा यी धातुहरूको निर्माण हुन्छ। विशेष धातुले सामान्य धातुभन्दा बेग्लै र विशेष अर्थ बुझाउँछन्। यी तीन प्रकारका छन्:– प्रेरणार्थ धातु, भाव/कर्मवाची धातु र प्रेरणार्थक कर्मवाची धातु।

CC-0. In Public Domain. Digitization by eGangotri

'बस्', 'डुल्', 'पक्र' जस्ता सामान्य धातुमा प्रेरणा वा अन्य कसैबाट काम सम्पन्न गराउने विशेष अर्थ दिने 'आउ' प्रत्यय लागेर 'बसाउ', 'डुलाउ', 'पक्राउ' जस्ता प्रेरणार्थ धातु बन्दछन् र ती प्रेरणार्थक धातु विशेष धातु हुन्। त्यस्तै सामान्य धातु 'बस्', 'डुल्', 'पक्र' मा भाव/कर्मवाची प्रत्यय 'इ' को योग भई 'बसि' (बस् + इ), 'डुलि' (डुल् + इ) र 'पक्रि' (पक्र + इ) जस्ता विशेष धातु सामान्य धातु (बस्, डुल्, पक्र आदि) बाट बन्दछन्। कर्म वा भाववाच्यको विशेष अर्थ बुझाउने 'इ' प्रत्यय जोडिँदा बन्ने भाव/कर्मवाची धातु पनि विशेष धातु हुन्। त्यस्तै प्रेरणार्थ धातु + कर्मवाची प्रत्यय मिली बसाउ + इ = बसाइ, पक्राउ + इ = पक्राइ र डुलाउ + इ = डुलाइ जस्ता प्रेरणार्थ कर्मवाची धातु बन्दछन्। यी सामान्य धातुबाट प्रेरणार्थ धातु बन्ने क्रममा सोझै विशेष धातु बनिसक्तछन्। सामान्य धातु र विशेष धातुका केही अरू उदाहरण यहाँ दिइएका छन्:

| सामान्य धातु | विशेष धातु | | |
|---|---|---|---|
| | प्रेरणार्थक | भाववाची/ कर्मवाची | प्रेरणार्थक / कर्मवाची |
| बस्<br>भन्<br>चोर् | बसाउ<br>भनाउ<br>चोराउ | बसि<br>भनि<br>चोरि | बसाइ<br>भनाइ<br>चोराइ |

माथि दिइएका सामान्य धातुलाई अव्युत्पन्न धातु र विशेष धातुलाई व्युत्पन्न धातु पनि भन्ने गरिन्छ। व्युत्पन्न धातुमा नामधातु पनि पर्दछन्। त्यस्ता नामधातुको चर्चा शब्द-निर्माण-प्रक्रियाका परिच्छेदमा गरिएको छ।

***(२) अन्त्यका आधारमा धातुको वर्गीकरण:*** माथिको तालिकाको २. मा धातुको अन्तिम वर्णको आधारमा धातुलाई दुई भागमा बाँडिएको छ। सोअनुसार धातुहरू दुई प्रकारका छन्:– स्वरान्त र व्यञ्जनान्त। स्वरान्त धातुलाई एकस्वरान्त र द्विस्वरान्त गरी थप उपवर्गमा समेत त्यहाँ बाँडिएको छ।

स्वरान्त धातुहरू भनेका धातुको अन्त्यमा स्वरवर्ण भएका धातुहरू हुन्। यस्ता स्वरान्त धातुहरूमध्ये कुनै धातुका पछाडि एउटा मात्र स्वरवर्ण र कुनै धातुका पछाडि दुईवटा स्वरवर्णहरू आउँछन्। व्यञ्जनान्त धातुका पछाडि भने खुट्टो काटिएका हलन्त वर्ण मात्र आउँछन्। यहाँ स्वरान्त (एकस्वरान्त, द्विस्वरान्त) र व्यञ्जनान्त धातुका केही थप उदाहरणहरू दिइएका छन्:

**स्वरान्त धातु** एकस्वरान्त: जा, दि, खा, लि, पक्र, बह, सप्र
द्विस्वरान्त: पिउ, पाउ, ल्याउ, समाउ, ........

**व्यञ्जनान्त धातु:** बस्, डुल्, हिँड्, भन्, सुत्, उठ्, चुठ्, लुट्, डट्, हट्, रट्, धोक्, खोक् आदि।

CC-0. In Public Domain. Digitization by eGangotri

***(३) अक्षर-समूहका आधारमा धातुको वर्गीकरण:*** धातुहरू क्रियापद-रचनाका आधारभूत मूल पद हुन्। यी धातुहरू एक अक्षरदेखि अनेक अक्षरसम्मका हुने गर्दछन्। यस दृष्टिले पनि धातु दुई प्रकारका देखिन्छन्– (क) एकाक्षरी धातु र (ख) बहुअक्षरी धातु। माथिको तालिकाको ३. (क) मा एकाक्षरी धातु (बस्, खा, दि) र ३. (ख) मा अनेकाक्षरी धातु (लखेट्, समात्, पिउ) दिइएका छन्। बस्, डुल्, हिँड्, भन्, सुत्, उठ्, खा, दि, लि, जा आदि एकाक्षरी धातु हुन्। लखेट्, समात्, चिमोट्, पक्र, पिउ, ल्याउ, पाउ आदि अनेकाक्षरी धातु हुन्।

## अभ्यास

१. निम्नलिखित प्रश्नहरूको उदाहरण सहित उत्तर दिनुहोस्।
   (क) धातुको वर्गीकरण कति किसिमले गर्न सकिन्छ?
   (ख) अर्थका आधारमा धातुहरू कति प्रकारका छन्?
   (ग) अन्त्यका आधारमा धातुका किसिम लेख्नुहोस्।
   (घ) अक्षर-समूहका आधारमा धातुको वर्गीकरण गर्नुहोस्।

२. तल व्यञ्जनान्त, एक-स्वरान्त र द्विस्वरान्त धातुहरू छ्यासमिस पारी एकै ठाउँमा दिइएका छन्। तिनलाई आफ्ना अभ्यास-पुस्तिकामा छुट्ट्याएर लेख्नुहोस्:
   बस्, डुल्, समात्, दि, लि, पिउ, खा, जा, भन्, सुन्, पक्राउ, पक्र, सुनाउ, बताउ, बचाउ, सम्झ, सह, बह।

३. माथि '२' मा दिइएका धातुहरूबाट सामान्य धातु र विशेषधातुलाई छुट्ट्याएर लेख्नुहोस्।
४. माथि '२' मा दिइएका धातुहरूबाट एकाक्षरी धातु र अनेकाक्षरी धातुहरू अलग-अलग पारी लेख्नुहोस्।

CC-0. In Public Domain. Digitization by eGangotri

## १०.४ क्रिया र क्रियापदको परिभाषाः क्रिया र क्रियापदमा फरक

***(१) क्रिया** [बस्नु, हुनु, मर्नु, पर्नु]* ***परिभाषाः*** क्रिया भनेको कार्यव्यापार वा काम हो। कोशीय अर्थमा 'क्रिया' शब्द कामका रूपमा नै प्रयोग हुन्छ; जस्तै- स्नानक्रिया, काजक्रिया, दानक्रिया आदि। व्याकरणका सन्दर्भमा 'क्रिया' शब्दले त्यस्तो क्रिया-व्यापार वा कामलाई बुझाउँछ जसले कुनै कार्य, स्थिति, घटना र प्रक्रियासँग सम्बन्ध राख्तछ। यसर्थ कुनै काम बुझाउने शब्द नै क्रिया हो।

'बस्नु', 'हुनु', 'मर्नु', 'पर्नु' आदि क्रिया हुन्। यिनले क्रमशः बस्ने काम, हुने स्थिति वा अवस्था, मर्ने घटना र पर्ने प्रक्रियासँग सम्बन्धित कार्यव्यापारलाई बुझाउँछन्। 'बस्नु', 'हुनु', 'मर्नु', 'पर्नु' जस्ता कुनै कार्यव्यापारलाई जनाउने शब्द नै क्रिया हुन्। यिनलाई क्रियामूल पनि भन्ने गरिन्छ। यिनले कुनै क्रिया वा काम भन्ने अर्थ बुझाउने हुनाले यिनलाई क्रियार्थक भाववाचक नामपदका वर्गमा राखिन्छ।

***(२) क्रियापद** [बस्छ/बस्यो, हुन्छ/भयो, मर्छ/मऱ्यो, पर्छ/पऱ्यो]* ***परिभाषाः*** माथि कोष्ठकमा दिइएका सबै क्रियापद हुन्। क्रियापद भनेको काम (कार्य, स्थिति, घटना र प्रक्रिया) पूरा भएको, हुने, गर्ने वा गरेको भन्ने अर्थ बुझाई कम्तीमा कुनै एउटा कुरालाई पूरा गरी बुझाउने वाक्यलाई नै समाप्त पार्ने पद हो। यसरी काम भएको, हुने, गर्ने वा गरेको भन्ने अर्थ बुझाउने पदलाई क्रियापद भनिन्छ। जस्तै–

अ. राम भुइँमा बस्यो।
आ. हरि उत्तीर्ण हुन्छ।
इ. बूढो मान्छे मऱ्यो।
ई. आज पानी पर्छ।

यहाँ चारवटा वाक्यहरू दिइएका छन्। 'अ'मा दिइएको 'राम भुइँमा बस्यो' भन्ने वाक्यमा 'बस्यो' भन्ने पद परेको छ। उक्त 'बस्यो' पद क्रियापद हो। किनभने उक्त पदले रामको भुइँमा बस्ने कार्य/काम/क्रिया पूरा भयो भन्ने अर्थ जनाई सो वाक्यलाई बनोट र अर्थका दृष्टिले समेत पूरा गरेको छ। 'आ'मा दिइएको 'हरि उत्तीर्ण हुन्छ' भन्ने वाक्यमा 'हुन्छ' भन्ने पदको प्रयोग भएको छ। 'हुन्छ' भन्ने पदले पनि हरिको उत्तीर्ण हुने स्थिति वा अवस्था छ भनी उत्तीर्ण हुने स्थिति/क्रियालाई बुझाई सो वाक्यलाई समाप्त पारेको छ; त्यसैले 'हुन्छ' पनि क्रियापद हो। 'इ'मा दिइएको "बूढो मान्छे मऱ्यो" भन्ने वाक्यमा 'मऱ्यो' पदले बूढाको मृत्युको घटना भयो भन्ने कुरा पूरा बुझाई वाक्यलाई समेत पूरा गरेको छ र त्यो 'मऱ्यो' पद पनि क्रियापद हो। माथि 'इ'मा दिइएको वाक्य "आज पानी

CC-0. In Public Domain. Digitization by eGangotri

पर्छ''मा 'पर्छ' पदको प्रयोग भएको छ। उक्त 'पर्छ' पदले पानी पर्ने प्रक्रिया हुन्छ भन्ने अर्थ पूरा बुझाएको छ र वाक्यलाई समेत पूरा गरेको छ, त्यसैले त्यो 'पर्छ' पद पनि क्रियापद हो।

## (३) *क्रिया र क्रियापदमा फरक:*

| अ |
|---|
| बस्नु, हुनु, मर्नु, पर्नु |

| आ |
|---|
| बस्छ, बस्यो, बस्ला, हुन्छ, भयो, होला, मर्छ, मर्‍यो, मर्ला, पर्छ, पर्‍यो, पर्ला |

माथि 'अ'को कोठाभित्र दिइएका क्रिया हुन् भने 'आ'को कोठाभित्र दिइएका क्रियापद हुन्। क्रिया भनेको काम बुझाउने शब्द हो भने क्रियापद भनेको त्यही क्रियाको काम पूरा भएको, हुने, गरेको, गर्ने वा गरिने भनी बुझाउने पद हो। क्रियाले वाक्यलाई अर्थ र बनोटका दृष्टिले समाप्त पार्दैन र क्रिया (काम बुझाउने शब्द) ले वाक्यमा आउँदा भाववाचक नामपदको कार्य गर्छ भने क्रियापदले वाक्यमा आउँदा कुनै एउटा काम पूरा भएको, हुने, गरेको, गर्ने वा गरिने भन्ने अर्थ पूरा भएको बुझाउँछ र वाक्यलाई समेत बनोट र अर्थका दृष्टिले पूरा गर्दछ। त्यसैले माथि 'अ'मा दिइएका 'बस्नु', 'हुनु', 'मर्नु', 'पर्नु' आदि शब्दले बस्ने, हुने, मर्ने र पर्ने भन्ने काम मात्र बुझाएकाले ती काम बुझाउने क्रियाशब्द हुन् भने 'आ'मा दिइएका 'बस्छ', 'बस्यो', 'बस्ला', 'हुन्छ', 'भयो', 'होला', 'मर्छ', 'मर्‍यो', 'मर्ला', 'पर्छ', 'पर्‍यो', 'पर्ला' आदि पदले काम पूरा भएको/हुने, गरेको/गर्ने वा पछि गरिने भन्ने अर्थ पूरा गरी बुझाउने भएकाले र वाक्यलाई समेत समाप्त पार्ने भएकाले ती क्रियापद हुन्; जस्तै–

| | |
|---|---|
| राम भुइँमा <u>बस्नु</u> | राम भुइँमा <u>बस्छ</u>। |
| हरि उत्तीर्ण <u>हुनु</u> | हरि उत्तीर्ण <u>भयो</u>। |
| बूढो मान्छे <u>मर्नु</u> | बूढो मान्छे <u>मर्‍यो</u>। |
| आज पानी <u>पर्नु</u> | आज पानी <u>पर्‍यो</u>। |

माथि बायाँ-पट्टि रेखाङ्कित 'बस्नु', 'हुनु', 'मर्नु' र 'पर्नु'ले कुनै कामलाई मात्र बुझाएका छन् र तिनले त्यहाँ काम बुझाउने पदको कार्य गरी वाक्यलाई पूरा गर्न सकेका छैनन् तर दायाँपट्टिका वाक्यमा रेखाङ्कित 'बस्छ', 'भयो', 'मर्‍यो', 'पर्‍यो' पदले कुनै काम हुने वा भएको भन्ने अर्थ बुझाई वाक्यलाई समेत पूरा गरेकाले ती क्रियापद हुन्।

क्रिया र क्रियापदका बीचको भिन्नता तलको तालिकाबाट अझ राम्ररी बुझ्न सकिन्छ। तलको तालिकाका कोष्ठकमा (क) (ख) (ग) (घ) (ङ) (च) र (छ) गरी ७ वटा अक्षर दिइएका छन्। यिनलाई क्रमश: पढ्दै जाँदा तालिकाका तलपट्टि दिएको निष्कर्ष निक्लन्छ–

CC-0. In Public Domain. Digitization by eGangotri




(१) क = ग र क = घ दुवै हुन् भने ग = ङ र घ = ङ दुवै होइनन् भन्ने कुरालाई सिद्ध गर्नुहोस्।

(२) छ = ङ हो भन्ने कुरालाई 'च' मा लेखिएका कुराका आधारमा स्पष्ट पार्नुहोस्।

(३) 'ङ' बन्ने 'क' बाटै हो तर 'क' र 'ङ' चाहिँ एउटै होइनन्।

## अभ्यास

**तलका प्रश्नहरूको उत्तर लेख्नुहोस्।**

१. (क) 'क्रिया' भनेको के हो?
   (ख) क्रियापद भनेको के हो?
   (ग) क्रिया र क्रियापदका बीच के फरक छ?
   (घ) क्रियाशब्दले क्रियापदको काम किन गर्दैन?

२. तल केही क्रियाशब्द र क्रियापदहरूलाई छ्यासमिस पारी दिइएको छ। तिनलाई छुट्ट्याएर आफ्नो कापीमा क्रियालाई एकापट्टि र क्रियापदलाई अर्कापट्टि लेख्नुहोस्:
बस्छ, उफ्रनु, उफ्रन्छ, डुल्नु, डुल्छ, डुल्यो, भन्नु, भन्नेछ, भन्लान्, भन्नेछन्, भन्दैछन्, भन्दै होलान्।

●

CC-0. In Public Domain. Digitization by eGangotri

## परिच्छेद एघार

# क्रियाका किसिम

अगिल्लो अध्यायमा बस्नु, हुनु, मर्नु, पर्नु जस्ता कार्य, स्थिति, घटना र प्रक्रिया आदि व्यापार बुझाउने शब्द क्रिया हुन् र तिनमा रूपायक प्रत्यय लागी निर्मित रूपहरू क्रियापद हुन् भनी चर्चा गरिसकिएको छ। त्यसैले यहाँ ती क्रिया र क्रियापदको वर्गीकरण गर्न लागिएको छ। क्रियाका किसिम भन्नाले त्यस्तै क्रियाका प्रकार भन्ने बुझ्नुपर्छ। क्रियाको प्रकारगत वर्गीकरण विविध आधारमा हुन सक्छ तर यहाँ क्रियालाई १. कर्मकत्वका आधारमा (सकर्मक, अकर्मक र द्विकर्मक क्रिया), २. पूरकत्वका आधारमा (पूरकापेक्षी र पूरकानपेक्षी क्रिया), ३. वाक्य टुङ्ग्याउने र नटुङ्ग्याउने आधारमा (समापिका र असमापिका क्रिया), ४. संरचनाका आधारमा (सरल क्रिया र जटिल क्रिया), ५. अर्थका आधारमा (मुख्य क्रिया, गुण क्रिया, गौण क्रिया र सहायक क्रिया) र ६. क्रियाका अन्य किसिम (पूर्व क्रिया, उत्तर क्रिया तथा आवश्यकताबोधक क्रिया) गरी वर्गीकरण गरिएको छ।

## ११.१ कर्मकत्वका आधारमा क्रिया: अकर्मक, सकर्मक र द्विकर्मक क्रिया

(अ) राम आयो।
(आ) रामले भाइलाई कुट्यो।
(इ) रामले भाइलाई कलम दियो।

माथि (अ), (आ) र (इ) का वाक्यमा क्रमश: आउनु, कुट्नु र दिनु क्रियाका सामान्य भूतकालका क्रियापदहरू प्रयोग भएका छन्। (अ) को 'आयो' क्रियापद–सँग 'राम' नामपद मात्र प्रयोग भई कर्ता + क्रियाबाट मात्र अर्थ पुरा भएको छ र त्यहाँ 'आयो' क्रियापदले कर्मपदको अपेक्षा नगरेकाले 'आयो' क्रियापद वा 'आउनु' क्रिया अकर्मक हो भन्ने स्पष्ट हुन्छ। त्यस्तै (आ) मा दिइएको वाक्यमा प्रयोग भएको 'कुट्यो' क्रियापद सकर्मक क्रियापद हो। किनभने त्यहाँ कर्ता (कार्य गर्ने अर्थ बोकेको पद) 'राम' र क्रियापद 'कुट्यो' का अतिरिक्त क्रियाको कुटिने असर पर्ने वा फल भोग्ने पदका रूपमा 'भाइ' भन्ने कर्मपदको पनि प्रयोग भएको छ। त्यसैकारण 'कुट्नु' क्रिया सकर्मक क्रिया हो। 'इ'मा दिइएको वाक्यमा प्रयुक्त 'दियो' क्रियापदले एकैचोटि 'भाइलाई' र 'कलम' गरी दुईवटा कर्म लिएर आएकाले सो दिनु क्रिया द्विकर्मक क्रिया हो। यसरी

CC-0. In Public Domain. Digitization by eGangotri

कर्मकत्वका आधारमा क्रियाका तीन प्रकार देखिन्छन्– (क) अकर्मक क्रिया, (ख) सकर्मक क्रिया र (ग) द्विकर्मक क्रिया।

### (क) अकर्मक क्रिया: (कार्य र फल/असर दुवै कर्तामा हुने क्रिया)

| कर्ता | कर्म | क्रियापद | |
|---|---|---|---|
| राम | × | दौडन्छ। | [दौड्ने कार्य गर्ने (राम): कर्ता<br>दौडनाको फल/असर बेहोर्ने (राम): कर्ता |
| हरि | × | आयो। | [आउने कार्य गर्ने (हरि): कर्ता<br>आउने कामको परिणाम बेहोर्ने (हरि): कर्ता |

कर्मको अपेक्षा नगर्ने क्रिया: दौडनु र आउनु।

माथि दिइएका वाक्यमा परेका ‘दौडन्छ’ र ‘आयो’ अकर्मक क्रियापद हुन्। ‘दौडन्छ’ क्रियापदमा दौडने कार्य गर्ने कर्ता ‘राम’ले नै दौडेको फल/असर भोगेको छ; त्यहाँ फल भोग्ने अर्को कर्मपदको अपेक्षा नै गरिएन। त्यसैले ‘दौडनु’ अकर्मक क्रिया हो। त्यस्तै दोस्रो वाक्यमा ‘आयो’ क्रियापदको प्रयोग भएको छ। ‘आयो’ क्रियापदमा आउने काम गर्ने कर्ता (हरि)ले नै आउनाको फल/असर बेहोर्ने कार्य गरेकाले ‘आउनु’ अकर्मक क्रिया हो। अकर्मक क्रियामा क्रियाको कार्यव्यापार र फल दुवै कर्तामा नै हुने र कर्मपदको आवश्यकता नै नपर्ने हुँदा ‘आउनु’ र ‘दौडनु’ क्रिया अकर्मक भएका हुन्। अरू केही अकर्मक क्रियाहरू यी हुन्: हुनु, आउनु, बस्नु, उठ्नु, खुल्नु, चर्कनु, चल्नु, चुक्नु, जानु, हिँड्नु, हाँस्नु, सुक्नु, सुत्नु, रुनु, सप्रनु, रहनु, मर्नु, बाँच्नु, बहनु, बल्नु, बढ्नु, बन्नु, पस्नु, दुख्नु, दगुर्नु, ढल्नु, थाक्नु आदि।

### (ख) सकर्मक क्रिया (कार्य कर्तामा र फल वा असर कर्ममा रहने क्रिया)

| कर्तापद | कर्मपद | क्रियापद | |
|---|---|---|---|
| राम | भाइलाई | कुट्छ। | [कुट्ने कार्य गर्ने/कर्ता: राम<br>कुट्नाको परिणाम/असर बेहोर्ने<br>कर्म: भाइ |
| विद्यार्थीहरूले | पुस्तक | पढे। | [पढ्ने काम गर्ने कर्ता: विद्यार्थीहरूले<br>पढ्नाको असर पर्ने कर्म: पुस्तक |

माथि दिइएका दुईवटा वाक्यमा ‘कुट्छ’ र ‘पढे’ दुई क्रियापद छन्। ‘कुट्नु’ र ‘पढ्नु’ क्रियाबाट बनेका क्रमशः सामान्य वर्तमान काल र सामान्य भूतकालका ती क्रियापद सकर्मक क्रियापद हुन्। सकर्मक क्रियामा क्रियाको कार्यव्यापारचाहिँ कर्तामा र क्रियाको फल/असर वा कामचाहिँ कर्ताभन्दा बेग्लै अर्के पदमा रहन्छ। क्रियाको त्यही फल, असर वा कामको अर्थ वहन गर्ने पद नै कर्मपद हो र कर्मपदको अपेक्षा गर्ने क्रियाचाहिँ सकर्मक क्रिया हुन्। माथिको

CC-0. In Public Domain. Digitization by eGangotri

पहिलो वाक्यमा रहेको 'कुट्छ' क्रियापदको कार्यव्यापार 'कुट्नु' हो। उक्त कुट्ने कार्य गर्ने कर्ता (राम) ले त्यहाँ कुट्ने कार्यव्यापार गरेको छ। त्यस कर्ताद्वारा गरिएको कुट्ने कार्यको असर वा परिणाम स्वयम् कर्ताले त्यहाँ भोगेको छैन। त्यसको फल व्यहोर्ने व्यक्ति 'भाइ' हो। 'कुट्नु' क्रियाले कुट्ने काम गर्ने व्यक्तिबाहेक त्यसको असर भोग्ने बेग्लै कर्म 'भाइ' लिएर आएकाले 'कुट्नु' क्रिया सकर्मक क्रिया हो। त्यस्तै दोस्रो वाक्यमा 'पढ्नु' क्रियाको सामान्य भूतकालको रूप 'पढे' भन्ने क्रियापद रहेको छ। त्यहाँ पनि काम गर्ने कर्ता (विद्यार्थीहरू)ले पढ्ने कार्य व्यापार गरेको छ। कर्ताद्वारा गरिएको पढिने कार्यको मूल असर/परिणाम वा फलचाहिँ स्वयम् कर्तामा छैन। ती विद्यार्थीहरूले पढेको मूल काम (कर्म) चाहिँ 'पुस्तक' नै हो। 'पुस्तक' भन्ने कर्मपद यहाँ 'पढ्ने' भन्ने कार्यव्यापारको फल वा असर पर्ने पदका रूपमा रहेकाले यो 'पढ्नु' क्रिया सकर्मक क्रिया हो। नेपाली भाषाका केही सकर्मक क्रिया यी हुन्: कुट्नु, खानु, सुन्नु, हेर्नु, सोध्नु, लैजानु, समाउनु, सार्नु, मान्नु, माग्नु, राख्नु, लिनु, छाप्नु, जाँच्नु, जान्नु, जित्नु, जोत्नु, डाक्नु, दिनु, देख्नु, धुनु, पकाउनु, पढ्नु, लेख्नु, पिट्नु, भन्नु आदि।

### (ग) द्विकर्मक क्रिया

कर्ता — कर्म (२, १) — क्रिया

रामले भाइलाई पुस्तक दियो।
- दिने कार्य गर्ने, रामः कर्ता
- दिने कार्यको मुख्य असरः पुस्तक कर्म
- दिने कार्यको मुख्य असरबाट पुनः असर परेको व्यक्तिः (भाइ) कर्म

रमेशले भाइलाई चिठी पठायो
- पढाउने कार्य गर्ने रमेशः कर्ता
- पढाउने क्रियाको मुख्य असरः चिठी – कर्म
- मुख्य असरबाट पुनः असर पर्ने वा फल भोग्ने भाइः कर्म

माथि दिइएका वाक्यहरूमध्ये पहिलो वाक्यमा 'दियो' क्रियापदको प्रयोग भएको छ। 'दियो' द्विकर्मक क्रियापद हो। पहिलो वाक्यमा दिने कार्यव्यापार गर्ने कर्ता 'राम' छ र रामले केवल दिने कार्यमात्र पूरा गरेको छ तर त्यसको असर कर्ता राममा परेको छैन। 'कर्ता' रामले दिने कार्य गरेको मुख्य वस्तु भनेको 'पुस्तक' हो। पुस्तकलाई समातेर रामले भाइलाई दिएको हुँदा पहिलो र मुख्य

CC-0. In Public Domain. Digitization by eGangotri

असर नै 'पुस्तक'माथि परेको छ; त्यसैले 'पुस्तक' नै 'दियो' क्रियापदको मुख्य कर्म हो। त्यसपछि दिने कार्यव्यापारको अर्को असर 'भाइ' पदमाथि परेको छ। 'भाइ'लाई नै कर्ता रामले उक्त पुस्तक दिने कार्यव्यापार सम्पन्न गरेकाले दिने क्रियाको दोस्रो असर 'भाइ' माथि परेको हो। त्यसैले 'भाइ' दोस्रो कर्म वा गौण कर्म हो। यसरी 'दियो' क्रियापदले 'पुस्तक' र 'भाइ' भन्ने दुईवटा कर्मपद लिएर आएकाले त्यो द्विकर्मक क्रियापद हुन पुगेको हो। कुनै द्विकर्मक क्रियापदको प्रयोग भएका वाक्यमा मुख्य कर्म र गौणकर्म थाहा पाउन मोटामोटी रूपमा क्रियापदका बायाँपट्टि के/कसलाई भनी प्रश्न सोध्ने र 'के' भन्ने प्रश्नको उत्तरमा आउने पहिलो मुख्य कर्म र 'कसलाई' भन्ने प्रश्नको उत्तरमा आउने दोस्रो वा गौणकर्म हो भन्ने तरिका पनि अपनाउन सकिन्छ।

माथि दिइएको दोस्रो 'रमेशले भाइलाई चिठी पठायो' भन्ने वाक्यमा 'पठायो' क्रियापदको प्रयोग भएको छ। कर्ता 'रमेश'ले गरेको पठाउने कार्यव्यापारको प्रमुख असर 'चिठी'मा परेको छ। किनभने उसले गरेको पहिलो मुख्य कार्य 'चिठी' लेखन हो भने दोस्रो वा गौण कार्य उक्त चिठी भाइलाई पठाउनु हो। 'पठायो' क्रियापदको मुख्य कर्म 'चिठी' हो र उक्त मुख्य कर्ममार्फत असर परेको दोस्रो वा गौण कर्म 'भाइ' हो। उक्त वाक्यमा क्रियाका बायाँपट्टि रहेका पदहरूमध्ये 'के' भन्ने प्रश्नका उत्तरमा 'चिठी' र 'कसलाई' भन्ने प्रश्नका उत्तरमा 'भाइलाई' पद आउँछन्। त्यसैले 'पठायो' द्विकर्मक क्रियापद हो। नेपाली भाषाका केही द्विकर्मक क्रिया यी हुन्– दिनु, बताउनु, भन्नु, सोध्नु आदि।

## अभ्यास

**तलका प्रश्नहरूको उत्तर लेख्नुहोस्।**

१. कर्मकत्वका आधारमा क्रियापद कति प्रकारका छन् र ती के-के हुन्?
२. अकर्मक क्रिया भनेको कस्तो क्रिया हो? अकर्मक क्रियापदको प्रयोग भएका कुनै पाँच वाक्य लेख्नुहोस्।
३. प्रश्न नं. २ बमोजिम वाक्यमा प्रयोग भएका पाँचवटा क्रियापदलाई किन अकर्मक क्रियापद भनिएको हो? बयान गर्नुहोस्।
४. सकर्मक क्रियापद भनेको कस्तो क्रियापद हो? उल्लेख गर्नुहोस्।
५. अकर्मक क्रियापद र सकर्मक क्रियापदका बीच के फरक छ? लेख्नुहोस्।
६. सकर्मक क्रियापदको प्रयोग भएको वाक्यमा कर्ताले गरेको कार्यव्यापारको प्रमुख असर कर्तामा पर्छ कि कर्ममा? उदाहरण दिएर बयान गर्नुहोस्।
७. द्विकर्मक क्रियापदको प्रयोग भएको वाक्यमा आउने मुख्य कर्म र गौण कर्मलाई कसरी चिन्न सकिन्छ? बताउनुहोस्।
८. सकर्मक र द्विकर्मक क्रियापदका बीच के-कस्तो भिन्नता छ? उल्लेख गर्नुहोस्।

CC-0. In Public Domain. Digitization by eGangotri

९. 'रामले हरिलाई पुस्तक पढायो।' यस वाक्यमा प्रयोग भएको 'पढायो' द्विकर्मक क्रियापद हो कि होइन? स्पष्ट पार्नुहोस्।

१०. तल दिइएका कुराहरू पढी ती ठीक भए ठीक लेख्नुहोस् र बेठीक भए त्यसलाई सच्याएर ठीक उत्तर लेख्नुहोस्:

(क) अकर्मक क्रियापद: क्रियाको कार्यव्यापार कर्तापदमा र असर अर्कै पदमा हुने क्रियापद।

(ख) सकर्मक क्रियापद: क्रियाको कार्यव्यापार कर्तापदमा र असर पनि कर्तापदमा हुने क्रियापद।

(ग) द्विकर्मक क्रियापद: क्रियाको कार्यव्यापार कर्तापदमा, त्यसको मुख्य असर पर्ने अर्को पद र त्यस मुख्य असरको पनि असर पर्ने अर्को पद लिएर आउने क्रियापद।

## ११.२ पूरकत्वका आधारमा क्रिया: पूरकापेक्षी र पूरकानपेक्षी क्रिया

| (क) अकर्मक | (ख) सकर्मक |
|---|---|
| (अ) राम आयो।<br>(आ) राम भयो। | (अ) रामले भाइलाई कुट्यो।<br>(आ) रामले भाइलाई बनायो। |

अकर्मक क्रियापदको प्रयोग भएका वाक्यमा सामान्यतया कर्ता र क्रियापदले मात्र वाक्यको अर्थलाई पूरा गर्दछन् भने सकर्मक क्रियापदको प्रयोग भएका वाक्यमा कर्ता, कर्म र क्रियापदले नै वाक्यको अर्थ पूरा गर्दछन्। माथि (क) को (अ) मा दिइएको 'राम आयो' भन्ने वाक्यमा 'राम' कर्तापद र 'आयो' अकर्मक क्रियापदले नै वाक्यको अर्थलाई पूरा गरेका छन् भने (ख) को (अ) मा दिइएको 'रामले भाइलाई कुट्यो' भन्ने वाक्यमा 'रामले' भन्ने कर्तापद 'भाइलाई' भन्ने कर्मपद र 'कुट्यो' भन्ने सकर्मक क्रियापद गरी तीन पदले नै सो वाक्यको अर्थलाई पूरा गरेका छन्। तर माथि (क) को (आ) मा 'राम भयो' भन्ने वाक्यमा 'राम' कर्तापद र 'भयो' अकर्मक क्रियापदले चाहिँ वाक्यको अर्थ पूरा गरेका छैनन्। त्यस्तै माथि (ख) (आ) मा दिइएको 'रामले भाइलाई बनायो' भन्ने वाक्यमा 'रामले' कर्तापद 'भाइलाई' कर्मपद र 'बनायो' सकर्मक क्रियापदले पनि वाक्यको अर्थलाई पूरा गरेका छैनन्।

अकर्मक क्रियापदको प्रयोग भएका वाक्यमा कर्तापद र अकर्मक क्रियापद आउँदा वाक्यको अर्थ पनि पूरा हुनुपर्ने हो तर 'राम भयो' भन्ने वाक्यमा कर्तापद र क्रियापद भएर पनि अर्थ पूरा भएको छैन। त्यस्तै सकर्मक क्रियापदको प्रयोग भएका वाक्यमा कर्तापद, कर्मपद र सकर्मक क्रियापद आउँदा वाक्यको अर्थ पूरा हुनुपर्ने हो; तर 'रामले भाइलाई बनायो' भन्ने वाक्यमा

CC-0. In Public Domain. Digitization by eGangotri

कर्तापद, कर्मपद र सकर्मक क्रियापद भएर पनि सो वाक्यले पूरा अर्थ बुझाउन सकेको छैन। त्यसैले 'राम भयो' भन्ने वाक्यको भयो अकर्मक क्रियापद र 'रामले भाइलाई बनायो' भन्ने वाक्यको 'बनायो' सकर्मक क्रियापदले ती वाक्यको अर्थ पूरा गर्न नसकेकाले सो अर्थ पूरा गर्नाका निम्ति त्यहीँ अर्को पद थप्नुपर्ने हुन्छ; जस्तै:-

राम | उत्तीर्ण | भयो।

रामले भाइलाई | डाक्टर | बनायो।

यहाँ 'राम भयो' भन्ने अकर्मक क्रियापदको प्रयोग भएको वाक्यमा 'उत्तीर्ण' भन्ने पद थपिएपछि मात्र 'भयो' भन्ने क्रियापदले सो वाक्यको अर्थ पूरा गर्न सकेको छ। त्यस्तै 'रामले भाइलाई बनायो' भन्ने वाक्यमा 'डाक्टर' भन्ने अर्को पद थपिएपछि मात्र सो वाक्यको अर्थलाई 'बनायो' क्रियापदले पूरा गरेको छ।

यसरी कर्ता र अकर्मक क्रियापद तथा कर्ता, कर्म र सकर्मक क्रियापद भएका वाक्यमा अर्थ पूरा गर्न चाहिने वा थपिने पदलाई पूरक भन्दछन्। कर्ताका साथ वाक्यमा प्रयोग हुँदा सो वाक्यको अर्थ पूरा गर्न नसक्ने र अर्थ पूरा गर्नका लागि पूरक पद लिने अकर्मक क्रियापदलाई पूरकापेक्षी क्रियापद भनिन्छ भने कर्ताका साथमा मात्र वाक्यमा प्रयोग हुँदा सो वाक्यको अर्थ पूरा गर्ने अकर्मक क्रियापदलाई पूरकानपेक्षी अकर्मक क्रियापद भनिन्छ। 'भयो' पूरकापेक्षी अकर्मक क्रियापद हो भने 'आयो' पूरकानपेक्षी अकर्मक क्रियापद हो।

कर्ता र कर्मका साथ वाक्यमा प्रयोग हुँदा सो वाक्यको अर्थ पूरा गर्न नसक्ने र अर्थ पूरा गर्नका निम्ति पूरक पद लिने सकर्मक क्रियापदलाई पूरकापेक्षी सकर्मक क्रियापद भनिन्छ भने कर्ता र कर्मका साथ मात्र वाक्यमा प्रयोग हुँदा सो वाक्यको अर्थ पूरा गर्न सक्ने सकर्मक क्रियापदलाई पूरकानपेक्षी सकर्मक क्रियापद भनिन्छ। 'बनायो' पूरकापेक्षी सकर्मक क्रियापद हो भने 'कुट्यो' पूरकानपेक्षी सकर्मक क्रियापद हो।

केही पूरकापेक्षी अकर्मक क्रिया यी हुन्: हुनु, छनु आदि।

केही पूरकापेक्षी सकर्मक क्रिया यी हुन्: तुल्याउनु, बनाउनु, पार्नु, ठान्नु आदि।

## अभ्यास

**तलका प्रश्नहरूको उत्तर लेख्नुहोस्।**

१. (क) पूरकापेक्षी क्रिया भनेर कस्ता क्रियालाई भनिन्छ? उदाहरण दिएर बयान गर्नुहोस्।

(ख) के सबै अकर्मक र सकर्मक क्रियापद पूरकापेक्षी हुन्छन्? ठीक उत्तर दिनुहोस्।

CC-0. In Public Domain. Digitization by eGangotri

२. (क) अकर्मक क्रियापदले कस्तो अवस्थामा पूरकको अपेक्षा गर्दैन? उदाहरणसहित बयान गर्नुहोस्।

(ख) सकर्मक क्रियापदले कर्मसहित वाक्यमा आउँदा पनि अर्थ पूरा गरेन भने त्यस्तो क्रियापदले अर्थ पूरा गर्न कुन पदको चाहना गर्दछ? उदाहरणसहित बयान गर्नुहोस्।

## ११.३ वाक्य नटुङ्ग्याउने र टुङ्ग्याउने आधारमा क्रिया: असमापिका र समापिका क्रिया

| अ | आ |
|---|---|
| पासाङ घर <u>गएर</u> | पासाङ घर <u>गयो</u>। |

माथि 'अ' मा 'पासाङ घर गएर' भन्ने अधुरो वाक्य छ; त्यहाँ प्रयोग भएको 'गएर' क्रियाले वाक्य पूरा गर्न सकेको छैन। त्यस्तै 'आ' मा दिइएको 'पासाङ घर गयो' भन्ने पूरा वाक्य छ र त्यस वाक्यलाई पूरा गर्ने काम 'गयो' क्रियापदले गरेको छ। 'गएर' भन्ने पद पनि 'जानु' क्रियाबाटै बनेको हो र 'गयो' पद पनि 'जानु' क्रियाबाटै बनेको हो। तर 'जानु' क्रियाबाट बनेको 'गएर' पदले वाक्यलाई टुङ्ग्याउन सकेको छैन भने 'जानु' क्रियापदबाटै बनेको 'गयो' पदले वाक्यलाई टुङ्ग्याएको छ। त्यसैले 'गएर' वाक्य नटुङ्ग्याउने क्रिया हो भने 'गयो' वाक्य टुङ्ग्याउने क्रिया हो। यसरी वाक्यलाई टुङ्ग्याउने र नटुङग्याउने आधारमा क्रिया दुई किसिमका देखिन्छन्: (क) असमापिका क्रिया (वाक्य टुङ्ग्याउन नसक्ने क्रिया) र (ख) समापिका क्रिया (वाक्यलाई टुङ्ग्याउन सक्ने क्रिया)।

### (क) असमापिका क्रिया (वाक्य टुङ्ग्याउन नसक्ने क्रिया)

| | | असमापिका क्रिया | | | | पक्ष | पदकोटि |
|---|---|---|---|---|---|---|---|
| | + नु | = हुनु, | देख्नु, | भन्नु, | सुन्नु | – | (कृदन्त नाम) |
| | + ने | = हुने, | देख्ने, | भन्ने, | सुन्ने | – | (कृदन्त विशेषण) |
| | + एको | = भएको, | देखेको, | भनेको, | सुनेको | पूर्ण | (कृदन्त विशेषण ) |
| धातु + | + ई | = भई, | देखी, | भनी, | सुनी | – | (कृदन्त अव्यय) |
| | + एर | = भएर, | देखेर, | भनेर, | सुनी | – | (कृदन्त अव्यय) |
| | + तो/दो | = हुँदो, | देख्तो, | भन्दो, | सुन्दो | अपूर्ण | (कृदन्त अव्यय) |
| | + तै/दै | = हुँदै, | देख्तै, | भन्दै, | सुन्दै | अपूर्ण | (कृदन्त अव्यय) |
| | + न | = हुन, | देख्न, | भन्न, | सुन्न | | (कृदन्त अव्यय) |

वाक्यमा कार्यव्यापार पूर्ण भएको भाव व्यक्त गर्न नसक्ने क्रिया असमापिका क्रिया हो। माथि दिइएको तालिकाका धातुमा प्रत्यय लागेर बनेका

CC-0. In Public Domain. Digitization by eGangotri

क्रियाले वाक्यलाई समाप्त पार्दैनन्; त्यसैले तिनबाट असमापिका क्रिया भएका नटुङ्गिएका अधुरा वाक्य बन्दछन्; जस्तै–

| वाक्य | पदवर्ग | असमापिका क्रिया |
|---|---|---|
| १. उत्तीर्ण <u>हुनु</u> (राम्रो हो।) | नाम | हुनु |
| २. उत्तीर्ण <u>हुने</u> (राम विदेश जान्छ।) | विशेषण | हुने |
| ३. उसले राम्ररी <u>पढेको</u> (छ।) | क्रिया (गुण) | पढेको |
| ४. हिजो अकस्मात् <u>भागेको</u> (चोर समातियो।) | विशेषण | भागेको |
| ५. म डाक्टर <u>भई</u> (गरिबको सेवा गर्छु।) | अव्यय | भई |
| ६. आमा मलाई नेता <u>बनेर</u> (नबिग्रेस् भन्नुहुन्छ।) | अव्यय | बनेर |
| ७. ऊ घरतर्फ <u>जाँदो</u> (छ।) | क्रिया (गुण) | जाँदो |
| ८. ऊ घरतर्फ <u>जाँदै</u> (छ।) | क्रिया (गौण) | जाँदै |
| ९. उपेन्द्र उत्तीर्ण <u>हुन</u> (गणेशलाई लड्डु चढाउँछ।) | अव्यय | हुन |

माथि दिइएका नौवटा अधुरा वाक्यहरूमा रेखाङ्कित गरिएका 'हुनु', 'हुने', 'पढेको', 'भागेको', 'भई', 'बनेर', 'जाँदो', 'जाँदै', 'हुन' पदहरू असमापिका क्रिया हुन्। ती वाक्यका कोष्ठकभित्र राखिएका अंशहरूलाई नथप्ने हो भने ती धातुनिर्मित पदहरूले वाक्यलाई समाप्त पार्दैनन्; त्यसैले तिनलाई असमापिका क्रिया भनिन्छ। क्रियाको अर्थचाहिँ बुझाउने तर कार्यव्यापार समाप्त नगर्ने भएकैले तिनलाई असमापिका क्रिया भनिएको हो। असमापिका क्रियाहरू पदवर्गका दृष्टिले वाक्यमा कहीँ नाम, कहीँ विशेषण र कहीँ अव्ययका रूपमा र कहीँ संयुक्त क्रियाको समापिका सहायक क्रियाभन्दा अगाडि विशेषण र अव्ययजस्तै भएर आउँछन्। त्यसरी विशेषण र अव्ययको बनोट लिएर वाक्यका अन्त्यमा समापिका सहायक क्रियासँग आउने क्रियाचाहिँ पदवर्गका दृष्टिले क्रियापदकै श्रेणीमा पर्दछन्।

### (ख) समापिका क्रियापद (वाक्य टुङ्ग्याउन सक्ने क्रिया)

वाक्यलाई पूर्ण रूपमा टुङ्ग्याउन सक्ने क्रियालाई समापिका क्रिया भन्दछन्। समापिका क्रियाहरूलाई नै क्रियापद पनि भनिन्छ। किनभने समापिका क्रियाहरूले नै वाक्यमा क्रियापदको काम गरेका हुन्छन्; जस्तै

(अ) राम <u>पढ्छ</u>।
(आ) रामले <u>पढेको छ</u>।
(इ) रामले <u>पढिसकिहालेछ</u>।
(ई) राम <u>पढ्नेगर्छ</u>।
(उ) रामले <u>पढ्नुपर्छ</u>।
(ऊ) रामले <u>पढ्न सक्छ</u>।

CC-0. In Public Domain. Digitization by eGangotri

माथिका वाक्यहरूमध्ये (अ) मा दिइएको 'राम पढ्छ' भन्ने वाक्यमा प्रयोग भएको 'पढ्छ' समापिका क्रियापद हो किनभने सो 'पढ्छ' क्रियापदले 'राम पढ्छ' भन्ने वाक्यलाई टुङ्ग्याएको छ। माथि (आ) मा दिइएको वाक्यमा प्रयोग भएको 'पढेको छ' पनि समापिका क्रिया हो, किनभने सो 'पढेको छ' क्रियापदले 'रामले पढेको छ' भन्ने वाक्यलाई टुङ्ग्याएको छ। माथि (इ) मा दिइएको वाक्यमा प्रयोग भएको 'पढिसकिहालेछ' पनि समापिका क्रिया हो, किनभने सो 'पढिसकिहालेछ' भन्ने क्रियापदले पनि 'रामले पढिसकेहालेछ' भन्ने वाक्यलाई टुङ्ग्याएको छ। माथि (ई) मा दिइएको वाक्यमा प्रयोग भएको 'पढ्नेगर्छ' पनि समापिका क्रिया हो , किनभने सो 'पढ्नेगर्छ' भन्ने क्रियापदले पनि 'राम पढ्नेगर्छ' भन्ने वाक्यलाई टुङ्ग्याएको छ। त्यस्तै माथि (उ) मा दिइएको 'पढ्नुपर्छ' भन्ने क्रियापद पनि समापिका क्रियापद हो, किनभने सो क्रियापदले पनि 'रामले पढ्नुपर्छ' भन्ने वाक्यलाई समाप्त पारेको छ। त्यस्तै माथि (ऊ) मा दिइएको वाक्यमा 'पढ्न सक्छ' भन्ने क्रियापद प्रयोग भएको छ र सो 'पढ्न सक्छ' पनि समापिका क्रियापद हो, किनभने सो क्रियापदले पनि 'रामले पढ्न सक्छ' भन्ने वाक्यलाई टुङ्ग्याएको छ।

यसरी वाक्यको अर्थलाई पूरा गरी वाक्यलाई टुङ्ग्याउन सक्ने क्रियापद नै समापिका क्रियापद हुन्।

## अभ्यास

**तलका प्रश्नहरूको उत्तर लेख्नुहोस्।**

१. (क) समापिका क्रियापट भनेको कस्तो क्रियापद हो? उदाहरण दिई लेख्नुहोस्।

(ख) असमापिका क्रिया भनेको कस्तो क्रिया हो? उदाहरण दिएर लेख्नुहोस्।

२. तलका वाक्यमा समापिका क्रियापद र असमापिका क्रिया दुवैलाई रेखाङ्कित गरिएको छ। त्यहाँ भएका समापिका क्रियापदलाई र असमापिका क्रियालाई आफ्ना अभ्यास-पुस्तिकामा छुट्ट्याएर सार्नुहोस्:

रामले यो पुस्तक पढेको हुँदा उसलाई यसको पूरै कथा कण्ठ छ। उनीहरू विदेश जान यहाँबाट हिँडे। हामीहरूलाई देखेर उनीहरू किन लुके। उड्दी चरी छोप्न सक्ने श्याम बाठो छ। जाँचमा पढ्ने तर जाँच सकियो भनेर पढ्न मन नगर्नेहरूलाई राम्रो मानिंदैन।

३. असमापिका क्रिया पदवर्गका दृष्टिले क्रियापदअन्तर्गत पर्दैनन्। ती अव्यय र विशेषण वर्गभित्र पर्दछन्। माथि प्रश्न नं. २ मा छुट्ट्याएर राखेका असमापिका क्रियाहरूबाट कृदन्त विशेषण र कृदन्त अव्यय छुट्ट्याएर लेख्नुहोस्।

CC-0. In Public Domain. Digitization by eGangotri

४. पाँचवटा असमापिका क्रियाहरू आफैले सोची आफ्ना वाक्यमा प्रयोग गर्नुहोस्।
५. पाँचवटा समापिका क्रियापदहरू आफैले सोची आफ्ना वाक्यमा प्रयोग गर्नुहोस्।

## ११.४ संरचनाका आधारमा क्रिया: सरल क्रिया र जटिल क्रिया

जमुना घर गइन्।
सुनील घर गएका छन्।
अमर घरबाट आइसकेछन्।

माथि दिइएका तीनवटा वाक्यमा 'गइन्', 'गएका छन्' र 'आइसकेछन्' गरी तीन क्रियापदहरूको प्रयोग भएको छ। पहिलो क्रियापद 'गइन्' एउटै मात्र क्रिया 'जानु'बाट बनेको क्रिया हो; त्यसैले त्यो सरल क्रिया हो। दोस्रो वाक्यमा रहेको 'गएका छन्' क्रियापद 'जानु' र 'हुनु' गरी दुई क्रियाका संयुक्ततामा निर्मित भएको छ; त्यसैले 'गएका छन्' संयुक्त वा जटिल क्रियापद हो। त्यस्तै तेस्रो वाक्यमा 'आइसकेछन्' क्रियापदको प्रयोग भएको छ। 'आउनु', 'सक्नु' र 'हुनु' गरी तीन क्रियाको मिलनबाट निर्मित उक्त 'आइसकेछन्' भन्ने मिलित क्रियापद पनि जटिल क्रियापद नै हो। यसरी संरचनाका आधारमा क्रियालाई सरल र जटिल गरी दुई वर्गमा र जटिल क्रियालाई संयुक्त र मिलित गरी दुई उपवर्गमा विभाजन गरिन्छ।

### (क) सरल क्रिया (धातु + रूपायक प्रत्यय = सरल क्रिया)

| | | | |
|---|---|---|---|
| मैले | माग्नेलाई | पैसा | दिएँ। |
| हामी | घर | | गयौँ। |
| ऊ | पर्सि | | आउला। |
| सीताले | रामलाई | | छोडी। |

माथि दिइएका वाक्यहरूमा प्रयोग भएका 'दिएँ' (दि + एँ), 'गयौँ' (जा + यौँ), 'आउला' (आउ + ला) र छोडी (छोड् + ई) क्रियापदहरू एउटा मात्र धातु र त्यसपछि काल, पुरुष, वचन र लिङ्गबोधक रूपायक प्रत्यय एँ, 'यौँ', 'ला' 'ई' आदि लागेर बनेकाले सरल क्रियापद हुन्।

सामान्यतया सामान्य भूतकाल, इच्छार्थ र आज्ञार्थ बुझाउने क्रियापदहरू सरल क्रियापदभित्र पर्दछन्।

### (ख) जटिल क्रिया (संयुक्त क्रिया/मिलित क्रिया)

एकभन्दा बढी क्रियाहरू मिलेर एउटा (पहिलो) मात्र क्रियाको अर्थ दिने वा एउटै मात्र क्रियाको काम गर्ने क्रियामाला भएको क्रियापदलाई संयुक्त वा मिलित क्रिया भन्दछन्। जस्तै–

CC-0. In Public Domain. Digitization by eGangotri

| अ | आ |
|---|---|
| सागर घर गएको छ।<br>सुरेशले पढेको छ। | सागर घर गइसकेछ।<br>सुरेशले पढिसकिहालेछ। |

माथि 'अ' मा दिइएका दुईवटा वाक्यहरूमा 'गएको छ' र 'पढेको छ' दुईवटा संयुक्त क्रियापदहरू छन्। किनभने ती दुवै क्रियापदहरू क्रमशः 'जानु' र 'हुनु' तथा 'पढ्नु' र 'हुनु' गरी दुई क्रियाको योगबाट बनेका छन्।

'आ'मा दिइएका दुईवटा वाक्यहरूमा 'गइसकेछ' र 'पढिसकिहालेछ' दुई संयुक्त/मिलित क्रियापदहरू छन्। यीमध्ये 'गइसकेछ' भन्ने क्रियापद 'जानु', 'सक्नु' र 'हुनु' गरी तीनवटा क्रिया मिलेर बनेको छ। तर ती तीनवटा क्रियाहरूमध्ये पहिलो 'जानु' क्रियाको अर्थलाई नै अन्य क्रियाले सघाएका छन्। त्यस्तै 'पढिसकिहालेछ' क्रियापदमा 'पढ्नु', 'सक्नु', 'हाल्नु' र 'छनु' गरी चारवटा क्रियाहरू मिलेर बनेको छ। ती चारवटा क्रियाहरू मिलेर बनेको 'पढिसकिहालेछ' क्रियापदका पछिल्ला तीन क्रियाले त्यही सुरुको 'पढ्नु' क्रियाकै अर्थलाई सहयोग गरेका छन्। यसरी संयुक्त वा मिलित क्रियामा आएका दुई वा दुईभन्दा बढी क्रिया कुनै खास अर्थ वा कार्यका लागि मिलेका हुन्छन्।

यस्ता संयुक्त वा मिलित क्रियाका सहायक बनी आउन सक्ने प्रमुख क्रियाहरू र तिनीहरू आउने स्थान यहाँ दिइएका छन्। त्यस्ता सहायक क्रियाहरू यी हुन्– हुनु, पर्नु, सक्नु, रहनु, थाल्नु, हाल्नु, दिनु, राख्नु, बक्सनु, छाड्नु, हेर्नु, गर्नु, आउनु, पाउनु, मिल्नु, खोज्नु, आँट्नु, चाहनु आदि।

उपर्युक्त सहायक क्रियाहरू सबै ठाउँमा सहायक भएर आउँदैनन्। खास-खास कृदन्तीय क्रियासँग खास-खास सहायक क्रियाहरू मात्र आउने गर्दछन्। ती स्थानहरू यी हुन्:

| कृदन्त प्रत्यय | आउने सहायक क्रिया | संयुक्त/मिलित क्रिया |
|---|---|---|
| १. + नु | पर्नु, हुनु | खानुपर्छ, खानुहुन्छ |
| २. + ने | गर्नु | खानेगर्छ |
| ३. + एको | छनु, हुनु | आएको छ, आएको हो |
| ४. + दो/तो | हुनु | खाँदो हो, बस्तो हो |
| ५. + दै/तै | हुनु, रहनु, गर्नु, जानु | खाँदै छ, खाँदै रहन्छ, खाँदै गर्छ, खाँदै जाऊ |
| ६. + ई | रहनु, सक्नु, दिनु, हाल्नु जानु, राख्नु, छाड्नु, बक्सनु, हेर्नु | पढिरहन्छ, पढिसक्छ, खाइदिन्छ, पढिहाल्छ, मरिजान्छ, पढिराख्छ, खाइ छाड्छ, खाइबक्सन्छ, खाइहेर्छु। |
| ७. + न | सक्नु, हुनु, थाल्नु, आँट्नु, लाग्नु, खोज्नु, दिनु, पाउनु, पुग्नु, जानु, चाहनु | खान सक्छ, खान हुन्छ, खान थाल्छ, खान खोज्छ, खान दिन्छ, खान पाउँछ, खान पुग्छ, खान जान्छ, खान चाहन्छ। |

CC-0. In Public Domain. Digitization by eGangotri

## अभ्यास

तलका प्रश्नहरूका उत्तर लेख्नुहोस्।

१. संरचनाका आधारमा क्रिया कति प्रकारका छन्? उदाहरण दिई प्रकार समेत लेख्नुहोस्।
२. सरल क्रिया भनेको कस्तो क्रियापद हो? उदाहरण दिई स्पष्ट पार्नुहोस्।
३. संयुक्त/मिलित क्रियापद भनेका कस्ता क्रियापद हुन्? उदाहरण दिएर स्पष्ट पार्नुहोस्।
४. तलका वाक्यमा रेखाङ्कित गरी सङ्केत गरिएका क्रियापदहरूबाट सरल, संयुक्त/मिलित क्रियापद छुट्ट्याएर आफ्ना अभ्यास-पुस्तिकामा सार्नुहोस्:
नेपाल भौतिक दृष्टिले गरीब होला तर प्राकृतिक दृष्टिले धनी छ भन्ने कुरा बयान गर्नुपर्दैन। सगरमाथाले नेपालको शान बढाएको छ। मन्दिरहरूको देश भनेर यसलाई संसारले चिनिरहेको छ। यो वीरहरूको देश भनेर पनि चिनिन्छ। म त्यस देशमा जन्मेको छु जहाँ गौतम बुद्ध जन्मे; सीता र भृकुटी जन्मे।

## ११.५ अर्थका आधारमा क्रिया: मुख्य क्रिया, गुणक्रिया, गौण क्रिया र सहायक क्रिया

क्रियापदले दिने अर्थका आधारमा क्रियापदलाई मुख्य क्रिया, गुणक्रिया, गौण क्रिया र सहायक क्रिया गरी चार वर्गमा बाँड्न सकिन्छ। मुख्य क्रियाले अर्थ र संरचना दुवै दृष्टिले वाक्यलाई पूर्ण गर्छ भने गुणक्रिया र गौण क्रिया भने सहायक क्रियासँग आई संयुक्त भएपछि मात्र अर्थ र संरचना दुवै दृष्टिले वाक्यलाई पूरा गर्छन्, जस्तै:–

(अ) वेद पढेको रामले बाइबल पनि पढेको छ।
(आ) हिजो बिहानैदेखि पढ्दै गरेको रामले बेलुकीसम्म पढ्दै थियो।
(इ) रामले कुरान पनि पढ्नेछ।

माथि तीनवटा वाक्यहरू दिइएका छन्। पहिलो वाक्यमा 'पढेको रामले' पदावलीमा र 'पढेको छ' संयुक्त क्रियापदमा 'पढेको' भन्ने पद दोहोरिएको छ। 'पढेको रामले' भन्ने पदावलीका साथ आएको 'पढेको' पद विशेषण पद हो भने 'पढेको छ' संयुक्त क्रियापदमा आएको 'पढेको' पद क्रिया हो। क्रिया भएर पनि यस संयुक्त क्रियापदमा 'छ'का बायाँपट्टि आएको 'पढेको' पदले वाक्यलाई पूरा गरेको छैन। वाक्यलाई पूरा गर्नका लागि 'पढेको' पदका दायाँपट्टि 'छ' सहायक क्रियापद आएको छ। 'छ' सहायक क्रियापदका बायाँपट्टि रहेको 'पढेको' क्रियापद र 'पढेको रामले' पदावलीमा आएको 'पढेको' विशेषण पद दुवै उस्तै छन् अर्थात् दुवै 'पढ्' धातुमा 'एको' प्रत्यय लागेरै बनेका छन्। कृदन्त

CC-0. In Public Domain. Digitization by eGangotri

विशेषणपदको रचना गर्ने 'एको' कृत्प्रत्यय लागेर बनेको 'पढेको' पदले 'छ' सहायक क्रियापदका साथमा आउँदा त्यहाँ क्रियापदकै कार्य गरेको छ। त्यसैले गुणबोधक विशेषणको ढाँचामा निर्मित भई 'छ' सहायक क्रियापदका बायाँपट्टि संयुक्त भएर रहँदा क्रियापदको कार्य गरेको 'पढेको छ' संयुक्त क्रियापदमा रहेको 'पढेको' पद गुणबोधक विशेषणका जस्तो संरचना लिएर आएको गुण क्रिया हो। संयुक्त क्रियापदमा यही बायाँपट्टि रहने गुणक्रियाको अर्थ मुख्य रहने भएकाले यसलाई मुख्य क्रिया मान्ने चलन पनि छ।

माथिको दोस्रो वाक्यमा 'पढ्दै गरेको राम' भन्ने पदावली र 'पढ्दै थियो' भन्ने संयुक्त क्रियापदमा 'पढ्दै' भन्ने पद दोहोरिएको छ। 'पढ्दै गरेको राम' भन्ने पदावलीमा 'पढ्दै' पद 'गरेको' भन्ने गुणबोधक विशेषण पदको पनि विशेषणका रूपमा आएको हुँदा त्यो क्रियाविशेषण वा अव्यय पद हो भने 'पढ्दै थियो' संयुक्त क्रियापदका बायाँपट्टि रहेको 'पढ्दै' पद क्रियापद हो; तर यस 'पढ्दै' पदले पनि अर्थ पूरा गरी वाक्यलाई समाप्त पार्न सकेको छैन। त्यो 'पढ्दै' पद 'थियो' सहायक क्रियापदसँग मिली संयुक्त क्रियापद बन्न पुगेको छ र त्यसले वाक्यलाई पूरा गरेको छ। कृदन्त अव्यय (तै/दै) को बनोटमा निर्मित भई 'थियो' सहायक क्रियापदको बायाँपट्टि रही उक्त संयुक्त क्रियापदमा संरचना वा बनोटका दृष्टिले उक्त 'पढ्दै' मा क्रियापदको अंश गौणजस्तो देखिएको हुँदा यसलाई गौण क्रिया भन्न सकिन्छ। कर्ताका वचन, पुरुष, लिङ्गअनुसार 'थियो' सहायक क्रिया रूपायित हुने तर 'पढ्दै' पद रूपायित नहुने भएकाले समेत यसलाई गौण क्रिया मानिएको हो। यसरी संयुक्त क्रियापद 'पढ्दै थियो' मा 'पढ्दै' पदको व्याकरणात्मक (वचन, पुरुष, लिङ्ग, ......) अर्थ गौण रहेकाले 'पढ्दै' पद अव्यय पदको ढाँचामा निर्मित गौण क्रिया हो भने 'पढ्दै थियो' क्रियापद गौणक्रिया+सहायक क्रियाको ढाँचामा निर्मित संयुक्त क्रियापद हो। यो गौण क्रिया वाक्यमा अर्थका दृष्टिले मुख्य हुने भएकाले यसलाई 'मुख्य क्रिया' मान्ने चलन पनि छ।

माथि दिइएको तेस्रो वाक्यमा परेको 'पढ्नेछ' क्रियापद मुख्य क्रियापद हो। व्याकरणात्मक अर्थ (वचन, पुरुष, लिङ्ग आदि) लिने र वाक्यको अर्थ र संरचनालाई समेत पूरा गर्ने कार्य 'पढ्नेछ' क्रियापदले गरेको छ। त्यसैले 'पढ्नेछ' मुख्य क्रिया हो। माथि (अ) र (आ) का वाक्यमा प्रयोग भएका 'पढेको छ' र 'पढ्दै थियो' भन्ने क्रियापदमा रहेका 'छ' र 'थियो' सहायक क्रियापद हुन्। ती सहायक क्रियापदले मुख्य क्रिया पनि मानिने 'पढेको' भन्ने गुण क्रिया र 'पढ्दै' भन्ने गौण क्रियाको सहायक भई आएर वाक्यलाई पूरा पार्न सघाउ पुऱ्याएका छन्। सरल क्रियापदका रूपमा आउँदा 'छ' र 'थियो' जस्ता क्रियापदले मुख्य क्रियाको काम पनि गर्दछन्। माथि बताइएका मुख्य क्रिया, गुणक्रिया, गौण क्रिया र सहायक क्रियालाई यसरी चिन्न सकिन्छ:

(१) **मुख्य क्रिया:** व्याकरणात्मक अर्थ (वचन, पुरुष, लिङ्ग, काल) लिने र वाक्यको अर्थसमेत पूरा गरी वाक्यको संरचना पनि टुङ्ग्याउने क्रिया

CC-0. In Public Domain. Digitization by eGangotri

मुख्य क्रिया हो; 'पढ्छ', 'पढ्छे', 'पढ्यो', 'पढ्ला', 'पढ्नेछ', 'पढ्थ्यो' आदि मुख्य क्रिया हुन्।

(२) **गुण क्रिया:** धातु + एको, एका, एकी, तो/दो, ती/दी, ता/दा का बनोटमा अर्थात् गुणबोधक विशेषणको ढाँचामा निर्मित भई संयुक्त क्रियापदमा बायाँपट्टि रहने क्रिया नै गुण क्रिया हो। यसलाई मुख्य क्रिया पनि भनिन्छ; पढेको छ, पढ्दो छ, पढ्दी छे, पढ्दा छन्, पढेकी छे, पढेका छन् जस्ता संयुक्त क्रियापदमा रहेका रेखाङ्कित क्रियाहरू गुण क्रिया हुन्।

(३) **गौण क्रिया:** धातु + तै/दै जस्ता कृदन्त अव्यय व्युत्पादक प्रत्यय लागेर बनेका र संयुक्त क्रियापदमा सहायक क्रियापदको बायाँपट्टि बसी व्याकरणात्मक अर्थका (वचन-पुरुष-लिङ्ग आदि लिने) आधारमा गौण भएर रहे पनि अर्थ मुख्य हुने क्रिया नै गौण क्रिया हो; जस्तै: पढ्दै छ, पढ्दै छे, पढ्दै थियो आदि। यहाँ रेखाङ्कित गरिएका पद गौण क्रिया हुन् र यिनलाई पनि गुणक्रियालाई जस्तै मुख्य क्रिया मान्ने चलन चलेकै छ।

(४) **सहायक क्रियापद:** गुण क्रिया र गौणक्रियाका दायाँपट्टि आउने र सोही गुण/गौण क्रियाको अर्थलाई पूरा गर्न सहायता गर्ने अनि कर्ताको वचन, पुरुष, लिङ्गआदि अनुसार रूपायित हुने क्रियापद नै सहायक क्रियापद हो। गुण क्रिया + सहायक क्रिया र गौण क्रिया + सहायक क्रियाको संरचनामा आई संयुक्त क्रियापदको रूपमा निर्मित हुने सहायक क्रियापदले वाक्यलाई पूरा गर्नमा मद्दत गरेको हुन्छ। सहायक क्रियापदले मुख्य क्रियाका रूपमा आई आफै पनि वाक्यलाई समाप्त गर्न सक्छन् र वाक्यको अर्थलाई पनि पूरा गर्न सक्छन् तर संयुक्त क्रियापदमा वा मिलित क्रियापदमा तिनले आफ्ना बायाँपट्टि रहेको गुणक्रिया, गौण क्रिया वा अन्य क्रियाको अर्थलाई पूरा गर्नमा सघाउ पुऱ्याउँछन्।

## अभ्यास

**तलका प्रश्नहरूको उत्तर लेख्नुहोस्।**

१. अर्थका दृष्टिले क्रियालाई कति प्रकारमा बाँड्न सकिन्छ? बयान गर्नुहोस्।

२. (क) 'मुख्य क्रिया' भनेको कस्तो क्रियापद हो? उदाहरणसहित उल्लेख गर्नुहोस्।

(ख) 'गुणक्रिया' भनेको कस्तो क्रिया हो? के यसले एक्लै वाक्यलाई समाप्त पार्न सक्तछ? उल्लेख गर्नुहोस्।

(ग) 'गौण क्रिया' भनेको कस्तो क्रिया हो?

(घ) गुणक्रिया र गौण क्रियामा के अन्तर छ?

CC-0. In Public Domain. Digitization by eGangotri

३. (क) 'सहायक क्रिया' भनेको कस्तो क्रियापद हो?
(ख) 'सहायक क्रिया' मुख्य क्रियाका रूपमा प्रयोग हुन सक्छ कि सक्तैन?

४. (क) कृदन्त विशेषण र गुण क्रियाका बीच के अन्तर छ?
(ख) कृदन्त अव्यय र गौण क्रियाका बीच के फरक छ?
(ग) के गुण क्रिया र गौण क्रियालाई मुख्य क्रिया मान्ने प्रचलन छ? छ भने किन?

## ११.६ क्रियाका अन्य किसिम: पूर्वक्रिया र उत्तरक्रिया तथा आवश्यकताबोधक क्रिया

### (क) पूर्वक्रिया र उत्तरक्रिया

(अ) रामेश्वर घर गएर यहाँ आयो। (गएर: पूर्वक्रिया)
(आ) रामेश्वर घर जान यहाँ आयो। (जान: उत्तरक्रिया)

माथि दुईवटा वाक्यहरू दिइएका छन्। ती दुईवटै वाक्यहरूमा समापिका एवम् मुख्य क्रियापदका रूपमा 'आयो' क्रियापदको प्रयोग भएको छ। ती दुई वाक्यमध्ये पहिलो 'अ' मा दिइएको वाक्यमा रेखाङ्कित गरिएको 'गएर' पद पूर्वक्रिया हो भने दोस्रो 'आ' को वाक्यमा रेखाङ्कित गरिएको 'जान' पद उत्तरक्रिया हो। पहिलो वाक्यमा रेखाङ्कित गरिएको 'गएर' भन्ने पदले 'आयो' भन्ने क्रियापदले बुझाएको (रामेश्वर) आउने काम हुनुभन्दा/आउनुभन्दा पहिले घर जाने काम भएको भन्ने पूर्वक्रियाको अर्थ बुझाएको छ। यसरी समापिका मुख्यक्रियाले बुझाएको कामभन्दा अगि गरिएको क्रिया वा काम बुझाउने पदलाई पूर्वक्रिया भन्दछन्। दोस्रो वाक्यमा रेखाङ्कित गरिएको 'जान' भन्ने क्रियाले 'आयो' भन्ने मुख्य/समापिका क्रियापदले बुझाएको आउने काम गरिसकेपछि रामेश्वरले गर्ने अर्को क्रिया वा कामलाई बुझाएको छ। यहाँ कृदन्त अव्ययको रूप लिएर आएको 'जान' भन्ने असमापिका क्रियाले 'आयो' मुख्य क्रियाले बुझाएको आउने काम भएपछि मात्र हुने कामलाई बुझाएको छ; त्यसैले 'जान' उत्तरक्रिया हो।

यसरी मुख्यक्रिया/समापिका क्रियापदले पूरा कुरा बुझाउने र वाक्य समाप्त पार्ने समेत काम गरेपछि मुख्यक्रियाले बुझाएको कामभन्दा पछि गरिने क्रिया वा कामलाई बुझाउने शब्द उत्तरक्रिया हो भने मुख्यक्रिया/समापिका क्रियाले बुझाएको कामभन्दा पहिले वा अगि गरिएको क्रिया वा कामलाई बुझाउने शब्द पूर्वक्रिया हो। पूर्वक्रिया बुझाउन धातुमा लाग्ने कृत् प्रत्ययहरू 'एर', 'ई', 'इकन' आदि हुन्। उत्तरक्रिया बुझाउन धातुमा लाग्ने कृत् प्रत्यय 'न' हो।

CC-0. In Public Domain. Digitization by eGangotri

## अभ्यास

**तलका प्रश्नहरूको उत्तर लेख्नुहोस्।**

१. (क) कस्तो क्रियालाई पूर्वक्रिया भनिन्छ?
   (ख) कस्तो क्रियालाई उत्तरक्रिया भनिन्छ?
   (ग) पूर्वक्रिया र उत्तरक्रिया मुख्य क्रियाको दायाँ वा बायाँ कर्तातिर रहन्छन्?

२. तलका वाक्यहरूमा रेखाङ्कित गरी दिइएका पूर्वक्रिया र उत्तरक्रियालाई आफ्ना उत्तर-पुस्तिकामा अलग-अलग गरी सारेर देखाउनुहोस्:
   (१) राम पानी खान घर गयो।
   (२) राम पानी खाएर घर गयो।
   (३) उमेश पढ्न स्कूल गयो।
   (४) उमेश पढेर स्कूल गयो।
   (५) रीता घर गई यहाँ आइन्।
   (६) स्मिता घर जान यहाँ आइन्।
   (७) पासाङ् सगरमाथा चढेर सोलुतिर लागिन्।

## (ख) आवश्यकताबोधक र अत्यन्त आवश्यकताबोधक क्रियापद

| (अ) | (आ) |
|---|---|
| मैले गृहकार्य गर्नु छ। | मैले गृहकार्य गर्नुपर्छ। |

माथि (अ) मा 'मैले गृहकार्य गर्नु छ' भन्ने वाक्य दिइएको छ। सो वाक्यमा 'गर्नु छ' भन्ने क्रियापदले सोही वाक्यको उद्देश्य पद वा कर्तापद 'म' ले गृहकार्य गर्न जरुरी भएको वा आवश्यक भएको भन्ने अर्थ बुझाएको छ; त्यसैले (अ) मा 'मैले गृहकार्य गर्नु छ' भन्ने वाक्यमा प्रयोग भएको 'गर्नु छ' क्रियापद आवश्यकताबोधक क्रियापद हो।

त्यस्तै माथि (आ) मा 'मैले गृहकार्य गर्नुपर्छ' भन्ने वाक्य दिइएको छ र सो वाक्यमा प्रयोग भएको 'गर्नुपर्छ' क्रियापदले सोही वाक्यको उद्देश्यपद वा कर्तापद 'म' ले गृहकार्य गर्न अत्यन्त जरुरी वा अत्यन्त आवश्यक भएको कुरो बुझाएको छ। त्यसैले (आ) मा दिइएको वाक्यमा रहेको 'गर्नुपर्छ' भन्ने क्रियापद अत्यन्त आवश्यकताबोधक क्रियापद हो।

आवश्यकताबोधक क्रियापद भनेको आवश्यकताको अर्थ बुझाउने क्रियापद हो भने अत्यन्त आवश्यकताबोधक क्रियापद भनेको अत्यन्त आवश्यकताको अर्थ बुझाउने क्रियापद हो। आवश्यकताबोधक र अत्यन्त

CC-0. In Public Domain. Digitization by eGangotri

आवश्यकताबोधक क्रियापदहरूको सबै वचन, सबै पुरुष, सबै लिङ्ग र सबै आदरमा एकै किसिमको रूप हुन्छ; जस्तै:-

| आवश्यकताबोधक | अत्यन्त आवश्यकताबोधक |
|---|---|
| मैले गृहकार्य गर्नु छ। | मैले गृहकार्य गर्नुपर्छ। |
| हामीले गृहकार्य गर्नु छ। | हामीले गृहकार्य गर्नुपर्छ। |
| तिमीहरूले गृहकार्य गर्नु छ। | तिमीहरूले गृहकार्य गर्नुपर्छ। |
| तपाईंले गृहकार्य गर्नुछ। | तपाईंले गृहकार्य गर्नुपर्छ। |
| उसले गृहकार्य गर्नु छ। | उसले गृहकार्य गर्नुपर्छ। |
| उनीहरूले गृहकार्य गर्नु छ। | उनीहरूले गृहकार्य गर्नुपर्छ। |

## अभ्यास

**तलका प्रश्नहरूको उत्तर लेख्नुहोस्।**

१. (क) कस्तो क्रियापदलाई आवश्यकताबोधक क्रियापद भनिन्छ?
   (ख) कस्तो क्रियापदलाई अत्यन्त आवश्यकताबोधक क्रियापद भनिन्छ?

२. (क) कुनै पाँचवटा आवश्यकताबोधक क्रियापद आफै बनाई वाक्यमा प्रयोग गर्नुहोस्।
   (ख) कुनै पाँचवटा अत्यन्त आवश्यकताबोधक क्रियापद आफै बनाई वाक्यमा प्रयोग गर्नुहोस्।

●

CC-0. In Public Domain. Digitization by eGangotri

## परिच्छेद बाह्र

# अव्ययपद र यसका प्रकार

नाम, सर्वनाम, विशेषण र क्रियापदका वर्गमा नपर्ने र लिङ्ग, वचन, पुरुष आदिका आधारमा रूप नचल्ने पदलाई अव्यय भन्दछन्। अव्ययपदका चार प्रकार पहिल्यै पद-वर्गीकरणका सिलसिलामा देखाइसकिएका छन् र तिनको विशेष परिचय तल दिइएको छ:

## १२.१ क्रियाविशेषण र क्रियाविशेषणका प्रकार

### (क) क्रियाविशेषण

अव्यय वर्गको एक उपवर्ग क्रियाविशेषण हो। परम्परागत व्याकरणमा यसलाई क्रियायोगी पनि भनिएको पाइन्छ। क्रिया-विशेषणपदले खास गरी क्रियापदको विशेषता जाहेर गर्छ। क्रियापदका समय, स्थान, तरिका/रीति/अनुकरण, परिमाण, कारण/हितु जस्ता विशेषता जाहेर गर्ने शब्दलाई नै क्रियाविशेषण भनिन्छ; जस्तै– ऊ आज आयो। म भित्र जान्छु। तिमी राम्ररी पढ। मलाई व्याकरण अलिअलि आउँछ। व्याकरण पढ्नाले भाषाका नियम जानिन्छन्। यी वाक्यमा प्रयोग भएका 'आज', 'भित्र', 'राम्ररी', 'अलिकति' र 'पढ्नाले' जस्ता पदले क्रमश: ती-ती वाक्यमा प्रयोग भएका क्रियापदको समय, स्थान, तरिका/रीति, मात्रा/परिमाण र कारण/हितु बुझाएका छन्; त्यसैले यी 'आज', 'भित्र', 'राम्ररी', 'अलिअलि' र 'पढ्नाले' जस्ता पद क्रियाविशेषण हुन्।

### (ख) क्रियाविशेषणका प्रकार

क्रियाविशेषण पाँच प्रकारका छन्– (१) समयवाचक, (२) स्थानवाचक, (३) रीतिवाचक, (४) परिमाणवाचक र (५) कारणवाचक।

***(१) समयवाचक क्रियाविशेषण:*** वाक्यमा प्रयोग भएको क्रियापदको समयगत आधार बुझाउने पद समयवाचक क्रियाविशेषण हुन्। वाक्यमा क्रियापदको समयगत आधार बुझाउन प्रयोग हुने क्रियाविशेषणपद यी हुन्– हिजो, आज, भोलि, पर्सि, साँझ, बिहान, दिउँसो, भरे, अहिले, पहिले, सधैँ आदि।

***(२) स्थानवाचक क्रियाविशेषण:*** वाक्यमा प्रयोग भएको क्रियापदको स्थानगत आधार बुझाउने पद स्थानवाचक क्रियाविशेषण हुन्। यसका उदाहरण यी हुन्– भित्र, बाहिर, तल, माथि, वर, पर, यता, उता, त्यता, कता, यहाँ, त्यहाँ, कहाँ आदि।

CC-0. In Public Domain. Digitization by eGangotri

***(३) रीतिवाचक क्रियाविशेषण:*** वाक्यमा प्रयोग भएको क्रियापदले वर्णन गरेको कार्य-व्यापार हुने तरिका/ढङ्ग वा रीति बुझाउने पद रीतिवाचक क्रियाविशेषण हुन्। यस्ता क्रियाविशेषणपद यी हुन्– राम्ररी, बेसरी, यसरी, त्यसरी, जसरी, कसरी, तुरुन्तै, छिटो, चाँडो, ढिलो आदि। क्रियापदका कार्यव्यापारको अनुकरण बुझाउने पद पनि रीतिवाचक क्रियाविशेषण नै हुन्; जस्तै– टक्क, टहटह, झलमल्ल, ढकमक्क, दन्दन्ती, फटाफट आदि।

***(४) परिमाणवाचक क्रियाविशेषण:*** वाक्यमा प्रयोग भएको क्रियापदका कार्यव्यापारको परिमाण वा मात्रा बुझाउने पद परिमाणवाचक क्रियाविशेषण हुन्। क्रियाविशेषणको यस वर्गमा पर्ने पदले विशेष्य नामपदमा बायाँतिर आउँदा परिमाणवाचक विशेषणको कार्य पनि गर्दछन्। परिमाणवाचक क्रियाविशेषणका रूपमा प्रयोग हुने केही पदहरू यी हुन्– धेरै, थोरै, अलिकति, प्रशस्त, यति, उति, त्यति, जति, कति, अलिकति आदि।

***(५) कारणवाचक क्रियाविशेषण:*** वाक्यमा प्रयोग भएको क्रियापदका कार्यव्यापारको कारण बुझाउने पद कारणवाचक क्रियाविशेषण हुन्। यसका उदाहरण यी हुन्– खान, खानाले, हुन, हुनाले, पढ्न, पढ्नाले, खाएकाले, खाएकामा, पढेकाले, पढेकामा आदि।

## (ग) क्रियाविशेषण चिन्ने तरिका

वाक्यमा प्रयोग भएका क्रियाविशेषण पद कुन-कुन हुन् भनी चिन्ने एउटा तरिका छ। त्यो तरिका हो– क्रियापदका समय, स्थान, रीति/तरिका, परिमाण/मात्रा र कारण बुझाउने शब्दका बारेमा क्रमश: 'कहिले', 'कहाँ', 'कसरी/कसो गरी', 'कति' र 'किन' भन्ने प्रश्न गर्ने अनि उत्तर मिलाउने; जस्तै–

| प्रश्न | उत्तर |
|---|---|
| कहिले? | आज, भोलि, भरे, साँझ, बिहान, पहिले, सधैँ आदि। |
| कहाँ? | तल, माथि, वर, पर, त्यहाँ, यहाँ, जहाँ, भित्र, बाहिर आदि। |
| कसरी/कसो गरी? | राम्ररी, बेसरी, यसरी, त्यसरी, जसरी, फटाफट, थपक्क, जुरुक्क, दन्दन्ती आदि। |
| कति? | धेरै, थोरै, अलिकति, प्रशस्त, यति, उति, त्यति, जति आदि। |
| किन? | हुन, हुनाले, भएकाले, भएकामा आदि। |

माथि 'प्रश्न' र 'उत्तर' का महलमा दिइएका सबै शब्दहरू क्रियाविशेषण हुन्।

CC-0. In Public Domain. Digitization by eGangotri

## १२.२ नामयोगी

नाम, सर्वनाम र विशेषणका दायाँतिर विभक्तिझैँ जोडिने अव्यय पदलाई नामयोगी भनिन्छ; जस्तै– मपछि तिमी आऊ। टेबुलमाथि घडी छ। उसले कानूनबमोजिम सजाय पायो। त्यसनिम्ति तिमी धेरै दु:ख नगर। म जीवनपर्यन्त देशसेवा गर्नेछु। ऊ आकाशतिर हेर्दै छ। तिमी मसँग नआऊ। तिमी चियासट्टा दूध खाने गर। तिमीविना यो काम अरूले गर्न सक्तैन। राम सबभन्दा चलाख छ। म भोलि रमेशकहाँ जान्छु। यी वाक्यमा नाम/सर्वनामसँग जोडिई प्रयोग भएका 'पछि', 'माथि', 'बमोजिम', 'निम्ति', 'पर्यन्त', 'तिर', 'सँग', 'सट्टा', 'विना', 'भन्दा' र 'कहाँ' पद नामयोगी हुन्। नामयोगीका रूपमा प्रयोग हुने अरू पदका उदाहरण यी हुन्– (क) अघि, पहिले, पश्चात्, उपरान्त; (ख) मुनि, भित्र, बाहिर, नजिक, निर/नेर; (ग) झैँ, जस्तै, समान, सदृश, अनुसार, जति; (घ) निमित्त , लागि, खातिर, कारण; (ङ) सम्म, मात्र, केवल, मध्ये; (च) तर्फ, पट्टि; (छ) सित, समेत, सहित; (ज) बाहेक, (झ) बारे आदि। यी नामयोगीहरूमध्ये 'अघि', 'पछि', 'पहिले', 'माथि', 'मुनि', 'भित्र', 'बाहिर' जस्ता शब्दहरूले नाम/सर्वनाम र विशेषणसित जोडिएर आउँदा मात्र नामयोगीको कार्य गर्दछन् भने छुट्टै आउँदा क्रियाविशेषणको कार्य गर्दछन्; जस्तै– तिमीअघि म जान्छु। तिमी अघि जाऊ। यी दुई वाक्यमध्ये पहिलो वाक्यमा 'अघि' नामयोगीका रूपमा र पछिल्लो वाक्यमा 'अघि' क्रियाविशेषणका रूपमा प्रयोग भएको छ।

## १२.३ संयोजक र संयोजकपदका प्रकार

### (क) संयोजक

दुई वा दुईभन्दा बढी पद, पदावली, वाक्यांश वा वाक्यलाई जोड्ने अव्यय संयोजक हो; जस्तै– रमेश र रीता; पढेको पुस्तक अनि लेख्ने कापी; ग्याल्जेन हाँस्यो किनभने नोर्बुले नाच्न जानेन; बुधन हाँस्यो तर घुरहु हाँसेन आदि। यहाँ प्रयोग भएका 'र', 'अनि', 'किनभने' र 'तर' संयोजकपद हुन्।

### (ख) संयोजकपदका प्रकार

संयोजकपदका प्रकार यसरी देखाउन सकिन्छ–




***(१) सापेक्ष संयोजक:*** मिश्र वाक्यका मुख्य वाक्यखण्ड र अधीन वाक्यखण्डलाई जोड्ने अव्यय सापेक्ष संयोजक हुन्। यसका उदाहरण यी हुन्– के......भने, यदि......भने, भन्ने, किनभने, किनकि, जब–तब, जहाँ–त्यहाँ, जहिले–तहिले आदि।

CC-0. In Public Domain. Digitization by eGangotri

***(२) निरपेक्ष संयोजक:*** संयुक्त वाक्यमा स्वतन्त्र वाक्यहरूलाई जोड्ने अव्यय निरपेक्ष संयोजक हुन्। यसका उदाहरण यी हुन्– र, अनि, एवं, तथा, तर, किन्तु, परन्तु, यद्यपि, तथापि, तापनि, या/वा/अथवा, कि, भने आदि।

## १२.४ विस्मयादिबोधकपद (निपातसमेत)

मनका विस्मय/आश्चर्य, हर्ष, शोक/दु:ख/पीडा, प्रशंसा, घृणा, सम्बोधन जस्ता विभिन्न भावलाई जनाउने अव्ययपदलाई विस्मयादिबोधक पद भनिन्छ। यस्ता पदले मनको भाव दर्साउने हुनाले यसलाई मनोभावद्योतकपद पनि भन्न सकिन्छ। यसका उदाहरण यी हुन्–

विस्मय/आश्चर्य बुझाउने: ओहो, अरे आदि।
हर्ष बुझाउने: आहा, धन्य, जय आदि।
शोक/दु:ख/पीडा बुझाउने: कठै, बिचरा, ज्या, हा, आत्थु, ऐया आदि।
प्रशंसा बुझाउने, स्याबास्, क्याबात्, बा:, बाह आदि।
घृणा बुझाउने: छि, छ्या, थुक्क, धत्, धिक्कार आदि।
सम्बोधन बुझाउने: ए, ओ, ओइ आदि।

यीबाहेक वाक्यमा वक्ताका विभिन्न किसिमका धारणा बुझाउन आउने निपातहरूलाई पनि विस्मयादिबोधक पद नै मान्न सकिन्छ। नेपाली भाषाका त्यस्ता केही निपातहरू यी हुन्– त, न, नि, नै; पो, अँ, कि, के, क्या/क्यारे, ब्यारे, ल, लौ, ला, र, रे, अरे, सके, हँ, हकि/हगि, है, खै/खोइ, आच्चे, चाहिने, केरे, हजुरको, तपाईंको आदि।

### अभ्यास

**तलका प्रश्नहरूको उत्तर लेख्नुहोस्।**

१. (क) अव्यय पद केलाई भन्दछन्?
   (ख) अव्यय कति प्रकारका छन्? तिनको नामसमेत लेख्नुहोस्।

२. (क) क्रियाविशेषणको परिचय दिई त्यसका प्रकारहरू पनि लेख्नुहोस्।
   (ख) वाक्यमा प्रयोग भएका क्रियाविशेषणलाई कसरी चिन्न सकिन्छ? उपाय बताउनुहोस्।

३. नामयोगी केलाई भनिन्छ? उदाहरणसहित लेख्नुहोस्।
४. (क) संयोजक भनेको के हो? उदाहरणसहित परिचय दिनुहोस्।
   (ख) संयोजकपद कति प्रकारका छन्? तालिका बनाई देखाउनुहोस्।
५. (क) कस्ता पदलाई विस्मयादिबोधक पद भनिन्छ?

CC-0. In Public Domain. Digitization by eGangotri

(ख) विस्मयादिबोधक पद कति प्रकारका छन्? उदाहरणसहित लेख्नुहोस्।

६. तलका वाक्यमा रेखाङ्कित गरिएका पदहरू क्रियाविशेषण वा नामयोगी के हुन्? तिनलाई अलग-अलग पारी छुट्ट्याएर लेख्नुहोस्:
रामको घर माथि पर्छ।
रामको घरमाथि फूलका गमला सजाइएका छन्।
म बाहिर बस्छु।
तिमी अघि जाऊ।
तिमीअघि म जान्छु।

७. तलका वाक्यमा रेखाङ्कित गरिएका पदहरूमध्येबाट संयोजक, विस्मयादिबोधक र निपातहरूलाई अलग-अलग पारी सार्नुहोस्:
छ्या! यस्तो मात्तिएर कुरा नगर न।
छि: यो मान्छे त फोहोरी पो रहेछ।
स्याबास्! मलाई तिमी नै प्रथम हुन्छौ भन्ने लागेको थियो।
ज्या! आज त मैले गृहकार्य गर्न भुसुक्कै बिर्सेछु।
ऊ आज त आउँदैन कि!
लौ भोलि वनभोज जाऔँ अरे!।
ए! तिमीले त कस्तो हल्ला गरेको हँ?
कठै! हर्के मरेछ।
थुक्क! अनुत्तीर्ण भएको अनुहार देखाउनभन्दा डाडुमा पानी तताएर मर्नु नि!।

CC-0. In Public Domain. Digitization by eGangotri

परिच्छेद तेह्र

# क्रियापदको काल

## १३.१ कालको परिचय

काल भनेको समय हो। भाषाका व्याकरणमा काल भन्नाले क्रियापदले वर्णन गरेको कार्यव्यापारको वा अवस्थाको समय भन्ने बुझिन्छ; जस्तैः–

अ. सुरेश आयो।
आ. सुरेश आउँछ।
इ. सुरेश आउनेछ।

माथि (अ) मा 'सुरेश आयो' भन्ने वाक्य छ र त्यस वाक्यमा 'आयो' क्रियापदको प्रयोग भएको छ। सो 'सुरेश आयो' वाक्यमा प्रयोग भएको 'आयो' क्रियापदले सुरेशको आउने कार्यव्यापार सम्पन्न भइसकेको समयलाई जाहेर गरेको छ। वक्ताले उक्त वाक्य बोल्ने समयका केन्द्रीयतामा सुरेशको आउने काम भइसकेको छ। त्यसैले 'आयो' क्रियापदले भूतकालको वा बितिसकेको समयको वर्णन गरेको हुँदा सो 'आयो' क्रियापद भूतकालको क्रियापद हो।

माथि (आ) र (इ) मा 'सुरेश आउँछ' र 'सुरेश आउनेछ' भन्ने दुईवटा वाक्यहरू दिइएका छन्। ती वाक्यमध्ये (आ) मा दिएको वाक्यमा 'आउँछ' र 'इ' मा दिइएका वाक्यमा 'आउनेछ' क्रियापदको प्रयोग भएको छ। ती दुवै क्रियापदले सुरेशको आउने काम भई नसकेको वा हुन बाँकी रहेको भन्ने कुराको वर्णन गरेका छन्। त्यसैले ती 'आउँछ' र 'आउनेछ' क्रियापदले अभूत काल वा बितिनसकेको काललाई जनाउँछन्। अर्थात् ती दुई क्रियापद अभूतकालका क्रियापद हुन्।

यसरी क्रियापदले वर्णन गरेको कार्यव्यापार भइसकेको वा हुन बाँकी रहेको भनी बताउने समयलाई नै क्रियाको काल भनिन्छ।

## १३.२ कालका प्रकारः भूत र अभूत (भूत र वर्तमान/ भविष्यत्)

नेपाली भाषाका क्रियापदको कालका प्रकारलाई तल दिइएको रेखाचित्रद्वारा प्रस्तुत गर्न सकिन्छः



CC-0. In Public Domain. Digitization by eGangotri

## (क) क्रियापदको भूत काल: परिचय र रूपावली

भूत काल भनेको भइसकेको वा बितिसकेको वा पहिलेको समय हो। कुनै क्रियापदले वर्णन गरेको कार्यव्यापार वा अवस्था बितिसकेको समयमा सम्पन्न वा घटित भइसकेको भन्ने अर्थ बुझिएमा त्यस्तो क्रियापदको काललाई भूत काल भन्दछन्; जस्तै–

अ. हिजो पानी पऱ्यो।
आ. राम उत्तीर्ण भयो।
इ. बूढो मान्छे मऱ्यो।
ई. रामले भात खायो।

माथि (अ), (आ), (इ) र (ई) मा दिइएका वाक्यहरूमा 'पऱ्यो', 'भयो', 'मऱ्यो' र 'खायो' क्रियापदहरूको प्रयोग भएको छ। (अ) मा दिइएको 'हिजो पानी पऱ्यो' वाक्यमा 'पऱ्यो' क्रियापदले पानी पर्ने प्रक्रिया बितेको वा पहिलेको समयमा अर्थात् हिजै पूरा भइसकेको जनाएको छ। (आ) मा दिइएको 'राम उत्तीर्ण भयो' वाक्यमा 'भयो' क्रियापदले राम उत्तीर्ण भइसकेको समय वा स्थितिलाई बुझाएको छ। (इ) मा दिइएको 'बूढो मान्छे मऱ्यो' वाक्यमा 'मऱ्यो' क्रियापदको प्रयोग भएको छ। सो 'मऱ्यो' क्रियापदले बूढाको मृत्यु पहिलेको वा बितिसकेको समयमा भइसकेको घटनालाई जनाएको छ। त्यस्तै 'ई' मा दिइएको 'रामले भात खायो' वाक्यमा 'खायो' क्रियापदको प्रयोग भएको छ र सो 'खायो' क्रियापदले रामको भात खाने कार्यव्यापार पहिलेको वा बितेको समयमा सम्पन्न भइसकेको जनाएको छ। यसरी माथिका (अ), (आ), (इ) र (ई) मा दिइएका वाक्यहरूमा प्रयोग भएका 'पऱ्यो', 'भयो', 'मऱ्यो' र 'खायो' क्रियापदहरूले पहिलेको समय वा बितिसकेको समयमा घटित वा सम्पन्न भइसकेको प्रक्रिया, स्थिति, घटना र कार्यव्यापारलाई बुझाएकाले ती सबै भूत काल बुझाउने क्रियापद हुन्।

भूत काल बुझाउने क्रियापदका वचन, पुरुष, लिङ्ग र आदरका आधारमा रूप चल्दछन् र यसका केही उदाहरण तल दिइएका छन्:

### 'हुनु' अकर्मक क्रियाको भूत कालको रूपावली

| | एकवचन | बहुवचन | आदरार्थी |
|---|---|---|---|
| प्रथम पुरुष | (म) भएँ | (हामी) भयौँ | × |
| द्वितीय पुरुष | (तँ) भइस् | (तिमीहरू) भयौ | (तिमी) भयौ<br>(तपाईं/तपाईंहरू) हुनुभयो |
| तृतीय पुरुष | (ऊ) भयो/भई | (उनीहरू) भए | (उनी) भए<br>(उहाँ/उहाँहरू) हुनुभयो |

CC-0. In Public Domain. Digitization by eGangotri

**'छनु' अकर्मक क्रियाको भूत कालको रूपावली**

| | एकवचन | बहुवचन | आदरार्थी |
|---|---|---|---|
| प्रथम पुरुष | (म) थिएँ | (हामी) थियौँ | × |
| द्वितीय पुरुष | (तँ) थिइस् | (तिमीहरू) थियौ | (तिमी) थियौ<br>(तपाईं/तपाईंहरू) हुनुहुन्थ्यो |
| तृतीय पुरुष | (ऊ) थियो/थिई | (उनीहरू) थिए | (उनी) थिए/थिइन्<br>(उहाँ/उहाँहरू) हुनुहुन्थ्यो |

**'खानु' सकर्मक क्रियाको भूत कालको रूपावली**

| | एकवचन | बहुवचन | आदरार्थी |
|---|---|---|---|
| प्रथम पुरुष | (मैले) खाएँ | (हामीले) खायौँ | × |
| द्वितीय पुरुष | (तैँले) खाइस् | (तिमीहरूले) खायौ | (तिमीले) खायौ<br>(तपाईं/तपाईंहरूले) खानुभयो |
| तृतीय पुरुष | (उसले) खायो/खाई | (उनीहरूले) खाए | (उनले) खाए/खाइन्<br>(उहाँ/उहाँहरूले) खानुभयो |

## (ख) क्रियापदको वर्तमान काल: परिचय र रूपावली

वर्तमान काल भनेको अहिलेको समय हो। वर्तमान कालको क्रियापदले अहिलेको समयलाई बुझाउँछ। वर्तमान कालको क्रियापदले त्यस्तो समयलाई बुझाउँछ जहाँ क्रियापदले वर्णन गरेको कार्यव्यापार अहिलेका समयमा आरम्भ हुनै लागेको हुन्छ तर समाप्तचाहिँ भएको हुँदैन; जस्तै:–

अ. आज पानी पर्छ।

आ. राम उत्तीर्ण हुन्छ।

इ. बूढो मान्छे मर्छ।

ई. राम भात खान्छ।

माथि अ, आ, इ र ई मा चारवटा वाक्यहरू दिइएका छन् र ती वाक्यहरूमा 'पर्छ', 'हुन्छ', 'मर्छ' र 'खान्छ' क्रियापदहरूको प्रयोग भएको छ। अ. मा दिइएको 'आज पानी पर्छ' भन्ने वाक्यमा 'पर्छ' क्रियापदको प्रयोग भएको छ र सो 'पर्छ' क्रियापदले आजै/अहिले नै वा वर्तमान समयमा नै पानी पर्ने कुरा बुझाएको छ। आ. मा दिइएको 'राम उत्तीर्ण हुन्छ' वाक्यमा 'हुन्छ' क्रियापदको प्रयोग भएको छ र सो क्रियापदले अहिले वा वर्तमान समयमा रामको उत्तीर्ण हुने स्थिति छ भन्ने बुझाएको छ। इ. को 'बूढो मान्छे मर्छ' भन्ने वाक्यमा बूढो मान्छेको मृत्युको घटना अहिलेको समयमा हुनै लागेको कुरालाई सो वाक्यमा प्रयोग भएको 'मर्छ' क्रियापदले बुझाएको छ। त्यस्तै ई. को वाक्य 'राम भात खान्छ' मा 'खान्छ'

CC-0. In Public Domain. Digitization by eGangotri

क्रियापदको प्रयोग भएको छ र सो 'खान्छ' क्रियापदले रामले अहिलेको समयमा भात खाने कार्यव्यापार गर्ने लागेको कुरालाई बुझाएको छ। त्यसैले माथि अ. आ. इ. र ई. मा दिइएका वाक्यमा प्रयोग भएका 'पर्छ', 'हुन्छ', 'मर्छ' र 'खान्छ' क्रियापदले क्रमश: अहिलेको समयमा हुनै लागेका प्रक्रिया, स्थिति, घटना र कार्यव्यापार बुझाएकाले 'पर्छ', 'हुन्छ', 'मर्छ' र 'खान्छ' क्रियापद वर्तमान काल वा अहिलेको समय बुझाउने क्रियापद हुन्।

वर्तमान काल बुझाउने क्रियाका पनि वचन, पुरुष, लिङ्ग र आदरका आधारमा रूप चल्दछन्; जस्तै–

**'हुनु' अकर्मक क्रियाको वर्तमान कालको रूपावली–१**

| | एकवचन | बहुवचन | आदरार्थी |
|---|---|---|---|
| प्रथम पुरुष | (म) हुन्छु | (हामीहरू) हुन्छौं | × |
| द्वितीय पुरुष | (तँ) हुन्छस्/हुन्छेस् | (तिमीहरू) हुन्छौ | (तिमी) हुन्छौ/हुन्छ्यौ (तपाईं/तपाईंहरू) हुनुहुन्छ |
| तृतीय पुरुष | (ऊ) हुन्छ/हुन्छे | (उनीहरू) हुन्छन् | (उनी) हुन्छन्/हुन्छिन् (उहाँ/उहाँहरू) हुनुहुन्छ। |

**'हुनु' अकर्मक क्रियाको वर्तमान कालको रूपावली–२**

| | एकवचन | बहुवचन | आदरार्थी |
|---|---|---|---|
| प्रथम पुरुष | (म) हुँ | (हामीहरू) हौं | × |
| द्वितीय पुरुष | (तँ) होस् | (तिमीहरू) हौ | (तिमी) हौ (तपाईं/तपाईंहरू) हुनुहुन्छ |
| तृतीय पुरुष | (ऊ) हो | (उनीहरू) हुन् | (उनी) हुन् (उहाँ/उहाँहरू) हुनुहुन्छ |

**'छनु' अकर्मक क्रियाको वर्तमान कालको रूपावली**

| | एकवचन | बहुवचन | आदरार्थी |
|---|---|---|---|
| प्रथम पुरुष | (म) छु | (हामी) छौं | × |
| द्वितीय पुरुष | (तँ) छस्/छेस् | (तिमीहरू) छौ | (तिमी) छौ/छ्यौ (तपाईं/तपाईंहरू) हुनुहुन्छ |
| तृतीय पुरुष | (ऊ) छ/छे | (उनीहरू) छन् | (उनी) छन्/छिन् (उहाँ/उहाँहरू) हुनुहुन्छ |

CC-0. In Public Domain. Digitization by eGangotri

## 'खानु' सकर्मक क्रियाको वर्तमान कालको रूपावली

| - | एकवचन | बहुवचन | आदरार्थी |
|---|---|---|---|
| प्रथम पुरुष | (म) खान्छु | (हामीहरू) खान्छौँ | × |
| द्वितीय पुरुष | (तँ) खान्छस्/ खान्छेस् | (तिमीहरू) खान्छौ | (तिमी) खान्छौ/खान्छयौ (तपाईं/तपाईंहरू) खानुहुन्छ |
| तृतीय पुरुष | (ऊ) खान्छ/ खान्छे | (उनीहरू) खान्छन् | (उनी) खान्छन्/खान्छिन् (उहाँ/उहाँहरू) खानुहुन्छ |

### (ग) क्रियापदको भविष्यत् काल: परिचय र रूपावली

भविष्यत् काल भनेको पछिको समय हो। भविष्यत् कालका क्रियापदले पछिको समयलाई बुझाउँछन्। भविष्यत् कालका क्रियापदले त्यस्तो समयलाई बुझाउँछन् जहाँ क्रियापदको कार्यव्यापार पछिको समयमा वा आउने समयमा हुने भन्ने बुझिन्छ; जस्तै:–

अ. भोलि पानी पर्नेछ।
आ. राम उत्तीर्ण हुनेछ।
इ. बूढो मान्छे मर्नेछ।
ई. राम भात खानेछ।

माथि अ. आ. इ. र ई. मा चारवटा वाक्यहरू दिइएका छन् र ती चारवटा वाक्यहरूमा 'पर्नेछ', 'हुनेछ' 'मर्नेछ' र 'खानेछ' भन्ने क्रियापदहरूको प्रयोग भएको छ। अ. मा दिइएको 'भोलि पानी पर्नेछ' वाक्यमा 'पर्नेछ' क्रियापदको प्रयोग भएको छ र सो क्रियापदले पछि वा आउने समयमा वा भोलि पानी पर्ने कुरा जनाएको छ। आ. मा दिइएको 'राम उत्तीर्ण हुनेछ' भन्ने वाक्यमा 'हुनेछ' भन्ने क्रियापदको प्रयोग भएको छ र सो क्रियापदले पछिको समयमा रामको उत्तीर्ण हुने स्थिति बताएको छ। इ. मा दिइएको 'बूढो मान्छे मर्नेछ' वाक्यमा 'मर्नेछ' क्रियापदको प्रयोग भएको छ र सो क्रियापदले बूढाको मृत्युसम्बन्धी घटना पछिको समयमा हुने भन्ने बताएको छ। त्यस्तै ई. मा दिइएको वाक्य 'रामले भात खानेछ' मा 'खानेछ' क्रियापदको प्रयोग भएको छ र सो क्रियापदले रामले भात खाने कार्य पछिको समयमा गर्ने भन्ने बुझाएको छ। त्यसैले माथि दिइएका चारवटा वाक्यहरूमा प्रयोग भएका 'पर्नेछ', 'हुनेछ', 'मर्नेछ' र 'खानेछ' क्रियापदले क्रमश: पछिको समयमा हुने प्रक्रिया, घटना, स्थिति र कार्यव्यापारलाई बुझाएकाले ती क्रियापद भविष्यत् कालका क्रियापद हुन्।

भविष्यत् काल बुझाउने क्रियाका केही रूपावली तल दिइएका छन्:

CC-0. In Public Domain. Digitization by eGangotri

### 'हुनु' अकर्मक क्रियाका भविष्यत् कालको रूपावली

| | एकवचन | बहुवचन | आदरार्थी |
|---|---|---|---|
| प्रथम पुरुष | (म) हुनेछु | (हामी) हुनेछौँ | × |
| द्वितीय पुरुष | (तँ) हुनेछस्/ हुनेछेस् | (तिमीहरू) हुनेछौ | (तिमी) हुनेछौ/हुनेछ्यौ (तपाईं/तपाईंहरू) हुनुहुनेछ |
| तृतीय पुरुष | (ऊ) हुनेछ/ हुनेछे | (उनीहरू) हुनेछन् | (उनी) हुनेछन्/हुनेछिन् (उहाँ/उहाँहरू) हुनुहुनेछ |

### 'खानु' सकर्मक क्रियाको भविष्यत् कालको रूपावली

| | एकवचन | बहुवचन | आदरार्थी |
|---|---|---|---|
| प्रथम पुरुष | (म) खानेछु | (हामी) खानेछौँ | × |
| द्वितीय पुरुष | (तँ) खानेछस्/ खानेछेस् | (तिमीहरू) खानेछौ | (तिमी) खानेछौ/खानेछ्यौ (तपाईं/तपाईंहरू) खानुहुनेछ |
| तृतीय पुरुष | (ऊ) खानेछ/ खानेछे | (उनीहरू) खानेछन् | (उनी) खानेछन्/खानेछिन् (उहाँ/उहाँहरू) खानुहनेछ। |

## अभ्यास

**तलका प्रश्नहरूको उत्तर लेख्नुहोस्।**

१. (क) भाषाका व्याकरणमा काल केलाई भनिन्छ?
   (ख) क्रियापदको काल भन्नाले के बुझिन्छ?
   (ग) काल कति प्रकार छन्?
   (घ) भूत कालको क्रियापदले के-कस्तो समयलाई बुझाउँछ?

२. (क) 'डुल्नु' अकर्मक क्रियाको भूत कालका सबै वचन, सबै पुरुष, सबै लिङ्ग र सबै आदरमा रूप चलाउनुहोस्।
   (ख) 'खेल्नु' सकर्मक क्रियाको भूतकालका सबै वचन, सबै पुरुष, सबै लिङ्ग र सबै आदरमा रूप चलाउनुहोस्।

३. अभूत काल कति प्रकारको छ?

४. वर्तमान कालको क्रियापदले के-कस्तो समयलाई बुझाउँछ? उदाहरण सहित बयान गर्नुहोस्।

५. भविष्यत् कालको क्रियापदले के-कस्तो समयलाई बुझाउँछ? उदाहरणसहित बयान गर्नुहोस्।

CC-0. In Public Domain. Digitization by eGangotri

**'खानु' सकर्मक क्रियाको वर्तमान कालको रूपावली**

| | एकवचन | बहुवचन | आदरार्थी |
|---|---|---|---|
| प्रथम पुरुष | (म) खान्छु | (हामीहरू) खान्छौँ | × |
| द्वितीय पुरुष | (तँ) खान्छस्/ खान्छेस् | (तिमीहरू) खान्छौ | (तिमी) खान्छौ/खान्छयौ (तपाईं/तपाईंहरू) खानुहुन्छ |
| तृतीय पुरुष | (ऊ) खान्छ/ खान्छे | (उनीहरू) खान्छन् | (उनी) खान्छन्/खान्छिन् (उहाँ/उहाँहरू) खानुहुन्छ |

## (ग) क्रियापदको भविष्यत् काल: परिचय र रूपावली

भविष्यत् काल भनेको पछिको समय हो। भविष्यत् कालका क्रियापदले पछिको समयलाई बुझाउँछन्। भविष्यत् कालका क्रियापदले त्यस्तो समयलाई बुझाउँछन् जहाँ क्रियापदको कार्यव्यापार पछिको समयमा वा आउने समयमा हुने भन्ने बुझिन्छ; जस्तै:–

अ. भोलि पानी पर्नेछ।
आ. राम उत्तीर्ण हुनेछ।
इ. बूढो मान्छे मर्नेछ।
ई. राम भात खानेछ।

माथि अ. आ. इ. र ई. मा चारवटा वाक्यहरू दिइएका छन् र ती चारवटा वाक्यहरूमा 'पर्नेछ', 'हुनेछ' 'मर्नेछ' र 'खानेछ' भन्ने क्रियापदहरूको प्रयोग भएको छ। अ. मा दिइएको 'भोलि पानी पर्नेछ' वाक्यमा 'पर्नेछ' क्रियापदको प्रयोग भएको छ र सो क्रियापदले पछि वा आउने समयमा वा भोलि पानी पर्ने कुरा जनाएको छ। आ. मा दिइएको 'राम उत्तीर्ण हुनेछ' भन्ने वाक्यमा 'हुनेछ' भन्ने क्रियापदको प्रयोग भएको छ र सो क्रियापदले पछिको समयमा रामको उत्तीर्ण हुने स्थिति बताएको छ। इ. मा दिइएको 'बूढो मान्छे मर्नेछ' वाक्यमा 'मर्नेछ' क्रियापदको प्रयोग भएको छ र सो क्रियापदले बूढाको मृत्युसम्बन्धी घटना पछिको समयमा हुने भन्ने बताएको छ। त्यस्तै ई. मा दिइएको वाक्य 'रामले भात खानेछ' मा 'खानेछ' क्रियापदको प्रयोग भएको छ र सो क्रियापदले रामले भात खाने कार्य पछिको समयमा गर्ने भन्ने बुझाएको छ। त्यसैले माथि दिइएका चारवटा वाक्यहरूमा प्रयोग भएका 'पर्नेछ', 'हुनेछ', 'मर्नेछ' र 'खानेछ' क्रियापदले क्रमश: पछिको समयमा हुने प्रक्रिया, घटना, स्थिति र कार्यव्यापारलाई बुझाएकाले ती क्रियापद भविष्यत् कालका क्रियापद हुन्।

भविष्यत् काल बुझाउने क्रियाका केही रूपावली तल दिइएका छन्:

CC-0. In Public Domain. Digitization by eGangotri

## 'हुनु' अकर्मक क्रियाका भविष्यत् कालको रूपावली

| | एकवचन | बहुवचन | आदरार्थी |
|---|---|---|---|
| प्रथम पुरुष | (म) हुनेछु | (हामी) हुनेछौँ | × |
| द्वितीय पुरुष | (तँ) हुनेछस्/ हुनेछेस् | (तिमीहरू) हुनेछौ | (तिमी) हुनेछौ/हुनेछ्यौ (तपाईं/तपाईंहरू) हुनुहुनेछ |
| तृतीय पुरुष | (ऊ) हुनेछ/ हुनेछे | (उनीहरू) हुनेछन् | (उनी) हुनेछन्/हुनेछिन् (उहाँ/उहाँहरू) हुनुहुनेछ |

## 'खानु' सकर्मक क्रियाको भविष्यत् कालको रूपावली

| | एकवचन | बहुवचन | आदरार्थी |
|---|---|---|---|
| प्रथम पुरुष | (म) खानेछु | (हामी) खानेछौँ | × |
| द्वितीय पुरुष | (तँ) खानेछस्/ खानेछेस् | (तिमीहरू) खानेछौ | (तिमी) खानेछौ/खानेछ्यौ (तपाईं/तपाईंहरू) खानुहुनेछ |
| तृतीय पुरुष | (ऊ) खानेछ/ खानेछे | (उनीहरू) खानेछन् | (उनी) खानेछन्/खानेछिन् (उहाँ/उहाँहरू) खानुहनेछ। |

## अभ्यास

**तलका प्रश्नहरूको उत्तर लेख्नुहोस्।**

१. (क) भाषाका व्याकरणमा काल केलाई भनिन्छ?
   (ख) क्रियापदको काल भन्नाले के बुझिन्छ?
   (ग) काल कति प्रकार छन्?
   (घ) भूत कालको क्रियापदले के-कस्तो समयलाई बुझाउँछ?

२. (क) 'डुल्नु' अकर्मक क्रियाको भूत कालका सबै वचन, सबै पुरुष, सबै लिङ्ग र सबै आदरमा रूप चलाउनुहोस्।
   (ख) 'खेल्नु' सकर्मक क्रियाको भूतकालका सबै वचन, सबै पुरुष, सबै लिङ्ग र सबै आदरमा रूप चलाउनुहोस्।

३. अभूत काल कति प्रकारको छ?
४. वर्तमान कालको क्रियापदले के-कस्तो समयलाई बुझाउँछ? उदाहरण सहित बयान गर्नुहोस्।
५. भविष्यत् कालको क्रियापदले के-कस्तो समयलाई बुझाउँछ? उदाहरणसहित बयान गर्नुहोस्।

CC-0. In Public Domain. Digitization by eGangotri

६. (क) 'डुल्नु' अकर्मक क्रियापदको वर्तमान कालका सबै वचन, पुरुष, लिङ्ग र आदरमा रूप चलाउनुहोस्।

(ख) 'खेल्नु' सकर्मक क्रियापदको वर्तमान कालका सबै वचन, पुरुष, लिङ्ग र आदरमा रूप चलाउनुहोस्।

(ग) 'डुल्नु' अकर्मक क्रियापदको भविष्यत् कालका सबै वचन, पुरुष, लिङ्ग र आदरमा रूप चलाउनुहोस्।

(घ) 'खेल्नु' सकर्मक क्रियापदको भविष्यत् कालका सबै वचन, पुरुष, लिङ्ग र आदरमा रूप चलाउनुहोस्।

७. तल दिइएका वाक्यमा प्रयोग भएका क्रियापदलाई रेखाङ्कित गरिएको छ। ती रेखाङ्कित क्रियापदले वर्णन गरेको समय वा ती क्रियापदको काल (भूत, अभूत [वर्तमान/भविष्यत्]) कुन हो छुट्ट्याएर लेख्नुहोस्:

राम अस्ति <u>आयो</u>।
म पर्सि <u>आउनेछु</u>।
उनीहरू बजारतिर <u>हिँडे</u>।
तिम्रो घर कता <u>पर्छ</u>?
उषा पढ्न कोसिस <u>गर्छिन्</u>।
सुर्नाति पढ्न अल्छी <u>गर्दिनन्</u>।
निशा असाध्यै परिश्रम <u>गर्छिन्</u>।

●

CC-0. In Public Domain. Digitization by eGangotri

परिच्छेद चौध

# पक्ष: परिचय र प्रकार

## १४.१ पक्षको परिचय

भाषाको व्याकरणमा पक्ष भनेको क्रियाका कालभित्रको पनि काल हो। त्यसैले काललाई क्रियापदको समय र पक्षलाई क्रियापदका समयभित्रको पनि समय वा अवस्था भनिन्छ; जस्तै:

| (क) | (ख) |
|---|---|
| (अ) घुरहु हिजो विद्यालय गयो। | (अ) घुरहु हिजो विद्यालय गयो।<br>(आ) घुरहु हिजो विद्यालय जाँदो थियो।<br>(इ) घुरहु हिजो विद्यालय गएको थियो।<br>(ई) घुरहु हिजो विद्यालय गएछ।<br>(उ) घुरहु विद्यालय जान्थ्यो। |
| (आ) घुरहु आज विद्यालय जान्छ | (अ) घुरहु आज विद्यालय जान्छ।<br>(आ) घुरहु आज विद्यालय जाँदो छ।<br>(इ) घुरहु आज विद्यालय गएको छ। |
| (इ) घुरहु भोलि विद्यालय जानेछ। | (अ) घुरहु भोलि विद्यालय जानेछ।<br>(आ) घुरहु भोलि विद्यालय जाँदो हुनेछ।<br>(इ) घुरहु भोलि विद्यालय गएको हुनेछ। |

माथि (क) तर्फ (अ) मा 'घुरहु हिजो विद्यालय गयो' भन्ने वाक्य दिइएको छ। सो वाक्यमा प्रयोग भएको 'गयो' क्रियापदले भूत कालमा वा बितेको समयमा सम्पन्न भएको घुरहु विद्यालय गएको कार्यव्यापारलाई बुझाएको छ। त्यसैले 'गयो' भूतकालको क्रियापद हो। तर (क) (अ) को 'घुरहु हिजो विद्यालय गयो' भन्ने वाक्यको दायाँपट्टि अर्थात् (ख) मा क्रमश: (अ), (आ), (इ), (ई) र (उ) मा पाँचवटा वाक्यहरू दिइएका छन्। ती पाँचवटा वाक्यहरूमा क्रमश: 'गयो', 'जाँदो थियो', 'गएको थियो', 'गएछ' र 'जान्थ्यो' गरी पाँचवटा क्रियापदहरूको प्रयोग भएको छ। माथि (क) को (अ) मा दिइएको वाक्यमा प्रयोग भएको 'गयो' क्रियापदले कार्यव्यापार सम्पन्न भएको जुन समयको वर्णन गरेको छ; माथि (ख) मा दिइएका (अ), (आ) (इ) (ई) र (उ) मा दिइएका वाक्यमा प्रयोग भएका

CC-0. In Public Domain. Digitization by eGangotri

'गयो' 'जाँदो थियो', 'गएको थियो', 'गएछ' र 'जान्थ्यो' क्रियापदले पनि (क) तर्फको (अ) मा दिइएको वाक्यमा प्रयोग भएको भूत कालको त्यही समयभित्रको समय वा अवस्थालाई सङ्केत गरेका छन्। त्यसैले 'गयो' क्रियापदले वर्णन गरेको भूतकालको समयभित्रको समय वा अवस्थालाई वर्णन गरेकाले 'गयो' 'जाँदो थियो', 'गएको थियो', 'गएछ' र 'जान्थ्यो' क्रियापदहरूले भूतकालका विभिन्न पक्षलाई बुझाउँछन्। यी 'गयो', 'जाँदो थियो', 'गएको थियो', 'गएछ' र 'जान्थ्यो' क्रियापदले भूतकालका क्रमश: यी पाँच पक्षलाई बुझाएका छन्- (१) सामान्य भूत, (२) अपूर्ण भूत, (३) पूर्ण भूत, (४) अज्ञात भूत र (५) अभ्यस्त भूत।

माथि (क) को (आ) मा 'घुरहु आज विद्यालय जान्छ' भन्ने वाक्य दिइएको छ। सो वाक्यमा प्रयोग भएको 'जान्छ' क्रियापदले वर्तमान कालमा वा अहिलेको समयमा घुरहुको विद्यालय जाने कार्यव्यापार सम्पन्न हुनै लागेको कुराको वर्णन गरेको छ; त्यसैले 'जान्छ' वर्तमान कालको क्रियापद हो। मथि (क) (आ) को वाक्य 'घुरहु विद्यालय जान्छ' को ठीक दायाँपट्टि अर्थात् (ख) को तलपट्टि (अ) मा 'घुरहु विद्यालय जान्छ' (आ) मा 'घुरहु आज विद्यालय जाँदो छ' र (इ) मा 'घुरहु आज विद्यालय गएको छ' भन्ने तीनवटा वाक्यहरू दिइएका छन्। त्यहाँ दिइएका तीनवटा वाक्यहरूमा प्रयोग भएका 'जान्छ', 'जाँदो छ' र 'गएको छ' क्रियापदहरूले पनि माथि (क) को (आ) मा दिइएको 'घुरह आज विद्यालय जान्छ' भन्ने वाक्यमा प्रयोग भएको 'जान्छ' क्रियापदले नै वर्णन गरेको र बताएको समयभित्रको समय वा अवस्थालाई बुझाएका छन्। त्यसैले 'जान्छ' भन्ने वर्तमान कालको क्रियापदले जुन समयको वर्णन गरेको छ त्यही समयभित्रको पनि समय वा अवस्थालाई 'जान्छ', 'जाँदो छ' र 'गएको छ' क्रियापदले वर्णन गरेका छन्। 'जान्छ' वर्तमान कालको समयलाई बुझाउने क्रियापद भएकाले 'जान्छ', 'जाँदो छ' र 'गएको छ' क्रियापद वर्तमान कालभित्रका पक्ष बुझाउने क्रियापद हुन्। यी 'जान्छ', 'जाँदो छ' र 'गएको छ' क्रियापदले वर्तमानकालका क्रमश: यी तीन पक्षलाई बुझाएका छन्- (१) सामान्य वर्तमान, (२) अपूर्ण वर्तमान र (३) पूर्ण वर्तमान।

माथि (क) तर्फको (इ) मा 'घुरहु भोलि विद्यालय जानेछ' भन्ने वाक्य दिइएको छ। सो वाक्यमा 'जानेछ' भन्ने क्रियापदको प्रयोग भएको छ र सो 'जानेछ' भन्ने क्रियापदले भविष्यत् काल वा पछिको समयमा घुरहुको विद्यालय जाने कार्यव्यापार हुने भन्ने कुरा बुझाएको छ। माथि (क) (इ) को ठीक दायाँपट्टि (ख) को (अ) मा 'घुरहु विद्यालय जानेछ', (आ) मा 'घुरहु विद्यालय जाँदो हुनेछ' र (इ) मा 'घुरहु विद्यालय गएको हुनेछ' भन्ने तीनवटा वाक्यहरू दिइएका छन्। त्यहाँ दिइएका ती तीनवटा वाक्यहरूमध्ये (अ) को वाक्यमा 'जानेछ', (आ) को वाक्यमा 'जाँदो हुनेछ' र (इ) को वाक्यमा 'गएको हुनेछ' भन्ने तीनवटा क्रियापदहरूको प्रयोग भएको छ। माथि (क) को (इ) मा दिइएको 'घुरहु भोलि विद्यालय जानेछ' वाक्यमा प्रयोग भएंको 'जानेछ' भन्ने भविष्यत् कालको क्रियापदभित्रको काल वा अवस्थालाई नै सो (क) (इ) का दायाँपट्टि प्रयोग भएका 'जानेछ', 'जाँदो हुनेछ' र 'गएको हुनेछ' क्रियापदले बुझाएकाले 'जानेछ', 'जाँदो

CC-0. In Public Domain. Digitization by eGangotri

हुनेछ' र 'गएको हुनेछ' भविष्यत् कालका क्रमश: सामान्य, अपूर्ण र पूर्ण पक्षलाई बुझाउने क्रियापद हुन्।

यसरी काल भनेको क्रियापदको समय हो वा क्रियापदले वर्णन गरेको समय हो भने पक्ष भनेको त्यस्तो कार्यव्यापार सम्पन्न भएको समयभित्रको पनि समय वा अवस्था हो। कुनै खास कालभित्र कुनै काम पूरा भइसकेको छ वा छैन, पूरा भइसकेको भए भर्खर पूरा भएको हो कि धेरै अगि मात्र पूरा भएको हो, वक्ताले काम पूरा भएको भर्खरै मात्र चाल पायो कि पहिले नै चाल पाइसकेको थियो जस्ता कुनै खास कालभित्रका ती विभिन्न अतिरिक्त सूचनालाई नै काल (समय) को पक्ष (समय र अवस्था) भनिन्छ। ती पक्षहरूले विशाल कालखण्डभित्रका मसिना कुराहरूलाई सङ्केत गर्दछन्।

## १४.२ भूतकालका पक्षहरू (सामान्य, अपूर्ण, पूर्ण, अज्ञात र अभ्यस्त)

नेपाली क्रियाको भूतकालका पाँच पक्षहरू छन्। ती हुन्- सामान्य पक्ष, पूर्ण पक्ष, अपूर्ण पक्ष, अभ्यस्त पक्ष र अज्ञात पक्ष। भूतकालका यी पक्षहरूलाई सामान्य भूत, पूर्ण भूत, अपूर्ण भूत, अज्ञात भूत र अभ्यस्त भूत पनि भनिन्छ; जस्तै:-

(अ) घुरहु हिजो विद्यालय गयो।
(आ) घुरहु हिजो विद्यालय जाँदो थियो।
(इ) घुरहु हिजो विद्यालय गएको थियो।
(ई) घुरहु विद्यालय गएछ।
(उ) घुरहु विद्यालय जान्थ्यो।

***(क) सामान्य पक्ष/सामान्य भूत (धातु+य्, ए, ई):*** माथि (अ) मा दिइएको वाक्य 'घुरहु हिजो विद्यालय गयो।' मा 'गयो' क्रियापदको प्रयोग भएको छ। 'गयो' क्रियापद भूतकालको सामान्य पक्ष बुझाउने क्रियापद हो अर्थात् त्यो सामान्य भूत कालको क्रियापद हो। माथि (अ) को वाक्यमा प्रयोग गरिएको 'गयो' क्रियापदले भूत काल वा बितेका समयभित्रको कुनै खास अवस्थाको वर्णन नगरी सामान्य रूपमा अगि काम भइसकेको भन्ने सामान्य पक्ष मात्र बुझाएको छ। धातु+'य्/इ/ए' को संरचनामा सामान्य भूतकालको क्रियापदको रचना हुन्छ; जस्तै:-

(१) घुरहु हिजो विद्यालय गयो। (जा+य्)
(२) नथुनीले हिजो भात खाई। (खा+ई)
(३) उनले हिजो भात खाए। (खा+ए)

भूतकालको सामान्य पक्ष/सामान्य र भूत काल भनेको एउटै हो। भूतकाल वा सामान्य भूतकाल बुझाउने क्रियापदका वचन, पुरुष, लिङ्ग र आदरका आधारमा चल्ने रूपावलीका केही उदाहरण भूतकालको चर्चाका सिलसिलामै दिइसकिएका छन्।

CC-0. In Public Domain. Digitization by eGangotri

***(ख) अपूर्ण पक्ष/अपूर्ण भूत (धातु+तो/दो, ती/दी, ता/दा, तै/दै):*** माथि (आ) मा 'घुरहु विद्यालय जाँदो थियो' भन्ने वाक्य दिइएको छ। सो वाक्यमा 'जाँदो थियो' क्रियापदको प्रयोग भएको छ। सो 'जाँदो थियो' क्रियापदले बितेको समयमा घुरहुको विद्यालय जाने कार्यव्यापार भइरहेको/कार्यव्यापार सुरु भएर समाप्त नभएको वा चलिरहेको भन्ने अवस्था बुझाएको छ। 'जाँदो थियो' क्रियापद भूत कालको वा बितेको समयमा काम पूरा नभएको अवस्था बताउने क्रियापद हो। त्यसैले 'जाँदो थियो' भूत कालको अपूर्ण पक्ष वा अपूर्ण भूतकाललाई बुझाउने क्रियापद हो।

धातु+तो/दो, ती/दी, ता/दा वा तै/दै+'थिय्' प्रत्ययको योगबाट अपूर्ण भूतका क्रियापदहरूको रचना हुन्छ। अपूर्ण भूतका अन्य उदाहरणहरू यस प्रकार छन्:

(१) घुरहु हिजो विद्यालय जाँदो थियो/जाँदै थियो।
(२) नथुनी हिजो भात खाँदी थिई/खाँदै थिई।
(३) उनले हिजो भात खाँदा थिए/खाँदै थिए।

भूत कालको अपूर्ण पक्ष र अपूर्ण भूतकाल भन्नु एउटै हो। भूतकालको अपूर्ण पक्ष वा अपूर्ण भूत कालका क्रियापदको रूपावली यहाँ दिइएको छ:

### 'हुनु' अकर्मक क्रियाको अपूर्ण भूत कालको रूपावली

| | एकवचन | बहुवचन | आदरार्थी |
|---|---|---|---|
| प्रथम पुरुष | (म) हुँदो थिएँ/हुँदी थिएँ; हुँदै थिएँ | (हामी) हुँदै थियौँ; हुँदा थियौँ | |
| द्वितीय पुरुष | (तँ) हुँदो थिइस्/हुँदी थिइस्; हुँदै थिइस् | (तिमीहरू) हुँदा थियौ | (तिमी) हुँदा थियौ/हुँदी थियौ; हुँदै थियौ<br>(तपाईं/तपाईंहरू) हुँदै हुनुहुन्थ्यो |
| तृतीय पुरुष | (ऊ) हुँदो थियो/हुँटी थिई; हुँदै थियो/हुँदै थिई | (उनीहरू) हुँदा थिए; हुँदै थिए | (उनी) हुँदा थिए/हुँदी थिइन्; हुँदै थिए/हुँदै थिइन्<br>(उहाँ/उहाँहरू) हुँदै हुनुहुन्थ्यो |

CC-0. In Public Domain. Digitization by eGangotri

**'खानु' सकर्मक क्रियाको अपूर्ण (पक्ष) भूत कालको रूपावली**

| | एकवचन | बहुवचन | आदरार्थी |
|---|---|---|---|
| प्रथम पुरुष | (म) खाँदो थिएँ/खाँदी थिएँ; खाँदै थिएँ | (हामी) खाँदा थियौं; खाँदै थियौं | |
| द्वितीय पुरुष | (तँ) खाँदो थिइस्/खाँदी थिइस्; खाँदै थिइस् | (तिमीहरू) खाँदा थियौ; खाँदै थियौ | (तिमी) खाँदा थियौ/खाँदी थियौ; खाँदै थियौ (तपाईं/तपाईंहरू) खाँदै हुनुहुन्थ्यो |
| तृतीय पुरुष | (ऊ) खाँदो थियो/खाँदी थिई; खाँदै थियो/खाँदै थिई | (उनीहरू) खाँदा थिए; खाँदै थिए | (उनी) खाँदा थिए/खाँदी थिइन्; खाँदै थिए/खाँदै थिइन् (उहाँ/उहाँहरू) खाँदै हुनुहुन्थ्यो |

***(ग) पूर्ण पक्ष/पूर्ण भूत (धातु+एको/एकी/एका+थिय्):*** माथि (इ) मा 'घुरहु विद्यालय गएको थियो' भन्ने वाक्य दिइएको छ। सो वाक्यमा 'गएको थियो' क्रियापद प्रयोग भएको छ। सो 'गएको थियो' क्रियापदले भूत काल वा बितेको समयभित्र काम पूरा भएको अवस्था बताएको छ। त्यसैले 'गएको थियो' क्रियापदले भूतकालभित्र काम पूरा भएको विशेष समय वा अवस्था बताएकाले सो क्रियापद भूत कालमा काम पूर्ण भएको जनाउने पूर्ण पक्षको क्रियापद हो; अर्थात् 'गएको थियो' पूर्ण भूत कालको क्रियापद हो।

पूर्ण भूतकालका क्रियापदको रचना धातु+एको/एकी/एका+थिय् प्रक्रियाद्वारा हुन्छ। पूर्ण भूतकालका अन्य उदाहरण यस प्रकार छन्:

(१) घुरहु विद्यालय गएको थियो।

(२) नथुनीले भात खाएकी थिई।

(३) उनले भात खाएका थिए।

यहाँ (१) (२) र (३) का वाक्यमा प्रयोग भएका 'गएको थियो', 'खाएकी थिई' र 'खाएका थिए' भन्ने क्रियापदले भूत कालको पूर्ण पक्षलाई बुझाएका छन्। यसरी भूतकालमा काम पूर्ण वा समाप्त भएको बुझाउने पक्ष नै पूर्ण पक्ष वा पूर्ण भूत हो भन्ने बुझ्नुपर्दछ। पूर्ण भूत कालका क्रियापदका रूपावली यहाँ दिइएका छन्।

CC-0. In Public Domain. Digitization by eGangotri

### 'खानु' सकर्मक क्रियाको पूर्ण भूतकालको रूपावली

| . | एकवचन | बहुवचन | आदरार्थी |
|---|---|---|---|
| प्रथम पुरुष | (मैले) खाएको थिएँ/खाएकी थिएँ | (हामीले) खाएका थियौँ। | |
| द्वितीय पुरुष | (तैँले) खाएको थिइस्/खाएकी थिइस् | (तिमीहरूले) खाएका थियौ। | (तिमीले) खाएका थियौ, खाएकी थियौ (तपाईं/तपाईंहरूले) खानुभएको थियो |
| तृतीय पुरुष | (उसले) खाएको थियो/खाएकी थिई | (उनीहरूले) खाएका थिए। | (उनले) खाएका थिए/खाएकी थिइन् (उहाँ/उहाँहरूले) खानुभएको थियो |

### 'हुनु' अकर्मक क्रियाको पूर्ण भूतकालको रूपावली

| | एकवचन | बहुवचन | आदरार्थी |
|---|---|---|---|
| प्रथम पुरुष | (म) भएको थिएँ; भएकी थिएँ | (हामी) भएका थियौँ। | |
| द्वितीय पुरुष | (तँ) भएको थिइस्/भएकी थिइस्। | (तिमीहरू) भएका थियौ। | (तिमी) भएका थियौ/भएकी थियौ (तपाईं/तपाईंहरू) हुनुभएको थियो |
| तृतीय पुरुष | (ऊ) भएको थियो/भएकी थिई | (उनीहरू) भएका थिए। | (उनी) भएका थिए/भएकी थिइन् (उहाँ/उहाँहरू) हुनुभएको थियो |

***(घ) अज्ञात पक्ष/अज्ञात भूत (धातु+ए+छ्):*** माथि (ई) मा 'घुरहु विद्यालय गएछ' भन्ने वाक्य दिइएको छ र सो वाक्यमा 'गएछ' भन्ने क्रियापदको प्रयोग भएको छ। 'गएछ' क्रियापदले 'घुरहुको विद्यालय जाने कार्य व्यापार भूत काल वा बितेको समयमा नै सम्पन्न भएको तर थाहाचाहिँ वर्तमान कालमा भएको अवस्थालाई जनाएको छ। यसरी घुरहुले जुनबेला विद्यालय जाने कार्य-व्यापार गरेको थियो त्यसबेला सो कार्यव्यापार वक्ताका लागि अज्ञात रहेका कारणले नै 'गएछ' क्रियापदलाई अज्ञात पक्षको वा अज्ञात भूतकालको क्रियापद भनिएको हो।

CC-0. In Public Domain. Digitization by eGangotri

अज्ञात पक्षको अर्थात् अज्ञात भूत कालका क्रियापदको रचना धातु+ए+छ् को योगबाट हुन्छ। यसरी कार्यव्यापार भूत कालमा नै सम्पन्न हुने, सो कार्यव्यापार सम्पन्न हुने अवस्थामा सो कार्यव्यापार थाहा नहुने र पछि वा वर्तमानमा मात्र थाहा हुने भूतकालको अवस्था बुझाउने क्रियापद अज्ञात पक्षको क्रियापद हो; अज्ञात पक्षका क्रियापदको रूपावली यहाँ दिइएको छ:

### 'हुनु' अकर्मक क्रियाका अज्ञात भूत कालका रूपावली

| | एकवचन | बहुवचन | आदरार्थी |
|---|---|---|---|
| प्रथम पुरुष | (म) भएछु | (हामी) भएछौँ | |
| द्वितीय पुरुष | (तँ) भएछस्/भइछस् | (तिमीहरू) भएछौ | (तिमी) भएछौ/भइछ्यौ<br>(तपाईं) हुनुभएछ |
| तृतीय पुरुष | (ऊ) भएछ/भइछ | (उनीहरू) भएछन् | (उनी) भएछन्/भइछन्<br>(उहाँ/उहाँहरू) हुनुभएछ |

### 'हुनु/छनु' अकर्मक क्रियाका अज्ञात भूत कालका रूपावली

| | एकवचन | बहुवचन | आदरार्थी |
|---|---|---|---|
| प्रथम पुरुष | (म) रहेछु | (हामी) रहेछौँ | |
| द्वितीय पुरुष | (तँ) रहेछस्/<br>रहिछस् | (तिमीहरू) रहेछौ | (तिमी) रहेछौ<br>(तपाईं/तपाईंहरू) हुनुहुँदो रहेछ |
| तृतीय पुरुष | (ऊ) रहेछ/<br>रहिछ | (उनीहरू) रहेछन् | (उनी) रहेछन्<br>(उहाँ/उहाँहरू) हुनुहुँदो रहेछ |

### 'खानु' सकर्मक क्रियाका अज्ञात भूत कालका रूपावली

| | एकवचन | बहुवचन | आदरार्थी |
|---|---|---|---|
| प्रथम पुरुष | (मैले) खाएछु | (हामीले) खाएछौँ | |
| द्वितीय पुरुष | (तैँले) खाएछस्<br>खाइछस् | (तिमीहरूले) खाएछौ | (तिमीले) खाएछौ/खाइछ्यौ<br>(तपाईं/तपाईंहरूले) खानुभएछ |
| तृतीय पुरुष | (उसले) खाएछ | (उनीहरूले) खाएछन् | (उनले) खाएछन्/खाइछन्<br>(उहाँ/उहाँहरूले) खानुभएछ |

CC-0. In Public Domain. Digitization by eGangotri

***(ङ) अभ्यस्त (बानी बुझाउने) पक्ष (धातु+थ्यो, थी, थे):*** माथि (उ) मा 'घुरहु विद्यालय जान्थ्यो' भन्ने वाक्य दिइएको छ। सो वाक्यमा 'जान्थ्यो' क्रियापदको प्रयोग भएको छ। सो 'जान्थ्यो' क्रियापदले भूतकाल वा बितेको समयमा रहेको घुरहुको जाने बानी वा अभ्यासलाई बुझाएको छ। त्यसैले 'जान्थ्यो' भूतकालको अभ्यस्त पक्ष वा बानी बुझाउने पक्षलाई जनाउने क्रियापद हो।

अभ्यस्त पक्षका क्रियापदको रचना धातु+थ्यो/थे/थी को प्रक्रियाअनुसार हुन्छ। अभ्यस्त पक्ष वा अभ्यस्त भूतकालका क्रियापदको रूपावली यहाँ दिइएको छ:

**'हुनु' अकर्मक क्रियाका अभ्यस्त भूत काल रूपावली**

| | एकवचन | बहुवचन | आदरार्थी |
|---|---|---|---|
| प्रथम पुरुष | (म) हुन्थेँ | (हामी) हुन्थ्यौँ | |
| द्वितीय पुरुष | (तँ) हुन्थिस् | (तिमीहरू) हुन्थ्यौ | (तिमी) हुन्थ्यौ |
| तृतीय पुरुष | (ऊ) हुन्थ्यो/हुन्थी | (उनीहरू) हुन्थे | (उनी) हुन्थे/हुन्थिन्<br>(उहाँ/उहाँहरू) हुनुहुन्थ्यो |

**'खानु' सकर्मक क्रियाका अभ्यस्त भूत कालका रूपावली**

| | एकवचन | बहुवचन | आदरार्थी |
|---|---|---|---|
| प्रथम पुरुष | (म) खान्थेँ | (हामी) खान्थ्यौँ | |
| द्वितीय पुरुष | (तँ) खान्थिस् | (तिमीहरू) खान्थ्यौ | (तिमी) खान्थ्यौ<br>(तपाई/तपाईहरू) खानुहुन्थ्यो |
| तृतीय पुरुष | (ऊ) खान्थ्यो/खान्थी | (उनीहरू) खान्थे | (उनी) खान्थे/खान्थिन्<br>(उहाँ/उहाँहरू) खानुहुन्थ्यो। |

## १४.३ अभूत काल (वर्तमान र भविष्यत् काल) का पक्षहरू

### (क) वर्तमान कालका पक्षहरू: सामान्य, अपूर्ण र पूर्ण

नेपाली क्रियाको वर्तमान कालका तीन पक्षहरू छन्: सामान्य, अपूर्ण र पूर्ण। वर्तमान कालका यी पक्षहरूलाई सामान्य वर्तमान, अपूर्ण वर्तमान र पूर्ण वर्तमान पनि भनिन्छ; जस्तै:

(अ) घुरहु आज विद्यालय जान्छ।
(आ) घुरहु आज विद्यालय जाँदो छ/जाँदै छ।
(इ) घुरहु आज विद्यालय गएको छ।

CC-0. In Public Domain. Digitization by eGangotri

***(अ) सामान्य पक्ष/सामान्य वर्तमान: (धातु+छ्):*** माथि (क) (अ) मा 'घुरहु आज विद्यालय जान्छ' भन्ने वाक्य दिइएको छ। सो वाक्यमा 'जान्छ' भन्ने क्रियापदको प्रयोग भएको छ। अहिलेको समयमा वा वर्तमान कालमा घुरहुको विद्यालय जाने काम सुरु हुनै लागेको अवस्थालाई बुझाएको हुँदा 'जान्छ' वर्तमान कालको सामान्य पक्षको वा सामान्य वर्तमान कालको क्रियापद हो।

सामान्य वर्तमान कालको क्रियापदको रचना धातु+'छ्' को योगबाट वचन, पुरुष, लिङ्ग आदि बुझाउने रूपायक प्रत्यय लागेपछि हुन्छ। सामान्य वर्तमान काल भन्नु र वर्तमान काल भन्नु एउटै हो। त्यसैले क्रियाको सामान्य वर्तमान कालमा चल्ने रूपावलीका उदाहरण यसअगि वर्तमान कालको चर्चाकै सिलसिलामा दिइएका रूपावली हुन्।

***(आ) अपूर्णपक्ष/अपूर्ण वर्तमान: (धातु+तो/दो, ती/दी, ता/दा, तै/दै+छ्):*** माथि (क) (आ) मा 'घुरहु आज विद्यालय जाँदो छ' भन्ने वाक्य दिइएको छ र सो वाक्यमा 'जाँदो छ' भन्ने क्रियापदको प्रयोग भएको छ। सो 'जाँदो छ' भन्ने क्रियापदले वर्तमान कालमा वा अहिलेको समयमा घुरहुको विद्यालय जाने काम भइरहेको र पूरा नभएको कार्यव्यापारको अपूर्ण अवस्थालाई बुझाएको छ। त्यसैले 'जाँदो छ' अपूर्ण वर्तमान कालको क्रियापद हो।

अपूर्ण वर्तमान कालको क्रियापदको रचना धातु+तो/दो, ती/दी, तै/दै+छ् योगबाट हुन्छ। अपूर्ण वर्तमान काल बुझाउने क्रियापदका केही रूपावली यहाँ दिइएका छन्:

**'हुनु' अकर्मक क्रियाको अपूर्ण वर्तमान कालको रूपावली**

| | एकवचन | बहुवचन | आदरार्थी |
|---|---|---|---|
| प्रथम पुरुष | (म) हुँदो छु/हुँदी छु; हुँदै छु | (हामी) हुँदा छौं; हुँदै छौं | |
| द्वितीय पुरुष | (तँ) हुँदो छस्/हुँदी छेस्; हुँदै छस्/हुँदै छेस् | (तिमीहरू) हुँदा छौ; हुँदै छौ | (तिमी) हुँदा छौ/हुँदी छ्यौ (हुँदै छौ/हुँदै छ्यौ) |
| तृतीय पुरुष | (ऊ) हुँदो छ/हुँदी छे; हुँदै छ/हुँदै छे | (उनीहरू) हुँदा छन्; हुँदै छन् | (उनी) हुँदा छन्/हुँदी छन्; हुँदै छन्/हुँदै छिन् (उहाँ/उहाँहरू) हुनुहुँदो छ; हनुहुँदी छ; हनुहुँदै छ |

CC-0. In Public Domain. Digitization by eGangotri

### 'खानु' सकर्मक क्रियाको अपूर्ण वर्तमान कालको रूपावली

| | एकवचन | बहुवचन | आदरार्थी |
|---|---|---|---|
| प्रथम पुरुष | (म) खाँदो छु/खाँदी छु; खाँदै छु | (हामी) खाँदा छौँ; खाँदै छौँ | |
| द्वितीय पुरुष | (तँ) खाँदो छस्/खाँदी छेस्; खाँदै छस्/खाँदै छेस् | (तिमीहरू) खाँदा छौ; खाँदै छौ | (तिमी) खाँदा छौ/खाँदी छ्यौ; खाँदै छौ |
| तृतीय पुरुष | (ऊ) खाँदो छ/खाँदी छे; खाँदै छ/खाँदै छे | (उनीहरू) खाँदा छन्; खाँदै छन् | (उनी) खाँदा छन्/खाँदी छन्; खाँदै छन्/खाँदै छिन् (उहाँ/उहाँहरू) खाँदै हुनुहुन्छ। |

***(इ) पूर्ण पक्ष/पूर्ण वर्तमान: (धातु+एको/एकी/एका+छ्):*** माथि (क) 'इ' मा दिइएको वाक्यमा 'घुरहु विद्यालय गएको छ' भन्ने वाक्य दिइएको छ र सो वाक्यमा 'गएको छ' भन्ने क्रियापदको प्रयोग भएको छ। 'गएको छ' क्रियापदले वर्तमान कालमा वा अहिलेको समयमा भर्खरै काम सकिएको अवस्थालाई जनाएको छ। त्यसैले 'गएको छ' क्रियापद वर्तमान कालको पूर्ण अवस्था वा पक्ष बुझाउने क्रियापद हो। यसरी वर्तमान कालभित्रको समयमा काम सकिएको अवस्था बुझाउने पक्षलाई वर्तमान कालको पूर्ण पक्ष भन्दछन्।

पूर्ण वर्तमान कालको क्रियापदको रचना धातु+एको/एकी/एका+छ्+लिङ्ग, वचन, पुरुषबोधक रूपायक प्रत्ययको योगबाट हुन्छ। पूर्ण वर्तमान काल बुझाउने क्रियापदहरूका केही रूपावली यहाँ दिइएका छन्:

### 'हुनु' अकर्मक क्रियाको पूर्ण वर्तमान कालको रूपावली

| | एकवचन | बहुवचन | आदरार्थी |
|---|---|---|---|
| प्रथम पुरुष | (म) भएको छु/भएकी छु | (हामी) भएका छौँ | |
| द्वितीय पुरुष | (तँ) भएको छस्/भएकी छेस् | (तिमीहरू) भएका छौ | (तिमी) भएका छौ/भएकी छ्यौ (तपाईं/तपाईंहरू) हुनुभएको छ |
| तृतीय पुरुष | (ऊ) भएको छ/ भएँकी छे | (उनीहरू) भएका छन् | (उनी) भएका छन्/भएकी छन् (उहाँ/उहाँहरू) हुनुभएको छ |

CC-0. In Public Domain. Digitization by eGangotri

## 'खानु' सकर्मक क्रियाका पूर्ण वर्तमान कालको रूपावली

| | एकवचन | बहुवचन | आदरार्थी |
|---|---|---|---|
| प्रथम पुरुष | (मैले) खाएको छु/खाएकी छु | (हामीले) खाएका छौँ | |
| द्वितीय पुरुष | (तँैले) खाएको छस्/खाएकी छेस् | (तिमीहरूले) खाएका छौ | (तिमीले) खाएका छौ/खाएकी छ्यौ (तपाईंले) खानुभएको छ |
| तृतीय पुरुष | (उसले) खाएको छ/खाएकी छे | (उनीहरूले) खाएका छन् | (उनले) खाएका छन्/खाएकी छन् (उहाँ/उहाँहरूले) खानुभएको छ |

**(ख)भविष्यत् कालका पक्षहरू: सामान्य, अपूर्ण र पूर्ण**

नेपाली क्रियाको अभूत कालभित्रको भविष्यत् कालका पनि तीन पक्षहरू छन्: सामान्य, अपूर्ण र पूर्ण; जस्तै:-

(अ) घुरहु विद्यालय जानेछ।
(आ) घुरहु विद्यालय जाँदो हुनेछ/जाँदै हुनेछ।
(इ) घुरहु विद्यालय गएको हुनेछ।

***(अ) सामान्य पक्ष/सामान्य भविष्यत्:*** माथि (ख) (अ) मा 'घुरह विद्यालय जानेछ' भन्ने वाक्य दिइएको छ। सो वाक्यमा 'जानेछ' क्रियापदको प्रयोग भएको छ। 'जानेछ' क्रियापदले सो वाक्यमा घुरहुको विद्यालय जाने कार्यव्यापार पछिको समयभित्रको सामान्य अवस्थामा हुने भन्ने बुझाएको छ। त्यसैले 'जानेछ' क्रियापद भविष्यत् कालको सामान्य पक्षको वा सामान्य भविष्यत् कालको क्रियापद हो। सामान्य भविष्यत् कालको क्रियापद धातु+नेछमा लिङ्ग, वचन, पुरुषबोधक रूपायक प्रत्ययको योगबाट बन्दछ।

भविष्यत् कालको सामान्य पक्ष भन्नु र सामान्य भविष्यत् काल भन्नु एउटै हो। सामान्य भविष्यत् काल बुझाउने क्रियाको रूपावली र भविष्यत् काल बुझाउने क्रियाको रूपावली एउटै भएको हुँदा यस सामान्य भविष्यत्का क्रियाका रूपावलीका उदाहरण भविष्यत् कालको चर्चाका सिलसिलामा दिइएका क्रिया-रूपावली नै हुन्।

***(आ) अपूर्ण पक्ष/अपूर्ण भविष्यत्: (धातु+तो/दो, ती/दी, ता/दा (तै/दै) + नेछ):*** माथि (ख) (आ) मा 'घुरहु विद्यालय जाँदो हुनेछ' भन्ने वाक्य दिइएको छ र सो वाक्यमा 'जाँदो हुनेछ' क्रियापदको प्रयोग भएको छ। भविष्यत् काल वा पछि आउने समयभित्र कार्यव्यापार आरम्भ हुने तर समाप्त नहुने अवस्था बताउने भविष्यत् कालको पक्ष नै अपूर्ण भविष्यत् हो। अपूर्ण भविष्यत् कालीन क्रियापदले भविष्यत्मा कार्यव्यापार आरम्भ भएर समाप्तचाहिँ नभएको कुरा बुझाएको हुन्छ। यहाँ 'जाँदो हुनेछ' अपूर्ण भविष्यत्कालीन क्रियापद हो।

CC-0. In Public Domain. Digitization by eGangotri

अपूर्ण भविष्यत्‌कालीन क्रियापदको रचना धातु+तो/दो, ती/दी, ता/दा (तै/दै) + हुनेछ को योगबाट हुने गर्दछ। अपूर्ण भविष्यत्‌कालीन क्रियापदका केही रूपावली यहाँ दिइएका छन्:

**'हुनु' अकर्मक क्रियाको अपूर्ण भविष्यत् कालको रूपावली**

| | एकवचन | बहुवचन | आदरार्थी |
|---|---|---|---|
| प्रथम पुरुष | (म) हुँदो हुनेछु/हुँदी हुनेछु; हुँदै हुनेछु | (हामी) हुँदा हुनेछौँ; हुँदै हुनेछौँ | |
| द्वितीय पुरुष | (तँ) हुँदो हुनेछस्/हुँदी हुनेछस्; हुँदै हुनेछस् | (तिमीहरू) हुँदा हुनेछौ; हुँदै हुनेछौ | (तिमी) हुँदा हुनेछौ/हुनेछ्यौ (तपाई/तपाईहरू) हुँदा हुनुहुनेछ; हुनुहुँदै हुनेछ |
| तृतीय पुरुष | (ऊ) हुँदो हुनेछ/हुँदी हुनेछे; हुँदै हुनेछ/हुँदै हुनेछे | (उनीहरू) हुँदा हुनेछन्; हुँदै हुनेछन् | (उनी) हुँदा हुनेछन्/हुँदी हुनेछन्; हुँदै हुनेछन्/हुँदै हुनेछिन् (उहाँ/उहाँहरू) हुनुहुँदै हुनेछ |

**'खानु' सकर्मक क्रियाको अपूर्ण भविष्यत् कालको रूपावली**

| | एकवचन | बहुवचन | आदरार्थी |
|---|---|---|---|
| प्रथम पुरुष | (म) खाँदो थिएँ/खाँदी थिएँ; खाँदै थिएँ | (हामी) खाँदा थियौँ; खाँदै थियौँ | |
| द्वितीय पुरुष | (तँ) खाँदो थिइस्/खाँदी थिइस्; खाँदै थिइस् | (तिमीहरू) खाँदा थियौ; खाँदै थियौ | (तिमी) खाँदा थियौ/खाँदी थियौ; खाँदै थियौ (तपाई/तपाईहरू) खाँदा हुनुहुन्थ्यो/खाँदी हुनुहुन्थ्यो; खाँदै हुनुहुन्थ्यो |
| तृतीय पुरुष | (ऊ) खाँदो थियो/खाँदी थिई, खाँदै थियो/खाँदै थिई | (उनीहरू) खाँदा थिए; खाँदै थिए | (उनी) खाँदा थिए/खाँदी थिइन् (उहाँ/उहाँहरू) खाँदै हुनुहुन्थ्यो |

***(इ) पूर्ण पक्ष/पूर्ण भविष्यत्: (धातु+एको/एकी/एका+हुनेछ):*** माथि (ख) को (इ) मा 'घुरहु विद्यालय गएको हुनेछ' भन्ने वाक्य दिइएको छ। सो वाक्यमा 'गएको हुनेछ' क्रियापदको प्रयोग भएको छ। माथिको वाक्यमा 'गएको हुनेछ' क्रियापदले भविष्यत् काल वा पछि आउने समयभित्रको त्यस्तो

CC-0. In Public Domain. Digitization by eGangotri

क्रियापदले भविष्यत् काल वा पछि आउने समयभित्रको त्यस्तो अवस्थालाई बताएको छ; जहाँ घुरहुले आफ्नो कार्यव्यापार पूर्ण गरिसकेको हुनेछ। त्यसैले भविष्यत् कालभित्र काम पूर्ण भइसकेको वा पूरा भएको जनाउने पक्ष नै पूर्ण पक्ष हो अर्थात् पूर्ण भविष्यत् हो।

पूर्ण भविष्यत्कालीन क्रियापदको रचना धातु+एको/एका/एकी+हुनेछ प्रक्रियाबमोजिम हुन्छ। पूर्ण भविष्यत् काल बुझाउने क्रियापदका केही रूपावली यहाँ दिइएका छन्:

**'खानु' सकर्मक क्रियाको पूर्ण भविष्यत् कालको रूपावली**

| | एकवचन | बहुवचन | आदरार्थी |
|---|---|---|---|
| प्रथम पुरुष | (मैले) खाएको हुनेछु/खाएकी हुनेछु | (हामीले) खाएका हुनेछौँ | |
| द्वितीय पुरुष | (तैँले) खाएको हुनेछस्/खाएकी हुनेछस् | (तिमीहरूले) खाएका हुनेछौ | (तिमीले) खाएका हुनेछौ/खाएकी हुनेछ्यौ (तपाईं/तपाईंहरू) खानुभएको हुनेछ |
| तृतीय पुरुष | (उसले) खाएको हुनेछ/खाएकी हुनेछ | (उनीहरूले) खाएका हुनेछन् | (उनले) खाएका हुनेछन्/खाएकी हुनेछन् (उहाँ/उहाँहरू) खानुभएको हुनेछ |

**'हुनु' अकर्मक क्रियाको पूर्ण भविष्यत् कालको रूपावली**

| | एकवचन | बहुवचन | आदरार्थी |
|---|---|---|---|
| प्रथम पुरुष | (म) भएको हुनेछु/भएकी हुनेछु | (हामी) भएका हुनेछौँ | |
| द्वितीय पुरुष | (तँ) भएको हुनेछस्/भएकी हुनेछस् | (तिमीहरू) भएका हुनेछौ | (तिमी) भएका हुनेछौ/भएकी हुनेछ्यौ। (तपाईं/तपाईंहरू) हुनुभएको हुनेछ |
| तृतीय पुरुष | (ऊ) भएको हुनेछ/भएकी हुनेछ | (उनीहरू) भएका हुनेछन् | (उनी) भएका हुनेछन्/भएकी हुनेछन् (उहाँ/उहाँहरू) हुनुभएको हुनेछ |

CC-0. In Public Domain. Digitization by eGangotri

# अभ्यास

**तलका प्रश्नहरूको उत्तर लेख्नुहोस्।**

१. (क) व्याकरणमा पक्ष भन्नाले के बुझिन्छ?
   (ख) भूतकाल, वर्तमान काल र भविष्यत् कालको क्रियाका कति-कति पक्षहरू छन्; ती प्रत्येकका नाम समेत लेखेर देखाउनुहोस्।

२. (क) भूत कालको क्रियाको अभ्यस्त पक्षले क्रियापदको कस्तो अवस्थालाई बुझाउँछ?
   (ख) भूत कालको क्रियाको अज्ञात पक्षले क्रियापदको कस्तो अवस्थालाई बुझाउँछ?

३. तल दिइएका क्रियाहरूका सबै पुरुष, सबै वचन, सबै लिङ्ग र सबै आदरमा रूप चलाउनुहोस्:
   (क) 'डुल्नु' अकर्मक र 'लिनु' सकर्मक क्रियाको अपूर्ण भूतकालको रूपावली
   (ख) 'डुल्नु' अकर्मक र 'लिनु' सकर्मक क्रियाको सामान्य भूतकालको रूपावली
   (ग) 'डुल्नु' अकर्मक र 'लिनु' सकर्मक क्रियाको पूर्ण भूतकालको रूपावली
   (घ) 'डुल्नु' अकर्मक र 'लिनु' सकर्मक क्रियाको अभ्यस्त भूतकालको रूपावली
   (ङ) 'डुल्नु' अकर्मक र 'लिनु' सकर्मक क्रियाको अज्ञात भूतकालको रूपावली
   (च) 'डुल्नु' अकर्मक र 'लिनु' सकर्मक क्रियाको अपूर्ण वर्तमानकालको रूपावली
   (छ) 'डुल्नु' अकर्मक र 'लिनु' सकर्मक क्रियाको सामान्य वर्तमानकालको रूपावली
   (ज) 'डुल्नु' अकर्मक र 'लिनु' सकर्मक क्रियाको अपूर्ण भविष्यत्कालको रूपावली।
   (झ) 'डुल्नु' अकर्मक र 'लिनु' सकर्मक क्रियाको पूर्ण वर्तमानकालको रूपावली।
   (ञ) 'डुल्नु' अकर्मक र 'लिनु' सकर्मक क्रियाको सामान्य भविष्यत् कालको रूपावली
   (ट) 'डुल्नु' अकर्मक र 'लिनु' सकर्मक क्रियाको पूर्ण भविष्यत्कालको रूपावली

CC-0. In Public Domain. Digitization by eGangotri

४. कोष्ठकमा दिइएका धातु र सङ्केतका सहायताले तलका वाक्यका खाली ठाउँ भर्नुहोस्:

(क) उसले लुगा.................................. (धु: सामान्य भूत)
हामी उत्तीर्ण .............................. (हु: सामान्य भूत)
प्रहरीले चोर .............................. (पक्र: सामान्य भूत)
तैँले कफी .................................. (पिउ: सामान्य भूत)
तपाईंले पुस्तकहरू ...................... (पढ्: सामान्य भूत)
बुबाले खाना ................................ (खा: सामान्य भूत)
तिमीले आफ्नो काम ..................... (गर्: सामान्य भूत)
उनीहरूलाई तिमीले ..................... (हप्काउ: सामान्य भूत)
हामीले जाँच ................................ (सक्: सामान्य भूत)
उनीहरूलाई मैले .......................... (डुलाउ: सामान्य भूत)
हामीले गृहकार्य .......................... (गर्: सामान्य भूत)
उनीहरू ...................................... (आउ: सामान्य भूत)
तिमीले पुस्तक ........................... (पढ्: सामान्य भूत)
उनीहरूले भाइलाई ....................... (पढाउ: सामान्य भूत)
हामीहरूले काम .......................... (थाल्: सामान्य भूत)

(ख) उसले लुगा.................................. (धु: अपूर्ण भूत)
हामी उत्तीर्ण .............................. (हु: अपूर्ण भूत)
प्रहरीले चोर .............................. (पक्र: अपूर्ण भूत)
तैँले कफी .................................. (पिउ: अपूर्ण भूत)
तपाईंले पुस्तकहरू ...................... (पढ्: अपूर्ण भूत)
बुबाले खाना ................................ (खा: अपूर्ण भूत)
तिमीले आफ्नो काम ..................... (गर्: अपूर्ण भूत)
उनीहरूलाई तिमीले ..................... (हप्काउ: अपूर्ण भूत)
हाम्रो जाँच ................................ (सकि: अपूर्ण भूत)
उनीहरूलाई मैले .......................... (डुलाउ: अपूर्ण भूत)
हामीले गृहकार्य .......................... (गर्: अपूर्ण भूत)
उनीहरू ...................................... (आउ: अपूर्ण भूत)
तिमीले पुस्तक ........................... (पढ्: अपूर्ण भूत)
उनीहरूले भाइलाई ....................... (पढाउ: अपूर्ण भूत)
हामीहरूले काम .......................... (थाल्: अपूर्ण भूत)

(ग) उसले लुगा.................................. (धु: पूर्ण भूत)
हामी उत्तीर्ण .............................. (हु: पूर्ण भूत)
प्रहरीले चोर .............................. (पक्र: पूर्ण भूत)
तैँले कफी .................................. (पिउ: पूर्ण भूत)

CC-0. In Public Domain. Digitization by eGangotri

तपाईंले पुस्तकहरू ........................ (पढ्: पूर्ण भूत)
बुबाले खाना .............................. (खा: पूर्ण भूत)
तिमीले आफ्नो काम ...................... (गर्: पूर्ण भूत)
उनीहरूलाई तिमीले ...................... (हप्काउ: पूर्ण भूत)
हाम्रो जाँच ............................... (सकि: पूर्ण भूत)
उनीहरूलाई मैले .......................... (डुलाउ: पूर्ण भूत)
हामीले गृहकार्य .......................... (गर्: पूर्ण भूत)
उनीहरू .................................... (आउ: पूर्ण भूत)
तिमीले पुस्तक ............................ (पढ्: पूर्ण भूत)
उनीहरूले भाइलाई ........................ (पढाउ: पूर्ण भूत)
हामीहरूले काम ........................... (थाल्: पूर्ण भूत)

(घ) उसले लुगा.................................... (धु: अज्ञात भूत)
हामी उत्तीर्ण .............................. (हु: अज्ञात भूत)
प्रहरीले चोर ............................... (पक्र: अज्ञात भूत)
तैँले कफी .................................. (पिउ: अज्ञात भूत)
तपाईंले पुस्तकहरू ....................... (पढ्: अज्ञात भूत)
बुबाले खाना ............................... (खा: अज्ञात भूत)
तिमीले आफ्नो काम ...................... (गर्: अज्ञात भूत)
उनीहरूलाई तिमीले ...................... (हप्काउ: अज्ञात भूत)
हाम्रो जाँच ................................ (सकि: अज्ञात भूत)
उनीहरूलाई मैले ......................... (डुलाउ: अज्ञात भूत)
हामीले गृहकार्य ......................... (गर्: अज्ञात भूत)
उनीहरू ................................... (आउ: अज्ञात भूत)
तिमीले पुस्तक ........................... (पढ्: अज्ञात भूत)
उनीहरूले भाइलाई ....................... (पढाउ: अज्ञात भूत)
हामीहरूले काम .......................... (थाल्: अज्ञात भूत)

(ङ) उसले लुगा.................................... (धु: अभ्यस्त भूत)
हामी उत्तीर्ण .............................. (हु: अभ्यस्त भूत)
प्रहरीले चोर ............................... (पक्र: अभ्यस्त भूत)
तैँले कफी .................................. (पिउ: अभ्यस्त भूत)
तपाईंले पुस्तकहरू....................... (पढ्: अभ्यस्त भूत)
बुबाले खाना ............................... (खा: अभ्यस्त भूत)
तिमीले आफ्नो काम ...................... (गर्: अभ्यस्त भूत)
उनीहरूलाई तिमीले ...................... (हप्काउ: अभ्यस्त भूत)
हाम्रो जाँच ................................ (सकि: अभ्यस्त भूत)
उनीहरूलाई म ............................ (डुलाउ: अभ्यस्त भूत)

CC-0. In Public Domain. Digitization by eGangotri

| | |
|---|---|
| हामी गृहकार्य .............................. | (गर्: अभ्यस्त भूत) |
| उनीहरू यहाँ.............................. | (आउ: अभ्यस्त भूत) |
| तिमी पुस्तक .............................. | (पढ्: अभ्यस्त भूत) |
| उनीहरू भाइलाई .............................. | (पढाउ: अभ्यस्त भूत) |
| हामीहरू काम .............................. | (थाल्: अभ्यस्त भूत) |

| | | |
|---|---|---|
| (च) | ऊ लुगा .............................. | (धु: सामान्य वर्तमान) |
| | हामी उत्तीर्ण .............................. | (हु: सामान्य वर्तमान) |
| | प्रहरी चोर .............................. | (पक्र: सामान्य वर्तमान) |
| | तँ कफी .............................. | (पिउ: सामान्य वर्तमान) |
| | तपाईं पुस्तकहरू .............................. | (पढ्: सामान्य वर्तमान) |
| | बुबा खाना .............................. | (खा: सामान्य वर्तमान) |
| | तिमी आफ्नो काम .............................. | (गर्: सामान्य वर्तमान) |
| | उनीहरूलाई तिमीले .............................. | (हप्काउ: सामान्य वर्तमान) |
| | हाम्रो जाँच .............................. | (सकि: सामान्य वर्तमान) |
| | उनीहरूलाई मैले .............................. | (डुलाउ: सामान्य वर्तमान) |
| | हामी गृहकार्य .............................. | (गर्: सामान्य वर्तमान) |
| | उनीहरू .............................. | (आउ: सामान्य वर्तमान) |
| | तिमी पुस्तक .............................. | (पढ्: सामान्य वर्तमान) |
| | उनीहरूले भाइलाई .............................. | (पढाउ: सामान्य वर्तमान) |
| | हामीहरू काम .............................. | (थाल्: सामान्य वर्तमान) |

| | | |
|---|---|---|
| (छ) | उसले लुगा.............................. | (धु: पूर्ण वर्तमान) |
| | हामी उत्तीर्ण .............................. | (हु: पूर्ण वर्तमान) |
| | प्रहरीले चोर .............................. | (पक्र: पूर्ण वर्तमान) |
| | तैँले कफी .............................. | (पिउ: पूर्ण वर्तमान) |
| | तपाईंले पुस्तकहरू .............................. | (पढ्: पूर्ण वर्तमान) |
| | बुबाले खाना .............................. | (खा: पूर्ण वर्तमान) |
| | तिमीले आफ्नो काम .............................. | (गर्: पूर्ण वर्तमान) |
| | उनीहरूलाई तिमीले .............................. | (हप्काउ: पूर्ण वर्तमान) |
| | हाम्रो जाँच .............................. | (सकि: पूर्ण वर्तमान) |
| | उनीहरूलाई मैले .............................. | (डुलाउ: पूर्ण वर्तमान) |
| | हामीले गृहकार्य .............................. | (गर्: पूर्ण वर्तमान) |
| | उनीहरू .............................. | (आउ: पूर्ण वर्तमान) |
| | तिमीले पुस्तक .............................. | (पढ्: पूर्ण वर्तमान) |
| | उनीहरूले भाइलाई .............................. | (पढाउ: पूर्ण वर्तमान) |
| | हामीहरूले काम .............................. | (थाल्: पूर्ण वर्तमान) |

CC-0. In Public Domain. Digitization by eGangotri

(ज) ऊ लुगा ...................................... (धु: अपूर्ण वर्तमान)
हामी उत्तीर्ण .............................. (हु: अपूर्ण वर्तमान)
प्रहरी चोर ................................. (पक्र: अपूर्ण वर्तमान)
तँ कफी ...................................... (पिउ: अपूर्ण वर्तमान)
तपाईं पुस्तकहरू ......................... (पढ्: अपूर्ण वर्तमान)
बुबा खाना .................................. (खा: अपूर्ण वर्तमान)
तिमी आफ्नो काम ...................... (गर्: अपूर्ण वर्तमान)
उनीहरूलाई तिमीले ..................... (हप्काउ: अपूर्ण वर्तमान)
हाम्रो जाँच ................................. (सकि: अपूर्ण वर्तमान)
उनीहरूलाई म ............................ (डुलाउ: अपूर्ण वर्तमान)
हामी गृहकार्य ............................. (गर्: अपूर्ण वर्तमान)
उनीहरू ...................................... (आउ: अपूर्ण वर्तमान)
तिमी पुस्तक .............................. (पढ्: अपूर्ण वर्तमान)
उनीहरू भाइलाई ......................... (पढाउ: अपूर्ण वर्तमान)
हामीहरू काम ............................. (थाल्: अपूर्ण वर्तमान)

(झ) उसले लुगा................................. (धु: पूर्ण भविष्यत्)
हामी उत्तीर्ण .............................. (हु: पूर्ण भविष्यत्)
प्रहरीले चोर .............................. (पक्र: पूर्ण भविष्यत्)
तैँले कफी .................................. (पिउ: पूर्ण भविष्यत्)
तपाईंले पुस्तकहरू ..................... (पढ्: पूर्ण भविष्यत्)
बुबाले खाना ............................... (खा: पूर्ण भविष्यत्)
तिमीले आफ्नो काम .................... (गर्: पूर्ण भविष्यत्)
उनीहरूलाई तिमीले ..................... (हप्काउ: पूर्ण भविष्यत्)
हाम्रो जाँच ................................. (सकि: पूर्ण भविष्यत्)
उनीहरूलाई मैले ......................... (डुलाउ: पूर्ण भविष्यत्)
हामीले गृहकार्य .......................... (गर्: पूर्ण भविष्यत्)
उनीहरू ...................................... (आउ: पूर्ण भविष्यत्)
तिमीले पुस्तक ............................ (पढ्: पूर्ण भविष्यत्)
उनीहरूले भाइलाई ...................... (पढाउ: पूर्ण भविष्यत्)
हामीहरूले काम .......................... (थाल्: पूर्ण भविष्यत्)

५. कोष्ठकमा दिइएका सङ्केतका आधारमा तल दिइएका वाक्यहरूलाई परिवर्तन गर्नुहोस्। त्यसो गर्दा कहीँ कर्तापदमा विभक्ति थप्नुपर्ने भए सो काम पनि गर्नुहोस्:

(क) १. चमेली घर जान्छे। (सामान्य भूत)
२. चमेली भात खान्छे। (सामान्य भूत)
३. मेरो जाँच राम्रो हुन्छ। (सामान्य भूत)

CC-0. In Public Domain. Digitization by eGangotri

४. मेरो भाइ राम्ररी पढ्छ। (सामान्य भूत)
५. उनीहरू गाँजाले मात्छन्। (सामान्य भूत)
६. उनीहरू विदेशमा पढ्छन्। (सामान्य भूत)
७. म तँलाई सम्झाउँछु। (सामान्य भूत)
८. आमा आफै डुल्नुहुन्छ। (सामान्य भूत)
९. आमा भाइलाई डुलाउनुहुन्छ। (सामान्य भूत)
१०. भाइ आफै रुन्छ। (सामान्य भूत)
११. ऊ भाइलाई रुवाउँछ। (सामान्य भूत)
१२. म त नेपालमै बस्छु। (सामान्य भूत)
१३. म त नेपाली नै पढ्छु। (सामान्य भूत)
१४. उनीहरू त्यहाँ रहन्नन्। (सामान्य भूत)
१५. उनीहरू अन्याय सहन्नन्। (सामान्य भूत)

(ख) १. चमेली घर जान्छे। (अपूर्ण भूत)
२. चमेली भात खान्छे। (अपूर्ण भूत)
३. मेरो जाँच राम्रो हुन्छ। (अपूर्ण भूत)
४. मेरो भाइ राम्ररी पढ्छ। (अपूर्ण भूत)
५. उनीहरू गाँजाले मात्छन्। (अपूर्ण भूत)
६. उनीहरू विदेशमा पढ्छन्। (अपूर्ण भूत)
७. म तँलाई सम्झाउँछु। (अपूर्ण भूत)
८. आमा आफै डुल्नुहुन्छ। (अपूर्ण भूत)
९. आमा भाइलाई डुलाउनुहुन्छ। (अपूर्ण भूत)
१०. भाइ आफै रुन्छ। (अपूर्ण भूत)
११. ऊ भाइलाई रुवाउँछ। (अपूर्ण भूत)
१२. म त नेपालमै बस्छु। (अपूर्ण भूत)
१३. म त नेपाली नै पढ्छु। (अपूर्ण भूत)
१४. उनीहरू त्यहाँ रहन्नन्। (अपूर्ण भूत)
१५. उनीहरू अन्याय सहन्नन्। (अपूर्ण भूत)

(ग) १. चमेली घर जान्छे। (पूर्ण भूत)
२. चमेली भात खान्छे। (पूर्ण भूत)
३. मेरो जाँच राम्रो हुन्छ। (पूर्ण भूत)
४. मेरो भाइ राम्ररी पढ्छ। (पूर्ण भूत)
५. उनीहरू गाँजाले मात्छन्। (पूर्ण भूत)
६. उनीहरू विदेशमा पढ्छन्। (पूर्ण भूत)
७. म तँलाई सम्झाउँछु। (पूर्ण भूत)
८ आमा आफै डुल्नुहुन्छ। (पूर्ण भूत)
९. आमा भाइलाई डुलाउनुहुन्छ। (पूर्ण भूत)

CC-0. In Public Domain. Digitization by eGangotri

१०. भाइ आफै रुन्छ। (पूर्ण भूत)
११. ऊ भाइलाई रुवाउँछ। (पूर्ण भूत)
१२. म त नेपालमै बस्छु। (पूर्ण भूत)
१३. म त नेपाली नै पढ्छु। (पूर्ण भूत)
१४. उनीहरू त्यहाँ रहन्नन्। (पूर्ण भूत)
१५. उनीहरू अन्याय सहन्नन्। (पूर्ण भूत)

(घ) १. चमेली घर जान्छे। (अभ्यस्त)
२. चमेली भात खान्छे। (अभ्यस्त)
३. मेरो जाँच राम्रो हुन्छ। (अभ्यस्त)
४. मेरो भाइ राम्ररी पढ्छ। (अभ्यस्त)
५. उनीहरू गाँजाले मात्छन्। (अभ्यस्त)
६. उनीहरू विदेशमा पढ्छन्। (अभ्यस्त)
७. म तँलाई सम्झाउँछु। (अभ्यस्त)
८. आमा आफै डुल्नुहुन्छ। (अभ्यस्त)
९. आमा भाइलाई डुलाउनुहुन्छ। (अभ्यस्त)
१०. भाइ आफै रुन्छ। (अभ्यस्त)
११. ऊ भाइलाई रुवाउँछ। (अभ्यस्त)
१२. म त नेपालमै बस्छु। (अभ्यस्त)
१३. म त नेपाली नै पढ्छु। (अभ्यस्त)
१४. उनीहरू त्यहाँ रहन्नन्। (अभ्यस्त)
१५. उनीहरू अन्याय सहन्नन्। (अभ्यस्त)

(ङ) १. चमेली घर जान्छे। (अज्ञात भूत)
२. चमेली भात खान्छे। (अज्ञात भूत)
३. मेरो जाँच राम्रो हुन्छ। (अज्ञात भूत)
४. मेरो भाइ राम्ररी पढ्छ। (अज्ञात भूत)
५. उनीहरू गाँजाले मात्छन्। (अज्ञात भूत)
६. उनीहरू विदेशमा पढ्छन्। (अज्ञात भूत)
७. म तँलाई सम्झाउँछु। (अज्ञात भूत)
८. आमा आफै डुल्नुहुन्छ। (अज्ञात भूत)
९. आमा भाइलाई डुलाउनुहुन्छ। (अज्ञात भूत)
१०. भाइ आफै रुन्छ। (अज्ञात भूत)
११. ऊ भाइलाई रुवाउँछ। (अज्ञात भूत)
१२. म त नेपालमै बस्छु। (अज्ञात भूत)
१३. म त नेपाली नै पढ्छु। (अज्ञात भूत)
१४. उनीहरू त्यहाँ रहन्नन्। (अज्ञात भूत)
१५. उनीहरू अन्याय सहन्नन्। (अज्ञात भूत)

CC-0. In Public Domain. Digitization by eGangotri

(च) १. चमेली घर जान्छे। (पूर्ण भूत)
२. चमेली भात खान्छे। (पूर्ण भूत)
३. मेरो जाँच राम्रो हुन्छ। (पूर्ण भूत)
४. मेरो भाइ राम्ररी पढ्छ। (पूर्ण भूत)
५. उनीहरू गाँजाले मात्छन्। (पूर्ण भूत)
६. उनीहरू विदेशमा पढ्छन्। (पूर्ण भूत)
७. म तँलाई सम्झाउँछु। (पूर्ण भूत)
८. आमा आफै डुल्नुहुन्छ। (पूर्ण भूत)
९. आमा भाइलाई डुलाउनुहुन्छ। (पूर्ण भूत)
१०. भाइ आफै रुन्छ। (पूर्ण भूत)
११. ऊ भाइलाई रुवाउँछ। (पूर्ण भूत)
१२. म त नेपालमै बस्छु। (पूर्ण भूत)
१३. म त नेपाली नै पढ्छु। (पूर्ण भूत)
१४. उनीहरू त्यहाँ रहन्नन्। (पूर्ण भूत)
१५. उनीहरू अन्याय सहन्नन्। (पूर्ण भूत)

(छ) १. चमेली घर जान्छे। (अपूर्ण वर्तमान)
२. चमेली भात खान्छे। (अपूर्ण वर्तमान)
३. मेरो जाँच राम्रो हुन्छ। (अपूर्ण वर्तमान)
४. मेरो भाइ राम्ररी पढ्छ। (अपूर्ण वर्तमान)
५. उनीहरू गाँजाले मात्छन्। (अपूर्ण वर्तमान)
६. उनीहरू विदेशमा पढ्छन्। (अपूर्ण वर्तमान)
७. म तँलाई सम्झाउँछु। (अपूर्ण वर्तमान)
८. आमा आफै डुल्नुहुन्छ। (अपूर्ण वर्तमान)
९. आमा भाइलाई डुलाउनुहुन्छ। (अपूर्ण वर्तमान)
१०. भाइ आफै रुन्छ। (अपूर्ण वर्तमान)
११. ऊ भाइलाई रुवाउँछ। (अपूर्ण वर्तमान)
१२. म त नेपालमै बस्छु। (अपूर्ण वर्तमान)
१३. म त नेपाली नै पढ्छु। (अपूर्ण वर्तमान)
१४. उनीहरू त्यहाँ रहन्नन्। (अपूर्ण वर्तमान)
१५. उनीहरू अन्याय सहन्नन्। (अपूर्ण वर्तमान)

(ज) १. चमेली घर जान्छे। (सामान्य भविष्यत्)
२. चमेली भात खान्छे। (सामान्य भविष्यत्)
३. मेरो जाँच राम्रो हुन्छ। (सामान्य भविष्यत्)
४. मेरो भाइ राम्ररी पढ्छ। (सामान्य भविष्यत्)
५. उनीहरू गाँजाले मात्छन्। (सामान्य भविष्यत्)
६. उनीहरू विदेशमा पढ्छन्। (सामान्य भविष्यत्)
७. म तँलाई सम्झाउँछु। (सामान्य भविष्यत्)

CC-0. In Public Domain. Digitization by eGangotri

८. आमा आफै डुल्नुहुन्छ। (सामान्य भविष्यत्)
९. आमा भाइलाई डुलाउनुहुन्छ। (सामान्य भविष्यत्)
१०. भाइ आफै रुन्छ। (सामान्य भविष्यत्)
११. ऊ भाइलाई रुवाउँछ। (सामान्य भविष्यत्)
१२. म त नेपालमै बस्छु। (सामान्य भविष्यत्)
१३. म त नेपाली नै पढ्छु। (सामान्य भविष्यत्)
१४. उनीहरू त्यहाँ रहन्नन्। (सामान्य भविष्यत्)
१५. उनीहरू अन्याय सहन्नन्। (सामान्य भविष्यत्)

(झ) १. चमेली घर जान्छे। (अपूर्ण भविष्यत्)
२. चमेली भात खान्छे। (अपूर्ण भविष्यत्)
३. मेरो जाँच राम्रो हुन्छ। (अपूर्ण भविष्यत्)
४. मेरो भाइ राम्ररी पढ्छ। (अपूर्ण भविष्यत्)
५. उनीहरू गाँजाले मात्छन्। (अपूर्ण भविष्यत्)
६. उनीहरू विदेशमा पढ्छन्। (अपूर्ण भविष्यत्)
७. म तँलाई सम्झाउँछु। (अपूर्ण भविष्यत्)
८. आमा आफै डुल्नुहुन्छ। (अपूर्ण भविष्यत्)
९. आमा भाइलाई डुलाउनुहुन्छ। (अपूर्ण भविष्यत्)
१०. भाइ आफै रुन्छ। (अपूर्ण भविष्यत्)
११. ऊ भाइलाई रुवाउँछ। (अपूर्ण भविष्यत्)
१२. म त नेपालमै बस्छु। (अपूर्ण भविष्यत्)
१३. म त नेपाली नै पढ्छु। (अपूर्ण भविष्यत्)
१४. उनीहरू त्यहाँ रहन्नन्। (अपूर्ण भविष्यत्)
१५. उनीहरू अन्याय सहन्नन्। (अपूर्ण भविष्यत्)

(ञ) १. चमेली घर जान्छे। (पूर्ण भविष्यत्)
२. चमेली भात खान्छे। (पूर्ण भविष्यत्)
३. मेरो जाँच राम्रो हुन्छ। (पूर्ण भविष्यत्)
४. मेरो भाइ राम्ररी पढ्छ। (पूर्ण भविष्यत्)
५. उनीहरू गाँजाले मात्छन्। (पूर्ण भविष्यत्)
६. उनीहरू विदेशमा पढ्छन्। (पूर्ण भविष्यत्)
७. म तँलाई सम्झाउँछु। (पूर्ण भविष्यत्)
८. आमा आफै डुल्नुहुन्छ। (पूर्ण भविष्यत्)
९. आमा भाइलाई डुलाउनुहुन्छ। (पूर्ण भविष्यत्)
१०. भाइ आफै रुन्छ। (पूर्ण भविष्यत्)
११. ऊ भाइलाई रुवाउँछ। (पूर्ण भविष्यत्)
१२. म त नेपालमै बस्छु। (पूर्ण भविष्यत्)
१३. म त नेपाली नै पढ्छु। (पूर्ण भविष्यत्)
१४. उनीहरू त्यहाँ रहन्नन्। (पूर्ण भविष्यत्)
१५. उनीहरू अन्याय सहन्नन्। (पूर्ण भविष्यत्)

●

CC-0. In Public Domain. Digitization by eGangotri

परिच्छेद पन्ध्र

# नेपाली क्रियापदको अर्थ/भाव

## १५.१ भावको परिचय

क्रियापदको अर्थ वा भाव भनेको क्रियापदले व्यक्त गर्ने अर्थ, मनोभाव वा मनसाय हो। क्रियापदले व्यक्त गर्ने उक्त अर्थ/भाव त्यतिबेला मात्र क्रियापदमा देखिन्छ जतिखेर वक्ताले उक्त क्रियापदको प्रयोग गर्दछ। त्यसैले वक्ता वा लेखकले कुनै क्रियापदको प्रयोग कुन मनसाय, कुन मनोभाव, कुन इरादा वा कुन अर्थ (अभिप्राय) का लागि गरेको हो भन्ने कुरा सोही क्रियाको संरचना (बनोट)मा नै देखिन्छ भने त्यस्तो क्रियापदले वहन गरेको अर्थलाई नै क्रियापदको अर्थ/भाव भनिन्छ; जस्तैः

अ. च्यान्टी भागी।
आ. च्यान्टी भागोस्।
इ. च्यान्टी भाग्ली।

माथि तीनवटा वाक्य दिइएका छन्। पहिलो वाक्य 'च्यान्टी भागी' मा 'भागी' क्रियापदको प्रयोग गर्ने वक्ता वा लेखकको मनसाय वा मनोभाव सामान्य नै छ। त्यसैले 'भागी' सामान्यार्थ वा सामान्य भाव बुझाउने क्रियापद हो।

दोस्रो वाक्य 'च्यान्टी भागोस्' मा 'भागोस्' क्रियापदको प्रयोग भएको छ। यस क्रियापदले वक्ताको च्यान्टीले भाग्ने काम गरोस् भन्ने विशेष इच्छाको मनोभाव/मनसाय/इरादा जाहेर गरेको छ। वक्ताको त्यस इच्छाको मनोभावलाई 'भागोस्' क्रियाको अर्थ (अभिप्राय) ले स्पष्टै देखाएको छ। यस क्रियापदमा भाग्+ओस् भन्ने बनोटमा देखा परेको 'ओस्' प्रत्ययले वक्ताको त्यस इच्छाको मनोभावलाई व्यक्त गर्ने काम गरेको छ। त्यसैले 'भागोस्' वक्ताको इच्छाभाव व्यक्त गर्ने इच्छार्थक क्रियापद हो।

माथि दिइएको तेस्रो वाक्य हो- 'च्यान्टी भाग्ली'। यस वाक्यमा 'भाग्ली' भन्ने क्रियापदको प्रयोग भएको छ। उक्त क्रियापदको प्रयोगकर्ता वक्ताको मनोभाव/मनसाय वा अवधारणा के छ भने च्यान्टीको भाग्ने सम्भावना छ। वक्ताको यही अड्कलको मनोभावलाई 'भाग्ली' भन्ने क्रियापदले सम्भावनाको अर्थका रूपमा आएर प्रकट गरेको छ, त्यसैले 'भाग्ली' सम्भावनार्थ बुझाउने क्रियापद हो।

## १५.२ भाव/अर्थका प्रकारः सामान्यार्थ, विध्यर्थ र अनिश्चयार्थः सम्भावनार्थ

नेपाली क्रियाका जम्मा तीन भाव/अर्थ छन्:- (क) सामान्यार्थ, (ख) विध्यर्थ र (ग) अनिश्चयार्थः सम्भावनार्थ।

CC-0. In Public Domain. Digitization by eGangotri

## (क) सामान्यार्थ

क्रियापदको कार्यव्यापार सामान्य रूपमा सम्पन्न भएको छ भनी सामान्य अर्थ जाहेर गर्ने क्रियापद सामान्यार्थक क्रियापद हो। क्रियापदको त्यस्तो सामान्य भाव वा अर्थ सो क्रियापदको प्रयोग गर्ने वक्ताको मानसिकताबाट बुझिन्छ। कुनै पनि क्रियापद प्रयोग गर्दा वक्ताका मनमा कुनै विशेष किसिमको मनोभाव वा अवस्था प्रकट हुँदैन र सामान्य किसिमको भाव/अर्थ मात्र प्रकट हुन्छ भने त्यस्तो क्रियापद सामान्यार्थ बुझाउने क्रियापद हो; जस्तै:-

(अ) राम घर जान्छ।
(आ) हरि विद्यालय गएको छ।
(इ) उनीहरू पर्सि आउनेछन्।

माथि (अ) मा 'राम घर जान्छ' भन्ने वाक्य दिइएको छ र उक्त वाक्यमा 'जान्छ' क्रियापदको प्रयोग भएको छ। (आ) 'हरि विद्यालय गएको छ' भन्ने वाक्यमा 'गएको छ' भन्ने क्रियापदको प्रयोग भएको छ। त्यस्तै (इ) मा दिइएको वाक्य 'उनीहरू पर्सि आउनेछन्' मा 'आउनेछन्' क्रियापदको प्रयोग भएको छ। उक्त तीनवटै वाक्यहरूमा प्रयोग भएका क्रियापदहरूमध्ये 'जान्छ' ले जाने काम गर्छ भन्ने, 'गएको छ' ले जाने काम गरेको छ भन्ने र 'आउनेछन्' ले आउने काम गर्नेछ भन्ने सामान्य अर्थ बुझाएका छन्। त्यसैले यी 'जान्छ', 'गएको छ' र 'आउनेछन्' सामान्यार्थक क्रियापद हुन्। तीनओटै कालका सबै पक्षका सबै पुरुष, वचन, लिङ्ग र आदर आदि अनुसारका क्रियापदहरू नै यस्ता सामान्यार्थक क्रियापद हुन्।

## (ख) विध्यर्थ (इच्छार्थ, आज्ञार्थ, अनुरोधार्थ)

विधि भनेको इच्छा, आदेश वा आज्ञा वा अनुरोध हो भने अर्थ भनेको अभिप्राय वा आशय हो। त्यसैले विध्यर्थ भनेको इच्छा, आदेश/आज्ञा वा अनुरोधको अभिप्राय हो। विध्यर्थी क्रियापद भनेको सो क्रियापद प्रयोग गर्ने वक्ताको इच्छा, आज्ञा वा अनुरोधको मनोभाव/अर्थ/अवधारणा प्रकट गर्ने क्रिया हो; जस्तै:

(अ) म घर जाऊँ।
(आ) तिमी घर जाऊ।
(इ) तपाईं घर जानुहोस्।

माथि (अ) मा दिइएको वाक्यमा 'जाऊँ', (आ) मा दिइएको वाक्यमा 'जाऊ' र (इ) मा दिइएको वाक्यमा 'जानुहोस्' भन्ने तीनवटा क्रियापदको प्रयोग भएको छ। उक्त पहिलो वाक्यमा प्रयोग भएको 'जाऊँ' क्रियापदले उक्त क्रियापदको प्रयोग गर्ने वक्ताको घर जाने इच्छालाई व्यक्त गरेको छ। त्यसैले सो 'जाऊँ' भन्ने क्रियापद इच्छार्थक क्रियापद हो। माथि (आ) मा दिइएको 'तिमी घर जाऊ' भन्ने वाक्यमा 'जाऊ' क्रियापदको प्रयोग भएको छ। सो 'जाऊ'

CC-0. In Public Domain. Digitization by eGangotri

क्रियापदमा वक्ताले 'तिमी' कर्तालाई घर जाने आज्ञा दिएको छ त्यसैले सो 'जाऊ' भन्ने क्रियापद आज्ञार्थक क्रियापद हो। माथि (इ) मा दिइएको 'तपाईं घर जानुहोस्' भन्ने वाक्यमा 'जानुहोस्' क्रियापदको प्रयोग भएको छ। सो 'जानुहोस्' क्रियापदमा उक्त 'तपाईं घर जानुहोस्' भन्ने वाक्यको प्रयोग गर्ने वक्ताले घर जान अनुरोध गरेको भाव प्रकट भएको छ; त्यसैले 'जानुहोस्' अनुरोधार्थ क्रियापद हो।

यसरी विध्यर्थ क्रियापद पनि इच्छार्थ र आज्ञार्थ/अनुरोधार्थ गरी दुई प्रकारको छ। विध्यर्थ क्रियापदका पनि सबै पुरुष र वचनमा रूप चल्दछन्। यस्ता विध्यर्थ क्रियापदका तीनै पुरुषका दुवै वचनमा चल्ने रूपहरूले इच्छार्थ बुझाउन सक्तछन् भने आज्ञार्थ/अनुरोधार्थलाई चाहिँ द्वितीय पुरुषका दुवै वचनमा चल्ने रूपहरूले मात्र व्यक्त गर्दछन्। यस्ता विध्यर्थ क्रियापदका केही रूपावली तल दिइएका छन्:

### 'हुनु' अकर्मक क्रियाका विध्यर्थी क्रिया-रूपावली

| | एकवचन | बहुवचन | आदरार्थी |
|---|---|---|---|
| प्रथम पुरुष | इच्छार्थ (म) होऊँ | (हामी) होऔं | |
| द्वितीय पुरुष | इच्छार्थ (तँ) भएस्/हुनू | (तिमीहरू) भए; हुनू | (तिमी) होऊ; हुनू (तपाईं/तपाईंहरू) हुनुहोस् |
| | आज्ञार्थ (तँ) हो/हुनू | (तिमीहरू) होओ | – |
| | अनुरोधार्थ | – | (तपाईंहरू) हुनुहोस् |
| तृतीय पुरुष | इच्छा (ऊ) होओस् | (उनीहरू) होऊन् | (उनी) होऊन् (उहाँ/उहाँहरू) हुनुहोस् |

### 'खानु' सकर्मक क्रियाका विध्यर्थी क्रिया-रूपावली

| | एकवचन | बहुवचन | आदरार्थी |
|---|---|---|---|
| प्रथम पुरुष | इच्छार्थ (म) खाऊँ | (हामी) खाऔं | |
| द्वितीय पुरुष | इच्छार्थ (तैँले) खाएस्; खानू | (तिमीहरूले) खाए; खानू | (तिमीले) खाए; खानू (तपाईं/तपाईंहरूले) खानुहोस् |
| | आज्ञार्थ (तैँले) खा; खानू | (तिमीहरूले) खाओ; खानू | (तिमीले) खाऊ; खानू |
| | अनुरोधार्थ – | – | (तपाईं/तपाईंहरू) खानुहोस् |
| तृतीय पुरुष | इच्छार्थ (उसले) खाओस् | (उनीहरूले) खाऊन् | (उनले) खाऊन् (उहाँ/उहाँहरूले) खानुहोस् |

CC-0. In Public Domain. Digitization by eGangotri

## 'पढ्नु' सकर्मक क्रियाको विध्यर्थी क्रिया-रूपावली

| | एकवचन | बहुवचन | आदरार्थी |
|---|---|---|---|
| प्रथम पुरुष | इच्छार्थ (म) पढूँ | (हामी) पढौँ | |
| द्वितीय पुरुष | इच्छार्थ (तैँले) पढेस्; पढ्नू | (तिमीहरूले) पढे; पढ्नू | (तिमीले) पढे; पढ्नू (तपाईं/तपाईंहरू) पढ्नुहोस् |
| | आज्ञार्थ (तैँले) पढ्; पढ्नू | (तिमीहरूले) पढ; पढ्नू | (तिमीले) पढ; पढ्नू |
| | अनुरोधार्थ – | – | (तपाईं/तपाईंहरूले) पढ्नुहोस् |
| तृतीय पुरुष | इच्छार्थ (उसले) पढोस् | (उनीहरूले) पढ्नू | (उनले) पढून् (उहाँ/उहाँहरूले) पढ्नुहोस् |

### (ग) अनिश्चयार्थ: सम्भावनार्थ

क्रियापदको कार्यव्यापार हुन्छ वा हुँदैन भन्ने बारेमा वक्ताको मानसिकतामा निश्चय नभई सो कार्यव्यापार हुन वा नहुन पनि सक्ने सम्भावना रहेको विशेष अर्थ बुझाउने क्रियापद सम्भावनार्थ क्रियापद हो। सो अर्थ वक्ताले सो क्रियापदको प्रयोग गर्ने सन्दर्भमा वक्ताको मनोभावका रूपमा प्रकट हुन्छ; जस्तै:-

(अ) म घर जाउँला।
(आ) उनीहरू भोलि आउलान्।
(इ) तिमी भोलि आउला।

माथि (अ) मा दिइएको वाक्यमा 'जाउँला', (आ) मा दिइएको वाक्यमा 'आउलान्' र (इ) मा दिइएको वाक्यमा 'आउला' क्रियापदहरूको प्रयोग भएको छ। माथिका तीनवटै क्रियापदले उक्त क्रियापदको कार्यव्यापार हुन वा नहुन पनि सक्ने सम्भावनाको अर्थलाई प्रकट गरेका छन्। माथिको (अ) 'म घर जाउँला' भन्ने वाक्यको प्रयोग गर्ने वक्ताको घर जान सक्ने/नसक्ने पनि सम्भावना छ र सो सम्भावनाको अर्थ 'जाउँला' भन्ने क्रियापदमा प्रकट भएको छ। माथिको दोस्रो वाक्य 'उनीहरू भोलि आउलान्' मा पनि 'उनीहरू' भन्ने कर्तापदको आउन सक्ने सम्भावना त छ तर आउन नसक्ने सम्भावना पनि छ भन्ने अर्थ 'आउलान्' क्रियापदबाट प्रकट भएको छ। त्यस्तै (इ) मा दिइएको वाक्य 'तिमी भोलि आउला' मा पनि वक्ताको 'तिमी' कर्ताप्रति भोलि आउन सक्ने/नसक्ने दोहोरो सम्भावनाको मनोभाव प्रकट भएको छ; त्यसैले 'आउला' पनि सम्भावनार्थक क्रियापद हो।

CC-0. In Public Domain. Digitization by eGangotri

सम्भावनार्थक क्रियापदको रचना (धातु+ल्) को प्रक्रियाबमोजिम हुनेगर्छ। सम्भावनार्थ क्रियापदका केही रूपावली यहाँ दिइएका छन्:

### 'हुनु' अकर्मक क्रियाको सम्भावनार्थक क्रिया-रूपावली

| | एकवचन | बहुवचन | आदरार्थी |
|---|---|---|---|
| प्रथम पुरुष | (म) हुँला। | (हामी) होऔँला। | |
| द्वितीय पुरुष | (तँ) होलास्/होलिस् | (तिमीहरू) होऔला | (तिमी) होउला/होउली<br>(तपाईं/तपाईंहरू) हुनुहोला |
| तृतीय पुरुष | (ऊ) होला/होली | (उनीहरू) होलान् | (उनी) होलान्/होलिन्<br>(उहाँ/उहाँहरू) हुनुहोला |

### 'खानु' सकर्मक क्रियाको सम्भानार्थक क्रिया-रूपावली

| | एकवचन | बहुवचन | आदरार्थी |
|---|---|---|---|
| प्रथम पुरुष | (म) खाउँला | (हामी) खाऔँला | |
| द्वितीय पुरुष | (तँ) खालास्/खालिस् | (तिमीहरू) खाऔला। | (तिमी) खाउला/खाउली<br>(तपाईं/तपाईंहरू) खानुहोला |
| तृतीय पुरुष | (ऊ) खाला/खाली | (उनीहरू) खालान् | (उनी) खालान्/खालिन्<br>(उहाँ/उहाँहरू) खानुहोला |

## अभ्यास

**तलका प्रश्नहरूको उत्तर लेख्नुहोस्।**

१. (क) क्रियाको भाव भनेको के हो?
   (ख) क्रियाको भाव क्रियामा कतिखेर देखिन्छ?

२. (क) विध्यर्थ क्रिया भनेको कस्तो क्रियापद हो?
   (ख) विध्यर्थ क्रिया कति प्रकारका छन्?
   (ग) तल दिइएका क्रियाका सबै वचन, पुरुष र आदरमा चल्ने विध्यर्थी रूप लेख्नुहोस्:
      (अ) 'धुनु' क्रियाको विध्यर्थ रूपावली
      (आ) 'खानु' सकर्मक क्रियाको विध्यर्थ रूपावली

CC-0. In Public Domain. Digitization by eGangotri

३. (क) सम्भावनार्थ क्रिया भनेको कस्तो क्रियापद हो?

(ख) तल दिइएका क्रियाका सबै वचन, सबै पुरुष, सबै लिङ्ग र आदरमा चल्ने रूप लेख्नुहोस्:

(अ) 'रुनु' अकर्मक क्रियाको सम्भावनार्थ रूपावली।

(आ) 'पिउनु' सकर्मक क्रियाको सम्भावनार्थ रूपावली।

४. कोष्ठकमा दिइएका धातु र सङ्केतका सहायताले तलका वाक्यका खाली ठाउँ भर्नुहोस्:

(क) उसले लुगा................................ (धु: इच्छार्थ)
हामी उत्तीर्ण ................................ (हु: इच्छार्थ)
प्रहरीले चोर ................................ (पक्र: इच्छार्थ)
तैँले कफी ................................ (पिउ: इच्छार्थ)
तपाईंले पुस्तकहरू ........................ (पढ्: इच्छार्थ)
बुबाले खाना ................................ (खा: इच्छार्थ)
तिमीले आफ्नो काम ...................... (गर्: इच्छार्थ)
उनीहरूलाई तिमीले ........................ (हप्काउ: इच्छार्थ)
हाम्रो जाँच ................................ (सकि: इच्छार्थ)
उनीहरूलाई मैले ........................ (डुलाउ: इच्छार्थ)
हामीले गृहकार्य ........................ (गर्: इच्छार्थ)
उनीहरू ................................ (आउ: इच्छार्थ)
तिमीले पुस्तक ........................ (पढ्: इच्छार्थ)
उनीहरूले भाइलाई ........................ (पढाउ: इच्छार्थ)
हामीहरूले काम ........................ (थाल्: इच्छार्थ)

(ख) उसले लुगा................................ (धु: सम्भावनार्थ)
हामी उत्तीर्ण ................................ (हु: सम्भावनार्थ)
प्रहरीले चोर ................................ (पक्र: सम्भावनार्थ)
तैँले कफी ................................ (पिउ: सम्भावनार्थ)
तपाईंले पुस्तकहरू ........................ (पढ्: सम्भावनार्थ)
बुबाले खाना ................................ (खा: सम्भावनार्थ)
तिमीले आफ्नो काम ...................... (गर्: सम्भावनार्थ)
उनीहरूलाई तिमीले ...................... (हप्काउ: सम्भावनार्थ)
हाम्रो जाँच ................................ (सकि: सम्भावनार्थ)
उनीहरूलाई मैले ........................ (डुलाउ: सम्भावनार्थ)
हामीले गृहकार्य ........................ (गर्: सम्भावनार्थ)
उनीहरू ................................ (आउ: सम्भावनार्थ)
तिमीले पुस्तक ........................ (पढ्: सम्भावनार्थ)

CC-0. In Public Domain. Digitization by eGangotri

उनीहरूले भाइलाई ........................ (पढाउ: सम्भावनार्थ)
हामीहरूले काम ........................... (गर्: सम्भावनार्थ)

५. कोष्ठकमा दिइएका सङ्केतका आधारमा तलका वाक्य-परिवर्तन गर्नुहोस्।

(क) १. चमेली घर जान्छे। (सम्भावनार्थ)
२. चमेली भात खान्छे। (सम्भावनार्थ)
३. मेरो जाँच राम्रो हुन्छ। (सम्भावनार्थ)
४. मेरो भाइ राम्ररी पढ्छ। (सम्भावनार्थ)
५. उनीहरू गाँजाले मात्छन्। (सम्भावनार्थ)
६. उनीहरू विदेशमा पढ्छन्। (सम्भावनार्थ)
७. म तँलाई सम्झाउँछु। (सम्भावनार्थ)
८. आमा आफै डुल्नुहुन्छ। (सम्भावनार्थ)
९. आमा भाइलाई डुलाउनुहुन्छ। (सम्भावनार्थ)
१०. भाइ आफै रुन्छ। (सम्भावनार्थ)
११. ऊ भाइलाई रुवाउँछ। (सम्भावनार्थ)
१२. म त नेपालमै बस्छु। (सम्भावनार्थ)
१३. म त नेपाली नै पढ्छु। (सम्भावनार्थ)
१४. उनीहरू त्यहाँ रहन्नन्। (सम्भावनार्थ)
१५. उनीहरू अन्याय सहन्नन्। (सम्भावनार्थ)

(ख) १. चमेली घर जान्छे। (इच्छार्थ)
२. चमेली भात खान्छे। (इच्छार्थ)
३. मेरो जाँच राम्रो हुन्छ। (इच्छार्थ)
४. मेरो भाइ राम्ररी पढ्छ। (इच्छार्थ)
५. उनीहरू गाँजाले मात्छन्। (इच्छार्थ)
६. उनीहरू विदेशमा पढ्छन्। (इच्छार्थ)
७. म तँलाई सम्झाउँछु। (इच्छार्थ)
८. आमा आफै डुल्नुहुन्छ। (इच्छार्थ)
९. आमा भाइलाई डुलाउनुहुन्छ। (इच्छार्थ)
१०. भाइ आफै रुन्छ। (इच्छार्थ)
११. ऊ भाइलाई रुवाउँछ। (इच्छार्थ)
१२. म त नेपालमै बस्छु। (इच्छार्थ)
१३. म त नेपाली नै पढ्छु। (इच्छार्थ)
१४. उनीहरू त्यहाँ रहन्नन्। (इच्छार्थ)
१५. उनीहरू अन्याय सहन्नन्। (इच्छार्थ)

●

CC-0. In Public Domain. Digitization by eGangotri

परिच्छेद सोह्र

# नेपाली भाषा र यसको शब्दभण्डार

## १६.१ नेपाली भाषा

संसारमा धेरै भाषाहरू बोलिन्छन्। संसारमा बोलिने भाषाहरूका आ-आफ्ना परिवार छन्। भाषाका त्यस्ता परिवारहरूमध्ये एउटाचाहिँ भारोपेली भाषा-परिवार हो। संस्कृत, जर्मनी, अङ्ग्रेजी, हिन्दीजस्ता भाषाहरू भारोपेली भाषा-परिवारकै सदस्य हुन्। नेपाली भाषा पनि भारोपेली भाषा-परिवारकै एक सदस्य हो। यो नेपाली भाषा भारोपेली भाषा-परिवारको आधुनिक आर्यभाषाको पूर्वी पहाडी शाखाको एक उपभेद हो।

नेपालमा चारओटा भाषा-परिवारका असीभन्दा बढी भाषाहरू बोलिन्छन्। नेपालमा बोलिने भाषाहरूका चार परिवार यी हुन्- (१) भारोपेली परिवार, (२) भोटबर्मेली परिवार, (३) अग्नेसियाली परिवार र (४) द्राबिडेली परिवार। नेपालमा बोलिने भाषाहरूमध्ये नेपाली, मैथिली, भोजपुरी, अवधी, थारू आदि भाषाहरू भारोपेली परिवारका सदस्य हुन् भने नेवारी, तामाङ, मगर, गुरुङ, राई, लिम्बू, सेर्पा आदि भाषाहरू भोट-बर्मेली भाषा-परिवारका सदस्य हुन्। नेपालको मोरङ, झापातिर अग्नेसियाली भाषा-परिवारको सन्थाल/सतार भाषाका साथै द्रबिडेली भाषा-परिवारको झाँगड भाषा बोल्ने वक्ताहरूको पनि बसोबास भेटिन्छ।

नेपालको मेचीदेखि महाकालीसम्म नै नेपाली भाषाका वक्ताहरूको बसोबास छ। २०४८ सालको जनगणनाअनुसार नेपालको कुल जनसङ्ख्याको ५०.३ प्रतिशत जनताको मातृभाषा नेपाली भाषा रहेको छ। बेग्लाबेग्लै मातृभाषा हुने नेपालीहरूले आफ्ना भावना/विचारको आदान-प्रदान गर्न माध्यम/सम्पर्क भाषाका रूपमा नेपाली भाषाकै प्रयोग गर्दछन्। त्यसैले नेपाली भाषा नेपालको साझा सम्पर्कको भाषा हो। नेपालको सरकारी कामकाजको भाषा पनि नेपाली भाषा नै हो।

**नेपाल अधिराज्यको संविधान २०४७** ले नेपाली भाषालाई नेपालको राष्ट्रभाषा मानेको छ। सम्पूर्ण नेपालीहरूको साझा सम्पर्कको भाषा भएकाले नै नेपाली भाषा नेपालको सरकारी कामकाजको भाषा हुनाका साथै राष्ट्रभाषा पनि हुन सकेको हो। **नेपाल अधिराज्यको संविधान २०४७** ले नेपालमा बोलिने अरू भाषाहरूलाई राष्ट्रिय भाषाका रूपमा मान्यता दिएको छ। नेपालको राष्ट्रभाषा नेपाली र यहाँ बोलिने अरू सबै राष्ट्रिय भाषाहरू नेपालका राष्ट्रिय सम्पत्ति हुन्।

नेपाली भाषा नेपालमा मात्र सीमित नरही नेपालबाहिर पनि फैलिएको छ। यस भाषाका वक्ताहरू भारतका दार्जिलिङ, आसाम, नागालैन्ड, सिक्किम र

CC-0. In Public Domain. Digitization by eGangotri

देहरादूनसम्म फैलिएका छन्। त्यसै गरी भुटान, बर्मा, हङकङ, मलाया र ल्हासामा पनि नेपाली भाषाका वक्ताहरूको बसोबास छ।

साहित्यको विकासका दृष्टिले पनि नेपाली भाषा निकै सम्पन्न भइसकेको छ। नेपालमा विद्यालय, महाविद्यालय र विश्वविद्यालयस्तरमा नेपाली भाषाका बारेमा पठन-पाठन र अध्ययन-अनुसन्धान गरिन्छ। नेपालबाहिरका दार्जिलिङ, सिक्किम, आसाम, हङकङ आदि ठाउँहरूमा पनि विद्यालय-महाविद्यालयहरूमा नेपाली भाषाको पठन-पाठन गरिन्छ। भारतका उत्तरबङ्ग विश्वविद्यालय र बनारस हिन्दू विश्वविद्यालयमा नेपाली भाषा र साहित्यमा पी-एच्.डी. सम्मको शिक्षा-आर्जन गर्ने व्यवस्था छ। संसारका बेलायत, अमेरिकाजस्ता देशहरूमा पनि नेपाली भाषाका बारेमा केही अध्ययन-अनुसन्धान भएका छन् र भइरहेका पनि छन्। सञ्चारका क्षेत्रमा पनि नेपाली भाषाले अन्तर्राष्ट्रिय रूप लिइसकेको छ। भारतका विभिन्न प्रान्तका रेडियो स्टेसनका साथै बेलायतको 'बी.बी.सी.', अमेरिकाको 'भ्वाइस अफ अमेरिका', चीनको 'रेडियो बेइजिङ' आदि प्रसारण-संस्थानहरूबाट पनि नेपाली भाषाका कार्यक्रमहरू सञ्चालित छन्। यसरी नेपालको राष्ट्रभाषाका रूपमा रहेको नेपाली भाषाका वक्ताहरू नेपालबाहिर पनि प्रशस्त सङ्ख्यामा रहेबाट र वैदेशिक शिक्षण-संस्था एवं प्रसारण-संस्थानहरूमा पनि यस भाषाले स्थान प्राप्त गरेबाट यो भाषा दक्षिण एसियाकै महत्त्वपूर्ण भाषा बनिसकेको तथ्यलाई स्वीकार गर्नुपर्ने हुन्छ।

## १६.२ नेपाली भाषाको शब्दभण्डार

संसारमा बोलिने सबै भाषाहरूका आ-आफ्ना शब्द छन्। केही अर्थ दिने शब्दहरूको समूह नै भाषा भएकाले शब्दविनाको भाषाको कल्पना गर्न सकिँदैन। नेपाली भाषाका पनि आफ्ना शब्दहरू छन्। कुनै पनि भाषाका सम्पत्ति भनेका शब्दहरू नै हुन् र नेपाली भाषाका सम्पत्ति यसका शब्दहरू हुन्। अमूल्य सम्पत्ति थुपारेर राखिने ठाउँलाई 'भण्डार' वा 'ढुकुटी' भनिन्छ र भाषाका अमूल्य सम्पत्तिका रूपमा रहेका शब्दहरूको थुप्रालाई 'शब्दभण्डार' वा 'शब्दढुकुटी' भनिन्छ। नेपाली भाषाको आफ्नो शब्दभण्डार छ र यसको शब्दभण्डारमा रहेका शब्दहरू नेपाली भाषाको 'शब्दकोश' मा सङ्कलित गरिएका भेटिन्छन्।

जुन भाषाको शब्दभण्डारमा जति धेरै शब्दहरू हुन्छन् त्यो भाषा त्यति नै धनी हुन्छ। कुनै पनि भाषा आफ्ना मात्र शब्दका भरमा धनी हुन सक्तैन र आफ्ना मात्र शब्दका भरमा टिकेको भाषा पनि संसारमा पाउन गाह्रो छ। त्यसैले कुनै पनि भाषाको शब्दभण्डारमा त्यस भाषाका आफ्ना मात्र शब्द नरही अरू-अरू भाषाबाट सापटी लिएका शब्दहरू पनि रहेका हुन्छन्। जुन भाषाले अरू-अरू भाषाबाट शब्दहरू सापटी लिई आफ्नाजस्तै बनाई पचाउन सक्छ त्यो भाषा नै बढी धनी हुन्छ। नेपाली भाषाको शब्दभण्डारमा पनि यसका आफ्ना मात्र शब्दहरू छैनन्; बरू यसले अरू-अरू भाषाबाट सापटी लिई पचाई आफ्नाजस्तै बनाएका शब्दहरू पनि प्रशस्त छन्। नेपाली भाषा संस्कृत भाषाबाट जन्मेको भाषा हो;

CC-0. In Public Domain. Digitization by eGangotri

त्यसैले यस भाषाको शब्दभण्डारमा संस्कृत भाषाबाट जस्ताको तस्तै आई प्रचलित रहेका शब्दहरूको सङ्ख्या निकै भेटिन्छ। नेपाली भाषाका शब्दभण्डारमा संस्कृत भाषाका शब्दमा परिवर्तन आई चलेका शब्दहरू पनि छन्। त्यसै गरी नेपालभित्रका र नेपालबाहिरका विभिन्न भाषा-परिवारका भाषाहरूबाट सापटी लिई चलेका थुप्रै शब्दहरू पनि नेपाली भाषाको शब्दभण्डारमा फेला पर्छन्। यसरी हेर्दा स्रोतका दृष्टिले नेपाली भाषाको शब्दभण्डार यी तीनथरी शब्दहरू मिली बनेको देखिन्छ- (१) तत्सम शब्द, (२) तद्भव शब्द र (३) आगन्तुक शब्द।

***(१) तत्सम शब्दः*** 'तत्' भनेको 'त्यो' (संस्कृत) र 'सम' भनेको 'तुल्य/बराबर/उस्तै' हो। यहाँ 'तत्/त्यो' भनेको संस्कृत भाषा हो र 'तत्सम' भनेको 'संस्कृत भाषामा जस्तै' हो। त्यसैले नेपाली भाषाको शब्दभण्डारमा रहेका तत्सम शब्द भनेका संस्कृतबाट जस्ताको तस्तै आई नेपाली भाषामा चलेका शब्दहरू हुन्। नेपाली भाषाको शब्दभण्डारमा संस्कृत भाषाबाट जस्ताको तस्तै आई चलेका तत्सम शब्दहरू निकै छन् भन्ने कुरो यसको शब्दकोश हेर्दा थाहा पाइन्छ। यहाँ उदाहरणका लागि त्यस्ता केही तत्सम शब्दहरू यहाँ दिइएका छन्- शिक्षक, छात्र, छात्रा, विद्यालय, विश्व, मानव; शब्द, भण्डार आदि। नेपाली भाषाका कुन-कुन शब्द तत्सम स्रोतका हुन् भन्ने थाहा पाउन नसके यसको शब्दकोश हेर्नुपर्छ।

***(२) तद्भव शब्दः*** यहाँ पनि 'तद्' भनेको त्यो संस्कृत भाषा नै हो र 'भव' भनेको 'भएको/जन्मेको' हो। त्यसैले नेपाली भाषाका 'तद्भव शब्द' भन्नाले संस्कृत भाषाका शब्दबाट जन्मेका वा केही रूप-परिवर्तन भई आएका नेपाली शब्द हुन् भनी बुझ्नुपर्दछ। यस्ता केही तद्भव शब्दका उदाहरण तल दिइएका छन्-

| संस्कृत शब्द | नेपाली तद्भव शब्द | संस्कृत शब्द | नेपाली तद्भव शब्द |
|---|---|---|---|
| अनिद्र | अनिदो | आषाढ | असार |
| आश्विन | असोज | भाद्र | भदौ |
| श्रावण | साउन | मार्गशीर्ष | मङ्सिर |
| कार्त्तिक | कात्तिक | चैत्र | चैत |
| घर्म | घाम | दुग्ध | दूध |
| पूर्ण | पूरा | मिष्ठ | मीठो |
| सप्त | सात | अष्ट | आठ |

यस्ता संस्कृत भाषाका शब्दमा रूप-परिवर्तन भई नेपाली भाषाका आफ्नै बनेका तद्भव शब्दहरू पनि प्रशस्त छन्। कुन-कुन नेपाली शब्दहरू तद्भव शब्द हुन् भनी जान्न पनि नेपाली भाषाको शब्दकोशको उपयोग गर्न सकिन्छ।

CC-0. In Public Domain. Digitization by eGangotri

***(३) आगन्तुक शब्द:*** संस्कृत भाषाको स्रोतबाहेक नेपालभित्रका र बाहिरका भाषाहरूबाट नेपाली भाषामा आई प्रचलित भएका शब्दहरू आगन्तुक शब्द हुन्। यस्ता आगन्तुक शब्दहरूमध्ये कुनै-कुनै जस्ताको तस्तै रूपमा (कोट, रेडियो, टेलिफोन, सिकर्मी, जादु आदि) र कुनै-कुनै केही फेरिएर (जर्नेल, कर्नेल, अस्पताल आदि) पनि नेपाली भाषामा चलेका छन्। तल विभिन्न भाषाबाट आएका केही आगन्तुक शब्दहरू उदाहरणका रूपमा दिइएका छन्:

(क) नेवारी भाषाबाट नेपाली भाषामा आएका केही आगन्तुक शब्दहरू: पसल, सिकर्मी, डकर्मी, झ्याल, बुइँगल आदि।

(ख) तामाङ भाषाबाट नेपाली भाषामा आएका केही शब्दहरू: डम्फु, च्याङ्ग्रा आदि।

(ग) मगर भाषाबाट नेपाली भाषामा आएका केही शब्दहरू: चुँदी, मार्दी, मर्स्याङ्दी, दरौँदी, रिडी आदि।

(घ) गुरुङ भाषाबाट नेपालीमा आई चलेको शब्द: रोदी।

(ङ) तिब्बती भाषाबाट नेपाली भाषामा आएका केही शब्द: थुक्पा, बक्खु, घ्याङ, दोचा, जिम्मु आदि।

(च) मैथिली भाषाबाट नेपाली भाषामा आएका केही शब्दहरू: पैर्नी, पटुवा आदि।

(छ) अङ्ग्रेजी भाषाबाट नेपाली भाषामा आई चलेका थुप्रै शब्द छन् र तिनका केही उदाहरण यी हुन्: स्कुल, क्याम्पस, कोट, टेलिभिजन, टेलिफोन, रेडियो, एक्सरे, बस, ट्याक्सी, पेट्रोल, नर्स, डाक्टर, प्रोटिन, क्लब, अलबम, मिटर, लिपस्टिक, चकलेट आदि।

(ज) अरबी भाषाबाट पनि नेपाली भाषामा आई चलेका थुप्रै शब्द छन् र तिनका केही उदाहरण यी हुन्: आखिर, इजाजत, इनाम, इन्साफ, इलाका, किताब, तलब, फैसला, महसुस, मालिक, मौसम, वारिस, हाकिम, हिम्मत, हिसाब आदि।

(झ) फारसी भाषाबाट नेपाली भाषामा आई चलेका शब्द पनि निकै छन् र तिनका केही उदाहरण यस प्रकार छन्: अन्दाज, आइन्दा, कम, गरम, गुलाफ, जिन्दगी, ताजा, दरबार, नामर्द, पैसा, लस्कर, सरकार, हप्ता आदि।

(ञ) यसै गरी नेपाली भाषामा हिन्दी भाषाबाट (कमसेकम, कि, ...... की जय आदि), चीनियाँ भाषाबाट (चाउचाउ, चाउमिन, लिची आदि), जापानी भाषाबाट (कराँते, जुडो, होन्डा, सुजुकी, मित्सुबिसी आदि) आएका शब्दहरू पनि चलेका छन्। त्यस्तै संसारमा बोलिने अरू-अरू भाषाहरूबाट पनि नेपाली भाषामा आई चलेका शब्दहरू पनि बेलाबखत ठाउँठाउँमा भेटिने गर्दछन्।

यसरी नेपाली भाषाको शब्दभण्डारमा स्रोतका दृष्टिले तत्सम, तद्भव र आगन्तुक गरी तीनथरी शब्दहरू छन् र समयको माग र आवश्यकताअनुसार नेपाली भाषाको शब्दभण्डार दिन-प्रतिदिन समृद्ध हुँदै गइरहेको छ। नेपालीमा

CC-0. In Public Domain. Digitization by eGangotri

चलेका आगन्तुक शब्दहरूको मूल स्रोत ठम्याउन पनि नेपाली भाषाका शब्दकोशको सहायता लिन सकिन्छ।

## अभ्यास

**तलका प्रश्नहरूको उत्तर दिनुहोस्।**

१. (क) नेपाली भाषा कुन भाषा-परिवारको सदस्य हो?
   (ख) नेपालमा कुन-कुन भाषा-परिवारका भाषाहरू बोलिन्छन्? ती प्रत्येक भाषा-परिवारका एक-एक भाषाको नाम पनि लेख्नुहोस्।
   (ग) नेपाली भाषा नेपालको राष्ट्रभाषा किन हुन सक्यो?
   (घ) नेपालमा बोलिने नेपाली भाषाबाहेकका अरू भाषाहरू राष्ट्रिय भाषा हुन् कि होइनन्?

२. (क) नेपाली भाषा नेपालबाहिर कहाँ-कहाँसम्म फैलिएको छ?
   (ख) नेपाली भाषालाई दक्षिण एसियाकै महत्त्वपूर्ण भाषा मान्नुपर्ने कारणहरू के-के हुन्?

३. (क) 'शब्दभण्डार' भनेको के हो?
   (ख) शब्दभण्डारका दृष्टिले भाषा कसरी धनी हुन सक्छ?
   (ग) स्रोतका दृष्टिले नेपाली भाषाको शब्दभण्डारमा के-कस्ता शब्दहरू फेला पर्छन्?

४. (क) के-कस्ता शब्दलाई तत्सम नेपाली शब्द भनिन्छ? उदाहरणका रूपमा कुनै दशवटा तत्सम शब्दको उल्लेख पनि गर्नुहोस्।
   (ख) के-कस्ता शब्दलाई तद्भव नेपाली शब्द भनिन्छ? उदाहरणका रूपमा बीसओटा तद्भव नेपाली शब्दहरू प्रस्तुत गर्नुहोस्।
   (ग) के-कस्ता शब्दलाई आगन्तुक नेपाली शब्द भनिन्छ? बेग्लाबेग्लै भाषाका स्रोतबाट आएका आगन्तुक नेपाली शब्दका दशवटा उदाहरण दिनुहोस्।
   (घ) कुनै नेपाली शब्द तत्सम, तद्भव वा आगन्तुक स्रोतको हो भनी ठम्याउन नसकिएमा के कुराको सहायता लिनुपर्छ?
   (ङ) तलका नेपाली शब्दहरू कुन-कुन स्रोतका हुन्? अलग-अलग पारी लेख्नुहोस्:
   शब्द, धनी, सिकर्मी, आइतबार, सरकार, नालिस, भाषा, दूध, पीठो, माटो, फैसला, किताब, रेडियो, स्रोत।

●

CC-0. In Public Domain. Digitization by eGangotri

## परिच्छेद सत्र

# नेपाली भाषाका अनुकरणात्मक शब्द

नेपाली भाषा अनुकरणात्मक शब्दका दृष्टिले निकै धनी छ। 'अनुकरण' भनेको 'नक्कल' हो र कुनै कुराका आबाज, रूप-रङ्ग, दृश्य, गति, चेष्टा, स्पर्श, स्वाद आदिको अनुकरण वा नक्कल गर्ने खालका ध्वनि/वर्ण वा अक्षरसमूहबाट बनेका शब्दलाई अनुकरणात्मक शब्द भनिन्छ। यस्ता अनुकरणात्मक शब्दहरू नेपाली भाषामा प्रशस्त छन् र यी नेपाली भाषाका आफ्नै ठेट शब्द हुन्। नेपाली भाषाका यस्ता अनुकरणात्मक शब्दहरूमध्ये धेरैजसो शब्दले क्रियाको रीति/तरिका बुझाउँने हुनाले यी क्रियाविशेषण पदवर्गअन्तर्गत पर्दछन्। क्रियाविशेषण पदहरूको रूप नचल्ने हुनाले ती अव्यय पदवर्गअन्तर्गत राखिन्छन्। त्यसैले नेपाली भाषाका धेरैजसो अनुकरणात्मक शब्दहरू अव्यय पदवर्गका फाँटमा पर्दछन्।

तल नेपाली भाषाका केही अनुकरणात्मक शब्दहरूलाई तिनको अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गरिएको छ:

(क) खिस्स - मेरो सानो साथी खिस्स हाँस्यो।
ध्याच्च - उसले आफ्नो गाडी ध्याच्च रोक्यो।
ङिच्च - दाँत देखाएर ङिच्च हाँस्नु राम्रो होइन।
च्याट्ट - रमा नयाँ लुगा लगाएर च्याट्ट परेकी छ।
झट्ट - तिमी झट्ट यहाँ आऊ।
भ्वाट्ट - आज मेरो उससँग भ्वाट्ट भेट भयो।
झिम्म - उसले आँखा झिम्म झिम्कायो।
भ्वाम्म - रमेशले पौडी खेल्न पोखरीमा भ्वाम्म हाम फाल्यो।
टक्क - ऊ आउँदा-आउँदै टक्क रोकियो।
टन्न - मैले आज त भात टन्न खाएँ।
ठुस्स - हरिको कुरो सुनेपछि गोपाल ठुस्स परेर फर्कियो।
ढक्क - बाघ गर्जेको सुनेर मेरो मुटु ढक्क फुल्यो।
थ्याच्च - तिमी त्यसरी भुईंमा थ्याच्च नबस।
ध्यार्र/ध्वार्र - उसको लुगा ध्यार्र/ध्वार्र च्यातियो।
प्वाक्क - गोविन्दले गणेशलाई प्वाक्क हिर्कायो।
बर्र - रूखबाट फूलहरू बर्र झरे।

(ख) कटक्क - हिजो काँचो आँप खाएपछि मेरो पेट कटक्क दुख्यो।
कपक्क/कुपुक्क - उसले एउटा लड्डु कपक्क/कुपुक्क खायो।

CC-0. In Public Domain. Digitization by eGangotri

| | | |
|---|---|---|
| कक्रक्क | - | त्यो सडकको पेटीमा सुतेको बालक जाडाले कक्रक्क परेको छ। |
| खरक्क/खुरुक्क | - | तिमी यो काम खरक्क/खुरुक्क गरिहाल त! |
| खिसिक्क | - | मेरो सानो साथी खिसिक्क हाँस्यो। |
| खुसुक्क | - | आज म कसैलाई थाहा नदिई घरबाट खुसुक्क हिँडें। |
| गिलिक्क | - | त्यो मेवा पाकेर गिलिक्क भइसकेको छ। |
| गुरुरु | - | राक्षसहरू ओडारबाट गुरुरु बाहिर निस्के। |
| घप्लक्क/घुप्लुक्क | - | मलाई थकाइ लागेकाले आज घर गई घप्लक्क/घुप्लुक्क सिरक ओडी निदाउन मन लागेको छ। |
| चटक्क/चिटिक्क | - | सीता नयाँ सारी लगाएर चटक्क/चिटिक्क परेकी छ। |
| चुर्लुम्म | - | कुकुर नर्दीमा चुर्लुम्म डुबी पौडी खेल्दै आयो। |
| जुरुक्क | - | तिमी जुरुक्क उठ। |
| झनक्क | - | उसको कुरो सुन्दा मलाई झनक्क रिस उठ्यो। |
| झल्याँस्स | - | म डरलाग्दो सपना देख्तादेख्तै झल्याँस्स बिउँझिएँ। |
| झपक्क/झमक्क | - | आज त झपक्क/झमक्क साँझ परिसक्यो। |
| झिलिक्क | - | आकाशमा बिजुली झिलिक्क चम्कियो। |
| झुलुक्क | - | हिजो त एकछिन झुलुक्क घाम लागेको थियो; आज त त्यो पनि लागेन। |
| टक्रक्क | - | तिमी किन त्यसरी टक्रक्क अडियौ हँ? |
| टुक्रुक्क | - | ऊ डरले एक कुनामा आई टुक्रुक्क बस्यो। |
| टपक्क/टुपुक्क | - | कालले थाहै नदिई सबै प्राणीलाई एकदिन टपक्क/टुपुक्क टिपेर लैजान्छ। |
| टनक्क | - | तिमी त्यो सामान टनक्क कसेर बाँधी लैजाऊ। |
| टमक्क/टिमिक्क | - | रामको जिउमा त्यो लुगा टमक्क/टिमिक्क मिलेको छ। |
| ठसक्क | - | श्यामको कुरामा चित्त नबुझी ऊ यहाँबाट ठसक्क परेर गयो। |
| थचक्क/थुचुक्क | - | कमल बोल्दै नबोली भुईंमा थचक्क/थुचुक्क बस्यो। |
| थपक्क | - | तिमी यो खाने कुरा भान्सामा लगेर थपक्क राख त! |
| धपक्क | - | रीताको अनुहार त बत्तीझैं धपक्क बलेको छ। |
| निथ्रुक्क | - | म त पानीले निथ्रुक्कै भिजें। |
| पिटिक्क | - | रूखको हाँगो पिटिक्क भाँचियो। |
| फुत्रुक्क | - | खेतका डिलमा भँगेराहरू फुत्रुक्क-फत्रुक्क गर्दै उफ्रँदै छन्। |
| भुतुक्क | - | ससुराका अगाडि पर्दा बुहारी लाजले भुतुक्क भइन्। |

CC-0. In Public Domain. Digitization by eGangotri

| | | |
|---|---|---|
| भुसुक्क | - | म त <u>भुसुक्कै</u> निदाएँछु। |
| लुरुक्क | - | सानो साथीले चिच्याउँदैमा भिक्षु किन <u>लुरुक्क</u> पर्थे र! |
| सुटुक्क | - | ऊ घर आई <u>सुटुक्क</u> आफ्नो कोठामा पस्यो। |
| सुलुलु | - | पीपलको पात नदीमा <u>सुलुलु</u> बग्दै गयो। |
| हलल्ल | - | राक्षसहरू <u>हलल्ल</u> हाँसे। |

(ग)

| | | |
|---|---|---|
| अकमक्क | - | उसको कुरो सुनी म त <u>अकमक्क</u> परेँ। |
| अलमल्ल | - | त्यो हिसाब बुझ्न नसक्ता रमेश अब के गर्ने होला भनी <u>अलमल्ल</u> पऱ्यो। |
| कचकच | - | तिमी धेरै <u>कचकच</u> नगर है! |
| कपाकप | - | श्याम <u>कपाकप</u> रसबरी खाँदै छ। |
| कलकल | - | खोलो <u>कलकल</u> बग्दछ। |
| कल्याङ्मल्याङ् | - | वनमा केको हो कुन्नि, <u>कल्याङ्मल्याङ्</u> आवाज सुनिँदै छ। |
| क्वारक्वार्ती | - | तिमी यतातिर के <u>क्वारक्वार्ती</u> हेर्दै छौ? |
| खचाखच | - | त्यस बसमा मान्छेहरू <u>खचाखच</u> भरिएका छन्। |
| खुरुखुरु | - | हामीले आफ्नो काम आफै <u>खुरुखुरु</u> गर्नुपर्छ। |
| गजधुम्म | - | पण्डितर्जा आफ्नो आसनमा <u>गजधुम्म</u> परी बसेका छन्। |
| गडयाङ्गुडुङ् | - | आज बादल निकै <u>गडयाङ्गुडुङ्</u> गर्दै छ। |
| गल्र्याम्गुर्लुम् | - | जरा तान्नेत्रित्तिकै त्यो रूख <u>गल्र्याम्गुर्लुम्</u> ढल्यो। |
| चिटचिट | - | घनघस्याको उकालो काट्ता <u>चिटचिट</u> पसिना आउँछ रे! |
| छ्याप्छ्याप्ती | - | त्यो पत्रिका बजारभर <u>छ्याप्छ्याप्ती</u> पाइन्छ। |
| जगजगी | - | आजभोलि देशमा टाठाबाठाहरूकै <u>जगजगी</u> चलेको छ। |
| झलमल्ल | - | <u>झलमल्ल</u> घाम लागेको दिन निकै रमाइलो हुन्छ। |
| झमझम/झिमझिम | - | भदौ महिनामा पानी <u>झमझम/झिमझिम</u> परिरहन्छ। |
| टङटङ | - | विद्यालयको घण्टी <u>टङटङ</u> गरी बज्यो। |
| टहटह | - | पूर्णिमाको रातमा आकाशमा <u>टहटह</u> जून लागेको दृश्य निकै रमाइलो हुन्छ। |
| टिकटिक | - | भित्तेघडी <u>टिकटिक</u> गरी बजिरहन्छ। |
| टुकुटुकु | - | सानो नानी <u>टुकुटुकु</u> हिँड्दै छ। |
| ठसठस | - | उकालो चढ्दा भरिया <u>ठसठस</u> कन्दै थियो। |
| डङ्रङ्ग | - | थाकेर आएपछि म ओछ्यानमा <u>डङ्रङ्ग</u> पल्टेँ। |

CC-0. In Public Domain. Digitization by eGangotri

डमडम - डमरु डमडम बज्दछ।
ढकमक्क - सयपत्री फूल ढकमक्क फुलेको छ।
ढङढङ - कसले ढोकामा ढङढङ आबाज दिँदै छ?
ढुकढुक - मेरो मुटु ढुकढुक गरी धड्कँदै छ।
ढुनुमुनु - केटाकेटीहरू रमाएर ढुनुमुनु गरी खेल्दै छन्।
तनतनी - तिर्खाएको बटुवाले पानी तनतनी पियो।
तपतप - रूखका पातबाट पानीका थोपाहरू तपतप गरी झर्दै छन्।
दनदनी - आगो दनदनी बल्यो।
दनादन - ऊ दनादन आफ्नो काम गर्दै छ।
धपधप - ती तपस्वीको अनुहार धपधप बलेको छ।
धमाधम - तिमी धमाधम आफ्नो काम गर।
धुरुधुरु - मुना धुरुधुरु रुन थालिन्।
पिर्लापिल - रात्रिबसमा यात्रा गर्दा टाढाको बस्तीमा पिलपिल बत्ती बलिरहेको देखियो।
बुरुक्बुरुक् - बाखाको पाठो बुरुकबुरुक गरी उफ्रँदै छ।
फटाफट - तिमी लुगासुगा लगाई फटाफट विद्यालय गइहाल।
फुतुफुतु - सभाबाट मानिसहरू फुतुफुतु निस्केर हिँडेपछि आयोजकहरू मात्र बाँकी रहे।
बिगबिगी - तराईका गाउँमा डाँकाहरूको बिगबिगी चलेको छ भन्ने सुनियो।
मुसुमुसु - तिमी किन मुसुमुसु हाँस्तै छौ?
लोथ्र्याक्-लोथ्र्याक् - हात्ती लोथ्र्याक्-लोथ्र्याक् गरी हिँड्दो छ।
लहलह - खेतमा धानका बाला लहलह झुलेका छन्।
लुरुलुरु - हात्ती लुरुलुरु आफ्नो वासस्थानतिर लाग्यो।
लटरम्म - रूखमा सुन्तलाहरू लटरम्म फलेका छन्।
सिरसिर - बतासे डाँडामा बतास सिरसिर चल्दै छ।
हुरुरुरु - बसमा चढेर हुरुरुरु हुरिँदै छिटै पोखरा पुगियो।

## अभ्यास

तलका अनुकरणात्मक शब्दहरूलाई अर्थ स्पष्ट हुने गरी आफ्नै वाक्यमा प्रयोग गर्नुहोस्:

१. खिस्स, च्याट्ट, भ्वाट्ट, टन्न, थ्याच्च, प्वाक्क, बर्र।
२. कटक्क, कपक्क, कक्रक्क, खिसिक्क, खुसुक्क, चटक्क, चुर्लुम्म, जुरुक्क, झपक्क, झिलिक्क, टक्रक्क, टिमिक्क, थचक्क, धपक्क, पिटिक्क, लुरुक्क, सुटुक्क, हलल्ल।

CC-0. In Public Domain. Digitization by eGangotri

३. अकमक्क, अलमल्ल, कपाकप, कलकल, खचाखच, गजधुम्म, छ्याप्छयाप्ती, जगजगी, झलमल्ल, टहटह, टुकुटुकु, ठसठस, डमडम, ढकमक्क, ढुकढुक, ढुनुमुनु।

४. तनतनी, तपतप, दनादन, धपधप, धुरुधुरु, पिलपिल, फटाफट, बिगबिगी, मुसुमुसु, लहलह, लटरम्म, सिरसिर।

५. कल्याङ्मल्याङ्, गर्ल्याम्गुर्लम्, गड्याङ्गुड्ङ्, बुरुक्बुरुक्, लोथ्र्याक्लोथ्र्याक्, हस्याङ्फस्याङ्।

CC-0. In Public Domain. Digitization by eGangotri

## परिच्छेद अठाह्र

# पारिभाषिक/प्राविधिक शब्द

ज्ञानविज्ञानका कला, साहित्य, राजनीति, कानून, विज्ञान, व्यापार, प्रशासन, व्यवसाय आदि विशेष क्षेत्रमा कुनै विशेष अर्थ बुझाउनाका निम्ति प्रयोग गरिने शब्दलाई पारिभाषिक शब्द भनिन्छ। पारिभाषिक शब्दलाई प्राविधिक शब्द भनिन्छ। नेपाली भाषामा पनि विभिन्न विषयक्षेत्रमा कुनै विशेष अर्थ बुझाउनाका निम्ति प्रयोग गरिने अनेक पारिभाषिक शब्दहरू छन्। विभिन्न विषयक्षेत्रमा प्रयोग हुने पारिभाषिक शब्दको अर्थ बुझी प्रयोग गर्ने क्षमता हासिल गर्नु आजको युगको आवश्यकता भइसकेको छ। यसै आवश्यकतालाई पूरा गर्न विभिन्न विषयक्षेत्रमा प्रचलित नेपाली भाषाका केही पारिभाषिक शब्दलाई सगोलमा मिसाई आकारादि क्रमले राखी अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गरेर तल प्रस्तुत गरिएको छ-

अधिमूल्यन – कुनै वस्तु वा मुद्राको अरू वस्तु वा मुद्राका दाँजामा मूल्य बढ्नुलाई अधिमूल्यन भनिन्छ।

अधिवक्ता – अदालतमा वादी वा प्रतिवादीका पक्षमा बहस गर्ने योग्यता भएको कानुन-व्यवसायीलाई अधिवक्ता भनिन्छ।

अध्यादेश – संसद्को अधिवेशन नचलेका बेला कुनै खास समयका निम्ति कुनै खास काम गर्न कानुनी आवश्यकता परेमा श्री ५ बाट अध्यादेश जारी गरिबक्सन्छ।

अनुकल्पना – कुनै विषयमा अनुसन्धान गर्न थाल्दा पाइएका तथ्यका आधारमा सो विषयको अनुसन्धानकर्ताले स्थापना गरेको पूर्वमान्यता/प्राक्कल्पनालाई अनुकल्पना भनिन्छ।

अनुभूति – कुनै साहित्यिक रचनामा व्यक्त भएको लेखकको भित्री भावनालाई अनुभूति भनिन्छ।

अनुमोदन – कुनै संस्था वा पदाधिकारीले आधिकारिक रूपमा प्रस्तुत गरेको प्रस्तावलाई स्वीकार/समर्थन गर्ने कामलाई अनुमोदन भनिन्छ।

अन्त:शुल्क – आफ्नै देशमा उत्पादन गरिएका मालसामानको उत्पादन र बिक्रीमा सरकारले लगाएको करलाई अन्त:शुल्क भनिन्छ।

अब्बल – एक नम्बरको वा सर्वोत्तम जग्गालाई अब्बल जग्गा भनिन्छ।

CC-0. In Public Domain. Digitization by eGangotri

अलङ्कार – साहित्यकारले आफ्नो भावलाई प्रभावकारी तुल्याउन प्रयोग गरेको अर्थगत वा शब्दगत चमत्कारलाई अलङ्कार भनिन्छ।

अल्पमत – संसद्मा प्रतिनिधित्व गर्ने दलहरूमध्ये संसद् सदस्यको कुल सङ्ख्याको आधाभन्दा कम सङ्ख्या भएको दलको मत वा रायलाई अल्पमत भनिन्छ।

अवमूल्यन – कुनै वस्तु वा मुद्राको अरू वस्तु वा मुद्राका तुलनामा मूल्य घटाउने कामलाई अवमूल्यन भनिन्छ।

अवैधानिक – विधान वा संविधानका नियमविरोधी क्रियाकलापलाई अवैधानिक क्रियाकलाप भनिन्छ।

असंलग्न – कुनै दल, वर्ग वा राष्ट्रका नीतिका पक्षमा नलाग्ने व्यक्ति वा राष्ट्रलाई असंलग्न व्यक्ति/राष्ट्र भनिन्छ।

आकाशगङ्गा – आकाशमा उत्तरदेखि दक्षिणसम्म ज्योतिपुञ्जका रूपमा फैलिएका साना-साना नक्षत्रहरूको समूहलाई आकाशगङ्गा भनिन्छ।

आक्रामक – अर्को राष्ट्रमा हमला गर्ने राष्ट्रलाई आक्रामक राष्ट्र भनिन्छ।

आपूर्ति – दैनिक उपभोग्य वस्तुको माग पूरा गर्ने कामलाई आपूर्ति भनिन्छ।

आरक्ष – वन्यजन्तु र वनस्पतिको सुरक्षाका निम्ति चारैतिर घेरी जोगाइएको जङ्गललाई आरक्ष भनिन्छ।

आवासीय – भोजन र बसोबासको व्यवस्थासमेत भएको विद्यालयलाई आवासीय विद्यालय भनिन्छ।

आशुकवि – छिटो-छिटो राम्रा-राम्रा कविता लेख्ने कविलाई आशुकवि भनिन्छ।

उपभोक्ता – कुनै सरसामान वा वस्तुको उपभोग गर्ने व्यक्ति वा व्यक्तिको समूहलाई उपभोक्ता भनिन्छ।

एकाधिकार – कुनै काम, वस्तु वा व्यापारमा एउटै व्यक्तिको मात्र पूरा अधिकार भएमा त्यसलाई एकाधिकार भनिन्छ।

ऐलानी – माल अड्डामा कसैका नाममा दर्ता नभएको खेतीयोग्य पर्ती जग्गालाई ऐलानी भनिन्छ।

कालोपत्र – प्राविधिक किसिमले रोडा, अलकत्रा आदि छापी पक्की बनाइएको सडकको सतहलाई कालोपत्र भनिन्छ।

कीटाणु – रोग उत्पन्न गर्ने सूक्ष्म सजीव वस्तुलाई कीटाणु भनिन्छ।

कुपोषण – पौष्टिक तत्त्व कम भएको र शरीरलाई हानि गर्ने खालको खाद्य पदार्थलाई कुपोषण भनिन्छ।

कृति – साहित्यकारका लेख, रचना, कविता, कथा आदिलाई कृति भनिन्छ।

CC-0. In Public Domain. Digitization by eGangotri

क्षेप्यास्त्र – टाढैबाट हुत्त्याएर प्रयोग गरिने विशेष किसिमको हतियारलाई <u>क्षेप्यास्त्र</u> भनिन्छ।

खण्डास्मित – कालोपत्र बनाउनुभन्दा पहिले ढुङ्गामाटो वा रोडा बिछ्याइएको सडकलाई <u>खण्डास्मित</u> सडक भनिन्छ।

घोडेटो – घोडा चढेर जान सकिने बाटालाई <u>घोडेटो</u> भनिन्छ।

चक्रेटो – आधुनिक स्थल-सवारीका साधन साइकल, रिक्सा, मोटर आदि चल्ने सडकलाई <u>चक्रेटो</u> भनिन्छ।

चतुर्भुज – रेखागणितमा वर्ग, आयत आदि एक-अर्कामा मिलेर चारकोण बन्ने सरल रेखालाई <u>चतुर्भुज</u> भनिन्छ।

चलानी – चलान गरेका व्यक्ति, वस्तु आदिको नाम लेखिएको निस्सा वा पूर्जीलाई <u>चलानी</u> भनिन्छ।

चाहार – पानी नलाग्ने सुक्खा माटो भएको कम उब्जाउ हुने चौथो नम्बरको जग्गालाई <u>चाहार</u> भनिन्छ।

छन्द – कवितामा प्रयोग भएको लयलाई <u>छन्द</u> भनिन्छ।

जमानत – मुद्दा-मामिलामा मुछिएको व्यक्तिलाई आवश्यक परेका बेला उपस्थित गराउने सर्तमा छुटाउन व्यक्ति नै जमानी बस्ने वा धन धरौटी राखिने कामलाई <u>जमानत</u> भनिन्छ।

जीवाणु – सूक्ष्मदर्शक यन्त्रबाट मात्र देख्न सकिने र पछि बढेर स्थूल जीवको रूपधारण गर्ने अति सूक्ष्म सजीव अणुलाई <u>जीवाणु</u> भनिन्छ।

जीवावशेष – प्राचीन कालदेखि चट्टानमा परी थिचिएर रहेका वा जमिनको भित्री तहबाट निकालिएका जीव, वनस्पति आदिको ढुङ्गामा परिणत रूपलाई <u>जीवावशेष</u> भनिन्छ।

तापक्रम – तातोपन घटीबढी हुने क्रमलाई <u>तापक्रम</u> भनिन्छ।

तापमान – वायुमण्डलमा रहने वा शरीरमा हुने तापको मात्रलाई <u>तापमान</u> भनिन्छ।

तारापुञ्ज – आकाशमा देखिने ताराहरूको समूहलाई <u>तारापुञ्ज</u> भनिन्छ।

तारेख – अड्डा-अदालतबाट झगडिया वा उसको वारिसलाई हाजिर हुन आउनू भनी तोकी लेखिदिएको मितिलाई <u>तारेख</u> भनिन्छ।

त्रिकोण – ज्यामितिमा तीन सरल रेखा मिली तीन कोण परी बनेको समतल चित्रलाई <u>त्रिकोण</u> भनिन्छ।

दलीय – दलगत राजनैतिक विचारलाई <u>दलीय</u> विचार भनिन्छ।

दशगजा – दुई देशको सिमाना छुट्ट्याउने र कुनै पनि देशको अधिकारमा नरहने क्षेत्रलाई <u>दशगजा</u> भनिन्छ।

दीक्षान्त – कुनै विश्वविद्यालयबाट हुने निश्चित अध्ययन-कार्यको समाप्तिलाई <u>दीक्षान्त</u> भनिन्छ।

CC-0. In Public Domain. Digitization by eGangotri

दोयम – मझौला खालको वा दोस्रो नम्बरको जग्गालाई दोयम भनिन्छ।

धनादेश – हुलाकद्वारा कुनै अन्य ठाउँमा रहेको व्यक्तिलाई पठाइने धनलाई धनादेश भनिन्छ।

ध्रुवप्रदेश – हिउँ नै हिउँले ढाकेको पृथ्वीको उत्तरी वा दक्षिणी क्षेत्रलाई ध्रुवप्रदेश भनिन्छ।

नशच्छेदन – परिवार-नियोजन गर्दा पुरुषहरूको नशच्छेदन गरिन्छ।

नातिशीतोष्ण – न धेरै जाडो न धेरै गर्मी हुने ठाउँलाई नातिशीष्तोष्ण क्षेत्र भनिन्छ।

नामाङ्कन – कुनै संस्थाको सदस्यताका निम्ति वा कुनै पदमा उमेदवारी दिनाका निम्ति नाम लेखाउने कामलाई नामाङ्कन भनिन्छ।

निकासी – स्वदेशबाट कुनै वस्तुलाई विदेशमा पठाउनुलाई निकासी भनिन्छ।

निकुञ्ज – वन्य सम्पदाको सुरक्षाका निम्ति निर्माण गरिएको क्षेत्रलाई निकुञ्ज भनिन्छ।

निरस्त्रीकरण – हतियारहरू नष्ट गर्ने कामलाई निरस्त्रीकरण भनिन्छ।

निरीक्षण – कुनै काम ठीकसँग भए-नभएको जाँचबुझ गर्ने कामलाई निरीक्षण भनिन्छ।

निर्दलीय – राजनैतिक दलहरू नभएको राजनैतिक व्यवस्थालाई निर्दलीय व्यवस्था भनिन्छ।

निर्वाचन – कुनै पदका लागि उमेर र अन्य योग्यता पुगेका व्यक्तिहरूले मतदान गरी चाहेअनुसारको व्यक्ति छान्ने कामलाई निर्वाचन भनिन्छ।

निलम्बन – कुनै पदमा रहेको व्यक्तिले अनियमितता वा भ्रष्टाचार गरेको शङ्का लागेमा त्यसको छानबिन गर्ने समयसम्मका लागि त्यस्तो व्यक्तिको अधिकार रोक्का गर्नुलाई निलम्वन भनिन्छ।

निवृत्तिभरण – कुनै स्थायी कर्मचारीले निश्चित अवधि पूरा गरी जागिरबाट अवकाश पाएपछि सम्बन्धित कार्यालयबाट उसले आजीवन पाउने निर्वाह-भत्तालाई निवृत्तिभरण भनिन्छ।

परमादेश – तल्लो अदालत, संस्था, पदाधिकारी आदिलाई कुनै विशेष काम गर्नाका निम्ति सर्वोच्च अदालतले दिने आदेशलाई परमादेश भनिन्छ।

परागकण – फूलहरूका परागकेलीमा उत्पन्न हुने एक किसिमको उर्वर प्रजननशील तत्त्वलाई परागकण भनिन्छ।

CC-0. In Public Domain. Digitization by eGangotri

परागण – भमराले एक फूलको केसर लगेर अर्का फूलमा हालिदिने कामलाई परागण भनिन्छ।

परिपत्र – कुनै विषयको जानकारी दिनाका निम्ति सम्बन्धित धेरै व्यक्ति वा संस्थालाई एकै बेहोरामा पठाइने आधिकारिक चिठीलाई परिपत्र भनिन्छ।

परिवहन – मोटर, जहाज आदिबाट एक ठाउँको सामान अर्का ठाउँमा सार्ने कामलाई परिवहन भनिन्छ।

परीक्षण – कुनै विषयमा योग्य छ वा छैन भनी जाँच गर्ने कामलाई परीक्षण भनिन्छ।

पारवहन – कुनै देशले एउटा देश हुँदै अर्को देशसँग गर्ने आयात-निर्यातलाई पारवहन भनिन्छ।

पुन:परीक्षा – कुनै परीक्षामा सम्मिलित कुनै विद्यार्थी त्यस परीक्षामा असफल भएमा त्यसै परीक्षालाई नियमानुसार फेरि दिन पाउने व्यवस्थालाई पुन: परीक्षा भनिन्छ।

पुनरावलोकन – एकपल्ट सर्वोच्च अदालतबाट निर्णय भई जित-हार भइसकेको मुद्दामा हार्नेले चित्त नबुझी मुद्दा फेरि दोहोऱ्याउनका लागि प्रधान न्यायाधीशसमक्ष निवेदन दिएमा सो निवेदनका आधारमा मुद्दा फेरि हेरिने कानुनी कारबाहीलाई पुनरावलोकन भनिन्छ।

पैठारी – स्वदेशमा आवश्यक मालसामान विदेशबाट मगाउने कामलाई पैठारी भनिन्छ।

प्रक्षेपण – अन्तरिक्षयान, भूउपग्रह आदिलाई अन्तरिक्षमा पठाउने कामलाई प्रक्षेपण भनिन्छ।

प्रतिरोपण – शल्यचिकित्सा गरी एउटा प्राणीको सडेको-बिग्रेको मुटुका ठाउँमा अर्को प्राणीको मुटु राख्ने कामलाई प्रतिरोपण भनिन्छ।

प्रवक्ता – संघ-संस्थाका तर्फबाट कुनै विषयमाथि आधिकारिक रूपमा प्रकाश पार्ने पदाधिकारीलाई प्रवक्ता भनिन्छ।

प्रविष्टि – शब्दकोशमा कुनै शब्दलाई समावेश गर्ने कामलाई शब्द-प्रविष्टि भनिन्छ।

प्रश्नावली – कुनै पनि विषयको वास्तविक जानकारी प्राप्त गर्न त्यससँग सम्बन्धित व्यक्तिहरूलाई सोध्न तयार पारिएका प्रश्नहरूको सूचीलाई प्रश्नावली भनिन्छ।

प्रसारण – कुनै समाचारलाई सबैतिर फैलाउने कामलाई समाचार-प्रसारण भनिन्छ।

प्राश्निक – परीक्षाका निम्ति प्रश्नपत्र बनाउने व्यक्तिलाई प्राश्निक भनिन्छ।

CC-0. In Public Domain. Digitization by eGangotri

फस्र्योट – लेनदेन वा खरिदबिक्रीसम्बन्धी हरहिसाब चुक्ता गर्ने कामलाई फस्र्योट भनिन्छ।

बहुउद्देश्यीय – विभिन्न प्रकारका सीप, लाभ आदि हासिल गराउने उद्देश्य भएको योजनालाई बहुउद्देश्यीय योजना भनिन्छ।

बहुमुखी – दुई वा दुईभन्दा बढी सङ्काय वा अध्ययन-संस्थानअन्तर्गतका विषयको पढाइ हुने क्याम्पसलाई बहुमुखी क्याम्पस भनिन्छ।

बेरुजु – आर्थिक कारोबार जाँच्ता लेखा-परीक्षकले दर्साएको अनियमित रूपमा खर्च भएको रकमलाई बेरुजु भनिन्छ।

बोलपत्र – काम गराउने संस्थालाई काम गर्न सकिने दररेट लेखी ठेकदारले दिने कागतलाई बोलपत्र भनिन्छ।

भाषिका – कुनै पनि भाषाको क्षेत्रीय भेदलाई भाषिका भनिन्छ।

भूपरिवेष्टित – चारैतिर अरू देशका भूभागले घेरिएको र समुद्री बाटो नभएको देशलाई भूपरिवेष्टित देश भनिन्छ।

मतदान – निर्वाचनमा कुनै उमेदवारलाई भोट दिने काम वा भोट खसाल्ने कामलाई मतदान भनिन्छ।

मनोनयन – कुनै व्यक्तिलाई आफ्नो इच्छाअनुसार कुनै पदमा नियुक्त गर्ने कामलाई मनोनयन भनिन्छ।

मस्यौदा – निवेदन, प्रतिवेदन, लेख, पुस्तक आदिको पहिलोपल्ट सरसरती लेखिएको खेस्रा लेखाइलाई मस्यौदा भनिन्छ।

मुद्दती – बैङ्कमा रूपियाँ जम्मा गरी तोकिएको समयसम्म साउँब्याज नझिकेमा बढी ब्याज पाइने व्यवस्था भएको खातालाई मुद्दती खाता भनिन्छ।

मुद्रास्फीति – क्रयशक्तिका दृष्टिले मुद्राको मूल्य कम भई त्यसका अनुपातमा वस्तुको मूल्य धेरै हुने गरी असाधारण रूपले बढी मुद्रा प्रचलनमा आउने स्थितिलाई मुद्रास्फीति भनिन्छ।

मूल्याङ्कन – कुनै मालसामानको मोल तोक्ने वा कुनै व्यक्तिका योग्यताको अङ्कद्वारा स्तर-निर्धारण गर्ने कामलाई मूल्याङ्कन भनिन्छ।

यौगिक – दुई वा दुईभन्दा बढी गुण, तत्त्व, वस्तु आदि मिसिई बनेको वस्तुलाई यौगिक भनिन्छ।

रक्तचाप – शरीरमा सञ्चार हुने रगतको तीव्र वा अल्प चापलाई रक्तचाप भनिन्छ।

रस – साहित्यशास्त्रकाअनुसार शृङ्गार, वीर, करुण, हास्य, अद्‌भुत, भयानक, रौद्र, वीभत्स र शान्त गरी रस नौ प्रकारका छन्।

लालमोहर – श्री ५ महाराजाधिराजको छापलाई लालमोहर भनिन्छ।

CC-0. In Public Domain. Digitization by eGangotri

वारेस – मुद्दा-मामिलामा कुनै पक्षका तर्फबाट कार्य गरिदिने प्रतिनिधिलाई वारेस भनिन्छ।

विकिरण – क्ष-किरण, अल्फा-किरणजस्ता विभिन्न असाधारण किरण उत्पन्न हुने कामलाई विकिरण भनिन्छ।

विधेयक – संसद्मा पेस गरिने ऐनको प्रस्तावित मस्यौदा-रूपलाई विधेयक भनिन्छ।

विनिमय – कुनै एक देशको मुद्रासँग अर्को देशको मुद्रा साट्ने कामलाई मुद्रा-विनिमय भनिन्छ।

विनियोजन – कुनै काममा राजस्वको परिचालन गर्नुलाई विनियोजन भनिन्छ।

विशुवत् रेखा – पृथ्वीका मध्य भागको काल्पनिक रेखालाई विशुवत् रेखा भनिन्छ।

विहार – बौद्ध भिक्षुहरू बस्ने मठलाई विहार भनिन्छ।

वृत्त – गोलाकार परिधिको क्षेत्रलाई वृत्त भनिन्छ।

वृत्तचित्र – इतिहास, धर्म, संस्कृति, विज्ञान आदि महत्त्वपूर्ण विषयवस्तुमाथि प्रकाश पार्ने उद्देश्यले तयार पारिएको चलचित्रलाई वृत्तचित्र भनिन्छ।

वैधानिक – नियम-कानुनअनुसारको कामकारबाहीलाई वैधानिक कामकारबाही भनिन्छ।

व्याख्या – कुनै पद, वाक्य, कविता आदिको अर्थ वा भाव स्पष्ट पार्ने कामलाई व्याख्या भनिन्छ।

शल्यचिकित्सा – चिरफार गरी गरिने रोगको उपचारलाई शल्यचिकित्सा भनिन्छ।

शिलान्यास – कुनै निर्माणकार्य सुरु गर्दा साइत जुराई विधिपूर्वक पूजाआजा गरी जगमा ढुङ्गा, इँट आदि राख्ने कामलाई शिलान्यास भनिन्छ।

शिलालेख – पछिसम्म रहने गरी शिला/ढुङ्गामा कुँदिएको कुनै विशेष विषयको प्रचार वा प्रमाण झल्काउने लेखलाई शिलालेख भनिन्छ।

संवाददाता – समाचारपत्रमा प्रकाशित गर्नुपर्ने कुराहरू विभिन्न ठाउँबाट प्राप्त गर्न ठाउँ-ठाउँका समाचार पठाउन तोकिएको व्यक्तिलाई संवाददाता भनिन्छ।

संविधान – देशको मूल कानुनलाई संविधान भनिन्छ।

सङ्क्रामक – संसर्ग वा छुवाइद्वारा सर्ने रोगलाई सङ्क्रामक रोग भनिन्छ।

समानान्तर – बराबर दूरी भएका रेखाहरूलाई समानान्तर रेखा भनिन्छ।

समालोचना/समीक्षा – कुनै साहित्यिक रचनाका गुणदोष केलाउने काम वा त्यस्तो काम गरी लेखिएको लेखलाई समालोचना वा समीक्षा भनिन्छ।

CC-0. In Public Domain. Digitization by eGangotri

सर्वेक्षण – कुनै विषयको तथ्यपूर्ण जानकारीका लागि गरिने आधिकारिक निरीक्षणलाई सर्वेक्षण भनिन्छ।

सहअस्तित्व – व्यक्ति-व्यक्ति वा राष्ट्र-राष्ट्रका वीच परस्परमा एक-अर्काका हक, हित, मानमर्यादा आदिको ख्याल गरी शान्तिका साथ रहौँ र बाँचौँ भन्ने विचारलाई सहअस्तित्व भनिन्छ।

सहवरण – सर्वसम्मतिबाट प्रतिनिधिको छनोट गर्ने कामलाई सहवरण भनिन्छ।

सिम – राम्रो खेती नहुने तेस्रो नम्बरको जग्गालाई सिम भनिन्छ।

सुपरिवेक्षक – कुनै कार्यको यथार्थ स्थिति बुझ्ने र रेखदेख गर्ने पदाधिकारीलाई सुपरिवेक्षक भनिन्छ।

स्तूप – किल्ला, स्मारक आदि बनाउने उद्देश्यले ढुङ्गा, माटो आदि थुपारी बनाइएको अग्लो ढिस्कोलाई स्तूप भनिन्छ।

स्थपति – 'इन्जिनियर' भन्ने अर्थ बुझाउने नेपालीमा प्रचलित एक शब्द स्थपति हो।

## अभ्यास

तलका पारिभाषिक/प्राविधिक शब्दलाई अर्थ स्पष्ट हुने गरी आफ्नै वाक्यमा प्रयोग गर्नुहोस्:

(क) अधिमूल्यन, अध्यादेश, अनुभूति, अनुमोदन, अब्बल, अलङ्कार, ऐलानी, कुपोषण, खण्डास्मित, घोडेटो, चलानी, छन्द, जमानत, जीवावशेष।

(ख) तापमान, तारेख, दशगजा, दीक्षान्त, दोयम, ध्रुवप्रदेश, नशच्छेदन, नातिशीषेष्ण, निकासी, निरीक्षण, निलम्बन, निवृत्तिभरण।

(ग) परमादेश, परागण, परिवहन, पारवहन, पुनरावलोकन, प्रतिरोपण, प्रसारण, प्राश्निक, फस्यौंट, बेरुजु, भाषिका, मनोनयन, मस्यौदा, मुद्रास्फीति, मूल्याङ्कन।

(घ) यौगिक, रक्तचाप, लालमोहर, वारेस, विकिरण, विनिमय, विशुवत्‌रेखा, वृत्त, व्याख्या, शल्यचिकित्सा, शिलान्यास, सङ्क्रामक, समानान्तर, समीक्षा, सर्वेक्षण, सहअस्तित्व, सहवरण, सिम।

(ङ) अनुकल्पना, अन्तःशुल्क, अल्पमत, अवमूल्यन, आकाशगङ्गा, आपूर्ति, आरक्ष, आशुकवि, उपभोक्ता, एकाधिकार, कालोपत्र, कीटाणु, कृति, क्षेप्यास्त्र।

(च) चक्रेटो, चतुर्भुज, चाहार, जीवाणु, तापक्रम, त्रिकोण, निकुञ्ज, निरस्त्रीकरण, निर्वाचन, परागकण, परिपत्र, पुनःपरीक्षा, पैठारी, प्रक्षेपण, प्रविष्टि, बहुउद्देश्यीय, बहुमुखी, बोलपत्र।

(छ) भूपरिवेष्टित, मुद्दती, मूल्याङ्कन, रस, विधेयक, विनियोजन, विहार, वैधानिक, शिलालेख, संवाददाता, संविधान, स्तूप, स्थपति।

●

CC-0. In Public Domain. Digitization by eGangotri

# परिच्छेद उन्नाईस
# शब्दविनोद

भाषाको शब्दभण्डार बढाउनामा मद्दत गर्ने एक प्रभावकारी उपाय शब्दविनोद हो। शब्दको अर्थलाई ध्यानमा राखी विभिन्न किसिमले मन भुलाउनु वा मनोरञ्जन/मनोविनोद गर्नुलाई नै शब्दविनोद भनिन्छ। मनोविनोदसँग सम्बन्धित शब्दहरू अनेकौं प्रकारका हुन सक्तछन् तापनि यहाँ यी मनोविनोदात्मक शब्दहरूको मात्र चर्चा गरिएको छ- १. पर्यायवाची शब्द, २. विपरीतार्थी शब्द, ३. श्रुतिसम भिन्नार्थक शब्द, ४. अनेकार्थक शब्द र ५. सार शब्द।

## १९.१ पर्यायवाची शब्द

एउटै अर्थ बुझाउने बेग्लाबेग्लै शब्दलाई पर्यायवाची शब्द भनिन्छ; जस्तैः-

मानिस – मनुष्य; मानव; मान्छे; नर।
पशु – जनावर; जन्तु; चौपाया।
बुवा – पिता; बाबु; बा।
आमा – माता; जननी; मुमा।
पुरुष – लोग्नेमान्छे; नर; मर्द।
नारी – स्वास्नीमान्छे; आइमाई; महिला।
लोग्ने – पति; पोइ; श्रीमान्।
स्वास्नी – पत्नी; जोई; श्रीमती।
मुलुक – देश; राष्ट्र।
पुस्तक – किताब।
पर्वत – पहाड; गिरि।
जून – चन्द्र; चन्द्रमा।
सूर्य – रवि; भानु; आदित्य; दिवाकर।
हावा – वायु; बतास; पवन।
पानी – जल; नीर।
आँखा – नयन; नेत्र; चक्षु; लोचन।
कान – कर्ण।
हात – हस्त।
खुट्टा – गोडा; पाद; पाउ।
आगो – अग्नि; अनल; पावक।
आश्चर्य – अचम्म; उदेक।

CC-0. In Public Domain. Digitization by eGangotri

| | | |
|---|---|---|
| कोसेली | – | उपहार; सौगात। |
| घर | – | गृह; भवन; आलय; सदन। |
| अन्दाज | – | अनुमान; अड्कल। |
| प्रयत्न | – | कोसिस; प्रयास। |
| राजा | – | नृप; नृपति; नरेश; भूपति। |
| थालनी | – | सुरु; आरम्भ; प्रारम्भ। |
| पृथ्वी | – | धर्ती; धरणी; धरा; भूमि; वसुन्धरा। |
| नयाँ | – | नवीन; नौलो; अर्वाचीन। |
| पुरानो | – | प्राचीन। |
| शरीर | – | जिउ; तन; काय; आङ; अङ्ग। |
| प्रेम | – | माया; स्नेह। |
| चलाख | – | चतुर। |
| हुल | – | भिड। |
| बलियो | – | बलवान्। |
| कमजोर | – | निर्धो; निर्बल; निर्बलियो। |
| चाँडो | – | छिटो; शीघ्र। |
| बुद्धि | – | मति; मेधा। |
| फरक | – | भिन्न; पृथक्; बेग्लै; अलग |

यस्ता उही अर्थ बुझाउने पर्यायवाची शब्दहरू प्रशस्त हुन सक्छन् र कुनै एक शब्दका उही अर्थ बुझाउने अरू-अरू शब्द खोज्ने शब्द-विनोद गरी शब्दभण्डारको ज्ञान बढाउन सकिन्छ।

## १९.२ विपरीतार्थक शब्द

दुई शब्दहरूमध्ये एकले अर्काको विपरीत वा उल्टो अर्थ बुझाएमा त्यस्ता शब्दलाई विपरीतार्थक शब्द भनिन्छ; जस्तैः-

| | | | | | |
|---|---|---|---|---|---|
| सुल्टो | – | उल्टो | दिन | – | रात |
| भित्र | – | बाहिर | गाउँ | – | सहर |
| आकाश | – | पाताल | स्वर्ग | – | नर्क |
| देवता | – | दानव | तल | – | माथि |
| वर | – | पर | उकालो | – | ओरालो |
| उज्यालो | – | अँध्यारो | धनी | – | गरिब |
| मोटो | – | दुब्लो | कालो | – | गोरो |
| लाभ | – | हानि | आशा | – | निराशा |
| असल | – | खराब | राम्रो | – | नराम्रो |
| चिसो | – | तातो | उपस्थित | – | अनुपस्थित |
| साक्षर | – | निरक्षर | शिक्षित | – | अशिक्षित |

CC-0. In Public Domain. Digitization by eGangotri

| | | | |
|---|---|---|---|
| सन्चो | – बिसन्चो | स्वस्थ | – अस्वस्थ |
| अघि | – पछि | आस्तिक | – नास्तिक |
| सेतो | – कालो | चोर | – साधु |
| आदि | – अन्त्य | श्रीगणेश | – इतिश्री |
| गुण | – दोष | उदार | – अनुदार |
| दायाँ | – बायाँ | पाप | – पुण्य |
| जन्मनु | – मर्नु | हाँस्नु | – रुनु |
| बस्नु | – उठ्नु | जित्नु | – हार्नु |
| आउनु | – जानु | लेख्नु | – नलेख्नु आदि। |

यस्ता एक-अर्काको विपरीत अर्थ बुझाउने शब्दजोडी सङ्कलन गरी मनोरञ्जन गर्नु पनि शब्दभण्डार बढाउने एक उपाय हो।

## १९.३ श्रुतिसम भिन्नार्थक शब्द

सुन्दा उस्तै-उस्तै सुनिने तर भिन्न/बेग्लै अर्थ बुझाउने शब्दलाई श्रुतिसम भिन्नार्थक शब्द भनिन्छ; तल यस्ता शब्दहरूलाई वाक्यमा प्रयोग गरी देखाइएको छ:

(१) कोट – उसले कालो कोट लगाएको छ।
कोत – सेनाका हातहतियार राखिने घर/ठाउँलाई कोत भनिन्छ।

(२) दिन – चौबीस घण्टाको एक दिन हुन्छ।
दीन – दीनदुःखीमाथि दया राख्नुपर्छ।

(३) तोप – टुँडिखेलमा एकतीस तोप पड्काइए।
टोप – उसका टाउकामा रातो टोप छ।

(४) देखि – म आइतबारदेखि विद्यालय जान्छु।
देखी – (अ) सीताले रामलाई बगैँचामा देखी।
(आ) सीता रामलाई देखी हाँसी।

(५) सिता – भान्सामा भातका सिता छरिएका छन्।
सीता – सीता जनकको छोरी हुन्।

(६) विष – विष खाएमा मरिन्छ।
बीस – राम बीस वर्षको भयो।

(७) फेरि – ऊ फेरि उहाँ फर्केन।
फेरी – (अ) आज राति जोगीले फेरी लगायो।
(आ) सीताले घर पुगेर लुगा फेरी।

(८) शीत – हिउँद लागेपछि राति शीत पर्न थाल्छ।
सित – म दालसित भात खान्छु।

(९) फुल – कुखुराले फुल पार्न थाल्यो।
फूल – सीताले फूल टिपेर माला गाँसी।

CC-0. In Public Domain. Digitization by eGangotri

(१०) तिर – (अ) हरि सहरतिर घुम्न गयो।
(आ) तिमी मेरो पैसा तिर।
तीर – मेरो घर नदीको तीरमा छ।
(११) उनी – उनी आजै यहाँ आए।
ऊनी – तिमी ऊनी सुइटर किन।
(१२) जाति – नेपालको उत्तरी भेगमा सेर्पा जातिका मानिसको बसोबास छ।
जाती – दिलीप दाइ ज्यादै जाती हुनुहुन्छ।
(१३) पट्टि – तिमी त्यतापट्टि नजाऊ।
पट्टी – उसले औँलामा पट्टी बाँधेको छ।
(१४) दिशा – मेरो घर काठमाडौँदेखि पश्चिम दिशामा पर्छ।
दिसा – दिसा गरेपछि साबुन-पानीले हात धुनुपर्छ।
(१५) तर – म नाचेँ तर ऊ नाचेन।
तर – तिमी दूधको तर खाऊ।
(१६) जुन – तिमीलाई जुन कलम मन पर्छ त्यही लेऊ।
जून – राति आकाशमा टहटह जून लागेको थियो।
(१७) लेउ – पानी बग्ने खोलाका ढुङ्गामा लेउ लागेको छ।
लेऊ – तिमी यो कलम लेऊ।
(१८) पुरा – अर्काको जुठोपुरा खाएर बाँच्नुभन्दा मर्नु निको हो।
पूरा – उसले त्यो काम पूरा गरिछाड्यो।
(१९) लागि – मैले भाइका लागि नयाँ कलम किनेँ।
लागी – (अ) रीता घरतिर लागी।
(आ) 'घर' मा 'एलु' लागी 'घरेलु' शब्द बन्दछ।
(२०) यश – इमानदार मान्छेको यश सबैतिर फैलिन्छ।
यस – यसले मेरो सबै काम बिगाऱ्यो।

यस्ता सुन्दा उस्तै सुनिने तर भिन्न/फरक अर्थ भएका श्रुतिसम भिन्नार्थक शब्द नेपाली भाषामा अरू पनि प्रशस्तै छन्। यस्ता शब्दहरू बोल्दा र लेख्ता निकै ध्यान पुऱ्याउनुपर्छ; नत्र अर्थको अनर्थ हुन सक्तछ। यस्ता श्रुतिसम भिन्नार्थक शब्दको सङ्कलन र प्रयोग गर्ने अभ्यास गरेमा पनि शब्दभण्डार बढाउनामा टेवा पुग्छ।

## १९.४. अनेकार्थक शब्द

एउटै शब्दका एकभन्दा बढी अर्थ लगाउन सकिन्छ भने त्यस्तो शब्द अनेकार्थक शब्द हो। तल यस्ता शब्दलाई तिनले बुझाउने अनेक अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गरिएको छः

(१) उत्तर – विद्यार्थीहरूले कापीमा उत्तर लेख्नुपर्छ।
हिमाल उत्तर दिशामा पर्दछ।

CC-0. In Public Domain. Digitization by eGangotri

(२) कल – धान कुट्ने कल बिग्रिएको छ।
त्यस कलधारामा पानी आएन।
(३) खरी – पहिले टुँडिखेलमा खरीको रूख थियो।
तिमी खरीले लेख।
(४) खाग – गैंडाका नाकको हाडलाई खाग भनिन्छ।
खरानीलाई पनि खाग भन्ने गरिन्छ।
(५) गोल – मैले आजको फुटबल खेलमा तीन गोल गरेँ।
तिमी एउटा गोल रेखा खिँच।
तिमी मकलमा गोल हालेर आगो बाल।
(६) जग – ज्यामीहरूले घरको जग हालिसके।
मैले जगमा पानी ल्याएँ।
(७) तर – म हाँसेँ तर ऊ हाँसेन।
तिमी बिस्तारै खोलो तर।
(८) तान – तिमी त्यो डोरी तान।
तानको धागाले कपडा बुनिन्छ।
(९) ताल – त्यस तालमा धेरै माछा छन्।
ऊ मादलको तालमा नाच्तै थियो।
(१०) दर – तीजमा आइमाईहरू दर खान्छन्।
सबै पसलमा चामलको एकै दर छ।
(११) पत्र – हिजो विदेशबाट भाइको पत्र आयो।
तिमी किताबका पत्र पल्टाऊ।
(१२) पाटी – बटुवाहरू पाटीमा बास बसेका छन्।
तिमी पाटीमा खरीले लेख।
(१३) पेटी – रामले आज छालाको पेटी किन्यो।
डकर्मीले आज घरको पेटी लगाउने काम गर्‍यो।
(१४) मास – पौष मासमा दिनदिनै नुहाउन सकिँदैन।
उसलाई मासको दाल निकै मन पर्छ।
(१५) साँचो – म सधैँ साँचो बोल्छु।
मेरो बाकसको तालाको साँचो हरायो।
(१६) साल – म पोहर साल भारत घुम्न गएको थिएँ।
सालको रूख निकै ठूलो छ।
(१७) हार – रीताले सुनको हार लगाएकी छ।
भकुन्डो खेलमा हाम्रो हार भएन।

यस्ता एकभन्दा बढी अर्थ बुझाउने अनेकार्थक शब्दहरू पनि प्रशस्त भेटिन सक्तछन्। यस्ता शब्दहरूको सङ्कलन र प्रयोग गरेर पनि भाषाको शब्दभण्डार बढाउन सकिन्छ।

CC-0. In Public Domain. Digitization by eGangotri

## १९.५ सार शब्द

धेरै शब्दका सहायताले मात्र अर्थ वा सार खुल्ने एउटै शब्दलाई सार शब्द भनिन्छ; जस्तै:-

| सार शब्द | अर्थ |
|---|---|
| अमर | कहिल्यै नमर्ने |
| अन्धो | दुवै आँखाले नदेख्ने |
| कानो | एउटा आँखाले नदेख्ने |
| बहिरो | कान नसुन्ने |
| डुँडो | एउटा हात नभएको |
| लँगडो | एउटा गोडो नभएको/एउटा गोडो खोच्याउने |
| खोरन्डो | दुवै खुट्टा नभएको |
| दशक | दश वर्षको समय |
| शताब्दी | सय वर्षको समय |
| विद्यालय | विद्यार्थीहरूलाई पढाउने घर |
| बिस्कुन | घाममा सुकाउन फिँजाएको अन्न |
| दूरदर्शी | पछिको कुरो विचार गर्न सक्ने |
| नेप्टे | नाक थेप्चो भएको |
| चुच्चे | नाक चुच्चो भएको |
| थोते | दाँत नभएको वा दाँत फुक्लेको |
| अदृश्य | देख्न नसकिने |
| अपुतो | सन्तान नभएको |
| दोभान | दुई नदीको सङ्गम भएको ठाउँ |
| त्रिवेणी | तीन नदीको सङ्गम भएको ठाउँ |
| चौबाटो | चारतिर जाने बाटो छुट्टिने ठाउँ |
| लाटो | बोल्न नसक्ने |
| लामपुच्छ्रे | लामो पुच्छर भएको |
| पञ्चामृत | दूध, दही, घिउ, मह र चिनी मिलेको वस्तु |

नेपाली भाषामा यस्ता सार शब्दहरू पनि प्रशस्त छन्। अरू-अरू यस्ता सार शब्दहरू खोजी तिनको अर्थ बुझी प्रयोग गर्ने अभ्यास गरेमा पनि शब्दभण्डार बढ्दै जान्छ।

CC-0. In Public Domain. Digitization by eGangotri

# अभ्यास

१. तलका शब्दहरूका दुई-दुई पर्यायवाची शब्दहरू लेख्नुहोस्:
मान्छे, जन्तु, मर्द, महिला, देश, जून, सूर्य, हावा, पानी, आँखा, गोडा, आगो, गृह, नरेश, धर्ती, नयाँ, आङ, निर्बल, बुद्धि, पृथक्।

२. तलका शब्दहरूका विपरीतार्थक शब्द लेख्नुहोस्:
अपमान, निराशा, वियोग, हार, अनुकूल, दुर्लभ, दुर्जन, स्वदेश, उत्तीर्ण, भेट्नु, मर्नु, पछि, शिक्षित, नराम्रो, दोष, कालो, बाठो, मूर्ख, सत्य, उत्तम, अपकार।

३. तलका श्रुतिसम भिन्नार्थक शब्दहरूलाई अर्थ स्पष्ट हुने गरी आफ्नै वाक्यमा प्रयोग गर्नुहोस्:
कोट/कोत, दिन/दीन, देखि/देखी, सिता/सीता, शीत/सित, फुल/फूल, तिर/तीर, उनी/ऊनी, तर/तर, जुन/जून, यश/यस

४. तलका प्रत्येक शब्दले बुझाउने एकभन्दा बढी बेग्लाबेग्लै अर्थ बुझिने गरी तिनलाई वाक्यमा प्रयोग गर्नुहोस्:
उत्तर, जग, पत्र, मास, साल, हार।

५. तलका सार शब्दको अर्थ लेख्नुहोस्:
अमर, डुँडो, खोरन्डो, दशक, शताब्दी, बिस्कुन, दूरदर्शी, अपुतो, लाटो, नास्तिक, आस्तिक, जलचर, स्थलचर, हप्ता, शाकाहारी, मांसाहारी, सर्वज्ञ।

●

CC-0. In Public Domain. Digitization by eGangotri

## परिच्छेद बीस

# शब्द-निर्माण-प्रक्रिया

### २०.१ शब्द-निर्माण-प्रक्रिया: व्युत्पादनका आधारमा शब्दका किसिम

भाषाका शब्द बन्ने तरिका वा शब्दको निर्माण हुने प्रक्रियालाई शब्दनिर्माण-प्रक्रिया भनिन्छ। यसलाई शब्द-व्युत्पादन पनि भनिन्छ। एक वा एकभन्दा बढी स्वरव्यञ्जनवर्णहरू वा अक्षरहरू मिलेर बनेको त्यस्तो लवज शब्द हो जसको आफ्नो छुट्टै अर्थ हुन्छ; जस्तैः– (क) नाम, घर, पढ्, पहेँलो, दाजु, पत्र; (ख) बदनाम, घरेलु, घरघर, पढाइ, पहेँलिनु, दाजुभाइ, पत्राचार। यहाँ (क) मा र (ख) मा दिइएका दुवैथरी लवज शब्द हुन्; किनभने यी विभिन्न स्वरव्यञ्जन वर्ण वा अक्षरहरू मिलेर बनेका छन् र यिनको आफ्नो अलग-अलग अर्थ पनि छ। तर यहाँ (क) र (ख) मा दिइएका शब्दको निर्माण-प्रक्रिया भने फरक छ। (क) मा दिइएका 'नाम', 'घर', 'पढ्' 'पहेँलो', 'दाजु' र 'पत्र' शब्दलाई अर्थ दिन सक्ने खालका एकभन्दा बढी टुक्रामा टुक्रयाउन मिल्दैन; तर (ख) मा दिइएका 'बदनाम', 'घरेलु', 'घरघर', 'पढाइ', 'पहेँलिनु', 'दाजुभाइ' र 'पत्राचार' जस्ता शब्दलाई भने अर्थ दिने खालका एकभन्दा बढी टुक्रामा टुक्रयाउन सकिन्छ; जस्तै- बद+नाम; घर+एलु; घर+घर; पढ्+आइ; पहेँलो+इलो; दाजु+भाइ; पत्र+आचार। यसरी कुनै शब्द आफै बनेका र एकभन्दा बढी सार्थक टुक्रामा टुक्रयाउन नसकिने खालका हुन्छन् भने कुनै शब्द एकभन्दा बढी सार्थक टुक्रा मिली बनेका र तिनका त्यस्ता सार्थक टुक्रा टुक्रयाएर देखाउन सकिने खालका हुन्छन्। त्यसैले निर्माण-प्रक्रिया वा व्युत्पादनका दृष्टिले शब्द दुई प्रकारका हुन्छन्- (क) मूलशब्द र (ख) व्युत्पन्न शब्द।

**(क) मूल शब्द:** आफै बनेका र एकभन्दा बढी सार्थक अंश वा टुक्रामा टुक्रयाएर निर्माण-प्रक्रिया वा व्युत्पादन-प्रक्रिया देखाउन नसकिने शब्दलाई मूल शब्द भनिन्छ। 'नाम', 'घर', 'पढ्' 'पहेँलो', 'दाजु' र 'पत्र' मूल शब्दका उदाहरण हुन्। यस्ता मूल शब्दहरू अरू पनि थुप्रै छन्। मूल शब्दलाई अव्युत्पन्न शब्द पनि भनिन्छ।

**(ख) व्युत्पन्न शब्द:** एकभन्दा बढी सार्थक अंश वा टुक्रा मिली बनेका र त्यस्ता सार्थक अंश वा टुक्रामा टुक्रयाएर निर्माण-प्रक्रिया वा व्युत्पादन-प्रक्रिया

CC-0. In Public Domain. Digitization by eGangotri

देखाउन सकिने खालका शब्दहरूलाई व्युत्पन्न शब्द भनिन्छ। बद+नाम = बदनाम; घर+एलु = घरेलु; घर+घर = घरघर; पढ्+आइ = पढाइ; पहेँलो+इनु = पहेँलिनु; दाजु+भाइ = दाजुभाइ; पत्र+आचार = पत्राचार जस्ता शब्दहरू व्युत्पन्न शब्द हुन्। नेपाली भाषामा प्रचलित व्युत्पन्न शब्दहरू पाँच किसिमले बनेका देखिन्छन्-

(१) उपसर्ग/पूर्वसर्ग लागेर: बद+नाम = बदनाम।
(२) परसर्ग/प्रत्यय लागेर: घर+एलु = घरेलु, पढ्+आइ = पढाइ, पहेँलो+इनु = पहेँलिनु।
(३) समास भएर: दाजु र भाइ = दाजुभाइ
(४) द्वित्व भएर: घर+घर = घरघर
(५) सन्धि भएर: पत्र+आचार = पत्राचार।

## २०.२ व्युत्पादन र रूपायनमा फरक

व्युत्पादन र रूपायन शब्दनिर्माण-प्रक्रियाका दुई प्रकार हुन्। यी दुईको परिचय क्रमश: तलका उपशीर्षकहरूमा दिइएको छ र त्यसैबाट यी दुईका बीचको भिन्नता वा फरक पत्ता लगाउन सकिन्छ।

**(क) व्युत्पादन:** शब्द+प्रत्यय = शब्द; उपसर्ग+शब्द = शब्दको रचनाप्रक्रियाद्वारा नयाँ-नयाँ शब्दहरूको उत्पादन गर्ने तरिका नै व्युत्पादन हो। यसरी बनेको/उत्पादन भएको शब्दले शब्दको मान्यता प्राप्त गर्दछ वा उक्त शब्द शब्दकोशमा खोज्दा पनि भेटिन्छ। त्यसैले एउटा मूल शब्द वा धातुमा प्रत्यय वा उपसर्ग लगाएर नयाँ-नयाँ शब्दहरूको निर्माण गर्ने वा उत्पादन गर्ने तरिका नै व्युत्पादन हो; जस्तै:-

| मूल शब्द/धातु | व्युत्पादन भएका शब्दहरू/नयाँ-नयाँ उत्पादन भएका शब्दहरू |
|---|---|
| (अ) पढ् (धातु) | पढाइ (नाम) पढैया (विशेषण) पढन्ते (विशेषण) |
| (आ) घर (नाम) | घरायसी (विशेषण), घरानियाँ (विशेषण) घरेलु (विशेषण) |

माथि (अ) मा दिइएको 'पढ्' मूल धातु हो। धातुमा 'आइ', 'ऐया' र 'अन्ते' प्रत्यय लागेर क्रमश: 'पढाइ' भन्ने नामशब्द, 'पढैया' भन्ने विशेषणशब्द र 'पढन्ते' भन्ने विशेषणशब्दको व्युत्पादन वा रचना त्यहाँ भएको छ। मूल 'पढ्' भन्ने धातुमा 'आइ', 'ऐया' र 'अन्ते' भन्ने प्रत्यय जोडिएर नयाँ शब्द बनेका छन् र ती नयाँ शब्दले आफ्नो पुरानो वर्ग (धातु) परिवर्तन गरी नयाँ वर्ग (नाम, विशेषण) मा प्रवेश गरेका छन्। त्यस्तै माथि (आ) मा 'घर' भन्ने नामशब्द रहेको छ। सोही नामशब्दका ठीक बायाँपट्टि 'आयसी', 'आनियाँ' र 'एलु' प्रत्यय लागेर उत्पादन भएका 'घरायसी', 'घरानियाँ' र 'घरेलु' भन्ने विशेषण वर्गका शब्द

CC-0. In Public Domain. Digitization by eGangotri

बनेका छन्। त्यसैले शब्द+प्रत्यय = नयाँ शब्दको प्रक्रियाबमोजिम शब्दहरूको रचना हुनु र तिनलाई शब्दकोशमा खोज्दा पनि भेटिनु वा तिनले नयाँ शब्दको मान्यता पनि पाउनुले के बुझिन्छ भने व्युत्पादन-प्रक्रियाले शब्दभण्डार बढाउँछ र शब्दकोशलाई मोटो तुल्याउँछ। व्युत्पादन भनेको नयाँ-नयाँ शब्द-निर्माण गर्ने प्रक्रिया हो। यस अध्यायको सुरुको उपशीर्षक 'शब्दनिर्माण-प्रक्रियाका आधारमा शब्दका किसिम' अन्तर्गत जेलाई शब्दनिर्माण-प्रक्रिया भनिएको छ त्यो नै शब्द-व्युत्पादनको प्रक्रिया हो।

**(ख) रूपायन:** शब्द+प्रत्यय = 'रूप/पद'को रचना-प्रक्रियाद्वारा उही शब्दका नयाँ-नयाँ रूपहरूको रचना हुने प्रक्रिया नै रूपायन हो। यसरी बनेको/रूपायन भएको/रूप चलेको रूपलाई शब्द-कोशमा खोज्दा भेट्न सकिन्न। त्यसैले एउटा मूल शब्द वा धातुमा रूपायक (काल, पक्ष, वचन, पुरुष, लिङ्ग, कारक, वाच्य, करण, अकरण बुझाउने) प्रत्यय लागेर नयाँ-नयाँ रूपहरूको निर्माण गर्ने प्रक्रिया नै रूपायन हो; जस्तै:–

| मूल शब्द/धातु | शब्दका नयाँ-नयाँ रूपहरू |
|---|---|
| (अ) पढ् (धातु) | पढ्छ (क्रियापद), पढ्यो (क्रियापद), पढ्ला (क्रियापद)..... |
| (आ) घर (नाम) | घरहरू (नाम), घरले (नाम), घरमा (नाम) |

माथि (अ) मा 'पढ्' भन्ने धातुबाट 'पढ्छ' 'पढ्यो' 'पढ्ला' जस्ता क्रियापदहरूको रचना भएको छ। सो 'पढ्' धातुका काल, पक्ष, वचन, पुरुष, लिङ्ग...... आदि आधारमा अन्य धेरै-धेरै रूप चल्छन्। तर जतिसुकै रूप चले पनि ती क्रियापद नै हुन्।

माथि (आ) मा 'घर' भन्ने नामशब्द छ र त्यसको दायाँपट्टि 'घरहरू', 'घरले' र 'घरमा' भन्ने सोही 'घर' नामशब्दकै वचन र कारकका आधारमा नयाँ-नयाँ रूप बनेका छन्। 'पढ्' र 'घर' शब्दबाट बनेका यस्ता रूपहरू शब्दकोशमा खोज्दा पनि भेटिन्नन्; ती त केवल वाक्यमा प्रयोग हुँदा मात्र देखिने गर्दछन्। त्यसैले माथि दिइएका रूपहरू नयाँशब्द नभई उही शब्दकै नयाँ-नयाँ रूपहरू हुन् र यसरी शब्द/धातुमा रूपायक प्रत्यय गाँसिएर वाक्यमा प्रयोग गर्न सकिने नयाँ-नयाँ रूपको रचना गर्ने प्रक्रियालाई रूपायन भनिन्छ। नाम, सर्वनाम, विशेषण र क्रियापदको रूपायन हुने गर्छ। यिनका रूपायनका आधारमा चल्ने रूपावली यथास्थानमा दिइएका छन्।

CC-0. In Public Domain. Digitization by eGangotri

## अभ्यास

**तलका प्रश्नहरूको उत्तर लेख्नुहोस्।**

१. (क) शब्दनिर्माणप्रक्रिया भनेको के हो?
(ख) व्युत्पादनका आधारमा शब्द कति प्रकारका छन्?
(ग) कस्ता शब्दलाई मूल/अव्युत्पन्न शब्द भनिन्छ? उदाहरण पनि दिनुहोस्।
(घ) कस्ता शब्दलाई व्युत्पन्न शब्द भनिन्छ? उदाहरण दिई स्पष्ट पार्नुहोस्।

२. (क) व्युत्पादन भनेको के हो? उदाहरण दिई छर्लङ्ग पार्नुहोस्।
(ख) रूपायन भनेको के हो? उदाहरण दिई स्पष्ट पार्नुहोस्।
(ग) व्युत्पादन र रूपायनमा के फरक छ? छोटकरीमा लेख्नुहोस्।

●

CC-0. In Public Domain. Digitization by eGangotri

## परिच्छेद एक्काईस

# उपसर्गद्वारा शब्द-निर्माण

कुनै मूल शब्दका अगाडि वा बायाँतिर लागेर नयाँ शब्द बनाउनेलाई उपसर्ग भनिन्छ। उपसर्गलाई पूर्वसर्ग पनि भन्ने गर्दछन्। जुन शब्दमा उपसर्ग लाग्दछ त्यस शब्दलाई आधार शब्द भनिन्छ। नेपाली भाषामा संस्कृत उपसर्ग लागेर बनेका र अन्य (नेपाली) उपसर्ग लागेर बनेका दुईथरी उपसर्ग-निर्मित शब्द भेटिन्छन्; जस्तै-

### २१.१ संस्कृत उपसर्ग, उपसर्गनिर्मित शब्द र निर्माण-प्रक्रिया

| संस्कृत उपसर्ग | उपसर्गनिर्मित शब्द | निर्माण-प्रक्रिया |
|---|---|---|
| प्र | प्रचार | प्र+चार |
| | प्रहार | प्र+हार |
| | प्रगति | प्र+गति |
| | प्रदूषण | प्र+दूषण |
| | प्रदर्शन | प्र+दर्शन |
| परा | पराजय | परा+जय |
| | पराक्रम | परा+क्रम |
| | परामर्श | परा+मर्श |
| | पराकाष्ठा | परा+काष्ठा |
| अप | अपमान | अप+मान |
| | अपवाद | अप+वाद |
| | अपशब्द | अप+शब्द |
| | अपशकुन | अप+शकुन |
| | अपहरण | अप+हरण |
| अव | अवनति | अव+नति |
| | अवगुण | अव+गुण |
| | अवधारणा | अव+धारणा |
| | अवमूल्यन | अव+मूल्यन |
| सम् | सम्मान | सम्+मान |
| | संवाद | सम्+वाद |
| | सञ्चार | सम्+चार |
| | संयोग | सम्+योग |
| | संस्मरण | सम्+स्मरण |

CC-0. In Public Domain. Digitization by eGangotri

| | | |
|---|---|---|
| अनु | अनुकरण | अनु+करण |
| | अनुशासन | अनु+शासन |
| | अनुमान | अनु+मान |
| | अनुगमन | अनु+गमन |
| | अनुरोध | अनु+रोध |
| वि | विदेश | वि+देश |
| | वियोग | वि+योग |
| | विज्ञान | वि+ज्ञान |
| | विनाश | वि+नाश |
| | विचार | वि+चार |
| अधि | अधिकार | अधि+कार |
| | अधिराज्य | अधि+राज्य |
| | अधिवेशन | अधि+वेशन |
| | अध्ययन | अधि+अयन |
| | अधिष्ठाता | अधि+स्थाता |
| अति | अतिक्रमण | अति+क्रमण |
| | अतिरिक्त | अति+रिक्त |
| | अतिवृष्टि | अति+वृष्टि |
| | अतिशय | अति+शय |
| | अत्युक्ति | अति+उक्ति |
| उत् | उच्चारण | उत्+चारण |
| | उद्देश्य | उत्(द्)+देश्य |
| | उद्धरण | उत्(द्)+हरण |
| | उन्मुक्त | उत्+मुक्त |
| | उल्लेख | उत्+लेख |
| प्रति | प्रतिकूल | प्रति+कूल |
| | प्रतिफल | प्रति+फल |
| | प्रतिक्रिया | प्रति+क्रिया |
| | प्रतिलिपि | प्रति+लिपि |
| | प्रतिविम्ब | प्रति+विम्ब |

CC-0. In Public Domain. Digitization by eGangotri

| | | |
|---|---|---|
| परि | परिभाषा | परि+भाषा |
| | परिपूर्ण | परि+पूर्ण |
| | परिवर्तन | परि+वर्तन |
| | परित्याग | परि+त्याग |
| | परिस्थिति | परि+स्थिति |
| उप | उपदेश | उप+देश |
| | उपनाम | उप+नाम |
| | उपकुलपति | उप+कुलपति |
| | उपस्थिति | उप+स्थिति |
| | उपाध्यक्ष | उप+अध्यक्ष |
| सु | सुपुत्र | सु+पुत्र |
| | सुपरिचित | सु+परिचित |
| | सुदूर | सु+दूर |
| | सुदर्शन | सु+दर्शन |
| | सुशिक्षित | सु+शिक्षित |
| कु | कुकर्म | कु+कर्म |
| | कुमार्ग | कु+मार्ग |
| | कुपुत्र | कु+पुत्र |
| | कुदृष्टि | कु+दृष्टि |
| | कुरीति | कु+रीति |
| निर् | निराशा | निर्+आशा |
| | निरीक्षण | निर्+ईक्षण |
| | निर्णय | निर्+नय |
| | निर्यात | निर्+यात |
| | निर्वाचन | निर्+वाचन |
| निस् | निश्चय | निस्+चय |
| | निष्कपट | निस्+कपट |
| | निष्फल | निस्+फल |
| | निस्सार | निस्+सार |
| | निस्तेज | निस्+तेज |
| दुर् | दुर्गम | दुर्+गम |
| | दुर्दशा | दुर्+दशा |
| | दुरुपयोग | दुर्+उपयोग |
| | दुराचार | दुर्+आचार |
| | दुर्घटना | दुर्+घटना |

CC-0. In Public Domain. Digitization by eGangotri

| | | |
|---|---|---|
| दुस् | दुश्चरित्र | दुस्+चरित्र |
| | दुष्कर | दुस्+कर |
| | दुष्कर्म | दुस्+कर्म |
| | दुस्तर | दुस्+तर |
| | दुस्साहस | दुस्+साहस |
| नि | नियम | नि+यम |
| | निवास | नि+वास |
| | निवारण | नि+वारण |
| | नियोजन | नि+योजन |
| | निबन्ध | नि+बन्ध |
| अभि | अभिनय | अभि+नय |
| | अभिमान | अभि+मान |
| | अभिरुचि | अभि+रुचि |
| | अभिवादन | अभि+वादन |
| | अभिशाप | अभि+शाप |
| आ | आजीवन | आ+जीवन |
| | आगमन | आ+गमन |
| | आजन्म | आ+जन्म |
| | आमूल | आ+मूल |
| | आदेश | आ+देश |

## २१.२ अन्य उपसर्ग, उपसर्गनिर्मित शब्द र निर्माण-प्रक्रिया

| अन्य उपसर्ग | उपसर्गनिर्मित शब्द | निर्माण-प्रक्रिया |
|---|---|---|
| अ | अकाल | अ+काल |
| | अछापे | अ+छापे |
| | अछुत | अ+छुत |
| | अपुग | अ+पुग |
| | अपढ | अ+पढ |
| अन | अनगन्ती | अन+गन्ती |
| | अनजान | अन+जान |
| | अनपढ | अन+पढ |
| | अनमेल | अन+मेल |

CC-0. In Public Domain. Digitization by eGangotri

| | | |
|---|---|---|
| कु | कुकाठ | कु+काठ |
| | कुठाउँ | कु+ठाउँ |
| | कुजात | कु+जात |
| | कुबाटो | कु+वाटो |
| | कुलत | कु+लत |
| बि | बिकाम | बि+काम |
| | बिर्थिति | बि+र्थिति |
| | बितल | बि+तल |
| | बिसुर | बि+सुर |
| | बिरङ्ग | बि+रङ्ग |
| बे | बेछन्द | बे+छन्द |
| | बेढङ्ग | बे+ढङ्ग |
| | बेताल | बे+ताल |
| | बेनामी | वे+नामी |
| | बेकम्मा | बे+कम्मा |
| बद | बदनाम | बद+नाम |
| | बदनियत | बद+नियत |
| | बदख्वाइँ | बद+ख्वाइँ |
| | बदमास | बद+मास |
| | बदचलन | बद+चलन |
| स | सगुन | स+गुन |
| | सजग | स+जग |
| | सगोल | स+गोल |
| | सपुत | स+पुत |
| | सबेर | स+बेर |
| ना | नालायक | ना+लायक |
| | नासमझ | ना+समझ |
| | नामर्द | ना+मर्द |
| | नाजबाफ | ना+जबाफ |
| | नाखुस | ना+खुस |

CC-0. In Public Domain. Digitization by eGangotri

# अभ्यास

**तलका प्रश्नहरूको उत्तर लेख्नुहोस्।**

१. (क) उपसर्ग भनेको के हो?

(ख) नेपाली भाषामा कुन-कुन स्रोतका उपसर्ग लागी बनेका शब्द भेटिन्छन्?

२. (क) तलका शब्दहरूका उपसर्ग र आधारपद छुट्ट्याउनुहोस्:

प्रदूषण, अपशब्द, अवमूल्यन, सम्मान, सञ्चार, अनुरोध, विचार, अध्ययन, अत्युक्ति, उत्थान, उच्चारण, उन्नति, प्रतिलिपि, परिस्थिति, उपाध्यक्ष, कुदृष्टि, दुष्कर्म, दुस्साहस, निबन्ध, अभिरुचि, आदेश, अछापे, अनमेल, कुलत, बिथिति, बेनामी, बदमास, सपुत, नालायक।

(ख) तल दिइएका उपसर्ग लगाई प्रत्येकका चार-चार शब्द बनाउनुहोस्:

अ. प्र, अप, अव, सम्, अनु, वि, अधि, अति, उत्।

आ. प्रति, परि, उप, सु, कु, निर्, निस्, दुर्, दुस्, नि, अभि, आ।

इ. अ, अन, कु, बि, बे, बद, स, ना।

●

CC-0. In Public Domain. Digitization by eGangotri

## परिच्छेद बाईस

# परसर्गद्वारा शब्द-निर्माण

मूल शब्दका पछाडि वा दायाँतिर लागी अर्को शब्द बनाउने तत्त्वलाई 'परसर्ग' भनिन्छ। 'परसर्ग'लाई 'प्रत्यय' पनि भन्ने गरिन्छ। जुन मूल शब्दमा परसर्ग/प्रत्यय लाग्दछ त्यस मूल शब्दलाई 'प्रकृति' भनिन्छ। प्रकृतिमा परसर्ग लागेर व्युत्पन्न शब्द-निर्माण हुने प्रक्रिया तीन छन्- (क) धातुमा परसर्ग/प्रत्यय लागेर शब्द-निर्माण हुने प्रक्रिया, (ख) शब्द (नाम, सर्वनाम, विशेषण र अव्यय) मा परसर्ग/प्रत्यय लागेर शब्द-निर्माण हुने प्रक्रिया र (ग) नाम, विशेषण र अव्ययमा परसर्ग/प्रत्यय लागेर नामधातु बन्ने प्रक्रिया। यी तीनओटै प्रक्रियाको चर्चा तल गरिएको छ-

## २२.१ धातुमा परसर्ग लागेर हुने शब्द-निर्माण-प्रक्रिया: कृदन्त-प्रक्रिया

धातुमा लाग्ने परसर्गलाई नेपाली भाषाका व्याकरणमा कृत् प्रत्यय भनिन्छ र कृत् प्रत्यय लागेर बनेको शब्दलाई कृदन्त शब्द भनिन्छ। नेपाली भाषामा तद्भव कृत् प्रत्यय र तत्सम कृत् प्रत्यय लागेर बनेका तद्भव कृदन्त शब्द र तत्सम कृदन्त शब्द गरी दुवैथरी शब्द प्रचलित रहेका छन्। यी दुवैथरी कृदन्त शब्दहरूमध्ये केही विशेष प्रचलित कृत् प्रत्यय लागेर बनेका कृदन्त शब्दको निर्माण-प्रक्रिया तल देखाइएको छ:

| (क) <u>तद्भव नेपाली कृत् प्रत्यय</u> | <u>कृदन्त शब्द</u> | <u>निर्माण-प्रक्रिया</u> |
|---|---|---|
| अ | पढ | पढ्+अ |
| | माग | माग्+अ |
| | खेल | खेल्+अ |
| | भेट | भेट्+अ |
| अक्कड | बुझक्कड | बुझ्+अक्कड |
| | बोलक्कड | बोल्+अक्कड |
| | घुमक्कड | घुम्+अक्कड |
| | भुलक्कड | भुल्+अक्कड |
| अत | बचत | बच्+अत |
| | लिखत | लिख्+अत |
| | लागत | लाग्+अत |

CC-0. In Public Domain. Digitization by eGangotri

| | | |
|---|---|---|
| अन्त | भिडन्त | भिड्+अन्त |
| | लडन्त | लड्+अन्त |
| | गढन्त | गढ्+अन्त |
| | रटन्त | रट्+अन्त |
| अन्ता/अन्ते | घुमन्ता/घुमन्ते | घुम्+अन्ता/अन्ते |
| | पढ्न्ता/पढ्न्ते | पढ्+अन्ता/अन्ते |
| | फिरन्ता/फिरन्ते | फिर्+अन्ता/अन्ते |
| | मगन्ता/मगन्ते | माग्+अन्ता/अन्ते |
| आ | छापा | छाप्+आ |
| | चाला | चाल्+आ |
| | लेखा | लेख्+आ |
| | झेल | झेल्+आ |
| आइँ | बसाइँ | बस्+आइँ |
| | बढाइँ | बढ्+आइँ |
| | रोपाइँ | रोप्+आइँ |
| | लडाइँ | लड्+आइँ |
| आइ | पढाइ | पढ्+आइ |
| | लेखाइ | लेख्+आइ |
| | भनाइ | भन्+आइ |
| | हेराइ | हेर्+आइ |
| आउ | पकाउ | पक+आउ |
| | घेराउ | घेर्+आउ |
| | सुझाउ | सुझ्+आउ |
| | चुनाउ | चुन्+आउ |
| आन | ढलान | ढाल्+आन |
| | जडान | जड्+आन |
| | कटान | काट्+आन |
| | किटान | किट्+आन |
| इलो | हँसिलो | हाँस्+इलो |
| | खँदिलो | खाँद्+इलो |
| | भरिलो | भर्+इलो |
| | पोसिलो | पोस्+इलो |

CC-0. In Public Domain. Digitization by eGangotri

| | | |
|---|---|---|
| ई | पढी | पढ्+ई |
| | दिई | दि+ई |
| | पाई | पाउ+ई |
| | हेरी | हेर्+ई |
| उवा | थुनुवा | थुन्+उवा |
| | बढुवा | बढ्+उवा |
| | खोसुवा | खोस्+उवा |
| | हरुवा | हार्+उवा |
| एको | थुनेको | थुन्+एको |
| | बढेको | बढ्+एको |
| | खोसेको | खोस्+एको |
| | हारेको | हार्+एको |
| एर | पढेर | पढ्+एर |
| | हेरेर | हेर्+एर |
| | दिएर | दि+एर |
| | पाएर | पाउ+एर |
| ओट/आवट | बनोट/बनावट | बन्+ओट/आवट |
| | लेखोट/लेखावट | लेख्+ओट/आवट |
| | छनोट | छान्+ओट |
| | सजावट | सज्+आवट |
| | मिसोट/मिसावट | मिस्+ओट/आवट |
| तो/दो | सक्तो | सक्+तो |
| | काट्तो | काट्+तो |
| | हेर्दो | हेर्+दो |
| न | खान | खा+न |
| | पढ्न | पढ्+न |
| | दिन | दि+न |
| | हेर्न | हेर्+न |
| नु | खानु | खा+नु |
| | पढ्नु | पढ्+नु |
| | हेर्नु | हेर्+नु |
| | पाउनु | पाउ+नु |

CC-0. In Public Domain. Digitization by eGangotri

| | | | |
|---|---|---|---|
| | ने | पढ्ने | पढ्+ने |
| | | हेर्ने | हेर्+ने |
| | | भन्ने | भन्+ने |
| | | दिने | दि+ने |
| **(ख)** | **तत्सम कृत् प्रत्यय** | **कृदन्त शब्द** | **निर्माण-प्रक्रिया** |
| | अक | दर्शक | दृश्+अक |
| | | गायक | गै+अक |
| | | सेवक | सेव्+अक |
| | | वादक | वद्+अक |
| | अन | दर्शन | दृश्+अन |
| | | श्रवण | श्रु+अन |
| | | स्मरण | स्मृ+अन |
| | | हरण | हृ+अन |
| | अनीय | दर्शनीय | दृश्+अनीय |
| | | मानर्नीय | मन्+अनीय |
| | | रमर्णाय | रम्+अर्नाय |
| | | स्मरर्णाय | स्मृ+अर्नाय |
| | इत | कर्थित | कथ्+इत |
| | | लिखित | लिख्+इत |
| | | पतित | पत्+इत |
| | ई | दोर्षा | दुष्+ई |
| | | योगी | युज्+ई |
| | | द्रोही | द्रुह+ई |
| | | वादी | वद्+ई |
| | त | गत | गम्+त |
| | | मृत | मृ+त |
| | | कृत | कृ+त |
| | | च्युत | च्यु+त |
| | तव्य | कर्तव्य | कृ+तव्य |
| | | गन्तव्य | गम्+तव्य |
| | | वक्तव्य | वच्+तव्य |
| | | द्रष्टव्य | दृश्+तव्य |

CC-0. In Public Domain. Digitization by eGangotri

| | | |
|---|---|---|
| ता | श्रोता | श्रु+ता |
| | द्रष्टा | दृश्+ता |
| | कर्ता | कृ+ता |
| | वक्ता | वच्+ता |
| ति | कृति | कृ+ति |
| | गति | गम्+ति |
| | स्मृति | स्मृ+ति |
| | दृष्टि | दृश्+ति |
| य | कार्य | कृ+य |
| | पाठ्य | पठ्+य |
| | वाच्य | वच्+य |
| | दृश्य | दृश्+य |

## अभ्यास

**तलका प्रश्नहरूको उत्तर लेख्नुहोस्।**

१. (क) 'परसर्ग' भनेको के हो?
   (ख) 'प्रकृति' भनेको के हो?
   (ग) परसर्ग लागेर शब्द बन्ने प्रक्रिया कति छन् र ती कुन-कुन हुन्?

२. (क) कस्तो परसर्गलाई कृत् प्रत्यय भनिन्छ?
   (ख) कृत् प्रत्यय लागी बनेको शब्दलाई के भनिन्छ?
   (ग) नेपाली भाषामा कुन-कुन स्रोतका कृत् प्रत्यय प्रचलित छन्?

३. तलका शब्दहरूका प्रकृति (धातु) र परसर्ग/प्रत्यय छुट्ट्याउनुहोस्:
   (क) लेख, बोलक्कड, लिखत, लडन्त, फिरन्ता, मगन्ते, लेखा, बसाइँ, पढाइ, घेराउ, ढलान, खँदिलो, दिई, हरुवा, पढेको, हेरेर, लेखोट, सजावट, सक्तो, भन्दो, लेख्न, आउनु, भन्ने।
   (ख) दर्शक, श्रवण, माननीय, पतित, योगी, गत, कर्तव्य, द्रष्टव्य, द्रष्टा, कृति, दृष्टि, दृश्य।

४. तलका कृत् प्रत्ययहरू लगाई प्रत्येकका चार-चार शब्द बनाउनुहोस्:
   (क) अ, अक्कड, अत, अन्त, अन्ता/अन्ते, आ, आइँ, आइ, आउ, आन, इलो, ई, उवा, एको, एर, ओट/आवट, तो/दो, न, नु, ने।
   (ख) अक, अन, अनीय, इत, ई, त, तव्य, ता, ति, य।

CC-0. In Public Domain. Digitization by eGangotri

## २२.२ शब्द (नाम, सर्वनाम, विशेषण र अव्यय) मा परसर्ग लागेर हुने शब्द-निर्माणप्रक्रिया: तद्धित-प्रक्रिया

नाम, सर्वनाम, विशेषण र अव्यय शब्दमा लाग्ने परसर्ग/प्रत्ययलाई तद्धित प्रत्यय भनिन्छ र तद्धित प्रत्यय लागेर बनेका शब्दलाई तद्धितान्त शब्द भनिन्छ। यी पनि तद्भव र तत्सम स्रोतका गरी दुई प्रकारका छन्; जस्तै-

| (क) तद्भव तद्धित प्रत्यय | तद्धितान्त शब्द | निर्माण-प्रक्रिया |
|---|---|---|
| आइँ | रजाइँ | राज+आइँ |
| | कजाइँ | काज+आइँ |
| | बिठ्याइँ | बिठ्याक+आइँ |
| | अर्घेल्याइँ | अर्घेलो+आइँ |
| आइ | लमाइ | लामो+आइ |
| | चौडाइ | चौडो+आइ |
| | तौलाइ | तौल+आइ |
| | भलाइ | भलो+आइ |
| आली | लेकाली | लेक+आली |
| | दङाली | दाङ+आली |
| | हिमाली | हिम+आली |
| | हरियाली | हरियो+आली |
| आलु | खर्चालु | खर्च+आलु |
| | दुधालु | दूध+आलु |
| | बिखालु | बिख+आलु |
| | लजालु | लाज+आलु |
| आहा | ठगाहा | ठग+आहा |
| | पिराहा | पिर+आहा |
| | फटाहा | फाटो+आहा |
| | घुस्याहा | घुस+आहा |
| इया | सहरिया | सहर+इया |
| | झगडिया | झगडा+इया |
| | पहाडिया | पहाड+इया |
| | बाहिरिया | बाहिर+इया |

CC-0. In Public Domain. Digitization by eGangotri

| | | |
|---|---|---|
| इयार | होसियार | होस+इयार |
| | गुठियार | गुठ+इयार |
| | सँधियार | साँध+इयार |
| | अंशियार | अंश+इयार |
| इलो | रसिलो | रस+इलो |
| | नुनिलो | नुन+इलो |
| | मलिलो | मल+इलो |
| | ठाँटिलो | टाँट+इलो |
| ई | गरिबी | गरिब+ई |
| | जुम्ली | जुम्ला+ई |
| | नेपाली | नेपाल+ई |
| | बाहिरी | बाहिर+ई |
| ए | पाटने | पाटन+ए |
| | टाउके | टाउको+ए |
| | डोके | डोको+ए |
| | जुम्से | जुम्सो+ए |
| एली | जुनेली | जून+एली |
| | जर्मनेली | जर्मनी+एली |
| | पोखरेली | पोखरा+एली |
| | बैतडेली | बैतडी+एली |
| औली (यौली) | हँस्यौली | हाँसो+औली |
| | ठट्यौली | ठट्टा+औली |
| | पुर्ख्यौली | पुर्खा+औली |
| | रत्यौली | रात+औली |
| औलो | ठट्यौलो | ठट्टा+औलो |
| | सुनौलो | सुन+औलो |
| | मझौलो | माझ+औलो |
| | ठिट्यौलो | ठिटो+औलो |
| पन/पना | भलादमीपन/भलादमीपना | भलादमी+पन/पना |
| | फिक्कापन/फिक्कापना | फिक्का+पन/पना |
| | मीठोपन/मीठोपना | मीठो+पन/पना |
| | केटाकेटीपन/केटाकेटीपना | केटाकेटी+पन/पना |

CC-0. In Public Domain. Digitization by eGangotri

| | | |
|---|---|---|
| ली | बनेपाली | बनेपा+ली |
| | दुम्जाली | दुम्जा+ली |
| | पाल्पाली | पाल्पा+ली |
| | झापाली | झापा+ली |
| ले | गाउँले | गाउँ+ले |
| | ठिमिले | ठिमी+ले |
| | मादिले | मादि+ले |
| | साँखुले | साँखु+ले |
| याइँ | मुर्ख्याइँ | मूर्ख+याइँ |
| | बठ्याइँ | बाठो+आइँ |
| | बुढ्याइँ | बूढो+याइँ |
| | धुर्त्याइँ | धूर्त+याइँ |

| (ख) तत्सम तद्धित प्रत्यय | तद्धितान्त शब्द | निर्माण-प्रक्रिया |
|---|---|---|
| आलु | दयालु | दया+आलु |
| | श्रद्धालु | श्रद्धा+आलु |
| | ईर्ष्यालु | ईर्ष्या+आलु |
| | विषालु | विष+आलु |
| इक | दैनिक | दिन+इक |
| | सामाजिक | समाज+इक |
| | नैतिक | नीति+इक |
| | प्रारम्भिक | प्रारम्भ+इक |
| इत | निन्दित | निन्दा+इत |
| | घृणित | घृणा+इत |
| | हर्षित | हर्ष+इत |
| | पीडित | पीडा+इत |
| इय | राष्ट्रिय | राष्ट्र+इय |
| | क्षत्रिय | क्षत्र+इय |
| | श्रोत्रिय | श्रोत्र+इय |
| ई | दुःखी | दुःख+ई |
| | ज्ञानी | ज्ञान+ई |
| | दानी | दान+ई |
| | शास्त्री | शास्त्र+ई |

CC-0. In Public Domain. Digitization by eGangotri

| | | |
|---|---|---|
| ईन(ईण) | कुलीन | कुल+ईन |
| | युगीन | युग+ईन |
| | ग्रामीण | ग्राम+ईन (ईण) |
| | सर्वाङ्गीण | सर्वाङ्ग+ईन (ईण) |
| ईय | आत्मीय | आत्मा+ईय |
| | भारतीय | भारत+ईय |
| | क्षेत्रीय | क्षेत्र+ईय |
| | केन्द्रीय | केन्द्र+ईय |
| क | बालक | बाल+क |
| | पञ्चक | पञ्च+क |
| | दशक | दश+क |
| | शतक | शत+क |
| तम | न्यूनतम | न्यून+तम |
| | अधिकतम | अधिक+तम |
| | प्रियतम | प्रिय+तम |
| | लघुतम | लघु+तम |
| ता/त्व | कविता/कवित्व | कवि+ता/त्व |
| | पशुता/पशुत्व | पशु+ता/त्व |
| | मानवता/मानवत्व | मानव+ता/त्व |
| | मित्रता/मित्रत्व | मित्र+ता/त्व |
| मय | सुखमय | सुख+मय |
| | दुःखमय | दुःख+मय |
| | जलमय | जल+मय |
| | अन्नमय | अन्न+मय |
| मान् | श्रीमान् | श्री+मान् |
| | आयुष्मान् | आयुष्+मान् |
| | मतिमान् | मति+मान् |
| य | आतिथ्य | अतिथि+य |
| | सौन्दर्य | सुन्दर+य |
| | शौर्य | शूर+य |

CC-0. In Public Domain. Digitization by eGangotri

| | | |
|---|---|---|
| वान् | बलवान् | बल+वान् |
| | धनवान् | धन+वान् |
| | गुणवान् | गुण+वान् |
| | रूपवान् | रूप+वान् |

## २२.३ शब्द-(नाम, विशेषण र अव्यय) मा परसर्ग लागेर बनेका नामधातु

नाम, विशेषण र अव्यय शब्दमा 'इ', 'आउ', 'याउ' जस्ता परसर्ग लागेर धातुजस्ता बनेका शब्दलाई नामधातु भनिन्छ। यस्ता नामधातुको पनि मूल धातुका जस्तै गरी क्रियारूप चल्दछन्; जस्तै:

### (क) नामनिर्मित धातुहरू

| नाम | नामधातु | निर्माण-प्रक्रिया | क्रियारूप |
|---|---|---|---|
| राँको | राँकि(-नु) | राँको+इ | राँकिन्छ, राँकियो, आदि। |
| भोक | भोकाउ(-नु) | भोक+आउ | भोकाउँछ, भोकायो आदि। |
| रोग | रोगाउ(-नु) | रोग+आउ | रोगाउँछ, रोगायो आदि। |
| कुम्लो | कुम्ल्याउ(-नु) | कुम्लो+याउ | कुम्ल्याउँछ, कुम्ल्यायो आदि। |

### (ख) विशेषणनिर्मित धातुहरू

| विशेषण | नामधातु | निर्माण-प्रक्रिया | क्रियारूप |
|---|---|---|---|
| पहेँलो | पहेँलि(-नु) | पहेँलो+इ | पहेँलिन्छ, पहेँलियो आदि। |
| दुब्लो | दुब्लाइ(-नु) | दुब्लो+आउ | दुब्लाउँछ, दुब्लायो आदि। |
| होचो | होच्याउ(-नु) | होचो+याउ | होच्याउँछ, होच्यायो आदि। |
| चिसो | चिस्याउ(-नु) | चिसो+याउ | चिस्याउँछ, चिस्यायो आदि। |

### (ग) अव्ययनिर्मित नामधातुहरू

| अव्यय | नामधातु | निर्माण-प्रक्रिया | क्रियारूप |
|---|---|---|---|
| बाहिर | बाहिरि(-नु) | बाहिर+इ | बाहिरिन्छ, बाहिरियो आदि। |
| भित्र | भित्र्याउ(-नु) | भित्र+याउ | भित्र्याउँछ, भित्र्यायो आदि। |
| पछि | पछ्याउ(-नु) | पछि+याउ | पछ्याउँछ, पछ्यायो आदि। |

CC-0. In Public Domain. Digitization by eGangotri

## अभ्यास

**तलका प्रश्नहरूको उत्तर लेख्नुहोस्।**

१. (क) कस्तो परसर्गलाई तद्धित प्रत्यय भनिन्छ?
   (ख) कस्ता शब्दलाई तद्धितान्त शब्द भनिन्छ?

२. तलका शब्दहरूका प्रकृति र प्रत्यय छुट्ट्याउनुहोस्:
   (क) बिठ्याइँ, लमाइ, दङाली, बिखालु, सुताहा, सहरिया, गुठियार, नुनिलो, जुम्ली, ढोके, जर्मनेली, हँस्यौली, सुनौलो, नरमपन, पाल्पाली, ठिमिले, बठ्याइँ।
   (ख) दयालु, नैतिक, हर्षित, राष्ट्रिय, ज्ञानी, कुलीन, ग्रामीण, आत्मीय, दशक, लघुतम, मित्रता, कवित्व, जलमय, आयुष्मान्, आतिथ्य, सौन्दर्य, धनवान्।

३. तलका तद्धित प्रत्ययहरू लगाई प्रत्येकका चार-चार शब्द बनाउनुहोस्:
   (क) आइँ, आइ, आली, आलु, आहा, इया, इयार, इलो, ई, ए, एली, औली/यौली, औलो/यौलो, पन, ली, ले, याइँ।
   (ख) आलु, इक, इत, ई, ईन, ईय, क, तम, ता, त्व, मय, मान्, य, वान्।

४. तलका शब्दबाट नामधातु बनाउनुहोस्:
   भित्र, बाहिर, रिस, पहेँलो, चेप्टो, राँको।

CC-0. In Public Domain. Digitization by eGangotri

परिच्छेद तेईस

# समासद्वारा शब्दनिर्माण

## २३.१ समास

दुई वा दुईभन्दा बढी शब्द मिली एकै शब्द बन्ने शब्दनिर्माणको प्रक्रियालाई समास भनिन्छ; जस्तै- आज+भोलि = आजभोलि; राष्ट्रको निर्माता = राष्ट्रनिर्माता; चार मासको समुदाय = चौमास; सानी+नानी = सान्नानी; लामो पुच्छर भएको = लाम्पुच्छ्रे; दाजु र भाइ = दाजुभाइ आदि। समास भई बनेका शब्दलाई समस्त शब्द भनिन्छ। यहाँ 'आजभोलि', 'राष्ट्रनिर्माता', 'चौमास', 'सान्नानी', 'लाम्पुच्छ्रे' र 'दाजुभाइ' समस्त शब्द हुन्। समस्त शब्दको निर्माण-प्रक्रिया देखाउँदा विग्रह गर्नुपर्छ। यहाँ 'आजभोलि' को विग्रह 'आज+भोलि' हो भने 'राष्ट्रनिर्माता' शब्दको विग्रह 'राष्ट्रको निर्माता' हो। त्यसैगरी 'चौमास' को विग्रह 'चार मासको समुदाय' हो भने 'सान्नानी' को विग्रह 'सानी+नानी' हो अनि 'लाम्पुच्छ्रे' को विग्रह 'लामो पुच्छर भएको/हुने' हो भने 'दाजुभाइ' को विग्रह 'दाजु र भाइ' हो। यसरी दुई वा दुईभन्दा बढी शब्द मिली बनेका समस्त शब्दको समास नभएको अवस्था विग्रह हो भने तिनको मेल भएको अवस्था समास हो।

## २३.२ समासका प्रकार

नेपाली भाषामा ६ प्रकारका समास छन्। ती हुन्- (क) अव्ययीभाव समास, (ख) तत्पुरुष समास, (ग) द्विगु समास, (घ) कर्मधारय समास, (ङ) बहुव्रीहि समास र (च) द्वन्द्व समास।

### (क) अव्ययीभाव समास

अव्यय+अव्यय शब्द वा अव्यय+विकारी/विकारी+अव्यय शब्दका बीच मेल भई अर्को अव्यय शब्द बन्ने प्रक्रियालाई अव्ययीभाव समास भनिन्छ; जस्तै-

| विग्रह | समस्त अव्यय शब्द |
|---|---|
| आज+भोलि (अव्यय+अव्यय) | आजभोलि |
| हिजो+आज (अव्यय+अव्यय) | हिजोआज |
| भोलि+पर्सि (अव्यय+अव्यय) | भोलिपर्सि |
| यता+उता (अव्यय+अव्यय) | यताउता |
| अघि+तिर (अव्यय+अव्यय) | अघिल्तिर |

CC-0. In Public Domain. Digitization by eGangotri

| | |
|---|---|
| लेखी+पढी (अव्यय+अव्यय) | लेखिपढी |
| लेख्न+पढ्न (अव्यय+अव्यय) | लेख्नपढ्न |
| डाँडाको माथि (भेदक+अव्यय) | डाँडामाथि |
| घरको बाहिर (भेदक+अव्यय) | घरबाहिर |
| नियमको अनुसार (भेदक+अव्यय) | नियमानुसार |
| जीवनको पर्यन्त (भेदक+अव्यय) | जीवनपर्यन्त |
| रात+दिन (नाम+नाम) | रातदिन |
| साँझ+बिहान (नाम+नाम) | साँझबिहान |
| पेट+भरी (नाम+अव्यय) | पेटभर/भरपेट |
| जन्म+भरी (नाम+अव्यय) | जन्मभर/भरजन्म |
| दिन+भरी (नाम+अव्यय) | दिनभर/भरदिन |
| विना+पैसा (अव्यय+नाम) | विनापैसा/पैसाविना |
| हरेक+घडी (अव्यय+नाम) | हरघडी |
| हरेक+दिन (अव्यय+नाम) | हरदिन |
| हरेक+बखत (अव्यय+नाम) | हरबखत |

### (ख) तत्पुरुष समास

दुई शब्दका बीचको विभक्ति लोप भई एकै शब्द बन्ने प्रक्रियालाई तत्पुरुष समास भनिन्छ। यो ६ प्रकारको छ– (१) द्वितीया तत्पुरुष, (२) तृतीया तत्पुरुष, (३) चतुर्थी तत्पुरुष, (४) पञ्चमी तत्पुरुष, (५) षष्ठी तत्पुरुष र (७) सप्तमी तत्पुरुष।

***(१) द्वितीया तत्पुरुष:*** दुई शब्दका बीचको द्वितीया 'लाई' विभक्ति लोप भई एकै शब्द बन्ने प्रक्रिया द्वितीया तत्पुरुष हो; जस्तै- कामलाई+चोर = कामचोर; बाबुलाई+ठग = बाबुठग; गरिबलाई+मारा = गरिबमारा; भाइलाई+मारा = भाइमारा; घरलाई+भँडुवा = घरभँडुवा आदि।

***(२) तृतीया तत्पुरुष:*** दुई शब्दका बीचको तृतीया 'ले' विभक्तिको लोप भई एउटै शब्द बन्ने प्रक्रिया तृतीया तत्पुरुष समास हो; जस्तै- डरले+छेरुवा = डरछेरुवा; बुद्धिले+हीन = बुद्धिहीन; चारले+गुनिएको = चारगुना; कपडाले+छानेको = कपडछान; पानीले+मरुवा = पानीमरुवा, भोकले+मरी = भोकमरी; बाढीले+पीडित = बाढीपीडित; भयले+भीत = भयभीत आदि।

***(३) चतुर्थी तत्पुरुष:*** दुई शब्दका बीचको चतुर्थी 'लाई' विभक्तिको लोप भई एकै शब्द बन्ने प्रक्रियालाई चतुर्थी तत्पुरुष समास भनिन्छ; जस्तै- पूजालाई+सामग्री = पूजासामग्री; आफूलाई+मिल्दो = आफूमिल्दो; भान्सालाई+घर = भान्साघर; बाटालाई+खर्च = बाटोखर्च; कामलाई+लायक = कामलायक; क्षमालाई+प्रार्थी = क्षमाप्रार्थी आदि।

CC-0. In Public Domain. Digitization by eGangotri

***(४) पञ्चमी तत्पुरुष:*** दुई शब्दका बीचको पञ्चमी 'बाट/देखि' विभक्तिको लोप भई एकै शब्द बन्ने प्रक्रिया पञ्चमी तत्पुरुष समास हो; जस्तै- पथबाट+भ्रष्ट = पथभ्रष्ट; भुइँबाट+फुट्टा = भुइँफुट्टा; देशबाट+निकाला = देशनिकाला; पदबाट+च्युत = पदच्युत; मेचीदेखि पूर्व = मेचीपूर्व; जन्मदेखि+अन्ध = जन्मान्ध; धर्मदेखि+विमुख = धर्मविमुख आदि।

***(५) षष्ठी तत्पुरुष:*** दुई शब्दका बीचको षष्ठी 'को/की/का' विभक्तिको लोप भई एकै शब्द बन्ने प्रक्रिया षष्ठी तत्पुरुष समास हो; जस्तै- पूजाको+कोठा = पूजाकोठा; राष्ट्रको+निर्माता = राष्ट्रनिर्माता; भित्ताको+घडी = भित्तेघडी; थोकको+व्यापारी = थोकव्यापारी; वनको+मान्छे = वनमान्छे, गाईको+गोठ = गाईगोठ; गाईको+जात्रा = गाईजात्रा; वनकी+देवी = वनदेवी; धनकी+देवी = धनदेवी; घरकी+बेटी = घरबेटी; कुलकी+देवी = कुलदेवी; कुलका+देवता = कुलदेवता; राजाका दूत =राजदूत; वनका+देवता = वनदेवता; घरका+मालिक = घरमालिक; जगत्का+ईश्वर = जगदीश्वर आदि।

***(६) सप्तमी तत्पुरुष:*** दुई शब्दका बीचको सप्तमी 'मा' विभक्तिको लोप भई एकै शब्द बन्ने प्रक्रिया सप्तमी तत्पुरुष समास हो; जस्तै- वनमा+भोज = वनभोज; रातमा+अन्धो = रतन्धो; घोडामा+चढ्ने = घोडचढी; गल्लीमा+डुलुवा = गल्लीडुलुवा; बाटामा+ढुकुवा = बाटोढुकुवा; दानमा+वीर = दानवीर; कलामा+प्रवीण = कलाप्रवीण आदि।

### (ग) द्विगु समास

निश्चित सङ्ख्यावाचक विशेषणशब्द र समूहवाचक नामशब्दका बीच मेल भई एकै शब्द बन्ने प्रक्रियालाई द्विगु समास भनिन्छ; जस्तै-

चार+आनाको समूह = चारआना/चाराना/चवन्नी
आठ+आनाको समूह = आठआना/आठाना/अठन्नी
दुई+साँधको समूह = दोसाँध
दुई+धाराको समूह = दोधार
दुई+बाटाको समूह = दोबाटो
दुई+वाहन (नदी) को समूह = दोभान
तीन+लोकको समूह = त्रिलोक
तीन+कोणको समूह = त्रिकोण
चार+बाटाको समूह = चौबाटो
चार+मासको समूह = चौमास
पाँच+रत्नको समूह = पञ्चरत्न
पाँच+अमृतको समूह = पञ्चामृत
पाँच+पालाको समूह = पञ्चपाला

CC-0. In Public Domain. Digitization by eGangotri

छ+कोणको समूह = षट्कोण
सात+ऋषिको समूह = सप्तर्षि
सात+घुम्तीको समूह = सातघुम्ती
सात+कोशीको समूह = सप्तकोशी
आठ+पहरियाको समूह = आठपहरिया
नौ+दुर्गाको समूह = नवदुर्गा
नौ+रत्नको समूह = नवरत्न
नौ+रसको समूह = नवरस
नौ+गेडीको समूह = नौगेडी
दश+अवतारको समूह = दशावतार
दश+कर्मको समूह = दशकर्म

## (घ) कर्मधारय समास

(१) विशेषण+विशेषण, (२) विशेषण+नाम वा (३) नाम+नाम मिली एउटै अर्थ बुझाउने अर्को शब्द बन्ने प्रक्रियालाई कर्मधारय समास भनिन्छ; जस्तै-

(१) गाढा+नीलो (विशेषण+विशेषण) = गाढानीलो
जेठो+बाठो (विशेषण+विशेषण) = जेठोबाठो
रातो+कालो (विशेषण+विशेषण) = रातोकालो
बूढो+पाको (विशेषण+विशेषण) = बूढोपाको
रातो+पिरो (विशेषण+विशेषण) = रातोपिरो
पढ्ने+लेख्ने (विशेषण+विशेषण) = पढ्नेलेख्ने
जान्ने+बुझ्ने (विशेषण+विशेषण) = जान्नेबुझ्ने
हर्ता+कर्ता (विशेषण+विशेषण) = हर्ताकर्ता

(२) सानी+आमा (विशेषण+नाम) = सानिमा/सानीआमा
ठूलो+दाइ (विशेषण+नाम) = ठूल्दाइ
साना+दाइ (विशेषण+नाम) = सान्दाइ
सानी+नानी (विशेषण+नाम) = सान्नानी
कालो+माटो (विशेषण+नाम) = कालिमाटी
रातो+गेडो (विशेषण+नाम) = रातिगेडी
कान्छो+औँलो (विशेषण+नाम) = कान्छिऔँलो
बूढो+औँलो (विशेषण+नाम) = बूढिऔँलो
माझ+औँलो (विशेषण+नाम) = माझिऔँलो
भलो+आदमी (विशेषण+नाम) = भलादमी

(३) भानिज+दाइ (नाम+नाम) = भानिजदाइ/भान्दाइ
गुरु+आमा (नाम+नाम) = गुरुआमा/गुरुमा
बाबु+साहेब (नाम+नाम) = बाबुसाहेब

CC-0. In Public Domain. Digitization by eGangotri

मामा+ससुरा (नाम+नाम) = मामाससुरा
महिला+यात्री (नाम+नाम) = महिलायात्री

तलका शब्दहरू पनि कर्मधारय समास भएरै बनेका समस्त शब्द मानिन्छन्-

| | विग्रह | समस्त शब्द |
|---|---|---|
| (१) | गहुँभैँ+गोरो | गहुँगोरो |
| | प्राणभैँ+प्रिय | प्राणप्रिय |
| | चन्द्रभैँ+मुख | चन्द्रमुख |
| | कमलभैँ+नयन | कमलनयन |
| (२) | चरण+कमलजस्तो | चरणकमल |
| | नर+सिंहजस्तो | नरसिंह |
| | मुख+चन्द्रजस्तो | मुखचन्द्र |
| | कन्या+रत्नजस्ती | कन्यारत्न |
| (३) | दु:खरूपी+समुद्र | दु:खसमुद्र |
| | भवरूपी+सागर | भवसागर |
| | चरणरूपी+कमल | चरणकमल |
| | जीवनरूपी+चङ्गा | जीवनजङ्गा |

माथि (१), (२) र (३) मा दिइएका विग्रह र समस्त शब्दसँग सम्बन्धित कर्मधारय समासलाई क्रमश: उपमान+उपमेय; उपमेय+उपमान र आरोप्य+आरोप कर्मधारय समास पनि भनिन्छ।

### (ङ) बहुव्रीहि समास

दुई वा दुईभन्दा बढी शब्दहरू मिली अर्को अर्थ बुझाउने विशेषणशब्द बन्ने प्रक्रियालाई बहुव्रीहि समास भनिन्छ; जस्तै-

| विग्रह | समस्त शब्द |
|---|---|
| लामो पुच्छर भएको/हुने | लाम्पुच्छ्रे |
| लामा खुट्टा भएको/हुने | लामखुट्टे |
| लामा कान भएको/हुने | लमकन्ना/लामकाने |
| तीन कुना भएको | तीनकुने |
| दश हात भएको | दशहाते |
| दश टाउका भएको | दशटाउके |

CC-0. In Public Domain. Digitization by eGangotri

| | |
|---|---|
| दुई पाउ हुने | दोपाया |
| चार पाउ हुने | चौपाया |
| नौ तला भएको | नौतले |
| दुई जिब्रा भएको | दुईजिब्रे |
| आठ आँला भएको | आठआँले |
| माखाजस्ता बुट्टा भएको | मखिबुट्टे |
| माछाको जस्तो पुच्छर भएको | माछापुच्छ्रे |
| चराको जस्तो चुच्चो भएको/हुने | चरिचुच्चे |
| बाघका जस्तो मुख भएको | बाघमुखे/बघमुखा |
| हात्तीका जस्तो पाइला भएको/हुने | हात्तिपाइले |
| चराको जस्तो नङ्ग्रा भएको/हुने | चरिनङ्ग्रे |
| चार कोस परिमाण भएको | चारकोसे |
| दश गज परिमाण भएको | दशगजा |
| कालो जिब्रो भएको | कल्जिब्रे |
| पानका जस्ता बुट्टा भएको | पानबुट्टे |
| चन्द्रजस्तो मुख हुने | चन्द्रमुखी |
| लच्छिन नभएको | अलच्छिनी |
| नपढेको | अपढ |
| मुख नभएको | निमुखा |
| कसुर नभएको | बेकसुर |
| मतलब नभएको | बेमतलब |
| नाक काटिएको/काटिएकी | नकटो/नकटी |
| मूल्य नभएको | अमूल्य |
| लाज नभएको | निर्लज्ज |
| विकल्प नभएको | निर्विकल्प |
| विकल्प भएको | वैकल्पिक |

### (च) द्वन्द्व समास

दुई वा दुईभन्दा बढी समान महत्त्वको अर्थ भएका शब्दहरू मिली एकै शब्द बन्ने प्रक्रियालाई द्वन्द्व समास भनिन्छ; जस्तै-

| विग्रह | समस्त शब्द |
|---|---|
| दाजु र भाइ | दाजुभाइ |
| दिदी र बहिनी | दिदिबहिनी |
| मुना र मदन | मुनामदन |
| राम र रावण | रामरावण |
| आमा र बाबु | आमाबाबु |

CC-0. In Public Domain. Digitization by eGangotri

| | |
|---|---|
| बाबु र छोरा | बाबुछोरा |
| छोरा र बुहारी | छोराबुहारी |
| छाता र जुत्ता | छाताजुत्ता |
| लोग्ने र स्वास्नी | लोग्नेस्वास्नी |
| गाई र गोरु | गाइगोरु |
| हृष्ट र पुष्ट | हृष्टपुष्ट |
| दुई वा चार | दुईचार |
| दश वा पन्ध्र | दशपन्ध्र |
| अघि वा पछि | अघिपछि |
| सुख वा दु:ख | सुखदु:ख |
| पाप वा पुण्य | पापपुण्य |
| मरेको वा बाँचेको | मरेबाँचेको |
| तँ र म | तँ–म |
| तँतँ र मम | तँतँ-मम |
| तँछाड र मछाड | तछाडमछाड |
| उठ र बस | उठबस |
| पढ्नु र लेख्नु | पढ्नुलेख्नु |
| तेरो वा मेरो | तेरोमेरो |
| तन, मन र धन | तन-मन-धन |
| मन, वचन र कर्म | मन-वचन-कर्म |
| दाल, भात र डुकु | दाल-भात-डुकु |
| न बाबु न आमा | न्बाबुनआमा |
| न रुनु न हाँस्नु | रुनुनहाँस्नु |
| न बस्नु न जानु | बस्नुनजानु |

## अभ्यास

**तलका प्रश्नहरूको उत्तर लेख्नुहोस्।**

१. (क) समास भनेको के हो?
   (ख) कस्ता शब्दलाई समस्त शब्द भनिन्छ?
   (ग) समास कति प्रकारको छ र ती प्रकारहरू के-के हुन्?

२. (क) कस्तो समासलाई अव्ययीभाव समास भनिन्छ? उदाहरण पनि दिनुहोस्।
   (ख) कस्तो समासलाई तत्पुरुष समास भनिन्छ? उदाहरण दिई स्पष्ट पार्नुहोस्।

CC-0. In Public Domain. Digitization by eGangotri

(ग) तत्पुरुष समास कति प्रकारको छ र ती प्रकार कुन-कुन हुन्?
(घ) कस्तो समासलाई द्विगु समास भनिन्छ? उदाहरण दिई स्पष्ट पार्नुहोस्।
(ङ) कस्तो समासलाई कर्मधारय समास भनिन्छ? उदाहरण दिई छर्लङ्ग पार्नुहोस्।
(च) बहुव्रीहि समास भनेको के हो? उदाहरण दिई चिनाउनुहोस्।
(छ) द्वन्द्व समास भनेको के हो? उदाहरण दिई चिनाउनुहोस्।

३. तलका समस्त शब्दहरूको विग्रह गर्नुहोस्:
पापपुण्य, रूनुनहाँस्नु, मरेबाँचेको, छोराबुहारी, नौतले, चरिचुच्चे, लमकन्ना, अलच्छिनी, चरणकमल, जीवनचङ्गा, कान्छिऔंलो, सान्नार्नी, दोभान, चौमास, नवरत्न, सप्तर्षि, दानवीर, घोडचढी, वनमान्छे, राष्ट्रनिर्माता, भुईंफुट्टा, पथभ्रष्ट, जन्मान्ध, भान्साघर, कामचोर, पूजासामग्री, बाढीपीडित, कपडछान, भाइमारा, हरदिन, पैसाविना, रातदिन, भरजन्म, पछिल्तिर।

४. तलका शब्दहरूको समास गर्नुहोस्:
भोलि पर्सि, हरेक क्षण, घरलाई भँडुवा, डरले छेरुवा, कामलाई लायक, देशबाट निकाला, पदबाट च्युत, भित्ताको घडी, रातमा अन्धो, दुई बाटाको समूह, नौ गेडीको समूह, बूढो पाको, कालो माटो, बूढो औंलो, भानिज दाइ, गहुँभैं गोरो, लामो पुच्छर भएको, चार पाउ हुने, चराको जस्तो नङ्ग्रा हुने, कसुर नभएको, मूल्य नभएको, विकल्प नभएको, राम र रावण, दुई वा चार, तँछाड र मछाड, पढ्नु र लेख्नु, मन, वचन र कर्म, न बस्नु न जानु।

CC-0. In Public Domain. Digitization by eGangotri

## परिच्छेद चौबीस

# द्वित्वद्वारा शब्द-निर्माण

एकै अर्थ बुझाउने उही शब्द दोहोरिएर अर्को शब्द बन्ने प्रक्रियालाई द्वित्व भनिन्छ; जस्तै- घर+घर = घरघर; वन+वन = वनवन; वर+वर = वरवर; पर+पर = परपर आदि। द्वित्व भई बनेका शब्दलाई द्विरुक्त शब्द भन्दछन्। नेपाली भाषाका शब्द-निर्माणको द्वित्व-प्रक्रिया तीन प्रकारको छ- (क) पूर्ण द्वित्व; (ख) आंशिक द्वित्व र (ग) आपरिवर्तित द्वित्व।

## २४.१ पूर्ण द्वित्व

कुनै शब्द पूरै वा जस्ताको तस्तै दोहोरिएर अर्को शब्द बन्ने प्रक्रियालाई पूर्ण द्वित्व भन्दछन्; जस्तै-

| शब्द | पूर्ण द्विरुक्त शब्द | निर्माण-प्रक्रिया |
|---|---|---|
| घर | घरघर | घर+घर |
| वन | वनवन | वन+वन |
| वर | वरवर | वर+वर |
| पर | परपर | पर+पर |
| पानी | पानीपानी | पानी+पानी |
| अघि | अघिअघि | अघि+अघि |
| तल | तलतल | तल+तल |
| आफ्नो | आफ्नोआफ्नो | आफ्नो+आफ्नो |
| तातो | तातोतातो | तातो+तातो |
| जान्छ | जान्छजान्छ | जान्छ+जान्छ |

## २४.२ आंशिक द्वित्व

शब्दको पूरै अंश नदोहोरिई कुनै अंश मात्र दोहोरिएर अर्को शब्द बन्ने प्रक्रियालाई आंशिक द्वित्व भनिन्छ; जस्तै-

| शब्द | आंशिक द्विरुक्त शब्द | निर्माण-प्रक्रिया |
|---|---|---|
| आफ्नो | आआफनो | आफ्नो+आफ्नो |
| तातो | तात्तातो | तातो+तातो |
| झगडा | झैंझगडा | झगडा+झगडा |
| सल्लाह | सर्सल्लाह | सल्लाह+सल्लाह |

CC-0. In Public Domain. Digitization by eGangotri

| | | |
|---|---|---|
| झल्को | झझल्को | झल्को+झल्को |
| कसको | ककसको | कसको+कसको |
| ठूलो | ठूल्ठूलो | ठूलो+ठूलो |
| सानो | ससानो | सानो+सानो |

## २४.३ आपरिवर्तित द्वित्व

कुनै शब्द दोहोरिएर अर्को शब्द बन्दा त्यस शब्दको कुनै ध्वनिमा परिवर्तन वा हेरफेरसमेत भएको छ भने त्यो आपरिवर्तित द्वित्व हो; जस्तै-

| शब्द | आपरिवर्तित द्विरुक्त शब्द | निर्माण-प्रक्रिया |
|---|---|---|
| घर | घरसर | घर+घर |
| भात | भातसात | भात+भात |
| तर्कारी | तर्कारीसर्कारी | तर्कारी+तर्कारी |
| पालो | आलोपालो | पालो+पालो |
| काट | काटकुट | काट+काट |
| कुट | कुटकाट | कुट+कुट |
| पैँचो | ऐँचोपैँचो | पैँचो+पैँचो |

### अभ्यास

**तलका प्रश्नहरूको उत्तर लेख्नुहोस्।**

१. (क) द्वित्व भनेको के हो?
   (ख) द्वित्व-प्रक्रिया कति किसिमको छ र ती किसिम कुन-कुन हुन्?

२. (क) पूर्ण द्वित्व भनेको के हो? उदाहरण दिई चिनाउनुहोस्।
   (ख) आंशिक द्वित्व भनेको के हो? उदाहरण दिई चिनाउनुहोस्।
   (ग) आपरिवर्तित द्वित्व भनेको के हो? उदाहरण दिई छर्लङ्ग पार्नुहोस्।

३. तलका द्विरुक्त शब्दहरूको निर्माण-प्रक्रिया देखाउनुहोस्:
   पानीपानी, फटाफट, तात्तातो, झैझगडा, ककसको, भातसात, पानीसानी, ऐँचोपैँचो।

●

CC-0. In Public Domain. Digitization by eGangotri

परिच्छेद पच्चीस

# सन्धिद्वारा शब्द-निर्माण

## २५.१ सन्धि

कुनै दुई शब्द मिली एकै शब्द बन्दा अगिल्लो शब्दको अन्तिम ध्वनि/वर्ण र पछिल्लो शब्दको सुरुको ध्वनि/वर्णका बीचमा मेल पनि हुन सक्तछ; जस्तै-

(क) अप+अङ्ग = अपाङ्ग;

(ख) उत्+चारण = उच्चारण

यहाँ (क) मा दिइएको उदाहरणमा 'अप' र 'अङ्ग' शब्दका क्रमश: अन्त्य र आदिमा आएका 'अ+अ' स्वरवर्णका बीच मेल भई 'अपाङ्ग' शब्द बनेको छ भने (ख) मा दिइएको उदाहरणमा 'उत्' र 'चारण' शब्दका क्रमश: अन्त्य र आदिका 'त'/'च्' व्यञ्जनवर्णका बीच मेल भई 'उच्चारण' शब्द बनेको छ।

यसरी अगिल्लो र पछिल्लो शब्दका क्रमश: अन्त्य र आदिका स्वर वा व्यञ्जन वर्णका बीचमा मेल भई एकै शब्द बन्ने प्रक्रियालाई सन्धि भन्दछन्। सन्धि भई बनेका शब्दको निर्माण-प्रक्रिया देखाउँदा विग्रह गर्नुपर्दछ। दुई स्वरवर्ण वा व्यञ्जनवर्णका बीच सन्धि हुँदा अर्को प्रकारको स्वरवर्ण वा व्यञ्जनवर्ण बन्दछ; त्यसैले यसलाई ध्वनि-परिवर्तन वा ध्वनि-विकार पनि भन्दछन्।

## २५.२ सन्धिका प्रकार

सन्धिका मुख्य दुई प्रकार छन्- (क) स्वरसन्धि र (ख) व्यञ्जनसन्धि

### (क) स्वरसन्धि

दुई स्वरवर्णका बीच मेल भई अर्कै स्वरवर्ण बन्ने प्रक्रियालाई स्वरसन्धि भनिन्छ। यो तीन प्रकारको छ- (१) दीर्घसन्धि, (२) गुणसन्धि र (३) वृद्धिसन्धि।

***(१) दीर्घसन्धि:*** दीर्घसन्धिका नियम र उदाहरण तल दिइएका छन्:

| नियम | उदाहरण |
|---|---|
| अ/आ+अ/आ = आ | अप+अङ्ग = अपाङ्ग |
| | स+अङ्ग = साङ्ग |
| | हिम+आलय = हिमालय |
| | विद्या+अर्थी = विद्यार्थी |
| | विद्या+आलय = विद्यालय |

CC-0. In Public Domain. Digitization by eGangotri

| | |
|---|---|
| इ/ई+इ/ई = ई | रवि+इन्द्र = रवीन्द्र |
| | फणि+इन्द्र = फणीन्द्र |
| | गिरि+ईश = गिरीश |
| | अधि+ईश + अधीश |
| | नारी+ईश्वर = नारीश्वर |
| | पृथ्वी+ईश = पृथ्वीश |
| उ/ऊ+उ/ऊ = ऊ | सु+उक्ति = सूक्ति |
| | अनु+उदित = अनूदित |
| | लघु+ऊर्जा = लघूर्जा |
| | वधू+उत्सव = वधूत्सव |

*(२) गुणसन्धि:* गुणसन्धिका नियम र उदाहरण तल दिइएका छन्:

| नियम | उदाहरण |
|---|---|
| अ/आ+इ/ई = ए | गेह+इन्द्र = गेहेन्द्र |
| | देव+इन्द = देवेन्द्र |
| | सुर+इन्द्र = सुरेन्द्र |
| | नर+ईश = नरेश |
| | राम+ईश = रामेश |
| | महा+इन्द्र = महेन्द्र |
| | यथा+इष्ट = यथेष्ट |
| | रमा+ईश = रमेश |
| अ/आ+उ/ऊ = ओ | लोक+उक्ति = लोकोक्ति |
| | चन्द्र+उदय = चन्द्रोदय |
| | महा+उत्सव = महोत्सव |
| | महा+उदधि = महोदधि |
| | समुद्र+ऊर्मि = समुद्रोर्मि |
| | महा+ऊरु = महोरु |
| अ/आ+ऋ = अर् | देव+ऋषि = देवर्षि |
| | सप्त+ऋषि = सप्तर्षि |
| | महा+ऋषि = महर्षि |
| | ब्रह्मा+ऋषि = ब्रह्मर्षि |

CC-0. In Public Domain. Digitization by eGangotri

**(३) वृद्धिसन्धि:** वृद्धिसन्धिका नियम र उदाहरण तल दिइएका छन्:

| नियम | उदाहरण |
|---|---|
| अ/आ+ए/ऐ = ऐ | एक+एक = एकैक |
| | मत+ऐक्य = मतैक्य |
| | सदा+एव = सदैव |
| | महा+ऐश्वर्य = महैश्वर्य |

## (ख) व्यञ्जनसन्धि

व्यञ्जन र व्यञ्जनवर्णका बीच हुने मेल वा सन्धिलाई व्यञ्जनसन्धि भनिन्छ। तल यसका केही नियम र उदाहरण दिइएका छन्:

| नियम | उदाहरण |
|---|---|
| त्+द् = द्द | उत्+देश्य = उद्देश्य |
| | उत्+दण्ड = उद्दण्ड |
| त्+ज् = ज्ज | उत्+ज्वल = उज्ज्वल |
| | उत्+जण्ड = उज्जण्ड |
| त्+न् = न्न | उत्+नति = उन्नति |
| | जगत्+नाथ = जगन्नाथ |
| त्+ल् = ल्ल | उत्+लेख = उल्लेख |
| | उत्+लास = उल्लास |
| त्+ग् = द्ग् | उत्+गार = उद्गार |
| | उत्+गम = उद्गम |
| त्+ध् = द्ध् | उत्+धार = उद्धार |
| | उत्+धरण = उद्धरण |
| त्+ब/भ = द्ब्/द्भ् | उत्+बोधन = उद्बोधन |
| | उत्+भव = उद्भव |
| म्+क्/ग्/घ् = ङ्क्/ङ्ग्/ङ्घ् | सम्+कलन = सङ्कलन |
| | सम्+कल्प = सङ्कल्प |
| | सम्+गति = सङ्गति |
| | सम्+गठन = सङ्गठन |
| | सम्+घर्ष = सङ्घर्ष |
| म्+च्/ज् = ञ्च्/ञ्ज् | सम्+चय = सञ्चय |
| | सम्+जाल = सञ्जाल |
| म्+य्/र्/व्/स्/ह् = य्/र्/व्/स्/ह् | सम्+योग = संयोग |
| | सम्+रचना = संरचना |
| | सम्+वाद = संवाद |
| | सम्+सार = संसार |
| | सम्+हार = संहार |

CC-0. In Public Domain. Digitization by eGangotri

# अभ्यास

**तलका प्रश्नहरूको उत्तर लेख्नुहोस्।**

१. (क) सन्धि भनेको के हो? उदाहरण दिई छर्लङ्ग पार्नुहोस्।
(ख) सन्धिका कति प्रकार छन् र ती कुन-कुन हुन्?

२. (क) स्वरसन्धि भनेको के हो र यो कति प्रकारको छ?
(ख) गुणसन्धि भनेको के हो र यो कति प्रकारको छ?
(ग) वृद्धिसन्धि भनेको के हो र यो कति प्रकारको छ?

३. कस्तो सन्धिलाई व्यञ्जनसन्धि भनिन्छ? उदाहरण दिई स्पष्ट पार्नुहोस्।

४. तलका शब्दहरूको विग्रह गर्नुहोस्:
(क) हिमालय, विद्यालय, रवीन्द्र, गिरीश, सूक्ति, देवेन्द्र, महेन्द्र, रमेश, लोकोक्ति, चन्द्रोदय, महर्षि, ब्रह्मर्षि, मतैक्य।
(ख) उद्देश्य, उज्ज्वल, उन्नति, उल्लेख, उद्धार, उद्भव, उन्माद, सङ्गठन, सञ्चय, संवाद।

५. तलका दुई-दुई शब्दहरूका बीचमा सन्धि गरी एक-एक शब्द बनाउनुहोस्:
(क) विद्या अर्थी, फणि इन्द्र, अनु उदित, नर ईश, यथा इष्ट, महा उत्सव, सप्त ऋषि, सदा एव।
(ख) उत् दण्ड, उत् जण्ड, जगत् नाथ, उत् लास, उत् गम, उत् धरण, उत् भव, उत् मुख, सम् कल्प, सम् गति, सम् जाल, सम् योग, सम् हार।

●

CC-0. In Public Domain. Digitization by eGangotri

परिच्छेद छब्बीस

# वाक्यः परिचय, आधारभूत अङ्ग र विस्तार

## १. वाक्य

शब्दहरूको समूह नै वाक्य हो तर सबै शब्दहरूको समूह वाक्य होइन। एउटा कर्ता र एउटा क्रियापद अनिवार्य रूपमा रहेको र कम्तीमा कुनै एक अर्थलाई पूरा गरी बुझाउने अनि अन्त्यमा पूर्णविराम वा त्यसका सट्टामा प्रयोग हुने चिह्नसमेत लिने भाषिक एकाइ नै वाक्य हो; जस्तै-

| अ | आ |
|---|---|
| भाइ, बहिनी, आउनु | (क) भाइ आयो।<br>(ख) बहिनी आई। |

माथि 'अ' मा शब्दहरूको समूह त छ तर त्यो वाक्य होइन किनभने ती शब्दहरूले आफ्नो अर्थ हुँदाहुँदै पनि कुनै एक अर्थलाई पूरा गरी बुझाएका छैनन् र पूर्णविराम चिह्न पनि लिएका छैनन्। माथि 'आ' तर्फ (क) मा 'भाइ आयो' भन्ने पदसमूह दिइएको छ र (ख) मा 'बहिनी आई' भन्ने पदसमूह दिइएको छ। 'भाइ आयो' भन्ने पदसमूहमा भाइले आउने कार्य पूरा गऱ्यो भन्ने र 'बहिनी आई' भन्ने पदसमूहमा बहिनीले आउने कार्य पूरा गरी भन्ने एक पूरा अर्थ बुझिएको छ र तिनका अन्त्यमा पूर्णविराम चिह्नको समेत प्रयोग भएको छ। त्यसैले 'आ' तर्फ दिइएका 'भाइ आयो' र 'बहिनी आई' पदसमूह वाक्य हुन्।

## २६.२ वाक्यका आधारभूत/अनिवार्य अङ्गः उद्देश्य र विधेय

वाक्यको आधारभूत/अनिवार्य अङ्ग भनेको वाक्यको न्यूनतम र नभई नहुने पदसमूह हो। वाक्यको त्यस्तो नभई नहुने पदसमूह भनेको एउटा उद्देश्य पद र अर्को विधेय पदको समूह हो। त्यसैले वाक्यमा आउने पदहरूमध्ये एउटा उद्देश्य पद (कर्ता वा कर्म) र अर्को विधेय (क्रियापद) पद हुनै पर्दछ। कर्तृवाच्य वाक्यमा कर्ता र कर्मवाच्य वाक्यमा कर्मलाई उद्देश्य भनिन्छ भने क्रियापदलाई विधेय भनिन्छ। यसर्थ कर्ता/कर्म वा उद्देश्य र क्रियापद वा विधेय वाक्यका आधारभूत अङ्ग हुन्; जस्तै-

(१) भाइ आयो।
(२) बहिनी आई।

CC-0. In Public Domain. Digitization by eGangotri

माथि दिइएका दुई वाक्यमध्ये 'भाइ आयो' वाक्यमा 'आयो' समापिका क्रियापदले 'भाइ' कर्तापदको आगमनबारे बताएको छ। त्यस वाक्यमा भाइका विषयमा केही कुरा भनिएकाले 'भाइ' उद्देश्य हो भने उद्देश्य 'भाइ' ले गरेको कार्यव्यापार वा आगमनबारे बताउने 'आयो' क्रियापद 'विधेय' हो। त्यस्तै अर्को 'बहिनी आई' भन्ने वाक्यमा बहिनीका बारेमा केही भनिएको छ र त्यो 'बहिनी' कर्तापद उद्देश्य हो भने बहिनीको आगमनबारे बताउने 'आई' क्रियापद विधेय हो।

कर्मवाच्य वाक्यमा चाहिँ कर्मपदले उद्देश्य र क्रियापदले विधेयको काम गर्दछन्; जस्तै- पुस्तकहरू पढिए। यस वाक्यमा पढ्ने काम गर्ने कर्तापद उद्देश्यका रूपमा आएको छैन; किनकि यहाँ कर्तापदका बारे केही भनिएको छैन। यहाँ 'पढिए' भन्ने विधेय पदले 'पुस्तकहरू' का बारेमा बयान गरेकाले 'पुस्तकहरू' भन्ने कर्मपदस्वरूप पद नै उद्देश्य हो र सो उद्देश्यका बारेमा केही बयान गर्ने 'पढिए' भन्ने क्रियापदचाहिँ विधेय हो।

## २६.३ वाक्यका आधारभूत अङ्गको विस्तार: उद्देश्य विस्तार र विधेय विस्तार

कर्तृवाच्यमा कर्ता र क्रियापद, कर्मवाच्यमा कर्म र क्रियापदमात्र भएर पनि वाक्य बन्न सक्दछ तर उद्देश्य र विधेय पद नभएको पदसमूह वाक्य बन्न सक्दैन। वाक्यमा उद्देश्य र विधेयका अतिरिक्त अन्य पदहरू पनि आउन सक्तछन्; जस्तै-

(अ) माथिल्ला घरे साहिँलाको <u>भाइ</u> हिजो हुम्लाबाट <u>आयो</u>।
(आ) माथिल्ला घरे साहिँलाकी <u>बहिनी</u> हिजो हुम्लाबाट <u>आई</u>।
(इ) माथिल्ला घरे साहिँलाका <u>भाइबहिनीहरू</u> हिजो हुम्लाबाट <u>आए</u>।

माथि तीनवटा लामा-लामा वाक्यहरू दिइएका छन्। ती तीनवटा वाक्यहरूमा रेखाङ्कित गरिएका पदहरू क्रमश: उद्देश्य र विधेय हुन्। ती रेखाङ्कित पदहरूमात्र राखेर अन्य पदहरू झिकिदिने हो भने पनि वाक्य बन्न सक्तछ; तर रेखाङ्कित पदहरू झिकेर अन्य पदहरूमात्र राख्ने हो भने वाक्य बन्न सक्तैन। माथिका वाक्यहरूमध्ये (अ) मा रहेको 'भाइ आयो', (आ) मा रहेको 'बहिनी आई' र (इ) मा रहेको 'भाइबहिनीहरू आए' भन्ने रेखाङ्कित पदसमूह ती-ती वाक्यका आधारभूत अङ्गहरू क्रमश: उद्देश्य (कर्ता) र विधेय (क्रियापद) हुन्। यहाँ 'भाइ', 'बहिनी' र 'भाइबहिनीहरू' भन्ने उद्देश्य पदका बायाँपट्टि आएका 'माथिल्ला घरे साहिँलाको' 'माथिल्ला घरे साहिँलाकी' र 'माथिल्ला घरे साहिँलाका' भन्ने पदसमूहहरू उद्देश्य-विस्तार हुन् भने 'आयो', 'आई' र 'आए' भन्ने विधेय (क्रियापद) को बायाँपट्टि आएका 'हिजो हुम्लाबाट' भन्ने पदसमूह विधेय-विस्तार हो। यसरी वाक्य हुनाका निम्ति एउटा उद्देश्य (कर्तापद) र एउटा विधेय (क्रियापद) हुनै पर्दछ भने उद्देश्यपदका बायाँपट्टि र विधेय पदका बायाँपट्टि

CC-0. In Public Domain. Digitization by eGangotri

थपिने अरू पदहरू तिनै उद्देश्य र विधेयका विस्तारमात्र हुन्; ती वाक्यका अनिवार्य अङ्ग होइनन्।

## अभ्यास

**तलका प्रश्नहरूको उत्तर लेख्नुहोस्।**

१. वाक्य भनेको के हो? उदाहरण दिई चिनाउनुहोस्।
२. वाक्यका आधारभूत अङ्ग भनेको के हो? उदाहरण दिई लेख्नुहोस्।
३. कर्मवाच्य वाक्य र कर्तृवाच्य वाक्यमा कुन-कुन पद उद्देश्य पदका रूपमा आएका हुन्छन्?
४. उद्देश्य विस्तार र विधेय विस्तार भनेको के हो?
५. तल दिइएका वाक्यहरूबाट उद्देश्यपद र विधेय पदलाई अलग-अलग रूपमा आफ्ना कापीमा सार्नुहोस्।
    (क) पुस्तकहरू पढिए।
    (ख) म आउँछु।
    (ग) श्याम हिँड्यो।
    (घ) सीता कुटिन्छे।
    (ङ) डाँडाकाँडा देखिए।

६. प्रश्न नं. (५) अनुसार सारिएका उद्देश्य पदहरूमध्ये कुन-कुन उद्देश्यपद कर्तापद हुन् र कुन-कुन उद्देश्यपद कर्मपद हुन्? तिनलाई कर्ता र कर्मपदका रूपमा अलग-अलग लेख्नुहोस्।

●

CC-0. In Public Domain. Digitization by eGangotri

## परिच्छेद सत्ताईस

# वाक्यका किसिम छुट्ट्याउने आधार: अर्थ र बनोट

| वाक्य | अर्थ | बनोट |
|---|---|---|
| अ. राम जान्छ। | सामान्य | सरल |
| आ. सीता जाओस्। | इच्छा | सरल |
| इ. राम जान्छ र ऊ फर्कन्छ। | सामान्य | संयुक्त |
| ई. सीता जाओस् र ऊ फर्कोस्। | इच्छा | संयुक्त |

कम्तीमा पनि एउटा उद्देश्य (कर्ता) र एउटा विधेय (क्रिया) भएको तथा कम्तीमा पनि कुनै एक अर्थलाई पूरा रूपमा बुझाउने पदहरूको समूह नै वाक्य हो। माथि दिइएको 'अ' को वाक्यमा एउटा मात्र उद्देश्य (कर्ता) 'राम' र एउटा मात्र विधेय (क्रिया) 'जान्छ' छ। त्यस्तै 'आ' को वाक्यमा पनि एउटा मात्र उद्देश्य (कर्ता) 'सीता' र एउटा मात्र विधेय (क्रिया) 'जाओस्' छ। त्यसैले यी 'अ' र 'आ' का वाक्यमा एउटा उद्देश्य (कर्ता) र एउटा विधेय (क्रिया) छन्। माथि 'इ' मा दिइएको वाक्यमा दुईवटा उद्देश्य (कर्ता) 'राम' र 'ऊ' तथा दुईवटा विधेय (क्रियापद) 'जान्छ' र 'फर्कन्छ' छन् र यी दुईलाई 'र' संयोजक पदले जोडेको छ। त्यस्तै 'ई' को वाक्यमा पनि 'सीता' र 'ऊ' दुईवटा उद्देश्य (कर्ता) र 'जाओस्' र 'फर्कोस्' दुईवटा विधेय (क्रिया) छन्। यसरी माथिका चारवटै वाक्यमा उद्देश्य र विधेय छन्; त्यसैले संरचना वा बनोटका दृष्टिले ती चारवटै पदसमूह वाक्य हुन्। 'अ' र 'आ' का 'राम जान्छ' र 'सीता' 'जाओस्' मा एउटा-एउटा मात्र उद्देश्य र एउटा-एउटा मात्र विधेय छन् भने 'इ' र 'ई' का वाक्यमा दुई-दुईवटा उद्देश्य र दुई-दुईवटा विधेय छन्। बनोटका दृष्टिले वाक्यमा देखा परेको यस्तै भिन्नताका आधारमा वाक्यलाई विभाजन गरिन्छ। यसलाई बनोटका आधारमा गरिने वाक्यको वर्गीकरण भनिन्छ।

माथिका चारवटा वाक्यको बनोट मात्र छैन। ती हरेक वाक्यले कम्तीमा पनि कुनै एक अर्थलाई पूरा रूपमा बुझाउने काम गरेका छन्। त्यसैले ती चारवटै वाक्यको अर्थ पनि छ। तर सबै वाक्यको अर्थ एकनासको छैन। वाक्यले दिने अर्थ भनेको वक्ताले वाक्यको प्रयोग गर्दा उक्त वाक्यका माध्यमबाट प्रकट गर्ने मनसाय वा मनोभाव हो। माथिका चारवटा वाक्यमध्ये 'अ' को वाक्य 'राम जान्छ'

CC-0. In Public Domain. Digitization by eGangotri

र 'इ' को वाक्य 'राम जान्छ र ऊ फर्कन्छ' ले ती वाक्य-प्रयोग गर्ने वक्ताको सामान्य मनोभाव/अर्थ बुझाएका छन् भने 'आ' को वाक्य 'सीता जाओस्' र 'ई' को वाक्य 'सीता जाओस् र ऊ फर्कोस्' मा वक्ताको विशेष इच्छा बुझाउने मनोभाव/अर्थ प्रकट भएको छ। त्यसैले अर्थका आधारमा पनि वाक्यको वर्गीकरण गर्न सकिन्छ।

●

CC-0. In Public Domain. Digitization by eGangotri

परिच्छेद अठ्ठाईस

# वाक्यको अर्थ:

# अर्थका आधारमा वाक्यका किसिम

वाक्यको अर्थ भनेको वाक्यले दिने अर्थ वा भाव हो। वाक्यले व्यक्त गर्ने उक्त अर्थ वा भाव त्यतिबेला मात्र वाक्यमा देखिन्छ जतिबेला वक्ता वा लेखकले उक्त वाक्यको प्रयोग गर्दछ। तलका उदाहरणहरू पढेपछि वाक्यको अर्थ र त्यसका किसिमबारे स्पष्ट हुनेछ:

क. सागर विद्यालय जान्छ।

ख. सागर विद्यालय जान्छ?

ग. सागर विद्यालय जान्छ!

घ. सागर विद्यालय जाओस्।

ङ. सागर विद्यालय जाला।

च. सागर विद्यालय गए राम्रो हुन्थ्यो।

यिनै वाक्यहरूका आधारमा तल विभिन्न अर्थ बुझाउने वाक्यका प्रकारको परिचय दिइएको छ।

## २८.१ सामान्यार्थक वाक्य

माथि 'क' मा दिइएको वाक्य सामान्य अर्थ जनाउने वाक्य हो। त्यस वाक्यमा वक्ताको कुनै मनोभाव वा अवधारणा वा प्रश्न आदि प्रकट भएको छैन। 'सागर विद्यालय जान्छ' मा वक्ताको सामान्य मनोभाव मात्र प्रकट भएकोले त्यो सामान्य अर्थ बुझाउने वाक्य हो। सामान्यार्थक वाक्यका अन्य थप उदाहरणहरू तल दिइएका छन्:

| | वाक्य | काल/पक्ष | भाव/अर्थ |
|---|---|---|---|
| (अ) | पेमा हिजो आयो। | सा. भूत | सामान्य |
| (आ) | टासी भोलि आउनेछ। | सा. भविष्यत् | सामान्य |
| (इ) | डोल्मा अहिले आउँछे। | सा. वर्तमान | सामान्य |
| (ई) | तँ हिजो आएकी थिइस्। | पूर्ण भूत | सामान्य |
| (उ) | यलम्बर भोलि आएको हुनेछ। | पूर्ण भविष्यत् | सामान्य |
| (ऊ) | टासी भोलि आउँदै हुनेछ। | अपूर्ण भविष्यत् | सामान्य |
| (ऋ) | घुरहु हिजो आउँदै थियो। | अपूर्ण भूत | सामान्य |
| (ए) | रतिया आज आएकी छे। | पूर्ण वर्तमान | सामान्य |

CC-0. In Public Domain. Digitization by eGangotri

| | | | |
|---|---|---|---|
| (ऐ) | मनोहर आज आउँदै छ। | अपूर्ण वर्तमान | सामान्य |
| (ओ) | कर्मा तिब्बततिर गएछ। | अज्ञात | सामान्य |
| (औ) | एलिना पढ्न जान्थी। | अभ्यस्त | सामान्य |

माथि (अ) देखि (औ) सम्म सबै (वर्तमान, भूत, भविष्यत्) काल र सबै (सामान्य, पूर्ण, अपूर्ण, अज्ञात, अभ्यस्त) पक्षका क्रियापदको प्रयोग भएका वाक्यहरू दिइएका छन्। ती सबै वाक्यहरू वचन, पुरुष, लिङ्ग, काल, पक्ष आदिका दृष्टिले फरक-फरक भए पनि ती वाक्यहरूको प्रयोगमा वक्ताको सामान्य मनोभाव प्रकट भएकाले ती सबै सामान्यार्थक वाक्यहरू हुन्।

काल/पक्ष/वचन/पुरुष र लिङ्गका आधारमा फरक-फरक भए पनि अर्थका दृष्टिले जुन वाक्यले सामान्य अर्थ बुझाउँछन् ती वाक्यलाई सामान्यार्थक वाक्य भनिन्छ।

## २८.२ प्रश्नार्थक वाक्य

माथि 'ख' मा दिइएको 'सागर विद्यालय जान्छ?' भन्ने वाक्य प्रश्नार्थक वाक्य हो। वाक्यको संरचनामा प्रश्नवाचक चिन्ह लिएर आएको उक्त वाक्य-प्रयोग गर्ने वक्ताको मनोभाव/इरादा वा मनसाय के सागर विद्यालय जान्छ? भनी प्रश्न गर्ने रहेको छ। प्रश्नको मनोभाव/अर्थ प्रकट गर्ने भएकोले उक्त वाक्यलाई प्रश्नार्थक वाक्य भनिन्छ। यस्तो प्रश्नार्थक वाक्यमा 'के' भन्ने प्रश्नार्थक सर्वनाम पनि वाक्यका सुरुमा आउन सक्छ। प्रश्नार्थक वाक्यका अन्य थप उदाहरणहरू यहाँ दिइएका छन्:

(अ) के पेमा हिजो स्कूल आयो?
(आ) के टासी भोलि आउनेछ?
(इ) के डोल्मा अहिले आउँछे?
(ई) के तँ हिजो आएकी थिइस्?
(उ) के टासी भोलि आउँदै हुनेछ?
(ऊ) के घुरहु हिजो आउँदै थियो?
(ए) के रतिया आज आएकी छे?
(ऐ) के मनोहर आज आउँदै छ?
(ओ) के कर्मा तिब्बततिर गएछ?
(औ) के एलिना पढ्न जान्थी?

माथि (अ) देखि (औ) सम्म दशवटा वाक्यहरू दिइएका छन्। ती दशवटै वाक्यका सुरुमा 'के' प्रश्नवाचक सर्वनाम र ती दशवटै वाक्यका अन्त्यमा प्रश्नवाचक चिह्न आएका छन्। उक्त वाक्यका प्रयोगकर्ताको मनोभाव/इरादा प्रश्न गर्ने रहेको छ। त्यसैले माथिका सबै प्रश्नार्थक वाक्य हुन्। प्रश्नार्थक वाक्यमा प्रश्नवाचक चिह्न अनिवार्य रूपमा हुनैपर्छ तर प्रश्नार्थक सर्वनाम

CC-0. In Public Domain. Digitization by eGangotri

नरहँदा पनि वाक्यको प्रश्नार्थक अवधारणा/मनोभावमा कुनै असर पर्दैन। माथिका वाक्यहरू प्रश्नवाचक सर्वनाम+वाक्य+प्रश्नवाचक चिह्न = प्रश्नार्थक वाक्यको ढाँचामा देखा परेका छन्। प्रश्नार्थक वाक्यका उदाहरण यी पनि हुन्; तर यी वाक्यहरू पूर्ण रूपमा प्रश्नार्थक वाक्य नभई आंशिक प्रश्नार्थक वाक्यमात्र हुन्:

त्यो को मान्छे हो?
तिमी कुन बाटो जान्छौ?
तिमी के खान्छौ?
तिम्रो भाइ कत्रो छ?
तिमी कति पैसा कमाउँछौ?
तिमी कहाँ बस्छौ?
तिमी कता बस्छौ?

माथि दिइएका वाक्यहरूमा रेखाङ्कित 'को', 'कुन', 'के', 'कत्रो', 'कति', 'कहाँ', 'कता' जस्ता प्रश्नवाचक सर्वनाम र सर्वनामबाट बनेका पदहरूले ती वाक्यलाई प्रश्नार्थक बनाएका छन्। यसरी प्रश्नवाचक सर्वनाम बीचमा पनि लाग्न सक्तछ तर प्रश्नार्थक वाक्यको प्रश्नवाचक चिह्न भने वाक्यका अन्त्यमा मात्र लाग्दछ भन्ने कुरो माथिका उदाहरणहरूले प्रष्ट पार्दछन्। त्यसै गरी प्रश्नार्थक वाक्यमा प्रयोग हुने क्रियापदको रूप भने सामान्यार्थक वाक्यका जस्तै रहने कुरो पनि माथि दिइएका उदाहरणहरूले प्रष्ट पार्दछन्।

## २८.३ विस्मयार्थक वाक्य

माथि 'ग' मा 'सागर विद्यालय जान्छ!' भन्ने विस्मय/आश्चर्यको अर्थ बुझाउने वाक्य दिइएको छ। उक्त वाक्यका दायाँपट्टि वा वाक्यका अन्त्यमा पूर्णविरामका सट्टा विस्मयादिबोधक चिह्नको प्रयोग पनि भएको छ। यस वाक्यको प्रयोगकर्ताले सागरको विद्यालय जाने कुरामा आश्चर्य/विस्मयको मनोभाव/इरादा प्रकट गरेको छ। विस्मयादिबोधक चिह्नसमेत आई वक्ताको आश्चर्य/ विस्मयबोधक मनोभाव प्रकट गरेकाले उक्त वाक्य विस्मयार्थक वाक्य हुन पुगेको हो। विस्मयार्थक वाक्यका थप उदाहरणहरू यसप्रकार छन्:

(अ) पेमा हिजो आयो!
(आ) टासी भोलि आउनेछ!
(इ) डोल्मा अहिले आउँछे!
(ई) तँ हिजो आएकी थिइस्!
(उ) यलम्बर भोलि आएको हुनेछ!
(ऊ) टासी भोलि आउँदै हुनेछ!
(ऋ) घुरहु हिजो आउँदै थियो!

CC-0. In Public Domain. Digitization by eGangotri

(ए) रतिया आज आएकी छे!
(ऐ) मनोहर आज आउँदै छ!
(ओ) कर्मा तिब्बततिर गएछ!
(औ) एलिना पढ्न जान्थी!

माथि (अ) देखि (औ) सम्म एघारवटा वाक्य दिइएका छन्। ती हरेक वाक्यहरूका अन्त्यमा आश्चर्य/विस्मयबोधक चिह्न लागेको छ। वक्ताको आश्चर्य/विस्मयसूचक मनोभाव/अर्थ माथिका वाक्यहरूले प्रकट गरेको हुँदा ती सबै विस्मयार्थक वाक्यहरू हुन्। विस्मयार्थक वाक्यमा प्रयोग हुने क्रियापदको रूप सामान्यार्थक वाक्यका जस्तै हुने र केवल विस्मयचिह्नको प्रयोगले मात्र तिनलाई विस्मयार्थक वाक्यका रूपमा चिनाउने कुरो पनि माथिका वाक्यहरूबाटै स्पष्ट हुन्छ।

## २८.४ विध्यर्थक वाक्य

माथि 'घ' मा दिइएको वाक्य 'सागर विद्यालय जाओस्' विध्यर्थक वाक्य हो। विधि भनेको आज्ञा/आदेश हो भने विध्यर्थक वाक्य भनेको आज्ञा वा आदेश, इच्छा वा अनुमतिको अर्थ जनाउने वाक्य हो। वक्ताको सागर विद्यालय जाने गरोस् भन्ने इच्छा/विधि उक्त वाक्यमा रहेकाले यसलाई इच्छार्थ/विध्यर्थ बुझाउने वाक्य भनिएको हो। विध्यर्थक वाक्यका इच्छार्थक र आज्ञार्थक/अनुरोधार्थक गरी दुई हाँगा हुन्छन्: जस्तै-

| **(अ) इच्छार्थक** | **(आ) आज्ञार्थक/अनुरोधार्थक** |
|---|---|
| म भित्र आऊँ। | |
| हामी भित्रै आऔँ। | |
| तँ भित्र आएस्। | तँ भित्र आ! |
| तिमी भित्र आए। | तिमी भित्र आऊ। |
| तिमीहरू भित्र आओ। | तिमीहरू भित्र आओ। |
| ऊ भित्र आओस्। | तपाईं भित्र आउनुहोस्। |
| उनी भित्र आऊन्। | |
| उनीहरू भित्र आऊन्। | |
| उहाँ भित्र आउनुहोस्। | |

माथि (अ) तर्फ इच्छार्थक वाक्यहरू दिइएका छन्। इच्छार्थक वाक्यहरूमा इच्छार्थक क्रियापदको प्रयोग हुन्छ। (अ) मा दिइएका 'आऊँ/आऔँ' 'आएस्/आए' 'आओस्/आऊन्' भन्ने क्रियापद 'आउनु' क्रियाका विध्यर्थ-इच्छार्थ बुझाउने रूपावली हुन् र यिनले उक्त वाक्य-प्रयोग गर्ने वक्ताको इच्छा/चाहनाको अर्थलाई प्रकट गरेका छन्।

CC-0. In Public Domain. Digitization by eGangotri

माथि (आ) मा दिइएका वाक्यहरू आज्ञार्थक/अनुरोधार्थक वाक्यहरू हुन्। 'म' र 'हामी' भन्ने सर्वनामपद वक्ता आफैले आफूलाई बुझाउन प्रयोग गर्ने हुँदा 'म', 'हामी' पदको प्रयोग गरी आफूले आफूलाई नै आज्ञा गर्न वा आदेश दिन मिल्दैन। अत: 'म' र 'हामी' भन्ने पहिलो पुरुषको प्रयोग भएका वाक्यमा वक्ताको आज्ञार्थक मनोभाव प्रकट हुँदैन। त्यस्तै तेस्रो पुरुष 'ऊ', 'उनी' र 'उनीहरू' पद प्रयोग भएको वाक्यमा उक्त वाक्य प्रयोग गर्ने वक्ताभन्दा 'ऊ' 'उनी' र 'उनीहरू' भन्ने सर्वनामपदले सङ्केत गर्ने व्यक्ति टाढा रहने भएकाले त्यस्ता वाक्यमा पनि वक्ताको आज्ञार्थक मनोभाव प्रकट हुँदैन। त्यसैले 'म', 'हामी', 'ऊ', 'उनीहरू' र 'उहाँ' भन्ने पदको प्रयोग भएका ठाउँमा अर्थात् पहिलो पुरुष र तेस्रो पुरुषका बारेमा बयान गरिएको वाक्यमा आज्ञाको अर्थ व्यक्त हुँदैन। माथि (आ) तर्फ दिइएका वाक्यहरूमा द्वितीय पुरुषका सम्बन्धमा केही आज्ञा वा अनुरोधको अर्थ/भाव झल्काइएको छ। यस्ता आज्ञा वा अनुरोधको भाव झल्काउने वाक्यलाई आज्ञार्थक/अनुरोधार्थक वाक्य भनिन्छ।

माथि चर्चा गरिएका इच्छार्थक र आज्ञार्थक/अनुरोधार्थक वाक्यलाई नै समष्टिमा विध्यर्थक वाक्य भनिन्छ।

## २८.५ सम्भावनार्थक वाक्य

माथि 'ङ' मा 'सागर विद्यालय जाला' भन्ने वाक्य दिइएको छ। उक्त वाक्य सम्भावना (हुन सक्ने) को अर्थ बुझाउने वाक्य हो। सागर विद्यालय जान सक्ने सम्भावना सो वाक्यले प्रकट गरेको हुँदा उक्त वाक्यलाई सम्भावनार्थक वाक्य भनिएको हो। सम्भावनार्थक वाक्यले बुझाउने अर्थ निश्चित नहुने भएकाले यसलाई अनिश्चयार्थक वाक्य पनि भन्दछन्। किनभने यस 'सागर विद्यालय जाला' वाक्यले सागर विद्यालय जान पनि सक्ने वा नजान पनि सक्ने अनिश्चयको अर्थ जाहेर गरेको छ। सम्भावनार्थक वाक्यका केही अरू उदाहरणहरू यहाँ दिइएका छन्;

| **सामान्यार्थक वाक्य** | **सम्भावनार्थक/अनिश्चयार्थक वाक्य** |
|---|---|
| (अ) राम घर जान्छ। | राम घर जाला।<br>राम घर जान्छ होला। |
| (आ) राम घर गयो। | राम घर जाला।<br>राम घर गयो होला। |
| (इ) राम घर जानेछ। | राम घर जाला।<br>राम घर जानेछ होला। |
| (ई) राम घर जाँदो छ। | राम घर जाला।<br>राम घर जाँदो होला।<br>राम घर जाँदो छ होला। |

CC-0. In Public Domain. Digitization by eGangotri

(उ) राम घर गएको छ। | राम घर जाला। |
राम घर गएको होला।
राम घर गएको छ होला।

(ऊ) राम घर जाँदै थियो। | राम घर जाला। |
राम घर जाँदो होला।
राम घर जाँदो थियो होला।

(ए) राम घर जाँदो हुनेछ। | राम घर जाला। |
राम घर जाँदो होला।
राम घर जाँदो हुनेछ होला।

(ऐ) राम घर गएको थियो। | राम घर जाला। |
राम घर गएको होला।
राम घर गएको थियो होला।

(ओ) राम घर गएको हुनेछ। | राम घर जाला। |
राम घर गएको होला।
राम घर गएको हुनेछ होला।

माथि बायाँपट्टि दिइएका वाक्यहरू सामान्य अर्थ बुझाउने वाक्य हुन् भने दायाँपट्टि रहेका वाक्यहरू सम्भावनार्थ बुझाउने वाक्य हुन्। माथिका (अ), (आ) र (इ) मा रहेका सामान्य अर्थ बुझाउने वाक्यहरूका दायाँपट्टि क्रमश: दुई-दुईवटा सम्भावनार्थ बुझाउने वाक्यहरू रहेका छन्। तर बायाँपट्टिका 'ई' देखि 'ओ' सम्मका सामान्य अर्थ बुझाउने वाक्यहरूबाट तीन-तीन वटा सम्भावनार्थ वाक्यहरू बनेका छन्। यसबाट सामान्य वाक्यलाई सम्भावनार्थमा बदल्ने तीनवटा प्रक्रिया रहेछन् भन्ने बुझिन्छ; जस्तै-

**प्रक्रिया १**

सरल सम्भावनार्थ क्रियाको प्रयोग गरेर सम्भावनार्थक वाक्यमा बदल्ने। जस्तै- माथि [ ] मा दिइएका वाक्य।

माथि बायाँपट्टि (अ) देखि (ओ) सम्म सबै काल र सबै पक्षका सामान्य अर्थ बुझाउने वाक्यहरू दिइएका छन्। ती वाक्यहरूका दायाँपट्टिको [ ] कोठाभित्र दिइएका वाक्यहरू त्यस्ता सम्भावनार्थक वाक्यहरू हुन् जसमा मुख्य धातु+सम्भावनार्थक प्रत्ययको योग भएको छ। यस्ता सम्भावनार्थक वाक्यहरूमा प्रयोग हुने क्रियापदहरू सम्भावनार्थक क्रियापद हुन्छन्।

यस्ता सम्भावनार्थक वाक्यका थप उदाहरण यसप्रकार छन्:

CC-0. In Public Domain. Digitization by eGangotri

| सामान्यार्थक वाक्य | सम्भावनार्थक वाक्य |
|---|---|
| राम घर जान्छ। | राम घर जाला। |
| राम घर गयो। | राम घर जाला। |
| राम घर जाँदै थियो। | राम घर जाला। |
| राम घर जान्थ्यो। | राम घर जाला। |

**प्रक्रिया २**

संयुक्त (गुण क्रिया+सहायक क्रिया) क्रियापदको संरचना भएका वाक्यहरूमा संयुक्त (गुण क्रिया+सहायक क्रिया) क्रियाका गुण क्रियालाई (जसलाई मुख्य क्रिया पनि भन्ने प्रचलन छ) यथावत् राखी सहायक क्रियालाई मात्र सम्भावनार्थक क्रियामा बदलेर सम्भावनार्थक वाक्य बनाउने जस्तै- माथि रेखाङ्कित गरिएका वाक्य।

माथि बायाँपट्टि (ई), (उ), (ऊ), (ए), (ऐ) र (ओ) मा दिइएका वाक्यहरूका दायाँपट्टि जुन-जुन वाक्यहरू रेखाङ्कित गरिएका छन्, ती-ती वाक्यहरू प्रक्रिया २. अनुसार सम्भावनार्थ वाक्यमा रूपान्तरित भएका छन्।

यस्ता सम्भावनार्थक वाक्यका थप उदाहरण यसप्रकार छन्:

| सामान्यार्थक वाक्य | सम्भावनार्थक वाक्य |
|---|---|
| राम घर जाँदो थियो। | राम घर जाँदो होला। |
| राम घर गएको छ। | राम घर गएको होला। |

**प्रक्रिया ३**

वाक्य जुन काल, जुन पक्ष र जुन वचन, पुरुष लिङ्ग, वाच्य आदिमा छ त्यसलाई यथावत् राखी त्यसका दायाँपट्टि 'हु' धातुको सम्भावनार्थक क्रिया थपेर सम्भावनार्थ वाक्य बनाउने। यसअनुसार भूत, भविष्यत् र वर्तमान सबै काल बुझाउने क्रियापदको प्रयोग भएका वाक्यमा सम्भावनार्थ प्रकट हुन सक्छ। माथि (अ) देखि (ओ) सम्म बायाँपट्टि दिइएका सामान्यार्थक वाक्यहरू हुन् तिनका ठीक अगाडिपट्टि कोठाभित्र नदिइएका र रेखाङ्कित नगरिएका वाक्यहरू पनि सम्भावनार्थक वाक्यहरू हुन्। ती वाक्यहरूलाई सम्भावनार्थकमा बदल्दा बायाँपट्टि रहेका वाक्यहरूको संरचना यथावत् राखी 'होला' सहायक क्रियापदमात्र थपेर दायाँपट्टि सम्भावनार्थक बनाइएको छ। यसरी सम्भावनार्थमा बदलिएका ती वाक्यहरू 'वाक्य+होला' को तेस्रो प्रक्रियाअन्तर्गत परिवर्तित सम्भावनार्थक वाक्यहरू हुन्। यस्ता सम्भावनार्थक वाक्यका थप उदाहरण यसप्रकार छन्:

| सामान्यार्थक वाक्य | सम्भावनार्थक वाक्य |
|---|---|
| राम घर जान्छ। | राम घर जान्छ होला। |
| राम घर गयो। | राम घर गयो होला। |
| राम घर जाँदो थियो। | राम घर जाँदो थियो होला। |
| राम घर जान्थ्यो। | राम घर जान्थ्यो होला। |

CC-0. In Public Domain. Digitization by eGangotri

## २८.६ सङ्केतार्थक वाक्य

'सागर विद्यालय गए राम्रो हुन्थ्यो' भन्ने वाक्य सङ्केतार्थ बुझाउने वाक्य हो। सङ्केतार्थक वाक्यमा दुईवटा क्रियाहरू हुने र तीमध्येको एउटाले कारण/शर्तलाई र अर्काले कार्यलाई बुझाउने गर्दछ। 'सागर विद्यालय गए राम्रो हुन्थ्यो' भन्ने वाक्यमा 'गए' र 'हुन्थ्यो' दुई क्रिया छन्। त्यहाँ 'गए' असमापिका क्रिया हो भने 'हुन्थ्यो' समापिका क्रिया हो। अघिल्लो 'गए' भन्ने क्रियाले सङ्केत/शर्त बुझाएको छ र पछिल्लो 'हुन्थ्यो' क्रियापदले कार्य बुझाएको छ। त्यसैले 'सागर विद्यालय गए हुन्थ्यो' भन्ने वाक्य सङ्केतार्थ वाक्य हो। सङ्केतार्थ वाक्यका थप उदाहरणहरू यसप्रकार छन्:

(क) पानी परे/परेमा शीतल हुन्थ्यो।
राम्रोसँग पढे/पढेमा हरि पास हुन्थ्यो।
काम गरे/गरेमा माम पाइन्थ्यो।
धर्म गरे/गरेमा पुण्य पाइन्थ्यो।
बादल लागे/लागेमा पानी पर्थ्यो।
पानी परे/परेमा बाली सप्रन्थ्यो।

(ख) पानी पर्‍यो भने शीतल हुन्छ।
राम्रोसँग पढ्यो भने उत्तीर्ण भइन्छ।
मानिसले काम गर्‍यो भने माम पाउँछ।
मानिसले धर्म गर्‍यो भने पुण्य पाउँछ।
बादल लाग्यो भने पानी पर्छ।
पानी पर्‍यो भने बाली सप्रन्छ।

(ग) पानी परे हुन्थ्यो।
हरिले पढे हुन्थ्यो।

माथि (क), (ख) र (ग) दुवैमा दिइएका वाक्यहरू सङ्केतार्थक वाक्य हुन्। माथि (क) मा शर्त बुझाउन पहिले आएका क्रिया असमापिका क्रिया हुन्। ती 'परे', 'पढे', 'गरे', 'लागे', 'परे' जस्ता असमापिका क्रियाले शर्त बुझाएमा त्यस्ता शर्त बुझाउने असमापिका क्रियापदमा विकल्पले 'मा' विभक्ति पनि लाग्न सक्छ। तर 'ख' मा रहेका वाक्यहरूमा शर्त बुझाउने क्रियापद पनि 'पर्‍यो', 'पढ्यो', 'गर्‍यो', 'गर्‍यो', 'लाग्यो', 'पर्‍यो' आदि समापिका क्रियापदका रूपमा आएका छन्। यसरी सङ्केतार्थ वाक्यमा शर्त बुझाउन असमापिका क्रियापद आएमा त्यसमा विकल्पले 'मा' विभक्ति मात्र लाग्ने गर्छ तर समापिका क्रियापद आएमा उक्त शर्तबोधक समापिका क्रियापदका पछाडि वा दायाँतिर 'भने' राख्नुपर्दछ। माथि 'ख' मा दिइएका सङ्केतार्थ वाक्यहरूमा आएका शर्तबोधक समापिका क्रियापद र 'भने' संयोजकलाई रेखाङ्कित गरी चिन्न सजिलो पारिएको छ। माथि

CC-0. In Public Domain. Digitization by eGangotri

(ग) मा दिइएका सङ्केतार्थक वाक्यमा 'परे' र 'पढे' जस्ता कारण/शर्तबोधक क्रियाको प्रयोग भएको छ भने 'हुन्थ्यो' भन्ने कार्यबोधक समापिका क्रियापदको प्रयोग भएको छ।

## अभ्यास

**तलका प्रश्नहरूको उत्तर लेख्नुहोस्।**

१. वाक्यलाई कुन-कुन आधारमा वर्गीकरण गर्न सकिन्छ?

२. (क) वाक्यको अर्थ भनेको के हो?
   (ख) अर्थका आधारमा वाक्य कति किसिमका छन्?

३. कोष्ठकमा दिइएको सङ्केतका आधारमा तलका वाक्यहरूलाई बदल्नुहोस्:

| | | |
|---|---|---|
| (क) | चमेली घर जान्छे। | (इच्छार्थक) |
| | चमेली भात खान्छे। | (इच्छार्थक) |
| | मेरो जाँच राम्रो हुन्छ। | (इच्छार्थक) |
| | उनीहरू गाँजाले मात्छन्। | (इच्छार्थक) |
| | उनीहरू विदेशमा पढ्छन्। | (इच्छार्थक) |
| | म तँलाई सम्झाउँछु। | (इच्छार्थक) |
| | आमा! तपाईं आफै डुल्नुहुन्छ। | (अनुरोधार्थक) |
| | आमा! तपाइँ भाइलाई डुलाउनुहुन्छ। | (अनुरोधार्थक) |
| | भाइ आफै हाँस्छ। | (इच्छार्थक) |
| | ऊ भाइलाई हँसाउँछ। | (इच्छार्थक) |
| | म त नेपालमै बस्छु। | (इच्छार्थक) |
| | म त नेपाली नै पढ्छु। | (इच्छार्थक) |
| | उनीहरू त्यहाँ रहन्नन्। | (इच्छार्थक) |
| | उनीहरू अन्याय सहन्नन्। | (इच्छार्थक) |
| | तँ घर जान्छस्। | (आज्ञार्थक) |
| | तिमी भात खान्छौ। | (आज्ञार्थक) |
| | तिमी रोटी खान्छौ। | (इच्छार्थक) |
| | तिमी यहाँ बस्छौ। | (आज्ञार्थक) |
| | तिमी यहाँ बस्छौ। | (इच्छार्थक) |
| (ख) | चमेली घर जान्छे। | (प्रश्नार्थक) |
| | चमेली भात खान्छे। | (प्रश्नार्थक) |
| | मेरो जाँच राम्रो हुन्छ। | (प्रश्नार्थक) |
| | मेरो भाइ राम्ररी पढ्छ। | (प्रश्नार्थक) |
| | उनीहरू गाँजाले मात्छन्। | (प्रश्नार्थक) |

CC-0. In Public Domain. Digitization by eGangotri

| | |
|---|---|
| उनीहरू विदेशमा पढ्छन्। | (प्रश्नार्थक) |
| म तँलाई सम्झाउँछु। | (प्रश्नार्थक) |
| आमा आफै डुल्नुहुन्छ। | (प्रश्नार्थक) |
| आमा भाइलाई डुलाउनुहुन्छ। | (प्रश्नार्थक) |
| भाइ आफै रुन्छ। | (प्रश्नार्थक) |
| ऊ भाइलाई रुवाउँछ। | (प्रश्नार्थक) |
| म त नेपालमै बस्छु। | (प्रश्नार्थक) |
| म त नेपाली नै पढ्छु। | (प्रश्नार्थक) |
| उनीहरू त्यहाँ रहन्नन्। | (प्रश्नार्थक) |
| उनीहरू अन्याय सहन्नन्। | (प्रश्नार्थक) |

| | | |
|---|---|---|
| (ग) | चमेली घर जान्छे। | (विस्मयार्थक) |
| | चमेली भात खान्छे। | (विस्मयार्थक) |
| | जाँच राम्रो हुन्छ। | (विस्मयार्थक) |
| | मेरो भाइ राम्ररी पढ्छ। | (विस्मयार्थक) |
| | उनीहरू मात्छन्। | (विस्मयार्थक) |
| | उनीहरू विदेशमा पढ्छन्। | (विस्मयार्थक) |
| | तँ मलाई सम्झाउँछस्। | (विस्मयार्थक) |
| | आमा आफै डुल्नुहुन्छ। | (विस्मयार्थक) |
| | आमा भाइलाई डुलाउनुहुन्छ। | (विस्मयार्थक) |
| | भाइ आफै रुन्छ। | (विस्मयार्थक) |
| | ऊ भाइलाई रुवाउँछ। | (विस्मयार्थक) |
| | तँ नेपालमै बस्छस्। | (विस्मयार्थक) |
| | तँ नेपाली नै पढ्छस्। | (विस्मयार्थक) |
| | उनीहरू त्यहाँ रहन्नन्। | (विस्मयार्थक) |
| | उनीहरू अन्याय सहन्नन्। | (विस्मयार्थक) |
| (घ) | चमेली घर जान्छे। | (सम्भावनार्थक) |
| | चमेली भात खान्छे। | (सम्भावनार्थक) |
| | मेरो जाँच राम्रो हुन्छ। | (सम्भावनार्थक) |
| | मेरो भाइ राम्ररी पढ्छ। | (सम्भावनार्थक) |
| | उनीहरू गाँजाले मात्छन्। | (सम्भावनार्थक) |
| | उनीहरू विदेशमा पढ्छन्। | (सम्भावनार्थक) |
| | म तँलाई सम्झाउँछु। | (सम्भावनार्थक) |
| | आमा आफै डुल्नुहुन्छ। | (सम्भावनार्थक) |
| | आमा भाइलाई डुलाउनुहुन्छ। | (सम्भावनार्थक) |
| | भाइ आफै रुन्छ। | (सम्भावनार्थक) |
| | ऊ भाइलाई रुवाउँछ। | (सम्भावनार्थक) |

CC-0. In Public Domain. Digitization by eGangotri

म त नेपालमै बस्छु। (सम्भावनार्थक)
म त नेपाली नै पढ्छु। (सम्भावनार्थक)
उनीहरू त्यहाँ रहन्नन्। (सम्भावनार्थक)
उनीहरू अन्याय सहन्नन्। (सम्भावनार्थक)

(ङ) चमेली घर जाओस्। (सामान्यार्थक)
चमेलीले घर गए हुन्थ्यो। (सामान्यार्थक)
चमेली भात खाली। (सामान्यार्थक)
मेरो जाँच राम्रो होला। (सामान्यार्थक)
मेरो भाइ राम्ररी पढ्ला। (सामान्यार्थक)
उनीहरू गाँजाले मात्लान्। (सामान्यार्थक)
उनीहरू विदेशमा पढ्नन्। (सामान्यार्थक)
म तँलाई सम्झाउँला। (सामान्यार्थक)
आमा आफै डुल्नुहुन्छ! (सामान्यार्थक)
भाइ आफै रुन्छ? (सामान्यार्थक)
ऊ भाइलाई रुवाउँछ? (सामान्यार्थक)
म त नेपालमै बस्छु! (सामान्यार्थक)
म त नेपाली नै पढ्छु! (सामान्यार्थक)
उनीहरू त्यहाँ रहन्नन्? (सामान्यार्थक)
उनीहरू अन्याय सहन्नन्? (सामान्यार्थक)

(च) चमेली घर जान्छे। (सङ्केतार्थक)
चमेली भात खान्छे। (सङ्केतार्थक)
मेरो जाँच राम्रो हुन्छ। (सङ्केतार्थक)
मेरो भाइ राम्ररी पढ्छ। (सङ्केतार्थक)
उनीहरू गाँजाले मात्छन्। (सङ्केतार्थक)
उनीहरू विदेशमा पढ्छन्। (सङ्केतार्थक)
म तँलाई सम्झाउँछु। (सङ्केतार्थक)
आमा आफै डुल्नुहुन्छ। (सङ्केतार्थक)
भाइ आफै रुन्छ। (सङ्केतार्थक)
ऊ भाइलाई रुवाउँछ। (सङ्केतार्थक)
म त नेपालमै बस्छु। (सङ्केतार्थक)
म त नेपाली नै पढ्छु। (सङ्केतार्थक)
उनीहरू त्यहाँ रहन्नन्। (सङ्केतार्थक)
उनीहरू अन्याय सहन्नन्। (सङ्केतार्थक)

CC-0. In Public Domain. Digitization by eGangotri

४. तलको अनुच्छेद पढ्नुहोस् र त्यसपछि भनिएका कामहरू गर्नुहोस्:
गोरेले कालीसँग बिहे गर्‍यो। साथीहरूले गोरेलाई जिस्क्याएर भने- "तँ त श्यामश्वेत (ब्ल्याक एन्ड ह्वइट) देखिइस्"। गोरे जङ्गियो र उसले भन्यो- "मैले जे गरेँ-गरेँ। तिमीहरू अनावश्यक चासो राख्तै छौ।" त्यसपछि जिस्क्याउने साथीहरूले भने- "साथी हो! हामीले गोरेलाई जिस्क्यायौँ। त्यो राम्रो भएन।"

(क) माथिको अनुच्छेदका प्रत्येक वाक्यलाई विध्यर्थक वाक्यमा बदल्नुहोस्।
(ख) माथिको अनुच्छेदका प्रत्येक वाक्यलाई सम्भावनार्थक वाक्यमा बदल्नुहोस्।
(ग) माथिको अनुच्छेदका प्रत्येक वाक्यलाई सङ्केतार्थक वाक्यमा बदल्नुहोस्।
(घ) माथिको अनुच्छेदका प्रत्येक वाक्यलाई विस्मयार्थक वाक्यमा बदल्नुहोस्।
(ङ) माथिको अनुच्छेदका प्रत्येक वाक्यलाई प्रश्नार्थक वाक्यमा बदल्नुहोस्।

CC-0. In Public Domain. Digitization by eGangotri

परिच्छेद उनन्तीस

# बनोटका आधारमा वाक्यका किसिम: सरल, मिश्र र संयुक्त

## २५.१ वाक्यका प्रकार

वाक्यका किसिम भन्नाले वाक्यका प्रकार भन्ने बुझिन्छ। वाक्यलाई बनोट/संरचना/रूपका दृष्टिले पनि वर्गीकरण गर्न सकिन्छ। तलका वाक्यहरूको बनोट/संरचना वा रूप हेरौँ-

(अ) आकाश गर्ज्यो। पानी पऱ्यो।

(आ) जब आकाश गर्ज्यो तब पानी पऱ्यो।

(इ) आकाश गर्ज्यो अनि पानी पऱ्यो।

माथि (अ) मा दुईवटा वाक्यहरू दिइएका छन्। ती दुईवटा वाक्यहरूमध्ये पहिलो 'आकाश गर्ज्यो' वाक्यमा 'आकाश' उद्देश्य र 'गर्ज्यो' विधेयमात्र छन् भने दोस्रो 'पानी पऱ्यो' वाक्यमा 'पानी' उद्देश्य र 'पऱ्यो' विधेयमात्र छन्। कम्तीमा पनि एउटा उद्देश्य र एउटा विधेय हुने यस्ता वाक्यलाई सरल वाक्य भनिन्छ। त्यसैले (अ) मा दिइएका 'आकाश गर्ज्यो' र 'पानी पऱ्यो' दुई सरल वाक्य हुन्। सरल वाक्यमा एउटामात्र समापिका/वाक्य टुङ्ग्याउने क्रियापद हुन्छ। माथि (अ) का सरल वाक्यमा पनि 'गर्ज्यो' र 'पऱ्यो' गरी एक-एकवटा मात्र समापिका क्रिया छन्। त्यसैले ती सरल वाक्य हुन्।

माथि (आ) मा 'जब आकाश गर्ज्यो तब पानी पऱ्यो' भन्ने वाक्य दिइएको छ। 'आकाश गर्ज्यो' र 'पानी पऱ्यो' भन्ने दुई सरल वाक्यलाई 'जब' र 'तब' संयोजकले जोडी यो 'जब आकाश गर्ज्यो तब पानी पऱ्यो' भन्ने एकै वाक्य बनाएको छ। दुई वा दुईभन्दा बढी वाक्यखण्डलाई 'जब'/'तब' जस्ता संयोजकले जोडेर एकै वाक्य बनाएमा त्यो मिश्र वाक्य हुन्छ। 'जब'/'जहिले'/'जहाँ' जस्ता सापेक्ष संयोजकले जोडेको उपवाक्य अधीन उपवाक्यका रूपमा र त्यसदेखि बाहेकको अर्को उपवाक्य स्वतन्त्र उपवाक्यका रूपमा मिश्र वाक्यमा आउने गर्दछन्। माथिको (आ) को वाक्यमा 'जब आकाश गर्ज्यो' भन्ने एक अंश छ भने 'तब पानी पऱ्यो' भन्ने अर्को अंश छ। 'जब आकाश गर्ज्यो' भन्ने उपवाक्य 'तब पानी पऱ्यो' भन्ने उपवाक्यको अधीनमा छ; अर्थात् त्यहाँ 'जब आकाश गर्ज्यो' अधीन उपवाक्यका रूपमा र 'पानी पऱ्यो' स्वाधीन/स्वतन्त्र उपवाक्यका रूपमा आएका छन्। अधीन उपवाक्य आएर स्वाधीन उपवाक्यमा सापेक्ष संयोजकका सहायताले टाँसिएपछि मिश्र वाक्य बन्दछ।

CC-0. In Public Domain. Digitization by eGangotri

माथि (इ) मा 'आकाश गर्ज्यो अनि पानी पर्‍यो' भन्ने वाक्य दिइएको छ। अगिल्ला (अ) र (आ) का वाक्यका बनोटभन्दा भिन्नै बनोट लिएर यो वाक्य देखा परेको छ। 'आकाश गर्ज्यो' भन्ने एक स्वतन्त्र उपवाक्य र 'पानी पर्‍यो' भन्ने अर्को स्वतन्त्र उपवाक्य मिली 'अनि' भन्ने निरपेक्ष संयोजकका माध्यमबाट संयुक्त भएर एउटै वाक्यका रूपमा यहाँ 'आकाश गर्ज्यो अनि पानी पर्‍यो' भन्ने वाक्य आएको छ। त्यसैले स्वतन्त्र उपवाक्य+स्वतन्त्र उपवाक्य = संयुक्त वाक्यको रूपमा आएको हुँदा यो संयुक्त वाक्य हो। संयुक्त वाक्यमा आउने स्वतन्त्र वाक्यहरू एक्लै वाक्यमा अडिन सक्छन् वा प्रयोग हुन सक्छन्।

यसरी बनोटका आधारमा वाक्य तीन किसिमका देखिन्छन्- सरल वाक्य, मिश्र वाक्य र संयुक्त वाक्य।

**(क) सरल वाक्य**

एउटा मात्र वाक्य टुङ्ग्याउने समापिका क्रियापद भएको वाक्य

(१) आकाश गर्ज्यो।
(२) पानी पर्‍यो।
(३) हामी रुझ्यौँ।
(४) आकाश गर्जेर पानी परेपछि हामी रुझ्यौँ।

माथि चारवटा वाक्यहरू दिइएका छन्। ती चारवटै वाक्यहरू सरल वाक्य हुन्। सरल वाक्यको न्यूनतम योग्यता/न्यूनतम आधार एउटा उद्देश्य र एउटा विधेय हो। त्यसपछि त्यस सरल वाक्यमा अन्य पदहरू जतिसुकै पनि आउन सक्छन् र वाक्य टुङ्ग्याउन सक्ने समापिका क्रियापद एउटा मात्र होउन्ज्याल त्यो सरल वाक्य नै रहन्छ; एकभन्दा बढी समापिका क्रियापद देखा परे भने त्यो सरल वाक्य रहँदैन।

माथि (१), (२) र (३) मा दिइएका वाक्यहरू सरल वाक्यहरू हुन्; किनभने ती वाक्यमा एउटा मात्र वाक्य टुङ्ग्याउन सक्ने समापिका क्रियापद छ। त्यस्तै माथि (४) मा दिइएको वाक्य हेर्दा निकै ठूलो छ र (१), (२) र (३) का वाक्यमा भनिएजति सबै कुरा त्यस एउटै वाक्यमा भनिएको छ। तर जतिसुकै ठूलो भए पनि र जतिसुकै कुरा भनिए पनि त्यसले एउटा मात्र वाक्य टुङ्ग्याउन सक्ने 'रुझ्यौँ' समापिका क्रियापद लिएकाले त्यो सरल वाक्य हो। त्यस वाक्यमा परेका 'गर्जेर' र 'परेपछि' भन्ने पदहरू क्रियाबाट बनेका अव्ययशब्द/असमापिका क्रियामात्र हुन्। सरल वाक्यका अरू केही उदाहरणहरू हेरौँ:

(१) म भात खाएर घर गएँ।
(२) सीता नाच्ता-नाच्तै अघाई।
(३) अमर घर पुग्दा साँझ पर्‍यो।
(४) साँझ पर्दा अजय घर पुग्यो।
(५) ठूलो बसमा चढ्दा रमाइलोसित कुरा गरेर विद्यालय पुगिन्छ।

CC-0. In Public Domain. Digitization by eGangotri

(६) गड्याङ्गुड्ङ गरेर सम्पूर्ण आकाश थर्की दरर पानी पर्‍यो।
(७) म भारत गएर ताजमहल हेर्छु।
(८) मैले मासु खाएका बेला तिमीलाई भनुँला।
(९) सूर्य नपुगेका ठाउँमा पनि कविहरू पुग्छन्।
(१०) तपाईं सिकेजति जान्नुहुन्छ।

माथि दिइएका दशवटा वाक्यहरू सबै सरल वाक्य हुन्। किनभने ती सबैमा एकमात्र समापिका क्रियापदको प्रयोग भएको छ। माथिका वाक्यहरूमा प्रयोग भएका त्यस्ता समापिका क्रियापदहरूलाई रेखाङ्कित गरी चिनाइएको छ।

**(ख) मिश्र वाक्य:** एउटा अधीन र अर्को स्वाधीन उपवाक्य मिली बनेको वाक्य

(१) जब आकाश गर्ज्यो तब पानी पर्‍यो।
(२) जब पानी पर्‍यो तब हामी रुझ्यौँ।
(३) जो सज्जन छ त्यसलाई सबैले मन पराउँछन्।

एउटा मात्र वाक्य टुङ्ग्याउन सक्ने समापिका क्रियापद होउन्ज्याल त्यो वाक्य सरल वाक्य हुन्छ; तर जब कुनै पनि वाक्यमा एकभन्दा बढी समापिका क्रियापदहरू आउँछन् तब कि त त्यो मिश्र वाक्य हुन्छ कि त संयुक्त वाक्य हुन्छ। माथि (१), (२) र (३) का वाक्यहरू मिश्र वाक्य हुन्।

एउटा अधीन वा आश्रित उपवाक्य र अर्को स्वाधीन वा निराश्रित उपवाक्यको योगबाट एउटा मिश्र वाक्यको निर्माण भएको हुन्छ। मिश्र वाक्यमा आउने सापेक्ष संयोजकहरूले एउटा उपवाक्यलाई आश्रित वाक्य बनाउँछन् भने त्यसदेखि बाहेकको अर्को उपवाक्यलाई त्यही आश्रित वाक्यको आश्रयदाता तुल्याउँछन्।

माथिका मिश्र वाक्यमा रहेका 'जब आकाश गर्ज्यो', 'जब पानी पर्‍यो' र 'जो सज्जन छ' अधीन वा आश्रित उपवाक्य हुन्। यिनले बेग्लै वाक्यका रूपमा प्रयुक्त हुने ल्याकत राख्तैनन्। माथिका अधीन वा आश्रित उपवाक्यका आश्रयदाता निराश्रित उपवाक्यका रूपमा 'तब पानी पर्‍यो', 'तब हामी रुझ्यौँ' र 'त्यसलाई सबैले मन पराउँछन्' भन्ने उपवाक्य आएका छन् र तिनले नै वाक्यको अर्थलाई पूर्ण गरेका छन्। त्यसैले अधीन/आश्रित उपवाक्य+स्वाधीन उपवाक्य = वाक्यका ढाँचामा वा स्वाधीन उपवाक्य+अधीन/आश्रित उपवाक्य = वाक्यका ढाँचामा मिश्र वाक्यहरू आउने गर्दछन्। मिश्र वाक्यमा आउने अधीन उपवाक्य तीन प्रकारको हुन्छ: (क) नाम उपवाक्य, (ख) विशेषण उपवाक्य र (ग) क्रियाविशेषण उपवाक्य।

***(१) नाम उपवाक्य:*** मिश्र वाक्यमा आउने त्यस्तो अधीन उपवाक्यलाई नाम उपवाक्य भनिन्छ जुन उपवाक्य नामको स्थानमा रहन्छ। नाम उपवाक्यका

CC-0. In Public Domain. Digitization by eGangotri

रूपमा वाक्यमा आउने उपवाक्यहरू कर्ता, कर्म र पूरकको अर्थ बुझाउँदै नाम उपवाक्यका रूपमा रहन पुग्छन्; जस्तै-

(अ) राम भोलि आउन्न भन्ने निश्चित छ।
(आ) मैले पर्सि आउनू भनी रामलाई भने।
(इ) उसले मैले ठिटी हेरेँ भन्यो।
(ई) उसको भनाइ म पास हुनुपर्छ भन्ने हो।

माथि (अ), (आ), (इ) र (ई) मा दिइएका सबै मिश्रवाक्यहरू हुन्। ती मिश्र वाक्यहरूमा रेखाङ्कित गरिएका अंशहरू अधीन उपवाक्य हुन्। ती उपवाक्यले वाक्यमा कर्ता, कर्म, पूरक आदिको अर्थ बुझाई नामको काम गरेका छन्। नाम उपवाक्यको रूपमा आउने उपवाक्यहरू मिश्र वाक्यमा 'के' र 'को' भन्ने प्रश्नका उत्तरका रूपमा आउने गर्दछन्; अर्थात् मिश्र वाक्यमा रहेको अधीन उपवाक्यलाई झिकेर 'के' र 'को' भन्ने प्रश्न गर्दा यदि सो प्रश्नका उत्तरमा ती झिकिएका उपवाक्यहरू आएमा ती (झिकिएका उपवाक्यहरू) नाम-उपवाक्य हुन् भनी बुझ्नुपर्दछ। माथि (अ), (आ), (इ) र (ई) का वाक्यहरूबाट रेखाङ्कित अंश झिकिदिएर खाली रहेका स्थानमा 'के' र 'को' भन्ने प्रश्न गरी ती नाम-उपवाक्य हुन् वा होइनन् भनी ठम्याउन सकिन्छ: जस्तै-

(अ) (................के?...............) निश्चित छ।
(आ) मैले (................के?................) रामलाई भनैं।
(इ) उसले (................के?...............) भन्यो।
(ई) उसको भनाइ (................के?................) हो।

***(२) विशेषण उपवाक्य:*** मिश्रवाक्यमा आउने त्यस्तो अधीन उपवाक्यलाई विशेषण उपवाक्य भनिन्छ जुन उपवाक्य विशेषणको स्थानमा रहन्छ। विशेषण उपवाक्यका रूपमा मिश्र वाक्यमा आउने उपवाक्यहरू गुण, परिमाण, सङ्ख्या आदिको अर्थ बुझाउँदै विशेषण उपवाक्यका रूपमा रहन पुग्छन्; जस्तै:-

(अ) जो सज्जन छ त्यो व्यक्ति इमानदार हुन्छ।
(आ) जो उपकारी छ त्यो पूज्य हुन्छ।
(इ) मैले त्यस्तो बाघ देखेँ जो अत्यन्त डरलाग्दो थियो।
(ई) जति जनसङ्ख्या बढ्छ त्यति समस्या पर्छ।

माथि (अ), (आ), (इ) र (ई) मा दिइएका सबै मिश्र वाक्यहरू हुन्। ती मिश्र वाक्यहरूमा रेखाङ्कित गरिएका अंशहरू अधीन उपवाक्य हुन्। ती उपवाक्यले गुण, परिमाण आदिको अर्थ बुझाई विशेषणको काम गरेका छन्। त्यसैले ती रेखाङ्कित अंशहरू विशेषण उपवाक्य हुन्।

विशेषण उपवाक्यका रूपमा आउने उपवाक्यहरू 'कस्तो', 'कत्रो', 'कति' र 'कुन' भन्ने प्रश्नका उत्तरका रूपमा आउने गर्दछन् अर्थात् मिश्र वाक्यमा रहेको अधीन उपवाक्यलाई झिकेर 'कस्तो', 'कत्रो', 'कति' र 'कुन' भन्ने प्रश्न

CC-0. In Public Domain. Digitization by eGangotri

गर्दा यदि सो प्रश्नका उत्तरमा ती झिकिएका उपवाक्यहरू आएमा ती (झिकिएका उपवाक्यहरू) विशेषण उपवाक्य हुन् भनी बुझ्नुपर्दछ। माथि (अ), (आ), (इ) र (ई) का वाक्यहरूबाट रेखाङ्कित अंश झिकिदिएर खाली स्थानमा 'कस्तो', 'कत्रो', 'कति', 'को' र 'कुन' भन्ने प्रश्न गरी ती विशेषण उपवाक्य हुन् वा होइनन् भनी ठम्याउन सकिन्छ: जस्तै:-

(अ) (.................कुन?.................) व्यक्ति इमानदार हुन्छ।
(आ) (.................कुन?................ त्यो) पूज्य हुन्छ।
(इ) मैले त्यस्तो बाघ देखेँ (.................कस्तो?...............)।
(ई) (..............कति?...........) त्यति समस्या पर्छ।

***(३) क्रियाविशेषण उपवाक्य:*** मिश्र वाक्यमा आउने त्यस्तो अधीन उपवाक्यलाई क्रियाविशेषण उपवाक्य भनिन्छ जुन उपवाक्य उक्त वाक्यमा आउँदा क्रियाविशेषणको स्थानमा रहन्छ। क्रियाविशेषण उपवाक्यका रूपमा मिश्र वाक्यमा आउने उपवाक्यहरू समय, स्थान, रीति र परिमाण आदि अर्थ बुझाउँदै क्रियाविशेषण उपवाक्यका रूपमा रहन पुग्छन्; जस्तै-

(अ) जहाँ इच्छा हुन्छ त्यहाँ उपाय हुन्छ।
(आ) जब आकाश गर्ज्यो तब पानी पर्‍यो।
(इ) जनसङ्ख्या जति बढ्छ समस्या त्यति पर्छ।
(ई) जसरी आकाश गर्ज्यो त्यसरी पानी पर्‍यो।

माथि (अ), (आ), (इ) र (ई) मा दिइएका सबै मिश्र वाक्यहरू हुन्। ती मिश्र वाक्यहरूमा रेखाङ्कित गरिएका अंशहरू अधीन उपवाक्य हुन्। ती उपवाक्यले समय, स्थान, रीति र परिमाण आदि अर्थ बुझाउँदै क्रियाविशेषण उपवाक्यको काम गरेका छन् र क्रियाको विशेषता बुझाएका छन्। त्यसैले माथि रेखाङ्कित गरिएका सबै क्रियाविशेषण उपवाक्य हुन्।

क्रियाविशेषण उपवाक्यका रूपमा आउने उपवाक्यहरू 'किन', 'कसरी', 'कहाँ', 'कहिले' र 'कति' भन्ने प्रश्नका उत्तरका रूपमा आउने गर्दछन्; अर्थात् मिश्रवाक्यमा रहेको अधीन उपवाक्यलाई झिकेर 'किन', 'कसरी', 'कहाँ', 'कहिले' र 'कति' भन्ने प्रश्न गर्दा यदि सो प्रश्नका उत्तरमा ती झिकिएका उपवाक्यहरू आएमा ती (झिकिएका उपवाक्यहरू) क्रियाविशेषण उपवाक्य हुन् भनी बुझ्नुपर्दछ। माथि (अ), (आ), (इ) र (ई) का वाक्यहरूबाट रेखाङ्कित अंश झिकिदिएर खाली स्थानमा 'किन', 'कसरी', 'कहाँ', 'कहिले', 'कति' भन्ने प्रश्न गरी ती क्रियाविशेषण उपवाक्यहरू हुन् वा होइनन् भनी ठम्याउन सकिन्छ; जस्तै-

(अ) ( कहाँ? ) त्यहाँ उपाय हुन्छ।
(आ) ( कहिले/कतिखेर? ) तब पानी पर्‍यो।
(इ) ( कति? ) समस्या त्यति पर्छ।
(ई) ( कसरी? ) त्यसरी पानी पर्‍यो।

CC-0. In Public Domain. Digitization by eGangotri

**(ग) संयुक्त वाक्य:** दुई वा सोभन्दा बढी स्वाधीन उपवाक्य भएको वाक्य

(अ) आकाश गर्ज्यो र पानी पर्‍यो।

(आ) पानी पर्‍यो अनि हामी रुझ्यौँ।

(इ) मैले भात खाएँ अनि म घर गएँ।

माथि तीनवटा वाक्यहरू दिइएका छन्। ती तीनवटै वाक्यहरू संयुक्त वाक्य हुन्। संयुक्त वाक्यमा दुई वा दुईभन्दा बढी स्वतन्त्र उपवाक्यहरू रहन्छन् र निरपेक्ष संयोजकले तिनलाई जोडेको हुन्छ। निरपेक्ष संयोजकले जोडेका वाक्यहरूमा निरपेक्ष संयोजकलाई झिकेर पूर्णविराम चिह्न राखिदिने हो भने ती दुई उपवाक्य स्वतन्त्र वाक्य बन्न सक्तछन्। माथि (अ), (आ) र (इ) मा दिइएका वाक्यहरूमा रेखाङ्कित गरिएका संयोजकलाई झिकेर पूर्णविराम चिह्न राख्दा ती अलग-अलग वाक्य बन्दछन्।

संयुक्त वाक्यमा आउने उपवाक्यहरू स्वतन्त्र हुन्छन्। स्वतन्त्र उपवाक्य + निरपेक्ष संयोजक + स्वतन्त्र उपवाक्यका ढाँचामा संयुक्त वाक्यहरू आउने गर्दछन्। संयुक्त वाक्यमा आउने निरपेक्ष संयोजकहरूका आधारमा संयुक्त वाक्य चार प्रकार देखिन्छन्:- (क) समुच्चायक (समेट्ने) संयुक्त वाक्य, (ख) वैकल्पिक संयुक्त वाक्य, (ग) विशेषक वा विपरीतबोधक संयुक्त वाक्य र (घ) कारणबोधक संयुक्त वाक्य।

***(१) समुच्चायक (समेट्ने) संयुक्त वाक्य:*** समुच्चायक भनेको समेट्ने हो। समुच्चायक संयुक्त वाक्य भनेको संयुक्त वाक्यमा आएका दुवै उपवाक्यहरूलाई बराबर रूपमा समेट्ने वाक्य हो। यस्ता संयुक्त वाक्यमा 'र'/'अनि' र 'पनि' संयोजकको प्रयोग हुन्छ; जस्तै-

(अ) साँझ पर्‍यो अनि पानी पर्‍यो।

(आ) राम हिँड्यो र हरि पनि हिँड्यो।

माथिका (अ) र (आ) मा दिइएका वाक्यहरू संयुक्त वाक्य हुन्। ती संयुक्त वाक्यहरूमध्ये (अ) को वाक्य 'अनि' र (आ) को वाक्य 'र' र 'पनि' संयोजकद्वारा जोडिएको छ। तिनै 'अनि', 'र' र 'पनि' संयोजकले आफ्ना दायाँ र बायाँ दुवैतर्फका उपवाक्यहरूको अर्थलाई समुच्चय वा समष्टि रूपमा उक्त वाक्यमा समेटेका छन्; त्यसैले माथि (अ) र (आ) मा दिइएका वाक्यहरू 'अनि' र 'र' 'पनि' जस्ता समुच्चय (समेट्ने) अर्थ बुझाउने संयोजकद्वारा जोडिएकाले समुच्चायक संयुक्त वाक्य हुन्।

***(२) वैकल्पिक संयुक्त वाक्य:*** (न, वा, अर्थात्, कि जस्ता संयोजकद्वारा जोडिएका वाक्य)

वैकल्पिक भनेको विकल्प भएको भन्ने हो। विकल्प भनेको यो वा त्यो भन्ने हो। विकल्प बुझाउने संयुक्त वाक्य स्वतन्त्र उपवाक्य + वा/अथवा/कि/या/न + स्वतन्त्र उपवाक्यका ढाँचामा आउने गर्दछन्। यसरी

CC-0. In Public Domain. Digitization by eGangotri

आएका संयुक्त वाक्यमा दुवैतर्फको अर्थ समेटिएको हुँदैन। 'यो वा त्यो' भन्ने विकल्पका रूपमा नै उपवाक्यहरू आउने हुँदा यस्ता उपवाक्यलाई 'वा', 'न' 'अथवा', 'कि' भन्ने संयोजकले जोडेका हुन्छन्; जस्तै:-

(अ) न मलाई पढ्न मन लाग्छ न मलाई सुत्न मन लाग्छ।

(आ) राम यहाँ बसोस् वा ऊ घुम्न जाओस्।

(इ) म नै त्यहाँ आउँला अथवा छोरालाई पठाउँला।

(ई) तिमी कि पढ्न जाऊ कि सुत्न जाऊ।

माथि (अ), (आ), (इ) र (ई) मा दिइएका संयुक्त वाक्य हुन्। ती सबै संयुक्त वाक्यमा स्वतन्त्र उपवाक्यहरूलाई जोड्न र संयुक्त वाक्य बनाउन 'न' 'वा', 'अथवा' र 'कि' संयोजकहरू आएका छन्। ती संयोजकले जोडेकै कारण माथि (अ), (आ), (इ) र (ई) मा दिइएका संयुक्त वाक्यभित्रका स्वतन्त्र उपवाक्यहरू एक-अर्काको विकल्प (यो वा त्यो) को अर्थ बुझाउने गरी आएका छन्। त्यसैले माथि दिइएका सबै विकल्पबोधक संयुक्त वाक्य हुन्।

***(३) विशेषक संयुक्त वाक्य:*** (तर, तैपनि, नत्र, हुनत जस्ता संयोजकले जोडिएका वाक्य)

विशेषक भनेको विशेष बुझाउने हो। विशेषक संयुक्त वाक्य भनेको विशेष बुझाउने संयुक्त वाक्य हो। संयुक्त वाक्यमा आएका उपवाक्यहरूमध्ये एउटा उपवाक्यले सामान्य अर्थ बुझाउँछ भने अर्को उपवाक्यले पहिलो सामान्य उपवाक्यले बुझाएको अर्थभन्दा विशेष अर्थ बुझाउँछ; अर्थात् संयुक्त वाक्यमा एक उपवाक्यले बुझाएको सामान्य अर्थका तुलनामा अर्को उपवाक्यले विशेष अर्थ बुझाएको हुन्छ। 'तर', 'तैपनि', 'नत्र' र 'हुनत' जस्ता विशेष अर्थ बुझाउने संयोजकले जोडिई विशेषक संयुक्त वाक्यको निर्माण भएको हुन्छ; जस्तै-

| सामान्य उपवाक्य | विशेषक संयोजक | विशेष उपवाक्य | विशेषक संयुक्त वाक्य |
|---|---|---|---|
| (अ) बादल लाग्यो। | तर | पानी परेन। | बादल लाग्यो तर पानी परेन। |
| (आ) मैले उसलाई बोलाएँ। | तैपनि | ऊ आएन। | मैले उसलाई बोलाएँ तैपनि ऊ आएन। |
| (इ) टासी निष्काशनमा पऱ्यो। | हुनत | ऊ बदमासचाहिँ होइन। | टासी निष्काशनमा पऱ्यो हुनत ऊ बदमासचाहिँ होइन। |
| (ई) तिमी जाने भए हिँड। | नत्र | म हिँड्छु। | तिमी जाने भए हिँड नत्र म हिँड्छु। |

CC-0. In Public Domain. Digitization by eGangotri

माथि (अ), (आ), (इ) र (ई) मा दिइएका सबै संयुक्त वाक्यहरू हुन्। माथि (अ) मा दिइएको 'बादल लाग्यो तर पानी परेन' भन्ने वाक्यमा 'बादल लाग्यो' भन्ने सामान्य अर्थ बुझाउने स्वतन्त्र उपवाक्य रहेको छ र त्यसका दायाँपट्टि 'तर' संयोजक रहेको छ अनि त्यसपछि 'पानी परेन' भन्ने अर्को उपवाक्य आएको छ। 'बदल लाग्नु' सामान्य हो भने पानी नपर्नुचाहिँ 'बादल लाग्यो' भन्ने वाक्यका तुलनामा विशेष खालको उपवाक्य हो। उक्त उपवाक्यलाई विशेष बनाउने 'तर' भन्ने संयोजक हो। त्यस्तै माथि (आ), (इ) र (ई) मा दिइएका वाक्यहरूमध्ये 'तैपनि' 'हुनत' र 'नत्र' भन्ने संयोजकका बायाँपट्टि रहेका उपवाक्यका तुलनामा दायाँपट्टिका रेखाङ्कित गरिएका उपवाक्यहरूले विशेष अर्थ बुझाएकाले ती सबै वाक्यहरू विशेषक संयुक्त वाक्य हुन पुगेका छन्।

***(४) कारणबोधक संयुक्त वाक्य:*** (तसर्थ, त्यसैले, किनभने जस्ता संयोजकले जोडिएका वाक्य)

कारण भनेको हेतु हो। कारणबोधक संयुक्त वाक्य भनेको हेतु बुझाउने संयुक्त वाक्य हो। संयुक्त वाक्यमा आएका उपवाक्यहरूमध्ये एउटाले कारण र अर्कोले कार्य बुझाएको हुन्छ। यस्ता उपवाक्यलाई जोडी संयुक्त वाक्य बनाउन 'तसर्थ', 'त्यसैले', 'किनभने' जस्ता कारणबोधक संयोजकहरू आएका हुन्छन्; जस्तै:-

(अ) राम वनभोज गएन; त्यसैले/तसर्थ सीता पनि वनभोज गइन।

(आ) आज पानी पर्छ; किनभने बादल लागेको छ।

माथि (अ) र (आ) मा दिइएका वाक्यहरू संयुक्त वाक्य हुन्। ती संयुक्त वाक्यमा आएका उपवाक्यहरूलाई 'त्यसैले'/'तसर्थ' र 'किनभने' जस्ता संयोजकले जोडेका छन्। माथिको (अ) मा दिइएको 'राम वनभोज गएन त्यसैले/तसर्थ सीता पनि वनभोज गइन' भन्ने वाक्यमा 'राम वनभोजन गएन' भन्ने उपवाक्य कारण हो र 'सीता पनि वनभोज गइन' भन्ने वाक्य कार्य हो। सीता वनभोज नजानाको कारण राम वनभोज नजानु हो भन्ने अर्थ यहाँ निस्केकाले यो वाक्य कारण बुझाउने संयुक्त वाक्य हो। त्यस्तै (आ) मा दिइएको 'आज पानी पर्छ किनभने बादल लागेको छ' भन्ने वाक्यमा पानी पर्नु कार्य र बादल लाग्नु कारण रहेको छ; बादल लाग्नाका कारण पानी पर्ने कार्य हुने भएको छ। सो कारण-कार्यलाई बुझाउन दुई उपवाक्यका बीचमा 'किनभने' भन्ने कारणबोधक संयोजक रहेको छ। त्यसैले माथि (आ) मा दिइएको संयुक्त वाक्यलाई कारणबोधक संयुक्त वाक्य भनिन्छ।

CC-0. In Public Domain. Digitization by eGangotri

## अभ्यास

**तलका प्रश्नहरूको उत्तर लेख्नुहोस्।**

१. बनोटका आधारमा वाक्य कति किसिमका छन् र ती के-के हुन्? उदाहरणसहित लेख्नुहोस्।

२. कस्तो वाक्यलाई सरल वाक्य भनिन्छ? उदाहरणसहित लेख्नुहोस्।

३. (क) कस्तो वाक्यलाई मिश्र वाक्य भनिन्छ? उदाहरणसहित लेख्नुहोस्।
(ख) मिश्र वाक्यमा आउने अधीन उपवाक्य कति प्रकारको हुन्छ? ती प्रकारसमेत लेख्नुहोस्।

४. (क) संयुक्त वाक्यको बनोट कस्तो हुन्छ? उदाहरणसहित लेख्नुहोस्।
(ख) संयुक्त वाक्यलाई जोड्ने संयोजकहरूलाई के भनिन्छ?

५. तल केही वाक्यहरू दिइएका छन्; तीमध्ये सरल, मिश्र र संयुक्त वाक्यलाई अलग-अलग पारेर लेख्नुहोस्:
रामले म आउँदिन भन्यो।
राम घर गएर आयो।
राम घर गयो अनि ऊ आयो।
जुन राम घर गयो त्यही राम आयो।
जसरी रामले परिश्रम गऱ्यो त्यसरी नै ऊ उर्त्तीर्ण भयो।
जतिबेला बादल लाग्यो त्यतिबेला पानी पऱ्यो।
राम आउला तर श्यामचाहिँ नआउला।
जहाँ इच्छा हुन्छ त्यहाँ उपाय हुन्छ।
जुन कुरा म रुचाउन्न तिमी त्यही कुरा गर्छौ।
जसले अल्छी गर्छ त्यसले पछुताउनुपर्नेछ।
मन लागेका बेला म आउँछु।
ऊ त्यसरी नै करायो जसरी स्याल कराउँछ।
बाघ जसरी गर्जन्छ त्यसरी नै ऊ गर्ज्यो।

६. प्रश्न नं. ५ मा परेका मिश्रवाक्यहरूमध्ये नाम उपवाक्य भएका, विशेषण उपवाक्य भएका र क्रियाविशेषण उपवाक्य भएका मिश्र वाक्यहरूलाई अलग-अलग पारी लेख्नुहोस्।

●

CC-0. In Public Domain. Digitization by eGangotri

परिच्छेद तीस

# पदसङ्गति: लिङ्ग, वचन, पुरुष र आदरको मेल

## ३०.१ पदसङ्गति: परिचय

पदसङ्गति भनेको वाक्यमा प्रयोग हुने नामिक (नाम, सर्वनाम र विशेषण) पद र क्रियापदका बीचको लिङ्ग, वचन, पुरुष र आदरका आधारमा हुने आपसी मेल हो। वाक्यमा आउने विभिन्न नामिक पदहरू र क्रियापदहरूका बीच यस्तो आपसी सङ्गति हुनु जरुरी हुन्छ। यस्तो सङ्गति भएन भने वाक्य अशुद्ध हुन्छ; जस्तै-

| अशुद्ध वाक्य | शुद्ध वाक्य |
| --- | --- |
| (क) छोरी आयो। | (क) छोरी आई। |
| (ख) राम आयो र उनी तुरुन्तै हिँड्यो। | (ख) राम आयो र ऊ तुरुन्तै हिँड्यो। |
| (ग) राम्रा केटो आए। | (ग) राम्रा केटा आए। |
| (घ) रामको छोरी आई। | (घ) रामकी छोरी आई। |

माथि बायाँपट्टि दिइएका वाक्यहरू अशुद्ध छन् भने दायाँपट्टि दिइएका वाक्यहरू शुद्ध छन्। बायाँपट्टि (क) मा दिइएको वाक्यको 'छोरी' कर्तापद तृतीय पुरुष, एकवचन र स्त्रीलिङ्ग छ भने सोही वाक्यमा दिइएको 'आयो' क्रियापद तृतीय पुरुष, एकवचन र पुलिङ्ग छ। त्यसैले बायाँपट्टिको 'क' को 'छोरी आयो' भन्ने वाक्यमा कर्ता र क्रियाकाबीच लिङ्गसङ्गति मिलेको छैन र त्यो वाक्य अशुद्ध हुनु पुगेको छ। तर ठीक त्यसको दायाँपट्टि दिइएको 'छोरी आई' भन्ने वाक्य शुद्ध छ; किनभने त्यहाँ 'छोरी' कर्तापदका लिङ्ग, वचन, पुरुषअनुसारकै 'आई' क्रियापदको प्रयोग भएको छ।

माथि बायाँपट्टि (ख) मा 'राम आयो र उनी तुरुन्तै हिँड्यो' भन्ने वाक्य दिइएको छ। सो वाक्यमा 'राम' नामपद र 'उनी' सर्वनाम पदका बीच आदरका आधारमा मेल भएको छैन र वाक्य अशुद्ध बनेको छ। त्यसैले सोही वाक्यका दायाँपट्टि (ख) मा नै दिइएको 'राम आयो र ऊ तुरुन्तै हिँड्यो' वाक्यमा 'राम' नामपद र 'ऊ' सर्वनाम पदका बीच आदरका आधारमा सङ्गति मिली वाक्य शुद्ध भएको छ।

माथि बायाँपट्टि (ग) मा 'राम्रा केटो आए' भन्ने वाक्य दिइएको छ। सो वाक्यमा 'राम्रा' बहुवचनको विशेषणपद छ भने 'केटो' एकवचनको विशेष्य पद

CC-0. In Public Domain. Digitization by eGangotri

छ, त्यसैले सो वाक्यमा विशेषण 'राम्रा' र विशेष्य 'केटो' पदका बीच वचनका आधारमा सङ्गति नमिलेर त्यो वाक्य अशुद्ध बनेको छ। उक्त वाक्यको ठीक दायाँपट्टि दिइएको 'राम्रा केटा आए' भन्ने वाक्यचाहिँ शुद्ध छ; किनभने त्यहाँ 'राम्रा' विशेषणअनुरूप 'केटा' विशेष्य पद पनि बहुवचनकै छ।

माथि बायाँपट्टि दिइएको (घ) को वाक्य 'रामको छोरी आई' मा 'रामको' भन्ने भेदक पद र 'छोरी' भन्ने भेद्य पदका बीच लिङ्गका आधारमा मेल नभएर त्यो वाक्य अशुद्ध बनेको छ। सोही वाक्यको दायाँपट्टि (घ) मा नै 'रामकी छोरी आई' भन्ने वाक्यमा भेदक 'रामकी' र भेद्य 'छोरी' पदका बीच लिङ्गसङ्गति मिलेर त्यो वाक्य शुद्ध बन्न पुगेको छ। यसरी पदसङ्गति भनेको वाक्यमा आउने पदहरूका बीचको व्याकरणगत (लिङ्ग, वचन, पुरुष, आदरको) मेल हो भन्ने बुझ्नुपर्दछ।

## ३०.२ पदसङ्गतिका प्रकार

नेपाली भाषामा पदसङ्गति पाँच प्रकारका छन्:

### (क) कर्तृवाच्य वाक्यमा कर्ता र क्रियाका बीच पदसङ्गति

कर्तृवाच्य वाक्यमा कर्ता जुन पुरुष, जुन वचन, जुन लिङ्ग र जुन आदरको हुन्छ क्रियापद पनि त्यही वचन, त्यही पुरुष, त्यही लिङ्ग र त्यही आदरअनुरूपको हुनुपर्दछ। जस्तै-

(अ) पद्मप्रसाद पुस्तक पढ्छन्।
(आ) केशवले केटीलाई कुट्यो।

माथि (अ) मा 'पद्मप्रसाद पुस्तक पढ्छन्' भन्ने वाक्य दिइएको छ र सो वाक्यको 'पद्मप्रसाद' तृतीय पुरुष, एकवचन, पुलिङ्ग र मध्यम आदर बुझाउने कर्तापद हो र सोहीबमोजिम त्यस वाक्यमा तृतीय पुरुष, एकवचन, पुलिङ्ग र मध्यम आदर बुझाउने 'पढ्छन्' क्रियापदको प्रयोग भएर कर्ता र क्रियाका बीच पुरुष, वचन, लिङ्ग र आदरको मेल भएको छ। माथि (आ) मा दिइएको 'केशवले केटीलाई कुट्यो' भन्ने वाक्यमा 'केशव' भन्ने तृतीय पुरुष, एकवचन र पुलिङ्ग कर्ताअनुरूपनै 'कुट्यो' भन्ने तृतीय पुरुष, एकवचन र पुलिङ्ग बुझाउने क्रियापदको प्रयोग भएको छ र त्यहाँ पुरुष, वचन र लिङ्गका आधारमा कर्ता र क्रियापदका बीच मेल भएर वाक्य शुद्ध बन्न पुगेको छ।

### (ख) कर्मवाच्य वाक्यमा कर्म र क्रियाका बीच पदसङ्गति

कर्मवाच्य वाक्यमा कर्म जुन पुरुष, जुन वचन, जुन लिङ्ग र आदरको हुन्छ क्रियापद पनि सोही पुरुष, वचन, लिङ्ग र आदरअनुरूपको हुनुपर्दछ; जस्तै-

(अ) पद्मप्रसादद्वारा पुस्तक पढिन्छ।
(आ) केशवद्वारा केटी कुटिई।

CC-0. In Public Domain. Digitization by eGangotri

माथि (अ) को 'पद्मप्रसादद्वारा पुस्तक पढिन्छ' भन्ने वाक्य कर्मवाच्य वाक्य हो। सो वाक्यमा रहेको 'पुस्तक' भन्ने कर्मपद तृतीय पुरुष, एकवचन र नपुंसकलिङ्गको भएको हुँदा सोही वाक्यमा रहेको 'पढिन्छ' भन्ने क्रियापद पनि सोही तृतीय पुरुष, एकवचन र नपुंसकलिङ्गको रहेको छ। यहाँ 'पुस्तक' कर्मपद र 'पढिन्छ' क्रियापदका बीच पुरुष, वचन र लिङ्गका आधारमा सङ्गति मिलेको छ। माथि (आ) को 'केशवद्वारा केटी कुटिई' भन्ने वाक्यमा तृतीय पुरुष, एकवचन र स्त्रीलिङ्गअनुरूपको 'केटी' कर्मपद भएकाले तृतीय पुरुष, एकवचन र स्त्रीलिङ्गकै 'कुटिई' क्रियापदको प्रयोग भएको छ। यसअनुरूप (आ) को वाक्यमा 'केटी' कर्मपद र 'कुटिई' क्रियापदका बीच पुरुष, वचन र लिङ्गअनुरूप मेल/सङ्गति भएर त्यो वाक्य शुद्ध बन्न पुगेको छ।

### (ग) नाम र सर्वनामबीच पदसङ्गति

वाक्यमा आउने नामपद जुन लिङ्ग, पुरुष, वचन र आदरको हुन्छ सो वाक्यमा आउने सर्वनामपद पनि सोही लिङ्ग, वचन, पुरुष र आदरअनुरूपको हुनुपर्दछ अनि मात्र त्यहाँ नाम र सर्वनामका बीच पदसङ्गति हुन पुग्दछ; जस्तै-

(अ) रामप्रसाद आए; उनी हिजो गएका थिए।

(आ) शिक्षक आउनुभयो; उहाँ हिजो जानुभएको थियो।

माथि (अ) मा दिइएको वाक्यमा पहिले 'रामप्रसाद' भन्ने पुंलिङ्ग, तृतीय पुरुष, एकवचन र मध्यम आदर बुझाउने नामपदको प्रयोग भएको छ र त्यसपछि सो नामका सट्टामा उही लिङ्ग-पुरुष-वचन-आदर भएको 'उनी' सर्वनामपद आएको छ। यसरी उक्त वाक्यमा 'रामप्रसाद' भन्ने नामपद र 'उनी' सर्वनामपदका बीच लिङ्ग-पुरुष-वचन-आदरगत मेल भएको छ। त्यसै गरी (आ) मा दिइएको वाक्यमा प्रयोग भएका 'शिक्षक' नामपद र 'उहाँ' सर्वनामपदका बीच पुंलिङ्ग-तृतीयपुरुष-एकवचन-उच्च आदरको सङ्गति मिलेको छ। यसरी वाक्यमा प्रयोग भएका नाम र सर्वनामका बीच लिङ्ग, पुरुष, वचन र आदरको आधारमा मेल हुनु पनि पदसङ्गतिको एक प्रकार हो।

### (घ) विशेषण र विशेष्यका बीच पदसङ्गति

वाक्यमा आउने विशेषणपद र विशेष्य (नाम) पदका बीच वचन र लिङ्गका आधारमा मेल हुनुपर्दछ। विशेष्य नामपद जुन वचन र लिङ्गको हुन्छ विशेष्य पद पनि त्यही वचन र लिङ्गको हुनु नै विशेषण र विशेष्य पदका बीचको पदसङ्गति हो; जस्तै- (अ) राम्रो केटो आयो; (आ) राम्री केटी आई; (इ) राम्रा केटाकेटीहरू आए। यहाँ (अ) मा दिइएको 'राम्रो केटो आयो' वाक्यमा 'राम्रो' विशेषण पद र 'केटो' विशेष्य (नाम) पद हो। 'केटो' विशेष्य नामपद पुलिङ्ग र एकवचनको भएकाले 'राम्रो' विशेषण पद पनि एकवचन र पुलिङ्गको रहेको छ र 'राम्रो केटो आयो' भन्ने वाक्यमा 'राम्रो' विशेषणपद र 'केटो' विशेष्य पदका

CC-0. In Public Domain. Digitization by eGangotri

बीच सङ्गति वा मेल भएको छ। त्यस्तै (आ) को 'राम्री केटी आई' भन्ने वाक्यमा पनि 'केटी' एकवचन र स्त्रीलिङ्गको विशेष्य नामपद भएकाले 'राम्री' भन्ने एकवचन र स्त्रीलिङ्गकै विशेषणपद आएर 'राम्री' विशेषण र 'केटी' नामपदका बीच सङ्गति हुन पुगेको छ। माथिको (इ) मा दिइएको तेस्रो वाक्य 'राम्रा केटाकेटीहरू आए' मा 'केटाकेटीहरू' बहुवचन बुझाउने विशेष्य भएकाले 'राम्रा' भन्ने बहुवचनकै विशेषण आएर 'राम्रा' र 'केटाकेटीहरू' भन्ने विशेषण र विशेष्यका बीचमा वचनका आधारमा सङ्गति मिलेको छ। विशेषण र विशेष्यका बीच लिङ्गगत र वचनगत यस्तो सङ्गति नमिलेमा वाक्य अशुद्ध हुन्छ।

### (ङ) भेदक र भेद्यका बीच पदसङ्गति

को/की/का, रो/री/रा, नो/नी/ना जस्ता षष्ठी विभक्तिचिह्न लागेका पदलाई भेदक र उक्त भेदक पदको सम्बन्ध रहेको अर्को पदलाई भेद्य भनिन्छ। भेदक र भेद्यका बीचमा वचन र लिङ्गका आधारमा सङ्गति वा मेल हुनु नै भेदक र भेद्यका बीचको पदसङ्गति हो; जस्तै-

(अ) रामको भाइ आयो।
(आ) रामकी बहिनी आई।

माथि (अ) मा 'रामको भाइ आयो' भन्ने वाक्य दिइएको छ। सो वाक्यमा 'रामको' भन्ने पद भेदक हो भने 'भाइ' भन्ने पद भेद्य हो। 'राम' भन्ने नामपदमा 'को' सम्बन्धवाचक षष्ठी विभक्तिको चिह्न लागेर 'रामको' भन्ने भेदक पद बनेको छ र त्यसले भेदन गरेको वा सम्बन्ध राखेको अर्को 'भाइ' भन्ने भेद्य पदसँग वचन र लिङ्गका आधारमा मेल राखेको छ; अर्थात् 'भाइ' एकवचन र पुलिङ्ग भेद्य पद हो भने एकवचन र पुलिङ्ग भेद्य 'भाइ' पदअनुरूप 'राम' भन्ने नामपदमा 'को' भन्ने एकवचन र पुलिङ्गको विभक्ति लागेर 'रामको' भन्ने भेदकपद बनेको छ। यसरी 'रामको' भन्ने भेदक पद र 'भाइ' भन्ने भेद्य पदका बीच यहाँ वचन र लिङ्गका आधारमा सङ्गति रहेको छ। माथि (आ) मा दिइएको वाक्यमा 'बहिनी' भन्ने एकवचन र स्त्रीलिङ्ग भेद्य नामपद भएकाले सो पदसँग सम्बन्ध राख्न आएको 'राम' भन्ने नामिक पदमा लागेको 'की' चिह्न पनि एकवचन र स्त्रीलिङ्गअनुरूपको रहेको छ; यसरी भेदक 'रामकी' र भेद्य 'बहिनी' पदका बीच यहाँ वचन र लिङ्गका आधारमा सङ्गति मिलेको छ।

यसरी (१) कर्तृवाच्य वाक्यमा कर्ता र क्रिया, (२) कर्मवाच्य वाक्यमा कर्म र क्रिया, (३) नाम र सर्वनाम, (४) विशेषण र विशेष्य तथा (५) भेदक र भेद्यका बीच लिङ्ग, वचन, पुरुष र आदरका आधारमा हुने मेल नै पदसङ्गति हो। यस्तो पदसङ्गति नमिलेको वाक्य अशुद्ध हुन जान्छ; त्यसैले शुद्ध वाक्यको प्रयोग गर्नाका निम्ति पदसङ्गतिमा ध्यान पुऱ्याउनुपर्छ।

CC-0. In Public Domain. Digitization by eGangotri

# अभ्यास

**तलका प्रश्नहरूको उत्तर लेख्नुहोस्।**

१. (क) पदसङ्गति भनेको के हो?
   (ख) पदसङ्गति भएन भने वाक्य कस्तो हुन्छ?
   (ग) पदसङ्गतिका कति प्रकार छन्?

२. तल पदसङ्गति नमिलेका केही अशुद्ध वाक्यहरू दिइएका छन्; तिनलाई ठीक-ठीक पदसङ्गति मिलाई शुद्ध पारेर अभ्यास-पुस्तिकामा लेख्नुहोस्:
देवकोटाले 'यात्री' कविता लेखे; उहाँ ठूलो कवि हुन्। काली केटाले कालो केटीसँग बिहे गर्‍यो। रामको बुबा आउनुभयो; ऊ हिजो जानुभएको थियो।
विद्यार्थीहरू आयो।
केटीहरू आइन्।
आमा आउनुभइन्।
बुवा आउनुभए।
तेरो बहिनीले काली केटोसँग बिहे गर्दिन रे!

●

CC-0. In Public Domain. Digitization by eGangotri

परिच्छेद एकतीस

# पदक्रम: वाक्यमा पदहरूको रहने पालो

## ३१.१ पदक्रम: परिचय

पदक्रम भनेको पदहरूको पालो हो। वाक्यमा पदहरूलाई पालैपालोसँग राख्नुलाई पदक्रम मिलाउनु भनिन्छ। नेपाली भाषाका वाक्यहरूमा पनि पदहरूको रहने निश्चित स्थान/क्रम/पालो छ र सो क्रमअनुरूप नै वाक्यमा पदहरू रहन्छन्। पदहरू आ-आफ्ना पाला वा क्रमबमोजिम रहेनन् भने वाक्यको अर्थमा नै गडबडी हुन सक्तछ; जस्तै-

राम खसीलाई काट्छ।        खसी रामलाई काट्छ।

माथिको बायाँपट्टिको वाक्यमा 'राम' कर्तापद, 'खसी' कर्मपद र 'काट्छ' क्रियापद छन् र त्यहाँ रामले खसी काट्ने काम गर्छ भन्ने अर्थ निस्केको छ; तर दायाँपट्टिको वाक्यमा तिनै पदहरूको क्रममा उलटपालट भएकाले अर्थमा पनि गडबडी पैदा भएको छ। दायाँपट्टिको वाक्यमा 'खसी' कर्तास्थानमा, 'राम' कर्मस्थानमा र 'काट्छ' क्रियापदको स्थानमा रहेका छन्। यहाँ खसीले रामलाई काट्ने विचित्रको अर्थ निस्केको छ। त्यसैले आ-आफ्ना पालोअनुसार पदहरू आएनन् भन्ने वाक्यको अर्थमा समेत बाधा उत्पन्न हुने र अर्थ नै नबुझिने हुँदा वाक्यमा पदक्रम मिलेको हुनु आवश्यक मानिन्छ।

## ३१.२ पदक्रमका प्रकार

पदक्रम: दुई प्रकारका छन्: (क) व्याकरणिक र (ख) आलङ्कारिक।

### (क) व्याकरणिक पदक्रम

***(अ) विशेषण र विशेष्य (नाम) का बीचको पदक्रम:*** नेपाली भाषाका वाक्यमा खास गरी विशेषणपद पहिले र सो विशेषणले विशेषता जाहेर गरेको नामपद त्यसपछि मात्र आउने पदक्रमको व्यवस्था देखिन्छ; जस्तै- राम्रो केटो आयो। राम्री केटी आई। यी वाक्यमा 'राम्रो' र 'राम्री' विशेषण पद पहिले र 'केटो' र 'केटी' विशेष्य पद त्यसपछि आएर आफ्नो-आफ्नो क्रमअनुसार रहेका छन् र यहाँ विशेषण र विशेष्यका बीच पदक्रम मिलेको छ।

***(आ) भेदक र भेद्यको पदक्रम:*** नेपाली भाषाका वाक्यमा आउने पदसमूहहरूमध्ये षष्ठी विभक्तिचिह्न लागेको भेदक पद पहिले र त्यसपछि सो भेदक पदले सम्बन्ध राखेको अर्को भेद्य पद आउने व्याकरणिक क्रम छ; जस्तै-

CC-0. In Public Domain. Digitization by eGangotri

(१) रामको भाइ आयो। (२) रामकी बहिनी आई। यहाँ दिइएका वाक्यमा 'रामको' र 'रामकी' भन्ने भेदकपद हुन् र ती उक्त वाक्यमा पहिले नै आएका छन्। यहाँ 'भाइ' र 'बहिनी' भेद्यपद हुन् र तिनीहरू उक्त वाक्यमा भेदक पदभन्दा पछि आएका छन् र आ-आफ्नो क्रमअनुसार बसेका छन्।

***(इ) क्रियाविशेषण र क्रियाको पदक्रम:*** क्रियाविशेषण → क्रिया

नेपाली भाषाका वाक्यमा क्रियापद वाक्यका अन्त्यमा रहन्छ भने सो क्रियापदको ठीक बायाँपट्टि क्रियाविशेषण राखिन्छ। क्रियाविशेषण पहिले र क्रियापद पछि आउनु नै नेपाली भाषाका वाक्यको क्रियाविशेषण-क्रियाको व्याकरणिक पदक्रम हो; जस्तै: (१) तिमी राम्ररी पढ। (२) तिमी सुस्तरी हिँड। यहाँ दिइएका वाक्यमा 'पढ' र 'हिँड' क्रियापद हुन् भने ती क्रियापदको बयान गर्न आएका 'राम्ररी' र 'सुस्तरी' भन्ने क्रियाविशेषण हुन्। ती पदहरू क्रियाविशेषण → क्रियापदको व्याकरणिक क्रमअनुसार नै रहेका छन्।

***(ई) कर्ता र क्रियाको पदक्रम:*** कर्ता → क्रिया

कर्ता र क्रिया गरी दुईमात्र पदबाट बनेको नेपाली भाषाका वाक्यमा कर्ता पहिले र क्रिया त्यसपछि मात्र आउने व्याकरणिक पालो छ; जस्तै:- (१) राम आयो। (२) हरि हिँड्यो। यी वाक्यमा आएका 'राम' र 'हरि' भन्ने कर्तापद र 'आयो' र 'हिँड्यो' भन्ने क्रियापद आ-आफ्नो क्रमअनुसार आएका छन्।

***(उ) कर्ता → कर्म¹ → कर्म² → क्रियापदक्रम:*** नेपाली भाषाका वाक्यका सुरुमा कर्तापद र त्यसपछि कर्मपद आउने पालो छ। यदि वाक्यमा दुईवटा कर्म रहेछन् भने 'लाई' विभक्ति लागेको सजीव अप्रत्यक्ष कर्म पहिले र अर्को प्रत्यक्ष कर्म त्यसपछि मात्र आउँछन्। यी कर्ता, कर्म आइसकेपछि नेपाली भाषाका वाक्यमा क्रियापदको आउने पालो निर्धारित छ; जस्तै:- रामले भाइलाई पाठ पढायो। यस वाक्यमा 'रामले' कर्तापद, 'भाइलाई' अप्रत्यक्ष कर्मपद, 'पाठ' प्रत्यक्ष कर्मपद र 'पढायो' क्रियापद गरी सबै पदहरू कर्ता → अप्रत्यक्ष कर्म → प्रत्यक्ष कर्म → क्रियापदको व्याकरणिक क्रमअनुसार नै आएका छन्।

***(ऊ) कर्ता, कर्म, क्रियाविशेषण र क्रियापदको क्रम:*** वाक्यमा कर्तापद → कर्मपद → क्रियाविशेषणपद → र क्रियापद क्रमश: आउने नियम पनि नेपाली भाषाको व्याकरणिक पदक्रमको एक व्यवस्था हो; जस्तै:- रामले भाइलाई नराम्ररी कुट्यो। यहाँ 'रामले' कर्तापद, 'भाइलाई' कर्मपद, 'नराम्ररी' क्रियाविशेषणपद र 'कुट्यो' क्रियापद नै कर्ता → कर्म → क्रियाविशेषण → क्रियापदको क्रममा आउनाले यस वाक्यको व्याकरणिक पदक्रम मिलेको छ।

CC-0. In Public Domain. Digitization by eGangotri

### (ख) आलङ्कारिक पदक्रम वा विशिष्ट पदक्रम

सामान्य पदक्रम व्याकरणिक पदक्रम हो भने आलङ्कारिक वा विशिष्ट पदक्रम साहित्यिक पदक्रम हो। साहित्यभित्र पनि यस्तो विशिष्ट पदक्रमको प्रयोग विशेष गरी कविताका क्षेत्रमा बढी हुने गर्दछ; जस्तैः-

| | |
|---|---|
| (१) अ. मलाई मेरै पाखा पखेरो रमाइलो लाग्दछ। | सामान्य पदक्रम |
| आ. लाग्दछ मलाई रमाइलो मेरै पाखो पखेरो। | विशिष्ट पदक्रम (कवितात्मक/ लयात्मक पदक्रम |
| (२) अ. दुईचार सपूत मरेर नगए मुलुक बन्दैन। | सामान्य पदक्रम |
| आ. बन्दैन मुलुक दुईचार सपूत मरेर नगए। | विशिष्ट पदक्रम (कवितात्मक/ लयात्मक पदक्रम |
| (३) अ. आज मैले तिमी(कन)लाई लायक पात्र देखी छात्र बनाएँ। | सामान्य पदक्रम |
| आ. देखी तिमीकन लायक पात्र आज बनाएँ मैले छात्र। | विशिष्ट पदक्रम |

यसरी आलङ्कारिक वा साहित्यिक भाषामा सामान्य पदक्रमका नियमको पालना गरिँदैन। माथि (१), (२) र (३) का अ. मा दिइएका वाक्यहरूमा सामान्य पदक्रमको प्रयोग भएको छ भने ती वाक्यका क्रमशः तल आ. मा दिइएका अभिव्यक्तिहरूमा आलङ्कारिक पदक्रमको प्रयोग भएको छ। कवितामा लयात्मकताका लागि यस्तो विशिष्ट वा आलङ्कारिक पदक्रमको प्रयोग गरिन्छ। साहित्यका कथा, निबन्ध, नाटक आदि विधाका रचनामा पनि कुनै विशेष अर्थमा जोड दिन आलङ्कारिक पदक्रमको प्रयोग गरिएको भेटिन्छ। तर सामान्य कुराकानी वा लेखाइमा भने व्याकरणात्मक पदक्रमकै प्रयोग गर्नुपर्दछ।

## अभ्यास

**तलका प्रश्नहरूको उत्तर लेख्नुहोस्।**

१. (क) पदक्रम केलाई भनिन्छ?
   (ख) पदक्रम भएन भने वाक्यको अर्थ कस्तो हुन्छ?
   (ग) पदक्रमका कति प्रकार छन्?

२. (क) आलङ्कारिक पदक्रम भनेको कस्तो पदक्रम हो?
   (ख) आलङ्कारिक पदक्रमको प्रयोग विशेष गरी कुन क्षेत्रमा गरिन्छ?

CC-0. In Public Domain. Digitization by eGangotri

३. तल पदक्रम नमिलेका वाक्यहरू दिइएका छन्। पदक्रम मिलाई तिनलाई आफ्ना अभ्यास-पुस्तिकामा लेख्नुहोस्:

भात राम खान्छ।
पर्सि आउँछु म।
भाइलाई रे नराम्ररी तैंले हप्काइस्।
पानी लागेर बादल पऱ्यो।
केटो कालो आयो।
विदेशतिर भोलि जान्छु घुम्न म।

४. तलका वाक्यहरू पढी सामान्य-पदक्रम र आलङ्कारिक पदक्रम भएका वाक्यहरूलाई अलग-अलग पारी आफ्ना अभ्यास-पुस्तिकामा सार्नुहोस्:

राम घर गएर आउँछ। ऊ भोलि घर हिँड्छ।
कुन मन्दिरमा जान्छौ यात्री! कुन मन्दिरमा जाने हो?
नेपाल कृषिप्रधान देश हो। यहाँ धेरै किसानहरू बस्छन्।
गाइसरी छन् साधनु जो-जो यहाँ जगत्मा।
म तिम्रो पुत्र हुँ र तिमी धर्ती माता हौ।
म पुत्र तिम्रो तिमी धर्ती माता।

CC-0. In Public Domain. Digitization by eGangotri

## परिच्छेद बत्तीस

# कारक र विभक्ति

### ३२.१ कारक: परिचय र परिभाषा

'कारक' शब्दको सोझो अर्थ कार्य गर्ने भन्ने हो। व्याकरणमा पनि कारक शब्दले क्रिया (समापिका/असमापिका) पदसँग अन्य पदहरूले गर्ने कार्यलाई नै बुझाएको हुन्छ। वाक्यमा क्रिया (समापिका/असमापिका क्रिया) का साथै अन्य नाम, सर्वनाम र विशेषण पदहरू पनि आएका हुन्छन्। वाक्यमा आउने ती सबै पदहरूको क्रियासँगको त्यही कार्य गर्ने सम्बन्धलाई नै कारक भन्दछन्। यसरी वाक्यमा आउने विभिन्न नामिक पदहरूको क्रियापदसँगको कार्यगत सम्बन्ध नै कारक हो। जस्तै-

प्रहरीले चोरलाई लट्ठीले टाउकामा हिर्कायो।

माथिको वाक्यमा 'हिर्कायो' भन्ने क्रियापदको प्रयोग भएको छ। सोही वाक्यमा 'प्रहरी', 'चोर', 'लट्ठी' र 'टाउको' गरी चारवटा अरू नामपदको पनि प्रयोग भएको छ। एउटै वर्गका ती नामपदहरू एउटै अर्थमा वा एउटै कार्य गर्नाका लागि त्यहाँ प्रयोग भएका छैनन्। ती सबैको सम्बन्ध क्रियापदसँग छ तर त्यो सम्बन्ध फरक-फरक वा बेग्ला-बेग्लै खालको छ। जस्तै:-

| कार्य गर्ने | नामपद | अर्थ | |
|---|---|---|---|
| कर्ता | प्रहरी(ले) | काम गर्ने | हिर्कायो। |
| कर्म | चोर(लाई) | कामको असर | हिर्कायो। |
| करण | लट्ठी(ले) | कामको साधन | हिर्कायो। |
| अधिकरण | टाउका(मा) | आधार | हिर्कायो। |

माथिको वाक्यमा 'हिर्कायो' भन्ने क्रियापदसँगै 'प्रहरी', 'चोर', 'लट्ठी' र 'टाउको' नामपद प्रयोग भएका छन्। 'प्रहरी' भन्ने नामपद 'हिर्कायो' भन्ने क्रियापदको हिर्काउने कार्यव्यापार वा काम गर्ने भन्ने अर्थमा प्रयुक्त भएको छ। सो काम गर्ने अर्थमा नियुक्त भएको 'प्रहरी' भन्ने नामपदले 'हिर्कायो' क्रियापदसँग कर्ताको सम्बन्ध राखेको छ; त्यसैले 'प्रहरी' पद माथि (१) मा दिइएको वाक्यमा कर्ता करक हो। मीथि (१) मा दिइएको वाक्यमा 'चोर' भन्ने नामपद पनि प्रयोग भएको छ। 'चोर' भन्ने नामपद 'हिर्कायो' भन्ने क्रियापदको हिर्काउने कार्यको फल वा असर भोग्ने भन्ने अर्थमा प्रयोग भएको छ। क्रियापदले बुझाएका कामको असर जेमा पर्दछ त्यसलाई कर्म भनिन्छ। यहाँ 'हिर्कायो'

CC-0. In Public Domain. Digitization by eGangotri

क्रियापदको हिर्काइने कार्यको असर परेको 'चोर' भन्ने नामपदले 'हिर्कायो' क्रियापदका लागि 'कर्म' पदको कार्य गर्न आएकाले र सो 'हिर्कायो' क्रियापदको 'चोर' नामपदसँग कर्मको सम्बन्ध रहेकाले 'चोर' नामपद माथिको वाक्यमा कर्मकारक हो। माथिको वाक्यमा प्रयोग भएको 'लट्ठी' भन्ने नामपद 'हिर्कायो' भन्ने क्रियापदसँग सो क्रियापदले बुझाउने हिर्काइने कार्यको साधनको अर्थमा प्रयोग भएको छ। क्रियाको कार्यव्यापार सम्पन्न गर्ने साधनलाई करण कारक भनिन्छ। सो 'लट्ठी' भन्ने नामपदले 'हिर्कायो' क्रियापदले बुझाएको हिर्काइने कार्यका लागि करण/साधनको कार्य गरेकाले उक्त वाक्यमा 'लट्ठी' करण कारकका रूपमा रहेको देखिन्छ। माथिको वाक्यमा 'टाउको' भन्ने नामपद पनि 'हिर्कायो' क्रियापदसँग सम्बन्ध जोर्न आइपुगेको छ। 'टाउको' भन्ने नामपद 'हिर्कायो' क्रियापदको हिर्काइने कार्यव्यापार वा कामको आधारस्वरूप स्थानका रूपमा प्रयोग भएको छ। क्रियापदका कार्यव्यापारको आधार (रहने/पुग्ने ठाउँ आदि) बुझाउने पदलाई अधिकरण कारक भनिन्छ। माथिको वाक्यमा 'टाउको' नामपद 'हिर्कायो' क्रियापदको हिर्काइने कार्यव्यापारको आधार वा पुग्ने स्थान (चोट लाग्ने स्थान) का अर्थमा प्रयोग भएको छ र सो 'टाउको' नामपदले 'हिर्कायो' क्रियापदसँग अधिकरणको सम्बन्ध राखेको छ। त्यसैले 'टाउको' नामपद माथिको वाक्यमा अधिकरण कारक हो।

यसरी वाक्यमा प्रयोग भएको क्रियापदसँग रहने अरू पदहरूको कर्ता, कर्म, करण, अधिकरण आदिको सम्बन्धलाई नै कारक भनिन्छ।

## ३२.२ कारकका प्रकार: अर्थ/कार्य र रूपका आधारमा

नेपाली भाषाका कारकलाई अर्थ/कार्य र रूपका आधारमा विभाजित गर्न सकिन्छ।

### (क) अर्थ/कार्यका आधारमा कारक

वाक्यमा विभिन्न पदहरू रहेका हुन्छन्। ती पदहरूले नै वाक्यमा कुनै-न-कुनै अर्थ बोकेर कुनै-न-कुनै कार्य गरिरहेका हुन्छन्। वाक्यमा प्रयोग भएको क्रियापदसँग अन्य पदहरूको अर्थगत/कार्यगत सम्बन्ध रहेको हुन्छ। वाक्यको क्रिया (समापिका/असमापिका) सँग सोही वाक्यमा आउने अन्य अव्यय पदबाहेकका नामिक पदहरूले राख्ने यही सम्बन्ध नै कारक हो। नेपाली भाषामा अर्थ/कार्यका आधारमा कारक छ प्रकारका छन्: (अ) कर्ता कारक, (आ) कर्म कारक, (इ) करण कारक (ई) सम्प्रदान कारक, (उ) अपादान कारक र (ऊ) अधिकरण कारक।

***(अ) कर्ता कारक:*** वाक्यमा आउने त्यस्तो नाम वा सर्वनाम पदलाई कर्ता भनिन्छ जो क्रियापदद्वारा वर्णन गरिएको कार्यव्यापार गर्ने भन्ने अर्थमा प्रयुक्त हुन्छ। यसरी क्रियापदको कार्यव्यापार सम्पन्न गर्ने गरी वाक्यमा आएको नामपद

CC-0. In Public Domain. Digitization by eGangotri

कर्ता कारक हो भने कर्तापद र क्रियापदका बीचको सम्बन्ध भनेको कर्ता कारकको सम्बन्ध हो; जस्तै:-

'प्रहरीले हिर्कायो।'

यस वाक्यमा 'हिर्कायो' क्रियापदले बुझाएको हिर्काउने कार्यव्यापार गर्ने अर्थमा आएको 'प्रहरी' कर्ता कारक हो र 'प्रहरी' नामपदसँग 'हिर्कायो' क्रियापदको 'कर्ता कारक'को साइनो/सम्बन्ध छ।

***(आ) कर्म कारक:*** वाक्यमा आउने त्यस्तो नामपद वा सर्वनामपदलाई कर्म कारक भनिन्छ जुन पद क्रियापदले बुझाएको र कर्तापदले सम्पन्न गरेको कार्यव्यापारको असर वा फल भोग्ने भन्ने अर्थमा प्रयोग भएको हुन्छ; जस्तै- 'प्रहरीले चोरलाई हिर्कायो।' यस वाक्यमा 'चोर' कर्म कारक हो; किनभने यस वाक्यमा 'हिर्कायो' क्रियापदले बुझाएको र 'प्रहरी' कर्तापदले गरेको हिर्काउने कार्यको मुख्य असर वा फल भोग्ने व्यक्ति नै 'चोर' हो। त्यसैले यस वाक्यमा 'चोर' पद र 'हिर्कायो' क्रियापदका बीच कर्म कारकको सम्बन्ध छ। अत: 'चोर' भन्ने पद उक्त वाक्यको कर्मपद वा कर्म कारक हो।

***(इ) करण कारक:*** वाक्यमा आउने त्यस्तो नामिक पदलाई करण कारक भनिन्छ जुन पदले क्रियापदले बुझाएको र कर्तापदले सम्पन्न गरेको कार्यव्यापारका लागि कारण वा साधनको कार्य गरेको हुन्छ, जस्तै:-

(१) प्रहरीले लट्ठीले चोरलाई हिर्कायो।

(२) मैले कलमले चिठी लेखें।

माथि दिइएका वाक्यमध्ये (१) मा दिइएको वाक्यमा 'हिर्कायो' क्रियापदले बुझाएको र प्रहरी कर्तापदले सम्पन्न गरेको हिर्काउने कार्यव्यापारका लागि साधनको अर्थमा 'लट्ठी' नामपद प्रयोग भएको छ भने (२) मा दिइएको 'मैले कलमले चिठी लेखें' भन्ने वाक्यमा 'लेखें' क्रियापदले बुझाएको र 'म' कर्तापदले गरेको चिठी लेख्ने कार्यव्यापारका लागि साधनका अर्थमा 'कलम' भन्ने नामपद आएको छ। त्यसैले माथि (१) र (२) का वाक्यमा प्रयोग भएका 'लट्ठी' र 'कलम' पद करण कारक हुन्।

***(ई) सम्प्रदान कारक:*** वाक्यमा आउने त्यस्तो नामिक पदलाई सम्प्रदान कारक भनिन्छ जुन पदले क्रियापदद्वारा गरिएको कार्यव्यापारसँग प्रापकको वा प्रयोजनको सम्बन्ध राख्दछ; अर्थात् क्रियापदद्वारा सम्पन्न कार्यव्यापार जसप्रति लक्षित हुन्छ र जसलाई केही दिइएको हुन्छ, त्यसलाई बुझाउन वाक्यमा आउने नामिक पद नै सम्प्रदान कारक हो; जस्तै:- (१) 'रामलाई कलम देऊ।' (२) 'पूजालाई फूल टिप।' यी वाक्यहरूमध्ये (१) मा दिइएको वाक्यमा 'देऊ' क्रियापदको कार्यव्यापार रामतर्फ लक्षित छ वा रामलाई केही दिने प्रयोजनसँग सम्बद्ध छ। यहाँ राम 'देऊ' क्रियाको प्रापक पनि हो। (२) मा दिइएको 'पूजालाई फूल टिप' भन्ने वाक्यमा 'टिप' क्रियापदको प्रयोग भएको छ। उक्त फूल टिप्नुको प्रयोजन 'पूजा' हो र टिप्ने कार्य 'पूजा' तर्फ लक्षित छ। वाक्यमा 'राम' र

CC-0. In Public Domain. Digitization by eGangotri

'पूजा' पदको ती-ती वाक्यमा प्रयोग भएका क्रियापदसँग यही सम्प्रदानको सम्बन्ध भएकाले उक्त वाक्यका 'राम' र 'पूजा' सम्प्रदान कारक हुन्।

***(उ) अपादान कारक:*** वाक्यमा आउने त्यस्तो नामिक पदलाई अपादान कारक भनिन्छ जुन पदसँग क्रियापदले जाहेर गरेको कार्यव्यापार हुँदा कुनै कुरा अलग्गिने वा छुट्टिने कार्य हुन्छ; जस्तै-

राम विराटनगरबाट आयो।

यस वाक्यमा 'विराटनगर' भन्ने पद अपादान कारक हो। उक्त वाक्यमा 'विराटनगर' नामिक पदसँग 'आयो' क्रियापदले जाहेर गरेको रामको आउने कार्यव्यापार हुँदा 'विराटनगर' बाट राम अलग्गिएको वा छुट्टिएको कुरो बुझिएको छ। त्यसैले यस वाक्यमा रहेको 'विराटनगर' भन्ने नामपदको 'आयो' क्रियापदसँग अपादान कारकको सम्बन्ध छ।

***(ऊ) अधिकरण कारक:*** वाक्यमा आउने त्यस्तो नामिक पदलाई अधिकरण कारक भन्दछन् जुन पद क्रियाको आधार वा आश्रय हुन्छ। क्रियाले गरेको कार्यव्यापारको आधार (रहने ठाउँ वा पुग्ने ठाउँ) बुझाउने पद नै अधिकरण कारक हो; जस्तै-

(१) किताब टेबलमा छ।
(२) राम घरमा बस्छ।

माथि (१) मा दिइएको वाक्यमा 'टेबुल' अधिकरण कारक हो, किनभने 'छ' क्रियापदले बयान गरेको किताबको रहने आधार वा आश्रय स्थल 'टेबुल' हो। माथि (२) मा दिइएको वाक्यमा 'घर' भन्ने पद अधिकरण कारक हो; किनभने यहाँ 'बस्छ' क्रियापदले बयान गरेको बस्ने क्रियाव्यापारको आधार वा आश्रय 'घर' हो।

तलको तालिकामा कारक र कारकका प्रकारलाई चिनाउने जमर्को गरिएको छ:

| वाक्यमा आउने पद | अर्थ/कार्यका आधारमा | क्रियापदसँगको सम्बन्ध | कारकको नाम |
|---|---|---|---|
| नामिक पद | गर्ने/काम गर्ने | कर्ता | १) कर्ता |
| नामिक पद | गरिने/फल भोग्ने | कर्म | २) कर्म |
| नामिक पद | साधन/कारण; साधनको/ कारणको काम गर्ने | करण | ३) करण |
| नामिक पद | लक्ष्य, प्रयोजन; दान/प्रयोजन/दान पाउने; | सम्प्रदान | ४) सम्प्रदान |
| नामिक पद | छुट्टिने, उद्गम/छुट्टिने; उद्गमको कार्य | अपादान | ५) अपादान |
| नामिक पद | आधार, रहने, पुग्ने; आधारको काम गर्ने/काम पुग्ने | अधिकरण | ६) अधिकरण |

***सूत्र:*** *वाक्यमा आउने नामिक पदको अर्थ वा कार्यका आधारमा क्रियापदसँग रहने सम्बन्धलाई नै कारक भन्दछन्। यस्ता कारक नेपाली भाषामा ६ प्रकारका छन्।*

CC-0. In Public Domain. Digitization by eGangotri

## ३२.३ बाह्य रूपका आधारमा कारक: सरल र तिर्यक्

रूपका आधारमा कारक दुई प्रकारका छन्: सरल र तिर्यक्।

### (क) सरल कारक

वाक्यमा प्रयोग हुँदा जुन नामिक पदहरूको रूपमा परिवर्तन/विकार आएको हुँदैन तिनको कारकलाई सरल कारक भनिन्छ। सरल कारक भएको नामिक पदमा 'ले', 'लाई' आदि चिह्न लाग्दैनन्; जस्तै- 'म जान्छु'। यस वाक्यमा 'म' भन्ने सर्वनामपद आफ्नो रूप परिवर्तित नगरी आएको छ। त्यसैले उक्त 'म जान्छु' भन्ने वाक्यमा आएको 'म' सर्वनामपद सरल कारक हो।

### (ख) तिर्यक् कारक

वाक्यमा प्रयोग हुँदा जुन नामिक पदहरूको रूपमा परिवर्तन/विकार आएको हुन्छ तिनको कारकलाई तिर्यक् कारक भनिन्छ। तिर्यक् कारक भएको नामिक पदमा 'ले', 'लाई', 'बाट' आदि चिह्न लाग्छन्; जस्तै- 'मबाट बसमा घर गइन्छ।' यस वाक्य .। आएका नामिक पद 'म+बाट', 'बस+मा'को ढाँचामा रूप-परिवर्तन भएर आएका छन्; त्यसैले यस वाक्यमा रहेका 'मबाट' र 'बसमा' नामिक पद तिर्यक् कारक हुन्।

सरल कारक र तिर्यक् कारकका अन्य उदाहरणहरू तल दिइएका छन् र तिनलाई रेखाङ्कित गरी चिनाइएको छ; जस्तै-

| सरल कारक | तिर्यक् कारक |
|---|---|
| कान्छो हिँड्यो। | कान्छाले हिँडायो। |
| माहिलो बदमास छ। | माहिलाले बदमासी गर्‍यो। |
| खेल्नु फाइदाजनक कुरो हो। | खेल्नाले फाइदा गर्छ। |
| जेठो छोरो बी.ए. मा पढ्छ। | जेठा छोराले बी.ए. पढ्यो। |
| केटो भोकाएको छ। | केटाले भोकाएकाले खायो। |
| ऊ के खेल्छ? | उसले के खेल्यो? |
| बूढो मर्‍यो। | बूढाको स्वर्गे भयो। |
| राम्रो कलम ल्याऊ। | राम्रा कलमहरू ल्याऊ। |

## ३२.४ विभक्ति: परिचय

'विभक्ति' भनेको विभाजन गर्ने वा छुट्ट्याउने हो। वाक्यमा विभिन्न पदहरू आएका हुन्छन्; तर ती सबै पद एकै ठाउँ गुजुल्टिएर बस्दैनन्। ती पदहरू वाक्यमा बेग्ला-बेग्लै पदमा विभक्त भएका हुन्छन्। वाक्यमा आउने क्रियापदबाहेकका अन्य पदहरूमा लागेर ती पदहरूलाई विभाजन गर्ने चिह्नहरू नै विभक्ति हुन्; जस्तै-

(१) मैले रामलाई कुटेँ। म भात खान्छु।

(२) रमेशले लट्ठीले कुट्यो। उमेश रोयो।

CC-0. In Public Domain. Digitization by eGangotri

माथिका वाक्यजोडीमध्ये बायाँतर्फका दुईवटा वाक्यहरूमा 'मैले', 'रामलाई', 'रमेशले' र 'लट्ठीले' भन्ने पदहरूमा 'ले', 'लाई', 'ले', 'ले' भन्ने चिह्नहरू लागेका छन्। ती चिह्नहरू 'म', 'राम', 'रमेश' र 'लट्ठी' भन्ने पदमा लागेका छन्। ती चिह्नहरूले वाक्यमा आएका ती पदहरूलाई विभक्त गरेका छन् र गुजुल्टिन दिएका छैनन्। त्यसैले यस्ता 'ले', 'लाई', 'ले' आदि चिह्नहरू नै विभक्ति हुन्।

तर माथिका वाक्यजोडीका दायाँपट्टिका 'म भात खान्छु' र 'उमेश रोयो' भन्ने वाक्यमा प्रयोग भएका 'म', 'भात' र 'उमेश' भन्ने पदहरूमा विभक्ति चिह्न लागेका छैनन्। उक्त पदहरूमा विभक्ति नलागेको देखिए पनि वाक्यमा आएका ती पदहरू एकै ठाउँ गुजुल्टिएका छैनन्। विभक्ति चिह्न नलागे पनि वाक्यमा आएका ती पदहरू विभक्त वा विभाजित छन्। यसको अर्थ के हो भने माथिका दायाँपट्टिका वाक्यहरूमा प्रयोग भएका 'म', 'भात' र 'उमेश' पदमा विभक्ति चिह्न देखिने गरी नलागेका भए पनि भित्री रूपमा लागेका छन् र दबिएर बसेका छन्। माथिका बायाँपट्टिका वाक्यहरूमा 'मैले', 'रामलाई', 'रमेशले' र 'लट्ठीले' भन्ने पदमा विभक्ति देखिएका छन् भने दायाँपट्टि वाक्यहरूमा 'म', 'भात' र 'उमेश' पदमा लाग्ने विभक्ति लुकेका छन्। यसरी वाक्यमा आउने क्रियापदबाहेकका पदहरूलाई छुट्ट्याउने दृश्य चिह्न वा अदृश्य/लुकेका चिह्नहरू नै विभक्ति हुन्।

## ३२.५ विभक्तिका प्रकार

नेपाली भाषाका विभक्ति जम्मा सात प्रकारका छन्। ती हुन्- प्रथमा, द्वितीया, तृतीया, चतुर्थी, पञ्चमी, षष्ठी र सप्तमी विभक्ति।

(क) **प्रथमा विभक्ति:** कर्ता कारकलाई चिनाउन आउने 'ले', 'बाट' आदि चिह्नहरू प्रथमा विभक्ति हुन्; जस्तै- (अ) रामले भात खायो; (आ) मबाट पुस्तकहरू पढिन्छन्। यहाँ दिइएका वाक्यहरूमा 'रामले' र 'मबाट' भन्ने पदहरूमा लागेका 'ले' र 'बाट' चिह्नहरू कर्ता कारक 'राम' र 'म' लाई चिनाउन आएकाले ती 'ले' र 'बाट' भन्ने विभक्ति प्रथमा विभक्ति हुन्।

(ख) **द्वितीया विभक्ति:** कर्म कारकलाई चिनाउन आउने 'लाई' 'कन' आदि चिह्नहरू द्वितीया विभक्ति हुन्; जस्तै: (अ) रामले भाइलाई पढायो', (आ) 'रामले उसकन झापड दिन्छ।' यहाँ दिइएका वाक्यहरूमा 'भाइलाई' र 'उसकन' पदहरूमा लागेका 'लाई' र 'कन' चिह्नहरूले 'भाइ' र 'ऊ' भन्ने कर्मपदलाई चिनाएकाले 'लाई' र 'कन' भन्ने विभक्ति द्वितीया विभक्तिका चिह्नहरू हुन्।

(ग) **तृतीया विभक्ति:** करण कारकलाई चिनाउन आउने 'ले', 'द्वारा', 'बाट' आदि चिह्नहरू तृतीया विभक्ति हुन्; जस्तै- (अ) 'हरिले लट्ठीले हान्यो'; (आ) ऊ जहाजबाट वीरगन्ज गयो; (इ) उसले हुलाकद्वारा चिठी पठायो।

CC-0. In Public Domain. Digitization by eGangotri

यहाँ दिइएका वाक्यमा 'लट्ठीले', 'जहाजबाट' र 'हुलाकद्वारा' भन्ने पदहरूमा लागेका 'ले', 'बाट' र 'द्वारा' चिह्नहरू तृतीया विभक्ति हुन्।

(घ) **चतुर्थी विभक्ति:** सम्प्रदान कारकलाई चिनाउन आउने 'लाई' चिह्न चतुर्थी विभक्ति हो; जस्तै- 'तिमी भाइलाई कलम देऊ'। यहाँ दिइएंको वाक्यमा 'भाइलाई' भन्ने पदमा लागेको 'लाई' चिह्न चतुर्थी विभक्ति हो; किनभने उक्त 'लाई' भन्ने विभक्तिले यहाँ 'भाइ' भन्ने सम्प्रदान कारकलाई चिनाएको छ।

(ङ) **पञ्चमी विभक्ति:** अपादान कारकलाई चिनाउन आउने 'बाट', 'देखि' चिह्नहरू पञ्चमी विभक्ति हुन्; जस्तै- (अ) म घरबाट आएँ; (आ) आइतबारदेखि छुट्टी हुन्छ। यहाँ दिइएका वाक्यमा प्रयोग भएका 'घर' र 'आइतबार' भन्ने नामिक पदहरूमा लागेका 'बाट' र 'देखि' पञ्चमी विभक्ति हुन्।

(च) **षष्ठी विभक्ति:** वाक्यमा आउने त्यस्ता नामिक पदहरूमा लागेका को/की/का, रो/री/रा, नो/नी/ना चिह्नहरूलाई षष्ठी विभक्ति भनिन्छ जुन पदहरूको क्रियापदसँग सोझो सम्बन्ध नभई वाक्यमा आउने अर्को नामिक पदसँग सम्बन्ध रहेको हुन्छ। यसरी वाक्यमा को/की/का, रो/री/रा, नो/नी/ना चिह्न लागेका पदहरूलाई भेदक/विशेषण र त्यस्ता चिह्न लागेका पदहरूले सम्बन्ध राख्ने वाक्यमा रहेको अर्को पदलाई भेद्य/विशेष्य भनिन्छ। भेदक पदलाई सम्बन्ध कारक मान्ने प्रचलन पनि छ तर भेदक पदले वाक्यमा आउने अरू पदले जस्तो सोझै क्रियापदसँग सम्बन्ध नजोरी वाक्यमा आएको अर्को पदसँग सम्बन्ध जोरेर मात्र क्रियापदसँग सम्बन्ध राख्ने हुँदा षष्ठी विभक्ति लागेको पदलाई यहाँ कारक नभनिएको हो; जस्तै- रामको भाइ आयो। यस वाक्यमा 'रामको' भन्ने पदले पहिले 'भाइ' भन्ने पदसँग सम्बन्ध जोडेको छ र उक्त 'भाइ' भन्ने पदले 'आयो' क्रियापदसँग सम्बन्ध जोरेको छ। त्यसैले 'रामको' भन्ने पद सम्बन्ध कारक नभई 'भाइ' भन्ने पदको भेदक/विशेषण हो। को/की/का, रो/री/रा, नो/नी/ना आदि चिह्न लागेपछि नामिक पद भेदक विशेषण बन्दछन् र त्यसरी नामिक पदलाई भेदक बनाउन आउने को/की/का, रो/री/रा, नो/नी/ना आदि चिह्नहरू नै षष्ठी विभक्ति हुन्।

(छ) **सप्तमी विभक्ति:** अधिकरण कारकलाई चिनाउन आउने 'मा', 'मै' आदि सप्तमी विभक्ति हुन्; जस्तै- (अ) म घरमा बस्छु; (आ) म विदेशमै पढ्छु। यी वाक्यमा 'घर' र 'विदेश' भन्ने पदहरूमा लागेका 'मा' र 'मै' चिह्न सप्तमी विभक्ति हुन्; किनभने यी 'मा' र 'मै' भन्ने विभक्तिले क्रियापदसँग अधिकरणको सम्बन्ध राख्न आउने 'म' र 'घर' पदलाई चिनाउने काम गरेका छन्।

CC-0. In Public Domain. Digitization by eGangotri

## ३२.६ विभक्ति-नियम

विभक्तिहरू वाक्यमा के-कस्ता पदसित कुन किसिमले लाग्दछन् भन्ने नियमलाई विभक्ति-नियम भनिन्छ। नेपाली भाषाका वाक्यमा के-कस्तो अवस्थामा/स्थानमा के-कस्ता पदमा कुन विभक्ति लाग्दछ भन्ने नियमलाई उदाहरणसहित तलको तालिकामा देखाउन खोजिएको छ:

### विभक्ति-नियम-तालिका

| विभक्ति | नियम | उदाहरण |
|---|---|---|
| (१) ले | (अ) सकर्मक विध्यर्थी वाक्यको कर्तापदमा 'ले' विकल्पले लाग्दछ। | तँ/तैँले भात खाएस्।<br>ऊ/उसले भात खाओस्। |
| | (आ) सामान्य भूतकालीन सकर्मक क्रियाको प्रयोग भएको वाक्यमा कर्तापदमा 'ले' लाग्दछ। | तैँले भात खाइस्।<br>उसले भात खायो।<br>तपाईंले भात खानुभयो। |
| | (इ) सकर्मक धातुमा गुणबोधक कृत्प्रत्यय (ने, एको/एकी/एका) लागेर बनेको क्रियाको प्रयोग भएका वाक्यमा कर्तापदमा 'ले' लाग्दछ। | रामले भात खाने हो।<br>श्यामले भात खाएको थियो।<br>गीताले भात खाएकी थिई।<br>उनीहरूले भात खाएका थिए। |
| | (ई) सकर्मक क्रियापदको प्रयोग भएका सबै वाक्यका कर्तापदमा 'ले' विकल्पले लाग्दछ। | राम/रामले भात खान्छ।<br>राम/रामले भात खानेछ।<br>राम/रामले भात खाँदै छ। |
| | (उ) सकर्मक सङ्केतार्थ क्रियाको प्रयोग भएका वाक्यमा कर्तापदमा 'ले' विकल्पले लाग्दछ। | छोराले पढे राम्रो हुन्थ्यो।<br>तिमीले खेले सबै खुसी हुन्छन्। |
| | (ऊ) करण कारक बुझाउने पदमा 'ले' लाग्दछ। | म चम्चाले भात खान्छु।<br>मानिस खुट्टाले हिँड्छ। |
| | (ए) करण कारकको काम गर्ने (१) नाम, (२) कृदन्त नाम र (३) विशेषण नाममा 'ले' लाग्दछ। | (१) राम चिन्ताले रोयो।<br>(२) रामलाई डुल्नाले राम्रो भयो।<br>बालक भोकाउनाले/ भोकाएकाले रोयो।<br>(३) बालक पोसिलो खानाले मोटायो। |

CC-0. In Public Domain. Digitization by eGangotri

| | | |
|---|---|---|
| (२) लाई | (अ) सकर्मक क्रियाको प्रयोग भएको कर्तृवाच्य वाक्यको सजीव कर्मपदमा 'लाई' लाग्दछ। | रामले भाइलाई कुट्यो। |
| | (आ) अकर्मक क्रियाको प्रयोग भएको कर्तृवाच्य वाक्यको निष्क्रिय (उदासीन) पदमा 'लाई' लाग्दछ। | मलाई भोक लाग्यो। |
| | (इ) द्विकर्मक क्रियाको प्रयोग भएको वाक्यको गौण कर्मपदमा 'लाई' लाग्दछ। | असल विद्यार्थीलाई छात्रवृत्ति दिइयो। |
| | (ई) सम्प्रदान कारकको काम गर्ने पदमा 'लाई' लाग्दछ। | मैले भाइलाई कलम दिएँ। भाइले पूजालाई फूल टिप्यो। |
| | (उ) अवधारण बुझाउने उत्तरक्रियामा पनि 'लाई' लाग्दछ। | ऊ जानलाई गइहाल्छ। यो पुस्तक पढ्नलाई भइहाल्छ। |
| (३) मा | (अ) अधिकरण कारकको काम गर्ने पदमा 'मा' लाग्दछ। | म घरमा बस्छु। भाइ खाटमा सुत्छ। |
| | (आ) (१) नजिक, (२) कारण र (३) मूल्य बुझाउने अधिकरण कारकमा पनि 'मा' लाग्दछ। | (१) उसको घर खोलामा (खोलानजिकै) छ। (२) मैले यो कुरो झोँकमा (झोँकका कारण) भनिहालेँ। (३) यो कलम दुई रुपियाँमा कहाँ पाइन्छ र? |
| | (इ) क्रियाको (१) स्थान र (२) कालको आधार बुझाउने अधिकरण कारकमा 'मा' लाग्दछ। | (१) नेपालको दक्षिणमा भारत देश छ। (२) दिनमा निदाउनु राम्रो होइन। रातमा डुल्नु पनि राम्रो होइन। |
| (४) को/की/का | (अ) नामको काम गर्ने भेदक (विशेषण) पदमा 'को/की/का' लाग्दछ। | हरिको भाइ आयो। हरिकी बहिनी आई। उनीहरूका साथीहरू आए। |

CC-0. In Public Domain. Digitization by eGangotri

| | | |
|---|---|---|
| (५) बाट/द्वारा | (अ) करण कारकमा 'बाट/द्वारा' विभक्ति लाग्दछ। | राम बसबाट आयो। गाईले नाकबाट सास फेर्‍यो। राम बसद्वारा आयो। गाईले नाकद्वारा सास फेर्‍यो। |
| | (आ) कर्मवाच्य र भाववाच्य वाक्यका कर्तापदमा 'बाट/द्वारा' लाग्दछ। | मबाट/मद्वारा पुस्तक पढियो। केटाहरूबाट/केटाहरूद्वारा खूब हाँसियो। |
| (६) बाट | (अ) कुनै कार्यव्यापार हुँदा कोही/केही छुट्टिने/छुट्टिएको विन्दु/ठाउँमा 'बाट' लाग्दछ। | विक्रम इलामबाट हिँडिसक्यो। रुखबाट सुन्तलाको दानो खस्यो। |
| | (आ) क्रियाका काल वा स्थानको आरम्भ/अन्तर बुझाउने अपादान कारकमा पनि 'बाट' लाग्दछ। | तिमी यो काम भोलिबाट थाल। तिमी कुवाबाट पानी ल्याऊ। |
| (७) देखि | (अ) क्रियाका काल वा स्थानको आरम्भ वा अन्तर बुझाउने अपादान कारकमै 'देखि' लाग्दछ। | ऊ हिजोदेखि भोकै छ। विराटनगर यहाँदेखि पूर्वमा पर्छ। |

## अभ्यास

**तलका प्रश्नहरूको उत्तर लेख्नुहोस्।**

१. (क) कारक भनेको के हो? लेख्नुहोस्।
   (ख) कारक कति प्रकारका छन्? लेख्नुहोस्।

२. कस्ता पदले कर्ताकारक र कस्ता पदले कर्मकारकलाई बुझाउँछन्?

३. कार्यका आधारमा कारक कति प्रकारका छन्?

४. रूपका आधारमा कारक कति प्रकारका छन्?

५. विभक्ति भनेको के हो?

६. कारक र विभक्तिमा के फरक छ?

७. (क) विभक्ति कति प्रकारका छन्? नामसमेत लेख्नुहोस्।
   (ख) षष्ठी विभक्ति लागेको पदलाई कारक किन मानिँदैन?

८. सरल कारक र तिर्यक् कारकमा के फरक छ?

CC-0. In Public Domain. Digitization by eGangotri

९. तलको अनुच्छेद पढी दिइएका प्रश्नहरूको उत्तर दिनुहोस्:
भाइले बाँसको कलमले चिठी लेख्यो र पत्रमञ्जूषामा खसाल्यो। दाइ विदेशबाट आउनुभयो र उहाँले भाइलाई पुस्तक दिनुभयो।

**प्रश्नहरू:**

(अ) 'भाइले' भन्ने नामपदले कुन क्रियापदसँग कुन कारकको सम्बन्ध राखेको छ?

(आ) 'भाइले' भन्ने पदमा कुन विभक्ति चिह्न लागेको छ?

(इ) 'बाँसको' भन्ने पदमा लागेको 'को' चिह्न कुन विभक्ति हो?

(ई) 'कलमले' भन्ने पदले कुन क्रियापदसँग कुन कारकको सम्बन्ध राखेको छ?

(उ) 'कलमले' भन्ने पदमा लागेको 'ले' कुन विभक्ति चिह्न हो?

(ऊ) 'चिठी' भन्ने पदले कुन क्रियापदसँग कुन कारकको सम्बन्ध गाँसेको छ?

(ऋ) 'पत्रमञ्जूषामा' भन्ने पदले कुन क्रियापदसँग कुन कारकको सम्बन्ध राखेको छ?

(ए) 'विदेशबाट' पदले कुन क्रियापदसँग कुन कारकको सम्बन्ध गाँसेको छ?

(ऐ) 'भाइलाई' भन्ने पदले कुन क्रियापदसँग कुन कारकको सम्बन्ध गाँसेको छ?

(ओ) 'भाइलाई' भन्ने पदमा लागेको 'लाई' चिह्न कुन विभक्तिचिह्न हो?

CC-0. In Public Domain. Digitization by eGangotri

## परिच्छेद तेत्तीस

# वाक्यान्तरण र अर्थसम्बन्धी वाक्यान्तरण

### ३३.१ वाक्यान्तरणको परिचय

वाक्यजोडी (१) म भात खान्छु। म भात खाऊँ।
वाक्यजोडी (२) म भात खान्छु। म भात खान्न।
वाक्यजोडी (३) म भात खान्छु। भात खाइन्छ।
वाक्यजोडी (४) म भात खान्छु। राम मलाई भात ख्वाउँछ।
वाक्यजोडी (५) मैले भनैं- "म भात खान्छु।" मैले म भात खान्छु भनैं।
वाक्यजोडी (६) (क) मैले भनैं। म भात खान्छु।
(ख) मैले भात खान्छु भनैं।
वाक्यजोडी (७) (क) मैले के भनैं भने म भात खान्छु।
(ख) मैले भनैं। म भात खान्छु।

माथिका वाक्यजोडी (१), (२), (३) र (४) का अघिल्ला वाक्यले 'म' कर्ताले भात खाने काम गर्छ भन्ने सामान्य अर्थलाई बुझाएका छन्। वाक्यजोडी (१) को पछिल्लो वाक्यले 'म' कर्ताले व्यक्त गरेको भात खाने इच्छाको अर्थलाई बुझाएको छ। वाक्यजोडी (२) को पछिल्लो वाक्यले 'म' कर्ताले भात नखाने नकार वा अकरणको अर्थ बुझाएको छ। वाक्यजोडी (३) को पछिल्लो वाक्यमा अघिल्लो वाक्यको 'म' कर्ताको लोप भई कर्मपद 'भात' खाइने कुरा बुझाउन 'भात' को लिङ्ग र वचनअनुसार नै 'खाइन्छ' क्रियापदको प्रयोग गरिएको छ। वाक्यजोडी (४) को अघिल्लो वाक्यको भात खाने काम गर्ने कर्ता 'म' लाई पछिल्लो वाक्यमा 'राम' भन्ने कर्ताले भात खान लगाउने वा ख्वाउने भन्ने प्रेरणाको अर्थलाई बुझाएको छ। यसरी एक किसिमको अर्थ बुझाउने वाक्यलाई अर्कोथरी अर्थ बुझाउने वाक्यमा बदल्नुलाई वाक्यान्तरण भनिन्छ। वाक्यान्तरणलाई वाक्यपरिवर्तन पनि भनिन्छ।

माथिको वाक्यजोडी (५) का अघिल्लो र पछिल्लो वाक्यमा एउटै कुरा भनिएको छ; तर अघिल्लो वाक्यमा 'म' कर्ताले भनेको 'म भात खान्छु' भन्ने कुरालाई जस्ताको तस्तै प्रत्यक्ष किसिमले राखिएको छ भने पछिल्लो वाक्यमा त्यसलाई घुमाउरो किसिमले वा अप्रत्यक्ष किसिमले भनिएको छ। यसरी प्रत्यक्ष किसिमको भनाइलाई अप्रत्यक्ष किसिमको भनाइमा बदल्नुलाई पनि वाक्यान्तरण भनिन्छ।

माथिको वाक्यजोडी (६) को (क) मा दिइएका दुई वाक्यलाई एउटै वाक्य बनाई (ख) मा दिइएको छ। यसरी दुई वा दुईभन्दा बढी वाक्यलाई मिलाएर एउटै

CC-0. In Public Domain. Digitization by eGangotri

बनाउनु वा वाक्य-संश्लेषण गर्नुलाई पनि वाक्यान्तरण भनिन्छ।

माथिको वाक्यजोडी (७) को (क) मा दिइएको एउटै वाक्यलाई दुई वाक्यमा टुक्र्याएर सोही वाक्यजोडीको (ख) मा दिइएको छ। यसरी विभिन्न वाक्यखण्ड वा वाक्यहरू मिलेर बनेको एउटा सिङ्गो वाक्यलाई विभिन्न वाक्यखण्ड वा वाक्यमा टुक्र्याएर देखाउनु वा वाक्यविश्लेषण गर्नुलाई पनि वाक्यान्तरण नै भनिन्छ।

यसरी एक किसिमका खास वाक्यलाई अर्का किसिमका वाक्यमा बदल्नुलाई वाक्यान्तरण वा वाक्यपरिवर्तन भनिन्छ। वाक्यान्तरण गर्दा वाक्यान्तरण गरिने वाक्यका कतिपय पद वा पदांशको लोप हुने पनि गर्दछ र वाक्यान्तरित वाक्यमा कतिपय नयाँ पद/पदांश थपिन पनि सक्तछन्। माथि वाक्यजोडी (३), (४), (५), (६) र (७) मा दिइएका उदाहरणबाट नै वाक्यान्तरण गरिँदा पद/पदांशको लोप वा नयाँ पदको आगमन हुने कुराको पुष्टि भएकै छ। जस्तै- वाक्यजोडी (३) को पछिल्लो वाक्यमा 'म' कर्तापदको लोप भएको छ भने वाक्यजोडी (४) को पछिल्लो वाक्यमा 'राम' कर्तापद थपिएको छ।

माथि गरिएको चर्चाबाट मुख्यत: ६ किसिमले वाक्यान्तरण हुने कुरा प्रस्टिन आएको छ। वाक्यान्तरणका ती ६ किसिम यसप्रकार छन्:

(क) अर्थसम्बन्धी वाक्यान्तरण
(ख) करणसम्बन्धी वाक्यान्तरण
(ग) वाच्यसम्बन्धी वाक्यान्तरण
(घ) प्रेरणार्थक वाक्यान्तरण
(ङ) उक्तिसम्बन्धी वाक्यान्तरण
(च) वाक्य-संश्लेषणसम्बन्धी वाक्यान्तरण
(छ) वाक्य-विश्लेषणसम्बन्धी वाक्यान्तरण

## ३३.२ अर्थसम्बन्धी वाक्यान्तरण

सामान्य अर्थ बुझाउने वाक्यलाई विध्यर्थक, अनिश्चयार्थक, प्रश्नार्थक र विस्मयार्थक वाक्यमा परिवर्तन गर्नुलाई अर्थसम्बन्धी वाक्यान्तरण भनिन्छ; जस्तै-

| | सामान्य अर्थ बुझाउने वाक्य | विध्यर्थमा परिवर्तन गरिएको वाक्य |
|---|---|---|
| १. | म भात खान्छु। | म भात खाऊँ। (इच्छार्थक) |
| २. | तँ भात खान्छस्। | तँ भात खा। (आज्ञार्थक) |
| ३. | तिमी भात खान्छौ। | तिमी भात खाऊ। (आज्ञार्थक) |
| ४. | तपाईं भात खानुहुन्छ। | तपाईं भात खानुहोस्। (अनुरोधार्थक) |
| ५. | ऊ भात खान्छ। | ऊ भात खाओस्। (इच्छार्थक) |
| ६. | उनी भात खान्छन्। | उनी भात खाऊन्। (इच्छार्थक) |

CC-0. In Public Domain. Digitization by eGangotri

यसरी सामान्य अर्थ बुझाउने वाक्यलाई विध्यर्थ बुझाउने वाक्यका इच्छार्थक र आज्ञार्थक वा अनुरोधार्थक वाक्यमा बदल्न सकिन्छ। प्रथम पुरुष र तृतीय पुरुषको प्रयोग भएका विध्यर्थक वाक्यले इच्छार्थ बुझाउँछन् भने द्वितीय पुरुषको प्रयोग गरिएका विध्यर्थक वाक्यले आज्ञार्थ वा अनुरोधार्थलाई बुझाउँछन्।

तल सामान्य अर्थ बुझाउने वाक्यलाई अनिश्चयार्थअन्तर्गतका सम्भावनार्थक र सङ्केतार्थक वाक्यमा परिवर्तन गरिएको छ:

| सामान्य अर्थ बुझाउने वाक्य | अनिश्चयार्थमा परिवर्तन गरिएको वाक्य |
|---|---|
| १. आज घाम लाग्छ। | आज घाम लाग्ला। (सम्भावनार्थक) |
| २. आज घाम लाग्दा न्यानो हुनेछ। | आज घाम लाग्यो भने न्यानो हुनेछ। (सङ्केतार्थक) |

यसै गरी सामान्यार्थक वाक्यलाई प्रश्नार्थक वाक्यमा पनि वाक्यान्तरित गरिन्छ; जस्तै-

| सामान्य अर्थ बुझाउने वाक्य | प्रश्नार्थक वाक्य |
|---|---|
| १. राम भात खान्छ। | (के) राम भात खान्छ? |

सामान्यार्थक वाक्यलाई प्रश्नार्थक वाक्यमा बदल्दा त्यसका सुरुमा 'के' प्रश्नवाचक अव्ययलाई राखे वा नराखे पनि अन्त्यमा भने प्रश्नचिह्न (?) राख्नुपर्छ।

सामान्यार्थक वाक्यलाई विस्मयार्थक वाक्यमा पनि परिवर्तन गर्न सकिन्छ; जस्तै-

| सामान्यार्थक वाक्य | विस्मयार्थक वाक्य |
|---|---|
| १. राम घर गयो। | (क) राम त घर गयो ।<br>(ख) राम त घर गयो रे! |

सामान्यार्थक वाक्यलाई विस्मयार्थक वाक्यमा बदल्दा त्यसमा 'त', 'रे', 'पो', 'नि' आदि विस्मयार्थक निपात पनि थपिन सक्तछन् र वाक्यका अन्त्यमा विस्मयार्थक चिह्न (!) पनि दिइन्छ।

CC-0. In Public Domain. Digitization by eGangotri

## अभ्यास

**तलका प्रश्नहरूको उत्तर लेख्नुहोस्।**

१. (क) वाक्यान्तरण भनेको के हो?
   (ख) वाक्यान्तरण कति किसिमले गर्न सकिन्छ र ती कुन-कुन हुन्?

२. अर्थसम्बन्धी वाक्यान्तरण भनेको के हो?

३. तलका वाक्यलाई विध्यर्थक, सम्भावनार्थक, प्रश्नार्थक र विस्मयार्थक वाक्यमा बदल्नुहोस्:
   (क) म पुस्तक पढ्छु।
   (ख) तिमी घर गयौ।
   (ग) तपाई भोलि यहीँ बस्नुहुनेछ।

CC-0. In Public Domain. Digitization by eGangotri

परिच्छेद चौंतीस

# वाच्य र वाच्यपरिवर्तन

## ३४.१ वाच्य

(क) राम पुस्तकहरू पढ्छ।

(ख) (रामद्वारा) पुस्तकहरू पढिन्छन्।

(ग) आज त नाचिन्छ।

माथिको वाक्य (क) मा 'राम' कर्तापद, 'पुस्तकहरू' कर्मपद र 'पढ्छ' क्रियापदको प्रयोग भएको छ। यस वाक्यमा प्रयोग भएको 'पढ्छ' क्रियापदले 'राम' कर्तासँग सम्बन्ध राखेको छ। 'राम' पुंलिङ्ग, एकवचन र तृतीय पुरुष बुझाउने कर्तापद हो र त्यसैअनुरूप माथिको वाक्य (क) मा पुंलिङ्ग, एकवचन, तृतीय पुरुष बुझाउने 'पढ्छ' क्रियापदको प्रयोग भएको छ। यसरी माथिको वाक्य (क) मा प्रयोग गरिएको 'पढ्छ' क्रिया कर्ता 'राम' का अधीनमा छ र उक्त वाक्यमा कर्ता 'राम' मुख्य छ। यसरी कर्ता मुख्य भएको वाक्यमा प्रयोग भएको क्रियाको वाच्य कर्तृवाच्य हुन्छ।

माथिको वाक्य (ख) मा कर्ता 'राम' को लोप भएको छ। यस वाक्यमा 'पुस्तकहरू' कर्मपद र 'पढिन्छन्' क्रियापदको प्रयोग भएको छ। 'पुस्तकहरू' नपुंसकलिङ्ग, बहुवचन र तृतीय पुरुष बुझाउने कर्मपद हो र 'पढिन्छन्' सोही कर्मपदअनुसार नै नपुंसकलिङ्ग, बहुवचन, तृतीय पुरुष बुझाउने क्रियापद हो। यसरी माथिको वाक्य (ख) मा कर्मपदको लिङ्ग, वचन, पुरुषअनुसार नै क्रियापदको पनि लिङ्ग, वचन, पुरुष भएकाले कर्मपद मुख्य देखिन्छ। कर्मपद मुख्य हुने क्रियापदको वाच्य कर्मवाच्य हुन्छ।

माथिको वाक्य (ग) मा तृतीय पुरुष, एकवचन र नपुंसकलिङ्ग बुझाउने 'नाचिन्छ' क्रियापदको प्रयोग भएको छ। उक्त वाक्यमा 'नाचिन्छ' क्रियाले बुझाउने अर्थ नै मुख्य छ। यसरी आफ्नै अर्थ वा भाव मुख्य भएको क्रियाको वाच्य भाववाच्य हुन्छ।

वाच्य भनेको 'भनिनु' हो; तर व्याकरणमा वाच्य भन्नाले वाक्यमा प्रयोग भएका कर्ता, कर्म र क्रियापदमध्ये कुनै एक मुख्य हुनु हो। कुनै वाक्यमा कर्ता मुख्य हुन्छ, कुनैमा कर्म मुख्य हुन्छ र कुनैमा क्रिया मुख्य हुन्छ। माथिको वाक्य (क) मा कर्ता मुख्य छ, वाक्य (ख) मा कर्म मुख्य छ र वाक्य (ग) मा क्रियाले बुझाउने भाव वा अर्थ मुख्य छ। जुन वाक्यमा जे मुख्य हुन्छ त्यस वाक्यमा त्यही वाच्य हुन्छ। कर्ता मुख्य भएको वाक्यको वाच्य कर्तृवाच्य हुन्छ, कर्म मुख्य भएको वाक्यको वाच्य कर्मवाच्य हुन्छ र क्रियाको अर्थ वा भाव नै मुख्य भएको वाक्यको वाच्य भाववाच्य हुन्छ।

CC-0. In Public Domain. Digitization by eGangotri

## ३४.२ वाच्यका प्रकार

नेपाली भाषामा वाच्य तीन प्रकारको छ: (क) कर्तृवाच्य, (ख) कर्मवाच्य र (ग) भाववाच्य।

**कर्तृवाच्य**

(अ) म आज त नाच्छु।
म अब त सुत्छु।
म बिहान-बिहान डुल्छु।

(आ) मैले चौतारीमा राजालाई भेटेँ।
मैले असल विद्यार्थीहरूलाई पढाएँ।
मैले आज बल्ल तपाईँलाई चिनेँ।

माथि (अ) मा दिइएका तीनवटा वाक्य कर्तृवाच्य वाक्य हुन्। कर्तृवाच्य वाक्यमा कर्ताका लिङ्ग, वचन, पुरुष र आदरअनुसार नै क्रियापदको प्रयोग हुने गर्दछ। (अ) मा दिइएका तीनवटा वाक्यमा 'नाच्छु', 'सुत्छु' र 'डुल्छु' जस्ता अकर्मक क्रियापदको प्रयोग भएको छ र ती क्रियापदहरूको रूप त्यहाँ प्रयोग भएको 'म' भन्ने उभयलिङ्ग, एकवचन, प्रथमपुरुष जनाउने कर्ताअनुसार रहेको छ।

माथि (आ) मा दिइएका तीनवटा वाक्य सकर्मक क्रियापदको प्रयोग भएका वाक्य हुन्। ती वाक्यमा 'भेटेँ', 'पढाएँ' र 'चिनेँ' जस्ता तीनवटा सकर्मक क्रियाका भूतकालीन रूपको प्रयोग भएको छ। ती तीनवटै क्रियापदको 'लिङ्ग', 'वचन' र 'पुरुष' पनि ती वाक्यमा आएको 'म' कर्ताकै लिङ्गअनुरुप रहेको छ।

यसरी कर्तृवाच्य वाक्यमा (१) कर्ताका लिङ्ग, वचन, पुरुष र आदरअनुसारकै क्रियापदको प्रयोग हुने गर्छ र (२) अकर्मक एवम् सकर्मक गरी दुवै थरी क्रियाको प्रयोग हुने गर्दछ।

**कर्मवाच्य**

(मद्वारा) चौतारीमा राजा भेटिए।
(मद्वारा) असल विद्यार्थीहरू पढाइए।
(मद्वारा) आज बल्ल तपाईँ चिनिनुभयो।

माथि दिइएका तीनवटा वाक्य कर्मवाच्य वाक्य हुन्। कर्मवाच्य वाक्यमा कर्मपद नै मुख्य हुने हुनाले त्यहाँ कर्मका लिङ्ग, वचन, पुरुष र आदरअनुसार नै क्रियापदको प्रयोग हुने गर्दछ। कर्मवाच्य वाक्यमा सकर्मक क्रियापदको मात्र प्रयोग हुन्छ। माथिका तीनवटै वाक्यमा प्रयोग भएका 'भेटिए', 'पढाइए' र 'चिनिनुभयो' सकर्मक क्रियापद हुन्। ती क्रियापद 'भेट्', 'पढाउ', 'चिन्' जस्ता धातुमा 'इ' प्रत्यय थपिई बनेको कर्मवाची धातु ('भेटि', 'पढाइ', 'चिनि' आदि) मा कर्मअनुसारका लिङ्ग, वचन, पुरुष र आदर जनाउने रूपायक (रूप

CC-0. In Public Domain. Digitization by eGangotri

चलाउने) प्रत्यय लागी बनेका हुन्छन्। कर्मवाच्य वाक्यमा कर्तापदको कुनै भूमिका र आवश्यकता रहँदैन; त्यसैले नै माथिका तीनवटा कर्मवाच्य वाक्यमा कर्तापदलाई कोष्ठकभित्र थन्क्याइएको छ।

यसरी कर्मवाच्य वाक्यमा (१) कर्मपद नै मुख्य हुने हुनाले कर्म र क्रियापदका बीच लिङ्ग, वचन, पुरुष र आदरको एकरूपता हुनुपर्दछ; (२) सकर्मक क्रियापदको मात्र प्रयोग हुन्छ; (३) अन्य धातुमा 'इ' थपिई बनेको कर्मवाची धातुमा कर्मअनुसारकै रूपायक प्रत्यय लागी बनेको क्रियापदको प्रयोग गरिन्छ र (४) कर्तापदको आवश्यकता पर्दैन र कर्तापद देखाउनु परे त्यसलाई कोष्ठकभित्र थन्क्याएर देखाए हुन्छ।

### भाववाच्य

(मद्वारा) आज त नाचिन्छ।
(मद्वारा) अब त सुतिन्छ।
(मद्वारा) बिहानै-बिहानै डुलिन्छ।

माथि दिइएका तीनवटा वाक्य भाववाच्य वाक्य हुन्। भाववाच्य वाक्यमा क्रियापदकै भाव वा अर्थ मुख्य रहन्छ। भाववाच्य वाक्यमा सधैँ पुंलिङ्ग, एकवचन, तेस्रो पुरुष र सामान्य आदर जनाउने क्रियापदको प्रयोग हुने गर्दछ। भाववाच्य वाक्यमा अकर्मक क्रियापदको प्रयोग हुने गर्दछ। माथिका वाक्यमा प्रयोग भएका 'नाचिन्छ', 'सुतिन्छ' र 'डुलिन्छ' जस्ता तीनवटै क्रियापद अकर्मक क्रियापद हुन्। त्यस्ता क्रियापदहरू 'नाच्', 'सुत्', 'डुल्' जस्ता धातुमा 'इ' प्रत्यय थपिई बन्ने नाचि, सुति, डुलि जस्ता भाववाची धातुमा पुंलिङ्ग, एकवचन, तेस्रो पुरुष र सामान्य आदर बुझाउने रूपायक प्रत्यय लागी बनेका हुन्छन्। भाववाच्य वाक्यमा कर्तापद आवश्यक रहँदैन।

यसरी भाववाच्य वाक्यमा (१) क्रियापदको भाव वा अर्थ नै मुख्य हुने हुनाले सधैँ पुंलिङ्ग, एकवचन, तेस्रो पुरुष र सामान्य आदर चलाउने क्रियापदको प्रयोग हुने गर्दछ; (२) अन्य अकर्मक धातुमा 'इ' थपिइ बनेको भाववाची धातुका क्रिया रूपको प्रयोग हुने गर्दछ; (३) अकर्मक क्रियापदको मात्र प्रयोग हुन्छ र (४) कर्तापदको आवश्यकता पर्दैन।

### कर्मवाच्यको भाववाची प्रयोग

| | कर्मवाच्य वाक्य | | कर्मवाच्यको भाववाची प्रयोगभएको वाक्य |
|---|---|---|---|
| (अ) | (मद्वारा) चौतारीमा राजा भेटिए। | (अ) | (मद्वारा) चौतारीमा राजालाई भेटियो। |
| (आ) | (मद्वारा) तपाईँ चिनिनुभयो। | (आ) | (मद्वारा) तपाईँलाई चिनियो। |
| (इ) | (मद्वारा) पुस्तकहरू पढिन्छन्। | | |

CC-0. In Public Domain. Digitization by eGangotri

माथि बायाँतिर दिइएका तीनवटै वाक्य कर्मवाच्य वाक्य हुन्। ती वाक्यमा प्रयोग भएका 'भेटिए', 'चिनिनुभयो' र 'पढिन्छन्' क्रियापद सकर्मक क्रियापद हुन् र त्यहाँ तिनको प्रयोग क्रमशः 'राजा', 'तपाईं' र 'पुस्तकहरू' भन्ने कर्मपदका लिङ्ग, वचन, पुरुष एवम् आदरसँग मेल राख्ने किसिमले भएको छ।

माथि दायाँतिर बायाँतिरकै (अ) र (आ) मा दिइएका कर्मवाच्य वाक्यका वैकल्पिक वाक्य दिइएका छन् भने बायाँतिरको (इ) मा दिइएको वाक्यको वैकल्पिक वाक्य त्यहाँ दिइएको छैन। माथि दायाँतिर (अ) र (आ) मा दिइएका वाक्यहरूमा प्रयोग भएका 'भेटियो' र 'चिनियो' क्रियापद पनि सकर्मक नै हुन् तर त्यहाँ तिनको प्रयोग कर्ता वा कर्मपदका अनुरूप नभई तिनको आफ्नै अर्थ वा भाव मुख्य रूपमा झल्किने गरी भएको छ। ती वाक्य कर्मवाच्य वाक्य नै भए पनि त्यहाँ कर्मअनुसार क्रियाका रूपको प्रयोग नभई भाववाच्य वाक्यमा जस्तै गरी पुंलिङ्ग, एकवचन, तेस्रो पुरुष र सामान्य आदरकै क्रियारूपको प्रयोग भएको छ। यी वाक्यहरू पनि नेपाली भाषामा चलेकै छन् र यस्ता वाक्यलाई कर्मवाच्यको भाववाची प्रयोगका रूपमा लिन उपयुक्त हुने देखिन्छ। तर बायाँतर्फ 'इ' मा दिइएको "(मद्वारा) पुस्तकहरू पढिन्छन्" जस्तो कर्मवाच्य वाक्यको भने भाववाची प्रयोग हुन नसक्ने देखिन्छ।

## ३४.३ वाच्य-परिवर्तन

कर्तृवाच्यबाट कर्मवाच्य र भाववाच्य तथा कर्मवाच्य र भाववाच्यबाट कर्तृवाच्यमा वाक्यलाई बदल्ने कामलाई नै वाच्य-परिवर्तन भनिन्छ। त्यसै गरी कर्मवाच्य वाक्यको भाववाची प्रयोगलाई पनि वाच्य-परिवर्तनभित्रै प्रक्रियाभित्र राख्न सकिन्छ।

## ३४.४ कर्तृवाच्यबाट कर्मवाच्यमा वाक्यान्तरण: सूत्र र प्रयोग

**(१) वाक्य**

(क) राम पुस्तकहरू पढ्छ।

(ख) राम बहिनीलाई कुट्छ।

**(२) सूत्र**

(अ) कर्ता + द्वारा/बाट

(आ) कर्म - लाई (वा कर्मपदमा 'लाई' लागेको छ भने हटाउने)

(इ) सामान्य धातु + इ = कर्मवाची धातु

(ई) कर्मवाची धातु + कर्मपदका लिङ्ग, वचन, पुरुषअनुसारको रूपायक प्रत्ययक्रियापद

माथि (१) को (क) र (ख) मा दुईवटा वाक्यहरू दिइएका छन्। ती दुवै वाक्य कर्तृवाच्यका वाक्य हुन्। तिनलाई वाच्यका आधारमा बदल्नु भनेको कर्मका आधारमा बदल्नु हो। त्यसैले माथि दिइएका ती वाक्यलाई त्यसको

CC-0. In Public Domain. Digitization by eGangotri

तलपट्टि (२) मा दिइएको सूत्रको अक्षरश: प्रयोग गरेर कर्मवाच्यमा बदल्न सकिन्छ।

(२) मा कर्मवाच्यमा बदल्ने सूत्र दिइएको छ। यो सूत्र कर्तृवाच्यको वाक्यलाई कर्मवाच्यमा बदल्ने अचुक अस्त्र हो। यस सूत्रअनुसार सर्वप्रथम कर्मवाच्यमा बदल्दा कर्तामा 'द्वारा/बाट' लगाउनुपर्छ। त्यसपछि कर्मपदमा यदि 'लाई' विभक्ति जोडिएको छ भने त्यसलाई हटाइदिनुपर्छ। त्यति गरिसकेपछि तेस्रो चरणमा त्यस क्रियापदमा रहेको सामान्य धातुमा 'इ' थप्नुपर्छ र त्यसपछि अन्तिम चरणमा कर्मको जुन वचन, पुरुष र लिङ्ग छ त्यसअनुरूपको रूपायक प्रत्यय कर्मवाची धातु (सामान्य धातु+इ) मा जोड्नुपर्छ। त्यति गरिसकेपछि वाक्य कर्मवाच्यमा बदलिन्छ। माथि (१) मा दिइएका वाक्यलाई माथि (२) मा दिइएका सूत्रको प्रयोग गरेर बदलौँ:

**प्रयोग**

**मूल वाक्य:**

राम पुस्तकहरू पढ्छ।

| | | | | |
|---|---|---|---|---|
| **सूत्र:** | (१) कर्ता+द्वारा | (२) कर्म-लाई | (३) सामान्य धातु+इ | (४) रूपायक प्रत्यय |
| **प्रयोग:** | रामद्वारा | पुस्तकहरू | पढ्+इ = पढि | (न्)छन् |

**परिवर्तित वाक्य:**

रामद्वारा पुस्तकहरू पढिन्छन्। (कर्मवाच्य)

**मूल वाक्य:**

राम बहिनीलाई कुट्छ।

| | | | | |
|---|---|---|---|---|
| **सूत्र:** | (१) कर्ता+द्वारा | (२) कर्म-लाई | (३) सामान्य धातु+इ | (४) रूपायक प्रत्यय |
| **प्रयोग:** | रामद्वारा | बहिनी | कुट्+इ = कुटि | (न्) छे |

**परिवर्तित वाक्य:**

रामद्वारा बहिनी कुटिन्छे।

## ३४.५ कर्तृवाच्यबाट कर्मवाच्यमा परिवर्तन र त्यसको भाववाची प्रयोग

| कर्तृवाच्य | कर्मवाच्य र त्यसको भाववाची प्रयोग |
|---|---|
| म भाइलाई भेट्छु। | (मद्वारा) भाइ भेटिन्छ। (कर्मवाच्य)<br>(मद्वारा) भाइलाई भेटिन्छ। (भाववाची प्रयोग) |
| म बहिनीलाई भेट्छु। | (मद्वारा) बहिनी भेटिन्छे।<br>(मद्वारा) बहिनीलाई भेटिन्छ। |
| म तपाईँलाई भेट्छु। | (मद्वारा) तपाईँ भेटिनुभयो।<br>(मद्वारा) तपाईँलाई भेटियो। |

CC-0. In Public Domain. Digitization by eGangotri

सजीव कर्मपदको प्रयोग भएको कर्तृवाच्य वाक्यको वाच्य-परिवर्तन दुई किसिमका वाक्यमा हुने गरेको देखिन्छ। माथिको तालिकामा बायाँतिर दिइएका कर्तृवाच्य वाक्य दायाँतिर दिइएका कर्मवाच्य वाक्य र कर्मवाच्यको भाववाची प्रयोग भएको वाक्यमा बदलिएका देखिन्छन्। ती वाक्यहरू कर्मवाच्यमा बदलिँदा तिनका कर्मपदमा रहेको 'लाई' विभक्तिको लोप भई सोही कर्मपदका लिङ्ग, वचन, पुरुष, आदरअनुसारका क्रियारूपको प्रयोग त्यहाँ भएको देखिन्छ भने भाववाची वाक्यमा बदलिँदाचाहिँ कर्मपदमा रहेको 'लाई' विभक्ति जस्ताको तस्तै रही क्रियापद भने भाववाच्यमा जस्तै गरी पुंलिङ्ग, एकवचन र तृतीय पुरुषको रूप लिई देखा परेको छ। यसरी सकर्मक क्रियापदको प्रयोग भएका र सजीव कर्मपद रहेका कर्तृवाच्य वाक्यहरू कर्मवाच्यका साथै त्यसको (कर्मवाच्यको) भाववाची प्रयोगमा समेत बदलिने प्रवृत्ति नेपाली भाषामा देखा पर्छ।

## ३४.६ थप कुरा: द्विकर्मकमा मुख्य कर्मअनुरूप क्रिया चल्ने

कर्तृवाच्यलाई कर्मवाच्यमा बदल्नु भनेको कर्तृवाच्यमा कर्तासँग सोझो सम्बन्ध रहेको क्रियापदको कर्तासँगको सम्बन्ध विच्छेद गरेर कर्मसँग सम्बन्ध जोर्नु हो। कर्मवाच्यमा बदलिएपछि कर्ताको हातमा रहेको क्रियापदमाथिको नियन्त्रण कर्मका हातमा पुग्दछ; कर्ताको औँलामा नाच्ने क्रियापद कर्मको इसारामा चल्दछ। सकर्मक क्रियापदको प्रयोग भएका वाक्यमा एउटा मात्र कर्म हुने भएकाले खास समस्या छैन तर द्विकर्मक क्रियापदको प्रयोग भएको वाक्यमा एउटै क्रियापदले दुई-दुईवटा कर्म लिएर आएको हुन्छ। त्यस्तो द्विकर्मक क्रियापदको प्रयोग भएको वाक्यलाई कर्मवाच्यमा वाक्यान्तरण गर्नुपर्दा कुन कर्मअनुसार क्रियापद चल्ने? यो समस्या देखापर्छ; जस्तै-

| कर्तृवाच्य | कर्मवाच्य |
|---|---|
| (१) राम पुस्तकहरू पढ्छ। | रामद्वारा पुस्तकहरू पढिन्छन्। |
| राम बहिनीलाई कुट्छ। | रामद्वारा बहिनी कुटिन्छे। |
| (२) हरिले मलाई पुस्तकहरू पढाउँछ। | हरिद्वारा मलाई पुस्तकहरू पढाइन्छन्। |
| | हरिद्वारा म पुस्तकहरू पढाइन्छु। |

माथि (१) मा दिइएका वाक्यमा कुनै समस्या छैन। त्यहाँ एउटा-एउटा कर्मपद भएकाले त्यही कर्मपदअनुसारको क्रियाको रूप त्यहाँका कर्मवाच्य वाक्यमा छ। तर (२) मा दिइएको वाक्यमा 'मलाई' र 'पुस्तकहरू' भन्ने दुईवटा कर्महरू लिएर 'पढाउँछ' भन्ने क्रियापद आएको छ। 'पढाउँछ' क्रियापदका बायाँपट्टि 'के' भन्ने प्रश्नका उत्तरमा आउने मुख्य कर्म र 'कसलाई' भन्ने प्रश्नका उत्तरमा आउने गौणकर्म छन्। त्यसैले त्यस्तो द्विकर्मक क्रियापदको

CC-0. In Public Domain. Digitization by eGangotri

प्रयोग भएको वाक्यमा 'मुख्य कर्म' वा 'गौण कर्म' कुन कर्मअनुरूप क्रियापदको प्रयोग गर्ने भन्ने विषयमा तलको प्रक्रिया अँगाल्नु वाञ्छनीय छ:

द्विकर्मक क्रियापद भएको वाक्यमा दुईवटा कर्मपद रहेछन् भने दुईवटै कर्मअनुसार एउटा क्रियापद चल्न सक्तैन; त्यसैले कुनै एक कर्म (मुख्य कर्म वा गौण कर्म) अनुरूप मात्र क्रियापद चलाउनुपर्छ; जस्तै:-

(१) रामले बहिनीलाई पुस्तक पढायो।

(२) रामले तपाईंलाई नाच सिकायो।

माथिका वाक्यमध्ये (१) मा 'बहिनीलाई' गौणकर्म र 'पुस्तक' मुख्य कर्म छन् भने (२) मा 'तपाईंलाई' गौण कर्म र 'नाच' मुख्य कर्म छन्। यस्ता वाक्यलाई कर्मवाच्यमा बदल्दा मुख्य कर्म वा गौण कर्ममध्ये जुन कर्मअनुरूप क्रियापदको रूप राख्ने हो त्यस कर्मको वचन, पुरुष र लिङ्गबमोजिमको रूपायक प्रत्यय कर्मवाची धातुका दायाँपट्टि जोड्नुपर्छ। यसअनुरूप माथिका वाक्यहरूलाई कर्मवाच्यमा गरिने परिवर्तन-प्रक्रिया हेरौं:

| | | | |
|---|---|---|---|
| (१) | रामले बहिनीलाई पुस्तक पढायो। | (अ) | रामद्वारा बहिनी पुस्तक पढाइई। |
| | | (आ) | रामद्वारा बहिनीलाई पुस्तक पढाइयो। |
| (२) | रामले तपाईंलाई नाच सिकायो। | (अ) | रामद्वारा तपाईं नाच सिकाइनुभयो। |
| | | (आ) | रामद्वारा तपाईंलाई नाच सिकाइयो। |

माथि बायाँपट्टि दिइएका दुईवटा कर्मपद भएका वाक्यहरूलाई दायाँपट्टि कर्मवाच्यमा परिवर्तन गरिएको छ। यसरी वाच्य-परिवर्तन गर्दा दायाँपट्टिको (अ) मा दिएको वाक्य गौणकर्मअनुरूप र (आ) मा दिइएको वाक्य 'मुख्य कर्म' अनुरूप परिवर्तन भएको छ। दुईवटा कर्मपद नै आएका खण्डमा वा माथिको परिस्थितिमा (अ) अनुरूपको वाच्य-परिवर्तनभन्दा (आ) अनुरूपको (मुख्य कर्मअनुरूपको) वाच्यपरिवर्तन सुहाउँदो देखिन्छ। तर द्विकर्मक क्रियापद भए पनि कर्मचाहिँ वाक्यमा एक मात्र देखापर्‍यो भने त्यही कर्मअनुरूपनै क्रियाको वाच्य परिवर्तित हुन्छ; जस्तै:

(१) रामले बहिनीलाई पढायो। → (अ) रामद्वारा बहिनी पढाइई।
→ (आ) रामद्वारा बहिनीलाई पढाइयो।

(२) रामले तपाईंलाई सिकायो। → (अ) रामद्वारा तपाईं सिकाइनुभयो।
→ (आ) रामद्वारा तपाईंलाई सिकाइयो।

माथि 'रामले बहिनीलाई पढायो' वाक्यमा 'बहिनीलाई' भन्ने एउटामात्र कर्मपद छ। हुनत 'पढायो' भन्ने क्रियापद द्विकर्मक क्रियापद हो र यसले अर्को कर्म पनि लिन सक्छ। तर वाक्यमा उपस्थित नै नभएको कर्मअनुरूप क्रियापद

CC-0. In Public Domain. Digitization by eGangotri

चलाउन सकिन्न। त्यसैले 'रामद्वारा बहिनी पढाइई' भन्ने वाक्य सो वाक्यको कर्मवाच्य-परिवर्तन हो भने 'रामद्वारा बहिनीलाई पढाइयो' भन्ने वाक्यचाहिँ कर्मवाच्यको भाववाची प्रयोग हो। त्यस्तै 'रामले तपाईंलाई सिकायो' वाक्यको कर्मवाच्य 'रामद्वारा तपाईं सिकाइनुभयो' हो भने कर्मवाच्यको भाववाची प्रयोग चाहिँ 'रामद्वारा तपाईंलाई सिकाइयो' हो।

## ३४.७ कर्तृवाच्यबाट भाववाच्यमा वाक्यान्तरण

अकर्मक क्रियापदको प्रयोग भएको कर्तृवाच्य वाक्य भाववाच्यमा परिवर्तित हुन्छ। भाववाच्यमा क्रियापदको आफ्नै भाव/अर्थ मुख्य हुने हुँदा त्यस क्रियापदमा सधैं एकवचन, पुलिङ्ग र तृतीय पुरुषको रूपायक प्रत्यय लागेको हुन्छ। भाववाच्यमा परिवर्तन गरिसकेपछि कर्तापद राखिरहनु आवश्यक छैन र राखियो भने पनि त्यस कर्तापदमा 'द्वारा/बाट' विभक्ति जोड्नुपर्छ। समग्रमा भाववाच्यमा परिवर्तन गर्दा निम्नानुसारको सूत्रलाई प्रयोग गर्नुपर्छ:

**सूत्र**

(१) कर्ता + द्वारा/बाट

(२) सामान्य धातु + इ = भाववाची धातु

(घ) भाववाची धातु + रूपायक प्रत्यय

| कर्तृवाच्य वाक्य | भाववाच्यमा परिवर्तन |
|---|---|
| दाजु हिजो आउनुभयो। | दाजुद्वारा हिजो आइयो। |
| बहिनी हिजो आइन्। | बहिनीद्वारा हिजो आइयो। |
| हामीहरू हिजो आयौं। | हामीहरूद्वारा हिजो आइयो। |

'दाजु हिजो आउनुभयो' भन्ने वाक्यमा 'दाजु' कर्ताअनुसार तृतीय पुरुष, एकवचन, पुलिङ्ग, आदरार्थी 'आउनुभयो' भन्ने क्रियापदको प्रयोग भएको छ। तर त्यसको ठीक दायाँपट्ट भाववाच्यमा बदलिँदा कर्ता + द्वाराको प्रक्रियाबमोजिम 'दाजु' कर्तापदमा 'द्वारा' पद थपिएको छ। त्यसपछि 'आउनुभयो' क्रियापदमा रहेको 'आउ' धातुमा [धातु+इ] को प्रक्रिया/सूत्रबमोजिम 'आइ' भाववाची धातु बनेको छ र 'नुभयो' भन्ने आदरार्थी, तृतीयपुरुष र एकवचनका रूपायक प्रत्ययका सट्टामा 'यो' भन्ने तृतीय पुरुष, पुलिङ्ग र एकवचनको रूपायक प्रत्ययको प्रयोग भएको छ। यसरी 'आउनुभयो' भन्ने क्रियापद 'आइयो' भन्ने क्रियापदमा बदलेर उक्त कर्तृवाच्य वाक्य भाववाच्य वाक्यमा बदलिन पुगेको छ।

माथि दिइएको 'बहिनी हिजो आइन्' भन्ने वाक्यलाई भाववाच्यमा परिवर्तन गर्दा 'बहिनीद्वारा हिजो आइयो' भन्ने वाक्य बनेको छ। 'बहिनी' एकवचन, तृतीय पुरुष, स्त्रीलिङ्गी र मध्यम आदरार्थी भएकाले तृतीय पुरुष, स्त्रीलिङ्गी र मध्यम आदरार्थी 'आइन्' क्रियापदको प्रयोग भएको कर्तृवाच्यको

CC-0. In Public Domain. Digitization by eGangotri

सो वाक्य कर्ता+द्वाराको प्रक्रियाबमोजिम 'बहिनीद्वारा' र धातु+इ+तृतीय पुरुष, एकवचन, पुलिङ्गी रूपायक प्रत्ययको योग गर्नुपर्ने प्रक्रियाबमोजिम 'आइयो' मा परिवर्तित भएको छ। फलस्वरूप उक्त वाक्य 'बहिनीद्वारा हिजो आइयो' भन्ने भाववाच्यको वाक्यका रूपमा देखापरेको छ।

माथि दिइएको तेस्रो वाक्य छ- 'हामीहरू हिजो आयौँ।' यस वाक्यमा 'हामीहरू' भन्ने प्रथम पुरुष र बहुवचन बुझाउने कर्तापदअनुरूप 'आयौँ' भन्ने क्रियापदको प्रयोग भएको छ। सो वाक्य भाववाच्यमा 'हामीहरूद्वारा हिजो आइयो' का रूपमा परिवर्तित भएको छ। यहाँ कर्तृवाच्यको कर्तापद 'हामीहरू' मा कर्ता+द्वाराको प्रक्रियाबमोजिम 'हामीहरूद्वारा' र 'आयौँ' क्रियापद धातु+इ+ एकवचन, पुलिङ्ग, तेस्रो पुरुष बुझाउने रूपायक प्रत्ययको योगबमोजिम 'आइयो' क्रियापदमा रूपान्तरित भएको छ। यसरी उक्त 'हामीहरू हिजो आयौँ' भन्ने वाक्य 'हामीहरूद्वारा हिजो आइयो' भन्ने भाववाच्यको वाक्यमा रूपमा देखा परेको छ।

यसरी माथिका वाक्यहरूमा रहेका 'आउनुभयो', 'आइन्' र 'आयौँ' क्रियापद 'आइयो', 'आइयो' र 'आइयो' मा रूपान्तरित भएर भाववाच्यका क्रियापद (तृतीय पुरुष, एकवचन, पुलिङ्ग बुझाउने) बन्न पुगेका छन्। यसबाट भाववाच्यमा क्रियाको भाव वा अर्थ नै मुख्य हुने हुनाले त्यसको रूप एकैनासको (तृतीय पुरुष, एकवचन, पुलिङ्ग बुझाउने) रहने कुरो स्पष्ट हुन्छ।

## ३४.८ कर्म र भाववाच्यबाट कर्तृवाच्यमा वाक्यान्तरण

कर्मवाच्य र भाववाच्यबाट कर्तृवाच्यमा वाक्यान्तरण गर्दा निम्नलिखित प्रक्रिया अँगाल्नुपर्दछ-

**सूत्र**

१) कर्ता+ले
२) सजीव कर्म + लाई
३) धातु - 'इ'
४) सामान्य धातु + रूपायक प्रत्यय

**कर्म र भाववाच्यका वाक्यहरू:**

(१) पुस्तकहरू पढिन्छन्।
(२) आज त हिँडियो।
(३) उसद्वारा आमा ढोगिनुभयो।

माथि (१) मा कर्मवाच्य, (२) मा भाववाच्य र (३) मा कर्मवाच्यका वाक्यहरू दिइएका छन् र तिनलाई कर्तृवाच्यमा बदल्नु छ।

कुनै पनि वाक्यलाई कर्तृवाच्यमा बदल्न भनिएको छ भने त्यो वाक्य कि त कर्मवाच्य हुन्छ कि त भाववाच्य हुन्छ। कर्तृवाच्यमा परिवर्तन गर्ने कर्म र भाववाच्यको वाक्य दिँदा कर्ता नै नराखेर दिने चलन पनि छ। माथि (१) र (२) मा दिइएका 'पुस्तकहरू पढिन्छन्' र 'आज त हिँडियो' भन्ने वाक्यमा कर्ता नै

CC-0. In Public Domain. Digitization by eGangotri

छैन। यस्ता कर्तापद नै नभएका वाक्यलाई कर्तृवाच्यमा बदल्नुपर्दा त्यहाँ सर्वप्रथम कर्तापद आफैले सोचेर राख्नुपर्छ। यसरी आफैले सोचेर कर्तापद राखेपछि पनि सो कर्तापदले जुन वचन, पुरुष, लिङ्ग र आदर बुझाएको हुन्छ त्यही वचन, त्यही पुरुष, त्यही लिङ्ग र त्यही आदरअनुरूपको क्रियापद त्यस वाक्यमा राख्नुपर्छ; जस्तै-

| कर्म र भाववाच्यका वाक्यहरू | कर्तृवाच्यमा वाक्यान्तरण |
|---|---|
| (१) पुस्तकहरू पढिन्छन्। | (१) ऊ पुस्तकहरू पढ्छ। |
| (२) आज त हिँडियो। | (२) ऊ आज त हिँड्यो। |
| (३) उसद्वारा आमा ढोगिनुभयो। | (३) उसले आमालाई ढोग्यो। |

माथि पहिलो वाक्य 'पुस्तकहरू पढिन्छन्' लाई कर्तृवाच्यमा बदल्दा सर्वप्रथम कर्ता+ले/० को प्रक्रियाबमोजिम कर्ता राख्नुपर्छ र आवश्यकतानुसार 'ले' राख्न वा नराख्न सकिन्छ। यसअनुरूप 'ऊ' भन्ने कर्तापद त्यहाँ राखिएको छ। त्यसपछि 'सजीव कर्म+लाई' को प्रक्रियालाई यहाँ प्रयोग गर्नुपरेन; किनभने यहाँ 'पुस्तकहरू' भन्ने निर्जीव कर्म छ। 'धातु-इ' को प्रक्रियाबमोजिम धातुमा भएको 'इ' हटाउनुपर्छ जसअनुसार यहाँ 'पढि' कर्मवाची धातु 'पढ्' सामान्य धातुमा रूपान्तरित हुन्छ। त्यसपछि पहिले आफूले राखेको 'कर्तापद 'ऊ' को एकवचन, तेस्रो पुरुष र पुलिङ्गअनुरूपको रूपायक प्रत्यय 'छ' लाई 'पढ्' का दायाँतिर प्रयोग गरिएको छ। फलस्वरूप 'पुस्तकहरू पढिन्छन्' भन्ने कर्मवाच्यको वाक्य 'ऊ पुस्तकहरू पढ्छ' भन्ने कर्तृवाच्यको वाक्यका रूपमा परिवर्तित भएको छ।

माथि दिइएको 'आज त हिँडियो' भन्ने दोस्रो वाक्य भाववाच्यको वाक्य हो। यसलाई पनि कर्तृवाच्यमा बदल्नु छ तर उक्त वाक्यमा कर्तापद छैन। कर्तापद नभएको भए पनि यस्ता वाक्यलाई कर्तृवाच्यमा लैजाँदा कुनै कर्तापद सोच्नै/राख्नै पर्छ र आफूले सोचेको/राखेको कर्तापदको वचन, पुरुष र लिङ्गअनुरूपकै क्रियापदको प्रयोग त्यहाँ गर्नुपर्छ। यसअनुसार उक्त दोस्रो वाक्यको वाच्यपरिवर्तन गर्दा 'ऊ' कर्तापद राख्ने हो भने 'ऊ आज त हिँड्यो' भन्ने कर्तृवाच्य वाक्य बन्न सक्छ। माथिका कर्ताको प्रयोग नगरिएका तर कर्तृवाच्यमा बदल्नुपर्ने वाक्यहरूको वाच्यपरिवर्तन गर्दा कर्तापदको चयनअनुसार क्रियापदको रूप फरक-फरक पनि हुन सक्छ; जस्तै:-

| | |
|---|---|
| पुस्तकहरू पढिन्छन्। | म पुस्तकहरू पढ्छु।<br>हामी पुस्तकहरू पढ्छौँ।<br>तँ पुस्तकहरू पढ्छस्।<br>तपाईं पुस्तकहरू पढ्नुहुन्छ।<br>उहाँ पुस्तकहरू पढ्नुहुन्छ।<br>तिमी पुस्तकहरू पढ्छौ। |

CC-0. In Public Domain. Digitization by eGangotri

| | |
|---|---|
| आज त हिँडियो। | म आज त हिँडे।<br>हामीहरू आज त हिँड्यौं।<br>तँ आज त हिँडिस्।<br>ऊ आज त हिँड्यो।<br>उनी आज त हिँडे।<br>तपाईं आज त हिँड्नुभयो। |

यसरी कर्तापद नरहेका कर्तृवाच्यमा बदल्नुपर्ने कर्मवाच्य वा भाववाच्य वाक्यको वाच्यपरिवर्तन गर्दा कर्तापदको चयनअनुसार नै क्रियापदको रूप प्रयोग गर्नुपर्दो रहेछ भन्ने बुझिन्छ।

माथि दिइएको तेस्रो वाक्य 'उसद्वारा आमा ढोगिनुहुन्छ' लाई कर्तृवाच्यमा लैजाँदा 'उसद्वारा' भन्ने कर्तापद वाक्यमा नै रहेको हुँदा उक्त कर्तापदमा रहेको 'द्वारा' विभक्ति हटाइदिनुपर्छ। त्यसपछि 'आमा' कर्मपदअनुसार चलेको 'ढोगिनुहुन्छ' क्रियापदलाई 'ऊ' कर्तापदअनुसार चल्ने गरी 'ढोग्छ' भन्ने क्रियापदमा बदल्नुपर्छ। यसरी माथिको तेस्रो वाक्यको वाच्यपरिवर्तन हुँदा 'ऊ आमालाई ढोग्छ' भन्ने एकमात्र वाक्य बन्दछ।

## ३४.९ वाच्य-परिवर्तन: संयुक्त र मिलित क्रियापदको प्रयोग भएका वाक्यमा

संयुक्त/मिलित क्रियापदको प्रयोग भएको कर्तृवाच्य वाक्यको वाच्यपरिवर्तन गर्दा के गर्नुपर्छ भन्ने कुरालाई तल दिइएका क्रियापदको रूप हेरे स्पष्ट हुन सक्छ:

| कर्तृवाच्य | कर्मवाच्य | प्रक्रिया |
|---|---|---|
| (१) खान्छ।<br>खाइसक्छ<br>खाइसकिहाल्छ<br>खाइसकिहाल्ला | खाइन्छ।<br>खाइसकिन्छ।<br>खाइसकिहालिन्छ।<br>खाइसकिहालिएला | खा+इ+छ।<br>खाइसक्+इ+छ।<br>खाइसकिहाल्+इ+छ।<br>हाइसकिहाल्+इ+एला। |
| (२) खाएको छ।<br>खाइसकेको छ।<br>खाइसकिहालेको छ। | खाइएको छ।<br>खाइसकिएको छ।<br>खाइसकिहालिएको छ। | खा+इ+एको छ।<br>खाइसक्+इ+एको छ।<br>खाइसकिहाल्+इ+एको छ। |
| (३) खानेगर्छ।<br>खान सक्छ<br>खान पाऊँ<br>खाइसक<br>गरिहेर<br>गरिहेर्छ | खानेगरिन्छ।<br>खान सकिन्छ।<br>खान पाइयोस्।<br>खाइसकियोस्।<br>गरिहेरियोस्।<br>गरिहेरिन्छ। | खानेगर्+इ+छ।<br>खान सक्+इ+छ।<br>खान पाउ+इ+ओस्।<br>खाइसक्+इ+ओस्।<br>गरिहेर्+इ+ओस्।<br>गरिहेर्+इ+छ। |

CC-0. In Public Domain. Digitization by eGangotri

## ३४.१० वाच्य-परिवर्तनका सीमा

सबै क्रियापदको प्रयोग भएका वाक्यको वाच्य-परिवर्तन हुँदैन। कुनै क्रियापदको प्रयोग भएका वाक्यको वाच्य नै परिवर्तन हुँदैन भने कुनै क्रियापदको प्रयोग भएका वाक्यको वाच्य परिवर्तन संरचनाका तहमा होला तर त्यो अर्थका तहमा शोभनीय र स्वीकार्यचाहिँ हुँदैन; जस्तै:-

(१) म यहाँ छु।
(२) तिमी त्यहाँ छौ।
(३) यो राम हो।
(४) कलम यहीँ थियो।
(५) रूख ढल्छ।
(६) बूढो मर्छ।
(७) बालक बढ्छ।
(८) पानी पर्छ।
(९) रूपेश यहीँ रहन्छ।
(१०) भात स्वादिलो हुन्छ।
(११) लुगा राम्रो लाग्छ।
(१२) मेरो केश फुल्यो।

उपर्युक्त किसिमका वाक्यहरूको वाच्य-परिवर्तन हुँदैन।

## अभ्यास

**तलका प्रश्नहरूको उत्तर लेख्नुहोस्।**

१. (क) वाच्य भन्नाले के बुझिन्छ?
   (ख) वाच्य कति प्रकारका छन् र ती के-के हुन्?

२. (क) वाच्य-परिवर्तन भनेको के हो? स्पष्ट पार्नुहोस्?
   (ख) कर्तृवाच्यबाट कर्मवाच्यमा परिवर्तन गर्दा प्रयोग गरिने मूल सूत्र के-के हुन्, लेख्नुहोस्।

३. दुईवटा कर्मपद भएको कर्मवाच्य वाक्यको क्रिया कुन कर्मअनुरूप चल्नु उपयुक्त हुन्छ?

४. (क) कर्तृवाच्यबाट भाववाच्यमा वाक्यान्तरण गर्दा प्रयोग गरिने सूत्रमा पर्ने मुख्य कुरा के-के हुन्?
   (ख) कर्मवाच्य र भाववाच्यबाट कर्तृवाच्यमा वाक्यान्तरण गर्दा प्रयोग गरिने सूत्रमा पर्ने मुख्य कुरा के-के हुन्?

CC-0. In Public Domain. Digitization by eGangotri

५. तलका वाक्यहरूका वाच्यलाई कोष्ठकमा दिइएको सङ्केतका आधारमा परिवर्तन गर्नुहोस्:

(क) रामले सीतालाई बोलायो। (कर्मवाच्य/भाववाची प्रयोग)
रामले मलाई बोलायो। (कर्मवाच्य/भाववाची प्रयोग)
रामले तिमीलाई बोलायो। (कर्मवाच्य/भाववाची प्रयोग)
रामले हामीलाई बोलायो। (कर्मवाच्य/भाववाची प्रयोग)
रामले तपाईंलाई बोलायो। (कर्मवाच्य/भाववाची प्रयोग)
रामले तँलाई बोलायो। (कर्मवाच्य/भाववाची प्रयोग)
रामले उनीहरूलाई बोलायो। (कर्मवाच्य/भाववाची प्रयोग)
रामले उसलाई बोलायो। (कर्मवाच्य/भाववाची प्रयोग)
रामले पुस्तक पढ्यो। (कर्मवाच्य/भाववाची प्रयोग)
रामले पुस्तकहरू पढ्यो। (कर्मवाच्य/भाववाची प्रयोग)

(ख) राम पुस्तक पढोस्। (कर्मवाच्य)
राम पुस्तकहरू पढोस्। (कर्मवाच्य)
रामले उनीहरूलाई कुटोस्। (कर्मवाच्य/भाववाची प्रयोग)
रामले तिमीलाई कुटोस्। (कर्मवाच्य/भाववाची प्रयोग)
रामले तँलाई कुटोस्। (कर्मवाच्य/भाववाची प्रयोग)
रामले सीतालाई कुटोस्। (कर्मवाच्य/भाववाची प्रयोग)
रामले तपाईंलाई भेटोस्। (कर्मवाच्य/भाववाची प्रयोग)
रामले हामीलाई लखेटोस्। (कर्मवाच्य/भाववाची प्रयोग)
रामले आमालाई ढोगोस्। (कर्मवाच्य/भाववाची प्रयोग)
म आफ्नो काम गरूँ। (कर्मवाच्य)
हामी आफ्नो काम गरौँ। (कर्मवाच्य)
तैँले आफ्नो काम गरेस्। (कर्मवाच्य)
तिमीहरूले भाइलाई नकुटे। (कर्मवाच्य)

(ग) मैले राम्रा-राम्रा कविता पढेँ। (कर्मवाच्य)
उनले राम्रा-राम्रा कपडा किनिन्। (कर्मवाच्य)
उसले राम्रा-राम्रा लुगा किन्यो। (कर्मवाच्य)
हरिले किताब र कापी किन्यो। (कर्मवाच्य)
श्यामले राम र श्यामलाई भेट्यो। (कर्मवाच्य)
उनीहरूले रमाइला ठाउँहरू देखे। (कर्मवाच्य)
मैले डाँडापाखा देखेँ। (कर्मवाच्य)
तैँले भाइ र बहिनीलाई हप्काएस्। (कर्मवाच्य/भाववाची प्रयोग)
मैले शेखर र गङ्गालाई भेटेँ। (कर्मवाच्य/भाववाची प्रयोग)
मैले शेखरलाई भेटेँ। (कर्मवाच्य/भाववाची प्रयोग)
मैले गङ्गालाई भेटेँ। (कर्मवाच्य/भाववाची प्रयोग)

CC-0. In Public Domain. Digitization by eGangotri

(घ) मैले तिमीलाई बोलाएको छु। (कर्मवाच्य/भाववाची प्रयोग)
उसले किताबहरू पढिसकेको छ। (कर्मवाच्य)
उसले किताबहरू पढिसकिहालेछ। (कर्मवाच्य)
उसले किताब पढिसकिहालेछ। (कर्मवाच्य)
हरि भाइलाई कुट्दै छ। (कर्मवाच्य/भाववाची प्रयोग)
हरि बहिनीलाई कुट्दै छ। (कर्मवाच्य/भाववाची प्रयोग)
तिमीले मलाई बोलाएका छौ रे! (कर्मवाच्य/भाववाची प्रयोग)
उनीहरूले मलाई बोलाएका छन् रे! (कर्मवाच्य/भाववाची प्रयोग)
मलाई सबैले हेला गर्छन्। (कर्मवाच्य/भाववाची प्रयोग)
जून र घाम दुवै देखिए। (कर्तृवाच्य)
तपाईंले भान्सा गर्नुभयो? (कर्मवाच्य)
तपाईं गुरुलाई आदर गर्नुहोस्। (कर्मवाच्य)

६. तलका वाक्यहरूका वाच्यलाई कोष्ठकमा दिइएको सङ्केतका आधारमा परिवर्तन गर्नुहोस्:

(क) हिउँले केही डाँडाकाँडा ढाक्ला। (कर्मवाच्य)
उनले त नुहाउने र खाने काम गरे। (कर्मवाच्य)
भोलि त म काठमाडौँ जान्छु। (भाववाच्य)
दाजु हाँस्नुभयो। (भाववाच्य)
आफू त ननुहाई पढिन्न। (कर्तृवाच्य)
मैले पुराना पुस्तक भेटेँ। (कर्मवाच्य)
आज त कतै पनि नगइएला। (कर्तृवाच्य)
आफू त लागू पदार्थ खाइन्न बा। (कर्तृवाच्य)
लक्ष्मण बाटैमा भेटिनेछन्। (कर्तृवाच्य)
भलादमीलाई सबैले पुज्छन्। (कर्मवाच्य)

(ख) उसले भाइलाई पुस्तक पढायो। (कर्मवाच्य)
हामीले उनीहरूलाई सम्झायौँ। (कर्मवाच्य/भाववाची प्रयोग)
हामीहरूले उनीहरूलाई काम गरायौँ। (कर्मवाच्य)
तपाईं बहिनीलाई यी पुस्तकहरू
पढाउनुहोस्। (कर्मवाच्य)
तपाईं बहिनीलाई पढाउनुहोस्। (कर्मवाच्य)
उनले तपाईंलाई पुस्तकहरू पठाएछन्। (कर्मवाच्य)
उनले तपाईंलाई पढाएछन्। (कर्मवाच्य)
उसले भाइलाई भकुन्डो खेलायो। (कर्मवाच्य)
उसले भाइलाई डुलायो। (कर्मवाच्य)

CC-0. In Public Domain. Digitization by eGangotri

(ग) अन्तर्वार्ता लिइयोस्। (कर्तृवाच्य)
रक्सीले मातिन्छ। (कर्तृवाच्य)
मान्य जनप्रति श्रद्धा गर। (कर्मवाच्य)
कलाकारहरू संसारमा पुजिन्छन्। (कर्तृवाच्य)
पर्सि उहाँ पुगिनेछ। (कर्तृवाच्य)
हिजो कता गइएको थियो? (कर्तृवाच्य)
बाटामा दुईचार साथी भेटिएलान्। (कर्तृवाच्य)
तिमी ध्यान दिएर पढ। (कर्मवाच्य)
आजै परीक्षा लिइन्छ। (कर्तृवाच्य)
उपस्थिति लिइयोस्। (कर्तृवाच्य)

(घ) बजारमा के-के पाइएलान्? (कर्तृवाच्य)
गाँजा खानाले मातिन्छ। (कर्तृवाच्य)
बिहानै सूर्य देखिन्छ। (कर्तृवाच्य)
गाँजाले ब्रहुलाइन्छ। (कर्तृवाच्य)
ओछ्यानमा बस्दा-बस्दै झकाइएछ। (कर्तृवाच्य)
खराब कामको दण्ड पाइएलाजस्तो छ। (कर्तृवाच्य)
जम्मै काम सिध्याइसकिएछ नि त! (कर्तृवाच्य)
तिमी आउने भए आऊ। (भाववाच्य)
तिमी जाने भए जाऊ। (भाववाच्य)
किन त्यस्तरी हाँसँदै छ? (कर्तृवाच्य)

(ङ) उसलाई बदमास नभनियोस्। (कर्तृवाच्य)
उसले तँलाई मानोस्। (कर्मवाच्य/भाववाची प्रयोग)
हरिले मलाई नकुटोस्। (कर्मवाच्य/भाववाची प्रयोग)
तिमी यी सब्रै पुस्तकहरू पढ। (कर्मवाच्य)
उनले तपाईंलाई मानून्। (कर्मवाच्य/भाववाची प्रयोग)
हामीले तपाईंहरूलाई ढोगौँ। (कर्मवाच्य/भाववाची प्रयोग)
अनाथमाथि दया गरियोस्। (कर्तृवाच्य)
मेरो हिसाब हेरियोस्। (कर्तृवाच्य)
तपाई भान्सा गर्नुहोस्। (कर्मवाच्य)
तपाई हिँड्नुहोस्। (भाववाच्य)

(च) मेरो प्रार्थना सुनियोस्। (कर्तृवाच्य)
असहायको सेवा गरियोस्। (कर्तृवाच्य)
तपाई यही आराम गर्नुहोस्। (कर्मवाच्य)
मेरो विचार पनि सुनियोस्। (कर्तृवाच्य)
उनीहरूमा कहिल्यै थकावट

CC-0. In Public Domain. Digitization by eGangotri

देखिएन। (कर्तृवाच्य)
भाइहरूले मलाई त थाङ्नामा सुताएछन्। (कर्मवाच्य/भाववाची प्रयोग)
कसले काम हेर्ला? (कर्मवाच्य)
उनीहरूलाई सम्झाइयोस्। (कर्तृवाच्य)
हामीलाई तपाईंले पढाउनुभयो। (कर्मवाच्य/भाववाची प्रयोग)
तँ घरतिर हिँड्। (भाववाच्य)

(छ) तपाईं के पढ्नुहुन्छ? (कर्मवाच्य)
केही काम गरिएन। (कर्तृवाच्य)
पर्सिदेखि आउनुहोस् न! (भाववाच्य)
कविहरूबाट कविता सुनाइएको थियो। (कर्तृवाच्य)
कहिलेकाहीँ दर्शन दिने गर्नुहोस् न! (कर्मवाच्य)
हिजो तपाईंद्वारा के खाइयो? (कर्तृवाच्य)
भाइका साथीहरू सिनेमा हेर्न गएछन्। (कर्मवाच्य)
आफू त दिनभरि घरमा बसिन्छ। (कर्तृवाच्य)
तिमी के लेख्दै छौ? (कर्मवाच्य)
~~म त समाज-सेवामा लाग्छ।~~ (भाववाच्य)
आफू त समाज सेवामा लागिन्छ।

(ज) आफू त नेपाली पढिन्छ। (कर्तृवाच्य)
आफू त डुल्न हिँडियो। (कर्तृवाच्य)
आफू त मस्तसँग घुमिन्छ। (कर्तृवाच्य)
म त भोलि आउँला। (भाववाच्य)
म त रोटी मन पराउँछु। (कर्मवाच्य)
म त घुम्न निस्कुँला। (भाववाच्य)
आफूले त व्याकरण पढिएन। (कर्तृवाच्य)
आफू त धेरै डुलिँदैन। (कर्तृवाच्य)

(झ) हामीले उनीहरूलाई कुट्यौँ। (कर्मवाच्य/भाववाची प्रयोग)
गुरुले उपदेश दिनुभएको थियो। (कर्मवाच्य)
आफू त गरिब भइयो। (कर्तृवाच्य)
पण्डितज्यूले भागवतको पाठ गर्नुभयो। (कर्मवाच्य)
आज त मजासँग लेखियो। (कर्तृवाच्य)
असहायको सेवा गरौँ। (कर्मवाच्य)
शेखरले गङ्गालाई माया गरे। (कर्मवाच्य/भाववाची प्रयोग)
म त रमाई-रमाई नाच्छु। (कर्मवाच्य)
हामी नैतिकताका बाटामा हिँडौँ। (भाववाच्य)
हामीले बाटामा धेरै यात्री भेट्यौँ। (कर्मवाच्य)

CC-0. In Public Domain. Digitization by eGangotri

(ञ) देवकोटाले राम्रा कविता लेखे। (कर्मवाच्य)
हामीले रमाइला डाँडा देख्यौं। (कर्मवाच्य)
हिउँले डाँडाकाँडा ढाक्ला। (कर्मवाच्य)
पाँचवटा किताब पाइएलान्। (कर्तृवाच्य)
तपाईंले आज कतिवटा किताब किन्नुभयो? (कर्मवाच्य)
हामी बाटामा दुईचार साथी भेटौँला। (कर्मवाच्य)
म उपन्यास र कथा पढ्छु। (कर्मवाच्य)
आकाशमा थुप्रै तारा देखिए। (कर्तृवाच्य)
हामी बाटामा थुप्रै साथीहरू भेट्नेछौँ। (कर्मवाच्य)
उसले आफ्ना छोराछोरीहरूलाई विजोगमा पारेछ। (कर्मवाच्य / भाववाची प्रयोग)

७. तल दिइएका वाक्यलाई आफ्ना कापीमा सारी कोष्ठकमा दिइएका धातु र सङ्केतका सहायताले खाली ठाउँ भर्नुहोस्:

(क) उसले लुगा .................................... (धु: कर्तृवाच्य)
हामी उत्तीर्ण .................................... (हु: कर्तृवाच्य)
प्रहरीले चोरलाई .................................... (पक्र: कर्तृवाच्य)
तँ कर्फी .................................... (पिउ: कर्तृवाच्य)
तपाईंले पुस्तकहरू .................................... (पढ्: कर्तृवाच्य)
बुबाले खाना .................................... (खा: कर्तृवाच्य)
तिमीले आफ्नो काम .................................... (गर्: कर्तृवाच्य)
उनीहरूलाई तिमीले .................................... (हप्काउ: कर्तृवाच्य)
हाम्रो जाँच .................................... (आउ: कर्तृवाच्य)
उनीहरूलाई मैले .................................... (डुलाउ: कर्तृवाच्य)
हामीले गृहकार्य .................................... (गर्: कर्तृवाच्य)
उनीहरू .................................... (जा: कर्तृवाच्य)
तिमीले पुस्तक .................................... (पढ्: कर्तृवाच्य)
उनीहरूले भाइलाई .................................... (पढाउ: कर्तृवाच्य)
हामीहरूले काम .................................... (सक्: कर्तृवाच्य)

(ख) लुगा.................................... (धु: कर्मवाच्य)
उत्तीर्ण .................................... (हु: भाववाच्य)
प्रहरीद्वारा चोर .................................... (पक्र: कर्मवाच्य)
कर्फी .................................... (पिउ: कर्मवाच्य)
तपाईंद्वारा पुस्तकहरू .................................... (पढ्: कर्मवाच्य)
बुबाद्वारा खाना .................................... (खा: कर्मवाच्य)
तिमीद्वारा आफ्नो खेत .................................... (हेर्: कर्मवाच्य)
उनीहरू तिमीद्वारा .................................... (हप्काउ: कर्मवाच्य)
हाम्रो जाँच .................................... (सक्: कर्मवाच्य)

CC-0. In Public Domain. Digitization by eGangotri

उनीहरूद्वारा तिमीलाई ........................ (डुलाउ: कर्मवाच्य)
हामीद्वारा गृहकार्य ................................ (गर्: कर्मवाच्य)
उनीहरूद्वारा ........................................ (जा: भाववाच्य)
तिमीहरूद्वारा पुस्तकहरू ........................ (पढ्: कर्मवाच्य)
उनीहरू भाइहरू ..................................... (पढाउ: कर्मवाच्य)
हामीहरूद्वारा यहाँबाट हिमाल .................. (देख्: कर्मवाच्य)

CC-0. In Public Domain. Digitization by eGangotri

## परिच्छेद पैंतीस

# करण-अकरण: परिचय र वाक्यान्तरण

### ३५.१ करण र अकरण

| अ | आ |
|---|---|
| (क) राम भात खान्छ। | (क) राम भात खान्न। |
| (ख) राम भात खान्थ्यो। | (ख) राम भात खान्नथ्यो। |
| (ग) राम भात खाला। | (ग) राम भात नखाला। |

माथि 'अ' अन्तर्गत दिइएका 'राम भात खान्छ', 'राम भात खान्थ्यो' र 'राम भात खाला' वाक्यहरूले भात खाने क्रिया वा काम भएको, हुने, गरेको वा गरिने अर्थ बुझाएका छन्। यी वाक्यहरूमा प्रयोग भएका क्रियापदले कुनै काम हुने भन्ने सकारात्मक अर्थलाई बुझाएका छन्। यस्तो सकारात्मक (हो भन्ने) अर्थ दिने क्रियापदलाई करण क्रिया भनिन्छ र सकारात्मक क्रियापदको प्रयोग भएका वाक्यलाई करण वाक्य भनिन्छ। माथि 'अ' (क) (ख) (ग) मा दिइएका वाक्यहरूमा करण क्रियापदको प्रयोग भएको छ। ती करण क्रियापदको प्रयोग भएका वाक्यले कुनै काम हुने भन्ने करण वा सकारात्मक अर्थ बुझाएकाले ती वाक्य पनि करण वाक्य हुन्।

माथि 'आ' अन्तर्गत (क), (ख) र (ग) मा दिइएका वाक्यहरू 'राम भात खान्न', 'राम भात खान्नथ्यो' र 'राम भात नखाला' भन्ने वाक्यहरूले भात खाने क्रिया वा कार्यव्यापार भएको, हुने, गरेको वा गरिने अर्थका ठीक विपरीत भात नखाने, नखाएको, नखाने भन्ने कार्यव्यापारलाई बुझाएका छन्। ती वाक्यहरूमा प्रयोग भएका क्रियापदहरूमध्ये 'खान्न', 'खान्नथ्यो' र 'नखाला' क्रियापदहरूले खाने काम नभएको वा नहुने भन्ने नकारात्मक अर्थलाई जनाएका छन्। त्यस्ता नकारात्मक (होइन भन्ने) अर्थ दिने क्रियापदलाई अकरण क्रियापद र त्यस्तो क्रियापदको प्रयोग भएका वाक्यहरूलाई अकरण वाक्य भनिन्छ। माथि 'आ' अन्तर्गत (क), (ख) र (ग) का वाक्यमा प्रयोग भएका 'खान्न', 'खान्नथ्यो' र 'नखाला' क्रियापदहरू अकरण क्रियापद हुन् र ती अकरण क्रियापदले वाक्यको अर्थलाई समेत नकारात्मक/निषेधात्मक बनाएकाले ती 'राम भात खान्न', 'राम भात खान्नथ्यो' र 'राम भात नखाला' भन्ने वाक्यहरू अकरण वाक्य हुन्।

माथि 'अ' अन्तर्गत (क), (ख) र (ग) मा दिइएका वाक्यहरूमा प्रयोग भएका 'खान्छ', 'खान्थ्यो' र 'खाला' क्रियापद 'आ' अन्तर्गतका (क), (ख) र (ग) का वाक्यमा 'खान्न', 'खान्नथ्यो', र 'नखाला' क्रियापदको रूपमा बदलिएका छन्।

CC-0. In Public Domain. Digitization by eGangotri

यसबाट के कुरा स्पष्ट हुन्छ भने करण क्रियापदमा 'न' जोडिन पुगेमा अकरण क्रियापद बन्दो रहेछ। यस्ता क्रियापदको प्रयोग हुँदा वाक्य पनि 'अकरण बन्दो रहेछ।

## ३५.२ करण क्रियापदमा अकरण जनाउने 'न' को प्रयोग

करण क्रियापदमा 'न' थपिई अकरण क्रियापद बन्ने गर्दछ। त्यो 'न' करण क्रियापदका सुरुमा वा बीचमा वा अन्त्यमा पनि थपिएको देखिन्छ। तल क्रियापदका सुरुमा, बीचमा र अन्त्यमा 'न' थपिने अवस्था दिइएका छन्।

### क्रियापदका सुरुमा 'न' को प्रयोग

(अ) विध्यर्थ र सम्भावनार्थ करण क्रियापदहरूका सुरुमा 'न' थपिई अकरण क्रियापद बन्दछ; जस्तै

| **करण क्रियापद** | **अकरण क्रियापद** |
|---|---|
| जाऊ | नजाऊ |
| जानुहोस् | नजानुहोस् |
| जाला | नजाला |
| जानुहोला | नजानुहोला |

### क्रियापदका बीचमा 'न' को प्रयोग

(अ) अज्ञात भूतकाल र अभ्यस्त भूतकालका करण क्रियापदका बीचमा 'न' थपिई अकरण क्रियापद बन्ने गर्दछ; जस्तै–

| **करण क्रियापद** | **अकरण क्रियापद** |
|---|---|
| जान्थ्यो | जान्नथ्यो |
| जानुहुन्थ्यो | जानुहुन्नथ्यो |
| गएछ | गएनछ |
| जानुभएछ | जानुभएनछ |

### क्रियापदका अन्त्यमा 'न' को प्रयोग

(अ) वर्तमान काल, भूत काल र भविष्यत् कालका सामान्य पक्ष, पूर्ण पक्ष र अपूर्ण पक्ष बुझाउने करण क्रियापदका अन्त्यमा 'न' थपिई 'अकरण' क्रियापद बन्ने गर्दछ; जस्तै–

| **करण क्रियापद** | **अकरण क्रियापद** |
|---|---|
| खान्छ | खान्न |
| खाएको छ | खाएको छैन |
| खाँदै छ | खाँदै छैन |
| खायो | खाएन |
| खाएको थियो | खाएको थिएन |
| खाँदै थियो | खाँदै थिएन |

CC-0. In Public Domain. Digitization by eGangotri

अपवाद: तीनै कालका सबै पक्षका द्वितीय पुरुष 'तँ' कर्ताका लागि प्रयोग गरिने करण क्रियापदका भने बीचमा 'न' थपिई अकरण क्रियापद बन्ने गर्छ; जस्तै–

| **करण क्रियापद** | **अकरण क्रियापद** |
|---|---|
| जान्छस् | जाँदैनस्/जान्नस् |
| खाइस् | खाइनस् |

## ३५.३ अकरण: अर्थ र संरचनाका तहमा

| अ | आ |
|---|---|
| (क) भात मीठो छ। | (क) भात नमीठो छ। |
| (ख) तरकारी स्वादिलो छ। | (ख) तरकारी खल्लो छ। |
| (ग) रिचर्ड सर नेपाली हुन्। | (ग) रिचर्ड सर अनेपाली हुन्। |
| (घ) यो कपडा असल छ। | (घ) यो कपडा कमसल छ। |
| (ङ) बालक रोएर सुत्यो। | (ङ) बालक नरोएर/नरोई सुत्यो। |
| (च) बिहान डुल्ने बानी राम्रो हो। | (च) बिहान नडुल्ने बानी राम्रो हो। |
| (छ) तिमी काममा हिँड्छौ। | (छ) तिमी बेकाममा हिँड्छौ। |
| (ज) ऊ जिम्मेवार व्यक्ति हो। | (ज) ऊ गैरजिम्मेवार व्यक्ति हो। |

माथि 'अ' मा (क) देखि (ज) सम्म आठवटा वाक्यहरू दिइएका छन्। ती प्रत्येक वाक्यहरूमा प्रयोग भएका सबै क्रियापदहरूले करण अर्थ वा सकारात्मक अर्थ बुझाएका छन्। ती क्रियापदहरू करण क्रियापद हुन् र ती क्रियापदहरूको प्रयोग भएका 'अ' का सबै आठवटा वाक्यहरूले करण अर्थ/सकारात्मक अर्थ बुझाएका छन्। त्यसैले 'अ' मा दिइएका सबै वाक्यहरू करण वाक्यहरू हुन्।

माथि 'आ' मा दिइएका (क) देखि (ज) सम्मका वाक्यहरूमा पनि 'अ' का वाक्यहरूमा प्रयोग भएका करण क्रियापदहरूको नै प्रयोग भएको छ; 'अ' का वाक्यहरूमा जुन-जुन क्रियापदको प्रयोग भएको छ 'आ' का वाक्यहरूमा पनि ती-ती क्रियापदहरूकै प्रयोग भएको छ। 'आ' का वाक्यहरूमा 'अ' का वाक्यहरूमा जस्तै करण क्रियापदको प्रयोग भए तापनि 'आ' का वाक्यहरू 'करण' क्रियापदको प्रयोग भएका अकरण वाक्यहरू हुन्; किनभने 'अ' का वाक्यहरूले जुन-जुन कुराहरूको सकारात्मक (हो भन्ने) अर्थ बुझाएका छन् 'आ' वाक्यहरूले ती-ती कुराको नकारात्मक/निषेधमूलक (होइन भन्ने) अर्थ बुझाएका छन्। यसरी 'अ' का वाक्यहरू 'करण' क्रियापदको प्रयोग भएका करण वाक्यहरू हुन् भने 'आ' का वाक्यहरू करण क्रियापदको प्रयोग भएका अकरण वाक्यहरू हुन्। यसबाट क्रियापद 'करण' भए पनि वाक्यचाहिँ अकरण बन्न सक्दो रहेछ भन्ने बुझिन्छ र यस प्रक्रियामा क्रियाको संरचना अकरणमा नबदली वाक्यको अर्थ मात्र अकरणमा बदल्ने गरिन्छ।

CC-0. In Public Domain. Digitization by eGangotri

माथि 'आ' मा दिइएका (क) 'भात नमीठो छ', (ख) 'तरकारी खल्लो छ', (ग) 'रिचर्ड सर अनेपाली हुन्', (घ) 'यो कपडा कमसल छ', (ङ) 'बालक नरोएर/नरोई सुत्यो', (च) 'बिहान नडुल्ने बानी राम्रो हो', (छ) 'तिमी बेकाममा हिँड्छौ', (ज) 'ऊ गैरजिम्मेबार व्यक्ति हो' भन्ने वाक्यहरूमा प्रयोग भएका 'नमीठो', 'खल्लो', 'अनेपाली', 'कमसल', 'नरोएर', 'नडुल्ने', 'बेकाममा' र 'गैरजिम्मेबार' जस्ता पदहरूले गर्दा ती वाक्यहरूको अर्थ अकरण हुन पुगेको हो। त्यसैले अर्थका दृष्टिले 'आ' का वाक्यहरू 'अकरण' भए पनि समापिका क्रियापदलाई अकरण नबनाइएकाले ती वाक्यहरूलाई 'अ' का करण वाक्यहरूको अकरण वाक्यान्तरण भन्न मिल्दैन; अर्थात् माथि 'अ' का वाक्यहरूको पूर्ण अकरण माथि 'आ' का वाक्यहरू होइनन्। माथि 'आ' मा दिइएका वाक्यहरूको पूर्ण अकरण वाक्यान्तरण निम्नानुसार मात्र हुन सक्छ:

| **(अ)** **करण वाक्यहरू** | **(आ)** **वाक्यको अर्थ अकरण** | **(इ)** **क्रियाको संरचना र वाक्यका अर्थको अकरण** |
|---|---|---|
| (क) भात मीठो छ। | (क) भात नमीठो छ। | (क) भात मीठो छैन। |
| (ख) तरकारी स्वादिलो छ। | (ख) तरकारी खल्लो छ। | (ख) तरकारी स्वादिलो छैन। |
| (ग) रिचर्ड सर नेपाली हुन्। | (ग) रिचर्ड सर अनेपाली हुन्। | (ग) रिचर्ड सर नेपाली होइनन्। |
| (घ) यो कपडा असल छ। | (घ) यो कपडा कमसल छ। | (घ) यो कपडा असल छैन। |
| (ङ) बालक रोएर सुत्यो। | (ङ) बालक नरोएर/नरोई सुत्यो। | (ङ) बालक रोएर सुतेन। |
| (च) बिहान डुल्ने बानी राम्रो हो। | (च) बिहान नडुल्ने बानी राम्रो हो। | (च) बिहान डुल्ने बानी राम्रो होइन। |
| (छ) तिमी काममा हिँड्छौ। | (छ) तिमी बेकाममा हिँड्छौ। | (छ) तिमी काममा हिँड्दैनौ। |
| (ज) ऊ जिम्मेबार व्यक्ति हो। | (ज) ऊ गैरजिम्मेबार व्यक्ति हो। | (ज) ऊ जिम्मेबार व्यक्ति होइन। |

माथिको तालिकाका करण वाक्यहरूको अकरणमा वाक्यान्तरण गर्नु पर्‍यो भने 'आ' अनुसार नगरी 'इ' अनुसार नै गर्नुपर्छ। 'आ' अनुसार वाक्यको अर्थमात्र अकरण हुन्छ भने 'इ' अनुसार वाक्यका अर्थ र संरचना दुवैको अकरण हुन्छ। त्यसैले कुनै पनि करण वाक्यलाई अकरणमा वाक्यान्तरण गर्दा त्यस वाक्यका क्रियापदलाई 'करण' मा नै रहन दिएर माथि 'आ' का वाक्यमा झैँ

CC-0. In Public Domain. Digitization by eGangotri

अकरणमा नवदली 'इ' का वाक्यहरूमा झैँ अकरणमा बदल्नुपर्दछ। यसो गर्दा क्रियापदको संरचना अकरणमा बदलिन्छ र वाक्यको अर्थ पनि अकरण बन्दछ।

## ३५.४ क्रियाको संरचनामात्र अकरण गर्दा अर्थमा बाधा पर्ने स्थान र निराकरण

### (क) व्यावहारिक सत्य: युगल अकरण/विपरीतार्थक

कुनै पनि वाक्यलाई अकरणमा बदल्नुपर्ने भएमा सर्वप्रथम सो वाक्यमा प्रयोग भएको समापिका क्रियालाई नै अकरणमा परिवर्तन गर्नुपर्छ। यसरी क्रियापदलाई अकरणमा बदल्दा सो अकरणमा बदलिएको वाक्यको अर्थ पनि उल्टिन्छ। त्यसरी सो अकरणमा बदलिएको वाक्यले दिने अर्थबाट व्यावहारिक सत्यमा आघात पर्न सक्छ। व्यावहारिक सत्य भनेको हाम्रो व्यवहारमा रहेको वास्तविक कुरो हो; जस्तै:-

(अ) पढ्ने विद्यार्थी उत्तीर्ण हुन्छ।
(आ) मिहिनेती राम उत्तीर्ण हुन्छ।

माथि (अ) र (आ) मा दिइएका वाक्यहरूले व्यावहारिक सत्यलाई प्रस्तुत गरेका छन्; किनभने जो विद्यार्थी राम्रोसँग पढ्छ त्यो उत्तीर्ण हुन्छ; यो व्यावहारिक सत्य हो। त्यस्तै मिहिनेती राम उत्तीर्ण हुनु पनि व्यावहारिक सत्य हो। तर यी दुई वाक्यलाई अकरणमा बदल्नुपर्दा यी दुई वाक्यमा रहेका क्रियापदलाई मात्र अकरण तुल्याएर पुग्दैन। क्रियापदलाई मात्र अकरण तुल्याउँदा 'पढ्ने विद्यार्थी उत्तीर्ण हुन्न' र 'मिहिनेती राम उत्तीर्ण हुन्न' जस्ता वाक्यहरू बन्न पुग्छन् र त्यसबाट व्यवहारिक सत्यमा आघात पर्न जान्छ। त्यसैले यस्तो परिस्थितिमा सो वाक्यमा रहेको कुनै अर्को पदमा निषेध जनाउने 'न' अक्षर थपेर युगल अकरण बनाउनुपर्छ। 'न' लिन नसक्ने पद भएमा सो वाक्यमा रहेको कुनै पदलाई विपरीतार्थक बनाएर भए पनि अर्थमा आघात नपर्ने गरी अकरणमा बदल्न सकिन्छ; जस्तै:-

| करण वाक्य | अकरण वाक्य |
|---|---|
| (अ) <u>पढ्ने</u> विद्यार्थी उत्तीर्ण <u>हुन्छ</u>। | <u>नपढ्ने</u> विद्यार्थी उत्तीर्ण <u>हुन्न</u>। ('न' थपिएको) |
| (आ) <u>मिहिनेती</u> राम उत्तीर्ण <u>हुन्छ</u>। | <u>अल्छी</u> राम उत्तीर्ण <u>हुन्न</u>। (विपरीतार्थी शब्द राखिएको) |

### (ख) शाश्वत् सत्य: अर्थ अस्वीकार्य/विपरीत

कुनै पनि वाक्यलाई अकरणमा बदल्नुपर्दा सो वाक्यको क्रियापदलाई अकरणमा बदल्नुपर्छ। यसरी वाक्यलाई अकरण बनाउँदा शाश्वत्-सत्यको अर्थ बुझाउने वाक्यमा पनि अर्थमा आघात पुग्न सक्छ। शाश्वत् सत्य बुझाउने वाक्यको क्रियापदलाई मात्र अकरणमा बदल्दा अकरण बनाइएको वाक्य

CC-0. In Public Domain. Digitization by eGangotri

अस्वाभाविक देखिन्छ। त्यस्तो परिस्थितिमा सो वाक्यको शाश्वत् अर्थमा आघात नपुग्ने गरी अकरणमा बदल्नुपर्छ। त्यसरी अकरणमा बदल्दा पनि युगल अकरण गर्ने वा विपरीतार्थक पद राख्ने वा सो बदलिएको वाक्यका अन्त्यमा 'अर्थ-अस्वीकार्य' भन्ने पदावली कोष्ठकभित्र राख्ने प्रक्रिया अपनाउन सकिन्छ; जस्तै:-

| | |
|---|---|
| | सूर्य पूर्वबाट नउदाउने होइनन्। (युगल अकरण) |
| (अ) सूर्य पूर्वबाट | सूर्य पश्चिमबाट उदाउँदैनन्। (विपरीतार्थी शब्दको प्रयोग) |
| उदाउँछन्। | सूर्य पूर्वबाट उदाउँदैनन्। (अर्थ-अस्वीकार्य) |

माथि (अ) मा बायाँपट्टि 'सूर्य पूर्वबाट उदाउँछन्' भन्ने शाश्वत् सत्य बुझाउने वाक्य दिइएको छ। सो वाक्यलाई अकरणमा बदल्नुपर्दा क्रियापदको संरचनामात्र अकरण बनाउँदा शाश्वत् सत्यका अर्थमा आघात पर्न जान्छ र त्यस वाक्यको अर्थ अस्वाभाविक देखिन्छ। त्यसैले माथि दिइएको वाक्य (अ) को वाक्यका दायाँपट्टि दिइएका तीनवटा वाक्यका ढङ्गको प्रयोग गरी शाश्वत् सत्य बुझाउने वाक्यलाई अकरणमा बदल्न सकिन्छ।

## (ग) सङ्केतार्थ वाक्य: युगल अकरण

सङ्केतार्थ वाक्यलाई अकरणमा परिवर्तन गर्नुपर्दा पनि समापिका क्रियापदलाई मात्र अकरण बनाएर पुग्दैन। सङ्केतार्थ वाक्यमा एउटा कारण बुझाउने (समापिका/असमापिका) क्रिया र अर्को कार्य बुझाउने समापिका क्रियापद हुन्छ। सङ्केतार्थ वाक्यमा करण बुझाउने क्रियालाई अकरणमा नबदलेर कार्य बुझाउने क्रियापदलाई मात्र अकरणमा बदल्ने हो भने सङ्केतार्थ वाक्यको अकरण-परिवर्तन अमिल्दो देखिन्छ। त्यसैले कारण-कार्यको अर्थ बुझाउने दुईवटा क्रिया भएको सङ्केतार्थ वाक्यलाई अकरणमा बदल्दा युगल अकरणको प्रक्रिया अँगाल्नुपर्छ; जस्तै:-

| | करण | अकरण |
|---|---|---|
| (अ) | पानी परे खेती सप्रन्छ। | पानी नपरे खेती सप्रन्न। |
| (आ) | राम्ररी पढे उत्तीर्ण भइन्छ। | राम्ररी नपढे उत्तीर्ण भइन्न। |

## (३) विशिष्ट प्रयोग: विपरीतार्थक/विपरीतबोधक

नेपाली भाषाका वाक्यलाई अकरण बनाउँदा केही विशिष्ट परिस्थितिहरू देखा पर्दछन्। त्यस्ता विशिष्ट परिस्थितिमा विशिष्ट प्रयोग गर्नुपर्दछ। विशिष्ट प्रयोग भनेको वाक्यको करण क्रियापदलाई अकरण क्रियापदमा बदलेपछि सो वाक्यमा रहेका केही पद वा पदावलीका सट्टा अरू पद/पदावलीहरूको विशेष प्रयोग गर्नु हो; जस्तै:-

CC-0. In Public Domain. Digitization by eGangotri

| | |
|---|---|
| (अ) राम जहिले पनि चुरोट खान्छ। | राम कहिल्यै पनि चुरोट खान्नँ। |
| (आ) जो पनि मूर्ख हुन्छन्। | कोही पनि मूर्ख हुँदैनन्। |

माथि (अ) मा 'राम जहिले पनि चुरोट खान्छ' भन्ने वाक्य दिइएको छ। सो वाक्यलाई ठीक दायाँपट्टि अकरणमा बदलेर देखाइएको पनि छ। यसरी अकरणमा परिवर्तन गर्दा त्यस वाक्यमा रहेको 'खान्छ' भन्ने क्रियापदलाई अकरणमा बदलेर पुन: 'जहिले पनि' भन्ने पदावलीका सट्टा 'कहिल्यै पनि' भन्ने पदावलीको विशेष प्रयोग गरिएको छ। त्यस्तै माथि (आ) मा 'जो पनि मूर्ख हुन्छन्' भन्ने वाक्य दिइएको छ। सो वाक्यलाई पनि दायाँपट्टि अकरणमा परिवर्तन गरी देखाइएको छ। त्यहाँ 'हुन्छन्' क्रियापदलाई अकरणमा परिवर्तन गरी 'हुँदैनन्' भन्ने अकरण क्रियापद बनाएर पुन: 'जो' भन्ने पदका सट्टा 'कोही' भन्ने पदको विशेष प्रयोग गरिएको छ। यसरी पद/पदावलीहरूको विशेष प्रयोग गरेर गरिने करण/अकरण-परिवर्तनलाई अकरण-परिवर्तनको विशिष्ट प्रयोग मान्न सकिन्छ। यस्ता विशिष्ट प्रयोगसँग सम्बन्धित केही पद-पदावलीहरूको परिवर्तन-प्रक्रिया यहाँ देखाइएको छ:

| | |
|---|---|
| जहिले पनि | कहिले पनि/कहिल्यै |
| सधैँ | कहिल्यै/कहिलेकाहीँ |
| जो | कोही |
| जत्ति पनि | कत्ति पनि |

## निचोड

करणबाट अकरणमा वाक्य-परिवर्तन गर्दा सबैभन्दा पहिले क्रियापदको रूपमा रहेको समापिका क्रियापदलाई अकरणमा बदल्नुपर्दछ। यसरी क्रियापदको संरचनालाई अकरणमा परिवर्तन गर्दा वाक्यको संरचनामा केन्द्रीय भूमिका निर्वाह गर्ने क्रियापदको संरचनाको अकरण, वाक्यको संरचनाको अकरण र वाक्यको अर्थको समेत अकरण हुन पुग्दछ। यसरी अकरणमा बदलिसकेपछि वाक्यको अर्थ अकरण भएर पनि व्यावहारिक सत्यका साथै शाश्वत् सत्य बुझाउने वाक्य र सङ्केतार्थ वाक्य तथा विशिष्ट प्रयोगका रूपमा आएका वाक्यहरूमा कता-कता अस्वाभाविक, अप्राकृतिक, अमिल्दो र अव्यावहारिक लाग्ने परिस्थिति पनि देखा पर्दछ। त्यस्तो परिस्थितिमा पनि सबैभन्दा पहिले मूल समापिका क्रियापदलाई अकरण बनाइहाल्नुपर्दछ। त्यसपछि आफूले पुन: अकरण बनाएको वाक्यलाई पढेर त्यसभन्दा अगाडि कुनै असमापिका क्रियापद (कृदन्त अव्यय) भए त्यसलाई अकरण बनाएर अर्थमा परेको असरलाई रोक्न सकिन्छ। यसरी गरिने अकरण युगल/डबल अकरण हो। कुनै-कुनै अवस्थामा समापिका क्रियापदलाई अकरणमा परिवर्तन गरी अर्को कुनै शब्दका सट्टा विपरीतार्थक शब्द राखेर पनि अकरणवाक्यान्तरण गर्नुपर्ने हुन्छ। अकरण-वाक्यान्तरण गर्दा यी सबै कुरालाई ध्यानमा राख्नुपर्दछ।

CC-0. In Public Domain. Digitization by eGangotri

# अभ्यास

**तलका प्रश्नहरूको उत्तर लेख्नुहोस्।**

१. (क) करण र अकरण भनेको के हो?
(ख) करण क्रिया र करण वाक्य भन्नाले के बुझिन्छ?
(ग) अकरण क्रिया र अकरण वाक्य भन्नाले के बुझिन्छ?

२. के क्रियालाई अकरणमा नबदली वाक्यलाई अकरण बनाउन सकिन्छ? स्पष्ट पार्नुहोस्।

३. अकरणमा वाक्यान्तरण गर्दा अर्थमा बाधा पर्ने स्थानहरू कुन-कुन हुन्?

४. व्यावहारिक सत्य भनेको के हो? त्यस्तो वाक्यलाई अकरणमा बदल्दा के गर्नुपर्छ?

५. के सङ्केतार्थ वाक्य एकल अकरणमा परिवर्तन हुन्छ? स्पष्ट पार्नुहोस्।

६. शाश्वत् सत्यको अर्थ बुझाउने वाक्यलाई अकरणमा बदल्नुपर्दा अर्थमा बाधा नपार्न कुन उपाय अपनाउनुपर्छ?

७. विशिष्ट प्रयोगका रूपमा आएका वाक्यलाई अकरणमा कसरी बदल्न सकिन्छ?

८. तलका वाक्यहरूलाई कोष्ठकमा दिइएको सङ्केतअनुसार परिवर्तन गर्नुहोस्:

(क) हरिलाई साथीहरू उपहार दिँदा हुन्। (अकरण)
बहिनी घर जान्छे। (अकरण)
बुबाले हाम्रो कुरा बुझ्नुभएन। (करण)
मलाई त्यसो नभनियोस्। (करण)
तपाईं मभन्दा धेरै जान्नुहुन्छ। (करण)
उनीहरू आउँदा हुन्। (अकरण)
म भात खान्थेँ। (अकरण)
उनीहरू हिँडिसकिहालेछन्। (अकरण)
म त्यहाँ गएँ। (अकरण)
तपाईं भोलि आउनुहोस्। (अकरण)

(ख) तपाईं जहाँ पनि जानुहुन्छ। (अकरण)
तपाईं जे पनि खानुहुन्छ। (अकरण)
तपाईं जति पनि खानुहुन्छ। (अकरण)
तपाईं लाई कसैले मन पराउँदैनन्। (करण)
तपाईं कहीँ पनि जानुहुन्न। (करण)
तपाईं जहिले पनि रक्सी खानुहुन्छ। (अकरण)
तपाईं जसलाई पनि हेप्नुहुन्छ। (अकरण)
तपाईं कसैलाई माया गर्नुहुन्न। (करण)
तपाईंको बानी मलाई साह्रै मन पर्छ। (अकरण)

CC-0. In Public Domain. Digitization by eGangotri

| | | |
|---|---|---|
| (ग) | आगाले पोल्छ। | (अकरण) |
| | सूर्य पूर्वबाट उदाउँछ। | (अकरण) |
| | मानिस सामाजिक प्राणी हो। | (अकरण) |
| | बिहान उज्यालो हुन्छ। | (अकरण) |
| | बत्तीले उज्यालो गराउँछ। | (करण) |
| | पृथ्वी गोलो छ। | (अकरण) |
| | पृथ्वी घुम्छ। | (अकरण) |
| (घ) | राम्ररी पढाए विद्यार्थीहरू उत्तीर्ण हुन्छन्। | (अकरण) |
| | विद्यालय खुले राम्रो हुन्छ। | (अकरण) |
| | पानी नपरे खेती सप्रन्न। | (करण) |
| | बादल नलागे पानी पर्दैन। | (करण) |
| | तिमीले बोलाएकाले म आएँ। | (अकरण) |
| | घाम नलागे लुगा सुक्दैनन्। | (करण) |
| | तिमीले निम्तो नगरे म आउँदिन। | (करण) |
| (ङ) | केटाकेटीहरू कहिल्यै चकचक गर्दैनन्। | (करण) |
| | म सधैं दालरोटी खान्न। | (करण) |
| | फटाहालाई कसैले पनि दया गर्दैन। | (करण) |
| | परमेश्वरले दिए जसले पनि दिन्छ। | (अकरण) |
| | म बिहान डुलेर मात्र भात खान्छु। | (अकरण) |
| | राम त कत्ति पनि पढ्दैन। | (अकरण) |
| | नपढ्ने विद्यार्थी कहिल्यै पनि उत्तीर्ण हुँदैन। | (करण) |
| | मिहिनेत नगरे कहिल्यै पनि उत्तीर्ण भइन्न। | (करण) |
| | ऊ त सधैं झुटो बोल्ने गर्छ। | (अकरण) |
| | सीता कहिल्यै झुटो बोल्दिन। | (करण) |
| (च) | असल चरित्र भएको व्यक्तिलाई सबैले सम्मान गर्छन्। | (अकरण) |
| | नपढ्ने विद्यार्थीलाई कुनै शिक्षकले पनि रुचाउँदैनन्। | (करण) |
| | म त कहिल्यै पनि मासु खान्न। | (करण) |
| | सत्यको कहिल्यै हार हुँदैन। | (करण) |
| | असल मित्रले आपत्तिमा पनि छाड्दैन। | (करण) |
| | ईश्वरले सबैको कल्याण गर्छन्। | (अकरण) |
| | हल्ला गर्ने विद्यार्थी असल होइन। | (करण) |
| | म जता पनि जान्छु। | (अकरण) |
| | ऊ जति पनि खान्छ। | (अकरण) |
| | हरि जहिले पनि अनुत्तीर्ण हुन्छ। | (अकरण) |

CC-0. In Public Domain. Digitization by eGangotri

(छ) लगातार हिँडिरहे लक्ष्यमा पुगिन्छ। (अकरण)
परमेश्वरले नदिए कसैले पनि दिन सक्तैन। (करण)
बिरामी भएकाले आज राम्ररी निदाउन सकिनँ। (करण)
गाँजा खाए मातिन्छ। (अकरण)
तँ गइस् भने म पनि जानेछु। (अकरण)
सेवा गरे मेवा मिल्छ। (अकरण)
खडेरी नपरेकाले मकै बाली बिग्रिएको छैन। (करण)
तिमी जान्छौ भने जाऊ। (अकरण)
आफू त ननुहाई पढिन्न। (करण)
पानी पर्नाले बाटो हिलो भयो। (अकरण)

(ज) म मिहिनेत गरेमा उत्तीर्ण हुन्छु। (अकरण)
काम गरे खाएको पच्छ। (अकरण)
पानी परे बाली सप्रन्छ। (अकरण)
धेरै खाए अपच हुन्छ। (अकरण)
ईश्वरको पूजा गरे धर्म कमाइन्छ। (अकरण)
पुसमा जाडो हुन्छ। (अकरण)
ज्येष्ठमा गर्मी हुन्छ। (अँकरण)
तिमीले बोलाए म आउँथे। (अकरण)
ऊ राम्ररी पढे उत्तीर्ण हुन्छ। (अकरण)
तिमी गयौ भने ऊ आउनेछ। (अकरण)

(झ) तलका सम्भावनार्थक करण वाक्यलाई पहिलो वाक्यमा देखाइएजस्तै गरी अकरणमा बदल्नुहोस्:
उसका छोरा हुनन्/होलान्। उसका छोरा होओइनन्/नहोलान्।
उनीहरू वनभोज जानन्/जालान्। ......................./..........।
आज पानी पर्ला। आज पानी परोइन/.............।
भोलि घाम लाग्ला। .... ................../..........।
हरि यहीं बस्ला। ......................./..........।
गणेश दूध खाला। ......................./..........।
ऊ इनाम पाउला। ......................./..........।
उनीहरू अन्यायमा पर्लान्। ......................./..........।

३. कोष्ठकमा दिइएका धातु र सङ्केतका सहायताले तलका वाक्यका खाली ठाउँ भर्नुहोस्:
(१) उसले लुगा .......................................... (धु: अकरण)
(२) हामी उत्तीर्ण .......................................... (हु: अकरण)
(३) प्रहरीले चोर .......................................... (पक्र: अकरण)
(४) तैंले कफी .......................................... (पिउ: अकरण)
(५) तपाईंले पुस्तकहरू ................................ (पढ्: अकरण)

CC-0. In Public Domain. Digitization by eGangotri

(६) बुबाले खाना ............................................ (खा: अकरण)
(७) तिमीले आफ्नो काम .................................. (थाल्: अकरण)
(८) उनीहरूलाई तिमीले .................................. (हप्काउ: अकरण)
(९) हाम्रो जाँच ............................................ (आउ: अकरण)
(१०) उनीहरूलाई मैले .................................... (डुलाउ: अकरण)
(११) हामीले गृहकार्य .................................... (गर्: अकरण)
(१२) उनीहरू ................................................ (आउ: अकरण)
(१३) तिमीले पुस्तक ...................................... (पढ्: अकरण)
(१४) उनीहरूले भाइलाई .................................. (पढाउ: अकरण)
(१५) हामीहरूले काम .................................... (सक्: अकरण)

●

CC-0. In Public Domain. Digitization by eGangotri

## परिच्छेद छत्तीस

# प्रेरणार्थक वाक्यान्तरणः प्रयोग र अभ्यास

| क | ख |
|---|---|
| १. बालक हिँड्छ। | १. दाजुले बालकलाई हिँडाउँछन्। |
| २. बालक पुस्तक पढ्छ। | २. दाजुले बालकलाई पुस्तक पढाउँछन्। |

माथि 'क' (१, २) का वाक्यहरू सामान्य धातुबाट निर्मित सामान्यार्थक क्रियापदको प्रयोग भएका सामान्य अर्थ बुझाउने अप्रेरणार्थक वाक्यहरू हुन्। ती 'क' (१, २) का वाक्यहरूका 'हिँड्+छ' र 'पढ्+छ' को ढाँचामा निर्मित क्रियापदहरूले 'हिँड्ने' र 'पढ्ने' भन्ने सामान्य अर्थ बुझाएका छन्।

माथि 'ख' (१, २) का वाक्यहरू प्रेरणार्थक वा प्रेरणार्थ धातुबाट निर्मित क्रियापदको प्रयोग भएका वाक्यहरू हुन्। सामान्य धातु+आउ को ढाँचामा प्रेरणार्थक धातु बन्दछ र प्रेरणार्थक धातु+रूपायक प्रत्ययको योगबाट प्रेरणार्थक क्रियापद बन्दछ। क्रियापद प्रेरणार्थक बन्नासाथ त्यसले वाक्यमा एउटा कर्मपद अनिवार्य रूपमा लिएर आउँछ। माथि 'ख' (१, २) का वाक्यहरूमा प्रयोग भएका 'हिडाउँछन्' र 'पढाउँछन्' दुईवटा प्रेरणार्थक क्रियापद छन्।

सामान्यार्थक वाक्यलाई प्रेरणार्थक वाक्यमा परिवर्तन गर्दा सबैभन्दा पहिले वाक्यको अर्थ हेर्नुपर्दछ। सामान्यार्थक वाक्यमा कर्तापदको रूपमा रहेको पद प्रेरणार्थकमा बदल्नासाथ कर्मपद बनाइन्छ; किनभने क्रियापद प्रेरणार्थक बन्नासाथ उक्त प्रेरणा/हौसला दिने वा हौस्याउने नयाँ प्रेरक पद कर्ताका स्थानमा नियुक्त गर्नुपर्दछ र अप्रेरणार्थक वाक्यमा वा प्रेरणार्थकमा बदल्नुपर्ने वाक्यमा विद्यमान पुरानो कर्तापदलाई 'कर्तापद+लाई' अनुरूप कर्मपदमा बदल्नुपर्दछ।

माथि (क) को 'बालक हिँड्छ' भन्ने वाक्यमा रहेको 'बालक' कर्तापद (ख) को 'दाजुले बालकलाई हिँडाउँछन्' भन्ने वाक्यमा 'बालकलाई' भन्ने कर्मपदमा बदलिएको छ। यसरी सामान्य/अप्रेरणार्थक वाक्यमा जुन पद कर्ताको आसनमा विराजमान हुन्छ सो पद प्रेरणार्थक वाक्यमा 'कर्मपद' भएर बस्दछ र सो कर्मपद प्रेरणा/हौसला लिने पदका रूपमा रहन्छ भने उक्त कर्मपदलाई प्रेरणा/हौसला दिने पदका रूपमा त्यहाँ नयाँ प्रेरक कर्तापद आउँछ र प्रेरणार्थक धातुको पछाडि लाग्ने लिङ्ग, वचन, पुरुष र आदरअनुसारको रूपायक प्रत्यय पनि नयाँ थपिएको प्रेरक कर्तापदअनुसारकै हुने गर्दछ। यसरी माथि 'ख' (१, २) का वाक्यहरूमा जुनजुन स्थानमा रेखाङ्कित गरिएको छ ती-ती पद,

CC-0. In Public Domain. Digitization by eGangotri

विभक्ति र रूपायक प्रत्यय अप्रेरणार्थक वाक्यबाट प्रेरणार्थकमा बदल्ने सन्दर्भमा थपिएका हुन्। त्यसैले माथि 'क' (१, २) मा रहेका 'बालक हिँड्छ' र 'बालक पुस्तक पढ्छ' भन्ने दुई अप्रेरणार्थक वाक्यहरूको प्रेरणार्थक वाक्यान्तरण क्रमश: 'दाजुले बालकलाई हिडाउँछन्' र 'दाजुले बालकलाई पुस्तक पढाउँछन्' भन्ने वाक्य हुन्।

**के क्रियापदको संरचनामात्र प्रेरणार्थक बनाएर वाक्य प्रेरणार्थकमा बदलिन्छ?**

क्रियापदको संरचनामात्र प्रेरणार्थक बनाउँदा वाक्य प्रेरणार्थक त बन्दछ तर अप्रेरणार्थकका रूपमा जुन वाक्य रहेको हुन्छ वा प्रेरणार्थकमा बदल्न भनेर जुन वाक्य दिइएको हुन्छ सो वाक्यको अर्थलाई वास्ता नगरेको र संरचनामात्र बदलिएको हुने हुँदा सो ढङ्गको वाक्यान्तरण सुहाउँदो र उपयुक्त मानिँदैन; जस्तै-

१ बालक पुस्तक पढ्छ। (क) बालकले पुस्तक पढाउँछ।
(ख) दाजुले बालकलाई पुस्तक पढाउँछन्।

माथि १ (क) को वाक्यमा १ को वाक्यलाई वाक्यान्तरण गर्दा केवल क्रियापदको संरचना वा बनोटमात्र बदलिएको छ र वाक्य पनि प्रेरणार्थक बन्न पुगेको छ तर यहाँ 'बालक पुस्तक पढ्छ' भन्ने अप्रेरणार्थक वाक्यमा पुस्तक पढ्ने कार्य आफैं गर्ने बालकले 'बालकले पुस्तक पढाउँछ' भन्ने वाक्यमा अर्कालाई पुस्तक पढ्न प्रेरणा दिने प्रशिक्षकका रूपमा देखा परेर अर्थमा असर पारेको छ। यसरी आफैं पुस्तक पढ्ने बालकलाई अर्कालाई पुस्तक पढ्न प्रेरणा वा हौसला दिने व्यक्तिका रूपमा उभ्याएर वाक्य-परिवर्तन गर्दा अर्थको उपेक्षा गरी संरचना वा बनोटलाई मात्र ध्यान दिएको देखिने हुँदा १ को उपयुक्त प्रेरणार्थक वाक्यान्तरण (क) होइन; यसको ठीक प्रेरणार्थक वाक्यान्तरण १ (ख) अर्थात् 'दाजुले बालकलाई पुस्तक पढाउँछन्' नै हो भन्ने बुझ्नुपर्दछ।

## ३६.१ प्रेरणार्थकमा वाक्यान्तरण गर्ने प्रक्रिया र प्रयोगको अभ्यास

(क)




चित्र

CC-0. In Public Domain. Digitization by eGangotri

(१) +नयाँ कर्तापद
(२) भएको कर्ता+लाई = कर्मपद
(३) धातु+आउ/न लगाउ = प्रेरणार्थक धातु
(४) प्रेरणार्थक धातु+नयाँ कर्ताअनुरूपको रूपायक प्रत्यय

माथिको चित्रमा प्रेरणार्थक बनाउँदा अपनाउनुपर्ने चारवटा प्रक्रियाहरूको क्रमबद्ध उल्लेख गरिएको छ। सबैभन्दा पहिले अप्रेरणार्थक वाक्यलाई प्रेरणार्थकमा बदल्दा प्रक्रिया नं. (१) अनुसार नयाँ प्रेरक कर्तापद वाक्यको सुरुमा थप्नुपर्छ। त्यसपछि प्रेरणार्थकमा बदल्नुपर्ने वाक्यमा रहेको कर्तापदमा प्रक्रिया नं. (२) अनुसार 'लाई' विभक्ति जोडिदिनुपर्दछ र यसबाट सो कर्तापद स्वतः कर्मपदमा रूपान्तरण हुन पुग्दछ। त्यति गरिसकेपछि फेरि सामान्य धातुबाट निर्मित सामान्य क्रियापदलाई प्रेरणार्थक क्रियापदमा बदल्नका लागि अप्रेरणार्थक वाक्यमा रहेको जुन क्रियापद छ त्यसलाई धातु+प्रत्यय गरी छुट्ट्याउनु पर्छ। त्यसपछि धातु र रूपायक प्रत्ययका बीचमा 'आउ' अथवा 'न लगाउ' प्रत्यय थप्नुपर्छ। त्यसपछि चौथो प्रक्रियाबमोजिम अप्रेरणार्थक वाक्यमा रहेको क्रियापदका वचन, पुरुष र लिङ्ग सोही अप्रेरणार्थक वाक्यमा रहेको कर्ताअनुसार रहेकामा अब प्रेरणार्थक वाक्यमा थपिएको नयाँ कर्तापदका वचन, पुरुष, लिङ्ग र आदरअनुरूप क्रियापद पनि बदलिन्छ; तर त्यसका काल, पक्ष, भाव, करण/अकरण/वचन भने यथावत् नै रहन्छन्। यसरी माथिका चारवटा प्रक्रियालाई क्रमबद्ध रूपमा लागू गरेमा अप्रेरणार्थक वाक्यलाई सजिलैसँग प्रेरणार्थक वाक्यमा बदल्न सकिन्छ।

माथिको चित्रअनुसारको प्रक्रियालाई तलका वाक्यमा प्रयोग गरिएको छः

**(ख) प्रयोगः**

अप्रेरणार्थक वाक्य - विद्यार्थी पाठ पढ्छ।

| १ | | २ | | ३ | ४ | |
|---|---|---|---|---|---|---|
| गुरुले | विद्यार्थी + | लाई | पाठ पढ् + | आउ | छ | + नुहुन्छ। |

**परिवर्तित वाक्यः** गुरुले विद्यार्थीलाई पाठ पढाउनुहुन्छ।

माथि 'विद्यार्थी पाठ पढ्छ' भन्ने अप्रेरणार्थक वाक्य दिइएको छ र त्यसलाई प्रेरणार्थकमा बदल्नु छ। सो वाक्यलाई प्रेरणार्थकमा बदल्ने क्रममा १, २, ३ र ४ को प्रक्रियाबमोजिम जुन-जुन पद, विभक्ति र रूपायक थपिएका छन् तिनलाई चारपाटे ☐ कोठाभित्र राखिएको छ। यसरी 'विद्यार्थी पाठ पढ्छ' भन्ने वाक्यको प्रेरणार्थक वाक्य 'गुरुले विद्यार्थीलाई पाठ पढाउनुहुन्छ' हो।

## ३६.२ विशेष परिस्थिति र प्रेरणार्थकमा परिवर्तन

प्रेरणार्थकमा बदल्दा मूलतः सामान्य धातुमा 'आउ' प्रत्यय लगाउनुपर्छ तर कुनै-कुनै धातुमा 'आउ' प्रत्यय लगाउन नमिल्ने परिस्थिति हुन्छ। त्यस्तो

CC-0. In Public Domain. Digitization by eGangotri

परिस्थिति आउँदा 'आउ' प्रत्ययको वैकल्पिक प्रयोगका रूपमा 'न लगाउ' भन्ने रूप थपेर मिलित प्रेरणार्थक क्रियापद बनाउनुपर्दछ। कतै प्रेरणार्थक क्रियापदलाई अझ अर्को प्रेरणार्थकमा बदल्नपर्ने पनि हुन सक्छ; त्यस्तो परिस्थितिमा पनि युगल प्रेरणार्थकका रूपमा वाक्यान्तरण गर्नुपर्दछ। तलका केही उदाहरणहरू हेरौं:

| अप्रेरणार्थक वाक्य | प्रेरणार्थक वाक्य |
|---|---|
| (१) भाइ आउँछ। | (१) दाजुले भाइलाई आउन लगाउँछन्। |
| (२) गुरु मलाई पढाउनुहुन्छ। | (२) गुरुले मलाई विद्यार्थीहरूलाई पढाउन लगाउनुहुन्छ। |
| (३) गुन्डो मऱ्यो। | (३) गुन्डाले नै गुन्डालाई माऱ्यो। |
| (४) राम उक्लन्छ। | (४) उसले रामलाई उकालो उकाल्छ। |
| (५) राम सप्रन्छ। | (५) दाइले रामलाई सपार्छ। |
| (६) राम चिया पिउँछ। | (६) श्याम रामलाई चिया पियाउँछ/पिलाउँछ। |
| (७) आगो बल्छ। | (७) भान्सेले आगो बाल्छ। |
| (८) राम खोलो तर्छ। | (८) माझीले रामलाई खोलो तार्छ। |
| (९) हरि बेसीतिर झऱ्यो। | (९) उसले हरिलाई बेसीतिर झाऱ्यो। |
| (१०) सरकार ढल्छ। | (१०) विपक्षी दलले सरकार ढाल्छ। |
| (११) हरि पल्लो कुर्सीमा सऱ्यो। | (११) आयोजकले हरिलाई पल्लो कुर्सीमा साऱ्यो। |
| (१२) विनया यहीँ रहन्छिन्। | (१२) कपिलले विनयालाई यहीँ राख्छन्। |
| (१३) दूध उम्लिन्छ। | (१३) आगाले दूध उमाल्छ। |
| (१४) नौनी पग्लिन्छ। | (१४) आगाले नौनी पगाल्छ। |
| (१५) रमा सिँढीबाट ओर्लन्छे। | (१५) गीताले रमालाई सिँढीबाट ओराल्छिन्। |
| (१६) दाँत फुक्लिन्छ। | (१६) दाँतको डाक्टरले दाँत फुकाल्छ। |
| (१७) जाँच बिग्रन्छ। | (१७) हरिले जाँच बिगार्छ। |
| (१८) सुनीतिको दांत फुक्लियो। | (१८) डाक्टरले सुनीतिको दाँत फुकाल्यो। |
| (१९) हाम्रो झन्डा कहिल्यै लत्रेन। | (१९) शत्रुले हाम्रो झन्डालाई कहिल्यै लतारेन। |
| (२०) खराब केटो अहिले सप्रियो। | (२०) शिक्षकले खराब केटालाई अहिले सपारे। |
| (२१) गाईवस्तु बेसीतिर ओर्ले। | (२१) गोठालाले गाईवस्तुलाई बेसीतिर ओराल्यो। |
| (२२) भैँसीका थुन पग्रिए। | (२२) पाडीले भैँसीका थुन पगाऱ्यो। |

माथिका वाक्यहरूमध्ये पहिलो वाक्य 'भाइ आउँछ' मा प्रयोग भएको 'आउँछ' क्रियापदको 'आउ' धातुमा प्रेरणार्थक 'आउ' प्रत्यय थप्न नमिल्ने हुनाले त्यहाँ प्रेरणार्थकको दोस्रो विकल्प 'न लगाउ' प्रयोग गर्नुपरेको छ। दोस्रो वाक्य

CC-0. In Public Domain. Digitization by eGangotri

'गुरु मलाई पढाउनुहुन्छ' मा 'पढाउनुहुन्छ' भन्ने प्रेरणार्थक क्रियापद नै छ; त्यसैले त्यहाँ युगल (दोहोरो) प्रेरणार्थक बनाउनुपर्ने परिस्थिति देखा परेकाले 'पढाउन लगाउनुहुन्छ' भन्ने क्रियापद बनाउनुपरेको छ। तेस्रो वाक्यमा 'मऱ्यो' को 'मार्‍यो' भन्ने प्रेरणार्थक रूप बनेको छ। चौथो वाक्य 'राम उकालो उक्लन्छ' मा 'उक्लन्छ' क्रियापदका धातुमा 'आउ' प्रत्यय नलागी 'आल्' प्रत्यय लागेर 'उकाल्छ' भन्ने प्रेरणार्थक क्रियापद बन्न पुगेको छ। पाँचौं वाक्य 'राम सप्रन्छ' मा धातुमा लाग्ने 'आउ' प्रत्यय वा 'न लगाउ' रूप लागेर बन्ने 'सप्राउँछ' र 'सप्रन लगाउँछ' भन्ने प्रयोगका सट्टा 'सपार्छ' भन्ने प्रेरणार्थक क्रियापदको प्रयोग भएको छ र यहाँ बीचमा थपिएको 'आ' ले प्रेरणार्थक क्रियापद बनाएको छ। त्यस्तै छैटौं वाक्य 'राम चिया पिउँछ' को प्रेरणार्थक वाक्य 'श्यामले रामलाई चिया पियाउँछ/पिलाउँछ' मा 'आउ' प्रत्ययका सट्टा 'याउ'/'लाउ' प्रत्यय लागेर 'पिउ' धातुको 'पियाउ'/'पिलाउ' भन्ने प्रेरणार्थक रूप बनेको छ। त्यसपछिका वाक्यहरूमा 'धातु + आ' का प्रक्रियाबाटै बनेका विविध प्रेरणार्थक क्रियापदको प्रयोग भएको छ।

माथिका उदाहरणहरूबाट के बुझिन्छ भने प्रेरणार्थक धातु बनाउँदा 'आउ' प्रत्यय अधिकांश ठाउँमा प्रयोग त हुन्छ तर विशेष परिस्थितिमा सामान्य धातुमा 'आउ' प्रत्यय थप्नु मात्र प्रेरणार्थकका निम्ति पर्याप्त हुँदैन।

**अप्रेरणार्थक वाक्यबाट प्रेरणार्थकमा वाक्यान्तरण: उदाहरण**

(१) तिमीले के-के लेखेका छौ?
उनले तिमीलाई के-के लेखाएका छन्?

(२) तिमी कहिले आउँछौ?
उसले तिमीलाई कहिले आउन लगाउँछ?

(३) तिमी पुस्तक पढौंला।
दाजुले तिमीलाई पुस्तक पढाउलान्।

(४) तिमीले आफ्नो काम गरे।
उसले तिमीलाई आफ्नो काम गराओस्।

(५) म पुस्तक पढूँ।
उसले मलाई पुस्तक पढाओस्।

## अभ्यास

**तलका प्रश्नहरूको उत्तर लेख्नुहोस्।**

१. प्रेरणार्थक क्रियापद कसरी बन्दछ?

२. (क) प्रेरणार्थक वाक्यान्तरण गर्दा अप्रेरणार्थक वाक्यमा रहेको कर्तापद केमा बदलिन्छ?
   (ख) 'प्रेरक' कर्तापद भनेको कस्तो कर्तापद हो?

CC-0. In Public Domain. Digitization by eGangotri

३. (क) के क्रियापदको संरचनामात्र प्रेरणार्थक बनाएर वाक्य प्रेरणार्थक बन्दछ? ठीक उत्तर लेख्नुहोस्।

४. कस्तो परिस्थितिमा 'आउ' प्रत्यय लगाउँदा पनि प्रेरणार्थक क्रियापद बन्दैन?

५. कोष्ठकमा दिइएको सङ्केतका आधारमा तल दिइएका वाक्यहरूलाई परिवर्तन गर्नुहोस्:

| | | |
|---|---|---|
| १. | चमेली घर जान्छे। | (प्रेरणार्थक) |
| २. | चमेली भात खान्छे। | (प्रेरणार्थक) |
| ३. | भाइ आजै आउँछ। | (प्रेरणार्थक) |
| ४. | मेरो भाइ राम्ररी पढ्छ। | (प्रेरणार्थक) |
| ५. | उनीहरू गाँजाले मात्छन्। | (प्रेरणार्थक) |
| ६. | उनीहरू विदेशमा पढ्छन्। | (प्रेरणार्थक) |
| ७. | म तँलाई सम्झाउँछु। | (प्रेरणार्थक) |
| ८. | आमा आफै डुल्नुहुन्छ। | (प्रेरणार्थक) |
| ९. | आमा भाइलाई डुलाउनुहुन्छ। | (प्रेरणार्थक) |
| १०. | भाइ आफै रुन्छ। | (प्रेरणार्थक) |
| ११. | ऊ भाइलाई रुवाउँछ। | (प्रेरणार्थक) |
| १२. | म त नेपालमै बस्छु। | (प्रेरणार्थक) |
| १३. | म त नेपाली नै पढ्छु। | (प्रेरणार्थक) |
| १४. | उनीहरू त्यहाँ रहन्नन्। | (प्रेरणार्थक) |
| १५. | उनीहरू अन्याय सहन्नन्। | (प्रेरणार्थक) |
| १६. | यी पुस्तकहरू पढियून्। | (प्रेरणार्थक) |
| १७. | भाइ पुस्तक पढोस्। | (प्रेरणार्थक) |
| १८. | तैँले पुस्तक पढेस्। | (प्रेरणार्थक) |
| १९. | उनीहरूले काम गरून्। | (प्रेरणार्थक) |
| २०. | तिमीले के काम गरेका छौ? | (प्रेरणार्थक) |
| २१. | उनीहरू पुस्तक पढ्थे। | (प्रेरणार्थक) |
| २२. | हामी पोखरातिर घुम्यौँ। | (प्रेरणार्थक) |
| २३. | भाइ मस्तसँग सुतेछ। | (प्रेरणार्थक) |
| २४. | उनीहरू विदेशतिर जालान्। | (प्रेरणार्थक) |
| २५. | म पुस्तक पढूँ। | (प्रेरणार्थक) |

६. तलका अप्रेरणार्थक वाक्यहरूलाई 'शिक्षकले' भन्ने प्रेरक कर्तापद थपेर प्रेरणार्थक वाक्यमा बदल्नुहोस्:

म नेपाली पढ्छु र राम्रोसँग बुझ्छु। मेरी दिदीले पनि पोहोर साल धेरै पढ्नुभयो, राम्ररी बुझ्नुभयो र सफलताका साथ एस्.एल्.सी.को नदी तर्नुभयो। यसपालि म पनि यो एस्.एल.सी.को उकालो सजिलैसँग उक्लन्छु।

CC-0. In Public Domain. Digitization by eGangotri

७. तलको अनुच्छेद पढ्नुहोस् र त्यसपछि भनिएका कामहरू गर्नुहोस्:
म पोखरा घुमेँ र त्यहाँबाट तीन दिनपछि फर्कें। मैले पोखराको फेवातालमा पौडी खेलेँ। मैले त्यहाँको महेन्द्रगुफा पनि देखेँ। मैले घान्द्रुकको भ्रमण पनि गरेँ र त्यहाँ हिमालका सुन्दर दृश्यहरू हेरेँ। मैले महेन्द्रपुलमुनि भासिएकी सेती नदी देखेँ। म निकै तर्सें।

(अ) माथिको अनुच्छेदका प्रत्येक वाक्यमा 'तँ/तैँले' प्रेरक कर्ता थपी ती वाक्यलाई प्रेरणार्थक बनाउनुहोस्।

(आ) माथिको अनुच्छेदका प्रत्येक वाक्यमा 'ऊ/उसले' प्रेरक कर्ता थपी ती वाक्यलाई प्रेरणार्थक बनाउनुहोस्।

(इ) माथिको अनुच्छेदका प्रत्येक वाक्यमा 'बुबा' प्रेरक कर्तापद थपी ती वाक्यलाई प्रेरणार्थक बनाउनुहोस्।

●

CC-0. In Public Domain. Digitization by eGangotri

परिच्छेद सैंतीस

# उक्ति र उक्ति-परिवर्तन

## ३७.१ उक्तिको परिचय

उक्ति भनेको भनाइ हो। यसलाई कथन पनि भन्दछन्। कसैले भनेको कुनै भनाइ वा कथन नै उक्ति हो। यसरी कसैले भनेको भनाइलाई वक्ताले पुन: भन्न खोज्दा सो भनाइ वा उक्ति दुई किसिमले राख्न सक्तछः- (१) कसैले भनेको कथनलाई शब्दश: प्रस्तुत गरेर र (२) कसैले भनेको कथनलाई वक्ताले आफ्नोतर्फबाट दोहोऱ्याएर।

## ३७.२ उक्तिका प्रकार: प्रत्यक्ष कथन र अप्रत्यक्ष कथन

उक्ति दुई प्रकारका छन्: (क) प्रत्यक्ष कथन र (ख) अप्रत्यक्ष कथन।

### (क) प्रत्यक्ष कथन

कसैले भनेको उक्ति वा कथनलाई दोस्रो व्यक्तिले पुन: दोहोऱ्याएर जस्ताको तस्तै वा शब्दश: प्रस्तुत गर्दछ भने त्यो कथन प्रत्यक्ष कथन हुन्छ। प्रत्यक्ष कथनमा कसैको भनाइलाई यथावत् वा प्रत्यक्ष रूपमा प्रस्तुत गर्नुपर्दा त्यसलाई उद्धरण चिह्न (" ") भित्र राखेर प्रस्तुत गरिन्छ। यसरी कसैको भनाइलाई प्रत्यक्ष रूपमा राख्ने वक्ताका तर्फबाट एउटा परिचयात्मक वाक्य पनि जोडिएको हुन्छ। उक्त परिचयात्मक वाक्यलाई कथयिता अंश र उद्‌धृत वाक्यलाई कथन अंश पनि भन्ने चलन छ; जस्तै:-

| परिचयात्मक वाक्य | उद्‌धृत वाक्य |
|---|---|
| रामले भन्यो- | "म भात खान्नँ।" |
| हरिले भन्यो- | "म खेल्न जान्छु।" |

### (ख) अप्रत्यक्ष कथन

कसैले भनेको उक्ति वा कथनलाई दोस्रो व्यक्तिले पुन: दोहऱ्याएर प्रस्तुत गर्दा आफ्नो तर्फबाट मिलाएर प्रस्तुत गर्दछ भने त्यस्तो उक्तिलाई अप्रत्यक्ष कथन भनिन्छ। अप्रत्यक्ष कथनमा उद्धरण-चिह्नको प्रयोग गरिँदैन। कसैको उक्ति/कथनलाई दोहोऱ्याउने वक्ताले अप्रत्यक्ष रूपमा भन्दा दोस्रो व्यक्तिले भनेअनुसारको उक्ति/कथनका काल, पुरुष आदिमा पनि परिवर्तन आउन सक्तछ; जस्तै:-

CC-0. In Public Domain. Digitization by eGangotri

| प्रत्यक्ष कथन | अप्रत्यक्ष कथन |
| --- | --- |
| रामले भन्यो- "म भात खान्नँ।" | रामले आफूले भात नखाने कुरो भन्यो। |
| हरिले भन्यो- "म खेल्न जान्छु।" | हरिले खेल्न जाने कुरो गऱ्यो। |

## ३७.३ उक्ति-परिवर्तन

प्रत्यक्ष कथनबाट अप्रत्यक्ष कथन र अप्रत्यक्ष कथनबाट प्रत्यक्ष कथनमा कुनै उक्तिलाई बदल्ने प्रक्रियालाई नै उक्तिपरिवर्तन भनिन्छ।

### (क) प्रत्यक्ष कथनबाट अप्रत्यक्ष कथनमा परिवर्तन

| प्रत्यक्ष कथन | अप्रत्यक्ष कथन |
| --- | --- |
| गुरुले भन्नुभयो- "भोलि गृहकार्य नगरे सजाय पाउँछौ।" | १) गुरुले भोलि गृहकार्य नगरे सजाय पाउने कुरा बताउनुभयो।<br>२) गुरुले के भन्नुभयो भने भोलि गृहकार्य नगरे सजाय पाउँछौ।<br>३) भोलि गृहकार्य नगरे सजाय पाउँछौ भनी गुरुले भन्नुभयो।<br>४) गुरुले के बताउनुभयो भने गृहकार्य नगरे उहाँ भोलि सजाय दिनुहुन्छ। |

### (ख) अप्रत्यक्ष कथनबाट प्रत्यक्ष कथनमा परिवर्तन

गुरुले भोलि आफू नआउने कुरो भन्नुभयो। (अप्रत्यक्ष कथन)
गुरुले भन्नुभयो- "म भोलि आउँदिनँ।" (प्रत्यक्ष कथन)

## अभ्यास

**तलका प्रश्नहरूको उत्तर लेख्नुहोस्।**

१. (क) उक्ति भनेको के हो?
(ख) उक्ति कति किसिमका हुन्छन् र ती कुन-कुन हुन्?

२. (क) प्रत्यक्ष कथन भनेको के हो? उदाहरण दिई स्पष्ट पार्नुहोस्।
(ख) कस्तो उक्तिलाई अप्रत्यक्ष कथन भनिन्छ? छर्लङ्ग पार्नुहोस्।

३. तलका प्रत्यक्ष कथनलाई अप्रत्यक्ष कथनमा बदल्नुहोस्:
(क) मालिक- श्यामे! यता आ।
नोकर- हजुर! किन बोलाइबक्स्यो?

CC-0. In Public Domain. Digitization by eGangotri

मालिक- मेरो जुत्ता कहाँ राखिस् हँ?
नोकर- त्यहीँ भित्रै राखेको थिएँ।
मालिक- खै, यता ल्या न त!

(ख) अ. हरिले शिक्षकसँग सोध्यो- "परीक्षामा कस्ता प्रश्न आउँछन्।"
आ. गोपालले भन्यो- "हामी मिलेर बसौँ।"
इ. "सीता मेरी बहिनी हुन्"- हरिले उसका साथीलाई भन्यो।
ई. "हरिको घरमा सत्यनारायणको पूजा छ"- रामले सीतासँग भन्यो।
उ. "मलाई ठूलो मान्छे हुने रहर छ"- सीताले भनी।

CC-0. In Public Domain. Digitization by eGangotri

## परिच्छेद अठतीस

# वाक्य-संश्लेषण: परिचय र प्रयोग

| अ | आ |
|---|---|
| | (क) बादल लागेर आकाश गर्जेपछि पानी पऱ्यो। |
| १. बादल लाग्यो।<br>२. आकाश गर्ज्यो।<br>३. पानी पऱ्यो। | (ख) जब बादल लाग्यो तब आकाश गर्जेर पानी पऱ्यो।<br>जब बादल लागेर आकाश गर्ज्यो तब पानी पऱ्यो। |
| | (ग) बादल लाग्यो अनि आकाश गर्ज्यो र पानी पऱ्यो। |

माथि (अ) तर्फ तीनवटा अलग-अलग वाक्यहरू दिइएका छन् र ती तीनवटा वाक्यहरूलाई (आ) तर्फ संश्लेषण गरेर वा एकै वाक्य बनाएर देखाइएको छ। (आ) तर्फको (क) मा 'अ' तर्फका तीनवटा वाक्यहरूलाई जोडेर एउटै सरल वाक्य बनाइएको छ। (आ) तर्फकै (ख) का वाक्य 'अ' तर्फका तीनवटा वाक्यहरूलाई जोडेर बनाइएका दुई मिश्र वाक्य हुन् र (आ) तर्फकै (ग) को वाक्यचाहिँ 'अ' तर्फका तीनवटा सरल वाक्यहरू जोडेर बनाइएको एउटा संयुक्त वाक्य हो।

यसरी दुई वा दुईभन्दा बढी सरल वाक्यहरूलाई जोडेर एउटै वाक्य बनाउनु वाक्य-संश्लेषण हो। धेरै-धेरै सरल वाक्यलाई जोडेर एउटै वाक्य बनाउँदा वा संश्लेषण गर्दा एउटै सरल वाक्य पनि बनाउन सकिन्छ, एउटै मिश्र वाक्य पनि बनाउन सकिन्छ र एउटै संयुक्त वाक्य पनि बनाउन सकिन्छ। वाक्य-संश्लेषणमात्र गर्नु छ तर सरल, मिश्र र संयुक्त कुन वाक्यमा संश्लेषण गर्नुपर्ने हो त्यो उल्लेख नगरेका ठाउँमा जुन वाक्यमा संश्लेषण गरे पनि हुन्छ।

CC-0. In Public Domain. Digitization by eGangotri

## अभ्यास

**तलका प्रश्नहरूको उत्तर लेख्नुहोस्।**

१. (क) वाक्य-संश्लेषण भनेको के हो?
   (ख) वाक्य-संश्लेषण के–कस्ता वाक्यमा गर्न सकिन्छ?

२. (क) तल दिइएका वाक्यहरूलाई एउटै सरल वाक्यमा संश्लेषण गर्नुहोस्:
   राम आयो। रामले भात खायो। रामले पढ्न थाल्यो। राम एकछिनपछि सुत्यो।
   (ख) माथि २ (क) मा दिइएका सरल वाक्यहरूलाई एउटै मिश्र वाक्यमा संश्लेषण गर्नुहोस्।
   (ग) मथिथ २ (क) मा दिइएका सरल वाक्यलाई एउटा संयुक्त वाक्यमा संश्लेषण गर्नुहोस्।

३. (क) तल दिइएका वाक्यलाई एउटै वाक्यमा संश्लेषण गर्नुहोस्:
   (सरल, मिश्र, संयुक्त जुनमा संश्लेषण गरेपनि हुन्छ)
   अ. राम शाह गोर्खाका राजा थिए। राम शाहले जनतालाई राम्रो न्याय दिएका थिए। राम शाहको न्यायप्रियताले गर्दा न्याय नपाए गोर्खा जानू भन्ने उखान चलेको थियो। राम शाह न्यायी राजा थिए। राम शाह नेपालका विभूतिमध्ये एक मानिन्छन्।
   आ. गर्मीको दिन थियो। म उकालो हिँड्दा-हिँड्दा थोकेको थिएँ। मेरो शरीर पसिनाले निथ्रुक्क भिजिसकेको थियो। बल्लबल्ल म वरपीपलको चौतारीसम्म उक्लिएँ। मैले केही बेर वरपीपलका छहारीमा विश्राम गरेँ।
   इ. हामी भोलि पोखरातर्फ जाँदै छौँ। पोखरा प्राकृतिक सौन्दर्यकानिर्म्ति प्रसिद्ध छ। पोखरा महत्त्वपूर्ण पर्यटन केन्द्र हो। हामीले पोखरामा तीन दिन बिताउने कार्यक्रम बनाएका छौँ। तीन दिनपछि हाम्रो काठमाडौँ फर्कने कार्यक्रम छ।

CC-0. In Public Domain. Digitization by eGangotri

परिच्छेद उनन्चालीस

# वाक्य-संश्लेषण: सरल, मिश्र र संयुक्त वाक्यमा

सरल वाक्यका रूपमा रहेको वाक्यलाई मिश्रवाक्य र संयुक्त वाक्यमा परिवर्तन गर्नु र मिश्र वाक्यका रूपमा रहेको वाक्यलाई सरल र संयुक्त वाक्यमा वाक्यान्तरण गर्नु तथा संयुक्त वाक्यका रूपमा रहेको वाक्यलाई सरल र मिश्रमा परिवर्तन गर्नु पनि सरल, मिश्र र संयुक्त वाक्यको संश्लेषण हो। यस्तो वाक्य-संश्लेषण वाक्यका बनोटमा गरिने परिवर्तन हो र यसका छ प्रकार छन्:

(१) सरल वाक्यबाट मिश्र
(२) सरल वाक्यबाट संयुक्त
(३) मिश्र वाक्यबाट सरल
(४) मिश्र वाक्यबाट संयुक्त
(५) संयुक्त वाक्यबाट सरल
(६) संयुक्त वाक्यबाट मिश्र

## ३९.१ सरल वाक्यबाट मिश्र वाक्यमा संश्लेषण

सरल वाक्यलाई मिश्र वाक्यमा संश्लेषण गर्दा सरल वाक्यमा रहेको कुनै पद वा पदावलीलाई अधीन उपवाक्यमा लैजानुपर्दछ। यसो गर्दा सरल वाक्यको नामपद वा नामपदावलीलाई नाम उपवाक्यमा, सरल वाक्यको विशेषणपद वा पदावलीलाई विशेषण उपवाक्यमा र सरल वाक्यको क्रियाविशेषणपद वा पदावलीलाई क्रियाविशेषण उपवाक्यमा लैजानुपर्दछ; जस्तै:-

| | | सरल | मिश्र |
|---|---|---|---|
| (क) | (अ) | राम परिश्रम गर्छ। | जो राम हो, त्यो परिश्रम गर्दछ। |
| | (आ) | बिहान डुल्नु राम्रो हुन्छ। | बिहान डुल्यो भने त्यो राम्रो हुन्छ। |
| (ख) | (अ) | परिश्रमी राम उत्तीर्ण हुन्छ। | जुन राम परिश्रमी छ त्यो राम उत्तीर्ण हुन्छ। |
| | (आ) | परिश्रम गर्ने राम उत्तीर्ण हुन्छ। | जुन रामले परिश्रम गर्दछ त्यो राम उत्तीर्ण हुन्छ। |
| (ग) | (अ) | परिश्रम गरेर राम उत्तीर्ण हुन्छ। | जब राम परिश्रम गर्छ तब ऊ उत्तीर्ण हुन्छ। |
| | (आ) | परिश्रम गरेअनुसार राम उत्तीर्ण हुन्छ। | जसरी राम परिश्रम गर्छ त्यसरी नै ऊ उत्तीर्ण हुन्छ। |

CC-0. In Public Domain. Digitization by eGangotri

माथि 'क' (अ) मा दिइएको वाक्यमा 'राम' नामपद हो भने 'क' (आ) मा दिइएको वाक्यमा 'बिहान डुल्नु' नामपदावली हो। त्यस्ता नामपद र नामपदावली भएका सरल वाक्यलाई मिश्र वाक्यमा परिवर्तन गर्दा नाम उपवाक्य बनाउनुपर्दछ। त्यसैले माथि 'क' (अ) मा दिइएको सरल वाक्य र 'क' (आ) मा दिइएको सरल वाक्यलाई ती वाक्यका दायाँपट्टि मिश्र वाक्यमा परिवर्तन गरिएको छ र त्यस क्रममा 'राम' भन्ने नामपदलाई 'जो राम छ' भन्ने नाम उपवाक्य र 'बिहान डुल्नु' भन्ने नामपदावलीलाई 'बिहान डुल्यो भने' भन्ने नाम उपवाक्यमा परिवर्तन गरिएको छ। यसरी नयाँ उपवाक्य बनाउँदा नयाँ समापिका क्रियापद पनि थपिन आउँछ।

यसै गरी 'ख' का (अ) र (आ) मा दिइएका 'परिश्रमी' र 'परिश्रम गर्ने' भन्ने विशेषण पद र पदावली 'जुन राम परिश्रमी छ' र 'जुन राम परिश्रम गर्दछ' भन्ने विशेषण उपवाक्यमा बदलिएका छन्। 'ग' को (अ) मा दिइएको वाक्यको 'परिश्रम गरेर' भन्ने क्रियाविशेषण पदावली 'जब रामले परिश्रम गर्दछ' भन्ने क्रियाविशेषण उपवाक्यमा बदलिएको छ भने (आ) मा दिइएको वाक्यको 'परिश्रम गरेअनुसार' भन्ने क्रियाविशेषण पदावली 'जसरी राम परिश्रम गर्दछ' भन्ने क्रियाविशेषण उपवाक्यमा बदलिएको छ।

## ३९.२ सरल वाक्यबाट संयुक्त वाक्यमा संश्लेषण

सरल वाक्यलाई संयुक्त वाक्यमा संश्लेषण गर्दा सरल वाक्यमा रहेको कुनै पद वा पदावलीबाट नयाँ स्वतन्त्र उपवाक्य बनाउनुपर्दछ। सरल वाक्यमा रहेका नामपद वा नामपदावली, विशेषण पद वा विशेषणपदावली अथवा क्रियाविशेषण पद वा क्रियाविशेषण पदावलीलाई स्वतन्त्र उपवाक्यमा बदलिसकेपछि त्यहाँ पहिलेदेखि नै रहेको एक उपवाक्य र नयाँ बनाइएको स्वतन्त्र उपवाक्यलाई निरपेक्ष संयोजक (र, अनि, तर, किनभने, त्यसैले, वा, पनि आदि) ले जोडी संयुक्त वाक्य बनाउनुपर्दछ; जस्तैः-

| | | |
|---|---|---|
| क | (अ) श्याम घर हिँड्यो।<br>(आ) श्याम आएपछि म हिँड्छु। | श्याम एक केटो हो र ऊ घर हिँड्यो।<br>श्याम आउँछ अनि/र म हिँड्छु। |
| ख | (अ) श्याम वा म हिँड्छौँ। | श्याम हिँड्छ वा म हिँड्छु। |
| ग | (अ) श्याम हिँडे पनि म हिँड्दिँन।<br>(आ) श्याम नहिँडे पनि म हिँड्छु। | श्याम हिँड्छ तापनि म हिँड्दिन।<br>श्याम हिँड्दैन तर म हिँड्छु। |
| घ | (अ) श्याम हिँडेकाले म हिँडेँ।<br>(आ) श्याम हिँड्नाले म हिडेँ। | श्याम हिँड्यो त्यसैले म हिँडेँ।<br>(१) म हिँडे किनभने श्याम हिँड्यो।<br>(२) श्याम हिँड्यो त्यसैले म हिँडेँ। |

माथि 'क', 'ख', 'ग' र 'घ' का (अ) र (आ) मा दिइएका वाक्य सरल वाक्य हुन्। ती सरल वाक्यमा ती पद वा पदावली रेखाङ्कित गरिएका छन् जुन पद वा पदावलीलाई ती वाक्यका ठीक दायाँपट्टि रहेका संयुक्त वाक्यमा संश्लेषण गर्दा

CC-0. In Public Domain. Digitization by eGangotri

स्वतन्त्र उपवाक्य बनाइएको छ। यसरी माथि 'क', 'ख', 'ग' र 'घ' सबैका (अ) र (आ) मा दिइएका सरल वाक्यलाई दायाँपट्टि संयुक्त वाक्यमा संश्लेषण गरिएको छ।

## ३९.३ मिश्र वाक्यबाट सरल वाक्यमा संश्लेषण

मिश्र वाक्यलाई सरल वाक्यमा संश्लेषण गर्दा मिश्र वाक्यमा रहेको अधीन उपवाक्यलाई पद वा पदावलीमा बदल्नुपर्दछ। यसरी बदल्दा मिश्र वाक्यको नाम उपवाक्यलाई नामपद वा नामपदावलीमा, विशेषण उपवाक्यलाई विशेषण पद वा विशेषण पदावलीमा र क्रियाविशेषण उपवाक्यलाई क्रियाविशेषण पदावलीमा लैजानुपर्दछ। मिश्र वाक्यको अधीन उपवाक्य पदमा बदलिँदा त्यहाँ भएका जो, जे..... आदि सापेक्ष संयोजक हट्नुका साथै एउटा नाम वा विशेषणपद मात्र बाँकी रहन पुग्दछ भने पदावलीमा बदलिँदा मिश्र वाक्यका अधीन उपवाक्यमा रहेको समापिका क्रिया असमापिका कृदन्त क्रियाका रूपमा रूपान्तरित हुन पुग्दछ; जस्तैः-

| | | मिश्र वाक्य | सरल वाक्य |
|---|---|---|---|
| (क) | (अ) | जो राम हो त्यो परिश्रम गर्दछ। | राम परिश्रम गर्दछ। |
| | (आ) | बिहान डुल्यो भने राम्रो हुन्छ। | बिहान डुल्नु राम्रो हुन्छ। |
| (ख) | (अ) | जुन राम परिश्रमी छ त्यो राम उत्तीर्ण हुन्छ। | परिश्रमी राम उत्तीर्ण हुन्छ। |
| | (आ) | जुन रामले परिश्रम गर्दछ त्यो राम उत्तीर्ण हुन्छ। | परिश्रम गर्ने राम उत्तीर्ण हुन्छ। |
| (ग) | (अ) | जब रामले परिश्रम गर्दछ, तब ऊ उत्तीर्ण हुन्छ। | परिश्रम गरेपछि राम उत्तीर्ण हुन्छ। |
| | (आ) | जसरी रामले परिश्रम गर्दछ त्यसरी नै ऊ उत्तीर्ण हुन्छ। | परिश्रम गरेअनुसार राम उत्तीर्ण हुन्छ। |

माथि 'क' का (अ) र (आ) मा दिइएका मिश्र वाक्यमा नाम उपवाक्य रहेका छन्। (अ) मा दिइएको 'जो राम हो' भन्ने नाम उपवाक्य त्यसको ठीक दायाँपट्टिको वाक्यमा 'राम' भन्ने नामपदमा बदलिएको छ र (आ) मा दिइएको 'बिहान डुल्यो भने' भन्ने नाम उपवाक्य त्यसको ठीक दायाँपट्टिको वाक्यमा 'बिहान डुल्नु' भन्ने नामपदावलीमा बदलिएको छ। त्यस्तै (ख) को (अ) मा दिइएको वाक्यमा रहेका रेखाङ्कित विशेषण उपवाक्यहरू तिनका ठीक दायाँपट्टिका वाक्यमा रेखाङ्कित विशेषण पद र विशेषण पदावलीमा बदलिएका छन्। त्यस्तै (ग) का (अ) र (आ) मा पनि रेखाङ्कित गरी दिइएका क्रियाविशेषण उपवाक्यहरू दायाँपट्टिका वाक्यमा रेखाङ्कित क्रियाविशेषण पदावलीमा बदलिएका छन्। यसरी ती मिश्र वाक्यहरू सरल वाक्यमा परिवर्तन भएका छन्।

CC-0. In Public Domain. Digitization by eGangotri

## ३९.४ मिश्र वाक्यबाट संयुक्त वाक्यमा संश्लेषण

मिश्र वाक्यलाई संयुक्त वाक्यमा संश्लेषण गर्दा मिश्र वाक्यमा रहेको अधीन उपवाक्य (नाम उपवाक्य, विशेषण उपवाक्य वा क्रियाविशेषण उपवाक्य)लाई स्वतन्त्र उपवाक्यमा बदल्नुपर्छ र अधीन उपवाक्यमा रहेको सापेक्ष संयोजक (जो, जे, जसरी, जुन, जहाँ, भने, भनी आदि) झिकी दुई स्वतन्त्र उपवाक्यका बीचमा निरपेक्ष संयोजक (र, अनि, किन्तु, परन्तु, तापनि, तैपनि वा अथवा, किनभने, त्यसैले जस्ता संयोजक) राख्नुपर्दछ; जस्तैः-

| | मिश्रवाक्य | संयुक्त वाक्य |
|---|---|---|
| (क) | जो राम हो त्यो राम परिश्रम गर्दछ।<br>बिहानै डुल्यो भनें राम्रो हुन्छ। | त्यो राम हो र त्यो परिश्रम गर्दछ।<br>बिहानै डुल्नुपर्दछ अनि त्यो राम्रो हुन्छ। |
| (ख) | जुन राम परिश्रमी छ ऊ सफल हुन्छ।<br>जुन रामले परिश्रम गर्दछ, ऊ उत्तीर्ण हुन्छ। | राम परिश्रमी छ र ऊ सफल हुन्छ।<br>त्यस रामले परिश्रम गर्दछ र त्यो राम उत्तीर्ण हुन्छ। |
| (ग) | जब रामले परिश्रम गर्दछ तब ऊ उत्तीर्ण हुन्छ।<br>जसरी रामले परिश्रम गर्दछ त्यसरी नै ऊ उत्तीर्ण हुन्छ। | रामले परिश्रम गर्दछ अनि ऊ उत्तीर्ण हुन्छ।<br>रामले परिश्रम गर्दछ र ऊ उत्तीर्ण हुन्छ। |

## ३९.५ संयुक्त वाक्यबाट सरल वाक्यमा संश्लेषण

संयुक्त वाक्यलाई सरल वाक्यमा संश्लेषण गर्दा (१) संयुक्त वाक्यमा रहेका दुई स्वतन्त्र उपवाक्यहरूमध्ये एक उपवाक्यलाई पद वा पदावलीमा परिवर्तन गर्नुपर्दछ; (२) यसो गर्दा संयुक्त वाक्यका उपवाक्यमा रहेको समापिका क्रियालाई असमापिका क्रियामा बदल्नुपर्दछ र (३) यसपछि संयुक्त वाक्यमा रहेको निरपेक्ष संयोजक हटाउनुपर्दछ; जस्तैः-

| | संयुक्त वाक्य | सरल वाक्य |
|---|---|---|
| (क) | श्याम एक केटो हो र ऊ घर हिँड्यो।<br>श्याम आउँछ अनि म हिँड्छु। | श्याम घर हिँड्यो।<br>श्याम आएपछि म हिँड्छु। |
| (ख) | श्याम हिँड्छ वा म हिँड्छु।<br>श्याम सबेरै हिँड्छ वा म सबेरै हिँड्छु। | श्याम वा म हिँड्छौं।<br>श्याम वा म सबेरै हिँड्छौं। |
| (ग) | श्याम हिँड्छ तापनि म हिँड्दिन।<br>श्याम हिँड्दैन तर म हिँड्छु। | श्याम हिँडेपनि म हिँड्दिन।<br>श्याम नहिँडे पनि म हिँड्छु। |
| (घ) | श्याम हिँड्यो; त्यसैले म हिँडें।<br>म हिडें किनभने श्याम हिँड्यो। | श्याम हिँडेकाले म हिँडे।<br>श्याम हिँड्नाले म हिँडें। |

CC-0. In Public Domain. Digitization by eGangotri

## ३९.६ संयुक्त वाक्यबाट मिश्र वाक्यमा संश्लेषण

संयुक्त वाक्यलाई मिश्र वाक्यमा संश्लेषण गर्दा संयुक्त वाक्यमा रहेका दुईवटा स्वतन्त्र उपवाक्यहरूमध्ये कुनै एक स्वतन्त्र उपवाक्यलाई अधीन उपवाक्य बनाउनुपर्दछ र संयुक्त वाक्यमा रहेको निरपेक्ष संयोजक (र, अनि, तर, तापनि, किनभने, वा, ....... आदि) लाई हटाउनुपर्दछ। जस्तै:-

| | संयुक्त वाक्य | मिश्रवाक्य |
|---|---|---|
| (१) | श्याम एक केटो हो र ऊ घर हिँड्यो। | जो श्याम भन्ने केटो हो ऊ घर हिँड्यो।<br>श्याम एक केटो हो जो घर हिँड्यो। |
| (२) | श्याम हिँड्छ वा राम हिँड्छ। | जो श्याम हो ऊ वा राम हिँड्छ।<br>श्याम वा जो राम हो ऊ हिँड्छ। |
| (३) | श्याम हिँड्दैन तर म हिँड्छु। | जब श्याम हिँड्दैन तब म हिँड्छु।<br>तब श्याम हिँड्दैन जब म हिँड्छु। |
| (४) | श्याम हिँड्यो त्यसैले म हिँडें। | जब श्याम हिँड्यो तब म हिँडें। |

### अभ्यास

**तलका प्रश्नहरूको उत्तर लेख्नुहोस्।**

१. बनोटका दृष्टिले गरिने वाक्य-संश्लेषण भन्नाले के बुझिन्छ? त्यसका कति प्रकार छन्?

२. (क) सरल वाक्यलाई मिश्र वाक्यमा परिवर्तन गर्दा कुन पदावलीलाई कस्तो उपवाक्यमा बदल्नुपर्दछ?
   (ख) सरल वाक्यलाई संयुक्त वाक्यमा परिवर्तन गर्दा के गर्नुपर्दछ?

३. (क) मिश्र वाक्यलाई सरल वाक्यमा परिवर्तन गर्दा मिश्र वाक्यमा रहेका उपवाक्यलाई कुन-कुन पद वा पदावलीमा परिवर्तन गर्नुपर्दछ?
   (ख) मिश्र वाक्यलाई संयुक्त वाक्यमा संश्लेषण गर्दा कुन उपवाक्यलाई कस्तो उपवाक्यमा बदल्नुपर्दछ?

४. (क) संयुक्त वाक्यलाई सरल वाक्यमा परिवर्तन गर्दा के गर्नुपर्दछ?
   (ख) संयुक्त वाक्यलाई मिश्रवाक्यमा परिवर्तन गर्दा के गर्नुपर्दछ?

CC-0. In Public Domain. Digitization by eGangotri

५. तल दिइएका वाक्यहरूलाई कोष्ठकमा दिइएको सङ्केतका आधारमा परिवर्तन गर्नुहोस्:

(क) सज्जनलाई सबैले मन पराउँछन्। (मिश्र र संयुक्त)
सज्जन मान्छेलाई सबैले मन पराउँछन्। (मिश्र र संयुक्त)
राम्ररी पढ्ने विद्यार्थीलाई सबैले मन पराउँछन्। (मिश्र र संयुक्त)
मैले देखेकोजस्तै लेखेको छु। (मिश्र र संयुक्त)
चोर्नेले सबभन्दा पहिला कसम खान्छ। (मिश्र र संयुक्त)
गुणी व्यक्ति पूज्य हुन्छ। (मिश्र र संयुक्त)
मिहिनेती राम उत्तीर्ण हुन्छ। (मिश्र र संयुक्त)
मिहिनेत गर्ने राम उत्तीर्ण हुन्छ। (मिश्र र संयुक्त)
श्रम गर्ने व्यक्तिले राष्ट्रको ऋण तिर्छ। (मिश्र र संयुक्त)

(ख) निरुद्यमी व्यक्ति जिउँदो लास हो। (मिश्र र संयुक्त)
उद्यम नगर्ने व्यक्ति जिउँदै मरेसरह हुन्छ। (मिश्र र संयुक्त)
बदमासलाई कसैले रुचाउन्नन्। (मिश्र र संयुक्त)
बदमासी गर्नेलाई कसैले पनि रुचाउँदैनन्। (मिश्र र संयुक्त)
ज्ञानी मान्छेलाई सबैले मन पराउँछन्। (मिश्र र संयुक्त)
अल्छी विद्यार्थी अनुत्तीर्ण हुन पनि सक्छ। (मिश्र र संयुक्त)
परिश्रमी राम उत्तीर्ण हुन्छ। (मिश्र र संयुक्त)
दुष्टलाई कसैले पनि मन पराउन्नन्। (मिश्र र संयुक्त)
दुष्टयाइँ गर्नेलाई कसैले पनि मन पराउन्नन्। (मिश्र र संयुक्त)
चोरको ठूलो स्वर छ। (मिश्र र संयुक्त)
चोर्नेको ठूलो स्वर छ। (मिश्र र संयुक्त)

(ग) पानी परेपछि बाटो हिलो भयो। (मिश्र र संयुक्त)
जेठ लागेपछि गर्मी बढ्छ। (मिश्र र संयुक्त)
पुस लागेपछि ठन्डी बढ्छ। (मिश्र र संयुक्त)
राति भएपछि बूढी ताती। (मिश्र र संयुक्त)
जाँच आएपछि हरि पढ्न थाल्छ। (मिश्र र संयुक्त)
मैले बोलाएका बेला तिमी आए। (मिश्र र संयुक्त)
पहिरो गएका बेला कुलो भत्क्यो। (मिश्र र संयुक्त)
मन लागेका बेला म आउँछु। (मिश्र र संयुक्त)
इच्छा भएका ठाउँमा उपाय हुन्छ। (मिश्र र संयुक्त)

(घ) फोहर भएका ठाउँमा रोग बढ्छ। (मिश्र र संयुक्त)
गौतमबुद्ध जन्मेका ठाउँमा उनको मृत्यु भएन। (मिश्र र संयुक्त)
झगडा हुने ठाउँमा जानुहुँदैन। (मिश्र र संयुक्त)

CC-0. In Public Domain. Digitization by eGangotri

युद्ध भएको ठाउँमा विनाश हुन्छ। (मिश्र र संयुक्त)
पानी परेका बेला हामी रुझ्यौं। (मिश्र र संयुक्त)
उसले रक्सी खाएका बेला तिमीलाई भन्ला। (मिश्र र संयुक्त)
आकाश गर्जेका बेला पानी पऱ्यो। (मिश्र र संयुक्त)
बालक रोएका बेला आमा आइन्। (मिश्र र संयुक्त)
कक्षा छुटेका बेला हामी बाहिर निस्कौँला। (मिश्र र संयुक्त)

(ङ) म तिमीले भनेका बेला घुम्न जाउँला। (मिश्र र संयुक्त)
आकाश गर्जेका बेला पानी पर्छ। (मिश्र र संयुक्त)
अर्काको सम्पत्ति लुटेजसरी नै उसको सम्पत्ति उड्यो। (मिश्र र संयुक्त)
बाघले झम्टेजसरी उसले मिठाई झम्ट्यो। (मिश्र र संयुक्त)
उसले कमाएजसरी नै सम्पत्ति उडायो। (मिश्र र संयुक्त)
ऊ स्याल कराएजसरी करायो। (मिश्र र संयुक्त)
मलाई सरापेजसरी नै तिम्रो पतन भयो। (मिश्र र संयुक्त)

(च) जो सज्जन छ त्यसलाई सबैले मन पराउँछन्। (सरल र संयुक्त)
जुन मान्छे सज्जन छ त्यसलाई सबैले मन पराउँछन्। (सरल र संयुक्त)
जुन रामले मिहिनेत गर्छ त्यो राम उत्तीर्ण हुन्छ। (सरल र संयुक्त)
जुन राम मिहिनेती छ त्यो राम उत्तीर्ण हुन्छ। (सरल र संयुक्त)
जुन व्यक्तिले श्रम गर्छ त्यसले राष्ट्रको ऋण तिर्छ। (सरल र संयुक्त)
जुन रामले परिश्रम गर्छ त्यो राम सफल हुन्छ। (सरल र संयुक्त)
जुन राम परिश्रमी छ त्यो राम सफल हुन्छ। (सरल र संयुक्त)
जुन मान्छे श्रम गर्दैन त्यो व्यक्ति जिउँदै मरेसरह हुन्छ। (सरल र संयुक्त)
जुन शिक्षकले राम्ररी पढाउँछन् त्यस्ता शिक्षकलाई विद्यार्थीले मन पराउँछन्। (सरल र संयुक्त)

(छ) जो दुष्ट छ त्यसलाई कसैले मन पराउँदैनन्। (सरल र संयुक्त)
जो चोर छ उसको स्वर ठूलो छ। (सरल र संयुक्त)
जसले चोर्छ उसैले ठूलो हल्ला गर्छ। (सरल र संयुक्त)
जो अल्छी छ त्यो कहिल्यै सफल हुँदैन। (सरल र संयुक्त)
जसले बदमासी गर्छ त्यसले सधैँ पछुताउनुपर्छ। (सरल र संयुक्त)
जो बदमास छ त्यस्तालाई कसैले रुचाउँदैनन्। (सरल र संयुक्त)
मैले जस्तो देखेको छु, त्यस्तै लेखेको छु। (सरल र संयुक्त)
जत्रो मान्छे मैले आज देखेँ त्यत्रो मान्छे अहिलेसम्म देखेको थिइन। (सरल र संयुक्त)

CC-0. In Public Domain. Digitization by eGangotri

(ज) जहाँ तिमी भन्छौ म त्यस ठाउँमा डुल्न जाउँला। (सरल र संयुक्त)
जहाँ इच्छा हुन्छ त्यहाँ उपाय हुन्छ। (सरल र संयुक्त)
जहाँ जुलुस निस्क्यो त्यहीँ गोली चल्यो। (सरल र संयुक्त)
जहाँ राम हुन्छ त्यहाँ सीता पनि हुन्छिन्। (सरल र संयुक्त)
जतिबेला तिमी भन्छौ त्यतिबेला म डुल्न जाउँला। (सरल र संयुक्त)
जतिबेला इच्छा हुन्छ त्यतिबेला उपाय निस्कन्छ। (सरल र संयुक्त)
जहिले तिमीले भन्छौ तहिले म डुल्न जाउँला। (सरल र संयुक्त)
जहिले इच्छा हुन्छ तहिले उपाय हुन्छ। (सरल र संयुक्त)
जब तिमी भन्छौ तब म डुल्न जाउँला। (सरल र संयुक्त)
जब इच्छा हुन्छ तब उपाय पनि हुन्छ। (सरल र संयुक्त)

(झ) जसरी आकाश गर्ज्यो त्यसरी नै पानी दर्क्यो। (सरल र संयुक्त)
म त्यसरी नै आउँछु जसरी तिमी भन्छौ। (सरल र संयुक्त)
जसरी मलाई सताएका थियौ त्यसरी नै तिमी
पनि खतम भयौ। (सरल र संयुक्त)
जतिन्जेल सकिन्छ त्यतिन्जेल गरिन्छ। (सरल र संयुक्त)
जतिन्जेल काम गरिन्छ त्यतिन्जेल माम पाइन्छ। (सरल र संयुक्त)
जतिन्जेल पानी पर्छ त्यतिन्जेल म बाहिर
निस्किन्न। (सरल र संयुक्त)
जतिन्जेल मन लाग्छ त्यतिन्जेल तिमी यहीं नै बस। (सरल र संयुक्त)
ऊ त्यसरी करायो जसरी स्याल कराउँछ। (सरल र संयुक्त)
तिमी जतिबेला भन्छौ, मैले त्यतिबेला रिन तिर्नेछु। (सरल र संयुक्त)
जतिबेला/खेर मन लाग्छ त्यतिबेला/खेर बाहिर
निस्कनुहुँदैन। (सरल र संयुक्त)

(ञ) त्यो सज्जन छ र त्यसलाई सबैले मन पराउँछन्। (सरल र मिश्र)
त्यो मान्छे सज्जन छ र त्यसलाई सबैले मन
पराउँछन्। (सरल र मिश्र)
विद्यार्थीले राम्ररी पढ्छ र त्यसलाई सबैले
मन पराउँछन्। (सरल र मिश्र)
राम मिहिनेत गर्छ र ऊ उत्तीर्ण हुन्छ। (सरल र मिश्र)
राम मिहिनेती छ त्यसैले ऊ उत्तीर्ण हुन्छ। (सरल र मिश्र)
मान्छेले काम गर्छ र त्यसले राष्ट्रको ऋण तिर्छ। (सरल र मिश्र)
रामले परिश्रम गर्छ र ऊ सफल हुन्छ। (सरल र मिश्र)
राम परिश्रमी छ त्यसैले ऊ सफल हुन्छ। (सरल र मिश्र)
मान्छेले श्रम गर्दैन र ऊ जिउँदै मरेसरह हुन्छ। (सरल र मिश्र)
मान्छेले काम गर्छ र उसलाई खाएको पच्छ। (सरल र मिश्र)

CC-0. In Public Domain. Digitization by eGangotri

(ट) ऊ दुष्ट छ त्यसैले उसलाई कसैले मन पराउँदैन। (सरल र मिश्र)
ऊ चोर हो र उसको स्वर ठूलो छ। (सरल र मिश्र)
उसले चोर्छ र उसको स्वर ठूलो छ। (सरल र मिश्र)
तिमी भन्छौ अनि त्यस ठाउँमा जाउँला। (सरल र मिश्र)
इच्छा हुन्छ अनि त्यहाँ उपाय हुन्छ। (सरल र मिश्र)
तिमी भन्छौ अनि त्यसबेला म घुम्न जाउँला। (सरल र मिश्र)
त्यो मान्छे ज्ञानी छ र त्यसलाई सबैले मन पराउँछन्। (सरल र मिश्र)

●

CC-0. In Public Domain. Digitization by eGangotri

## परिच्छेद चालीस

# वाक्य-विश्लेषण: परिचय र प्रयोग

### १. वाक्य-विश्लेषण: परिचय

विश्लेषण भनेको छुट्ट्याउनु वा टुक्रयाउनु हो भने वाक्य-विश्लेषण भनेको दुई वा सोभन्दा बढी वाक्यखण्डहरू भएको एउटा वाक्यलाई टुक्रयाएर दुई वा दुईभन्दा बढी सरल वाक्यहरू बनाउनु हो। वाक्य-संश्लेषणको उल्टो प्रक्रिया नै वाक्य-विश्लेषण हो। धेरै-धेरै सरल वाक्यहरूलाई जोडेर धेरै-धेरै वाक्य-खण्ड भएको एउटै वाक्य बनाउनु वाक्य-संश्लेषण हो भने धेरै-धेरै वाक्य-खण्ड भएको एउटै वाक्यलाई तोडेर धेरै-धेरै सरल वाक्यहरू बनाउनु वाक्य-विश्लेषण हो; जस्तै:

| | | |
|---|---|---|
| (क) | बादल लागेर आकाश गर्जेपछि पानी पऱ्यो। | बादल लाग्यो।<br>आकाश गर्ज्यो।<br>त्यसपछि पानी पऱ्यो। |
| (ख) | जब बादल लागेर आकाश गर्ज्यो तब पानी पऱ्यो। | बादल लागेर आकाश गर्ज्यो।<br>पानी पऱ्यो।<br>जब/तब। |
| (ग) | बादल लाग्यो र आकाश गर्ज्यो अनि पानी पऱ्यो। | बादल लाग्यो।<br>आकाश गर्ज्यो।<br>पानी पऱ्यो।<br>र/अनि |

माथि (क) मा सरल वाक्य, (ख) मा मिश्र वाक्य र (ग) मा संयुक्त वाक्य दिइएका छन्। ती हरेक वाक्यहरू संश्लेषित वा संश्लेषण गरिएका वाक्यहरू हुन्। माथि (क) को सरल वाक्यमा रहेका वाक्यखण्डलाई तीनवटा सरल वाक्यहरूमा टुक्र्याइएको छ। त्यस्तै (ख) को मिश्र वाक्यमा रहेका वाक्यखण्डलाई दुईवटा सरल वाक्यहरूमा टुक्र्याइएको छ भने (ग) को संयुक्त वाक्यमा रहेका वाक्यखण्डहरूलाई तीनवटा सरल वाक्यहरूमा टुक्र्याइएको छ।

CC-0. In Public Domain. Digitization by eGangotri

## अभ्यास

**तलका प्रश्नहरूको उत्तर दिनुहोस्।**

१. वाक्य-विश्लेषण भनेको के हो?

२. (क) तलको सरल वाक्यलाई छोटा-छोटा सरल वाक्यमा विश्लेषण गर्नुहोस्

अ. पानी पर्न थालेकाले बटुवाहरू हतार-हतार गरी ओत लाग्ने ठाउँ खोज्न थाले।

आ. बजार जाँदा मैले उसलाई बाटामा देखे पनि उसले मलाई देखेन तर बजारबाट फर्कंदा भने हामी एउटै बसमा चढेका थियौँ।

(ख) वाक्य-खण्डहरू छुट्ट्याई तलका वाक्यहरूको विश्लेषण गर्नुहोस्:

अ. जब पानी पर्न थाल्यो तब बटुवाहरू ओत लाग्ने ठाउँ खोज्न थाले।

आ. पानी पर्न थाल्यो र बटुवाहरूले ओत लाग्ने ठाउँ खोज्न थाले।

CC-0. In Public Domain. Digitization by eGangotri

## परिच्छेद एकचालीस

# वर्णविन्यासनियम

### ४१.१ वर्णविन्यासनियम

'वर्णविन्यास' शब्दको अर्थ वर्णहरूको रखाइ हो। कुनै पनि भाषाका शब्दमा स्वर-व्यञ्जन वर्ण रहने क्रम हुन्छ र कुनै शब्दका वर्णहरूको त्यस्तो क्रमानुसारको रखाइलाई नै वर्णविन्यास भनिन्छ। कुनै पनि भाषामा शब्दका वर्णहरू मौखिक रूपमा उच्चारण गरिन्छन् र त्यस्ता वर्णहरूलाई लिपिचिह्नका सहायताले लेखेर पनि देखाउन सकिन्छ। त्यसैले वर्णविन्यास वर्णहरूको उच्चारण र लेखन दुवै पक्षसँग सम्बन्धित छ। तर जहाँ भाषाका वर्णहरूको उच्चारण र लेखनका बीच निकै नजिकको सम्बन्ध पाइन्छ त्यहाँ तिनका बीच केही भिन्नता पनि भेटिने गर्दछ नै। वास्तवमा भाषाका वर्णहरू जुन रूपमा उच्चारण गरिन्छन् त्यही रूपमा तिनको लेखन पनि गरिनुपर्ने हो तर कुनै पनि भाषाका शब्दका वर्णहरूको आफ्नो लेखन-परम्परा वा लेखाइको चलन हुन्छ र त्यहीअनुरूप त्यस भाषाका शब्दका वर्णहरू लेखिन्छन्/राखिन्छन्। त्यसैले कुनै शब्दको शुद्ध लेखनसँग सम्बन्धित भई चलिआएका नियम नै वर्णविन्यासका नियम हुन्। नेपाली भाषाका व्याकरणमा खासगरी ह्रस्व/दीर्घ इकार/उकार, श/ष/स, ब/व, व/ओ, य/ए, ऋ/रि, क्ष/छे, क्ष्य/छ्य, ङ्/ञ्/ण्/न्/म्, शिरविन्दु/चन्द्रविन्दु, अजन्त/हलन्त, पदयोग/पदवियोग र विभिन्न लेख्य चिह्नको प्रयोगसँग सम्बन्धित नियमहरूलाई वर्णविन्यासका नियमअन्तर्गत देखाइन्छ। नेपाली भाषाका व्याकरणमा 'वर्णविन्यास' लाई 'हिज्जे', 'वर्तनी', 'खिप्ती' जस्ता नाम पनि दिइएको भेटिन्छ।

### ४१.२ ह्रस्व-दीर्घ इकार/उकारसम्बन्धी नियम

'इ' र 'उ' ह्रस्व स्वरवर्ण हुन् र व्यञ्जनवर्णका साथमा लाग्दा यिनलाई चिनाउने क्रमश: 'ि' 'ु' चिह्न ह्रस्व मात्रा हुन्। त्यसै गरी 'ई' र 'ऊ' दीर्घ स्वरवर्ण हुन् र व्यञ्जनवर्णका साथमा लाग्दा यिनलाई चिनाउने क्रमश: 'ी' र 'ू' चिह्न दीर्घ मात्रा हुन्। नेपाली भाषाका शब्दका आदि, मध्य र अन्त्यमा कहाँ-कहाँ केकस्तो अवस्थामा ह्रस्व वा दीर्घ इकार/उकारको प्रयोग हुन्छ भन्ने वर्णविन्यासस‌म्बन्धी नियमलाई ह्रस्वदीर्घ नियम भनिन्छ। नेपाली भाषाका शब्दादि, शब्दमध्य र शब्दान्तमा ह्रस्व वा दीर्घ इकार/उकार लेख्नेसम्बन्धी चलेका नियम वा चलनको उल्लेख तल गरिएको छ:

CC-0. In Public Domain. Digitization by eGangotri

# नेपाली तद्भव र आगन्तुक शब्दको वर्णविन्यास

## ह्रस्वदीर्घ-नियम

### ह्रस्वनियम: (इ/उ को नियम) तद्भव र आगन्तुक शब्दमा

| | स्थानमा | हुन्छ | उदाहरण |
|---|---|---|---|
| सबै तद्भव र आगन्तुक मूल नामका | आदिमा | ह्रस्व | नुन, दुध★, मित★, सिङ, पिर★, घिउ, हिँउँ, कुनो, जिब्रो, किरो★, इन्जिन, जुनाफ, पुलिस, कुर्सी। |
| सबै तद्भव र आगन्तुक विशेषणशब्द | आदिमा | ह्रस्व | दुब्लो, बुढो★, ठुलो★, मिठो★, तितो★, रित्तो, चिसो★, सिनियर, बुलन्दा, सुस्त, पुरा★, निलो★ |
| 'उ' र 'त्रि' सङ्ख्यावाचक विशेषणका | आदिमा | ह्रस्व | दुई, उन्नाईस, उनन्तीस, त्रिचालीस, त्रिपन्न |
| अव्यय शब्द (अव्युत्पन्न)मा | आदिमा | ह्रस्व | भित्र, तिर, सित, हिजो, निर, किन, मुनि, बिच★ |
| सबै धातुका (सबै क्रियापदका) | आदिमा | ह्रस्व | हिँड्, उठ्, दि, हु, पिउ, सुन्। |
| सबै सर्वनामका (एक अक्षरबाहेक) | आदिमा | ह्रस्व | उनी, तिमी, तिनी, यिनी, उहाँ |
| सबै तद्भव र आगन्तुक नाम | मध्यमा | ह्रस्व | कुकुर, मुजुर, भानिज, भतिज, मङ्सिर, इन्जिन, अफिस, हरियो, गुलियो, अमिलो, बाटुलो, माथिल्लो, मिजासिलो। |
| अव्यय शब्द (अव्युत्पन्न) का | मध्यमा | ह्रस्व | बाहिर, दिउँसो |
| कृदन्त शब्दका (सबै) | मध्यमा | ह्रस्व | भनिएको, मानिने, हेरिँदै |
| सबै क्रियापद (इच्छार्थ, क्रियापदको बीचको उकारबाहेक) | मध्यमा | ह्रस्व | उभिन्छ, खाइसकिहाल्छ, गरिरहन्छ, खानुपर्छ, हजुर, मौसुफ |
| सबै सर्वनामका | मध्यमा | ह्रस्व | हजुर, मौसुफ |
| सबै मानवीय र पुलिङ्ग नामका | अन्त्यमा | ह्रस्व | नाति, पनाति, बाबु, दाजु, गुरु। अपवाद: (सम्धी, हात्ती, जोगी, स्वामी) |

CC-0. In Public Domain. Digitization by eGangotri

| | | | | |
|---|---|---|---|---|
| सबै उकरान्त मानवेतर सजीव नामका | | अन्त्यमा (उ) | ह्रस्व | गोरु, भालु। |
| उकारान्त निर्जीव नामका | | अन्त्यमा (उ मात्र) | ह्रस्व | हिँउ, घिउ, धनु, ठाउँ, आलु |
| सबै अव्यय (अरी/री प्रत्यय लागेका बाहेक) शब्दमा | | अन्त्यमा | ह्रस्व | अगि, पछि, अनि, पनि, देखि, निम्ति, लागि, अगाडि, पछाडि, चाहिँ |
| यी प्रत्ययद्वारा बनेका शब्दका | आइ/आइँ | अन्त्यमा | ह्रस्व | पढाइ, हिडाइ, इलाइ, बसाइँ, रजाइँ |
| | आउ | अन्त्यमा | ह्रस्व | पक्राउ, बचाउ |
| | आरु | अन्त्यमा | ह्रस्व | सिकारु, हटारु |
| | आलु | अन्त्यमा | ह्रस्व | सिपालु, मायालु |
| | एलु | अन्त्यमा | ह्रस्व | घरेलु, बनेलु |
| | नु | अन्त्यमा | ह्रस्व | भन्नु, डुल्नु |
| 'ति' अन्त्यमा आउने सर्वनामबाट बनेका शब्दका | | अन्त्यमा | ह्रस्व | यति, त्यति, उति, कति, |

स्पष्टीकरण १. माथिका ताराङ्कित गरिएका शब्दहरूको सुरुको इकार/उकारलाई दीर्घ लेख्ने शिष्ट परम्परा पनि चलेकै छ।

## दीर्घनियमः तद्भव र आगन्तुक शब्द

| | | | |
|---|---|---|---|
| 'उ' र 'त्रि' लागेका बाहेक सङ्ख्यावाचक सबै विशेषणका | आदिमा | दीर्घ | बीस, तीस, तीन, तीनेक, बीसेक |
| सङ्ख्यावाचक द्वित्व शब्द | आदिमा | दीर्घ | तीतीन, बीबीस, तीतीस |
| सङ्ख्यावाचक सबै शब्द | मध्यमा | दीर्घ | उन्नाईस, बत्तीस, चालीस, बयालीस |
| विध्यर्थ क्रियाको बीचको 'ऊकार' | मध्यमा | दीर्घ | खाऊन्, खाइसकिहालून्, उभिऊन् |
| जात बुझाउने सबै शब्दका | अन्त्यमा | दीर्घ | कामी, दमाई, सार्की, हिन्दू, ज्यापू, किराती, लिम्बू, राई |

CC-0. In Public Domain. Digitization by eGangotri

| | | | |
|---|---|---|---|
| थर बुझाउने सबै शब्दका | अन्त्यमा | दीर्घ | रेग्मी, ठकुरी, गुरागाईं, पराजुली, उप्रेती, नकर्मी |
| ठाउँ बुझाउने सबै शब्दका | अन्त्यमा | दीर्घ | ठिमी, गुल्मी, डोटी, कास्की, सप्तरी, सर्लाही |
| स्त्रीलिङ्गी नाम शब्दका | अन्त्यमा | दीर्घ | दिदी, गाई, भैंसी, रानी, छोरी |
| इकारान्त नपुंसकलिङ्गी शब्दका | अन्त्यमा | दीर्घ (ई) | जाली, आली, खरानी, थाली, थैली, खल्ती |
| तद्धितान्त 'ई' प्रत्यय लागेका सबै शब्दका | अन्त्यमा | दीर्घ | नेपाली, जवानी, छिमेकी, भित्री |
| सबै कृदन्त शब्दका | अन्त्यमा | दीर्घ (ई) | भनी, देखी, सुनी, पढेकी, सुतेकी |
| विध्यर्थ क्रियाको अन्त्यको 'ऊ' | अन्त्यमा | दीर्घ (ऊ) | जानू, खानू, बस्नू, बसूँ, डुलूँ, जाऊँ, जाऊ |
| सबै क्रियापदका | अन्त्यमा | दीर्घ (ई) | भनी, डुली, सुनी, गई |
| सबै आगन्तुक शब्दका | अन्त्यमा | दीर्घ (ई) | हाजिरी, इलमी, सिपाही, नकर्मी |
| सबै सङ्ख्यावाचक शब्दका | अन्त्यमा | दीर्घ | असी, पचासी, साठी, पैंसट्ठी |
| अरी, तरी र ही प्रत्यय लागेका शब्दका | अन्त्यमा | दीर्घ | राम्ररी, यस्तरी, सुस्तरी, केही, उही, बेसरी |

## नेपाली तत्सम शब्दको वर्णविन्यास

| | | | |
|---|---|---|---|
| सङ्ख्यावाचक द्वि/त्रि भएका शब्दका | आदिमा | ह्रस्व | द्वितीय, त्रिभुज, त्रिकोण |
| प्राय: संस्कृत उपसर्ग लागेर बनेका शब्दका | आदिमा | ह्रस्व | उच्च, उज्ज्वल, सुकाम, वियोग, नि:सन्देह, निरवच्छिन्न, उपरथी, दुर्गम, दुस्साहस, नियोग, कुबुद्धि। |
| इक, इका, इत, इम, इमा, इय प्रत्यय लागी बनेका शब्दका | मध्यमा | ह्रस्व | दैनिक, पत्रिका, घृणित, अन्तिम, गरिमा, राष्ट्रिय |
| अति, अधि, अनु, अभि, परि, प्रति, उपसर्ग लागेका शब्द | मध्यमा | ह्रस्व | अतिरथी, अधिकृत, अनुमान, अभिषेक, परिणाम, प्रतिकार |
| आलु प्रत्यय लागेका शब्दका | अन्त्यमा | ह्रस्व | कृपालु, दयालु, श्रद्धालु, स्नेहालु |

CC-0. In Public Domain. Digitization by eGangotri

| | | | |
|---|---|---|---|
| ति, धि, नि, टि, पि अन्त्यमा हुने शब्दका | अन्त्यमा | ह्रस्व | कृति, दधि, हानि, सृष्टि, कपि, लिपि |
| निस्, नि, उपसर्ग लागेका केही शब्दका | आदिमा | दीर्घ | नीरस |
| नि, वि, सु, उपसर्ग लागेका केही शब्दका | आदिमा | दीर्घ | न्यून, सूक्त, सूक्ति |
| अनीय, ईन, ईय प्रत्यय लागी बनेका शब्दका | मध्यमा | दीर्घ | मननीय, अनुसरणीय, कुलीन, नवीन, केन्द्रीय, क्षेत्रीय |
| करण, कृत, कार, भवन, भाव, भूत जोडिएका शब्द | मध्यमा | दीर्घ | एकीकरण, विद्युतीकरण, एकीकृत, घोषीकृत, अङ्गीकार, स्वीकार, समीभवन, एकीभवन, एकीभाव, एकीभूत, केन्द्रीभूत |
| 'ऊक' प्रत्यय लागेका शब्दका | मध्यमा | दीर्घ | जागरूक, उलूक |
| 'ई' प्रत्यय अन्त्यमा भएका शब्दका | अन्त्यमा | दीर्घ | ज्ञानी, त्यागी, योगी, दु:खी, दोषी, द्रोही, धनी |
| मती, वती, वी प्रत्यय लागेका शब्दका | अन्त्यमा | दीर्घ | रुपमती, भगवती, भाग्यवती, मायावी, मेधावी। |

## ४१.३ श, ष, स को नियम

(क) सबै नेपाली तद्भव र आगन्तुक शब्दमा 'स' को मात्र प्रयोग हुन्छ; जस्तैः-

| तद्भव | आगन्तुक |
|---|---|
| सय, पच्चीस, पैंतीस स्याल, सिङ, मुसो, साँढे, सन्सार आदि। | स्टेसन, ब्रिटिस, बदमास, सिकार, सहर, कोसिस आदि। |

(ख) तत्सम शब्दमा 'श' 'ष' र 'स' तीनवटैको प्रयोग हुन्छ।

(अ) तत्सम शब्दमा 'श' को प्रयोग निम्नलिखित अवस्थामा हुन्छ:

१. 'श', 'ष' र 'स' भन्दा पहिला 'श' को प्रयोग हुन्छ: जस्तै:-
शिशु, शोषण, शासक, शिष्ट, शिष्य, अशेष

२. 'ऋ' 'चवर्ग' र 'ल' का अगि पनि 'श' को प्रयोग हुन्छ; जस्तै:-
शृङ्ग, पश्चिम, आश्चर्य, निश्छल, श्लेष आदि।

३. विसर्गका अगि पनि 'श' को प्रयोग हुन्छ:
अक्षरश: प्रायश: शतश: आदि।

CC-0. In Public Domain. Digitization by eGangotri

(आ) तत्सम शब्दमा 'ष' को प्रयोग निम्नलिखित अवस्थामा हुन्छ:

१. ट वर्ग (ट, ठ, ड, ढ, ण) 'प', 'क' का अगि 'ष' को प्रयोग हुन्छ: जस्तै:-
कष्ट, कोष्ठ, षष्ठी, षोडश, ऊष्ण, विशेषण, निष्कण्टक, दुष्कर्म, बहिष्कार, परिष्कार।

(इ) तत्सम शब्दमा 'स' को प्रयोग निम्नलिखित अवस्थामा हुन्छ:

१. स, सत्, सम्, सु, स्व, र स्वयम् जोडिएका शब्दका आदिमा 'स' हुन्छ; जस्तै:
सकाम, सफल, सत्कार, संयुक्त, सुसम्पन्न, सूक्ति, स्वयंवर आदि।

२. शब्दका मध्यभागमा विशेष गरी त वर्ग (त, थ, द, ध, न) सँग जोडिन आउँदा 'स' को प्रयोग हुन्छ; जस्तै:-
आसन, शासन, उत्सुक, आस्तिक आदि।

## ४१.४ 'ब' र 'व' को नियम

(क) नेपाली तद्भव र आगन्तुक शब्दमा उच्चारणअनुरूप नै 'ब' र 'व' को प्रयोग हुन्छ; जस्तै:

**'ब' हुने स्थान**

| उच्चार्य रूप | लेख्य रूप |
|---|---|
| १. नाम- बकुल्लो, बगाल, बथान, बतास, बैँस, बिजुली, बोक्रो, हिसाब | बकुल्लो, बगाल, बथान, बतास, बैँस, बोक्रो, हिसाब |
| २. विशेषण- बटुवा, बनैया, बलियो | बटुवा, बनैया, बलियो |
| ३. सबै धातु बढ्, बस्, बन् | बढ्, बस्, बन् |
| ४. केही अव्यय- जब, तब, कब | जब, तब, कब |
| ५. बि, बे, बद उपसर्ग- बिकाम, बिछोड, बेकाम, बदनाम | बिकाम, बिछोड, बेकाम, बदनाम |

**'व' हुने स्थान**

| उच्चार्य रूप | लेख्य रूप |
|---|---|
| १. संयुक्त अक्षर हुने शब्द: छ्वाल्ल, ह्वाल्ल, ह्वात्त | छ्वाल्ल, ह्वाल्ल, ह्वात्त |
| २. 'उ' पछि स्वर भएका शब्द: कछुवा, कुवा, जुवा | कछुवा, कुवा, जुवा |
| ३. आवट, उवा, वाला, वार प्रत्यय जोडिएका शब्द; बोलावट, थिचुवा, हकवाला, उम्मेदवार | बोलावट, घिचुवा, हकवाला, उम्मेदवार |

CC-0. In Public Domain. Digitization by eGangotri

(ख) तत्सम शब्दमा 'ब' र 'व' को प्रयोग निम्न लिखित अवस्थामा हुन्छ:

**'व' हुने स्थानहरू**

(१) वि, वै, ऋ र रेफ भएका ठाउँमा 'व' को प्रयोग हुन्छ; तर तिनको नेपाली उच्चारण 'ब' अनुरूप र लेखाइ 'व' अनुरूप हुन्छ; जस्तै:-

| उच्चार्य रूप | लेख्य रूप |
|---|---|
| बिचित्र, बैदिक | विचित्र, वैदिक |
| बैकल्पिक, बैज्ञानिक | वैकल्पिक, वैज्ञानिक |
| बार्षिक, बृक्ष | वार्षिक, वृक्ष |

(२) वर, तव्य, त्व, वत्, वान् र वती प्रत्यय लागेका ठाउँमा 'ब' वर्णको उच्चारण र लिखित प्रयोग निम्नानुसार हुन्छ:

| उच्चार्य रूप | लेख्य रूप |
|---|---|
| मान्यबर, कर्तब्य | मान्यवर, कर्तव्य |
| कबित्व, मातृबत् | कवित्व, मातृवत् |
| भगबती, भाग्यबती | भगवती, भाग्यवती |

(३) सम् उपसर्गका साथमा 'व' को उच्चारण र लिखित प्रयोग निम्नानुसार हुन्छ:

| उच्चार्य रूप | लेख्य रूप |
|---|---|
| संबत्, संबेग | संवत्, संवेग |

**'ब' हुने स्थानहरू**

(१) द, ध, ल, ह, ह्म, ऋ का अगि र 'म' का पछि 'ब' को प्रयोग हुन्छ; जस्तै:
बध, ब्राह्मण, ब्रह्मा, बल, बहिष्कार, ब्रह्मचारी, बहु, अम्बिका, चुम्बन, चुम्बी, ताम्बुल आदि।

## ४१.५ व/ओ, य/ए, ऋ/रि, क्ष/छे/क्ष्य/छ्य को प्रयोग

**(क) व/ओ** (तद्भव र आगन्तुक शब्दमा मात्र कतै-कतै)

(१) 'व' र 'ओ' को कतिपय स्थानमा वैकल्पिक प्रयोग हुन्छ; जस्तै:-
ओखलढुङ्गा/वखलढुङ्गा, ओकिल/वकिल
ओटा/वटा ओछ्यान/वछ्यान

**(ख) य/ए**

(१) सर्वनाम र सर्वनामबाट बनेका शब्दमा 'य' को प्रयोग हुन्छ; जस्तै: यो, त्यो, यति त्यति आदि।

(२) व्युत्पन्न शब्दका मध्य र अन्त्यमा 'य' कै प्रयोग हुन्छ; जस्तै:- घुस्याहा, रत्यौली, हँस्यौली, अधियाँ, भरिया, पढैया आदि।

CC-0. In Public Domain. Digitization by eGangotri

(३) निम्नलिखित अर्थ भएका तत्सम शब्दमा 'य' को प्रयोग हुन्छ; जस्तैः-
योग्य अर्थ: पेय, हास्य, कार्य, रमणीय, कर्तव्य।
भाव अर्थ: धैर्य, जय, शौर्य, माधुर्य।
गुण अर्थ: राष्ट्रिय, परकीय, क्षत्रिय।
सम्बन्ध अर्थ: भवदीय, ग्राम्य, मूल्य, मुख्य।
अपत्य/सन्तान अर्थ: मनुष्य, दैत्य, आदित्य, कौन्तेय
विकार, व्याप्ति अर्थ: अन्नमय, जलमय, वाङ्मय

(४) यी केही शब्दका आदि, मध्य र अन्त्यमा पनि 'य' कै प्रयोग हुन्छः
तद्भव शब्द: बयर
आगन्तुक शब्दः यकिन, यहुदी, खयर, डायरी।
तत्सम शब्दः यक्ष, यज्ञ, यजमान।

ए

(१) कृदन्त शब्द र केही क्रियामा 'ए' को प्रयोग हुन्छ; जस्तैः गाएको, पिएको, पढाएको, गाएँ, पिएँ, पढाएँ, दिएस्, खाएस्..... आदि।

(२) सङ्ख्यावाचक शब्दमा 'ए' को प्रयोग हुन्छ; जस्तैः- एक, एकासी, एकतीस, एउटा।

(३) सङ्ख्यावाचक शब्दबाट बनेका शब्दमा 'ए' को प्रयोग हुन्छ; जस्तैः- एकसरो, एक्ले, एकन्द्रो, एकत्र आदि।

**(ग) ऋ/रि**

(१) नेपाली तद्भव र आगन्तुक शब्दमा 'रि' को मात्र प्रयोग हुन्छः जस्तैः- रिन, रिबन, रिवाज आदि।

(२) नेपाली तत्सम शब्दमा मात्र 'ऋ' को प्रयोग हुन्छ; जस्तैः ऋषि, ऋतु, ऋण, ऋणी, ऋचा।

(३) व्यञ्जन वर्णसँग 'ऋ' मिसिएका यी तत्सम शब्द पनि नेपालीमा चलेका छन्: कृषि, कृपण, कृति, शृङ्खला आदि।

**(घ) क्ष/क्ष्य/छ/छ्य**

**'क्ष'**

(१) तत्सम शब्दको आदिमा 'क्ष'को प्रयोग हुन्छ; जस्तैः- क्षण, क्षत, क्षत्री, क्षमा, क्षय आदि।

(२) तत्सम शब्दको मध्य र अन्त्यमा पनि 'क्ष' को प्रयोग हुन्छ; जस्तैः- अक्षर, नक्षत्र, अध्यक्ष, कक्ष आदि।

**'क्ष्य'**

(१) केही तत्सम शब्दमा मात्र 'क्ष्य' को प्रयोग हुन्छः जस्तैः- भक्ष्य, लक्ष्य आदि।

CC-0. In Public Domain. Digitization by eGangotri

**'छ'**

(१) नेपाली धातु र अभूत कालका क्रियापदमा 'छ' को प्रयोग हुन्छ; जस्तैः- छर्, छर्क, छल्, जान्छ, जानेछ, छ आदि।

(२) केही व्युत्पन्न शब्द र अन्य तद्भव शब्दमा पनि 'छ' को प्रयोग हुन्छ; जस्तैः- छक्का, छपाइ, छत्तीस, छपन्न।

(३) तत्सम शब्दमा पनि कहीँ-कहीँ 'छ' को प्रयोग हुन्छ; जस्तैः- छत्र, छटा, इच्छा, स्वच्छ, तुच्छ आदि।

**'छ्य'**

(१) केही तद्भव र आगन्तुक शब्दमा मात्र 'छ्य' को प्रयोग हुन्छ; जस्तैः- छ्याप्नु, छ्यालब्याल, ओछ्यान, छ्याकन, छ्याकटे, छ्याके आदि।

## ४१.६ ङ, ञ, ण, न, म तथा शिरविन्दु र चन्द्रविन्दु

(क) 'ङ', 'ञ', 'ण', 'न' र 'म' को प्रयोग/पञ्चम वर्णको प्रयोग

(१) तत्सम शब्दमा क, ख, ग र घ वर्णसँग गाँसिन आउने अनुनासिक वर्ण 'ङ' मा बदलिन्छ; जस्तैः- सङ्गति, अङ्क, शङ्ख, पङ्क्ति, पङ्कज।

(२) तत्सम शब्दमा 'च' 'छ' 'ज' 'झ' सँग गाँसिन आउने अनुनासिक वर्ण 'ञ' मा परिवर्तित हुन्छ र त्यस्तो ठाउँमा 'ञ' पञ्चम वर्णको प्रयोग हुन्छ; जस्तैः- पञ्च, पुञ्ज, सञ्चार, अञ्चल आदि।

(३) तत्सम शब्दमा 'ट' 'ठ' 'ड' 'ढ' सँग गाँसिन आउने अनुनासिक वर्ण 'ण' मा परिवर्तित हुन्छ र त्यस्तो ठाउँमा 'ण' पञ्चम वर्णको प्रयोग हुन्छ; जस्तैः- कण्टक, कण्ठ, मुसण्ड, दण्ड, घण्टा आदि।

(४) तत्सम शब्दमा 'त' 'थ' 'द' र 'ध' वर्णसँग गाँसिन आउने अनुनासिक वर्ण 'न' मा परिवर्तित हुन्छ र त्यस्तो ठाउँमा 'न' पञ्चमं वर्णकै प्रयोग हुन्छ; जस्तैः- दन्त, पन्थ, सन्धान, मन्दिर, सन्देश आदि।

(५) तत्सम शब्दमा 'प', 'फ', 'ब' र 'भ' वर्णमा गाँसिन आउने अनुनासिक वर्ण 'म' मा परिवर्तित हुन्छ र त्यस्तो ठाउँमा 'म' पञ्चम वर्णकै प्रयोग हुन्छ; जस्तैः- सम्पन्न, सम्भावना, कम्पन, गुम्फन आदि।

(६) नेपाली तद्भव र आगन्तुक शब्दमा भने 'ञ' र 'ण' वर्णको प्रयोग हुँदैन; केवल 'ङ', 'न' र 'म' वर्णको मात्र प्रयोग हुन्छ। यस्ता शब्दमा 'ञ' 'ण' र 'न' का ठाउँमा एउटै 'न' को मात्र प्रयोग हुन्छ; जस्तैः- मन्जुर, झन्झट, कन्टेनर, अन्डा, भकुन्डो, गुन्डो, झन्डा, पन्जा, टन्टा आदि।

CC-0. In Public Domain. Digitization by eGangotri

(ख) शिरविन्दु/अनुस्वार: नाकबाट मात्र सास बाहिर निस्कने अवस्था

(१) माथि (क) को (१) देखि (६) सम्म प्रयोग भएका पञ्चम वर्णहरूको प्रयोगका विकल्पमा शिरविन्दुको प्रयोग पनि हुने गर्दछ तर त्यस्तो प्रयोगलाई उति उपयुक्त मानिँदैन; जस्तै:-

| पञ्चम वर्ण | शिरविन्दु |
|---|---|
| सङ्गति | संगति |
| अङ्क | अंक |
| शङ्ख | शंख |
| पञ्च | पंच |
| पुञ्ज | पुंज |
| कण्टक | कंटक |
| कण्ठ | कंठ |
| पन्त | पंत |
| सम्भावना | संभावना |

(२) य, र, ल, व, श, ष, ह आदि भएका तत्सम शब्दमा शिरविन्दुको प्रयोग हुन्छ; जस्तै:- संयोग, संरचना, संलग्न, संसद्, संशय, संहार, संवाद आदि।

(ग) चन्द्रविन्दु/अनुनासिक: मुख र नाक दुवैबाट सास निस्कने अवस्था

तलका अवस्थामा अनुनासिक वर्णको प्रयोग हुन्छ:

(१) डिकोमाथि मात्रा नभएका यी स्थानमा: अँगार, अँध्यारो, आँप, काँठ, घाँटी, घुँडा, आएँ, लिएँ, जाउँला, हेरुँला, सोचुँला, गाउँछ, आउँछ आदि।

## ४१.७ हलन्तसम्बन्धी नियम र अपवादहरू

'हल्' भनेको व्यञ्जन वर्ण हो। हलन्त भनेको शब्दान्तमा व्यञ्जन वर्ण हुनु हो। शब्दान्तमा व्यञ्जन वर्णलाई ( ् ) चिह्नको प्रयोग गरी खुट्टो काटेर लेखिन्छ। तर नेपाली भाषामा कतै उच्चारणका तहमा हल् वा व्यञ्जन अन्त्यमा आउने तर लेख्य रूपमा स्वर अन्त्यमा लेखिने स्थिति रहेको छ भने केही व्यञ्जनान्त उच्चारण हुने स्थानमा व्यञ्जन वर्ण नै र स्वरान्त/अजन्त उच्चारण हुने स्थानमा स्वरवर्ण नै लेख्ने प्रचलन छ; तत्सम्बन्धी केही नियमहरू यसप्रकार छन्:

लेख्य रूपमा हल् वर्ण वा व्यञ्जन वर्ण प्रयोग नहुने तर हलन्त वा व्यञ्जनान्त रूपमा उच्चरित हुने केही अवस्था र परिवेशहरू यी हुन्:

CC-0. In Public Domain. Digitization by eGangotri

(१) उच्चारण हल् वा व्यञ्जन हुने तर लेखाइ स्वरान्त हुने अवस्था

| वर्ग | उच्चार्यरूप (हलन्त) | लेख्य रूप (स्वरान्त/अजन्त) |
|---|---|---|
| नाम | राम्, प्रसाद्, दाल्, भात् | राम, प्रसाद, दाल, भात |
| सर्वनाम | त्यस्, यस्, कस्, कुन् | त्यस, यस, कस, कुन |
| विशेषण | बीस्, तीस्, पचीस् | बीस, तीस, पचीस |

(२) उच्चारण पनि स्वरान्त हुने र लेखाइ पनि स्वरान्त हुने स्थान

| अवस्था | उच्चार्यरूप | लेख्य रूप |
|---|---|---|
| एकाक्षरी शब्द | म, तँ, त, न, र | म तँ त न र |
| अव्यय शब्द | अब, जब, कब, तब, निर | अब, तब, जब, कब, निर, बाहिर |
| आज्ञार्थ द्वितीय पुरुष क्रियापद | गर, बस, डुल, भन | गर, बस, डुल, भन |
| वर्तमानकालीन तृतीय पुरुष एक वचन क्रियापद | छ, जान्छ, खान्छ | छ, जान्छ, खान्छ |
| प्रथम पुरुष र तृतीय पुरुष एकवचन अकरण क्रियापद | गइन, खाइन, बसिन, गएन, जान्न, भएन, हुन्न | गइन, बसिन, खाइन, गएन, जान्न, भएन, हुन्न |
| अन्त्यको संयुक्त वर्ण वर्ण आवृत्ति भएका अनुकरणात्मक शब्द | गर्न, पर्न, भर्न, झ्वाम्म सलल, दनन, फनन | गर्न, पर्न, भर्न, झ्वाम्म सलल, दनन, फनन |

(३) उच्चारण पनि हलन्त/व्यञ्जनान्त र लेखाइ पनि हलन्त वा व्यञ्जनान्त हुने स्थानहरू

| अवस्था | उच्चार्य रूप | लेख्य रूप |
|---|---|---|
| हलन्त धातु र द्वितीय पुरुष हलन्त क्रियापद | गर्, बस्, डुल्, गइस्, जान्छस् | गर्, बस्, डुल्, गइस्, जान्छस् |
| तृतीय पुरुष बहुवचन र मध्यम आदरार्थी हलन्त क्रियापद | खान्छन्, जान्छन्, जान्थिन्, डुल्छन्, गर्लान्, भन्लान्, खान्नन्, खान्नन्, जान्नन्, डुल्दैनन् | खान्छन्, जान्छन्, जान्थिन्, डुल्छन्, गर्लान्, भन्लान्, खान्नन्, जान्नन्, डुल्दैनन् |
| केही अव्यय | उफ्, झन् | उफ्, झन् |

CC-0. In Public Domain. Digitization by eGangotri

(४) तत्सम शब्दमा हलन्तको उच्चारण र लेखाइ हुने स्थानहरू

| अवस्था | | उच्चार्य रूप | लेख्य रूप |
|---|---|---|---|
| मान्, वान्, प्रत्यय लाग्दा | | धनवान्, शक्तिवान्, श्रीमान् | धनवान्, शक्तिवान्, श्रीमान् |
| अन्त्यमा | त् | दण्डवत्, अकस्मात्, किञ्चित्, कदाचित् | दण्डवत्, अकस्मात्, किञ्चित्, कदाचित् |
| | द् | आपद्, विपद्, संसद् | आपद्, विपद्, संसद् |
| | म् | अहम्, एवम्, स्वयम् | अहम्, एवम्, स्वयम् |
| अन्य शब्द | | अनुष्टुप्, प्राक्, पृथक् आदि | अनुष्टुप्, प्राक्, पृथक् आदि। |

## ४१.८ पदयोग र पदवियोगसम्बन्धी नियम

पदयोग भनेको पदमा योग हुनु वा जोडिनु भन्ने र पदवियोग भनेको पदमा योग नहुनु/नजोडिनु वा छुट्टिनु हो। पदयोग हुँदा ती पदमा जोडिन आउने अन्य चिह्न वा पदहरूलाई एउटै डिकोमा लेखिन्छ भने पदवियोग हुँदा ती चिह्न वा पदहरूलाई एउटै डिकामा लेखिँदैन। नेपाली भाषामा पदयोग र पदवियोग हुने स्थानहरू तल दिइएका छन्:

**(क) पदयोग:** अवस्था र उदाहरण

| अवस्था | उदाहरण |
|---|---|
| विभक्ति र नामयोगी पदसँगै जोडेर लेखिन्छन्। | रामको, हिजोदेखि, घरतिर, त्यसपछि। |
| समस्त शब्द एकै डिकामा लेखिन्छ। | केटाकेटी, आजभोलि, राजदरबार, राजकाज, तीनकुने, आदि |
| द्वित्व शब्दको पनि पदयोग हुन्छ। | भातसात, सर्सापट, मालताल, वनवन। |
| क्रियापदमा तलका स्थानमा पदयोग हुन्छ: | |
| (१) अकरणको न | नखाऊ, नपढ, नडुल, नराम्रो, नजाती |
| (२) मिलित क्रियापद: नु | खानुपर्छ, गर्नुपर्छ, पढ्नुपर्छ |
| (कृदन्त प्रत्यय) इ | खाइसक्छ, गरिसक्छ, पढिसक्छ |
| ने | खानेगर्छ, सुत्नेगर्छ, पढ्नेगर्छ |

CC-0. In Public Domain. Digitization by eGangotri

**(ख) पदवियोग:** अवस्था र उदाहरण

| अवस्था | उदाहरण |
|---|---|
| वाक्यमा प्रयोग हुने प्रत्येक पद छुट्टाछुट्टै लेखिन्छ। | राम घर जान्छ। ऊ भोलि आउँछ। |
| विभक्तिसँग आउने नामयोगी छुट्टै लेखिन्छ। | रामका अगाडि, घरका पछाडि, त्यसदेखि बाहेक |
| निपात सधैँ छुट्टै लेखिन्छ। | हरि नै, श्याम पो तिमी त; हामी नै; |
| 'न' संयोजक छुट्टै लेखिन्छ। | न राम न सीता नै गए। |
| एको, तै, दै/तो/दो/प्रत्यय लागी बनेको संयुक्त क्रिया+कालबोधक प्रत्यय छुट्टै लेखिन्छन्। | खाएको छ। खाएकी छ, खाँदा छन्।, खाँदै छ, खाँदै होला। |
| मिलित क्रियामा नु+छ र 'न' कृदन्तसँग जोडिन आउने सहायक क्रिया छुट्टै लेखिन्छ। | खानु छ, जानु छ, पढ्नु छ, खान सक्छ, पढ्न सक्छ, डुल्न सक्छ, भन्न सक्छ। |

## ४१.९ लेख्य विरामचिह्नको परिचय

भाषाको लेखाइमा प्रयोग गरिने चिह्नलाई लेख्य चिह्न भनिन्छ। 'अ', 'आ' आदि स्वरवर्ण र 'क्', 'ख्' आदि व्यञ्जन वर्ण पनि लेख्य चिह्न नै हुन् र यिनलाई वर्णात्मक लेख्य चिह्न भन्ने गरिन्छ। भाषाको लेखाइका सिलसिलामा स्वरव्यञ्जन वर्णबाहेकका वर्णेतर चिह्नहरूको पनि प्रयोग गरिन्छ र त्यस्ता वर्णेतर चिह्नहरूलाई विरामचिह्न भनिन्छ। ती वर्णेतर चिह्नहरूले वाक्यभित्रका शब्द-शब्दका बीचको र वाक्यका अन्त्यको विराम वा अडानलाई चिनाउने हुनाले तिनलाई विरामचिह्न भनिएको हो। नेपाली भाषाको लेखाइमा प्राय: जसो प्रयोग भइरहने लेख्य विरामचिह्नहरू यी हुन्-

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| । | ? | ! | , | ; | - | ( ) | ' ' | / | " " | : |

यी चिह्नहरूका नाम र कार्यका बारेमा तल उदाहरणसहित चर्चा गरिएको छ:

**।** यो पूर्णविराम चिह्न हो। यसले सामान्यार्थक वाक्य पूरा भएको जनाउँछ; जस्तै:- म भात खान्छु।

**?** यो प्रश्नचिह्न हो। यसले प्रश्नार्थक वाक्य पूरा भएको जनाउँछ; जस्तै: तिमी कहिले फर्कन्छौ?

**!** यो विस्मयादिबोधक चिह्न हो। यो (क) विस्मयादिबोधक अव्यय शब्दका पछाडि, (ख) विस्मयादिबोधक वाक्यका अन्त्यमा र सम्बोधन गरिएको व्यक्तिनामका पछाडि लाग्दछ; जस्तै:- (क) ओहो!, स्याबास्!; (ख) रामे त भागेछ!; म मरे पनि मेरो देश बाँचिरहोस्!; (ग) ए केटा हो! तिमीहरू यता आओ। छोरी! यता हेर त!

CC-0. In Public Domain. Digitization by eGangotri

[ , ] यो अल्पविराम चिह्न हो। यसले वाक्यभित्र क्रमैले आएका तीन वा सोभन्दा बढी पदहरूका बीचको विराम वा अडानलाई जनाउँछ। जस्तै:- (क) गणेश, गोविन्द, गङ्गामणि र गजेन्द्र साथी हुन्। (ख) रङहरू कालो, नीलो, सेतो, हरियो, रातो आदि गरी विभिन्न प्रकारका हुन्छन्। (ग) ऊ आउँछ, बस्छ, हाँस्छ, बोल्छ र जान्छ।

[ ; ] यो अर्द्धविराम चिह्न हो। यसले खास गरी वाक्यभित्रका वाक्यखण्डका बीचको अडानलाई जनाउँछ; जस्तै:- चरित्रका भलादमी अतीतका अँध्यारा कोठारीमा छन्; रङ्ग र रेशमका भलादमी काठमाडौँका गल्लीमा खुस्बु उडाइरहेछन्। यस अर्द्धविराम चिह्नको प्रयोग कुनै कुराको 'जस्तै' भनी उदाहरण दिनुपर्दा सो 'जस्तै' भन्दा अगि आएको वाक्यका अन्त्यमा पनि गरिन्छ; जस्तै: रङ्ग विभिन्न प्रकारका हुन्छन्; जस्तै: रातो, निलो, कालो आदि।

[ - ] यो योजक चिह्न हो। यसले दुई वा सोभन्दा बढी समान महत्त्वको अर्थ भएका शब्दहरूलाई जोड्ने काम गर्दछ; जस्तै- शिक्षण-कार्य, तन-मन-धन, दाल-भात-डुकु आदि।

[ :- | - | : ] यी निर्देशक-चिह्न हुन्। यसले कुनै कुरालाई तोकेर देखाउने निर्देशकको कार्य गर्दछ; जस्तै- नेपालका तीन मुख्य नदीहरू यी हुन– कोशी, गण्डकी र कर्णाली।

[ ( ) ] यो कोष्ठक चिह्न हो। यस चिह्नको प्रयोग खास गरी (क) कुनै शब्दको अर्थ खुलाउन र (ख) समयको क्रम झल्काउन गरिन्छ; जस्तै- (क) भानुभक्त आचार्य नेपाली साहित्यका आदिकवि (पहिलो महान् कवि) हुन्। (ख) लक्ष्मीप्रसाद देवकोटा (वि.सं. १९६६-२०१६) जम्मा ५० वर्ष बाँचे।

[ ' ' | " " ] यी उद्धरण चिह्न हुन्। ' ' उद्धरण-चिह्नलाई एकल उद्धरण चिह्न भनिन्छ र कुनै पुस्तक, पत्रिका पाठ आदिको नामलाई यस एकल उद्धरणचिह्नभित्र राखिन्छ; जस्तै- यो कवितांश 'यात्री' कविताबाट लिइएको हो। " " उद्धरण-चिह्नलाई युगल उद्धरण-चिह्न भनिन्छ र कसैको भनाइलाई जस्ताको तस्तै उद्धृत गर्दा यस चिह्नको प्रयोग गरिन्छ; जस्तै- देवकोटाले भनेका छन्– "मानिस ठूलो दिलले हुन्छ जातले हुँदैन।"

[ / ] यो तिर्यक्-चिह्न हो। यसले दुई शब्दका बीचको विकल्प बुझाउँछ; जस्तै- नामपद/संज्ञापद पाँच प्रकारका छन्।

[ : ] यो सापेक्ष विराम-चिह्न हो। यसको प्रयोग निर्देशक चिह्नका सट्टा पनि गरिन्छ; जस्तै- व्यक्तिवाचक नामका उदाहरण यी हुन्: राम,

CC-0. In Public Domain. Digitization by eGangotri

वाग्मती, धनुषा आदि। शीर्षकमा भनिएको कुरालाई अझै स्पष्ट पार्न पनि यस चिह्नको प्रयोग गरिन्छ; जस्तै- हाम्रो देश नेपाल: एक परिचय।

## अभ्यास

**तलका प्रश्नहरूको उत्तर लेख्नुहोस्।**

१. (क) पदका आदिमा ह्रस्व हुने छवटा नियम उदाहरणसहित लेख्नुहोस्।
   (ख) पदका आदिमा दीर्घ हुने दुईवटा नियम उदाहरणसहित लेख्नुहोस्।

२. (क) पदका मध्यमा ह्रस्व हुने कुनै ४ वटा नियम उदाहरणसहित लेख्नुहोस्।
   (ख) पदका मध्यमा दीर्घ हुने कुनै दुई नियम उदाहरणसहित लेख्नुहोस्।

३. (क) पदका अन्त्यमा ह्रस्व हुने कुनै छवटा नियम उदाहरणसहित लेख्नुहोस्।
   (ख) पदका अन्त्यमा दीर्घ हुने कुनै दसवटा नियम उदाहरणसहित लेख्नुहोस्।

४. तल ह्रस्व-दीर्घ (इ/ई, उ/ऊ) सम्बन्धी अशुद्धि भएका वाक्यहरू दिइएका छन्; तिनलाई सच्याई आफ्ना अभ्यास-पुस्तिकामा सार्नुहोस्:
   (क) नेपालमा कामि, दमाइ, सार्कि, घर्ति, ठकुरि, किराँत, थारु, लिम्बु, ज्यापु आदी वीभिन्न जातका मानीसहरू छन्।
   (ख) पशूपतीनाथ भीत्र, बाहीर, पूजारी, दर्शनार्थिहरूको घुईंचो हुन्छ।
   (ग) हीड्न, डूल्न, भीड्न, मन पराउँने त्यस मानिसका भाई, दाई, छोरा, छोरि, नाती पनाती, भीनाजू आदि सबै उस्तै प्रकारका छन्।
   (घ) हीजो, अस्ती मात्र कहाँ हो र भोली, पर्सी र नीपर्सीसम्म वीद्यालय बन्द हुन्छ जस्तो छ।
   (ङ) त्रीपन्न वर्षका त्रीभूवनबाजे त्यत्रा सन्तान भएर पनी वीदेश पसे।
   (च) बिस, तिस, पैतिंस र पैंतालिस रूपयामा कीनेका यि चारवटा कलमहरूलाई अहीले असि, पचासि, अठासि र एक सय बाइस रूपयाँ पो पर्दो रहेछ।
   (छ) माननियले उल्लेखनिय, अनुसरणिय एवम् अनुकरणिय काम ग्रामिण वीकासका लागी गरेका छन्।

CC-0. In Public Domain. Digitization by eGangotri

५. तलका वाक्यमा 'श', 'ष', 'स' सम्बन्धी अशुद्धि भएका शब्दहरू दिइएका छन्; तिनलाई सच्याई आफ्ना अभ्यास-पुस्तिकामा सार्नुहोस्:

(क) शेता लुगा लगाएर संकरका शशुराले शय दिन शम्म दु:ख बोके।

(ख) राशन किन्न पठाएको नोकर बदमाष परेछ, उशले त षर्वश्वै पाऱ्यो बा। शबै पैशा लिएर भागेछ।

(ग) सिसुको श्याहार गर्नेबारे सिसिर भन्ने केटाशँग शोह्रा शरल उपाय बताइदिन सक्छ।

(घ) ससिराम सर्मासे शात कक्षामा हिशाब पढाउनुहुन्छ।

(ङ) आसाढ महिनाको सष्ठी तिथिमा रमेसको जन्म दिवष पर्छ।

६. तल ब, व र ओ सम्बन्धी अशुद्धि भएका वाक्यहरू दिइएका छन्; तिनलाई सच्याई आफ्ना अभ्यासपुस्तिकामा सार्नुहोस्:

(क) वकुल्लो, वँदेल र वारुलाको कुरा गर्ने वित्तिकै वच्चा डराउँछ। वाल-वालिकालाई वेसरी हप्काउनुभन्दा अव मनोबैज्ञानिक उपाय अबलम्बन गर्नु राम्रो हुन्छ।

(ख) वनारस हिन्दू बिश्वबिद्यालयबाट बिद्यावारिधिको उपाधि पाउने वालचन्द्र वर्मालाई अन्तर्वार्तामा वसेकी बर्षा गौतमले थोरै अङ्क दिइछन्। विचरा वर्माजी त वर्वाद नै हुने भए।

(ग) वैज्ञानिक बिकासले बिकट र बिराट् पहरालाई मात्र होइन गगनचुम्वी पर्बतलाई समेत सुगम वनाएको छ।

७. तल य/ए, ऋ/रि, छे/क्ष्य/क्य सम्बन्धी अशुद्धि भएका वाक्यहरू दिइएका छन्; तिनलाई सच्याई आफ्ना अभ्यास-पुस्तिकामा सार्नुहोस्:

(क) एतातिर एति पानी पर्ला भनी यक रत्ति पनि विश्वास थियन। एहाँ एसरी पानी परको पहिलोपल्ट होला।

(ख) मैले खायको छैन भनेर खबर त पठायको हुँ, तर अहिलेसम्म खाजा लियर आउँदैनन्।

(ग) यउटा यकासी वर्ष भयको बुढो यक्लै हिँडिरहेको छ।

(घ) असार हिलो क्ष्यापाक्ष्याप गर्ने महिना भयकाले त्यस्तो छेणमा खेतमा हिलो खेल्न रमाइलो हुन्छ।

(ङ) रिषिले ऋस गर्नु राम्रो होइन। गऋबमाथि दया गर्नुपर्छ। वसन्त रितुमा रमाइलो हुन्छ।

८. तलका वाक्यमा ङ, ञ, ण, न, म र शिरबिन्दु एवम् चन्द्रबिन्दुसम्बन्धी अशुद्धिहरू दिइएका छन्; तिनलाई सच्याई आफ्ना उत्तरपुस्तिकामा सार्नुहोस्:

(क) आंप पाक्ने मौसममा नेपालगँज जाउं न; कति खान पाइञ्छ?

(ख) शन्कर, शंभु, महादेव शिवजीका नाम हुन्। पशुपतिमा बज्ने घंटाले मनको चिंता हटाउन्छन्।

CC-0. In Public Domain. Digitization by eGangotri

९. तलका वाक्यमा पद-योग र पद-वियोगसम्बन्धी अशुद्धिहरू दिइएका छन्; तिनलाई सच्याई आफ्ना अभ्यास-पुस्तिकामा सार्नुहोस्:
(क) डोल्माले आज भोलि पढ्न धेरै रुचिलिएकीछन्। उनी आफ्ना कोठाभीत्र बसेर पढि रहन्छिन्।
(ख) टार्सी आइ हाल्यो। त्यस बाहेक आज लाई अरू कोही आउँदैनन् जस्तोछ।
(ग) हामीले पढाइमा ध्यानदिएनौँ भने जीवनमा दु:ख झेल्नु पर्ने छ। दु:ख पछि सुखपाउन त केहीनकेही गर्नुनैपर्छ।

१०. तलका वाक्यहरूमा लेख्य-चिह्नको प्रयोगसम्बन्धी गल्तीहरू रहेका छन्; त्यस्ता चिह्न-प्रयोगसम्ब्रन्धी अशुद्धिहरू सच्याई ती वाक्यलाई आफ्ना अभ्यास-पुस्तिकामा शुद्ध रूपमा सार्नुहोस्:
(क) ओहो तिमीले काम सिध्यायौ? स्याबास्। यो काम गर्न रमेश हरि उपेन्द्रले तीन तीन दिन लगाए तिमीले एकै दिनमा पढ्यौ लेख्यौ र साफी पनि गर्‍यौ।
(ख) नेपाललाई नदीका आधारमा तीन भागमा बाँडिएको छ कोशी गण्डकी र कर्णाली?
(ग) मानिस ठूलो दिलले हुन्छ जातले हुँदैन यो देवकोटाको मुनामदनमा रहेको उद्गार हो।
(घ) तिमी आज यहाँ किन आयौ। म नै तिमीकहाँ आउने थिएँ नि।
(ङ) तिमीले त चटक्कै माया मार्‍यौ बा? के त्यसो गर्नु ठीक हो!

११. तलका वाक्यमा भएका अशुद्धि हटाई शुद्ध गरी सार्नुहोस्:
(क) एक साथी अर्को साथीलाई सहयोग गर्नु पर्छ है? रीता नीता र सूमीत्रा मेरो मन् मीलेका शाथि हूनूहुन्छ! जती अरुको भलाई गर्‍यो त्यती नै आफ्नो उन्नती हून्छन्।
(ख) बिस्सोको सर्बोच्च सिखर शगर्माथा नै हुन्। हीमालको अग्लो चूचूराहरु पर्तीस्ठा वढायेको छन् भने सगर्माथाले तेस्मा गजुर लगायको छ।
(ग) अर्काले जे भनो तेस्कोपर्छीपर्छी मात्रदौडनू हुन्दैन्। मानब् जातीका भलाई हूने काम् गर्नू पर्छन। तेस्ले हामि पनी दुर्दर्सी मान्छे बनुँ
(घ) सबै ले योग्य छुट्टाइ योग्गेताको शंमान् गरीदियनै देस्को छीटो ऊन्नती हुने थीयो है। मेरो साथिहरु पनी एहि बीचार गरेको छ?
(ङ) तपाँइ को वहीनी हरु त बेस्री बिग्यान पढेको छिन्। ऊनिहरूको भविस्से शमुज्जोल छे। सवैले एस्ता नारिहरु वाट देस्को ऊन्नती हूने बिस्वास लिएको छन्।

●

CC-0. In Public Domain. Digitization by eGangotri

## खण्ड ख

# अभिव्यक्ति र यसका प्रकार

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

## परिच्छेद एक

# अभिव्यक्ति

### १.१ परिचय

मानिसका मनमा विभिन्न किसिमका भाव र विचार उत्पन्न हुन्छन्। मनमा उठेका त्यस्ता भाव-विचारलाई मानिसले विभिन्न किसिमले बाहिर प्रकट गर्दछ। मानिसले खास गरी इसारा-चेष्टा वा भाषाका सहायताले आफ्ना मनका भाव-विचारलाई बाहिर प्रकट गर्ने गर्दछ र मनका भाव-विचारलाई त्यसरी प्रकट गर्ने कामलाई नै अभिव्यक्ति भनिन्छ। वस्तुतः मानिसले आफ्ना मनका भाव-विचारलाई बाहिर व्यक्त गर्ने काम नै अभिव्यक्ति हो। मानिसले गर्ने यस्तो अभिव्यक्तिको प्रमुख माध्यम भाषा हो।

### १.२ अभिव्यक्तिका प्रकार र यस पुस्तकको सीमा

भाषाका माध्यमले गरिने अभिव्यक्तिका मुख्य दुई प्रकार छन्-(१) मौखिक अभिव्यक्ति र (२) लिखित अभिव्यक्ति। कुनै भाव-विचारलाई मुखले बोलेर बाहिर प्रकट गर्नु मौखिक अभिव्यक्ति हो। कुनै भाव-विचारलाई भाषाका लिपिचिह्नका सहायताले लेखेर व्यक्त गर्नु लिखित अभिव्यक्ति हो। मौखिक रूपमा गरिने कुराकानी, छलफल, वादविवाद, भाषण/प्रवचन आदि मौखिक अभिव्यक्तिका उदाहरण हुन् भने चिठी, दैनिकी, निबन्ध, टिप्पणी, प्रतिवेदन आदि लिखित अभिव्यक्तिका उदाहरण हुन्। साहित्यका कविता, कथा, उपन्यास, नाटक, निबन्ध आदि पनि लिखित अभिव्यक्तिकै नमुना हुन् र तिनलाई रचनात्मक वा साहित्यिक अभिव्यक्ति भन्ने गरिन्छ। सबभन्दा छोटो लेख, अभिव्यक्ति एक वाक्यमा गर्न सकिन्छ भने अनुच्छेद, परिच्छेद, पुस्तक, ग्रन्थ आदिमा त्यो अभिव्यक्ति उत्तरोत्तर लम्बिदै जान्छ। यस पुस्तकमा अभिव्यक्तिसँग सम्बन्धित यी सबै कुराको चर्चा नगरी विद्यार्थीहरूका निम्ति तोकिएका चिठी दैनिकी, मनोवाद, संवाद, वादविवाद, निबन्ध, टिप्पणी र प्रतिवेदनजस्ता अभिव्यक्तिका लिखित रूपका बारेमा मात्र चर्चा गरिएको छ।

### १.३ लिखित अभिव्यक्ति प्रस्तुत गर्दा ध्यान दिनुपर्ने कुरा

(क) लेख्य भाषामा गरिने आभिव्यक्ति लिखित अभिव्यक्ति हो; त्यसैले लिखित अभिव्यक्तिमा लेख्य भाषाका सबै नियमहरूको पालना गर्नुपर्दछ; जस्तै– शुद्ध वर्णविन्यासको प्रयोग आदि।

CC-0. In Public Domain. Digitization by eGangotri

(ख) लिखित अभिव्यक्तिको सबभन्दा सानो एकाइ वाक्य हो। त्यसैले लिखित अभिव्यक्ति गर्दा शुद्ध वाक्यको प्रयोग गर्नामा पनि ध्यान पुऱ्याउनुपर्छ।

(ग) दुई वा दुईभन्दा बढी सिलसिला मिलेका वाक्यहरूबाट अनुच्छेदात्मक अभिव्यक्ति र सिलसिला मिलेका अनुच्छेदहरूबाट अनुच्छेदसमूहमा आधारित लिखित अभिव्यक्ति प्रस्तुत गरिन्छ। त्यसैले लिखित अभिव्यक्ति गर्दा वाक्य-वाक्यका बीचमा र अनुच्छेद-अनुच्छेदका बीचमा विषयवस्तुका वर्णनको भित्री सिलसिला मिलाइराख्नेतर्फ चनाखो रहनुपर्छ। यस्तो सिलसिला नमिलेमा अभिव्यक्ति अस्पष्ट बन्दछ।

●

CC-0. In Public Domain. Digitization by eGangotri

## परिच्छेद दुई

# अनुच्छेद-लेखन

## २.१ अनुच्छेद

कुनै एउटा अर्थ वा कुरालाई पूरा गरेर बुझाई पूर्णविराम वा त्यसका सट्टामा प्रयोग हुने चिन्ह लिने शब्दसमूह वाक्य हो। कुनै एउटा अर्थ वा विषयलाई स्पष्ट पार्न दुई वा दुईभन्दा बढी वाक्यको प्रयोग गर्न सकिन्छ। त्यसरी कुनै विषय/शीर्षक वा अर्थलाई स्पष्ट पार्ने सिलसिला मिलेका दुई वा दुईभन्दा बढी वाक्यको समूहलाई अनुच्छेद भनिन्छ। वास्तवमा कुनै विषयको वर्णनको सिलसिला मिलेका वाक्यहरूको एउटा समूह नै अनुच्छेद हो। कतिपय लिखित अभिव्यक्तिमा एउटै वाक्यले अनुच्छेदको काम गरेको पनि नदेखिने त होइन; तर हाम्रो शैक्षिक पाठ्यक्रमले अपेक्षा गरेअनुसार भने कुनै एक शीर्षक वा विषयसँग सम्बन्धित कुराको सिलसिला मिलेका दुई वा दुईभन्दा बढी वाक्यहरूको एउटा समूह नै अनुच्छेद हो; जस्तै-

### शीर्षक: सगरमाथाको देश नेपाल

नेप्राललाई सगरमाथाको देश पनि भनिन्छ। सगरमाथा संसारको सर्वोच्च शिखर हो र यो नेपाल देशमै पर्दछ। त्यसैले संसारका मानिसहरू नेपाललाई सगरमाथाको देशका रूपमा चिन्दछन्।

माथिको अनुच्छेदमा जम्मा तीन वाक्य छन्। ती तीन वाक्यले 'सगरमाथाको देश नेपाल' भन्ने शीर्षकसँग सम्बन्धित कुराको सिलसिलेबार वर्णन गरेका छन्। त्यसैले ती तीनओटा वाक्यको एउटा समूह एउटा अनुच्छेद हो।

सिलसिला नमिलेका वाक्यहरूबाट अनुच्छेद बन्दैन; जस्तै–

नेपाल सगरमाथाको देश हो। जुम्ला नेपालको एक जिल्ला हो। नेपालमा धेरै विद्यालयहरू छन्।

माथि दिइएका तीन वाक्यले कुनै एक विषय वा शीर्षकको सिलसिलेवार वर्णन गरेका छैनन्। त्यसैले ती तीन वाक्यको समूह अनुच्छेद होइन। ती तीन वाक्यहरू अनुच्छेद नभई तीनओटा अलग-अलग स्वतन्त्र वाक्य हुन्।

## २.२ अनुच्छेद लेख्ने तरिका

(क) अनुच्छेदका सुरुमा शीर्षक लेख्नुपर्दछ; जस्तै–

CC-0. In Public Domain. Digitization by eGangotri

## सगरमाथाको देश नेपाल

(ख) अनुच्छेद लेख्ता पहिलो वाक्यको बायाँतिर केही ठाउँ छाड्नुपर्दछ; जस्तै–
नेपाललाई सगरमाथाको देश पनि भनिन्छ।

(ग) अनुच्छेदको पहिलो वाक्य शीर्षक वाक्य हुनुपर्छ। त्यस शीर्षक वाक्यमा शीर्षकसँग सम्बन्धित विषयको मुख्य बुँदा पर्नुपर्छ। त्यो शीर्षक वाक्य नै अनुच्छेदको आदि भाग वा सुरुको भाग हो।

(घ) शीर्षक वाक्यमा परेको मुख्य बुँदालाई त्यसपछिका दुईचार वाक्यमा सिलसिला मिलाई स्पष्ट पार्नुपर्दछ। यो अनुच्छेदको मध्यभाग वा बीचको भाग हो।

(ङ) अनुच्छेदका अन्त्यमा सम्बन्धित विषयको निचोड खिर्चा एक वाक्य लेख्नुपर्छ र त्यही नै अनुच्छेदको अन्त्य भाग वा उपसंहार वाक्य हुन्छ।

## २.३ अनुच्छेदका प्रकार

लेखाइका विभिन्न ढङ्ग र शैलीअनुसार अनुच्छेदका विभिन्न प्रकार हुन सक्छन्। अनुच्छेदका त्यस्ता विभिन्न प्रकारहरूमध्ये दुई मुख्य प्रकार यी हुन्: (क) वस्तुपरक अनुच्छेद र (ख) आत्मपरक अनुच्छेद।

### (क) वस्तुपरक अनुच्छेद

कुनै वस्तु वा विषय वा शीर्षकलाई नै केन्द्र बनाई त्यससँग सम्बन्धित वास्तविक तथ्यसत्य कुराहरूको वर्णन गरी लेखिने अनुच्छेद वस्तुपरक अनुच्छेद हो। वस्तुपरक अुनच्छेदको नमुना तल दिइएको छ:

## शीर्षक: देशविकासमा युवावर्गको भूमिका

देशविकासमा युवावर्गको महत्त्वपूर्ण भूमिका हुन्छ। कुनै पनि देशको विकासको गह्रौकिलो जिम्मेबारीलाई बोक्न सक्ने बलियो खम्बा भनेकै युवावर्ग हो। त्यो युवावर्ग अल्छी भयो वा कुलतमा लागी बरालियो भने देशको विकास ठप्प हुन्छ। त्यो युवावर्ग होस र जोसका साथ कम्मर कसेर अगि बढ्यो भने देशविकासको गति तीव्र बन्छ। देशका सबै युवाहरू चेतनशील भए र उनीहरूले आफ्नो सारा शक्ति अनि बुद्धि देशविकासका काममा लगाए भने देशको चौतर्फी विकास हुनामा कत्ति पनि समय लाग्दैन। देशविकासको लक्ष्यलाई छिटै पूरा गर्नामा होसिला र जोसिला युवावर्गको उल्लेखनीय भूमिका रहन्छ भन्ने कुरामा दुई मत हुन सक्तैन।

CC-0. In Public Domain. Digitization by eGangotri

### (ख) आत्मपरक अनुच्छेद

कुनै शीर्षक वा विषयका बारेमा लेख्ता 'म' वा 'हामी' लाई केन्द्र बनाई आफ्ना ('म' वा 'हामी' का) धारणा वा भावना पोखी लेखिने अनुच्छेद आत्मपरक अनुच्छेद हो। आत्मपरक अनुच्छेदको नमुना तल दिइएको छ:

## बिहानी सूर्य: मेरो प्रेरणास्रोत

मलाई बिहानी औंधी मन पर्छ। जब म सूर्योदयको प्रसववेदनाले रातो भएको पूर्वको आकाशतिर हेर्दछु, मभित्र भन्नै नसकिने अव्यक्त आनन्दका लहरहरू सलबलाउँछन्। वरिपरिको रातो रङ्गका बीचबाट सूर्यको पहेँलो सुन्तले गोलाले जब आफ्नो अनुहार देखाउँछ अनि त मसँगै सिङ्गो मुलुक बिउँझन्छ। म बिहानको अनुहार हेरेर सिङ्गो दिनको जोखना हेर्दछु। अनुहारमा कान्ति फिँजाउदै सूर्य आकाशका उच्च पथतिर जब लम्कन्छ, म आफूलाई जीवनको उच्चतातिर लम्काउने प्रेरणा प्राप्त गर्दछु।

नाम : सबिना : भण्डारी

### अभ्यास

१. तलका शीर्षकहरूमा बढीमा सय शब्दसम्मको वस्तुपरक अनुच्छेद लेख्नुहोस्:
   (क) नेपाली भाषाको महत्त्व,
   (ख) भूक्षय र त्यसको रोकथाम,
   (ग) नेपालको जलसम्पदा,
   (घ) वृक्षरोपणको महत्त्व,
   (ङ) लागूपदार्थ सेवन: गयो अमूल्य जीवन,
   (च) स्वास्थ्य नै धन हो!

२. तलका शीर्षकहरूमा बढीमा सयशब्दसम्मको आत्मपरक अनुच्छेद लेख्नुहोस्:
   (क) मेरो देश
   (ख) मेरो देशको गजुर सगरमाथा
   (ग) मेरो फूलबारी
   (घ) हाम्रो राष्ट्रिय झन्डा
   (ङ) हिमाली सौन्दर्य
   (च) जुनेली रात

●

CC-0. In Public Domain. Digitization by eGangotri

परिच्छेद तीन

# चिठी-लेखन

## ३.१ चिठी

टाढा बसेको कुनै आफन्त वा परिचित व्यक्तिलाई सम्बोधन गरी हुलाकमार्फत वा कुनै मान्छेमार्फत पठाइने त्यस्तो लिखित अभिव्यक्ति चिठी हो जसमा पत्र लेख्ने (प्रेषक) व्यक्तिले आफ्ना भलाकुसारी र हालखबर लेख्नाका साथै पत्र पाउने (प्रापक) व्यक्तिका भलाकुसारी र हालखबर के-कस्ता छन् भनी सोधेको हुन्छ। त्यसै गरी कुनै कार्यालयले कुनै संस्था वा व्यक्तिलाई सम्बोधन गरी पठाउने लिखित पत्र, परिपत्र, सूचना आदि पनि चिठी नै हुन्। कुनै व्यक्तिले कुनै संस्था वा विशिष्ट व्यक्तिका नाममा लेखेको दर्खास्त वा निवेदन-पत्र पनि चिठी नै हो। यसरी कसैले (व्यक्ति वा संस्थाले) कसैलाई (व्यक्ति वा संस्थालाई) सम्बोधन गरेर केही कुरा भनी-सोधी वा अनुरोध गरी लिखित रूपमा पठाएको पत्र वा कागज नै चिठी हो। 'चिठी' लाई 'पत्र' पनि भन्ने गरिन्छ। यस्ता 'चिठी' वा 'पत्र'का निम्ति खाम पनि चाहिन्छ। त्यस खामका बाहिर बायाँपट्टि चिठी पठाउने वा प्रेषकको र दायाँपट्टि चिठी पाउने वा प्रापकको पूरा नाम-ठेगाना प्रस्ट रूपमा लेखिन्छ।

## ३.२ चिठीका प्रकार र तिनको लेख्ने तरिका

चिठीमा प्रयोग गरिने भाषाशैलीका आधारमा चिठीका दुई प्रकार देखिन्छन्- सामान्य चिठी र साहित्यिक चिठी। कसैले कसैलाई सम्बोधन गरी सामान्य किसिमको भाषाशैलीमा आपसी व्यवहारका बारेमा भनी-सोधी वा अनुरोध गरी लेखेर पठाएको पत्र सामान्य चिठी हो; यस्तो चिठीलाई व्यावहारिक पत्र पनि भनिन्छ। त्यसै गरी कुनै साहित्यकारले चिठीका ढाँचामा कसैलाई सम्बोधन गरी कुनै विषयबारेका आफ्ना भावनालाई सुन्दर, रोचक र प्रभावकारी भाषाशैलीमा प्रकट गरेको लेखाइ साहित्यिक चिठी हो। यहाँ हाम्रो सम्बन्ध सामान्य वा व्यावहारिक किसिमका चिठीसँग मात्र रहेकाले साहित्यिक चिठीका बारेमा बढी प्रकाश पार्नु आवश्यक छैन।

सामान्य वा व्यावहारिक चिठी पनि चिठी पठाउने र पाउनेका बीचका सम्बन्ध, कार्य, आवश्यकता आदिका आधारमा तीन किसिमका छन्-(क) घरायसी चिठी, (ख) कार्यालयीय चिठी र (ग) व्यावसायिक चिठी।

### (क) घरायसी चिठी

कुनै आफन्त वा परिचित व्यक्तिलाई लेखिने चिठी घरायसी चिठी हो। घरायसी चिठी लेख्ता तल बताइएका तरिकाहरूको ठीक-ठीक प्रयोग गर्नुपर्दछ:

CC-0. In Public Domain. Digitization by eGangotri

(१) चिठी लेखिने पत्र वा कागतका दायाँतिर सिरानमा सबभन्दा माथि चिठी लेख्ने व्यक्ति वा प्रेषकले आफ्नो ठेगाना छोटकरीमा लेख्नुपर्दछ।

(२) प्रेषकले आफ्नो ठेगानाका मुन्तिर चिठी लेखिएका दिनको मिति लेख्नुपर्दछ।

(३) सो मिति लेखिएको पङ्क्तिभन्दा तल्लो पङ्क्तिमा बायाँतिर प्रेषकले प्रापकलाई गर्ने यथायोग्य सम्बोधन लेख्नुपर्छ।

(४) सम्बोधनका मुन्तिरै बायाँतिर केही ठाउँ छाडी प्रेषकले प्रापकप्रति गर्ने यथायोग्य अभिवादन लेख्नुपर्छ।

(५) सो अभिवादन लेखिसकेपछि प्रेषकले चिठीमा लेख्नुपर्ने कुराहरूलाई एक वा एकभन्दा बढी अनुच्छेदहरूमा प्रस्टसँग लेख्नुपर्दछ।

(६) चिठीमा लेख्नुपर्ने मुख्य कुराहरू लेखिसकेपछि चिठी टुङ्गिएको जानकारी दिन समापक वाक्यांश लेख्नुपर्दछ; जस्तै– 'बाँकी भेटमा', 'अरू कुरा पत्रोत्तर पाएपछि' आदि।

(७) चिठीका अन्त्यमा दायाँतिरै प्रेषकको प्रापकप्रतिको सम्बन्ध जनाउने शब्द वा शब्दावली राख्नुपर्दछ; जस्तै- 'शुभचिन्तक पिता', 'आज्ञाकारी पुत्र' आदि।

(८) सो सम्बन्ध जनाउने शब्द वा शब्दावलीका मुन्तिर प्रेषकले आफ्नो हस्ताक्षर वा नाम वा दुवै लेख्नुपर्दछ।

(९) यसपछि सो लेखिएको चिठी हाल्ने खामका बाहिर बायाँपट्टि प्रेषक र दायाँपट्टि प्रापकको पूरा नाम-ठेगाना प्रस्टसँग लेख्नुपर्छ।

घरायसी चिठीमा रहनुपर्ने माथिका कुराहरू वास्तविक चिठीमा यसरी रहेका हुन्छन्:

(१) ज्ञानेश्वर, काठमाडौँ
(२) २०५३/२/१

(३) श्रीमान् पूज्य पिताज्यू,

(४) साष्टाङ्ग दण्डवत् प्रणाम।

(५) मलाई यहाँ सन्चै छ।................................

......................................................................................................

......................................................................................................

......................................................................................................

......................(६) अरू कुरा हजुरबाट पत्रोत्तर पाएपछि......................!

(७) आज्ञाकारी पुत्र
(८) निश्चल बस्नेत

CC-0. In Public Domain. Digitization by eGangotri

(९) खामको नमुना

| | |
|---|---|
| | टिकट |
| प्रेषक<br>निश्चल बस्नेत | प्रापक<br>विश्वास बस्नेत<br>.........................................<br>.....................................<br>............................... |

घरायसी पत्रमा आदरअनुसार प्रयोग गर्नुपर्ने सम्बोधन, अभिवादन र सम्बन्ध जनाउने शब्द/शब्दावलीका केही नमुना तल देखाइएका छन्:

(अ) पूज्य पिता/माता/काका/दाजु/भाउजू

सादर प्रणाम!

.........................................................................................

.........................................................................................

............................................................

आज्ञाकारी पुत्र/पुत्री/भतिजो/भतिजी/भाइ/बहिनी/देवर/नन्द

(आ) आदरणीय मामा/माइजू/भिनाजु/दिदी

सादर नमस्कार!

.........................................................................................

.........................................................................................

............................................................

तपाईंको/तपाईंकी; भानिज/भान्जी; सालो/ साली; भाइ/बहिनी

(इ) प्रिय पुत्र/पुत्री, भाइ/बहिनी, भानिज/भान्जी

शुभाशिष/ धेरै प्यार/धेरै स्नेह!

.........................................................................................

.........................................................................................

............................................................

शुभचिन्तक पिता/माता; भलो चाहने दाजु/दिदी; मामा/माइजू

CC-0. In Public Domain. Digitization by eGangotri

(ई) प्रिय साथी राम/सीता

सप्रेम नमस्ते/धेरै सम्झना/अटुट सम्झना!

.................................................................................

.................................................................................

..................................................

हितैषी साथी/अभिन्न मित्र/ उही साथी

तल घरायसी चिठीको एउटा नमुना प्रस्तुत गरिएको छ:

## घरायसी चिठी: नमुना-१

क/३२ नयाँ बानेश्वर
काठमाडौँ, नेपाल
२०५३/५/४

आदरणीय पिताज्यू,

साष्टाङ्ग दण्डवत्, प्रणाम!

पत्रावधिसम्म यहाँ म सन्चै छु र त्यहाँ हजुरहरूको गाथमा सुस्वास्थ्य एवम् आरोग्यका निम्ति अहर्निश ईश्वरसँग प्रार्थना गरिरहेको छु।

लामो समयपश्चात् हजुरका करकमलबाट लिखित पत्र पढ्न पाउँदा म हर्षविभोर भएँ। अस्ति-अस्ति दुईचार दिन केही नराम्रा सपना देखेर घरमा कोही बिरामी हुनुहुन्छ कि भन्ने पिरलाले मलाई सताएको थियो। त्यस आरामी पत्रले भयाक्रान्त मेरो मनलाई निश्चिन्त परेको छ र अब म ढुक्क भएको छु।

मेरो सङ्गत, स्वास्थ्य र पढाइका-बारेमा हजुरबाट प्राप्त अमृतमय सुझावहरूलाई मैले सर्वदा शिरोपर गरेको छु र गरिरहने छु। मैले पल्लाघरे साइँलीको छोरो सन्तवीरको सङ्गत छोडिसकेको छु। उसलाई मैले भनिसकेको छु- "हेर् सन्ते 'घाँटी हेरेर हाड निल्नु पर्छ'; घरमा 'कन खाई धन सँगालेर तेरो पढाइका निम्ति खर्च पठाइन्छ तर तँ भने आफ्नो धरातल बिर्सेर हुल्याहाको सङ्गतमा लाग्दैछस्।" उसले ठाडै भनिदियो—"हेर्, सागर दुई दिनको जिन्दगीमा मोज नगरे कहिले गर्ने? कल्पना र आदर्श पस्केर अघाइँदैन; म त यथार्थ र वास्तविकतालाई अँगालेर हिँड्ने मान्छे हुँ।" त्यसपछि मैले उसको सङ्गत छोडिदिएँ; यसबारे तपाईंले कत्ति पनि चिन्ता लिनुपर्दैन।

मेरो स्वास्थ्य अहिले ठिकै छ। अर्ती र ओखती नमिठो हुन्छ भन्ने उखान म झलझली सम्झन्छु।काठमाडौँको पानी उमालेर खाएस् भन्ने तपाईंको अर्तीलाई बेवास्ता गर्दा म दश दिनसम्म सरुवा रोग अस्पतालको पाहुना बन्न पुगेको थिएँ। त्यसपछि त म 'चेत बाबा काशी' भएको छु। मेरो स्वास्थ्यको बारेमा कुनै चिन्ता लिनुपर्दैन।

यहाँ मेरो पढाइ अहिले अत्यन्त द्रुतगतिमा अगि बढिरहेको छ। एस.एल्.सी. परीक्षा जति नजिकिँदै छ त्याति नै मेरो हृदयको ढुक्ढुकी पनि

CC-0. In Public Domain. Digitization by eGangotri

बढ्दै छ। योग्यता (टेस्ट) परीक्षा कार्त्तिक महिनामा हुन्छ रे; त्यसभन्दा अगि पनि परीक्षा नै परीक्षा छन्। मलाई त यस्तो लाग्छ- यो जिन्दगी नै एउटा परीक्षा हो र यसमा उत्तीर्ण भइरहुन्जेल मात्र जीवनको सार्थकता छ र अनुत्तीर्ण हुनासाथ जीवनको अस्तित्व नै समाप्त हुन्छ। त्यसैले नर्सरी (कक्षा) मा रोपेको अध्ययनरूपी बाली आज तेह्रवर्षपश्चात् स्याहार्ने बेला भएको छ। एस्.एल्.सी. रूपी त्यो खेती राम्रोसँग नभित्र्याउने हो भने मेरो सम्पूर्ण जीवन कष्ट र पीडामय बन्नेछ। त्यसैले आजभोलि म पढाइमा केन्द्रित भएको छु। यसपल्टको पूर्वयोग्यता परीक्षा (प्रि. सेन्टअप) मा मैले अप्रत्याशित रूपमा प्रगति गरेको देखेर विद्यालयकी प्रधानाध्यापिका र गुरुवर्गहरूसमेत आश्चर्यचकित हुनुभएको छ। मेरो पढाइका बारेमा हजुरले कुनै चिन्ता नलिनुहोला।

अमेरिकाबाट ठुल्दाजुले चिठी पठाउनुभएको थियो। उहाँ पनि आएपछि यसपल्टको दसैंमा परिवारका सबै सदस्यहरू जुट्नेभयौँ र रमाइलो हुनेभयो।

धेरै के लेखौं; आमालाई मेरो साष्टाङ्ग दण्डवत् प्रणाम र भाइबहिनीलाई हार्दिक प्यार! अरू कुरा हजुरबाट पत्रोत्तर पाएपछि.......।

आज्ञाकारी पुत्र
सागर अर्याल

### खामको नमुना

टिकट

*प्रेषक*
सागर अर्याल
अङ्कुर विद्याश्रम
बानेश्वर,
काठमाडौं।

*प्रापक*
श्री हरि अर्याल
गुल्मी, आँपचौर-१
लुम्बिनी अञ्चल।

## घरायसी/व्यक्तिगत चिठी: नमुना-२

प्रश्न: 'हरियो वन नेपालको धन' भन्ने विषयको महत्त्व दर्साउँदै विद्यार्थी जीवनदेखि नै वृक्षरोपण गर्नुपर्ने बारेमा गाउँको विद्यालयमा पढ्दै गरेका आफ्ना साथीलाई एक चिठी लेख्नुहोस्।

CC-0. In Public Domain. Digitization by eGangotri

ख/३१ ताहाचल, काठमाडौँ
२०५३/५/४

आत्मीय मित्र सुशान्त
अविरल सम्झना!

पत्रका मितिसम्म म यहाँ कुशल छु र त्यहाँ मित्रको कुशलता र आरोग्यको हार्दिक कामना व्यक्त गर्दछु। पत्रादान-प्रदानको लामो मौनतालाई चिर्दै यो पत्र पठाइरहेको छु। मलाई आशा एवम् विश्वास छ; पुन: हाम्रो पत्रको आवागमन चलिरहनेछ।

मित्र! म काठमाडौँको आवासीय विद्यालयमा पढिरहेको छु र तिमी गाउँको सरकारी विद्यालयमा पढिरहेका छौ। तिमीलाई मैले एउटा सुझाव र सल्लाह यस पत्रमार्फत दिन लागिरहेको छु। 'हरियो वन नेपालको धन' भन्ने भनाइ हामी साना हुँदा पनि सुन्ने गर्थ्यौँ। तिमी र म सँगै-सँगै खेल्दा यसको महत्त्वबारे हामीलाई खास चासो र सरोकार थिएन तर काठमाडौँमा आएपछि मैले बुझ्न थालेँ- साँच्चै नेपाललाई धनाढ्य र सम्पन्न बनाउनमा हरियो वनको ठूलो भूमिका रहेछ। प्रकृतिको उपहारका रूपमा प्राप्त वन-जङ्गलको महत्त्व हाम्रो जीवन र श्वास-प्रश्वाससँग गाँसिएको रहेछ। वन नै हाम्रो इन्धनको स्रोत रहेछ। गाउँमा अशिक्षा र अज्ञानको अँध्यारोले वनको महत्त्वलाई छोपेको छ; त्यसैले भोलिका कर्णधार हामी विद्यार्थीवर्गले नै यसतर्फ चनाखो हुनु जरुरी देखिन्छ।

मित्र! हामी विद्यार्थी हौँ। हाम्रो मूल कर्तव्य अध्ययन गर्नु हो; तर भोलि हामी अध्ययन पूरा गरेर देश-निर्माणको महायज्ञमा होमिन्छौँ। त्यसबेला हामीलाई मुलुकका नाङ्गा डाँडाले सराप्नेछन् र धिक्कार्नेछन्। त्यसैले हामीले विद्यार्थीअवस्थादेखि नै वृक्षरोपणतर्फ सचेत हुनुपर्छ। रुखले छहारी दिन्छ, रुखले भूक्षय रोक्छ र रुखहरू भएको ठाउँमा पानीको मूल फुट्छ। त्यसैले हामीले समयमा नै सोच्नु जरुरी छ। विद्यार्थी-अवस्थादेखि नै हामीले वृक्षरोपणमा ध्यान दिएनौँ भने सिङ्गो मुलुकको प्राकृतिक सौन्दर्य त सखाप हुनेछ नै; हाम्रो आस्तित्त्वसमेत समाप्त हुनेछ। त्यसैले तिमीले त्यहाँ वृक्षरोपण-अभियानलाई विद्यार्थी-आन्दोलनका रूपमा अगि बढाऊ; मेरो हार्दिक शुभेच्छा र सहयोग रहिरहनेछ।

धेरै के लेखौँ; कक्षाका अन्य मित्रहरूलाई पनि मेरो हार्दिक सम्झना सुनाइदिनू। अहिलेलाई यत्ति; बाँकी अर्को पत्रमा......।

सहृदयी मित्र
सुरेश अर्याल

CC-0. In Public Domain. Digitization by eGangotri

## खामको नमुना

| | |
|---|---|
| | टिकट |
| *प्रेषक*<br>सुरेश अर्याल<br>श्री जनज्योति माध्यमिक विद्यालय,<br>ताहाचल,<br>काठमाडौं। | *प्रापक*<br>श्री सुशान्त शाही<br>कक्षा: १०<br>श्री जनप्रभा मा.वि.<br>लिकू, डोल्पा, कर्णाली अञ्चल<br>नेपाल। |

### (ख) कार्यालयीय चिठी

कुनै व्यक्तिले कुनै कार्यालय वा संस्थालाई वा त्यसका प्रमुखलाई सम्बोधन गरी लेख्ने चिठी कार्यालयीय चिठी हो। यस्तो चिठीलाई निवेदनपत्र पनि भनिन्छ। यस्तो निवेदनपत्र लेख्ने तरिका तल बताइएको छ:

(१) निवेदन-पत्र लेखिने कागतका सिरानमा दायाँपट्टि सो पत्र लेखेको दिनको मिति लेख्नुपर्छ; जस्तै-

मिति २०५३/६/१

(२) निवेदनपत्र लेखिने कागतका सिरानमा दायाँपट्टि मिति लेखेको पङ्क्तिभन्दा तल्लो पङ्क्तिका बायाँपट्टि निवेदन गर्नुपर्ने पदाधिकारी वा संस्थालाई सम्बोधन गर्नुपर्छ; जस्तै-

श्रीमान् प्रधानाध्यापकज्यू

(३) सम्बोधनका ठीकमुन्तिर सम्बोधन गरिएका पदाधिकारी वा संस्थाको ठेगाना लेख्नुपर्छ; जस्तै-
श्रीमान् प्रधानध्यापकज्यू,
ग्यालेक्सी पब्लिक उच्च माध्यमिक विद्यालय,
ज्ञानेश्वर, काठमाडौं।

(४) ठेगाना लेखिसकिएको पङ्क्तिभन्दा ठीक तल्लो पङ्क्तिमा बायाँतिर केही ठाउँ छाडी निवेदन लेख्नुपर्नाको विषय लेखी त्यसलाई अधोरेखाङ्कित गर्नुपर्छ; जस्तै–

CC-0. In Public Domain. Digitization by eGangotri

मिति................

सम्बोधन,
ठेगाना,

विषय: छात्रवृत्ति पाऊँ भन्नेबारे।

(५) 'विषय' लेखिसकेपछि त्यसको तल्लो पङ्क्तिमा बायाँतिर लेखिएका ठेगानाका ठीक सोझो पर्ने गरी महोदय लेख्नुपर्छ; जस्तै–

मिति..........

सम्बोधन,
ठेगाना।

विषय...........................................।

महोदय,

(६) 'महोदय' लेखिएको भन्दा तल्लो पङ्क्तिमा बायाँतिर केही ठाउँ छाडी ('विषय' लेखिएको ठाउँको ठीक तल सोझो पर्ने गरी) निवेदनमा लेख्नुपर्ने खास कुरा लेख्न थाल्नुपर्छ; जस्तै–

मिति........

सम्बोधन,
ठेगाना,

विषय...........................................।

महोदय,

..........................................................................................

(७) निवेदनपत्रमा लेख्नुपर्ने कुरा सकिइसकेपछि 'धन्यवाद!' लेखी सो निवेदनपत्र टुङ्गिएको कुरो जनाउनुपर्छ; जस्तै–

.............................................................। धन्यवाद!

(८) 'धन्यवाद!' लेखिसकेपछि त्यसको तल्लो पङ्क्तिका दायाँतिर निवेदन लेख्ने व्यक्तिले सम्बन्ध जनाउने शब्द लेख्नुपर्छ; जस्तै–

..........................................................................................
..........................................................................................
................। धन्यवाद!

भवदीय/निवेदक/तपाईंको

CC-0. In Public Domain. Digitization by eGangotri

(९) सम्बन्ध जनाउने शब्दका मुन्तिर निवेदन लेख्ने व्यक्तिले आफ्नो सही गर्नुपर्छ र सहीका मुन्तिर कोष्ठकमा आफ्नो पूरा नाम स्पष्ट अक्षरमा लेख्नुपर्छ। त्यसपछि त्यसैका मुन्तिर आफ्नो पूरा ठेगाना पनि लेख्नुपर्छ; जस्तै–

भवदीय

...............................

(माधवप्रसाद भट्ट)
काठमाडौँ नगरपालिका,
वडा नं ६, बौद्ध,
काठमाडौँ,
वाग्मती अञ्चल,
नेपाल

(१०) यसपछि खाम (खामको नमुना) मा निवेदनपत्रका प्रेषक र प्रापकको पूरा नाम/पद र ठेगाना घरायसी चिठीका नियमअनुसार नै लेख्नुपर्छ। निवेदनपत्रको एक नमुना-लेखन तल प्रस्तुत गरिएको छ:

**कार्यालयीय चिठीको नमुना**

२०५३/५/२

श्रीमान् महानिर्देशकज्यू,
वनविभाग,
वन मन्त्रालय,
श्री ५ को सरकार,
सिंहदरबार, काठमाडौँ

विषय: बोट-बिरुवा उपलब्ध गराइदिनुहुन।

महोदय,

हामी ग्यालेक्सी पब्लिक स्कूलमा कक्षा १० मा अध्ययनरत विद्यार्थीहरूले यस वर्षको वन-महोत्सवका उपलक्ष्यमा काठमाडौँ जिल्लाको कपन डाँडामा वृक्षरोपण गर्ने कार्यक्रम राखेका छौँ। नाङ्गा डाँडापाखाहरूलाई वृक्षरोपणद्वारा हराभरा बनाउँदा वातावरण सन्तुलित हुने र भूक्षयको रोकथाम पनि हुने भएकाले हाम्रो यस रचनात्मक अभियानमा सघाउ पुऱ्याउन बिरुवाहरू उपलब्ध गराई सहयोग गर्नुहुन सादर अनुरोध छ। धन्यवाद!

भवदीय
सन्तोष शर्मा
संयोजक
वृक्षरोपण आयोजक समिति
कक्षा १०
ग्यालेक्सी पब्लिक स्कूल,
ज्ञानेश्वर, काठमाडौँ।

CC-0. In Public Domain. Digitization by eGangotri

## खामको नमुना

| | |
|---|---|
| | टिकट |
| *प्रेषक*<br>सन्तोष शर्मा<br>संयोजक<br>वृक्षरोपण आयोजक समिति<br>कक्षा: १०<br>ग्यालेक्सी पब्लिक स्कूल<br>ज्ञानेश्वर, काठमाडौँ। | *प्रापक*<br>श्रीमान् महानिर्देशकज्यू<br>वन विभाग<br>वन मन्त्रालय,<br>श्री ५ को सरकार,<br>सिंहदरबार, काठमाडौँ। |

कुनै कार्यालय वा संस्थाले अर्को कार्यालय वा संस्था वा कुनै व्यक्तिलाई सम्बोधन गरी लेख्ने चिठी पनि कार्यालयीय चिठी नै हो। तर विद्यार्थीहरूको चिठी-लेखनको कार्य निवेदनपत्रको लेखाइसँग नै सम्बन्धित भएकाले निवेदनपत्रबाहेक अन्य कार्यालयीय चिठीका नमुना दिनुपर्ने आवश्यकता यहाँ देखिएन।

### (ग) व्यावसायिक चिठी

कुनै व्यवसाय गर्ने संस्थाले अर्को व्यावसायिक संस्थालाई लेख्ने चिठी व्यावसायिक चिठी हो। यस्ता व्यावसायिक चिठी पठाउने संस्थाको ठेगाना चिठी लेखिने कागतकै सिरानमा छापिएको हुने हुँदा यस्ता चिठीमा प्रेषक संस्थाको अलगै ठेगाना लेख्नुपर्दैन। व्यावसायिक चिठी-लेखनका अरू तरिका कार्यालयीय चिठीलेखनअनुसारकै हुन्छन्। तल व्यावसायिक चिठीको एक नमुना-लेखन प्रस्तुत गरिएको छ:

CC-0. In Public Domain. Digitization by eGangotri

# खलङ्गा पुस्तक भण्डार

खलङ्गा बजार, जुम्ला
कर्णाली अञ्चल

मिति: २०५३/४/५

विषय: थोक-बिक्रेता बन्न पाऊँ भन्नेबारे।

श्रीमान् व्यवस्थापकज्यू,
एकता बुक्स डिष्ट्रिब्युटर्स प्रा.लि.,
थापाथली, काठमाडौँ।

महोदय,

कर्णाली अञ्चलको सदरमुकाम जुम्ला बजारमा अवस्थित यस पुस्तक भण्डारले विगत केही वर्षदेखि नै विभिन्न प्रकाशनका पुस्तकहरू बिक्री-वितरण गर्दै आएको कुरा अवगतै होला। हाल यस पुस्तक भण्डारले आफ्नो व्यापारिक क्षेत्र कर्णाली अञ्चलका हुम्ला, मुगु, डोल्पा र कालिकोट जिल्लासम्म विस्तार गरिसकेको छ। यस क्रममा त्यस प्रकाशनका पुस्तकहरूको माग यहाँ दिन-प्रतिदिन बढिरहेको हुनाले र त्यस प्रकाशनको स्थायी थोक-विक्रेता यस अञ्चलमा नभइदिनाले ग्राहकहरूका मागबमोजिमका पुस्तक समयमै उपलब्ध गराउनामा कठिनाइ देखापरेको छ। त्यसैले यस अञ्चलको एक मात्र भरपर्दो र प्रतिष्ठित पुस्तक विक्रेता यस 'खलङ्गा पुस्तक भण्डार' लाई तपाईंका सम्पूर्ण प्रकाशनहरूको थोक विक्रेताका रूपमा नियुक्ति दिनुहुन यो निवेदन पठाइएको छ। यसका लागि आवश्यक पर्ने धरौटी रकम तपाईंको मञ्जुरी पाउनेबित्तिकै हामी जम्मा गर्नेछौँ। तपाईं हामीलाई विश्वास गर्नुहोस्; हामी तपाईंलाई सन्तुष्ट पार्नेछौँ। धन्यवाद!

भवदीय
गणेश चौलागाईं
सञ्चालक

**खामको नमुना**

टिकट

| प्रेषक | प्रापक |
|---|---|
| खलङ्गा पुस्तक भण्डार | श्रीमान् व्यवस्थापकज्यू, |
| खलङ्गा बजार | एकता बुक्स डिष्ट्रिब्युटर्स प्रा.लि., |
| जुम्ला, कर्णाली अञ्चल। | थापाथली, काठमाडौँ। |

CC-0. In Public Domain. Digitization by eGangotri

कुनै व्यक्तिले कुनै व्यावसायिक संस्थालाई लेख्ने चिठी पनि व्यावसायिक चिठी नै हो। यस्ता व्यावसायिक चिठीको ढाँचा कार्यालयीय निवेदनपत्रअनुसार कै हुन्छ; जस्तै–

खलङ्गा बजार, जुम्ला
कर्णाली अञ्चल
मिति:२०५३/३/१

श्रीमान् व्यवस्थापकज्यू,
एकता बुक्स डिष्ट्रिव्युटर्स प्रा.लि.
थापाथली, काठमाडौँ।

विषय: पुस्तकहरू पठाइदिने बारे।

महोदय,

यस कर्णाली अञ्चलको जुम्ला बजारमा अवस्थित स्थानीय पुस्तक पसलहरूमा त्यस प्रकाशनका पुस्तकहरू उपलब्ध नभएकाले र मलाई त्यस प्रकाशनबाट प्रकाशित भएका तपसिलबमोजिमका पुस्तकहरूको अत्यन्त आवश्यकता परेकाले ती पुस्तकहरू हवाइ सेवामार्फत मेरो तल लेखिएको ठेगानामा पठाइदिनुहुन अनुरोध गर्दछु। उक्त पुस्तकहरूको मूल्य र हवाइसेवा शुल्कबापत आवश्यक पर्ने रकमको बैंक ड्राफ्ट यसै पत्रसाथ पठाएको छु। सहयोगका लागि धन्यवाद।

भवदीय
हरिश्चन्द्र शाही
ठेगाना: चन्दननाथ गा.वि.स.-२
जुम्ला, कर्णाली अञ्चल
नेपाल।

| तपसिल | थान |
|---|---|
| १. नेपाली साहित्य शृङ्खला भाग१ र २ | १/१ |
| २.निम्न माध्यमिक नेपाली व्याकरण र रचना | १ |
| ३. नेपाली व्यावहारिक व्याकरण र अभिव्यक्ति | १ |
| ४. सुनपङ्खी चरी | १ |

CC-0. In Public Domain. Digitization by eGangotri

**खामको नमुना**

| | |
|---|---|
| | टिकट |
| *प्रेषक*<br>हरिश्चन्द्र शाही,<br>चन्दननाथ गा.वि.स.२,<br>खलङ्गा बजार,<br>जुम्ला,<br>कर्णाली अञ्चल। | *प्रापक*<br>श्रीमान् व्यवस्थापकज्यू,<br>एकता बुक्स डिष्ट्रिब्युटर्स प्रा.लि.,<br>थापाथली, काठमाडौँ,<br>वाग्मती अञ्चल। |

## ३.३. चिठीका अन्य प्रकार

सूचना, विज्ञापन, निमन्त्रणपत्र आदिलाई पनि चिठीकै विभिन्न किसिम वा प्रकार मानिन्छ। यिनका एक-एक नमुना तल दिइएका छन्:

### (क) सूचना

पिपल्स क्याम्पसमा तीन वर्षे बी.ए. कक्षा-सञ्चालन हुने

**सूचना**

यस पिपल्स क्याम्पसमा यही असार १६ गतेदेखि मानविकीतर्फ
तीन वर्षे स्नातक तह प्रथम वर्षको पढाइ सुरु हुने भएकाले
सम्बद्ध सबै विद्यार्थीहरूको जानकारीका लागि
यो सूचना प्रकाशित गरिएको छ।

क्याम्पस प्रमुख
पिपल्स क्याम्पस
पकनाजोल, काठमाडौँ।
फो.नं. २१६९९०, २१५४१२

CC-0. In Public Domain. Digitization by eGangotri

## (ख) विज्ञापन

**खुसीको खबर !!!**

माध्यमिक तथा उच्चमाध्यमिक तहमा अध्ययन गर्ने विद्यार्थीहरूका लागि नेपाली व्याकरण र अभिव्यक्ति (चिठी, दैनिकी, वादविवाद, मनोवाद, संवाद, निबन्ध, टिप्पणी र प्रतिवेदन–लेखन) का निम्ति एकमात्र सिङ्गो, भरपर्दो र पर्याप्त अभ्यास-सामग्री भएको पुस्तक **नेपाली व्यावहारिक व्याकरण र अभिव्यक्ति** बजारमा आइपुग्यो।

नेपाली भाषा र अभिव्यक्तिका सबै सामग्री समावेश भएको यो पुस्तक समयमै किनी तपाईं पनि ढुक्क हुनुहोस्।

## (ग) निमन्त्रणा-पत्र

श्रीमान् अभिभावकज्यू,

यस विद्यालयको दसौँ वार्षिकोत्सव समारोहमा निम्नलिखित स्थान, मिति र समयमा यहाँको सुखद उपस्थितिका निम्ति हार्दिक अनुरोध छ।

स्थान: राष्ट्रिय सभागृह।<br>
मिति: २०५३/५/१५।<br>
समय: १०:३० बजे, बिहान।

प्रधानाध्यापक<br>
**गीताञ्जली विद्यामन्दिर**

**कार्यक्रम**

१. सभापति-चयन
२. प्रमुख अतिथिबाट आसन-ग्रहण
३. स्वागत-मन्तव्य
४. प्रमुख अतिथिबाट पुरस्कार-वितरण
५. सांस्कृतिक कार्यक्रम-प्रदर्शन
६. धन्यवाद-ज्ञापन
७. सभाविसर्जन
८. जलपान

CC-0. In Public Domain. Digitization by eGangotri

## अभ्यास

**१. तलका सबै प्रश्नहरूको उत्तर दिनुहोस्।**

(क) शैक्षिक भ्रमणमा जाँदा आफूलाई मन परेको कुनै एक ठाउँको प्राकृतिक सौन्दर्य र जनजीवनको बयान गर्दै आफ्ना मित्रलाई एक चिठी लेख्नुहोस्।

(ख) परीक्षा दिइसकेपछि पनि घरमै बसिरहने साथीलाई 'देशदर्शन' भ्रमणको महत्त्व दर्साउँदै एउटा चिठी लेख्नुहोस्।

(ग) गाउँघरको छिटो उन्नति कसरी हुन्छ भनी राय माग्ने आफ्नो भाइलाई घरेलु उद्योगको महत्त्व दर्साउँदै एक चिठी लेख्नुहोस्।

(घ) धूमपानले लिन्छ ज्यान भन्ने कुरामा प्रकाश पारी बारम्बार बिरामी भइरहने आफ्ना काकालाई चुरोटको अम्मल छोड्न अनुरोध गर्दै एक चिठी लेख्नुहोस्।

(ङ) गाउँ तथा टोलमा मादक पदार्थ-सेवन गरी हो-हल्ला मच्चाउने हुल्याहाहरूलाई कार्वाही गरिपाऊँ भनी अनुरोध गर्दै प्रमुख जिल्ला अधिकारीका नाममा जिल्ला प्रशासन कार्यालयलाई एक निवेदन लेख्नुहोस्।

(च) जिल्ला शिक्षा कार्यालयका तत्त्वावधानमा हुन लागिरहेको निबन्ध प्रतियोगितामा आफू पनि सहभागी हुन पाऊँ भनी जिल्ला शिक्षा निरीक्षकलाई एक निवेदन लेख्नुहोस्।

(छ) विद्यालयबाट दिइने गरिब तथा जेहेनदार छात्रवृत्ति पाउनाका लागि आफ्नो विद्यालयका प्रधानाध्यापकलाई एक निवेदन लेख्नुहोस्।

(ज) 'पूर्वाञ्चल तयारी पोसाक भण्डार' धनकुटाले 'काष्ठमण्डप तयारी पोसाक भण्डार' इन्द्रचोक काठमाडौँलाई केही तैयारी पोसाकहरू मगाउँदा लेख्नुपर्ने किसिमको चिठीको नमुना तयार पार्नुहोस्।

(झ) 'नेपाली टोपी भण्डार' खलङ्गा बजार जुम्लाले 'भादगाउँ टोपी भण्डार' भक्तपुरलाई भादगाउँले टोपी पठाइदिन अनुरोध गरी लेख्ने किसिमको चिठीको नमुना तयार पार्नुहोस्।

(ञ) तपाईं कुनै विद्यालयका विद्यार्थीहरूको अगुवा नायक हुनुहुन्छ र सबै विद्यार्थीहरूलाई तपाईंले वनभोजमा लाने पहल गर्नुपरेको छ। यसका लागि विद्यालयको सूचना पाटीमा टाँस्नुपर्ने किसिमको सूचनाको नमुना तपाईं तयार पार्नुहोस्।

●

CC-0. In Public Domain. Digitization by eGangotri

## परिच्छेद चार

# दैनिकी-लेखन

## ४.१ दैनिकी

कुनै मानिसले कुनै एक दिनमा गरेका वा देखेभोगेका कामकुरा र घटनाको सिलसिलेवार वर्णन गरी प्रस्तुत गरेको लेखाइ दैनिकी हो। दैनिकीमा एक वा एकभन्दा बढी अनुच्छेदहरू हुन सक्तछन् र तिनमा दैनिकी-लेखकले एक दिनभरमा गरेका मुख्य-मुख्य कामकुराहरूलाई सिलसिला मिलाई प्रस्तुत गरेको हुन्छ। कसै-कसैको दिनदिनै दैनिकी लेख्ने बानी हुन्छ र ती अनेक दिनका दैनिकीहरूलाई बुझाउने समूहवाचक शब्द पनि 'दैनिकी' नै हो। आफूले दिनदिनै गरेका मुख्य-मुख्य कामकुराहरू वा देखेभोगेका मुख्य-मुख्य घटनाहरू समावेश गरी दैनिकी लेख्ने गरेमा पछि गएर त्यस्ता दैनिकीसँग सम्बन्धित अरू घटना, व्यक्ति वा विषयको इतिहासमाथि पनि केही मात्रामा प्रकाश पर्दछ। 'दैनिकी' का पर्यायवाची शब्दका रूपमा 'दैनन्दिनी' र 'रोजनामचा' शब्द पनि नेपाली भाषामा चलेका छन्।

## ४.२ दैनिकी लेख्ने तरिका

दैनिकी लेख्ता तल बताइएका तरिकाहरू अँगाल्नुपर्दछ:

(क) दैनिकी लेख्ने पत्र वा कागतका सिरानमा दायाँतिर सुरुमा दैनिकी लेख्ने मानिसले आफूले जुन ठाउँमा बसी सो दैनिकी लेखेको हो त्यस ठाउँको ठेगाना छोटकरीमा लेख्नुपर्दछ।

(ख) सो ठेगानाका ठीकमुन्तिर दैनिकी लेखेका दिनको पूरा मिति लेख्नुपर्दछ।

(ग) सो मितिका ठीकमुन्तिर दैनिकी लेख्ताखेरिको समय पनि लेखेर खुलाउनुपर्छ।

यी (क), (ख) र (ग) मा बताइएका तरिकाहरूलाई उदाहरणद्वारा यसरी चिनाउन सकिन्छ:

ज्ञानेश्वर, काठमाडौं,<br>२०५३ भदौ १ गते।<br>रातको ९:३० बजे।

यी ठेगाना, मिति र समयलाई कुनै-कुनै दैनिकी-लेखकले दैनिकी लेखेको/छापेको पत्र वा कागतका सिरानमा बायाँतर्फ क्रमश: लेखेको/छापेको पनि भेटिन्छ।

CC-0. In Public Domain. Digitization by eGangotri

(घ) ठेगाना, मिति र समय खुलाइसकेपछि दैनिकीका मुख्य भागको लेखाइ सुरु हुन्छ। त्यस क्रममा दैनिकी-लेखकले आफूले सम्बन्धित दिनमा गरेका मुख्य-मुख्य कामकुराहरूको सिलसिलेबार वर्णन एक वा आवश्यकताअनुसार एकभन्दा बढी अनुच्छेदहरूमा गर्नुपर्दछ।

(ङ) जुन ठाउँ, मिति र समयमा दैनिकी लेखिन्छ त्यही ठाउँ, मिति र समयको सेरोफेरोमा रही अरू ठाउँ, बितेका वा आउँदा दिन र समयका बारेमा पनि केही सङ्केत गर्न सकिन्छ।

(च) दैनिकी कुनै व्यक्तिले एक दिनभरमा गरेका कामकुराहरू बारेको आफैले गरेको बयान हो। त्यसैले दैनिकी-लेखकले आफूलाई 'म' का रूपमा उपस्थित गराई प्रथम पुरुषका कथन-ढाँचामा दैनिकी लेख्नुपर्दछ।

(छ) विद्यार्थीले जाँचमा दैनिकी लेख्ताचाहिँ प्रश्नपत्रमा तोकिएअनुसारको मुख्य प्रसङ्ग वा विषयवस्तुसँग मिल्ने खालका ठाउँ, मिति र समय जनाई सो तोकिएको प्रसङ्ग/विषयवस्तुसँग सुहाउँदा कुराको सिलसिलेबार वर्णन आफ्नैतर्फबाट गर्नुपर्दछ।

तल दैनिकीको एक नमुना-लेखन प्रस्तुत गरिएको छ:

## सरस्वती–पूजाका दिनको दैनिकी

२०५३ माघ २४ गते
समय: रातको ९ बजे

उषाकालीन सूर्य कुहिरोभित्र निसास्सिइरहेका बेला मचाहिँ सिरकको न्यानोभित्र रङ्गीन सपना देख्तै रहेछु। एक्कासि सानो भाइको नरम हातको चिसो स्पर्शले मेरो स्वप्निल महल चकनाचुर भयो र म झल्याँस्स बिउँझैं।

घरअगाडि मसलाको बोटका पातबाट शीतबिन्दु तपतप झर्दै थिए; मानौं जाडाको क्रूरयातना सहन नसकेर रूख रोइरहेको छ र आँसु चुहाइरहेको छ। आजको जाडाले विगतको कीर्तिमान तोड्न कस्सिएको हो कि भन्ने भान हुन्थ्यो।

जाडालाई चुनौती दिँदै नुहाएर मैले नित्यकर्म विद्युत्वेगमा सिध्याएँ। टेबलमा मलाई पर्खिरहेको दूधको गिलासलाई मैले रित्याएँ। दूध चिसो थियो तर त्यसभित्र आमाको न्यानो मायाको तातोपन भने बाँकी नै थियो। दूध-पाउरोटी खाएर म हतारिँदै विद्यालयतर्फ लागेँ।

आज विद्यालय रङ्गीबिरङ्गी ध्वजापताकाहरूले नववधूजस्तै बनेको थियो। विद्या, बुद्धि र ज्ञानकी खानी सरस्वतीदेवीको पूजा-अर्चनामा सिङ्गो विद्यालय निमग्न थियो। एक हातमा पुस्तक र अर्को हातमा वीणा लिएकी सरस्वतीको त्यो जाज्वल्यमान् मुहारले सबैका शरीरभर श्रद्धा र आस्थाको रक्त सञ्चारित

CC-0. In Public Domain. Digitization by eGangotri

गराउँथ्यो। साँच्चै सरस्वती हुन् वा मूर्ति ठम्याउनै मुस्किल पर्ने हंसमाथि आरूढ सरस्वतीको मूर्तिमा श्रद्धावनत हुँदै मैले प्रणाम गरेँ।

कार्यक्रमस्थल भव्य एवम् आकर्षक रूपमा सुसज्जित थियो। सभापतिको आसनमा प्रधानाध्यापिका शोभायमान हुनुहुन्थ्यो। दुई बजे कार्यक्रम शुभारम्भ भयो। कविता-प्रतियोगिताको प्रतिस्पर्धामा म पनि उत्रेको थिएँ। मेरो कविता-वाचन गर्ने पालो सुरुमै परेछ; सङ्कोच, त्रास र भयमिश्रित भावमा मैले कविता-पाठ गरेँ। सरस्वतीदेवीको स्तुतिगानका रूपमा अनुष्टुप्छन्दमा रचित मेरो कवितामा प्रशंसाको ओइरो लाग्न थाल्यो। सरस्वतीमाताको प्रतिमूर्तिका ओठबाट समेत मधुर मुस्कान फुस्कन लागेकै हो कि भन्ने मलाई लाग्यो; मानौँ मेरो कवितामा सरस्वतीमाता आफ्नो प्रशंसा सुनेर मुग्ध भएकी छिन्, लट्ठ परेकी छिन्।

आजको सरस्वतीपूजाको दिन हर्षोल्लासमय रह्यो। आजको दिनले मेरा मनमस्तिष्कमा नयाँ स्फूर्ति जगायो। जीवनमा सरस्वतीको उपासक बन्ने उमङ्ग बोकी म करिब ६:३० बजेतिर घर पुगेँ। दिनभर भएगरेका रमाइला कामकुराको बयान मैले बाबाआमा र भाइबहिनीलाई सुनाएँ। आठ बजेतिर खाना खाई आफ्ना शयन-कक्षामा आई म यो दैनिकी लेख्न बसेँ। अब त निद्राले आँखा लुटपुटिन थाले; सुतौँ क्यारे! भोलि सबेरै उठी फेरि सरस्वतीदेवीको उपासनामा लागुँला!

## अभ्यास

**१. तलका सबै प्रश्नहरूको उत्तर दिनुहोस्।**

(क) आफ्नो विद्यालयको वार्षिक दिवसको उपलक्ष्यमा आयोजित समारोहको सार खिँच्दै त्यस दिनको दैनिकी लेख्नुहोस्।

(ख) बदा दसैँको महत्त्व दर्साउँदै तपाईंले आफ्नो घरमा मनाएको दसैँ महोत्सवका बारेमा एक दैनिकी लेख्नुहोस्।

(ग) आफ्नो विद्यालयबाट गइएको रमाइलो वनभोजका बारेमा चर्चा गर्दै त्यहाँ गरिएको कार्यसमेत उल्लेख गरी एक दैनिकी लेख्नुहोस्।

(घ) आफू पहिलोपटक एस्.एल्.सी. परीक्षामा सम्मिलित हुँदाको अनुभवलाई समेत समावेश गर्दै एक दिनको दैनिकी लेख्नुहोस्।

(ङ) विद्यालयस्तरीय वाद-विवाद-प्रतियोगितामा आफू प्रथम भएको दिनका घटना र आफ्नो मनमा उठेका भावना मिलाई एक दैनिकी लेख्नुहोस्।

(च) गाउँमा आयोजना गरिएको वृक्षरोपण कार्यक्रमका दिनको दैनिकी लेख्नुहोस्।

CC-0. In Public Domain. Digitization by eGangotri

परिच्छेद पाँच

# मनोवाद-लेखन

## ५.१ मनोवाद

मानिस एक्लै हुँदा आफ्ना मनमा कुनै विषयका बारेमा केही कल्पना गर्दछ, केही सोचविचार गर्दछ र मनमनै आफूसँग आफै केही कुरा गर्दछ। मानिसका मनमा पैदा हुने कुनै विषयबारेका त्यस्ता कल्पना, भावना, सोचविचार, खुल्दुली आदि उसको मनको कुरा गराइकै रूपमा रहन्छन् र कुनै मान्छेको त्यस्तो मनको कुरा गराइलाई अर्को मान्छेले सुन्न सक्तैन। तर कुनै मान्छेले आफ्नो मनमा पैदा भएका कुनै विषयबारेका कल्पना, भावना, सोचविचार, खुल्दुली आदिलाई आफूले मनमनै कुरा गरेकोजस्तै पारामा लेखिदिन सक्तछ। त्यसरी कुनै मान्छेले कुनै विषयका बारेमा मनमनै कल्पेका र सोचेका वा आफूले आफैसँग कुरा गरेको जस्तो गरी प्रस्तुत गरिने लेखाइ मनोवाद हो। एक्लो मानिसले आफ्ना मनमनै बोलेको, कल्पेको र सोचेकोजस्तो गरी कुनै विषयका बारेमा प्रस्तुत गरिएको एक्लो कुरा गराइको लिखित रूपलाई नै मनोवाद भनिन्छ। 'मनोवाद'को अर्थ बुझाउने पर्यायवाची शब्द 'एकालाप' र 'स्वगतकथन' हुन्।

## ५.२ मनोवाद लेख्ने तरिका

कुनै पनि विषयमा मनोवाद लेख्ता तलका कुराहरूमा ध्यान दिनुपर्दछ:

(क) मनोवाद कुनै एक निर्धारित विषय वा शीर्षकमा लेखिन्छ।

(ख) मनोवाद-लेखन एकै अनुच्छेदमा पूरा गर्नुपर्दछ।

(ग) कुनै विषय वा शीर्षकका बारेमा मानिसका आफ्नै मनमा पैदा भएका खुल्दुलीहरूलाई मनोवादमा प्रस्तुत गरिने हुनाले मनोवादको लेखाइमा प्रथम पुरुष 'म' को कथनका ढाँचाको प्रयोग गर्नुपर्दछ।

(घ) एक्लो 'म' पात्रको कुरा गराइको लामो गन्थन रुचिकर नहुने हुनाले बीचबीचमा मनोवाद कर्ता 'म' पात्रका मनोभावको उतार-चढावको भाव झल्काउने खालका हाउभाउ, क्रियाकलाप आदिलाई कोष्ठकभित्र लेखेर जनाउनुपर्दछ।

(ङ) जुन विषय वा शीर्षकमा मनोवाद लेखेको हो त्यसबारेको मनोगत खुल्दुलीको क्रमलाई एउटा रोचक टुङ्गामा पुऱ्याई मनोवादलेखन पूरा गर्नुपर्दछ।

तल मनोवाद-लेखनको नमुना प्रस्तुत गरिएको छ:

**शीर्षक:** <u>एस्.एल.सी. परीक्षामा प्रथम श्रेणीमा उत्तीर्ण भएपछि आफ्ना मनमा उठेका तर्क र खुल्दुलीहरू</u>

CC-0. In Public Domain. Digitization by eGangotri

आहा! क्या खुसीको दिन भयो आज......... (ऐना हेर्दै) प्रथम श्रेणीमा उत्तीर्ण नभएको भए (आफ्नै नाकतर्फ चोर औंलाले इसारा गर्दै) यो नाक नै काटिन्थ्यो; मेरा माता-पिताको सपना चकनाचुर हुन्थ्यो, गुरुवर्गको आशा भत्कन्थ्यो र विद्यालयको प्रतिष्ठामा आँच आउँथ्यो। (गोरखापत्र हेर्दै) मेरो जीवन-यात्राले अर्को कोल्टो लिएको छ; अब मैले आफ्नो अध्ययन अझ सशक्त पार्दै लानुपर्नेछ। (एकछिन घोरिएर) अँ त्यो फुलमती बिचरी कति घोक्थी; दोस्रो श्रेणीमै थन्किइछे। बिचरीको चित्त कति दुख्यो होला! (निषेधात्मक भावले टाउको हल्लाउँदै) साँच्ची पढेर मात्र हुँदो रहेनछ। भाग्य पनि चाहिँदो रहेछ। (आफ्नो फोटो हेर्दै) अँ आज तेरो खुसीको दिन हो रमेश; खुसीको दिन हो! तेरो जीवनमा रमणीय बिहान आएको छ र कलिलो सूर्य उदाएको छ। (मेचमा बस्दै) आज मेरो यस खुसीका पछाडि उमेशको ठूलो योगदान छ। जब म कुसङ्गतको जालामा जेलिँदै थिएँ, जीवनलाई दुर्घटनातर्फ उन्मुख गराइरहेको थिएँ; तब मलाई कसरी तैँले एकदिन झम्टिस् र त्यस क्रूर चक्रव्यूहबाट निकालिस्; त्यो दिन मलाई अझै पनि हेक्का छ- नत्र म पनि सन्तवीरजस्ता दुर्व्यसनीहरूको मण्डलीमा फस्ने थिएँ। अँ (घडी हेर्दै) ओहो बाह्र बजिसकेछ। निद्रा लागेकै छैन, ....... भएन अब त सुत्नुपऱ्यो......... (सिरकले मुख ढाक्दै) ....... अँ साँच्ची मैले के पढ्ने ....... (घुर्न थाल्छ)।

**शीर्षक:** <u>आफ्नो पुरानो मित्रलाई लागूपदार्थ दुर्व्यसनका कारण प्रहरीले पक्रेको खबर रेडियोबाट सुनेपछि उससँग सङ्गत गर्दाका आफ्ना पुराना अनुभवहरू र मानसिक छटपटीहरू</u>

(हातको पुस्तक एकातिर मिल्काउँदै) के रे! उमेश समातियो रे! ला! बल्ल फेला परेछ। (रेडियोको आबाज अलि सानो पार्दै) मैले उसलाई कति अनुनय गरें; तैँले कि त्यो मण्डली छोड् कि मलाई छोड् भनेर। उसले मलाई छोड्यो तर मण्डलीचाहिँ छाडेन......। आज म पनि उमेशको मण्डलीमा मिसिएको भए मेरो पनि यही दुर्गति हुने थियो। (भगवान्को फोटातिर फर्केर हात जोड्दै) प्रभु! मलाई त तिमीले बचाएकै हौ। (गम्भीर भएर) ओहो! त्यो दिन मलाई उमेशले जब आफ्नो मण्डलीसँग भेट गराएको थियो; सबैले हातमा चुरोट लिएका थिए। चुरोटको धुवाँबाट एउटा बेग्लै गन्ध आइरहेको थियो। सबै लट्ठिएका थिए...... उमेशले चुरोट समात्यो, मेरो जीउभरी जिरिङ्ग काँढा उम्रिए, मलाई उसले चुरोट दिन खोज्यो। मैले लिइन (पसिना पुछ्तै) ...... साँच्ची एउटा देख्तै डरलाग्दो मुसदण्डेले मलाई क्वारक्वार्ती हेऱ्यो; मानौं ऊ मलाई समेत मिचमाच पारेर चुरोटभित्र हालेर धुवाँमा उडाउन खोज्दैछ; म भयातुर भएँ। म भाग्न खोजें, तर भाग्नु सहज थिएन। (लामो सास फेर्दै) मैले चुरोट समातें; त्यो चुरोट हातमा च्यापेर मैले यता-उता हेर्न थालें; चुरोट ओँठमा लगेर तान्नु भनेको मेरो जीवन नै दुर्गतितर्फ तान्नु थियो। शौचालय जाने निहुँले म कोठाबाट बाहिर निस्कें। (लामो सास फेर्दै) म पछाडि नफर्की भागें; म बचें। नत्र आज मेरो नाम रेडियोले

CC-0. In Public Domain. Digitization by eGangotri

नि-१२१

लिन्थ्यो...... (रेडियो बन्द गर्दै) म दुत्कारिन्थेँ; म बर्बाद हुन्थेँ; मेरो जीवनमा डढेलो लाग्थ्यो; म खतम हुन्थेँ; -खतम...-खतम...-खतम...।

## अभ्यास

१. **तलका सबै प्रश्नहरूको उत्तर दिनुहोस्।**

(क) देशका एक महान् कविका सम्मानमा आफ्ना विद्यालयमा आयोजना गरिएको कार्यक्रममा उहाँका विचार र प्रवचन सुनी घर फर्केपछि आफ्ना मनमा खेलेका कुराहरू समावेश गरी एक मनोवाद लेख्नुहोस्।

(ख) एस.एल.सी. परीक्षामा उत्तीर्ण हुँदा आफूलाई भएको हर्ष र आफ्नो भावी कार्यक्रमबारे मनमा खेलेका कुराहरू समावेश गरी एक मनोवाद लेख्नुहोस्।

(ग) आफ्नो असाध्यै मन मिल्ने साथी रिसाउँदा तपाईंका मनमा उठ्ने तर्क र द्वन्द्वहरू मिलाई एक मनोवाद लेख्नुहोस्।

(घ) एस.एल.सी. परीक्षा-परिणाम प्रकाशित भइसकेको छ तर आफ्नो परिणामका बारेमा केही पनि थाहा हुन सकेको छैन; यस्तो परिस्थितिमा आफ्ना मनमा उठ्ने तर्क-द्वन्द्व र खुल्दुलीहरू मिलाई एक मनोवाद लेख्नुहोस्।

(ङ) आफ्नो मन मिल्ने साथी दुर्घटनामा परी दिवङ्गत भएको घटनाले आफ्ना मनमा पारेको गहिरो चोट र त्यसपछि उठेका वेदनामय अनुभूतिहरू समावेश गर्दै एक मनोवाद लेख्नुहोस्।

CC-0. In Public Domain. Digitization by eGangotri

# परिच्छेद छ
# संवाद-लेखन

## ६.१ संवाद

कुनै खास ठाउँ र समयमा कुनै विषयका बारेमा दुई वा दुईभन्दा बढी व्यक्तिहरूले गर्ने कुराकानी नै संवाद हो र त्यस्तो कुराकानीको लिखित रूपलाई पनि संवाद नै भनिन्छ। संवादको अर्थ बुझाउने नेपाली भाषामा प्रचलित रहेका अरू शब्दहरू हुन्- कुराकानी, वार्तालाप, बातचित आदि। तर यी 'कुराकानी', 'वार्तालाप', 'बातचित' आदि शब्दले दुई वा दुईभन्दा बढी मानिसका बीचको मौखिक कुरा गराइको अर्थ बढी बुझाउँछन् भने 'संवाद' शब्दले विशेष गरी दुई वा दुईभन्दा बढी व्यक्तिका बीचको कुनै विषयबारेको लिखित वार्तालाप वा कुराकानी भन्ने अर्थ बुझाउँछ।

## ६.२ संवाद लेख्ने तरिका

संवाद लेख्ता तलका कुराहरूमा विशेष ध्यान दिनुपर्दछ:

(क) संवाद कुनै निर्धारित विषयमा लेखिन्छ।

(ख) संवाद-लेखनका निम्ति पात्रहरू पनि तोकिएका हुन सक्तछन् र पात्रहरू नतोकिएका भए संवाद-लेखक आफैले दुई वा दुईभन्दा बढी आवश्यक पात्रहरूको कल्पना गरी संवाद लेख्नुपर्दछ।

(ग) संवाद लेख्नुपर्ने विषयसँग सम्बन्धित ठाउँ, समय, परिवेश आदिको जानकारी दिनु आवश्यक भएमा सुरुमा नै कोष्ठकभित्र त्यस्तो जानकारी लेख्नुपर्दछ।

(घ) संवाद दुई वा दुईभन्दा बढी व्यक्ति वा पात्रका बीचमा हुने भएकाले संवाद लेख्ता त्यस्ता पात्रहरूको नाम पत्र वा कागतका बायाँ किनारातर्फ लेख्नुपर्दछ र त्यसपछि खण्डचिह्न (–) दिई ती पात्रले बोलेका संवाद पालैपालो लेख्नुपर्दछ।

(ङ) संवादमा आवश्यकताअनुसार 'म', 'हामी', 'तँ', 'तिमी', 'तपाईं', 'हजुर', 'ऊ/त्यो/यो', 'उनी/तिनी/यिनी', 'उहाँ' आदि सर्वनामका साथै सम्बोधन गरिएको द्वितीय पुरुषलाई चिनाउने नाम र कुराकानीको विषयका रूपमा आउने तृतीय पुरुष नामपदको समेत प्रयोग गर्न सकिन्छ।

(च) संवाद लेख्तै जाँदा कुनै पात्रका हाउभाउ, क्रियाकलाप आदिलाई जनाउनुपर्ने देखिएमा त्यस्ता कुराहरूलाई कोष्ठकभित्र लेखी जनाउनुपर्दछ।

CC-0. In Public Domain. Digitization by eGangotri

(छ) दुई वा दुईभन्दा बढी पात्रले कुनै विषयका बारेमा गरेको संवादलाई लिखित रूपमा प्रस्तुत गर्दा ती पात्रहरूका बीचको विषयगत छलफलको क्रमलाई संवादकै रूपमा अगि बढाउनुपर्दछ र अन्त्यमा कुनै खास निष्कर्ष वा समाधान झल्किने गरी संवाद-लेखनलाई टुङ्ग्याउनुपर्दछ।

तल संवाद-लेखनको एक नमुना प्रस्तुत गरिएको छ:

## समयको महत्त्व

(हरि र रमेशको मूल चोकमा भेट हुन्छ।)

हरि – ओहो! रमेश कता गुप्तवास बसेका थियौ, दर्शन पनि दुर्लभ भयो नि!

रमेश – म त अलिकति फुर्सद भयो कि पुस्तकालयमा गएर अध्ययन गर्छु। यसरी समयको उपयोग गरिरहेको छु। व्यर्थमा डुलेर समय खेर फाल्नुको कुनै अर्थ छैन नि त!

हरि – तिमी त क्या पढन्ते छौ यार! मलाई किताबको किरा हुन मन लाग्दैन। जाँच सकिएपछि पनि पढ्नु त समयको दुरुपयोग हो दुरुपयोग, बुझ्यौ? अहिलेको समय त डुल्ने, घुम्ने, मोजमस्ती गर्ने न हो।

रमेश – ए त्यसो भए तिमी ज्ञानका लागि होइन जाँचका लागि पढ्छौ, होइन?

हरि – हो त नि!

रमेश – तिमीलाई थाहा छैन; बग्दो पानी र चिप्लँदो समयलाई छोप्न सक्नुपर्छ। वायुवेगमा हुँइकिएको समयलाई च्याप्प समात्न सकिएन भने र पढ्नुपर्ने समयमा पढिएन भने पछि भुस्याहा कुकुरले नपाएको दुःख पाइन्छ नि!

हरि – बेफ्वाँकको तितो र टर्रो भाषण नछाँट न यार! घरमा बाबुआमाको भाषण, कक्षामा शिक्षकको भाषण। यहाँ आउँदा तिम्रो उपदेशले त........ मेरो कानै खाइसक्यो।

रमेश – (बीचैमा बोल्दै) औषधि तितो हुन्छ; औषधि टर्रो पनि हुन्छ; तर परिणामचाहिँ मीठो हुन्छ, कसो?

हरि – तिमीले कस्तो एकोहोरो कुरो गरेको? के मोजमजा गर्नु, खेल्नु, घुम्नु समयको दुरुपयोग हो त?

रमेश – होइन, मैले त्यसो भन्न कहाँ खोजेको हुँ र? अहिलेको समयलाई हामीले आफ्नो जीवन-स्रोतलाई कुन भँगालामा प्रवेश गराउने? आफ्नो जीवन-यात्रालाई कुन मार्गमा कुँदाउने त्यसको अभ्यासमा लगाउनुपर्छ; कुन बेला के गर्ने? समयको महत्त्व बुझ्नुपर्छ।

हरि – धेरै पढ्यो भने पागल भइन्छ; बुझ्यौ! देवकोटा कत्रा विद्वान् थिए, उनले पढेर-लेखेर जीवनमा के पाए? अभाव, तिरस्कार, पीडा र मृत्यु;

CC-0. In Public Domain. Digitization by eGangotri

थाहा छ? आफू त जाँचका बेला रटेर पनि पास भइएकै छ। धेरै पढेर मलाई बौलाउनु छैन। (हाँस्छ) हा.... हा....!

रमेश – हो, तिमी उत्तीर्ण त भएका छौ; तर के तिमीले कहिल्यै राम्रो अङ्क ल्याएका छौ? अर्को कुरा देवकोटाले पढेर के पाए भन्ने तिम्रो भनाइ छ; देवकोटाले पढेर जे-जति प्रतिष्ठा र ख्याति आर्जन गरेका छन् के कुनै अरबपतिले त्यति प्रतिष्ठा आर्जन गरेको छ?

हरि – (एकछिन घोरिएर गम्भीर हुँदै) हो, रमेश! तिमीले भनेको कुरा मलाई सत्य लाग्यो। तिमीले बल्ल मेरा आँखा खोलिदियौ। (गोजीबाट तास निकालेर च्यात्दै) अब मैले यी तासलाई आजै बतासमा उडाइदिएँ। (हावामा मिल्क्याउँछ) तिमीले गर्दा आज मैले मेरो जीवनमा ठूलो पाठ सिकेँ। बल्ल मेरो घैटामा घाम लाग्यो......।

रमेश – साँच्चि हो!

हरि – किन नहुनु नि! ल हिँड म पनि तिमीसँगै पुस्तकालयमा जान्छु, ज्ञानामृत पिउँछु र अर्थपूर्ण जीवन जिउँछु। अब म कहिल्यै समय खेर फाल्दिनँ।

रमेश – ल त जाऊँ! (दुवै हात समातेर पुस्तकालयतर्फ लाग्छन्।)

## अभ्यास

**१. तलका सबै प्रश्नहरूको उत्तर दिनुहोस्**

(क) 'असल छिमेकी' शीर्षकमा एक संवाद लेख्नुहोस्।
(ख) 'बोल्नेको पिठो बिक्छ' भन्ने शीर्षकमा एक संवाद लेख्नुहोस्।
(ग) 'स्वास्थ्य नै धन हो' भन्ने शीर्षकमा एक संवाद लेख्नुहोस्।
(घ) 'हुलमुलमा जिउ जोगाउनु' भन्ने शीर्षकमा एक संवाद लेख्नुहोस्।
(ङ) 'फलफूलको महत्त्व' शीर्षकमा एक संवाद लेख्नुहोस्।
(च) 'प्रौढ-शिक्षा' भन्ने शीर्षकमा एक संवाद लेख्नुहोस्।

CC-0. In Public Domain. Digitization by eGangotri

## परिच्छेद सात

# वादविवाद-लेखन

### ७.१ वादविवाद

कुनै कुरा वा विषयका पक्ष र विपक्षमा तर्क, प्रमाण, उदाहरण आदि दिई गरिने बहस वा छलफल वादविवाद हो। कुनै पनि विषयका पक्ष र विपक्ष दुवै हुन्छन्। त्यसैले दुई वा दुईभन्दा बढी व्यक्तिले आ-आफ्नो पक्षतर्फका कुराको समर्थन र विपक्षतर्फका कुराको खण्डन गर्ने तर्कपूर्ण अभिव्यक्तिको एक प्रकार वादविवाद हो। यो खास गरी मौखिक किसिमको अभिव्यक्ति हो तापनि विद्यार्थीहरूलाई मौखिक अभिव्यक्तिकै ढाँचामा वादविवाद-लेखनको अभ्यास पनि गराइन्छ। यसले विद्यार्थीहरूको तर्क गर्ने शक्ति बढाउनामा ठोस भूमिका खेल्दछ।

### ७.२ वादविवाद लेख्ने तरिका

मौखिक रूपमा गरिने वादविवादलाई लिखित रूपमा प्रस्तुत गर्नुपर्दा तल बताइएका तरिकाहरूको प्रयोग गर्नुपर्दछ:

(क) वादविवाद-लेखनका मुख्य तीन भाग हुन्छन्- आदि भाग, मध्य भाग र अन्त्य भाग।

(ख) वादविवादका आदि भागमा तल लेखिएबमोजिमको सम्बोधन गर्नु वा लेख्नुपर्दछ:

श्रीमान् सभापतिज्यू/प्रधानाध्यापकज्यू/प्राचार्यज्यू,
नीरक्षीरविवेकी निर्णायकमण्डल,
आदरणीय उपस्थित गुरुवर्ग/मान्यजन,
मेरा प्रतिस्पर्धी सहभागी मित्रहरू र
अन्य उपस्थित साथीहरू!

(ग) वादविवाद लेखनका मध्य भागमा तलका कुराहरू पर्नुपर्दछ:

(१) आफू वादविवादको पक्ष वा विपक्षबाट बोल्न लागेको कुराको जानकारी;

(२) आफ्नो पक्षका मुख्य-मुख्य बुँदा, तर्क, प्रमाण, उदाहरण आदिको प्रस्तुतीकरण;

(३) आफ्नो विपक्षका वक्ताले दिएका तर्क, प्रमाण, उदाहरण आदिको खण्डन;

(घ) वाद-विवाद-लेखनको अन्त्य भागमा आफ्नो पक्ष वा विपक्षका कुराको जोडदार तर्कपूर्ण समर्थन गर्नुपर्दछ र 'धन्यवाद!' शब्द लेखी वादविवाद-लेखनलाई टुङ्ग्याउनुपर्दछ।

CC-0. In Public Domain. Digitization by eGangotri

(ङ) वादविवादात्मक बोलाइ वा लेखाइमा आफ्नो पक्ष वा विपक्षतर्फका तर्कहरूलाई प्रभावकारी ढङ्गले प्रस्तुत गर्नुपर्छ। त्यसो गर्दा बीच-बीचमा केही व्यङ्ग्य, केही ठट्टा, केही गम्भीर भावुक पारा, निकै बलिया तीखा तर्क आदिको प्रयोग गर्नु परे पनि शिष्टता र मर्यादालाई भने नाघ्नुहुँदैन।

तल कुनै एक वादविवाद-प्रतियोगितामा 'कलमभन्दा तरबार नै शक्तिशाली हुन्छ' भन्ने विषयका पक्षतर्फबाट बोल्ने वक्ताको वादविवादात्मक भनाइलाई लिखित रूपमा प्रस्तुत गरिएको छ:

श्रीमान् सभापति महोदय,
नीरक्षीरविवेकी निष्पक्ष निर्णायक मण्डल,
श्रद्धेय गुरुवर्ग,
प्रतिस्पर्धी तथा अन्य उपस्थित आत्मीय मित्रहरू!

आज म यहाँ आयोजना गरिएको वादविवाद प्रतियोगितामा 'कलमभन्दा तरबार नै शक्तिशाली हुन्छ' भन्ने विषयको विपक्षबाट आफ्ना तर्कहरू प्रस्तुत गर्न गइरहेको छु।

म भन्छु- कलम सिर्जना र निर्माणको प्रतीक हो। कलमबाट पुस्तक लेखिन्छ, नयाँ ज्ञानको रचना गरिन्छ र मानिसको मस्तिष्कलाई परिष्कार गरेर असल बाटामा डोऱ्याइन्छ। कलमले गर्दा नै देवकोटा महान् भएका हुन् र शेक्सपियर विश्वप्रसिद्ध भएका हुन्। साहित्यकार, दार्शनिक, विचारक, विश्वप्रसिद्ध महापुरुषहरूको इतिहास पल्टाएर हेरौँ; उनीहरूलाई प्रतिष्ठाको शिखरमा आरोहण गराउने कलम नै हो। उनीहरूकै शक्तिशाली कलमबाट निस्केका विचारहरूको अनुसरण गरेर आजको पुस्ता बाँचेको छ, म बाँचेको छु, तपाईं बाँच्नु भएको छ। (प्रतिस्पर्धी मित्रतिर इसारा गरेर) र उहाँहरू बाँच्नुभएको छ। मानिसका हृदयमा प्रेमपूर्ण सम्बन्ध विकसित गराउने पनि कलम नै हो।

तरवारको शक्ति विनाशमुखी हुन्छ भने कलमको शक्ति रचनामुखी र सिर्जनात्मक हुन्छ। (प्रतिस्पर्धी मित्रतर्फ इसारा गरेर) मेरा पूर्ववक्ता मित्रले भन्नुभयो- थापाको तरवार र पान्डेको ढालले हाम्रो मुलुकको निर्माण भएको हो, तरवारको शक्ति नहुँदो हो त हामी पराधीन हुन्थ्यौँ। यसरी उहाँ तरवारीशक्तिको बयान गर्न अगि सर्नुभएको छ; तर त्यो शक्तिको बखान गर्न पनि कलम गोजीमा च्यापेर विद्यालय आउनुभएको छ। यसबाट उहाँसमेत तरवार बोकेर रणभूमिमा नगई कलम बोकेर विद्यालय आउनुले कलमको शक्ति तरवारको शक्तिभन्दा कता हो कता शक्तिशाली छ भन्ने कुराको पुष्टि हुन्छ।

(जनाउ घण्टी बज्छ)

त्यसैले आफ्नो टुप्पाबाट अक्षरहरू पोखेर ज्ञानामृत पान गराउने कलमको शक्तिलाई तरवार त के अणुबमको शक्तिले पनि भेट्न सक्तैन। आजको युगमा मात्र होइन; युगौँयुगदेखि युगौँयुगसम्म तरवारबहादुरभन्दा कलमबहादुर नै बढी शक्तिवान् रहने कुरो जोडदाररूपमा प्रस्तुत गर्न चाहन्छु। धन्यवाद!

(पुन: घण्टी बज्छ)

CC-0. In Public Domain. Digitization by eGangotri

## अभ्यास

१. **तलका सबै प्रश्नहरूको उत्तर दिनुहोस्।**

(क) विपक्षका तर्कहरूको खण्डन गर्दै 'विज्ञान अभिशाप नभई वरदान हो' भन्ने विषयमा पक्षका तर्फबाट आफ्ना तर्कहरूको स्थापना गर्नुहोस्।

(ख) विपक्षबाट दिइएका तर्कहरूको खण्डन गर्दै 'युद्धले भन्दा शान्तिले नै संसारलाई वश गर्न सकिन्छ' भन्ने विषयका पक्षमा आफ्ना गहकिला तर्कहरू प्रस्तुत गर्नुहोस्।

(ग) विपक्षका तर्कहरूको खण्डन गर्दै 'विलासी जीवनभन्दा सादा जीवन र उच्चविचारबाट नै सुखको मुहान खुल्दछ' भन्ने विषयका पक्षमा आफ्ना तर्कहरू प्रस्तुत गर्नुहोस्।

(घ) 'धन कमाइदिने बाबुआमाभन्दा आफ्ना सन्ततिलाई राम्रो शिक्षा दिने बाबुआमा नै जाती हुन्' भन्ने विषयका विपक्षका तर्कहरूको खण्डन गर्दै पक्षका तर्फबाट आफ्ना तर्कहरूको स्थापना गर्नुहोस्।

२. तल वादविवादका विषयहरू दिइएका छन्; ती प्रत्येक विषयका पक्ष र विपक्ष दुवै छन्। ती प्रत्येक विषयका विपक्षका तर्कहरूको खण्डन गर्दै पक्षका तर्फबाट आफ्ना तर्क प्रस्तुत गर्नुहोस्:

(क) गाउँको विकास भन्नु नै देशको विकास हो।

(ख) अर्काले सित्तैमा खुवाएको भोजभन्दा आफ्नो परिश्रमले आर्जन गरेको पिठो मिठो हुन्छ।

(ग) धनभन्दा चरित्र नै ठूलो हो।

(घ) शस्त्रबलभन्दा शास्त्रबल नै शक्तिशाली हुन्छ।

(ङ) निजी स्वार्थलाईभन्दा राष्ट्रिय स्वार्थलाई बढी प्राथमिकता दिनुपर्छ।

(च) हातहतियारको बलभन्दा विद्याबुद्धिको बल शक्तिशाली हुन्छ।

●

CC-0. In Public Domain. Digitization by eGangotri

# परिच्छेद आठ

# निबन्ध-लेखन

## ८.१ निबन्ध

'निबन्ध' एक नेपाली तत्सम शब्द हो। यो 'बन्ध' आधारपदमा 'नि' उपसर्ग लागेर बनेको तत्सम शब्द हो। 'निबन्ध' शब्दको सोझो अर्थ 'राम्ररी बाँध्ने काम' हो तापनि लिखित अभिव्यक्तिका रूपमा 'निबन्ध' भनेको कुनै वस्तु/विषय वा शीर्षकमा केन्द्रित रहेर त्यसको क्रमबद्ध वस्तुपरक वर्णन गरिएको गद्य लेख पनि हो र आत्मपरकता ('म' वा 'हामी' को पारा) मिसाएर त्यस विषय वा शीर्षकका बारेमा आफ्ना भावनालाई सिलसिला मिलाई रोचक शैलीमा प्रस्तुत गरिएको गद्य-रचना पनि हो। निबन्धमा विषयवस्तुको वर्णनको क्रम मिलेका तीन वा सोभन्दा बढी अनुच्छेदहरू हुने गर्दछन्।

## ८.२ निबन्धका प्रकार

विषयवस्तु र निबन्ध-लेखकका बीचको सम्बन्धका आधारमा निबन्धका दुई प्रकार देखाइन्छन्- (क) वस्तुपरक निबन्ध र (ख) आत्मपरक निबन्ध।

### (क) वस्तुपरक निबन्ध

कुनै वस्तु/विषय वा शीर्षकमा केन्द्रित रही त्यससँग सम्बन्धित सत्यतथ्य कुराको क्रमबद्ध वर्णन, विवरण वा विवेचना गरिएको र तृतीय पुरुषको कथनढाँचा अँगालिएको निबन्ध वस्तुपरक निबन्ध हो। यस्तो वस्तुपरक निबन्ध-लेखनका दुई नमुना तल दिइएका छन्:

### समयको महत्त्व

'समय' भनेको घडी, पला, दिन, रात हुँदै शताब्दी-शताब्दीसम्मका लागि पुकारिने अखण्ड, अनन्त र निराकार भाववाचक नाम पद हो भने 'महत्त्व' भनेको महत्ता वा मूल्यको अर्थवहन गर्ने भाववाचक नामपद हो। यसरी समयको महत्त्व भन्नासाथ प्रत्येक क्षण, प्रत्येक घडी, प्रत्येक निमेषको महत्त्व वा मूल्य भन्ने बुझिन्छ।

समयचक्रमा मानिस जन्मन्छ र समयका प्रवाहमा ऊ विलीन हुन्छ वा समाधिस्थ हुन्छ। अनन्त इच्छाको भारी बोकेर जीवन-यात्रामा निस्केको मानिसले बाँचुन्जेल अरबौं निमेष, लाखौं क्षण, लाखौं पल, हजारौं दिन, हजारौं रात हुँदै कैयौं

CC-0. In Public Domain. Digitization by eGangotri

वर्षको समय यापन गर्दछ तापनि त्यस समयभित्र उसका आकांक्षाहरू तृप्त हुन सक्तैनन् र ऊ अधुरा कामहरू बाँकी राखेर अनपेक्षित एवम् अप्रत्याशित रूपमा मृत्युको पाहुना बन्दछ। यसरी बाचुन्जेल मानिसले थुप्रै क्षणहरू, अवसरहरू र मौकाहरू पाएको हुन्छ। ती क्षण, अवसर र मौकाहरू चिप्लन नदिई स्वानुकूल बनाउँदै उपयोग गर्नुमा नै समयको महत्त्व झल्किन्छ।

समय अखण्ड, अनन्त र निराकार भएर पनि गतिशील र प्रवाहमान् छ। समय बगिरहेको पानी हो। जीवनका बाँझा टारहरूलाई बगिरहेको समयरूपी जलले सिञ्चन गर्नेले मात्र जीवनमा खुसीको हरियाली ल्याउन सक्छन्। महान् पुरुषहरूले समयको उपयोग गर्दै त्यसको महत्त्वलाई आत्मसात् गरेकाले महान् बनेका हुन्। गौतमका अगाडि एउटा यस्तो क्षण आयो जसलाई पक्रँदा उनी बुद्ध बने। मोहनदासलाई अङ्ग्रेजी साम्राज्यवादले हेपेको क्षणले उनका मन-मस्तिष्कमा परेको गम्भीर असरबाट उत्प्रेरित भई कर्म गर्दा उनी महात्मा गान्धी बने। सौतेनी आमाका कठोर वचन वाणबाट आहत बनेका ध्रुवले जुन क्षणमा साहसिलो कदम चाले त्यसले उनलाई ध्रुवतारा बनाइदियो। पृथ्वीनारायणशाहले उपत्यकाभित्रका राज्यहरूका बीच झगडा चर्केको क्षणलाई उपयोग गरी समयको महत्त्वलाई समात्दै नेपाली राष्ट्रियताको सुदृढ जग बसाले। त्यसैले त 'शुभस्य शीघ्रम्' भनेझैँ शुभकाममा ढिलाइ गर्न नहुने र अन्यथा रात रहे अग्राख पलाउँछ भन्ने उक्ति सार्थक हुने कुरो स्वत: सिद्ध छ। विश्वइतिहासका पाना पल्टाउँदै जाँदा के सुकरात, के प्लेटो, के लेनिन, के गान्धी, के आइन्स्टाइन सबैले समयको उपयोग गरी त्यसको महत्त्वलाई चरितार्थ गरेका हुन्। घाँसीसँग भेट भएको क्षण/समयले भानुभक्तलाई कवि मात्र बनाएन सिङ्गो नेपाली साहित्यका भानु बनायो। तसर्थ समयरूपी गुरुलाई आदर गर्न जान्ने विद्यार्थीहरूले नै जीवनका परीक्षाहरूमा उत्कृष्ट नतिजा ल्याउन सक्छन्। समय उडिरहेको पक्षीजस्तो छ, वाणबाट छुटेको तीरजस्तो छ अनि रूखबाट खसेको पाकेको फलजस्तो छ; जो एकपल्ट छुटेपछि फेरि फर्कँदैन। त्यसैले त हरेक बुद्धिमान् र विवेकवान्हरूले समयलाई उपयोग गरी समयको महत्त्वलाई आत्मसात् गर्ने गर्दछन्।

जुन समयमा जुन काम गर्न उचित हुन्छ त्यही समयमा त्यही काम गर्नु समयको उपयोग हो भने समयको सही उपयोगमा नै समयको महत्त्व अर्थिन पुग्छ। एउटा खेलाडीले खेलमैदानमा एक सेकेन्डमा गरेको गोलले उसलाई म्याराडोना बनाइदिन्छ। एउटा विद्यार्थीले अध्ययनका क्षणमा गरेको मिहिनेतले उसलाई सुशिक्षित नागरिक बनाइदिन्छ। असारे भेल छोपेर हिलामा खेल्ने किसानका खेतभरि धानका पहेँला बाला भएर मङ्सिर झुल्दछ। एउटा राजनेताले एक क्षण गरेको धाराप्रवाह भाषणले उसका लाखौँ समर्थक बन्न पुग्दछन्। समयको मागलाई बुझ्न सक्ने व्यापारीका घर लक्ष्मी तँछाड्-मछाड गर्दछिन्। यसरी ठीक समयमा ठीक मानिससँग ठीक काम गर्नुमा नै समयको सार्थकता र महत्त्व छ। त्यसैले त हिन्दू दर्शनले सिङ्गो मानवजीवनलाई चार आश्रममा विभाजन गरेको छ- ब्रह्मचर्य आश्रम, गृहस्थ आश्रम, वानप्रस्थ आश्रम र सन्यास

CC-0. In Public Domain. Digitization by eGangotri

आश्रम। एउटा ब्रह्मचारी वा विद्यार्थीले अध्ययनमा लागेर एउटा गृहस्थीले आफ्नो घरायसी डुङ्गालाई कुशलतापूर्वक खियाएर, एउटा वानप्रस्थीले भजन-कीर्तनमा लीन भएर र एउटा सन्यासीले जीवनबाट विरक्त भएर समयको महत्त्वलाई सार्थक पार्न सक्तछ। त्यसैले पढ्ने समयमा पढ्ने, खेल्ने समयमा खेल्ने, खाने समयमा खाने, सुत्ने समयमा सुत्ने आदि उपयुक्त अवसर वा उपयुक्त मौकाको उपयुक्त ढङ्गले उपयोग गर्नुमा नै समयको महत्त्व प्रकट हुन्छ।

समयको महत्त्वलाई कम आँक्ने व्यक्ति र समयलाई उपयोग गर्न नसक्नेहरूको जीवन कष्ट र पीडामा अनुवाद हुन्छ। दुई पैसामा निको हुने रोगलाई समयमै उपचार नगर्दा लाखौं रुपियाँ खर्चेर टाट पल्टनेहरू र विमान छुट्नासाथ विमानस्थल पुगेर एक सकेन्डको महत्त्व थाहा पाउनेहरूका लागि थक्थकाउन र चुकचुकाउनसिवाय केही उपाय रहँदैन। समय-अप्सरालाई जसले राम्ररी पक्रन सक्छ उसले जीवनमा विलास गर्न सक्छ; अन्यथा भोलिको झोली बोक्नेहरूका लागि समय आफै सङ्कट बनेर उपस्थित हुन्छ; पीडा बनेर हाजिर हुन्छ। समयको महत्त्व नबुझ्ने र समयलाई बग्न दिनेहरू नै विकृति र विसङ्गतिका जनक बन्न पुग्छन्- 'खाली दिमाग भूतको डेरा' भनेझैं। उद्यमविना समययापन गर्ने व्यक्तिलाई नीतिले पनि जिउँदो लास भनेको छ। समयको महत्त्व बुझ्नुपर्छ र त्यसका लागि समयको उपयोग गर्नुपर्छ भन्ने नाममा कालो धन्दा गर्ने व्यापारीहरू, घुस खाई राष्ट्रलाई कङ्गाल बनाएर आफ्नो बङ्गला ठड्याउने भ्रष्टहरू र जनताका टाउकाको फुटबल खेल्ने नेताहरूले यसको अपव्याख्या गरेका हुन सक्छन्। यो समयको उपयोग होइन; यो त 'ताक परे तिवारी नत्र गोतामे' भनेझैं अवसरवाद हो, दहीच्युरे नीति हो, अमानवीय व्यवहार हो र निन्दनीय कृत्य हो।

आफूलाई निस्वार्थी राखेर आफ्ना आवश्यकताहरूमाथि ध्यान राख्तै आफ्नो अवस्था र स्थितिअनुसार आफूलाई कर्मठ बनाई समयको उपयोग गर्नुमा नै समयको महत्त्व प्रकट हुन्छ। समय सफलताको सोपान हो, उच्चताको मार्ग हो। समयको एक निमेषको उपयोगले व्यक्तिलाई सफलताको चरमोत्कर्षतिर लैजान्छ। जीवनमा त्यस्ता थुप्रै पलहरू, क्षणहरू र अवसरहरू खेर गएका हुन सक्छन् र बगेका हुन सक्छन्। बितेको समयका बारेमा चिन्ता गर्दा आइरहेको समय वा क्षण चिप्लिरहेको हुनसक्छ। त्यसैले 'गतम् न सोचामि' भनेझैं गएको समयबारे चिन्ता नगरी वर्तमानका अमूल्य क्षणहरूलाई समात्न सक्नुपर्छ र जीवनलाई सार्थक पार्नुपर्छ। भनिएको पनि छः-

''मौका आउँछ पर्खंदैन त्यसमा चुक्ने महामुर्ख हो।''

## आदिकवि भानुभक्त आचार्य

नेपाल आमाको गर्भबाट समय-समयमा युगप्रवर्तक महान् पुरुषहरूको जन्म भएको छ। ती महान् पुरुषहरूले नेपालको इतिहास, कला, साहित्य, संस्कृति,

CC-0. In Public Domain. Digitization by eGangotri

राजनीति आदि क्षेत्रमा अद्वितीय योगदान दिएर गएका छन्। नेपाल आमाले आफ्ना कोखबाट जन्माएका त्यस्ता महान् पुरुषहरूमध्ये केहीलाई हामीले राष्ट्रिय विभूति मानेका छौँ। नेपाली साहित्याकाशमा भानुका रूपमा उदाएका भानुभक्त आचार्य यस्तै महान् राष्ट्रिय विभूतिहरूमध्येका एक विशिष्ट प्रतिभा हुन्। विक्रम सम्वत् १८७१ को असार २९ गतेका दिन हालको गण्डकी अञ्चलको तनहूँ जिल्लाको चुँदी रम्घामा भानुभक्त आचार्यले पहिलोपल्ट आँखा खोलेका थिए। उनका बावु धनञ्जय आचार्य थिए र बाजे श्रीकृष्ण आचार्य। संस्कृत भाषाका प्रकाण्ड विद्वान् बाजे श्रीकृष्ण आचार्यको सान्निध्यहरूमा रहेर उनले अनौपचारिक शिक्षा घरमै आर्जन गरेका थिए। त्यसबेला आजभोलिजस्तो औपचारिक शिक्षा आर्जन गर्ने विद्यालय थिएनन्। अतः उनले आफ्नै स्वाध्ययनका भरमा शिक्षा हासिल गरेका हुन्।

भानुभक्त आचार्य नेपाली साहित्यको प्राथमिक कालका महान् कवि हुन्। उनलाई नेपाली साहित्यका युवककवि मोतीराम भट्टले सर्वप्रथम आदिकविको उपाधि प्रदान गरेका हुन्। आदिकवि भनेको पहिलो कवि हो र भानुभक्त आचार्यभन्दा अगाडि पनि थुप्रै नेपाली कविहरू भएका कारण उनको आदिकवित्त्व विवादास्पद बन्न पुगेको पनि छ। तर प्राथमिक कालका आदि महान् कविका रूपमा भने उनको आदिकवित्त्व सर्वस्वीकार्य र निर्विवाद बनेको छ। उनलाई नेपाली साहित्यको प्राथमिक कालका प्रतिनिधि कविका रूपमा सहजै लिन सकिन्छ।

कुनै पनि कार्यका पछाडि कारण लुकेको हुन्छ भनेझैँ भानुभक्तलाई साहित्य-लेखनतर्फ घच्घच्याउने र कुत्कुत्याउने प्रेरक व्यक्तिका रूपमा घाँसीको प्रसङ्ग अगि आउँछ। भनिन्छ; संस्कृत साहित्यका आदिकवि वाल्मीकिको कवित्त्वशक्ति व्याधाका बाणबाट आहत भएको चखेवाजोडी देखेर प्रस्फुटित भएको थियो, विदुषी विद्युत्तमाको वचनबाणबाट घाइते भएर संस्कृत साहित्यका महाकवि कालिदासको कवित्त्व-शक्ति बिउँझेको थियो र आफ्नै काका पितृप्रसादको हेलायुक्त दुर्वचनबाट अपमानित भएर लेखनाथ कविशिरोमणि बन्न पुगेका थिए। त्यस्तै एउटा अकिञ्चन घाँसीको घाँस बेचेर परिवारको भरणपोषण गरी शेष रहेको पैसा जम्मा पारेर कुवा खनाउन खोज्ने विचार सुनेपछि भानुभक्तको अहम् ब्रिउँझ्यो अनि त आफ्नो कीर्तिपताका फिँजाउन खोज्ने घाँसीका अर्तीबाट 'धिक्कार होस् मकन बस्नु नराखि कीर्ति' भन्दै उनले आफूलाई आफैले धिक्कारे। कुवा खनाएर बटुवाको तिर्खाएको मुटुलाई शीतलता प्रदान गर्ने परोपकारी घाँसीको अर्तीले उनलाई 'लोकको गरूँ हित् भनी' भन्दै लोकहितको वाटामा डोऱ्यायो अनि त सुगौली सन्धिको पराजयले उत्पीडित नेपालीहरूको छियाछिया भएको मुटुलाई उनले रामायणरूपी सञ्जीवनी पिलाएर उपचार गरे। यसरी उनी नेपाली साहित्यमा एउटा युगका रूपमा चिनिए, ज्योतिका रूपमा चम्किए।

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाली साहित्यका जातीय कवि भानुभक्त आचार्यले रामकथारसलाई नेपाली भाषाका कवितामा सुमधुर ढङ्गले मिलाएर त्यसबाट आध्यात्मिक प्यास मेटाउने सुस्वादु बुटी तयार पारे। पृथ्वीनारायण शाहले भौगोलिक एकीकरणको रूपमा नेपाल राष्ट्रको निर्माण गरेका बेला चार जात छत्तीस वर्णको साझा र सुरम्य फूलबारीमा एउटा चम्किलो भानु उदायो र त्यस भानु (सूर्य) का किरण (काव्यात्मक किरण) ले नेपालरूपी फूलबारीमा साहित्यिक सुवास फिँजायो। यसबाट नेपाली जातिहरूका बीच अटुट भावनात्मक एकता मजबुत भयो। भिन्न-भिन्न जातिको बसोबास भएको नेपाललाई एउटै नेपाली जातिका रूपमा अभिन्न पार्ने काम भानुभक्त आचार्यले गरे। उनले आध्यात्मिक चेतना दिने साहित्यिक कृतिहरूबाहेक मानव जीवनोपयोगी नैतिक-चारित्रिक सन्देशहरू पनि छाडेर गए। बृहत् आकारको 'रामायण' का अतिरिक्त उनका 'वधूशिक्षा', 'प्रश्नोत्तर' र 'भक्तमाला' जस्ता रूपगत दृष्टिले मझौला कविताकृतिहरू पनि छन्। तद्युगीन आवश्यकताबमोजिम पारिवारिक शान्तिको सन्देश बनेर उनको 'वधूशिक्षा' देखियो। वैराग्यभावना जगाउन शान्तरसको परिपाकका साथ 'भक्तमाला' उपस्थित भयो। मानव-जीवनोपयोगी उच्च नैतिक मूल्यका शाश्वत् उपदेशहरू 'प्रश्नोत्तरी' मा देखिए। यसरी जातीय कवि भानुभक्त आचार्य एक आध्यात्मिक, नैतिक, आदर्शवादी एवम् सुधारवादी कविका रूपमा पनि नेपाली साहित्य-गगनमा जाज्वल्यमान भए।

आदिकवि भानुभक्त आचार्यभित्र व्यङ्ग्य-चेतना र सौन्दर्य-चेतनासमेत प्रवाहित थियो। भानुभक्तका बाबु र काकाहरू जागिरे भएका कारण उनले काठमाडौँ उपत्यकामा आवतजावत गर्नुपर्ने हुन्थ्यो। त्यसै गरी आफ्नो जग्गाको सन्धिसर्पन जोडिएको गिरिधारी भाटसँग मुद्दा परेकाले उनलाई काठमाडौँ आउनु परेको थियो। त्यस सम्बन्धमा उनले प्रशासनिक ढिलासुस्तीको ज्वलन्त नमुना भोलिवादसँग पनि साक्षात्कार गरे। उनीभित्रको व्यङ्ग्यचेत प्रखर रूपमा कवितामा उत्रियो र उनले थुनाबाट मुक्ति दिन ढिला गर्ने कर्मचारीमाथि यसरी व्यङ्ग्य-अस्त्र प्रहार गरेः-

रोज् रोज् दर्शन पाउँछु चरणको ताप् छैन मन्मा कछू।
रात्भर नाच् पनि हेर्छु खर्च नगरी ठूला चयन्मा म छु।।
लामखुट्टे उपियाँ उडुस् ई सँगी छन् यिन्कै लहड्मा बसी।
लामखुट्टेहरू गाउँछन् यी उपियाँ नाच्छन् म हेर्छु बसी।।

'कान्तिपुरवर्णन' र 'बालाजूवर्णन' कवितामा भानुभक्तले स्वर्गबाट विम्ब टपक्क टिपेर ल्याई थपक्क सिँगारेका छन् अनि सौन्दर्य-चेतना एवम् कल्पनाचातुर्यले ती कवितालाई ढपक्क ढाकेका छन्। नेपालको राजधानी कान्तिपुरलाई स्वर्गको राजधानी अमरावतीसँग र स्वर्णिम उद्यान बालाजूलाई स्वर्गको रमणीय स्थलसँग तुलना गर्दै उनले नेपाललाई स्वर्ग र नेपालीलाई देवताको कोटिमा पुऱ्याएका छन्। यति मात्र नभई गजाधर सोतीको प्रसङ्ग र

CC-0. In Public Domain. Digitization by eGangotri

'वधूशिक्षा' रचनाको सन्दर्भलाई हेर्दा उनीभित्र आशुकवि-प्रतिभा विद्यमान थियो भन्नेसमेत बुझ्न सकिन्छ।

राष्ट्रको राष्ट्रियतालाई मजबुत पार्ने धेरै-धेरै तत्त्वहरू छन् र तीमध्येको एक अमोघ अस्त्र साहित्य पनि हो। माटोरूपी भू-खण्डप्रति मुटुरूपी जनताको आस्था र भक्ति जीवन्त नहोउन्ज्याल राष्ट्रियता सशक्त बन्दैन। अत: जनताको आस्था देशप्रति जागरुक गराउने सशक्त साहित्यको खाँचो युगीन आवश्यकताका रूपमा त्यतिबेला मुलुकमा देखा परेको थियो। लोकभाषाका रूपमा थन्किएको र पाखे भनिएको नेपाली भाषालाई काखमा राखेर काव्य-भाषाको आवरण ओढाउँदै साहित्य-शिखरतर्फ लम्काउने भानुभक्त आचार्यले नेपाली मुटुमा साहित्यप्रति चाख जगाउँदै गए र त्यही साहित्यका माध्यमबाट राष्ट्रिय एवम् जातीय एकताको शङ्खनाद पनि गरे। यसरी नेपाली साहित्यका माध्यमबाट राष्ट्रिय एकता सुदृढ पार्न महानतम योगदान दिएका कारण नेपाली साहित्यको क्षेत्रका एक राष्ट्रिय विभूतिका रूपमा भानुभक्त आचार्य सिङ्गो नेपाली राष्ट्रिय क्षितिजभर दीप्तिमान भएका छन्।

जसको आदि हुन्छ त्यसको अन्त्य हुन्छ। जो जन्मन्छ त्यो मर्छ; यो सांसारिक तितो यथार्थ र शाश्वत् सत्य पनि हो। युग पनि स्वार्थी हुँदो रहेछ। युगले आफ्ना आवश्यकता पूरा गरेपछि आदिकवि भानुभक्त आचार्यलाई १९२५ सालमा छपन्न वर्षको उमेरमा तनहूँकै सतीघाटमा मृत्युका पोल्टामा सुम्पिदियो। उनको देहावसान भए पनि उनी आफ्ना अमूल्य-कृतिहरूमार्फत नेपाली जनमानसमा जीवन्त र अमर बनेका छन्। उनलाई प्रत्येक वर्ष असार २९ गते हार्दिक सम्झना गरिन्छ; स्वदेश र विदेशमा उनका सालिकहरूमा माल्यार्पण-पुष्पगुच्छार्पण गर्दै श्रद्धासुमन चढाइन्छ। आज पनि भानुभक्त आचार्यलाई लेखनाथभन्दा अगाडिका कविहरूमध्येका सर्वाधिक उत्कृष्ट कविका रूपमा मानिन्छ। त्यसैले महाकवि लक्ष्मीप्रसाद देवकोटाले हार्दिकतासाथ उनलाई नेपाली साहित्यको इतिहासका सर्वश्रेष्ठ पुरुषको संज्ञा प्रदान गरेका छन्। हो, भानुभक्त आचार्य नेपाली साहित्यका चम्किला भानु हुन्। युगीन आवश्यकताका उपज भानुभक्त नेपाली साहित्यका अमूल्य रत्न हुन्।

**(ख) आत्मपरक निबन्ध**

कुनै विषय वा शीर्षकमा निबन्ध-लेखकका आत्मपरक वा निजी भावना, विचार, दृष्टिकोण आदिको क्रमबद्ध अभिव्यक्ति मुख्य रूपमा गरिएको र प्रथम पुरुष ('म' वा 'हामी') को कथनढाँचा अँगालिएको निबन्ध आत्मपरक निबन्ध हो। यस्तो आत्मपरक निबन्ध-लेखनका दुई नमुना तल दिइएका छन्:

## मलाई मन पर्ने कवि

सुगौली सन्धिको मर्मान्तिक प्रहारले जब मेरो देशको हृदय दुखेको थियो, कोतपर्वको आलो रगतमा जब मेरो देशको मुटुको तार टुटेको थियो र सिङ्गो

CC-0. In Public Domain. Digitization by eGangotri

नेपालमा श्मसानको शान्ति छाएको थियो, तमाम नेपालीहरूका ओँठमा निराशाको भोटे ताल्चा लागेको थियो; ठीक यस्तै पृष्ठभूमिमा हालको नेपालको गण्डकी अञ्चलको तनहूँ जिल्लाको रम्घामा भानुको उदय भयो अनि लोक हितको पुनीत चाहनाले रामायणको जन्म भयो। यसरी युद्ध, पराजय र निरंकुशताले छिया-छिया भएको मुटुको घाउ निको पार्न रामायणरूपी आध्यात्मिक मलहम लिएर नेपालीहरूका पिँढी र दलानमा उदाएका भानु नै भानुभक्त आचार्य हुन्। तिनै भानुभक्त आचार्य मलाई औधी मन पर्ने कवि हुन्।

भानुभक्तले नै नेपाली भाषाको वाणीमा पहिलो प्राण भरे र नेपाली भाषालाई खस भाषाको चौघेराबाट बाहिर ल्याई तमाम नेपाली जातिको भाषा बनाइदिए। त्यसैले आस्था र सम्मानपूर्वक जातीय कविको उपाधि मेरा प्रिय कविले पाएका हुन्। लोकभाषाका रूपमा थन्किएको नेपाली भाषालाई यिनले प्रथम काव्यात्मक स्पर्श प्रदान गरे, नेपाली भाषालाई साहित्यको डोरेटामा हिँडाए अनि त राजाको दरबार र बाहुन-क्षेत्रीको घरबारमा मात्र सीमित नेपाली-भाषाले चारजात छत्तीस वर्णको रूपमा अवस्थित सिङ्गो नेपाल र तमाम नेपाली जातिकै साझा भाषाको गौरवमय स्थान प्राप्त गर्‍यो। नेपाली रङ, नेपाली बान्की र नेपाली पारा उनका कवितामा उत्रिए। जनजिब्रामा सर्र रसाउने कविता उनले रचे। भानु त्यसै त चम्केका थिए; मोती (मोतीराम) को जलप पाएर उनी झन् देदीप्यमान र जाज्वल्यमान भए। पृथ्वीले गरेको भौगोलिक र भौतिक एकीकरणमा उनले भाषा र संस्कृतिका माध्यमबाट भावनात्मक र आत्मिक एकीकरणको अर्को तला थपे। राष्ट्रियताको सुदृढीकरणका लागि जातीय एकता अपरिहार्य हुन्छ, यही जातीय एकताको उद्घोष उनको रामायणले गर्‍यो। यसरी नेपाली भाषालाई काव्यात्मक स्पर्श दिलाउने र जातीय एकतामा अनन्य योगदान दिने भानुभक्त मेरा औधी प्रिय कवि हुन्।

मेरो मन-मस्तिष्कका सुकोमल तन्तुहरू भानुभक्तका काव्य र कविताले झन्झनाउँछन्। जब म रामायण पढ्छु- रक्तकोशमा रहेका धार्मिक अल्पताका जीवाणुहरू सखाप हुन्छन् अनि मेरो रुग्ण मानसिकताले आध्यात्मिक खुराक प्राप्त गर्दछ। म रामायणका रामभित्र कर्तव्यपरायण आदर्श नेपाली चरित्रहरूको कथा भेट्तछु। म सीताभित्र पतिपरायणा तमाम नेपाली नारीहरूको व्यथा देख्तछु र हनुमानबाट बहादुर र वीर पुर्खाहरूको वीरताको अनुमान लाउँछु। म वर्तमानको चस्मा लाएर 'वधूशिक्षा'लाई रूढिवादी भन्नुभन्दा युगीन सन्दर्भबाट हेरेर आदर्शवादी कृतिभन्न रुचाउँछु। 'प्रश्नोत्तरी' भित्र डुबुल्की मार्दा म मानव-जीवनोपयोगी स्वादिला सन्देशहरू भेट्टाउँछु। 'भक्तमाला' र 'रामगीता' पढेर मभित्र वैराग्यभाव जागृत भई शान्त रसको उत्पत्ति हुन्छ।

अड्डा-अदालतबाट निन्याउरो मुहार लिएर फर्केका नव गिरिधारी भाटहरूबाट सताइएका आम नेपालीहरूलाई जब म देख्तछु; मेरा प्रिय कवि भानुभक्तलाई झल्झल्ती सम्झन्छु। बालाजूलाई स्वर्गको उपमा प्रदान गर्ने 'बालाजू वर्णन' तथा कान्तिपुरलाई स्वर्गको राजधानी अलकापुरीसँग दाँज्ने 'कान्तिपुरीवर्णन'बाट म भानुभक्तको कल्पना र सौन्दर्यचेतप्रति नतमस्तक

CC-0. In Public Domain. Digitization by eGangotri

बन्दछु। लोकहितको भावनाले अनुप्राणित भएर, मानवचरित्र-सुधारको चाहनाले प्रेरित भएर तथा कीर्तिपिपासाले तिर्खाएर नैतिक चेतना दिन कविता लेख्ने र कविताबाट दर्शन पोख्ने भानुभक्त आचार्य मेरो मानसपटलमा विशिष्ट आसन जमाउने कवि हुन्।

जातीय एकताको सञ्जीवनी दिने र नेपाली साहित्यलाई उच्चतातिर लैजाने मेरा परम प्रिय कविलाई मेरो राष्ट्रले सम्मान गर्न सकेको छैन। भारतका दार्जिलिङ, सिक्किम र असममा भानुजयन्ती हर्षोल्लासपूर्वक राष्ट्रिय पर्वका रूपमा मनाइन्छ, भारतीय साहित्य एकेडमीले राष्ट्रिय स्तरको 'भानुभक्त पुरस्कार' स्थापित गर्दछ; तर यहाँ भने भानुभक्तका नाममा सरकारी प्रतिष्ठानबाट राष्ट्रिय स्तरको पुरस्कार अझै स्थापना गरिँदैन। नजिकको तीर्थ हेला भएर हो वा सतीले सरापेको मुलुक भएर हो यहाँ भानुभक्तको सम्मान गर्नुलाई भन्दा उनको अपमान गर्नुलाई आधुनिकता मान्न थालिएको छ। हाल भानुभक्त पढ्दा पाखे भइन्छ; तर माइकल ज्याक्सन र म्याडोना गाउँदा साख्खै नेपाली हुन पुगिन्छ। यसरी मेरा परमप्रिय कविप्रति मेरो राष्ट्रले उचित सम्मान प्रकट नगरेका कारण मेरो मन दु:खेको छ।

नेपाली भाषा र साहित्यलाई माथि उठाई साहित्यका माध्यमबाट तमाम नेपाली जनताको मुटुलाई स्पर्श गरेका छन्- मेरा प्रिय कविले। माटो र मुटुका बीच मीठो सम्बन्ध गाँस्न साहित्य चाहिन्छ, राष्ट्रियतालाई मजबुत पार्न साहित्य चाहिन्छ, जनताको हृदयलाई जितेर आफ्नो मुलुकप्रति आस्था जगाउन साहित्य चाहिन्छ। मेरा प्रिय कविले साहित्यका माध्यमबाट यति मात्र भूमिका निर्वाह गरेनन्; उनले त आध्यात्मिक, जातीय, राष्ट्रिय एवम् भावनात्मक परिपोषसमेत हामीलाई प्रदान गरे। मेरो राष्ट्र नेपाल भनेर म आज शिर उठाएर हिँड्न खोज्दा मेरा अन्तश्चक्षुभित्र भानु उदाउँछन्; त्यसैले त मेरा प्रिय कवि हुन् भानुभक्त। भानुभक्तको भक्त म आफूलाई भानुभक्तभक्त भन्न मन पराउँछु।

## मेरो देश

हिमालको सेतो फेटा गुतेर, पहाडको हरियो भोटो र तराईको पहेँलो कछाड फेरेर बसेको मेरो देश अनादिकालदेखि हाम्रो रक्षामा सर्मर्पित छ। आकृति सानो भए पनि यो विश्वब्रह्माण्डको मुटु हो र मेरो हृदयको धुक्धुकी हो। यो मेरो देश सगरमाथालाई काखमा लिएर हाँसेको छ र पर्वतस्तनबाट अविरल प्रवाहित दुग्धधारा पिएर बाँचेको छ। पूर्व र पश्चिममा नदीको साँध कोरेर उत्तरतर्फ प्राकृतिक पर्खाल लगाई स्वयम् प्रकृति नै मेरो देशको रक्षामा खटिएकी छिन्। प्रकृतिदेवीले यस देशको चार किल्लाभित्र आफ्नो रम्यक्रीडा गरेकी छिन्। सूर्यका रक्तिम र सुकोमल किरणहरू जब हिमालयलाई स्पर्श गर्छन् अनि सिङ्गो देशभरि उज्यालो पोखिन्छ; सूर्यका किरणहरू हिमालयबाट बिदा भएपछि पुन: यहाँ

CC-0. In Public Domain. Digitization by eGangotri

अँध्यारो पोतिन्छ। मेरो देश विचित्रता, विविधता र अनेकताभित्र एकता भएको देश हो। यो हेर्दा मलाई लाग्छ-मानौँ विश्वभरकै प्रकृतिको सुन्दरतालाई जम्मा गरेर यही मुलुकमा विधाताले खन्याएका छन्।

चार जात छत्तीस वर्णको फूलबारी मेरो देशभित्र अनेक जात-जातिरूपी पुष्पहरू पुष्पित छन् र पल्लवित छन्। शेर्पाको नाच, गुरुङको रोदी अनि लिम्बूको धाननाच र नेवारको लाखे नाचले यहाँ अलग-अलग संस्कृति र जातिको झल्को दिन्छन्; तर यहाँ ती प्रत्येक जात-जातिरूपी रङ्गीबिरङ्गी पुष्पहरूको बीच एवम् भिन्न-भिन्न संस्कृतिहरूका बीचबाट एउटा कोलाज सौन्दर्य ज्योतिको प्रस्फुटन भएको छ र नेपाली संस्कृतिको जन्म भएको छ। यहाँ बुद्धका भक्तहरू पशुपति-दर्शनको तिर्खाले छटपटाउँछन् र पशुपतिनाथका पुजारी बौद्ध गुम्बाको दर्शनार्थ आकुल-व्याकुल हुन्छन्। यस पावनभूमिभित्र पशुपतिनाथ र स्वयम्भूले रत्नपार्कको मस्जिदसँग डाहा गर्दैनन्, गिर्जाघरको पादरीका विरुद्ध मोर्चा कस्दैनन्। यसरी धार्मिक सहिष्णुताको मूल फुटेको देश हो मेरो देश। जातीय सद्भाव र साम्प्रदायिक मेलमिलापका निम्ति जुटेको देश हो मेरो देश। साम्प्रदायिकता, जातीयता, धार्मिक एवम् क्षेत्रीयताको कुभावनाले तनावग्रस्त विश्वलाई धार्मिक सद्भाव एवम् सहिष्णुताको पाठ पढाउन सक्ने मेरो देशको अद्वितीय विशेषता रहेको छ।

मेरो देश सौन्दर्यको खानी हो। यहाँ प्रकृतिको रङ्गीबिरङ्गी फूलबुट्टा भएको हरियो च्यादर ओढेर पहाड सिँगारिएको छ, हिउँले स्वच्छ-सेतो मलमलको टोपी पहिरेर हिमाल मुस्काएको छ, पहेँलपुर धोती फेरेर तराई अन्नमा अनुवाद भएको छ। यहाँ कलकल बग्ने खोला र छङ्छङ गर्ने झरनाको आवाजमा चराचुरुङ्गीको चिर्बिर स्वरको मिश्रणले तुमुल-ध्वनि निस्कन्छ अनि त्यसबाट अवर्णनीय र अकल्पनीय आनन्दको वर्षा हुन्छ; भावनाका ज्वारहरू सल्बलाउँछन्। मान्छे जब प्रकृतिको यस्तो रमणीय विश्वविद्यालयमा विचरण गर्न थाल्दछ; उसलाई कोइलीले वेदनाको गीत सिकाउँछ भने ढुकुरजोडीले मीठो प्रीत पढाउँछन्। यहाँ 'सङ्घे शक्ति कलौ युगे' भन्ने चेतना कमिलाको ताँतीले दिन्छ। यहाँ खोलाले कविता सिकाउँछ भने झरनाले गीत। यसैले त रम्घाका पाखामा भानु उदाउँछन्; गोसाइकुण्डको यात्रामा देवकोटा गुन्गुनाउँछन्, दमौलीको गुफामा वेदव्यास पलेटी कस्छन्, अर्घौं अर्चलेले लेखनाथ जन्माउँछ, औँसीको कालो रातमा पनि भोसीको टोलमा मोती चम्कन्छन्। प्रकृतिको पुष्पोपहारले सिँगारिएका, पहाडको स्वच्छ हावा र चीसो पानीले राता-राता गाला भएका पहाडी नानीहरू जब मुस्कुराउँछन्. अनि त मोनालिसाको सौन्दर्य पानी-पानी बन्दछ। यहाँका बाँसुरी र सारङ्गीबाट निस्केको सुरिलो स्वर सुनेर गिटार र ड्रम्स जिल्लिन्छन्। जून र घाम पालैपालो पौडेको देखेर माछापुच्छ्रे र अन्नपूर्णा एकैचोटि फेवातालमा हाम्फाल्छन्। यसरी आकाशसँग मीत लाउन चुलिएका हिमशृङ्खलाहरू र समुद्रसँग प्रीत लगाउन हतारिएका नदीहरूले धर्ती र आकाशसँग मेरो देशको साइनो गाँसिदिएका छन् र मेरो देशको स्वर्णिम सौन्दर्यमा सुगन्ध थपिदिएका छन्!

CC-0. In Public Domain. Digitization by eGangotri

मेरो देश कलापूर्ण बुट्टा र मन्दिरहरूले सिँगारिएको छ। प्रकृतिबाटै सौन्दर्यको शिक्षा पाएका हाम्रा पुर्खाले नेपाली कलालाई समुन्नत अवस्थामा पुऱ्याएका छन्। बलबाहुको कलात्मक सुवास अजेय हिमाली किल्ला छिचोल्दै जब चीन पुग्छ मेरो देशको कला विश्वविख्यात बन्छ। त्यसैले ऐतिहासिक चिनियाँ यात्री हुयान साङ् मेरो देशको प्रशंसा गरेर थाक्दैनन्। यहाँका कृष्णमन्दिर, न्यातपोल र वसन्तपुरका दरबारहरूले मेरो देशको कलात्मक सौरभको साक्षी बक्छन्। मेरो देशका मन्दिरभित्रका देवताबाट मैले आध्यात्मिक खुराक पाएको छु भने मन्दिरबाहिरका कलात्मक बुट्टाबाट मेरो देशले आर्थिक खुराक पाएको छ। यस्तै प्राचीन कलापूर्ण मन्दिर र दरबारहरू हेर्न आएका पर्यटकहरूबाट हुने आम्दानीले मेरो देशको घरबार चलेको छ। यहाँ दुई कोटि जनताको सुरक्षार्थ तेत्तीस कोटि देवता पहरा बसेका छन्। यहाँका पाटीपौवा र टुँडालहरूका कलाले मानवमनभित्रसम्म पसेर अन्तस्करणको काउकुती र तिर्खा मेटिदिन्छन्, कलात्मक जादुको दृष्टान्त पेस गर्छन्। यसरी कलाको अनुपम उदाहरण मेरो देशले विश्वसमक्ष प्रस्तुत गरेको छ।

मेरो देश वीर र वीराङ्गनाहरू जन्माउने देश हो। चिसो पानी पिएर वीरताको आगो ओकल्ने नेपालीहरूको बहादुरीले सात समुद्र छिचोलेको छ। सुऱ्याइँ र वीरताका निम्ति नेपालीहरूले विश्वमै नाम कमाएका छन्। मेरो देशको राष्ट्रियताका लागि र जातीय स्वाभिमानका लागि लड्ने वीर पुर्खाहरूको आलो रगतले मेरो देशको अङ्ग-प्रत्यङ्ग भिजेको छ। अमरसिंहको कथा अनि बलभद्रको र भीमसेन थापाको गाथाभित्र नेपाली वीरता चम्केको छ। राष्ट्रको गरिमा दूरक्षितिजमा फैलाउने सीता र भृकुटी तथा अबला भनी होच्याइने नारी जातिको साहसलाई सबल पारी उच्च आकाशमा पुऱ्याउने पासाङ् ल्हामु नेपाली वीराङ्गनाहरूकी प्रतीक हुन्। मेरो देशको माटाले यस्तै वीरहरू जन्माएको छ र तिनलाई प्रकृतिले हुर्काएको छ। मेरो देशको माटाले हामीलाई गर्भैदेखि बहादुर योद्धा बनाएको छ र परिवेशले हामीलाई सङ्घर्षशील बनाएको छ। नेपाली भूमिमा विदेशी साम्राज्यले खुट्टो घुमाउन नसकेको ऐतिहासिक दृष्टान्तले नेपालीहरूको वीरता, शूरता, बहादुरी र क्रान्तिकारितालाई सङ्केत गर्दछ।

मेरो देशको इतिहास शुक्ल पक्षको जूनजस्तो छ। तर आज त्यस जूनमा थोरै ग्रहण लागेको छ। प्रकृतिले सर्वस्व दिएर काखमा हुर्काएको मेरो देशको सन्तान पुर्खाका पदचिह्नमा हिँड्न सकेको छैन। पुर्खाको पौरख पस्केर खाँदा-खाँदै रित्तिएको थोत्रो भाँडो थापेर दातृराष्ट्रसमक्ष आज हामीले भिक्षा माग्नुपरेको छ। मेरो देशको शिष्ट सभ्यता-संस्कृति पाश्चात्य छाडा सभ्यता र संस्कृतिबाट किचिएको छ। खोटो सिक्काले खाँटी सिक्कालाई यहाँ विस्थापित गरेको छ। यहाँ छिमेकबाट साम्प्रदायिक दुर्भावनाका कीटाणुहरू पस्न खोज्दै छन्। यहाँको प्रकृतिका हरिया डाँडा-पाखाहरू निर्वस्त्र र नाङ्गा बन्दैछन् र हिमालयसमेत फोहोर र प्रदूषणबाट बलात्कृत भएको छ। यहाँका मठ-मन्दिर र देवस्थलहरूले डम्पिङसाइटको झल्को दिन थालेका छन्। जलस्रोतले सम्पन्न यस देशले टुकी

CC-0. In Public Domain. Digitization by eGangotri

युगमै थन्किनुपरेको छ र राजधानीका रित्ता गाग्रीहरू पानी नआउने धारामा लाम बसेका छन्। यहाँ सत्तादौडको खेलबाहेक अन्य खेल रुचिहीन बनेका छन्। यस देशको राजधानीमा कलकल बग्ने वागमती र विष्णुमती नदी ढल भएका छन्। वीरहरूको सन्तान भन्ने पुर्खाको नाम पनि अब नबिक्ने स्थिति देखा परेको छ र मेरो देशको वर्तमानले भोग्नुपरेका यस्ता सम-सामयिक विसङ्गति र पीडाले मेरो देशको हृदय दु:खेको छ।

आदिम ऋषिमुनिहरूको तपोभूमि, प्रकृतिको क्रीडाभूमि, वीरयोद्धाहरूको जन्मभूमि, सांस्कृतिक, धार्मिक र साम्प्रदायिक विविधताका बीच अटुट एकताको अविरल प्रवाह प्रवाहमान भएको मेरो देश मेरो आँखाको नानी हो; कला, सभ्यता, सौहार्द्रता र सद्‌भावनाको खानी हो। मलाई मेरो देशमा छिर्न खोज्ने विसङ्गतिहरूलाई चिर्दै अगि बढ्न मन लाग्छ, विसङ्गतिहरू र विकृतिहरूसँग लड्न मन लाग्छ, नेपाललाई भौतिक सम्पन्नताको चुचुरामा पुऱ्याउन मन लाग्छ, सगरमाथामा चढेर 'द्यौ:शान्ति पृथ्वी शान्ति'को वैदिक मन्त्र उच्चारण गरेर विश्वभर शान्तिसन्देश फिँजाउन मन लाग्छ।

## ८.३ निबन्ध लेख्ने तरिका

निबन्ध लेख्ता तलका कुराहरूमा ध्यान दिनुपर्दछ:

(क) निबन्ध लेख्ता सुरुमा आफूले लेख्नुपर्ने निबन्धको शीर्षक लेख्नुपर्दछ।

(ख) निबन्धमा कुनै विषयवस्तुको वर्णनको सिलसिला मिलेका विभिन्न अनुच्छेदहरू हुन्छन्। त्यस्ता कुनै विषयको सिलसिलेबार वर्णन गरिएका अनुच्छेदहरूको प्रयोग गरी लेखिने निबन्धका तीन भाग हुन्छन्- आदि भाग, मध्य भाग र अन्त्य भाग।

(ग) जुन विषय वा शीर्षकमा निबन्ध लेख्नु छ त्यसको परिचय निबन्धको आदि भाग वा सुरुको भागमा एक अनुच्छेदमा लेख्नुपर्दछ।

(घ) निबन्धको मध्य भागमा निबन्ध लेखिने विषय वा शीर्षकका बारेमा विस्तारपूर्वक वर्णन गर्नुपर्दछ। त्यस क्रममा सम्बन्धित विषय वा शीर्षकका विशेषता, महत्त्व, गुण-दोष, फाइदा-बेफाइदा आदिको वर्णन बेग्लाबेग्लै विभिन्न अनुच्छेदहरूमा गर्नुपर्दछ। निबन्धको विषय वा शीर्षकसँग मिल्दाजुल्दा विचार, भावना, कल्पना, तर्क, उदाहरण, सूक्ति आदिको प्रयोग पनि यही मध्य भागमा गर्नुपर्दछ।

(ङ) निबन्धको अन्त्य भागमा एक अनुच्छेदमा जुन विषय वा शीर्षकमा निबन्ध लेखेको हो त्यससँग सम्बन्धित कुराहरूको खँदिलो निष्कर्ष लेख्नुपर्दछ।

(च) निबन्ध जुनसुकै विषय वा शीर्षकमा पनि लेख्न सकिन्छ। तर निबन्धभित्रका अनुच्छेद-अनुच्छेदका बीच र ती अनुच्छेदभित्रका वाक्य-वाक्यका बीच सम्बन्धित विषयवस्तुका वर्णनको भित्री सिलसिला मिलेको हुनुपर्दछ।

(छ) निबन्धको भाषाशैली शुद्ध, स्पष्ट र विषय/शीर्षकसँग सुहाउने खालको हुनुपर्छ।

CC-0. In Public Domain. Digitization by eGangotri

## अभ्यास

तल निबन्ध लेख्ने अभ्यास गर्नाका निम्ति विभिन्न शीर्षकहरू दिइएका छन् र ती शीर्षकका मुन्तिर सम्बन्धित निबन्ध लेख्नामा सहयोग पुऱ्याउने खालका बुँदाहरू पनि दिइएका छन्। तपाईं तलका शीर्षकहरूमा दिइएका बुँदाहरूको सहयोग लिई (आफ्नै मौलिक बुँदासमेत पारेर) निबन्ध लेख्नुहोस्:

### १. अन्धविश्वास

**बुँदाहरू:**

(क) 'अन्ध' भन्ने तत्सम विशेषण शब्दको अर्थ हुन्छ — दुवै आँखा नदेख्ने अन्धो; 'विश्वास' भन्ने तत्सम नामशब्दको अर्थ हुन्छ: कुनै काम, कुरा, नीति, व्यक्ति, मत आदिप्रति हुने सत्यको अवधारणा वा पत्यार। यसरी विशेषण+नाम शब्दको समास प्रक्रियाद्वारा निर्मित अन्धविश्वास शब्दको अर्थ हुन्छं — पहिलेदेखि चलिआएको चलन/रीतिरिवाज भनेर विवेकै नराखी त्यसप्रति गरिने विश्वास वा पत्यार — अन्धविश्वासले धर्म, राजनीति, अर्थतन्त्र, समाज आदि विभिन्न क्षेत्रमा गहिरा जरा गाडेको — निर्धनतम देखि सम्पन्नतम मुलुकसम्म र रङ्कदेखि राजा-महाराजासम्ममा यसले प्रभाव फिँजाएको।

(ख) अन्धविश्वासले धर्ममा गहिरा जरा गाडेको—बलिप्रथा; जतिसुकै कुकृत्य गरे पनि फूलपाती चढाएर सो पाप पखालिन्छ भन्ने धारणा—ढुङ्गामा देवताको विश्वास — राजनीतिमा सरकारको आयुबारे ज्योतिषीमा विश्वास; बहुमतको निर्णयलाई मान्नु पर्ने विश्वास — समाजमा अन्धविश्वास झनै व्याप्त — नारीसम्बन्धी धारणा, (पतिपरमेश्वर) — बिरालाले बाटो काट्नु, कागले खबर भन्नु, अङ्ग स्फुरण हुनु, साइतका बेला रित्तो भाँडो देखिनुजस्ता अशुभ। भारी घडा देखिनु शव देखिनु, आदि शुभ सङ्केत मान्ने आधारहीन र विवेकहीन विश्वास — शिक्षामा अन्धविश्वास — नैतिक शिक्षामा अन्धविश्वास शिक्षण, विकसित मुलुकमा अन्धविश्वास नयाँ-नयाँ आवरणमा अवतरित।

(ग) मानव विवेकवान् प्राणी; अत: कुनै कुरामा विश्वास गर्नुपूर्व विवेकको आँखाले हेरी निक्यौंल गरेर मात्र विश्वास गर्नुपर्ने; यही नै सहज विश्वास — आँखा चिम्लेर परम्पराको समर्थन गर्नु अन्धविश्वास — अन्धविश्वास मानवताको घातक — विकासको बाधक।

CC-0. In Public Domain. Digitization by eGangotri

## २. देशभक्ति

**बुँदाहरू:**

(क) भूखण्ड र जनता मिली बनेको स्वतन्त्र राज्य नै देश, देश भनेको जन्मभूमि — 'भक्ति' भनेको आस्था, सम्मान वा पूजा — देश = जातिवाचक संज्ञा, भक्ति = भाववाचक संज्ञा — 'देशको' भेदकपद र 'भक्ति' भाववाचक नामपदको तत्पुरुष समासबाट निर्मित पद — 'देशभक्ति' भनेको माटो र मुटु (भूमि र जनता) प्रति गरिने हार्दिक स्नेह/आस्था।

(ख) देशमाथि सङ्कटका बादल मडारिँदा देशवासीको रगत उम्लने — त्यतिबेला आफूलाई देशका लागि समर्पित र बलिदान गर्न देशवासीहरू तम्सने — देशसँग कुनै स्वार्थ नराखेर देशका लागि मरिमेट्न तयार हुनेहरूको निस्वार्थ पवित्र र सङ्लो भावना देशभक्ति — देशभक्ति सिद्धान्त, विचार, दर्शन, नभई जन्मजात नैसर्गिक गुण — देशभक्तिको भावना जन्मजात रूपमा मानिसले सिक्ने; देशभक्ति सिकाउन कुनै गुरु वा विद्यालय नचाहिने — देशका लागि ज्यान दिन पनि तयार रहनु सच्चा देशभक्ति — देशभक्ति कुरा र भाषण नभई व्यवहार र यथार्थ — लवाइ, खवाइ भाषा-संस्कृति धर्म, परम्पराप्रति आत्मिक र व्यावहारिक भक्ति देशभक्ति।

(ग) सच्चा देशभक्ति मुटुले, आत्माले र हृदयले गरिने — माटो र मुटु अर्थात् जनता र भूखण्डप्रति प्राणपणले गरिने माया नै देशभक्ति।

## ३. विज्ञानको चमत्कार

**बुँदाहरू:**

(क) 'विज्ञान' शब्दका थुप्रै अर्थ — यहाँ भौतिक विकाससँग सम्बन्धित अर्थमा विज्ञान शब्दको प्रयोग — विज्ञान सर्वत्र चमत्कारी रूप लिएर अवत्तरित — विज्ञानले ठाउँको दूरी र समयको लम्बाइ कम पारेको — जल, थल, नभमाथि मान्छेको विजय — प्रकृतिमाथि समेत विजय — त्यसैले वर्तमान युग विज्ञानको चमत्कारको युग।

(ख) विभिन्न क्षेत्रमा विज्ञान चमत्कारी रूप लिएर अवतारित — अर्थ, शिक्षा, यातायात, कृषि, उद्योग, सञ्चार, मनोरञ्जनका क्षेत्रमा यसले जादु-प्रदर्शन — प्रयोगकर्ताका कारण विज्ञान विनाशकारी — विज्ञानको आविष्कार निर्माणका लागि हुनुपर्ने, सिर्जनाका लागि हुनुपर्ने — आणविक रासायनिक विषालु हतियारको निर्माण — विश्व नै हिरोसिमा र नागासाकी बन्न सक्ने सन्त्रास — यान्त्रिकताका कारण मानिस अल्छी र अकर्मण्य बन्न पुगेको।

CC-0. In Public Domain. Digitization by eGangotri

(ग) विज्ञानको सच्चा रूप मानवहित, मानवताको रक्षा, धर्तीको विकास, मानवको समुन्नतिमा देखिनुपर्ने — विज्ञानलाई विनाशमा होइन, निर्माणमा प्रयोग — अनि मात्र विज्ञानको चमत्कारको सार्थकता।

## ४. विद्यार्थी र राजनीति

**बुँदाहरू:**

(क) विद्यार्थी र राजनीति शीर्षक नाम+संयोजक+नाम = नामपदावलीका ढाँचाको — विद्यार्थी भनेको नियमित रूपले विद्याध्ययनमा लाग्ने व्यक्ति र कुनै शिक्षण-संस्थामा अध्ययनरत छात्र; राजनीति भनेको राज्यको शासनव्यवस्थासम्बन्धी नीति वा राज्यसञ्चालन प्रणाली। आजका विद्यार्थी भोलिको देशका कर्णधार — विद्यार्थीले आजै राजनीतिमा सक्रिय नभई राजनैतिक पद्धतिको अध्ययनमा मात्र लाग्नुपर्ने — विद्यार्थीले राज्य सञ्चालनको राजनीतिमा सक्रिय हुन नहुने।

(ख) विद्यार्थी-जीवन मानव-जीवनको उषाकाल — कठोर अध्ययनरूपी तपस्यामार्फत जीवनयात्रा सफल बनाउन मूल रूपमा विद्याध्ययन र गौण रूपमा राजनीतिको रचनात्मक स्वरूपतर्फ सचेत हुनुपर्ने — महाविद्यालयहरूमा आयोजना गरिने खुला बहस, वाद-विवाद, वक्तृत्त्वकला आदिमार्फत र समाचारपत्र, पत्रिका र पुस्तक-अध्ययनबाट राजनैतिक स्थितिबारे ज्ञान गर्न हुने तर विद्यार्थीको गिलो माटोजस्तो मस्तिष्कमा राजनीतिका विषाक्त बीज रोप्न नहुने — राजनीतिमा सक्रिय सहभागी हुन नहुने।

(ग) वैचारिक स्तरमा राजनीतिलाई सीमित राख्नुपर्ने — राजनैतिक दलका सत्तास्वार्थका लागि प्रयोग हुन नहुने — अध्ययनमननमा लीन भएर राजनीतिको गूढ रहस्य पत्ता लगाउनुपर्ने।

## ५. विद्यार्थीका अधिकार र कर्तव्य

**बुँदाहरू:**

(क) विद्यार्थी भनेको नियमित रूपले विद्याध्ययनमा लाग्ने व्यक्ति वा कुनै शिक्षण संस्थामा अध्ययनरत छात्र, 'अधिकार' भनेको कानुनी, परम्परागत वा नैतिक रूपमा प्राप्य न्यायोचित दाबी, सत्ता वा हक र 'कर्तव्य' भनेको गर्नुपर्ने काम — 'विद्यार्थीका अधिकार र कर्तव्य' भनेको विद्यार्थीले प्राप्त गर्नुपर्ने न्यायोचित हक र गर्नुपर्ने काम — पूर्व-प्राथमिक तहका तीनवर्षे शिशुदेखि उच्चशिक्षा हासिल गर्ने पूर्ण वयस्क युवासमेत विद्यार्थी — प्राचीन परम्पराअनुसार पच्चीस वर्षसम्मको ब्रह्मचर्यआश्रम विद्यार्थीकाल

CC-0. In Public Domain. Digitization by eGangotri

— विद्यार्थीकाल मानव-जीवनको प्रभातकाल वा निर्माणकाल; गिलो माटोजस्तो —।

(ख) विद्यार्थीका मूल-कर्तव्य विद्या-अध्ययन र उसका अधिकार पनि विशुद्ध विद्याध्ययनसँग सम्बद्ध हुनुपर्ने — मानवाधिकारसँग विद्यार्थीका अधिकारलाई गाँस्न नहुने — विद्यार्थीको एउटा मात्र कर्तव्य अध्ययन र एउटा मात्र अधिकार अध्ययन। अध्ययनको कर्तव्य बिर्सेर यदि अधिकारको दुहाइ दिँदै हिँडेमा ऊ सिद्धान्ततः विद्यार्थी नहुने — विद्यार्थीले जोसका साथमा होस राख्नुपर्ने — जोस बढी हुने होस नहुने — अतः यी दुईका बीच सुमधुर समन्वय बनाएर राख्न सक्नुपर्ने — विद्यार्थी राम्रो शिक्षाको व्यवस्था, पुस्तकालयको सुविधा, योग्य र परिश्रमी शिक्षक तथा अध्ययनमा निरन्तरताजस्ता अधिकारतर्फ सचेत रहन सक्ने —।

– विद्यार्थीले आफ्ना पाठ्यपुस्तकहरू गुरुगहन रूपमा अध्ययन गर्न शिक्षा-व्यवस्थाअन्तर्गत उत्तम श्रेणीको प्रमाणपत्र लिन सक्नुपर्ने, कक्षाको तह र उद्देश्यअनुरूपको ज्ञान हासिल गर्न सक्नुपर्ने — आजका केही विद्यार्थी पथभ्रष्ट हुँदै गएका — मनोवृत्ति खराब हुन नहुने — जुवा, तास, मादक पदार्थ आदिबाट टाढा रहनुपर्ने — विद्यार्थीले संयम र अनुशासनलाई वरण गर्नुपर्ने — सबैप्रति उचित मानवीय दृष्टिले व्यवहार गर्नुपर्ने — सहनशीलता, धैर्य, जीवनका प्रति स्वस्थ, आस्थामय र आशावादी दृष्टिकोण राख्नुपर्ने — निराशारूपी विषबाट टाढै रहनुपर्ने —।

(ग) भावी जीवनमा आवश्यक पर्ने पौष्टिक तत्त्वलाई विद्यार्थीकालमै सुरक्षित राख्नुपर्ने, सञ्चय गर्नुपर्ने — पाठ्यपुस्तकका अतिरिक्त ज्ञानविज्ञान, समाचारसँग सम्बद्ध अन्यान्य विषयसमेत पढेर ज्ञानको भण्डार समृद्ध पार्नुपर्ने। आदर्श व्यक्तिको अनुकरण — अध्ययन गर्नु र अध्ययनबाट प्राप्त ज्ञानलाई व्यवहारमा उतार्नु नै विद्यार्थी जीवनको कर्तव्य —।

## ६. पर्यटनको महत्त्व

**बुँदाहरू:**

(क) पर्यटनको महत्त्व शीर्षक भेदक-भेद्य नामपदावली — पर्यटन (परि = चारैतर्फ; अटन = भ्रमण) देशविदेशका विभिन्न स्थानको भ्रमण नै पर्यटन — मानिस स्वाभाविक रूपमा भ्रमणप्रिय — धार्मिक राजनैतिक आर्थिक-व्यापारिक उद्देश्यका लागि गरिने भ्रमण पर्यटन — 'महत्त्व'=महत्ता, मूल्य वा उपयोगिता। पर्यटनको महत्त्व धेरै — आत्मिक — मानसिक तृप्ति र मनोरञ्जन पर्यटनबाट प्राप्त हुने।

(ख) जीवनको अर्थ गतिशीलता र गतिशीलताको तात्पर्य नै भ्रमण — भ्रमणबाट मानिसले थुप्रै उपलब्धि हासिल गर्ने, — धार्मिक, सामाजिक रहनसहन रीतिरिबाज, संस्कृति, राजनीति, अर्थसम्बन्धी कुराको

CC-0. In Public Domain. Digitization by eGangotri

जानकारी — राजनैतिक भ्रमणबाट राष्ट्र-राष्ट्रका बीचको तुस मेटिने सम्बन्ध सुध्रने — यात्राको उद्देश्यका लागि गरिने यात्रा नै वास्तविक पर्यटन — प्रकृतिको सौन्दर्य आस्वादन यसबाट हुने — कोलम्बस, भास्कोडिगामाका अन्वेषण पर्यटनकै प्रतिफल — पर्यटनबाट राष्ट्रले पर्याप्त विदेशी मुद्रा आर्जन गर्ने — नेपाल प्रकृतिको क्रीडाभूमि — पर्यटकहरूको आकर्षणको केन्द्र नेपालको विदेशी मुद्रा आर्जनको प्रमुख स्रोत पर्यटन।

(ग) पर्यटनको चौतर्फी महत्त्व — जिज्ञासु मानवका लागि पर्यटनले 'पढेरभन्दा परेर जानिने' लोकोक्तिलाई सार्थक पार्ने। पर्यटन मानवजातिको लागि महत्त्वपूर्ण।

## ७. नेपाली संस्कृति

**बुँदाहरू:**

(क) 'नेपाली' भन्नाले नेपालमा बसोबास गर्ने नेपालका जनता र 'संस्कृति' भन्नाले धेरै समयदेखि आन्तरिक, वैचारिक तथा परम्परागत धारणाका रूपमा विकसित हुँदै आएको आचारविचार तथा कुनै राष्ट्र, समाज, जाति आदिको स्वरूप खुट्टिने मान्यता, भावना वा चिन्तन — नेपाली संस्कृति भन्नाले नेपाली जातिको परम्परादेखि प्रचलित आचार-विचार, मान्यता, भावना वा सोचाइ भन्ने बुझिने — नेपाली संस्कृति गौरवमय — विभिन्न जात-जाति, भाषा-भाषी, धर्म र सम्प्रदायका भिन्न-भिन्न संस्कृतिबाट नि:सृत कोलाज संस्कृति नेपाली संस्कृति — अनेकता, विविधताका बीचको अनुपम एकता नेपाली संस्कृतिको विशेषता —।

(ख) — नेपाली संस्कृतिको अपूर्व विशेषता पारस्परिक सहयोग — सङ्गच्छध्वम्, संवदध्वम्को भावना — जिउँदाको जन्ती मर्दाको मलामी — दु:ख र सङ्कटमा सहयोग र खुसीको बाँडचुँड —।

— परोपकार र दान नेपाली संस्कृतिका विशेषता — नेपाली घर-आँगनमा पुग्ने जोसुकैलाई मीठो मसिनो अनि चिसो पानीले स्वागत गर्नु संस्कृति, मातृदेवो भव, पितृदेवो भव, आचार्यदेवो भव, अतिथिदेवो भव, माता, पिता गुरुजन र अतिथिप्रति श्रद्धा नेपाली संस्कृति; नेपाली संस्कृतिमा दानको महिमा अपरम्पार — निर्धनलाई दान, ब्राह्मणलाई दान, गरीबको भलाइ — नेपाली संस्कृतिभित्र मार्क्सको साम्यवाद; रुसोको मानवतावादसमेत अटाएको/— नेपाली संस्कृतिभित्र धार्मिक सहिष्णुता अपरम्पार; मस्जिद, चर्च, मन्दिर र गुम्बाकाबीच ईर्ष्या नभएको नेपालमा अपूर्व सांस्कृतिक एकता र धार्मिक सद्भाव — वर्तमानमा नेपाली संस्कृतिभित्र पाश्चात्य प्रभावको प्रदूषण वृद्धि — मारुनी, धाननाच, लाखेनाच, धामीनाच विस्थापित डिस्को, पप सङ्गीतको आक्रमण — नेपाली पुरातात्विक

CC-0. In Public Domain. Digitization by eGangotri

महत्त्वका वस्तुहरूको विदेश यात्रा — केटीले कपाल काट्ने केटाले कपाल पाल्ने उल्टो जमानाको आगमन — माता र पिता, आमा र बुबाको मिठो स्वाद ड्याड र मममा चट्नी बनेको — भाषा, सभ्यता, परम्परा सबैमा विदेशी प्रभाव — व्यक्तिवादी/स्वार्थी प्रवृत्तिको वृद्धि।

(ग) नेपाली संस्कृतिको संरक्षण-संवरण वर्तमानको आवश्यकता — आफ्ना संस्कृतिका अन्धविश्वास त्याज्य — सद्विश्वास ग्राह्य — आर्य सभ्यताको स्रोत नेपाल — अठार पुराणको जन्मभूमि नेपाल — 'सर्वे भवन्तु सुखिनः, अहिंसा परमो धर्म; सेवा नै परम धर्म/ वसुधैव कुटुम्बकम्, द्यौ शान्ति पृथ्वीशान्ति यी सबै नेपाली संस्कृतिका विशेषताका साक्षी —।

## ८. समाज-सेवा

**बुँदाहरू:**

(क) 'समाज' भनेको एउटै रहनसहन, व्यवस्था, धर्म आदि अँगाल्ने वा एकै स्थानमा बसोबास गर्ने मानिसहरूको समूह — 'सेवा' भनेको आफ्नो रुचिअनुसार सार्वजनिक हित वा जन-कल्याणका लागि गरिने काम वा उपकार — समाज-सेवा भनेको समाजको उपकार — आफ्नो स्वार्थलाई बिर्सेर सबैको हित र कल्याणमा समर्पण भावले प्रवृत्त हुनुमा समाज-सेवाको सार्थकता — यो निःस्वार्थ सेवा; त्यसैले व्यापार, उद्योग, जागिर, राजनीति आदि व्यवसाय विशुद्ध समाज-सेवामा गणना नहुने —।

(ख) सामाजिक उपकारका भावनाद्वारा अनुप्राणित भएर स्वार्थलाई विसर्जन गर्दै सामाजिक उपकारमा लाग्ने समाज-सेवी सच्चा समाजसेवी — त्यस्तो समाज-सेवा व्यस्तविक समाज-सेवा। नेपाली इतिहास समाजसेवाका दृष्टान्तले भरिपूर्ण — धर्मशाला, बाटोघाटो, कुलो, चौतारो बनाएर सेवाभावना प्रदर्शन गर्ने — अस्पताल बनाउनु, सदावर्त बाँड्नु —
— गुठी परम्परा समाजसेवाको दृष्टान्त — धार्मिक लक्ष्यप्राप्तिका लागि गरिने समाजसेवाबाट समाजको कल्याण —
— समाज-सेवालाई धर्मप्राप्तिको साधन मान्ने प्रवृतिबाट समाज-सेवाको भावना मौलाएको —
— आज स्वार्थ-सिद्धिका लागि समाजसेवाको दुरुपयोग — समाजसेवाका नाममा आधुनिक युगमा स्थापित एन.जी.ओ. र आइ एन्.जी.ओ. हरू स्वीकृतिप्राप्त दलालका रूपमा विकसित — विदेशी सहयोग ब्रह्मलुट गर्ने माध्यमका रूपमा देखापरेका — यिनमा सच्चा समाजसेवाको भावना आउनु आवश्यक — राजनैतिक स्वार्थका लागि पनि समाजसेवीको आवरण लगाएर देखापर्ने प्रवृत्ति ज्यादै नकारात्मक —

(ग) समाजको भलाइका काममा तन-मन-धनले, मन-वचन-कर्मले र 'सेवा वै परमोधर्म' को भावनाले अभिप्रेरित भई समर्पित हुनुमा नै समाजसेवाको सार्थकता — 'परोपकार पुण्याय' को भावनाले अर्काको भलाइलाई धर्म

CC-0. In Public Domain. Digitization by eGangotri

मान्ने हाम्रो संस्कार — व्यक्तिगत स्वार्थलाई बिर्सेर सामाजिक स्वार्थमा लीन हुनुमा नै समाजसेवाको उत्कृष्टता।

## ९. शिक्षाको महत्त्व

**बुंदाहरू:**

(क) सिक्नु, अध्ययन गर्नु, ज्ञानार्जन गर्नु भन्ने अर्थ दिने तत्सम 'शिक्ष्' धातुमा तत्सम 'टाप्' प्रत्यय लागेर बनेको तत्सम नेपाली शब्द 'शिक्षा'को अर्थ सिक्नु, अध्ययन गर्नु र ज्ञानार्जन गर्नाको भाव भन्ने हो — 'शिक्षा' शब्दले त्यस्तो ज्ञानको निष्णात वा पारङ्गत हुने इच्छा वा चाहनालाई इङ्गित गर्ने — 'महत्त्व' भनेको महत्ता वा मूल्य — 'शिक्षाको महत्त्व' भनेको कुनै विषयमा सिकेर निष्णात वा पारङ्गत हुने इच्छा वा चाहनाको महत्त्व — आजको युगमा शिक्षा मानवजातिको तेस्रो चम्किलो आँखा ज्ञानचक्षु: ज्ञानचक्षु नभई चर्मचक्षुमात्र भएको व्यक्ति अज्ञानान्ध; त्यसैले शिक्षाको महत्त्व अवर्णनीय —।

(ख) 'शिक्षा' = सिक्नुको भाव र त्यसमा निष्णात र पारङ्गत हुने चाहना
— मानिसले वालककालमा अनुकरणबाट शिक्षा आर्जन गर्ने — आमाको काख प्रथम पाठशाला — मृत्युशैय्यामा पुगुन्जेल यो क्रम अनवरत रूपमा चलिरहने —
— प्रकृति सबैभन्दा ठूलो शिक्षालय — घाम, नदी, पहाड, वृक्ष, वनस्पतिजगत् — चराचुरुङ्गी, कोइली, कमिला, माहुरी आदि सबैको जीवन शिक्षाको मुहान
— शिक्षा आर्जन गर्ने स्थान शिक्षालय — शिक्षालयमा शिक्षार्थी व्यक्तिको ज्ञानचक्षु खुल्ने — अज्ञानको अन्धकार निवारण हुने — आजको युगमा अशिक्षित नागरिकले पशुवत् नारकीय जीवन भोग्नुपर्ने — अन्धविश्वासको उद्‌गमस्रोत अशिक्षा — शिक्षानेत्रहीन मानवको जीवन अन्धकारमय हुने
— शिक्षित नागरिकबाट नै मुलुक सभ्य, सुसंस्कृत बन्ने
— आज शिक्षामा व्यापारीकण — शिक्षाको पर्याय प्रमाणपत्र बटुल्नेमा सीमित — यस्तो शिक्षाले मुलुक र नागरिकलाई समेत रसातलमा लैजाने —
— आयातित शिक्षामा हामी निर्भर — मुलुकको माटो सुहाउँदो वैज्ञानिक, रोजगारमूलक, व्यावसायिक र प्राविधिक शिक्षाको खाँचो —

(ग) शिक्षा मानवजातिको आभूषण/ शिक्षाले नै मातासरी सुख दिने — विद्याविहीन पशु — शिक्षा नै हरेक उन्नतिको मुहान — व्यक्ति, जाति र राष्ट्रको उन्नतिमा शिक्षाको सर्वोपरि भूमिका — यसैले जीवनमा शिक्षा सर्वाधिक महत्त्वपूर्ण।

CC-0. In Public Domain. Digitization by eGangotri

## १०. नेपालको जलस्रोतसम्पदा

**बुँदाहरू:**

(क) 'जलस्रोत' भनेको कुनै पनि नदी, तलाउ आदिका मूलबाट बग्ने पानीको धारा वा पानीको प्रवाह — नेपालका गर्भ र छातीमा अनन्त जलाशय र जलप्रवाह विद्यमान — नेपाल जलस्रोतका दृष्टिले समृद्धतम देश: विश्वमा दोस्रो, एशियामा पहिलो — जल जीवनको पर्याय, पानीबाट विद्युत्, सिँचाइ; विद्युत्बाट उद्योगधन्दा — उद्योगधन्दाबाट भौतिक औद्योगिक विकास; फलत: सम्पूर्ण मुलुकको विकास — जलस्रोत भनेको सेतो सुन — नेपालमा अपार र अक्षय जलस्रोत — नेपालका १४ अञ्चलमध्ये दश अञ्चलको नाम नदीनाममा आधारित — जलस्रोत नेपालको मुख्य प्राकृतिक सम्पत्ति।

(ख) नेपालमा ८३ हजार मेगावाट जल-विद्युत्-उत्पादन गर्नसक्ने क्षमता — नेपाललाई झलमल्ल पारी बिजुली विश्वबजारमा बेच्न सकिने परिस्थिति — इन्धनसमस्याको (तेल, दाउरा, आदिको) समाधान — वनविनाश रोकिने — मनसुनमा आधारित कृषिक्षेत्रमा नेपालका नदीहरूबाट सिँचाइको व्यवस्था गर्न सके कृषिप्रधान देशको सार्थकता प्रमाणित हुने — पानीको धनी मुलुकमा खानेपानीको हाहाकार मेटाउन सकिने —
— जलस्रोतलाई उपयोग गर्न सक्ता नेपालमा औद्योगिकीकरण — विद्युत्चालित बस-रेलले यातायातमा टेवा पुऱ्याउने — विद्युत्बाट तानेको पानीले सिँचाइ
— जलस्रोतको उपयोग गर्ने पूँजीको अभाव — बाँध बाधेर बिजुली निकाल्नमा मात्र नभई झोलुङ्गे पुल हाल्नसमेत विदेशको मुख ताक्नुपर्ने — प्राप्त वैदेशिक अनुदान सहयोग र ऋणसहयोगको सदुपयोग गरी नेपालका जलस्रोतको विकास छिटै गरिहाल्नुपर्ने।

(ग) जलस्रोतको विकासबाट मुलुकको सर्वाङ्गीण/सर्वतोमुखी समुन्नति — जनसहभागिता र विदेशी सहयोगबाट भए पनि विद्युत् उत्पादन गरी नेपाललाई सगरमाथाको देशबाट भौतिक उन्नति उत्कर्षमा पुगेको देशका रूपमा पुऱ्याउन सकिने — यसका सबै नेपालीमा काम गर्ने प्रतिबद्धता र राष्ट्र एवं समाजप्रतिको इमानदारिता हुनुपर्ने — नेपाल आमाका सबै सन्तानहरूले इमानदारीपूर्वक कर्मनिष्ठ भई खानेपानी, सिँचाइ, बिजुली आदिको व्यवस्था गर्न नेपालको जलसम्पदाको उपभोग गर्न सक्ने हुनुपर्ने।

## ११. देशविकासमा युवावर्गको भूमिका

**बुँदाहरू:**

(क) 'देशविकास' भनेको देशको उत्तरोत्तर प्रगति वा क्रमश: देशलाई उन्नतितर्फ बढाउँदै र सुधार्दै लाने प्रक्रिया — 'युवावर्ग' भनेको जवानीले नछाडेको बुढ्याइँले नछोएको तरुण वा तन्नेरीहरूको समुदाय तथा 'भूमिका' भनेको योगदान। 'देशविकासमा युवावर्गको भूमिका' भनेको देशलाई उत्तरोत्तर प्रगतिपथमा लम्काउनमा तन्नेरी समुदायको योगदान

CC-0. In Public Domain. Digitization by eGangotri

— युवाहरू देश विकासका ऊर्जा — युवाहरूको जोस, जाँगर, शक्तिको आडमा मुलुक उन्नतिको शिखरमा चढ्ने— मुलुकलाई स्वतन्त्र पार्न युवा सपूतहरूले बलिदान दिएका — मुलुकको विकासमा पनि युवावर्गको सक्रिय चासो रहनुपर्ने।

(ख) युवावर्गको शहादतबाट मुलुकमा स्वतन्त्रता र प्रजातन्त्रको आगमन — लखन थापा, शुक्रराज, दशरथचन्द, धर्मभक्त, गङ्गालालजस्ता युवाको शहादतबाट नेपालमा २००७ सालमा प्रजातन्त्र झुल्केको — ०४६ सालमा पनि थुप्रै युवाहरूको बलिदानबाटै प्रजातन्त्रको पुनरागमन —
— युवावर्ग राष्ट्रिय स्वार्थलाई सर्वोपरि महत्त्व दिएर अघि बढ्नुपर्ने — प्रजातन्त्रआगमनपश्चात् युवाशक्ति दलीय स्वार्थका लागि बढी र राष्ट्रिय स्वार्थका लागि कम सक्रिय भएको — राजनैतिक-सामाजिक विकृति र विसङ्गतिहरू चिर्दै युवावर्गले अगि बढ्नुपर्ने —
— राज्यले युवावर्गको भावनालाई उपेक्षा गर्न नहुने — सरकारबाट राष्ट्रिय हितविपरीत काम हुन खोज्दा युवावर्ग सक्रिय हुनुपर्ने —
— देशको विकासमा युवावर्गले शारीरिक रूपमा र बौद्धिक रूपमा योगदान पुऱ्याउने — शिक्षा, कृषि, यातायात, विज्ञान तथा प्रविधि आदि क्षेत्रमा समेत युवावर्गबाट ठोस योगदान पुग्ने — युवा-वर्गविहीन दल, मुलुक र राज्य-सत्ता नटिक्ने; स्थिर नहुने —
— युवावर्गमा समाज र राष्ट्रप्रति अनास्था र वितृष्णा आउन दिन नहुने —।

(ग) युवावर्ग कुनै पनि राष्ट्रको शक्ति र आनीबानीको प्रतीक एवम् परिचायक — मुलुकका अनुकरणीय आदर्श वयोवृद्ध र अनुभववृद्धहरूको र शहिदहरूको सदाचारको मार्गमा युवावर्ग बढ्दै जानुपर्ने — अमानवीय, असामाजिक, अराष्ट्रिय र विकृत-विसङ्गत मार्गहरू त्याग्दै — राष्ट्रिय सोच र चिन्तन राष्ट्रिय विकासको पुनीत अभियानमा समर्पित हुनुपर्ने — शहिद रोलान् हामीले उन्नति गरेर नगए: भूपि शेरचन।

## १२. स्वच्छ वातावरण स्वस्थ जीवन

**बुँदाहरू:**

(क) 'स्वच्छ वातावरण' भनेको पृथ्वीको चारैतिर फैलिएको हावाको शुद्धता वा सफापन हो भने 'स्वस्थ जीवन' भनेको प्राणीको जन्मदेखि मृत्यसम्मको शारीरिक वा मानसिक रूपले ठीक रहेको, कुनै प्रकारको रोगव्याध नलागेको तन्दुरुस्त वा निरोगीजीवन — 'स्वच्छ वातावरण स्वस्थ जीवन' भनेको पृथ्वीको चारैतिर फैलिएको हावाको शुद्धता वा सफापनले नै प्राणीलाई जीवनभर शारीरिक वा मानसिक रूपले तन्दुरुस्त र निरोगी बनाउँछ भन्ने हो — प्राणीले धर्तीमा जन्मनासाथ सास फेर्ने — श्वास-प्रश्वास लिने हावा नै स्वच्छ नभएमा उसको जीवन रोगग्रस्त र अस्वस्थ बन्ने — जीवनको आरोग्य र स्वस्थताका निम्ति वातावरण स्वच्छ हुनुपर्ने।

CC-0. In Public Domain. Digitization by eGangotri

(ख) प्रकृतिले स्वच्छ वातावरण दिएर काखमा हुर्काएको मान्छेले प्रकृतिलाई जित्ने नाममा जिस्क्याएको — भौतिक विकासले वातावरणको स्वच्छतामा खलल पुऱ्याएको —

— प्रकृतिका नदी, हावा, रुख र हरियाली विकृत भएका

— उद्योग कलकारखानाको धुवाँ र त्यहाँबाट निस्केको दूषित पानीबाट हावा र पानी दूषित — वातावरण अस्वच्छ बनेको

— वनजङ्गलको जथाभावी फँडानीबाट हरियाली अपहरित, नाङ्गा निर्वस्त्र र उजाड डाँडाकाँडाहरू देखिने —

— वनजङ्गलको विनाशबाट वन्यजन्तु, चराचुरुङ्गी विस्थापित भई अतिवृष्टि, अनावृष्टि, भूक्षय, बाढी पहिरो ......

— परमाणु शस्त्रास्त्रको परीक्षणबाट धर्ती-प्रकृति क्रुद्ध।

— वातावरणीय अस्वच्छताका कारण रोगव्याधको आमन्त्रण — प्रदूषणरूपी मृत्युको पञ्जामा परेर आजको मान्छे बाँचेको —

— जीवनको स्वस्थताका निम्ति स्वच्छ वातावरण अपरिहार्य — व्यक्ति, समाज, राष्ट्र र विश्व नै सचेत बन्नुपर्ने — व्यक्ति र समाजले राज्यतन्त्रलाई र राज्यतन्त्रले व्यक्ति र समाजलाई दोष दिएर उम्कन नपाइने।

(ग) मानवजीवन मात्र होइन समस्त चराचरको रक्षार्थ वातावरण स्वच्छ राखेमा मानिस दीर्घजीवी हुने — 'स्वास्थ्य नै धन हो'।

## १३. परोपकार

**बुँदाहरू:**

(क) 'पर' भनेको अर्काको वा पराइको र 'उपकार' भनेको हित वा भलाइका निमित्त गरिने कुनै असल वा शुभकार्य वा सेवा र सहायता — 'परोपकार' भनेको अर्काको सेवा वा भलाइ — नेपाली संस्कृति र नेपालीहरूको संस्कारमा परोपकारको भावना लुकेको — 'सर्वे भवन्तु सुखिन:' र 'परोपकार पुण्याय' जस्ता उक्तिले परोपकार वा दु:खी-दरिद्री र निर्धनहरूको सेवालाई नै धर्म ठान्ने प्रवृत्ति — परोपकार संसारको सर्वश्रेष्ठ धर्म —।

(ख) — परोपकारको भावना नेपालीहरूका रक्तकोशिकाहरूमा सञ्चारित — परोपकारी व्यक्ति मरेर पनि अमर हुने — दधीचि र शिविका पुराणप्रसिद्ध परोपकारी प्रवृत्ति हाम्रा आदर्श —

— प्रकृति नै परोपकारी — परोपकारको शिक्षा मानिसले प्रकृतिबाट प्राप्त गरेको — पृथ्वीले आफ्ना छातीमा उब्जेका अन्न र त्यहीँबाट प्रवाहित जल पिलाएर जीवको रक्षा गरेको — बादलले बर्सेर, रूखले फल दिएर, नदीले प्रवाहमान भएर समस्त प्राणीको उपकार गरेका —

CC-0. In Public Domain. Digitization by eGangotri

— शहिदहरू परोपकारका जीवन्त रूप — स्वहितको भावना बिर्सेर परहितका लागि जीवन उत्सर्ग गर्ने प्रजातान्त्रिक योद्धा र शहिदले परोपकारको दृष्टान्त पेस गरेका —

— परोपकारबाट अर्काको भलाइ हुने र आफूलाई आत्मसन्तोष मिल्ने परोपकारबाट आध्यात्मिक-आत्मिक आनन्दको वर्षा —

— परोपकारमा निष्काम भावना हुनुपर्ने — धन कमाउन विद्यालय खोल्ने समाजसेवी, पैसा कमाउन पढाउने शिक्षक, चुनाव जित्न पैसा बाँड्ने नेता उपकारी नहुने — उपकारमा निष्काम-निस्वार्थ भावना हुनुपर्ने —।

(ग) परोपकारमा नै मानवको मानवता झल्कने — मानवीय कर्तव्य परोपकारबाट पूरा हुने — परोपकार नै महान् धर्म र पुण्य —।

## १४. नारीशिक्षाको महत्त्व

**बुँदाहरू:**

(क) 'नारीशिक्षा' भन्नाले महिला वा स्त्रीजातिले ग्रहण गर्ने शिक्षा भन्ने बुझिने — आधा आकाश ढाक्ने नारी जातिप्रति समाजको सङ्कुचित दृष्टिकोण भएकाले शिक्षाका दृष्टिले नारीहरू पछि परेका — नारी शिक्षित भएमा सिङ्गो परिवार शिक्षित हुने — नारीशिक्षाको सर्वोपरि महत्त्व —।

(ख) — नारी एक जननी — नारीको कोखबाट जन्मेको बालकले नारीका काखलाई प्रथम पाठशाला बनाउने — अशिक्षित नारी आमा बन्दा बालकको स्वास्थ्य, शिक्षा र वातावरणमा कु-प्रभाव पर्न सक्ने — एउटी शिक्षित आमाले बालकलाई शिक्षा र सभ्यता सिकाउन सक्ने —

— वैदिक युगमा नारी शिक्षित — गार्गी-मैत्रेयी जस्ता विदुषी नारीहरू स्मृति-प्रसिद्ध — समाजमा नारीको स्थान उच्च — यत्र नार्यस्तु पूज्यन्ते रमन्ते तत्र देवता— नारीलाई होच्याउने चलन पछि विकसित भएको — ''ढोल-गँवार शुद्र पशु नारी ये सब ताडनके अधिकारी'', मायावी-छली रूद्रघन्टी नभएका, 'स्त्रियाचरित्रम्' आदि नारीलाई होच्याउने कथन चलेको

— आज नारीलाई अबला-अदना र कमजोर ठान्न नहुने विचार देखा पर्न लागेको — शिक्षाको अवसर पाएमा पुरुषसरह राष्ट्रनिर्माणको पुनीत महायज्ञमा नारी पनि सरिक हुन सक्ने

— वर्तमान युग प्रजातन्त्र र मानवाधिकारको युग — अर्काका घर जाने भनी ग्रामीण क्षेत्रमा नारीलाई शिक्षाबाट वञ्चित राख्ने निन्दनीय कार्य — यस विडम्बनालाई हटाई नारीलाई शिक्षित बनाई आत्मनिर्भर तुल्याउने कार्य हुनुपर्ने शिक्षित नारीहरूले पनि समाजमा मेलमिलाप र शान्तिस्थापना गर्नामा मद्दत गर्नुपर्ने।

(ग) नारी शिक्षित भएमा सिङ्गो परिवार शिक्षित — आमाको काख शिशुलाई ताती गर्न, तोते बोल्न र छुनुमुनु खेल्न सिकाउने पाठशाला — नारीशिक्षाको चेतनाका किरणहरू गाउँ-गाउँमा फिँजाई मुलुकलाई अशिक्षाको गर्तबाट निकाल्न सकिने — नारीशिक्षाबाट सिङ्गो मानवजाति सुशिक्षित र सुसंस्कृत बन्ने।

CC-0. In Public Domain. Digitization by eGangotri

# १५. दसैं

**बुँदाहरू:**

(क) 'दशमी' संस्कृत नामशब्दबाट प्राकृत हुँदै तद्भव शब्दका रूपमा नेपालीमा प्रयुक्त 'दसैं' — यो धर्मप्राण नेपाली हिन्दूहरूको सबैभन्दा ठूलो चाड — अन्य धर्मावलम्बीहरू पनि यस पर्वलाई आफ्नै ढङ्गले मनाउने (भेटघाट, भ्रमण ....) नेपालीहरूको सांस्कृतिक, आध्यात्मिक र धार्मिक पर्व — आश्विन शुक्ल प्रतिपदादेखि दशमी र त्यसपछि कोजाग्रत पूर्णिमासम्म मनाइने — शरद् ऋतुको हरियाली सर्वत्र मुस्काएका बेला आउने चाड — संप्तमी तिथिमा मनाइने फूलपातीदेखि अष्टमी, नवमी र दशमीका दिन विशेष महत्त्वपूर्ण —।

(ख) –दसैं दुईवटा: चैते दसैं र बडा दसैं — नेपालीहरूले धुमधामसँग मनाउने दसैं आश्विन शुक्ल पक्षको विजया दशमी नै बडादसैं — दसैं असत्यमाथि सत्य र अन्यायमाथि न्यायको प्रतीकका रूपमा मनाइने — यस पर्वसँग दुईवटा किम्वदन्ती गाँसिएका — (१) दैत्यहरूको आतङ्कबाट त्रस्तभएका देवताहरूले देवीको आराधना गरी शक्तिरूपी काली प्रसन्न भएर्की — देवीले रक्तबीज, शुम्भनिशुम्भजस्ता दैत्यमाथि विजय प्राप्त गर्दा देवतालाई निर्भय बनाएको भन्ने र (२) त्रेतायुगमा भगवान् रामचन्द्रले शक्तिरूपिणी देवीको आराधना घटस्थापनादेखि प्रारम्भ गरी दशमीका दिन असुर रावणमाथि विजय प्राप्त गरेका — त्यसैले विजया दशमी।

— नेपालका शिक्षण-संस्थाहरूमा घटस्थापनादेखि र सरकारी कार्यालयहरूमा सप्तमीदेखि पूर्णिमासम्म छुट्टी हुने — सबैभन्दा लामो सरकारी पर्व बिदा — पारिवारिक पुनर्मिलन र भेटघाटको महत्त्वपूर्ण अवसर: दसैं।

— आश्विन शुक्ल प्रतिपदाका दिन घरघरमा घटस्थापना — जमरा उमार्न जौ छर्ने कार्य — शक्तिपीठ र स्थानहरूमा प्रतिदिन पूजापाठ — अष्टमी र नवमीमा बलिदिइने — विजया दशमी मुख्य दिन — उक्त दिन टीका ग्रहण — नेपालका कतिपय स्थान र जातिहरूमा दशमीदेखि कोजाग्रत् पूर्णिमासम्म टीका ग्रहण —

— पारिवारिक भेटघाट, मेलमिलाप, बढाउन, आदर-सम्मान अभिवृद्धि गराउन गहन भूमिका —

— गरिब नेपालीहरूका घरमा दसैं दशा बनेर पनि आउने — 'आयो दसैं ढोल बजाई गयो दसैं रिन बोकाई —

— दसैंलाई आडम्बरका रूपमा नभई आफ्नो औकातअनुसार मनाउनुपर्ने — घाँटी हेरी हाड निल्नुपर्ने —।

(ग) 'दसैं' महान् पर्व — हिन्दूहरूका साथै अरू धर्मावलम्बीहरूको पनि रुचि र सहभागिता देखिने — दसैंका सिँगारपटार, सरसफाइ र सजावटमा कलात्मक मूल्य झल्किने — परिवार तथा कुटुम्बका बीच मान-सम्मान एवम् माया-स्नेह जनाउने काममा यसको सांस्कृतिक महत्त्व झल्किने — यस पर्वका यी कलात्मक-सांस्कृतिक मूल्यको संरक्षण गर्नु हामी सबैको दायित्व।

CC-0. In Public Domain. Digitization by eGangotri

## १६. खेलकुदको महत्त्व

**बुँदाहरू:**

(क) 'खेल' र 'कुद' दुई शब्दको योगबाट निर्मित 'खेलकुद' शब्दको अर्थ व्यायामका लागि गरिने एक प्रकारको खेल्ने र कुद्ने काम — 'महत्त्व' भनेको महत्ता र मूल्य — खेलकुदको महत्त्व भनेको त्यस प्रकारको खेल्ने र कुद्ने कामको महत्त्व। आज 'खेलकुद' शब्दले केवल व्यायामका लागि खेल्ने र कुद्ने काम मात्र नबुझाउने — यसले व्यापक व्यवसायको रूप लिएर विशेष अर्थ बहन गरेको — वर्तमान युगमा खेलको विशिष्ट स्थान — खेलकुदका लागि विश्वमा ठूलो धन-राशि खर्च — यसबाट खेलकुदको महत्त्व झल्किने —।

(ख) — खेलकुदबाट व्यक्तिको व्यक्तित्वको विकास: — खेलमा चमत्कार देखाउनेको विश्वभर प्रतिष्ठा फिँजिने — यश, धनको वर्षा हुने — पेले, म्याराडोना, मोनिका सेलेस आदि
— खेलबाट शरीर र मन दुवै स्वस्थ रहने — एकाग्रता, अनुशासन, स्वस्थ प्रतिस्पर्धा; असल खेलका गुण निश्चित लक्ष्य प्राप्तितर्फ लाग्न खेलकुदले उत्साहित गर्ने — सहयोगको भावनाजस्ता प्रवृत्तिको विकास खेलबाटै — शारीरिक, सामाजिक, आत्मिक आदिको सर्वतोमुखी विकासमा खेलकुदको भूमिका
— खेल दुईथरी: भित्री र बाहिरी — घरभित्र खेलिने खेल र घरबाहिर चौर-मैदानमा खेलिने खेल —।
— खेलमा स्वस्थ प्रतिस्पर्धा हुनुपर्ने; आजभोलि अस्वस्थ प्रतिस्पर्धा — जसरी पनि जित्नै पर्ने भन्ने दुर्भावनाको विकास — यसो हुनु दुर्भाग्यपूर्ण —।

(ग) समष्टिमा खेलकुदबाट मानिसलाई बहुपक्षीय लाभ — खेल्ने व्यक्ति, समाज र राष्ट्रको समेत गौरव अभिवृद्धि — खेलकुदलाई अस्वस्थ प्रतिस्पर्धाको कुमार्गबाट स्वस्थ प्रतिस्पर्धाको सुमार्गमा लगेपछि यसको अर्थ र औचित्य, महत्त्व र मूल्य सार्थक हुने।

## १७. पहाडी जीवन

**बुँदाहरू:**

(क) 'पहाडी' भनेको 'पहाडमा बस्ने' भन्ने अर्थ बुझाउने विशेषणपद र 'जीवन' भनेको प्राणीको जन्मदेखि मृत्युसम्मको समय वा जिन्दगी बुझाउने नामपद — 'पहाडी जीवन' भनेको पहाडमा बस्नेहरूको जिन्दगी — चार जात छत्तीस वर्णको सुरम्य फूलबारी नेपाल हिमाल, पहाड र तराईमध्ये अधिकांश पहाडलाई आफ्ना छातीमा लिएर बसेको — पहाड र नेपाल पर्यायवाची — पहाडमा बस्ने नेपालीहरूको जीवनचर्या नै पहाडी जीवन — पहाडी जीवन विश्वास-आस्था, परोपकार, नैतिकता आदिले सम्पन्न।

CC-0. In Public Domain. Digitization by eGangotri

(ख) — पहाडी जीवन सादा र सरल जीवन — पहाड, खोला, भीर, पाखा पखेरासँग लडभिड गर्दा प्रकृतिले बहादुर बनाएको जीवन — विश्वभर वीर, बहादुर भनेर ख्याति प्राप्त गर्ने नेपालीहरूको बसोबास नै पहाड —
— विश्वास र नैतिकताका आडमा बाँचेको जीवन — धामीझाँक्री, टुना-मुनाजस्तामा विश्वास — अतिथि सत्कार — धर्म, परम्पराप्रति विश्वास —
— कर्ममय जीवन — काममा रमाउने — सामाजिक उन्नतितर्फ चासोँ पाटी, पौवा, चौतारा, धर्मशाला निर्माण —
— उकाली-ओराली, भञ्ज्याङ, चौतारीको समष्टि: पहाडी जीवन—
— पारस्परिक सहयोगको नमुना — वर्म-पर्म- जिउँदाको जन्ती मर्दाको मलामी — विज्ञानको विकृतिले नछोएको जीवन।

(ग) पहाडी जीवन सुन्दर जीवन — भौतिक उन्नतिका अभावमा पहाडी जीवनले विकासका सम्भावनाहरूबाट टाढिन परेको — पहाडै पहाडले भरिएको छ नेपाल; त्यसैले पहाडी जीवन भन्नु नै नेपाली जीवन।

## १८. अनुशासन

**बुँदाहरू:**

(क) 'शासन' शब्दको अर्थ मर्यादा-पालन गराउने काम; आज्ञा, आदेश; हुकुम हो भने उक्त शब्दमा 'अनु' उपसर्ग लागेर बनेको 'अनुशासन' शब्दको अर्थले सामाजिक, नैतिक, धार्मिक, राजनैतिक आदि नियम/नियमावलीको मर्यादा वा सो मर्यादाभित्र रहने कार्यका साथै आदर्श आचरण र त्यसको पालनालाई समेत बुझाउने — नियम, मर्यादा वा आदर्श आचरणको हार्दिक अनुसरण नै अनुशासन। अनुशासन मानव जातिको सुन्दरतम आभूषण — अनुशासित व्यक्तिलाई जीवनमा सुख र सम्पन्नताले पछ्याउने —।

(ख) अनुशासन प्राकृतिक गुण — यसका क्षेत्र विविध — हावा, पानी, बादल, वर्षा, रूख, आगो, नदी, पहाड, तराई, पृथ्वी, समुन्द्र सब्रैले आफ्ना-आफ्ना नियम मानेका/पछ्याएका —
— अनुशासनको पालनाले व्यक्तिलाई पद र प्रतिष्ठाको शिखरमा पुऱ्याउने
— अनुशासनका क्षेत्रहरूमध्ये राजनैतिक, धार्मिक, पारिवारिक, सामाजिक, आर्थिक आदि महत्त्वपूर्ण सबै क्षेत्रमा अनुशासन पालन नहुँदा स्थिति विकराल र गम्भीर हुने
— विद्यार्थी जीवनमा अनुशासनको विशेष महत्त्व — विद्यार्थी जीवन मानव-जीवनको उषाकाल — अनुशासनमा नरहने विद्यार्थी उद्दण्डता, अराजकता, विकृति र विसङ्गतिको बाटोतर्फ उन्मुख —
— अनुशासनको पालना आफूभित्रैबाट हुनुपर्ने — दण्ड, भय र त्रासबाट कायम गरिएको अनशासन क्षणिक मात्र — आत्म-अनुशासन नै महत्त्वपूर्ण।

CC-0. In Public Domain. Digitization by eGangotri

(ग) अनुशासनको मार्गमा चालिने प्रत्येक कदमले सफलताका सिँढीतर्फ बढाउने — अनुशासनले व्यक्ति, परिवार, समाज, धर्म, राजनीति, मुलुक र विश्वलाई समेत शिष्ट, सभ्य, सुसंस्कृत र प्रतिष्ठित बनाउने — अनुशासनको पालना हरेकले हरेक क्षेत्रमा गर्नै पर्ने।

## १९. अध्ययनको महत्त्व

**बुँदाहरू:**

(क) 'अध्ययन' शब्दको अर्थ पठन वा पढ्ने काम — कुनै विषयको जानकारीका लागि सो विषयलाई बुझ्नु, पहिचान्नु, गहिरिएर हेर्नु वा पढ्नु नै अध्ययन। 'महत्त्व' भनेको महान् हुनाको भाव वा अवस्था। 'अध्ययनको महत्त्व' भन्नाले कुनै विषयको जानकारीका लागि सो विषयलाई बुझ्नाको, पहिचान्नाको, गहिरिएर हेर्नाको वा पढ्नाको महत्त्व वा मूल्य — मानवजाति जन्मजात रूपमा जिज्ञासु — अन्नबाट उदरक्षुधाको पूर्ति हुने — अध्ययनबाट ज्ञानक्षुधाको तृप्ति हुने — ज्ञानको भोक मेट्ने प्रबल साधन अध्ययन— ज्ञानविना मानिस अपाङ्ग — ज्ञानप्राप्तिका लागि अध्ययन सर्वोपरि —।

(ख) अध्ययनको क्षेत्र असीम — ऊँटले पहाडका नजिक पुगेपछि आफ्नो वास्तविक उचाइ थाहा पाएझैँ कुवाबाट डिलमा निस्केको भ्यागुताले संसारको सत्य बुझेझैँ अध्ययनबाट व्यक्तिले सच्चा ज्ञान आर्जन गर्ने — जन्मदेखि मृत्युपर्यन्त यो अनवरत चलिरहने प्रक्रिया
— अध्ययनका लागि पुस्तकहरू — सस्तो लोकप्रियताका लागि निस्केका बजारिया पुस्तकहरूका भिडबाट असल पुस्तक चिन्न सक्नु पर्ने — 'खराब पुस्तक पढ्नु विषपान गर्नु जस्तै हो' 'पुरानो कोट लगाऊ, र नयाँ पुस्तक किन' —
— संसार नै एउटा खुला किताब र हरेक व्यक्ति एक-एक विद्यार्थी —
— पुस्तक-अध्ययनबाट अल्पज्ञ व्यक्ति ज्ञानको पूर्णतातर्फ उन्मुख — अल्पविद्या भयङ्करी — कच्चा वैद्यको मात्रा यमपुरीको यात्रा —
— अन्धाले हात्ती छामेजस्तो हुने —
— अध्ययन अनन्त छ — अध्ययनबाट आत्मिक सुख र आनन्द प्राप्तिका साथै ज्ञानप्राप्ति — व्यक्ति समाप्त हुने तर अध्ययनको गति निरवच्छिन्न हुने
— अध्ययनका नाममा किताबको किरो हुन नहुने — अति भएपछि स्वास्थ्यमा पनि असर —।

(ग) बजारभर पस्किएका पुस्तकहरूबाट ज्ञानको भोक मेट्न खोज्दा प्रदूषित, कुसंस्कारयुक्त पुस्तकहरू फेला पर्न सक्ने — यसबाट बच्न सही पुस्तकको चयन गरी ज्ञानामृत पान गर्नुपर्ने र अध्ययनबाटै जीवनलाई सफल पार्न सकिने।

●

CC-0. In Public Domain. Digitization by eGangotri

## परिच्छेद नौ

# टिप्पणी-लेखन

## ९.१ परिचय

'टिप्पणी-लेखन' पनि लिखित गद्य-अभिव्यक्तिको एक प्रकार हो। 'टिप्पणी' शब्दले बुझाउने अर्थ धेरै छन्। कुनै विशेष कुरा सम्झन-सम्झाउन टिपिने सानो लेखलाई पनि टिप्पणी भनिन्छ भने सरकारी कार्यालयहरूमा कुनै निवेदन, विषय आदिका बारेमा सकारात्मक वा नकारात्मक प्रतिक्रियाका साथ आफ्नो ठहरसमेत खुलाई आफूभन्दा माथिल्लो दर्जाका हाकिमकहाँ सदर/स्वीकृत गराउनाका निम्ति लेखिपठाइने टिपोटलाई पनि टिप्पणी नै भनिन्छ। हाम्रो अनिवार्य नेपाली विषयको पाठ्यक्रमका सन्दर्भमा चाहिँ टिप्पणी-लेखन भन्नाले कुनै समसामयिक महत्त्वपूर्ण विषयका बारेमा प्रकाश पारी लेखिने खँदिलो लेखाइ भन्ने कुरो बुझ्ने गरिन्छ। त्यसैले हाम्रा सन्दर्भमा टिप्पणी-लेखन भनेको कुनै समसामयिक जल्दोबल्दो समस्या, घटना वा विषयका बारेमा लेखिएको त्यस्तो लेख हो जसमा सम्बन्धित समस्या/घटना/विषयको संक्षिप्त परिचय दिई त्यसका असर/प्रभाव/विशेषता आदिको विवेचना गरिनाका साथै आफ्नो ठोस सुझाउसमेत प्रस्तुत गरिएको हुन्छ। यसबाट के कुरो प्रष्ट हुन्छ भने टिप्पणी कुनै समसामयिक जल्दोबल्दो समस्या, घटना वा विषयमा लेखिन्छ र त्यसमा लेखकको निजी राय/सल्लाह पनि प्रकट गरिएको हुनुपर्छ।

## ९.२ टिप्पणी लेख्ता ध्यान दिनुपर्ने कुरा

(क) टिप्पणी कुनै-न-कुनै विषय वा शीर्षकमा लेखिन्छ; त्यसैले सुरुमा जुन शीर्षकमा टिप्पणी लेख्नुपर्ने हो सो शीर्षकको उल्लेख गर्नुपर्छ।

(ख) टिप्पणी-लेखनका तीन भाग हुन्छन्- आदि भाग, मध्य भाग र अन्त्य भाग। यसको आदि भागमा सम्बन्धित शीर्षक वा विषयको परिचय दिनुपर्छ। टिप्पणी-लेखनको शीर्षक वा विषय प्राय: समस्यामूलक नै हुने भएकाले त्यसलाई एक समस्याका रूपमा आदि भागमा चिनाउनुपर्छ। टिप्पणी-लेखनका मध्य भागमा सम्बन्धित शीर्षक/विषयको खँदिलो व्याख्या-विवेचना गर्नुपर्छ र सो शीर्षक/विषय समस्यामूलक भए त्यसबाट विश्व/राष्ट्र/समाज/परिवार/व्यक्ति आदिमा पर्ने गम्भीर असर/प्रभावको प्रभावकारी प्रस्तुति सो मध्यभागमा गर्नुपर्छ। टिप्पणीका अन्त्यभागमा निचोडमा सबै कुरा झल्काई आफ्नो राय दिनुपर्छ र टिप्पणी-लेखनको विषय समस्यामूलक भए त्यस समस्याको समाधानका उपाय अगि सार्नुपर्छ।

CC-0. In Public Domain. Digitization by eGangotri

(ग) टिप्पणी-लेखन सामान्यत: तीन अनुच्छेदमा पूरा गर्नुपर्छ।

(घ) टिप्पणी अनुच्छेदभन्दा लामो र निबन्धभन्दा छोटो प्रकारको लिखित अभिव्यक्ति हो। त्यसैले कुनै पनि विषयका बारेमा टिप्पणी लेख्ता ज्यादै छोटो वा ज्यादै लामो खालको लेखाइका ढङ्को प्रयोग नगरी मझौला विस्तार भएको लेखाइ र खँदिलो शैलीको प्रयोग गर्नुपर्छ।

## ९.३ टिप्पणी-लेखनको नमुना

### (क) बढ्दो लागू पदार्थको सेवनको प्रवृत्ति र त्यसको रोकथामका उपाय

लागू पदार्थ भनेको मानव-मस्तिष्कका नसाहरूलाई लठ्याउने एक किसिमको वस्तु हो। लागू पदार्थले मानिसका मस्तिष्कका नसालाई बढी लठ्ठ पार्दै मानिसलाई त्यसको सेवनतर्फ झन्-झन् आकर्षित पार्ने र फसाउने काम गर्दछ। लागू पदार्थभित्र गाँजा, भाङ्, धतुरो, हेरोइन, ब्राउन सुगर, चरेस जस्ता व्यापार गर्न र सेवन गर्न निषेधित वस्तुहरू पर्दछन्। एकपल्ट यसको सेवन गरिसकेपछि मानिसले त्यसको दुर्व्यसनबाट मुक्ति पाउन गाह्रो पर्दछ। आजका केही सहरिया युवाहरू यस किसिमका लागूपदार्थको सेवनको दलदलमा फस्तै गइरहेका छन् र सरकारले यसको सेवन र व्यापारमा पूर्ण प्रतिबन्ध लगाए पनि यसको व्यापार र सेवन लुकीछिपी रूपमा झन्-झन् वृद्धि हुँदै गइरहेको छ।

लागूपदार्थको सेवन गर्ने प्रवृत्तिले आजका सहरिया केही युवा समुदायमा भित्रभित्रै व्यापकता पाइरहेको छ। यो एक पारिवारिक, सामाजिक र राष्ट्रिय स्तरकै गम्भीर समस्याका रूपमा खडा भएको छ। यस किसिमको भयावह समस्या देखा पर्नुका पछाडि रहेका कारणहरू हुन्:- (१) कुसङ्गत, (२) अभिभावकहरूको लापर्वाही/माया स्नेहको कमी; (३) जीवनमा प्राप्त असफलता र हीनताबोध; (४) लागू पदार्थको अवैध कारोबार आदि। यिनै कारणहरूले गर्दा आजको त्यो युवावर्ग लागू पदार्थको सेवनजस्तो दुर्व्यसनको चक्रव्यूहभित्र फस्तै गइरहेको छ र ती युवाहरू परिवार, समाज र राष्ट्रका समेत टाउको-दुखाइ बन्न पुगेका छन्। यस जटिल समस्याका समाधानका निम्ति समयमै ठोस कदम नचालिने हो भने भोलि यसबाट पैदा हुने गम्भीर दुष्परिणाम हामीले बेहोर्नुपर्नेछ।

लागू पदार्थ–सेवनको यस कुप्रवृत्तिको रोकथामका लागि समयमै दृढ र उपयुक्त कदम चालिनुपर्दछ। यसका लागि युवावर्गलाई यसतर्फ फस्न नदिन सर्वप्रथम प्रत्येक अभिभावक समयमा नै सचेष्ट रहनुपर्दछ। युवाहरूले गरेको सङ्गतमा ध्यान पुर्‍याई कुसङ्गतमा फस्न नदिने, उनीहरूलाई आवश्यक माया-स्नेह प्रदान गर्ने र उनीहरूमा आशावादी भाव जगाउने कार्य गरिनुपर्दछ। राज्यले पनि लागू पदार्थ–सेवनबाट हुने हानि-नोक्सानीका बारेमा जानकारी प्रदान गर्ने खालका जनचेतनामूलक प्रचारसामग्री तयार पारी सञ्चारमाध्यमहरू (रेडियो नेपाल, दूरदर्शन र पत्र-पत्रिका) मार्फत प्रसारण गर्नुपर्दछ। लागू पदार्थको कुलतमा

CC-0. In Public Domain. Digitization by eGangotri

पसेका र फसेका व्यक्तिहरूको पुनरुद्धार कार्यक्रम पनि अभियानकै रूपमा सञ्चालन गर्नुपर्दछ। उनीहरूलाई घृणा र अपमान होइन; माया र स्नेह दिएर मनोवैज्ञानिक उपायद्वारा सुधारमार्गमा ल्याउने प्रयास सम्बन्धित व्यक्ति र निकायले गर्नुपर्दछ। यसैगरी लागू पदार्थको अवैध कारोबारको धन्दा गर्नेहरूलाई निरुत्साहित पार्न कडा सजायको बन्दोबस्त मिलाउन ऐन-नियमको तर्जुमा गरी त्यसको कार्यान्वयन निर्भीकतापूर्वक गर्नुपर्दछ। यसो गरिएमा बढ्दो लागू पदार्थको सेवनको प्रवृत्तिको रोकथाम हुन सक्नेछ।

## (ख) बढ्दो जनसङ्ख्या-समस्या र त्यसको समाधान

जनसङ्ख्या भनेको देश वा राष्ट्रमा भएका सबै जनताको गणना वा गन्ती हो। देशमा जनताको सङ्ख्यामा तीव्रतर रूपमा वृद्धि हुँदै जानु जनसङ्ख्या-वृद्धि हो। आज नेपालमा जनसङ्ख्या-वृद्धि एउटा राष्ट्रिय एवम् गम्भीर समस्याका रूपमा देखा परेको छ। परिवारका साधन र स्रोतले थाम्न नसक्ने गरी जब कुनै परिवारमा धेरै-धेरै बाल-बच्चाहरू जन्मिन्छन्, तब त्यस परिवारमा धेरै केटाकेटी भएका कारण पारिवारिक समस्या आइपर्छ। त्यसै गरी जब कुनै राष्ट्र जनसङ्ख्या-वृद्धिको भुमरीमा फस्दछ त्यसपछि राष्ट्रको साधन-स्रोतले धान्न नसक्ता सो राष्ट्रले गरिबी, अभाव र  विपन्नताका बाटामा हिँड्नुपर्छ। त्यसैले जनसङ्ख्या-वृद्धि राष्ट्रको एक विकराल समस्या हो।

नेपालमा जनसङ्ख्या-वृद्धि हुनाका निश्चित कारणहरू छन्: (१) अशिक्षित जनता (सन्तान ईश्वरले दिएका हुन् भन्ने धारणा); (२) नेपाल र भारतका बीच खुला सिमाना र भारतीय नागरिकहरूको निर्बाध आगमन र (३) जनसङ्ख्या-वृद्धिबाट पैदा हुने समस्याबारे व्यापक राष्ट्रिय जागरणको अभाव। खास गरी नेपाली ग्रामीण समाजका ती-ती ठाउँमा जनसङ्ख्या-अभिवृद्धिले व्यापकता पाइरहेको छ जहाँका जनता शिक्षाको अवसरबाट वञ्चित छन्। जति सन्तान जन्मे पनि ईश्वरका उपहार हुन् भन्दै हात थाप्ने बानी त्यहाँ परेको छ। त्यस्तै नेपालको तराईक्षेत्रमा आज जुन नागरिकता-समस्या चर्को ढङ्गले उठिरहेको छ त्यसभित्र पसेर हेर्दा भारतीय नागरिकहरूको घुसपैठले पनि नेपालको तराईक्षेत्रमा जनसङ्ख्या-वृद्धिमा केही भूमिका निर्वाह गरेको छ भन्न सकिन्छ। रोजगारीका आकर्षक अवसरहरू सहरमामात्र भेटिने हुनाले सहरी क्षेत्रमा जनसङ्ख्या–वृद्धि भइरहेको छ र यसबाट सहरीकरण पनि अव्यवस्थित बन्न पुगेको छ। यी सबै क्षेत्रमा भइरहेको जनसङ्ख्या-वृद्धिले राष्ट्रिय रूपमा सङ्कट खडा गरिदिएको छ। हाम्रो राष्ट्रिय आय अत्यन्त न्यून छ भने राष्ट्रको खर्च निकै बढी छ। फलस्वरूप मुलुकको अर्थतन्त्र, शिक्षा, स्वास्थ्य आदि सबै क्षेत्र पराश्रित बन्न पुगेका छन् भने जनसङ्ख्यावृद्धिले यहाँ दिनपरदिन झन् विकराल समस्या बढाउँदै छ।

CC-0. In Public Domain. Digitization by eGangotri

जनसङ्ख्या-वृद्धिको चापलाई कम गर्न सर्वप्रथम जनतालाई सुशिक्षित पार्नु आजको प्रमुख दायित्व हो। यसका लागि धेरै सन्तान जन्माउने ग्रामीण क्षेत्रका जनतामा चेतना जगाउने खालका प्रभावकारी श्रव्य-दृश्य कार्यक्रमहरू सञ्चालन गरिनुपर्दछ। त्यसै गरी नेपाल र भारतका बीचको खुला सिमानाबाट पर्न आएका असरलाई रोक्न आवश्यक सोचाइ बनाउनुपर्दछ। सहरी क्षेत्रमा भइरहेको अव्यवस्थित बसोबासलाई व्यवस्थित पार्न 'सहरी क्षेत्र विकास गुरुयोजना' र सरकारी स्तरमा नै आवास-योजना सञ्चालन गरी सहरीकरणको व्यवस्थित विस्तार गरिनुपर्दछ। हरेक सुविधा सहरमा पाइने र मोफसलमा त्यस्ता साधन र सुविधा अप्राप्य हुनाका कारणले पनि ग्रामीण जनता सहरतर्फ ओइरिएका हुन्; यसलाई मनन गरी ग्रामीण क्षेत्रलाई सुविधासम्पन्न पार्नेतर्फ कदम चाल्नुपर्दछ। यसरी राज्यले नै जनसङ्ख्या-वृद्धि रोकथामका लागि आवश्यक पहल गर्नुपर्छ र त्यसबाट नै यसको समाधान हुन सक्ने देखिन्छ।

## अभ्यास

१. तलका शीर्षकहरूमा एक सय पचास शब्दसम्मको टिप्पणी लेख्नुहोस्::
   (क) बढ्दो बेरोजगारी: एक राष्ट्रिय चुनौती
   (ख) अव्यवस्थित सहरीकरण: समस्या र समाधान
   (ग) बढ्दो महँगी र गरिब जनता
   (घ) वातावरण-प्रदूषण
   (ङ) परिवार नियोजन कार्यक्रम: चुनौती र आवश्यकता
   (च) घरेलु उद्योगको स्थापना र विकास
   (छ) धूमपानले लिन्छ ज्यान
   (ज) कृषिप्रधान देश नेपालका समस्या
   (झ) विद्यार्थीवर्ग र अनुशासन
   (ञ) बढ्दो विदेशी संस्कृतिको प्रभाव

●

CC-0. In Public Domain. Digitization by eGangotri

# परिच्छेद दश
# प्रतिवेदन-लेखन

## १०.१ परिचय

लिखित गद्य-अभिव्यक्तिकै एक प्रकार प्रतिवेदन-लेखन हो। 'प्रतिवेदन' शब्दका विभिन्न अर्थ छन् र तीमध्ये दुई प्रमुख अर्थ यी हुन्- (१) कुनै घटना, कार्य, योजना आदिका सम्बन्धमा छानबिन, पुछताछ आदि गरिसकेपछि सबै तथ्य समावेश गरी आवश्यक सिफारिससहित सम्बन्धित अधिकारी वा सभासमक्ष प्रस्तुत गर्न तयार पारिएको लिखित विवरण; (२) कुनै घटना, समारोह वा कामको सिलसिलेबार वर्णन गरी कसैलाई दिइने लिखित विवरण। हाम्रो विषयका सन्दर्भमा 'प्रतिवेदन' भन्नाले कुनै घटना, कार्यक्रम/समारोह वा कामको सिलसिलेबार वर्णन गरी तयार पारिएको लिखित विवरण हो भन्ने बुझ्नुपर्दछ।

## १०.२ 'प्रतिवेदन' लेख्ने तरिका

(क) प्रतिवेदन-लेखनको कुनै-न-कुनै विषय/शीर्षक हुन्छ; त्यसैले प्रतिवेदन-लेखनका सुरुमा जुन विषयमा प्रतिवेदन लेख्नुपर्ने हो सोको शीर्षक लेख्नुपर्छ; जस्तै:-

**पुरस्कार वितरण समारोहको प्रतिवेदन**

(ख) प्रतिवेदन-लेखनका तीन भाग हुन्छन्- आदि भाग, मध्य भाग र अन्त्य भाग। यसका आदि भागमा सम्बन्धित विषयको उठान गर्नुपर्दछ भने यसका मध्य भागमा सम्बन्धित विषयका मुख्य-मुख्य कुराको सिलसिलेबार वर्णन गर्नुपर्दछ। यसका अन्त्य भागमा सम्बन्धित विषयको टुङ्ग्याउनी दिनुपर्दछ।

(ग) प्रतिवेदन-लेखन पूरा भइसकेपछि अन्त्यमा दायाँतर्फ 'प्रतिवेदक' लेखी त्यसका मुन्तिर आफ्नो हस्ताक्षर गरी नाम पनि लेख्नुपर्छ।

(घ) प्रतिवेदनका अन्त्यमा प्रतिवेदनका हस्ताक्षर र नामका बायाँतिर प्रतिवेदन लेखिएका दिनको मिति लेख्नुपर्छ।

## १०.३ प्रतिवेदन-लेखनको नमुना

**विद्यालयको वार्षिकोत्सव समारोहको प्रतिवेदन**

मिति २०५३/२/२९ गते गुल्मी आँपचौरस्थित श्री दुर्गाभवन माध्यमिक विद्यालयको तेत्तीसौँ वार्षिकोत्सव कार्यक्रम सम्पन्न भयो। क्षेत्रीय शिक्षा निर्देशक

CC-0. In Public Domain. Digitization by eGangotri

प्रमुख अतिथि रहनुभएको सो कार्यक्रमको सभापतित्त्व वरिष्ठ समाजसेवी प्रेमप्रसाद खरेलले गर्नुभएको थियो।

बिहान १०.३० बजे प्रारम्भ भएको सो कार्यक्रमको प्रारम्भमा विद्यालयकी शिक्षिका श्रीमती पार्वती अर्यालले स्वागतभाषण गर्नुभयो। त्यसपछि विद्यालयका प्रधानाध्यापकले विद्यालयको वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै भौतिक, शैक्षिक, एवम् प्रशासनिक गतिविधिको जानकारी दिनुभयो।

त्यसपछि प्रमुख अतिथिज्यूका करकमलबाट विद्यालयको वार्षिकोत्सव कार्यक्रममा भएको खेलकुद प्रतियोगिताका विजयी खेलाडीहरू र एस्.एल्.सी. परीक्षामा उत्कृष्ट स्थान ल्याउने विद्यार्थीहरूलाई पुरस्कार र प्रमाणपत्र वितरण भयो। यसपछि प्रमुख अतिथिज्यूले आफ्नो मन्तव्य प्रकट गर्दै भन्नुभयो- "यस विद्यालयले आफ्नो पैंतीस वर्षको अवधिमा थुप्रै वसन्त र शिशिरहरू पार गरेको छ। शिक्षाप्रेमीहरूको सद्भावरूपी मलजल प्राप्त गरी यो विद्यालय शैक्षिक उत्कृष्टता हासिल गर्ने लक्ष्यतर्फ उन्मुख छ भन्ने मलाई लागेको छ। म यस कुराबाट प्रसन्न छु।"

त्यसपछि आकर्षक सांस्कृतिक कार्यक्रम-प्रदर्शन गरियो। सोही अवसरमा एकाङ्की नाटक 'छोटो परिवार' पनि मञ्चन भयो। छोरीलाई अंश दिने या नदिने भन्ने विषयसँग सम्बन्धित रोचक प्रसङ्गमा एक प्रहसन पनि प्रस्तुत गरियो। कार्यक्रमका अन्त्यमा विद्यालयका वरिष्ठ शिक्षक श्री दुर्गा खरेलले धन्यवादज्ञापन गर्नुभयो। अन्त्यमा आफ्नो मन्तव्यसहित सभापतिबाट सभाविसर्जन गरियो।

सभाको सञ्चालन श्री जीवन खरेलले गर्नुभएको थियो।

मिति: २०५३/२/२९

प्रतिवेदक
विष्णु खरेल

## अभ्यास

१. तलका शीर्षकहरूमा एकसय पचास शब्दसम्मको प्रतिवेदन लेख्नुहोस्:
   (क) वनभोज कार्यक्रमको प्रतिवेदन
   (ख) शैक्षिक भ्रमणको प्रतिवेदन
   (ग) खेलकुद कार्यक्रमको प्रतिवेदन
   (घ) अभिभावक दिवसको प्रतिवेदन
   (ङ) साहित्यिक कार्यक्रमको प्रतिवेदन

CC-0. In Public Domain. Digitization by eGangotri

## खण्ड ग

# उखान-टुक्काको प्रयोग

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

## परिच्छेद एक

# केही उखान: कथात्मक प्रयोग

छन् गेडा सबै मेरा छैनन् गेडा सबै टेढा भनेझैँ पैसा दिन छाडेपछि महावीर बाजेकहाँ आफन्तहरू पनि आउन छाडेछन्। कृषिविज्ञान विषय नपढे पनि खेतीपातीका मामलामा कृषि अधिकृतलाई समेत सुझाव दिने उनी कि पढेर जानिन्छ कि परेर जानिन्छ भन्ने कुराका साक्षात् उदाहरण थिए। दीन-दु:खीलाई हेप्नेहरू देखे भने कसैले पनि 'जो होचो उसका मुखमा घोंचो' गर्नुहुँदैन भन्दै उपदेश दिने उनी आँखामा राखे पनि नबिझाउने अर्थात् सबैका असाध्यै प्यारा थिए। जीवनमा उनले धेरै शत्रु बनाएनन्; उनी सबैको भलो चाहन्थे र अरू पनि बूढाको भलो नै चाहन्थे- आफू भलो त जगतै भलो भन्ने कुरा त्यहाँ सार्थक हुन्थ्यो।

एकपटक उनी बर्मातिर घुम्न गएका बेला फर्केर आउँदा अलिकति सुन पनि किनेर ल्याएछन्- पशुपतिको जात्रा सिद्राको व्यापार भनेझैँ। बिचरा बूढा भन्सारमा समातिएछन्। अनि त त्यो सुन बूढालाई नखाऊँ त दिनभरिको शिकार खाऊँ त कान्छा बाबुको अनुहार भनेझैँ भएछ। नसमातिनुपर्ने सुन समातियो; अब सुन पनि निकाल्ने जरिमाना पनि नतिर्ने साँप पनि मर्ने र लट्ठी पनि नभाँचिने उपायको खोजीमा उनी लाग्न थाले। यस्तो काममा ढिला गर्नुहुँदैन नत्र रात रहे अग्राख पलाउँछ भन्ने विचार उनी गर्दै थिए। प्रहरीले त्यो सबै सुन जफत गरी बूढालाई धरौटीमा छाडिदिएछ। अलिकति फाइदा होला कि भनेर ल्याएको सुन सबै जफत हुँदा बूढालाई रातभरि करायो दक्षिणा हरायो भनेझैँ भएछ।

त्यसपछि बूढाको आर्थिक स्थिति ओरालो लागेको छ। नातिनातिनीहरू पहिले-पहिलेजस्तै ठानेर बूढासँग पैसा माग्न थाल्छन्। बूढा झर्कंदै भन्छन्- आफै त महादेव उत्तानो पर कसले देला वर। पहिले-पहिले पैसा हुन्थ्यो भनेर हुन्छ र? परिस्थिति के-के भइसक्यो; यी भदौमा आँखा फुटेका गोरुहरू सधैँ हरियो देख्छन्। सुनकाण्डमा परेका बेला बूढाले एक-दुई झापड पनि खाएछन् कि क्या हो? आजभोलि कसैले ए बूढा यता सुन त भन्यो भने पनि झस्कँदा रहेछन्। अगुल्टाले हानेको कुकुर बिजुली चम्कँदा तर्सन्छ भनेको त्यहाँ चरितार्थ हुन्छ। घरले जाजा र बनले आइज आइज भन्ने बेला भएका सत्तरी वर्षे बूढाले पहिले खर्दारको जागिर खाएका थिए। बूढा साह्रै इमानदार र सज्जन थिए। कार्यालयमा अरूका कुर्सीहरू कि त खाली हुन्थे कि त कुर्सीमा नै कारिन्दाहरू स्वप्नलोकको यात्रा गरिरहेका हुन्थे अर्थात् निदाइरहेका हुन्थे तर बूढालाई राजाको काम कहिले जाला घाम भन्ने प्रवृत्तिसँग रिस उठ्थ्यो। नयाँ कार्यालय प्रमुख आउनासाथ त्यहाँ चाकरी गर्ने र पाउ मल्नेहरूको धुइरो लाग्थ्यो। बिचरा बूढा भने यहाँ जुनसुकै हाकिम आए पनि केही हुने होइन- जति जोगी आए पनि कानै चिरेका भनेर वास्तै गर्दैनथे।

CC-0. In Public Domain. Digitization by eGangotri

बूढाले ७ साल, १७ साल, ३६ साल र ४६ सालका परिवर्तनहरू आफ्नै आँखाले देखे र भोगे। उनलाई यी सबै परिवर्तनहरूमा केही-न-केही हुन्छ भन्ने लागेको थियो; तर हात्ती आयो हात्ती आयो फुस्सा भनेभैँ केही पनि भएन। जनताको सेवा गर्ने नारा दिएर कुर्सीमा पुग्ने नेताहरूलाई सालीपट्टिका सात पुस्ता र फुपूपट्टिका दश पुस्तासम्मलाई सम्पत्ति जोर्न मात्रै हतार छ। यी नेतालाई ठूलो पद बाँदरको हातमा नरिवल भएको छ। नेताका साला र आसेपासेले समेत आफ्ना नेताको धाक दिएर मन्त्रालयमा मनपरी गरेको देख्ता उनी बाघको छालामा स्यालको रजाइँ भन्ने उखान जतातते चरितार्थ भएको छ भन्ने ठहरमा पुगेका छन्।

बूढाका तीन जना नाति-नातिनीहरू थिए। जेठी नातिनीको बिहे गर्न सुयोग्य वरको धुइँपत्ताल लगाएर खोजी गर्दा उनी लागू पदार्थको दुर्व्यसनीका फेला परेछन्। त्यो नातिनीज्वाइँ एकदिन लागू पदार्थ-सेवन गरेर ससुरा बूढालाई नै झम्टन पुगेछ। आखिर उनी बूढा भए पनि बलियै रहेछन्- बाघ बूढो र स्याल तन्नेरी भनेको साँच्चै रहेछ। बूढाले राम्रैसँग मर्मत गरी छाडिदिएछन्। दुर्व्यसनी ज्वाइँका साथी पनि कस्ता थिए र? भेडा भेडासित बाखा बाखासित भनेभैँ सबै कुलतमा फ़सेका जगल्टे र मुन्द्रेहरू न थिए। बूढालाई जेठा नातितिरबाट पनि सन्तोष थिएन। ऊ टेस्टमा नै अनुत्तीर्ण भएर हिँडेको छ; तर सानो कुरा गर्दैन। एकपल्ट ऊ सपनामा मन्त्री भएछ। अनि त अब म आजभोलि नै मन्त्री हुन्छु भन्दै हिँड्दो रहेछ- सपनामा खोले खाएको भनेको यही होला भनेर बूढा भन्छन्। म अमेरिकाको राजदूतभन्दा तल्लो पद खान्न भन्दै हिँड्ने उसलाई बूढाले एकदिन हप्काए- "चुप् लाग् नमच्चिने पिङ्को सय झट्का।" बूढालाई कति दुःख छ कसैले हेर्ने होइन। एकोहोरो बूढासँग पैसा मात्र मागिरहन्छन्। पैसा कमाउन कति गाह्रो हुन्छ अरूलाई के थाहा? अचानाको पिर खुकुरीले थाहा पाउने भए पो।

उनको अर्को नाति पनि त्यस्तै छ। पढ्न पटक्कै मन गर्दैन। बूढा भन्छन्- "हेर बाबु! अहिले दुःख गरेर पढिस भने पछि सुख पाइन्छ- अघिको तीतो पछिको मीठो भन्ने थाहा छैन।" तर ऊ त जाँच आयो कि विद्यालय नै जान छाड्दो रहेछ अनुत्तीर्ण हुन्छु भनेर जाँचमा नै बस्दिनँ भन्दो रहेछ। 'मर्नुभन्दा अगि खुट्टा तान्नु हुँदैन जा जाँचमा त बस्' भनी बूढाले उसलाई जाँच दिन पठाएछन्। ऊ पछि अनुत्तीर्ण भएछ अनि त रुँदै-रुँदै मरेको बिरालो काखी च्यापेर ठिमीको उकालो लागेजस्तै गरी लुरुलुरु घर फर्केछ। त्यो नाति कक्षामा बसेर पढ्नभन्दा बढी चकचक गर्दो रहेछ। एकदिन प्रिन्सिपलले कुट्नुभएछ; त्यसपछि रुँदै-रुँदै घर आएर अब म विद्यालय जान्नँ, मलाई प्रिन्सिपलले कुट्नुभयो भनी ऊ अड्डी कस्न थालेछ। बूढाले भनेछन्- "हेर् बाबुले गाली गरेको र हिलोमा लडेको के लाज? तेरो भलाइका लागि नै त कुट्नुभयो होला।" उसले भनेछ- "म कक्षामा बसेर खुसुक्क रेडियो सुनिरहेको थिएँ; रामले खोस्यो। मैले गएर रेडियो रामले खोस्यो भनेर उजुर गरेँ। उल्टै कक्षामा रेडियो ल्याउने तँ होइनस् भन्दै पटापट पिट्नुभयो। रामेलाई फसाउन खोजेको थिएँ म नै फसेँ- अर्कालाई खनेका खाल्डामा आफै

CC-0. In Public Domain. Digitization by eGangotri

परिन्छ भनेको साँच्चै रहेछ।" बूढाले भने- "पढ्ने बेलामा कक्षामा पढ्न छाडेर रेडियो सुन्ने यो त काम-कुरो एकातिर कुम्लो बोकी ठिमीतिर जस्तो भएन र?"

बूढा आफ्ना अतीतका प्रसङ्गहरू कोट्याउँछन्। उहिले-उहिले काठमाडौँमा सीमित विद्यालयहरू थिए, तिनमा पनि विद्यार्थी-सङ्ख्या थोरै हुन्थ्यो; तर आजभोलि टोलैपिच्छे आवासीय विद्यालय खुलेका छन्। जति भाँडो उति चुबुर्को भनेझैँ ती सबै विद्यालय विद्यार्थीहरूले भरिभराउ छन्। बूढा पढ्नमा तेज थिए; सधैँ प्रथम हुन्थे; तर कक्षाको कमजोर केटाले उनलाई एकपल्ट जित्छु भनेर घमन्ड गरेछ। बूढाले मनमनै भनेछन्- "जुन गोरुको सिङ छैन त्यसको नाउँ तिखे। म दुईचार दिन बिरामी भएर विद्यालय आइन भन्ने कुरालाई आधार बनाएर उसले मलाई जित्छु भनेको होला- चम्केको घोडाले लम्केको हात्तीलाई भेट्न सक्ने भए पो।" तर त्यस केटाले जित्छु-जित्छु भनेर ज्यादै जिद्दी गरेपछि उसका साथीहरूले भनेछन्- "हेर् बाबु! धेरै मेरो गोरुको बाह्रै टक्का गर्नुहुँदैन। पछिको कुरामा अहिले किन जिद्दी गर्नु?" त्यस केटाले जाँचको अघिल्लो दिन रात-रातभर पढेछ। भोलिपल्ट परीक्षामा प्रश्नपत्र समात्दा उसलाई निद्रा लागेर एउटा उत्तर पनि सम्झना भएनछ। उसलाई त रातभरि रुङ्यो बूढी ता जिउँदै भनेझैँ भएछ। ऊ खुब पढ्थ्यो तर कत्ति पनि सम्झन सक्तैनथ्यो।

बूढाकी श्रीमती एकपल्ट बिरामी भइन्। औषधोपचार गर्न डाक्टर बोलाउन सहर गएको उनको छोरो घरमा आउँदा बूढी बितिसकेकी थिइन्- त्यसपछि त्यो डाक्टरको आगमन लगनपछिको पोतेजस्तै भएछ। अलि-अलि बिरामी हुनासाथ अस्पताल पुऱ्याउनुपर्नेमा पहिले वास्ता गरेनन्। आग लागी झोपडी डेढ घडी भद्रा भनेझैँ अस्पताल लाने साइत हेर्न थाले; बिचरी बूढी के बाँचून्। त्यसपछि बूढालाई आफ्नो पनि आयु अब धेरै छैन जस्तो लागेछ। कसैले बा! तपाईं अझै बीस वर्ष बाँच्नुहुन्छ नि भन्दा उनी तिम्रो मुखमा गाईको दुधभात जाओस् भन्ने गर्छन्।

बूढा समाजसेवी पनि थिए। एकपल्ट उनले एक्लै बाटो बनाउँछु भनी कम्मर कसे। यो देखेर गाउँका अध्यक्षले भने- "हेर्नुहोस् बुबा! तपाईं एक्लै जति कस्सिए पनि केही हुँदैन। म जनश्रमदान जुटाइदिन्छु; एकले थुकी सुकी सयले थुकी नदी भनेझैँ तपाईंको श्रम त्यसै खेर जानेछैन।" त्यसपछि बाटो बन्यो र त्यसबापत बूढाले तक्मा पाए। जसले मह काढ्छ उसले हात चाट्छ भनेझैँ बूढाले गरेका सेवा र श्रमअनुसार तक्मा पाए भन्नु त परै जाओस्, अध्यक्षले विरोध गर्न थालेछन्। उनको भनाइ रहेछ- "बाटो बनाउन श्रमदान जुटाउने म, तर तक्मा पाउने त्यो बूढो; यो त गर्ने भन्ने हनुमान जस पाउने ढेडुँ जस्तै भयो।" अध्यक्ष जुन दलको सरकार आयो त्यही दलको झन्डा बोकेर हिँड्ने अवसरवादी थिए। त्यसैले सबै उनलाई ताक परे तिवारी नत्र गोतामे भनेर जिस्क्याउँथे। हुन पनि उनी आफ्ना पार्टीको जुलुसमा मान्छेलाई जबर्जस्ती लान खोज्थे। तर बूढा भन्थे- "हेर जुलुस-सुलुसमा जाने कामै छैन; अनिकालमा बिउ जोगाउनु हुलमुलमा जिउ जोगाउनु भन्ने कुरालाई ख्याल गर्नुपर्छ।" ती अध्यक्षलाई के थाहा, गाउँका

CC-0. In Public Domain. Digitization by eGangotri

जनताको समस्या के छ? उनीचाहिँ आफूले धेरै भिड जम्मा पारेको देखाउन सोझा-सीधा जनतालाई चाडबाडका दिनमा पनि आफ्नापछि लगाएर हिँडाउँछन्- कानो गोरुलाई औँसी न पुर्ने भनेको यही हो। अचेल अध्यक्षलाई कतै जान लागेको देखेभने बूढा बोल्दैनन्- नजाने गाउँको बाटो किन सोध्नु? भनेर।

जतिसुकै दु:ख परे पनि बूढा आफ्नो दु:ख अरूलाई भन्दैनथे। उनको अनुहारले सबै दु:ख पचाइसकेको हुन्थ्यो- बाघको मुख खाए पनि रातै नखाए पनि रातै भनेजस्तै। बूढाका कुटुम्बहरू धनीमानी छन्; तर बूढा कसैका घरमा गएर दु:ख देखाउन चाहन्नन्। उनी भन्छन्– "अर्कासँग भएको धनले के गर्नु; ह्लासामा सुन छ कान मेरो बुच्चै।" बूढा त खान पनि कम्ती खान्नन्; जति खाए पनि उनलाई पच्छ; एकमाना चामलको भात त मलाई हात्तीको मुखमा जीरा जस्तै हुन्छ भनी उनी सबैलाई हँसाउँछन्। बूढा एकपल्ट जुवाका खालमा बसेका थिए; बूढाको पैसा अरूले अलि-अलि गर्दै खाई सिध्याइदिए। तर पछि त बूढालाई तासले पनि साथ दियो- सुनारको सय चोट लोहारको एक चोट भनेझैँ दिनभर हारेको पैसा दुई हातमा असुल गरे। एकजना व्यक्ति जुवामा हारेर रुन थाल्यो। अरूले त उसलाई गाली गर्न थाले; बूढाले भने- "बिचरा! आफै जुवामा हारेर पर्नु पिर परेको छ; त्यसमाथि अझै कति ठोस्छौ? 'मरेको बाघको जुडा उखेल्नु त राम्रो होइन नि।" त्यसपछि एकजना दर्शकले भन्यो- "तास खेल्न लागेको कति वर्ष भयो; अझै हुकुम र ईट भनेको थाहा छैन- बाह्र वर्ष रामायण पढेर सीता कसकी जोई भन्ने व्यक्तिले तासमा बासै नबसे हुन्थ्यो नि!"

१. माथिको कथामा प्रयोग भएका सबै उखानलाई आफ्नो कापीमा सार्नुहोस्।
२. आफ्नो कापीमा सारिएका उखानहरूमध्ये प्रत्येक दिन पाँच-पाँच उखानहरूलाई अर्थ स्पष्ट हुने गरी आफ्नै वाक्यमा प्रयोग गर्नुहोस्।

CC-0. In Public Domain. Digitization by eGangotri

# परिच्छेद दुई

# टुक्का: प्रयोग र अभ्यास

भङ्ग हुनु : हिजो आधारातमा आँधी-हुरी आउँदा मेरो निद्रा भङ्ग भयो।

आङ जिरिङ्ग हुनु : डाक्टरले बिरामीलाई सुई लगाएको देख्ता मेरो आङ जिरिङ्ग भयो।

आँखी हुनु : पढाएको बेला ध्यान नदिने विद्यार्थी शिक्षकको आँखी हुन्छ।

हुरुक्क हुनु : चलचित्र हेर्न भनेपछि विक्रम हुरुक्क हुन्छ।

लखतरान हुनु : पवन फुटबल खेल्दा-खेल्दा लखतरान भएछन्।

मन अमिलो हुनु : खेलमा जित्नुपर्ने हाम्रो स्कूलले नजित्ता सबैको मन अमिलो भयो।

तरङ्ग हुनु : तँ अनुत्तीर्ण भइस् भन्ने वचन सुन्दा म तरङ्ग भएँ।

फुलेल हुनु : आज छुट्टी हुन्छ भनेर सुस्मिता खुसीले फुलेल भएकी छ।

विचलित हुनु : अनुत्तीर्ण हुन्छु कि भनेर सुशान्त विचलित हुन खोज्दै छ।

असाध्यै हुनु : बिरामीलाई असाध्यै भएपछि अस्पताल पुऱ्याइयो।

उन्मूलन हुनु : आजभोलि औलो रोगको उन्मूलन भएको छ।

सवारी हुनु : आज पशुपतिमा राजाको सवारी हुन्छ रे!

इतिश्री हुनु : हाम्रो जाँच अब इतिश्री होला।

अलप हुनु : पहिले-पहिले भगवान् वरदान दिएर अलप हुन्थे।

चन्द्रमा दाहिने हुनु : राम प्रथम पनि भयो; उसैलाई भाग्यशाली चिठ्ठा पनि पऱ्यो; चन्द्रमा दाहिने भए पछि कसको के लाग्छ!

आँखाको कसिङ्गर हुनु : प्रवीण बढी बोल्ने हुँदा ऊ सबैको आँखाको कसिङ्गर भएको छ।

धोती-न-टोपी हुनु : अरब जान खोजेको रामे दलालका फन्दामा परेर धोती-न-टोपी भएको छ।

रिसले आगो हुनु : छोरो अनुत्तीर्ण भयो भनेर सुनील रिसले आगो भएको छ।

अपहत्ते गर्नु : रामले वनभोज नगई छाड्दिन भनेर अपहत्ते गऱ्यो।

घमन्ड चुर गर्नु : सुशान्तलाई एक मुक्का हानेर निशान्तले उसको घमन्ड चुर गऱ्यो।

फन्याकफुरुक गर्नु : पुरस्कार पाएँ भनेर अनु फन्याकफुरुक गर्दै छिन्।

CC-0. In Public Domain. Digitization by eGangotri

सम्पादन गर्नु : पत्रिकाको सम्पादन गर्नु लर्तरो काम होइन।
फिराद गर्नु : म अन्यायमा परेँ भनी शिल्पाले अदालतमा फिराद गरी।
दृष्टिपात गर्नु : सुनीलले जुलुसतर्फ दृष्टिपात गर्‍यो।
शपथ गर्नु : मोतीले मन्त्रीपदको शपथ ग्रहण गरे।
टिप्पणी गर्नु : दीपेश बढी बोल्यो भनेर सबैले टिप्पणी गरे।
बोल्दा पनि पैसा पर्लाजस्तो गर्नु : मैले नजानेको कुरो सोद्धा प्रमिला बोल्दा पनि पैसा पर्लाजस्तो गरेर गमक्क पर्छिन्।
उच्चारण गर्नु : संयुक्त वर्ण उच्चारण गर्न गाह्रो हुन्छ।
श्रीगणेश गर्नु : विवेकले आजैदेखि पढ्न श्रीगणेश गर्‍यो।
अङ्कमाल गर्नु : धेरै दिनपछि भेट भएकाले उनीहरू अङ्कमाल गरिरहेका छन्।
दाखिल गर्नु : प्रहरीले अपराधीलाई प्रहरी उपनिरीक्षक समक्ष दाखिल गर्‍यो।
सम्बोधन गर्नु : आज प्रधानमन्त्रीले आमसभालाई सम्बोधन गर्नु हुनेछ।
पेस गर्नु : विद्यार्थीले आफ्नो समस्या प्रधानाध्यापकसमक्ष पेस गरे।
उल्लङ्घन गर्नु : नियम उल्लङ्घन गरेमा जसले पनि दण्ड पाउँछ।
शिरोधार्य हुनु : सबैको निम्ति माता-पिताको आज्ञा शिरोधार्य हुन्छ।
कहाली लाग्नु : बस दुर्घटनामा परेर अस्पताल ल्याएका बिरामी देख्ता मलाई कहाली लाग्यो।
मन लाग्नु : जाँच आएर हो कि गौरवलाई आजदेखि पढ्न मन लागेको छ।
आँखा लाग्नु : मैले हिजो रातभरि पढेको त कक्षामा बस्दा आँखा लाग्न थाल्यो।
सकसक लाग्नु : परीक्षाफल हेर्न सकसक लागेर रूपेश विद्यालय गयो।
भँगालो लाग्नु : विद्यालयबाट छुट्टिएपछि उनीहरूको जीवन आ-आफ्नो भँगालो लाग्यो।
माया लाग्नु : सबैलाई साना-साना बालकहरूको माया लाग्छ।
बात लाग्नु : हर्केलाई चोरीको बात लाग्यो।
ओरालो लाग्नु : आजभोलि हरि साहूको आर्थिक अवस्था ओरालो लागेको छ।
घैँटामा घाम लाग्नु : तपाईंले नपढाइकन त मेरो घैँटामा घाम लाग्दैन।
तातो लाग्नु : उसलाई जाँच आएपछि पढ्न तातो लाग्यो।
टाप लगाउनु : प्रहरी देखेपछि चोरले टाप लगायो।
लुत्रे कान लगाउनु : गृहकार्य नगरेर होला कञ्चन लुत्रे कान लाएर बसेको छ।

CC-0. In Public Domain. Digitization by eGangotri

डेढ अक्कल लगाउनु : शिक्षकले पढाइरहेका बेला बीच-बीचमा नजानी-नजानी सच्याउन खोज्नु डेढ अक्कल लगाउनु हो।

बोलीवचन लगाउनु : कसैको पनि मन दुख्ने गरी बोलीवचन लाउनुहुँदैन।

टेरपुच्छर नलाउनु : हरिले बाबुले भनेको टेरपुच्छरै लाउँदैन।

कान काट्नु : राम प्रथम भएन भने म कानै काटिदिन्छु भनी श्यामले भन्यो।

नाक काट्नु : रमेशले अनुत्तीर्ण भएर आफ्ना विद्वान् बाबुको नाकै काटिदियो।

डाँडो काट्नु : च्यान्टेले च्यान्टीलाई लिएर डाँडो काट्यो।

नेटो काट्नु : भुन्टेले भुन्टीलाई लिएर नेटो काट्यो।

लख काट्नु : भुन्टीलाई भुन्टेले लग्यो होला भनेर सबैले लख काटे।

मक्ख पर्नु : प्रथम श्रेणीमा उत्तीर्ण भएँ भनेर हरि मक्ख परेको छ।

बिलखबन्दमा पर्नु : रमेश अनुत्तीर्ण भएर बिलखबन्दमा परेको छ।

तीन छक पर्नु : अनुत्तीर्ण हुन्छु भन्ने ठानेको रूपेश प्रथम हुँदा आफै तीन छक परेको छ।

बित्याँस पर्नु : मैले छाता ल्याएको छैन; पानी पऱ्यो भने त बित्याँस पर्छ।

ट्वाल्ल पर्नु : आफ्नो पाठ पढ्न छाडेर के ट्वाल्ल परेर बसेको?

भ्यापभ्रुप पार्नु : प्रहरीले चोरलाई भ्यापभ्रुप पारेर समात्यो।

भ्याइँकुटी पार्नु : हामीले दुर्घटनामा परेको मान्छेलाई भ्याइँकुटी पार्दै अस्पताल पुऱ्याएका थियौँ।

खग्रास पार्नु : वेदनाले खग्रास पारेपछि देवकोटा झन्डै बौलाएका थिए।

मेख मार्नु : घमन्डी दीप्तिलाई जितेर दीपाले उसको मेखै मारिदिई।

बात मार्नु : गणेशले धेरै बात मार्दा केशव दङ्ग परे।

माया मार्नु : सीताले माया मारी भन्ने गुनासो रामले गऱ्यो।

झाँको झार्नु : कक्षामा हल्ला गर्दा गुरुले सबैको झाँको झार्नुभयो।

पिँडुलाको मासु झार्नु : गृहकार्य नगर्ने विद्यार्थीको पिँडुलाको मासु झार्छु भनी गुरुले भन्नुभयो।

धरै नपाउनु : साथीको करकापले गर्दा म वनभोज नगई धरै नपाउने भएँ।

सुइँको पाउनु : मेरो किताब कसले लगेको छ भन्ने मैले सुइँको पाइसकेको छु।

भित्रभित्रै पोल्नु : सन्तोषले धेरै अङ्क ल्याउँदा पवनलाई भित्रभित्रै पोल्यो।

रोटी पोल्नु : दसैँ र तिहारजस्ता पर्वमा रोटी पोल्ने चलन छ।

CC-0. In Public Domain. Digitization by eGangotri

| | | |
|---|---|---|
| डाडुमा पानी तताएर मर्नु | : | त्यो झोला पनि बोक्न गाह्रो मान्छौ भने तिमीले डाडुमा पानी तताएर मरे हुन्छ। |
| जिउँदै मर्नु | : | भाइ उत्तीर्ण भएर आफू अनुत्तीर्ण हुँदा दाइलाई जिउँदै मरेसरह भयो। |
| हृदय खोल्नु | : | गणेश पाहुनाको हृदय खोलेर सत्कार गर्छ। |
| आँखा खोल्नु | : | त्यस दुर्व्यसनीलाई अमितले सम्झाएर बेलैमा आँखा खोलिदियो। |
| दोहोरी खेल्नु | : | गीतै-गीतमा सवालजबाफ गर्नुलाई दोहोरी खेल्नु भनिन्छ। |
| अन्योलमा पिङ् खेल्नु | : | जाँच दिऊँ कि नदिऊँ भनी हरि अन्योलमा पिङ खेलिरहेको छ। |
| सुसेली हाल्नु | : | उसले सुसेली हालेर सीतालाई बोलायो। |
| कानमा तेल हाल्नु | : | हरि पढ्न छाडी कानमा तेल हालेर बसेको छ। |
| जङ् चल्नु | : | गौरवले जिस्क्याउँदा सञ्जयलाई जङ् चल्यो। |
| झ्वाँक चल्नु | : | नरेश बोलिरहँदा टेक बहादुरलाई झ्वाँक चल्यो। |
| मन ढुक्क फुल्नु | : | अँध्यारामा बाहिर निस्कँदा डरले मेरो मन ढुक्क फुल्छ। |
| तालुमा आलु फल्नु | : | दशलाखको चिट्ठा परेर श्यामको तालुमा आलु फलेको छ। |
| दिन फर्कनु | : | चिट्ठा परेदेखि श्यामको दिन फर्केको छ। |
| पाता फर्काउनु | : | प्रहरीले चोरलाई पाता फर्काएर लडाएको छ। |
| मुख लुकाउनु | : | भोलि दिन्छु भनेर पैसा लगेको हर्कले मलाई देख्यो कि मुख लुकाउँछ। |
| मुख टाल्नु | : | बढी बोल्ने रामेलाई हप्काएर मैले मुखै टालिदिएँ। |
| मुख सिउनु | : | अरूले पढिरहेका बेला हल्ला गर्ने भुन्टेलाई शिक्षकले मुख सिएर बस भन्नुभयो। |
| मुखमा पानी आउनु | : | उसले चटपटे खाएको देख्ता मेरा मुखमा पानी आयो। |
| चोंचोमोचो बढाउनु | : | सानी मैयाँले पल्लाघरे ठूलेसँग लसपस गरी चोंचोमोंचो बढाए जस्तो छ। |
| अगि सर्नु | : | भाषण गर्न राम अगि सर्छ। |
| मुख फोर्नु | : | प्रधानाध्यापकसमक्ष कसैले भन्न नसकेको कुरालाई मैले नै अगि सरेर मुख फोरें। |
| अड्डी कस्नु | : | म विद्यालय जान्न भनेर फुच्चेले अड्डी कस्यो। |
| मिति पुग्नु | : | छवि सर त दुर्घटनामा परेर बित्नुभएछ; मिति पुगेपछि कसको के लाग्छ? |
| सपना तुन्नु | : | घरमा खाने चिज केही छैन; तर हरि मन्त्री हुन्छु भनी सपना तुन्दै छ। |
| जिब्रो टोक्नु | : | पल्लाघरे सन्तेले हिजो राती जिब्रो टोकेछ। |

CC-0. In Public Domain. Digitization by eGangotri

सर्वस्व दिनु : देवकोटा दु:खीलाई सर्वस्व दिनसमेत अगि सर्थे।

मुख देखाउनु : रामले धेरै दिनपछि मुख देखायो।

सातोपुत्लो उड्नु : कुकुर देख्नासाथ पुन्टेको सातोपुत्लो उड्छ।

पीपलको पात कामेझैं काम्नु : प्रिन्सिपललाई देख्नासाथ विद्यार्थीहरू पीपलको पात कामेझैँ काम्छन्।

धितधरान छाड्नु : आफ्ना काकालाई लगेर थुनामा पार्ने काम सन्तवीरले गर्‍यो; त्यसले यसरी धितधरान छाड्छ भन्ने कसले सोचेको थियो र?

धोती खुस्कनु : उनीहरूको गोप्य योजनाको धोती खुस्किहालेछ; अनि त उनीहरू प्रहरीका फन्दामा परे।

बाटो तताउनु : झगडा हुने ठाउँमा बस्नुभन्दा बाटो तताउनु नै बेस हुन्छ।

फुर्ती सेलाउनु : जुवामा हारेदेखि उसको फुर्ती सेलाएको छ।

खुट्टो घुमाउनु : भोलिवादले भानुभक्तका पालादेखि खुट्टो घुमाएको हो।

ज्यान दिनु : सच्चा मित्र परेका बेला ज्यान दिनसमेत पछि पर्दैनन्।

बाचा बाँध्नु : हामी दुईजनाले कहिल्यै नछुट्टिने बाचा बाँधेका छौँ।

खुट्टा तान्नु : खुट्टा तान्ने प्रवृत्तिले गर्दा यहाँ विकास हुन नसकेको हो।

ओझेल पर्नु : नेपालका गाउँहरू विकासका सम्भावनाहरूबाट ओझेल परेका छन्।

आँखा छल्नु : बाबुले नपठाए पनि राम आफ्ना बाबुका आँखा छलेर घुम्न गयो।

मन कुँडिनु : सोझो विद्यार्थीलाई मन कुँडिने गरी हप्काउनु राम्रो होइन।

दलिन गन्नु : हरि पढ्न छाडी दलिन गनेर बसेको छ।

चिसो पस्नु : कलम रामले नै लग्यो कि भन्ने कुरामा श्यामलाई चिसो पस्यो।

थाङ्नामा सुताउनु : आफूलाई पक्रन आएको प्रहरीलाई रामले म राम होइन भनी थाङ्नामा सुताएर भाग्यो।

टाउकामा टेक्नु : बढी माया गर्‍यो भने विद्यार्थीहरूले टाउकामा टेक्न सक्छन्।

जहाज डुब्नु : अनुत्तीर्ण भइयो भने त जहाजै डुब्छ बा!

हाँच मिल्नु : राम र श्याम अल्छी पनि छन्; यी दुवैको हाँच मिल्छ।

हृदय जित्नु : कसैलाई पनि करकापले भन्दा हृदय जितेर आफ्नो बनाउनुपर्छ।

बिँडो थाम्नु : वीर पुर्खाका सन्तान भएर पनि हामीले निर्धो भई पुर्खाको बिँडो थामेका छैनौँ।

CC-0. In Public Domain. Digitization by eGangotri

| | | |
|---|---|---|
| इच्छा जाग्नु | : | सुदीप दार्जिलिङ् घुम्न गएकाले आभासलाई पनि घुम्ने इच्छा जाग्यो। |
| छेड हान्नु | : | 'अन्तिम भोज' कथामा विजय मल्लले धनी राष्ट्रहरूप्रति मार्मिक छेड हानेका छन्। |
| मुख सम्हाल्नु | : | 'धेरै नबोल् मुख सम्हालेर बस्' भनी भुन्टेलाई साहूले हप्कायो। |
| डाको छोड्नु | : | कुटाइ खाएकाले त्यो बच्चो डाको छोडेर रोइरहेछ। |
| पाउ मल्नु | : | जागिर खान पाउ मल्नुभन्दा त व्यापार गर्नु बेस! |
| रिट्ठो नबिराई भन्नु | : | प्रहरीले रिट्ठो नबिराई भन् भनेर चोरलाई कुट्यो। |
| मुटु चुँडाउनु | : | बसदुर्घटनामा परेका घाइतेहरूको विचल्लीले मेरो मुटु नै चुँडाउलाजस्तो भयो। |
| एक कानले सुनेर अर्को कानले उडाउनु | : | नपढ्ने विद्यार्थीलाई जति पढाए पनि हुँदैन; उनीहरू एक कानले सुनेर अर्को कानले उडाउँछन्। |
| थुक घुटुघुटु निल्नु | : | उसको राम्रो कलम देखेर रामले थुक घुटुघुटु निल्यो। |
| कुरो उठ्नु | : | आज सीताको बिहेको कुरो उठेको थियो र? |
| देश पस्नु | : | आफ्नो मुलुकमा काम नपाएर कामको खोजीमा देश पस्ने मानिसहरू यहाँ अझै छन्। |
| हंसले ठाउँ छोड्नु | : | बस पल्ट्यो भन्ने सुन्नासाथ त्यस दुर्घटनामा मेरो भाइ पनि पर्‍यो कि भनी रमेशको हंसले ठाउँ छाड्यो। |
| थाती राख्नु | : | आज गर्नुपर्ने काम भोलिलाई थाती राख्नु राम्रो होइन। |
| साक्षी बक्नु | : | दिनेशले अदालतमा गएर साक्षी बक्यो। |
| कोस झिक्नु | : | सुन्तलीले कोस झिकेर आँखामा गाजल लाइन्। |
| सातो लिनु | : | सिद्धार्थले हल्ला गरेकाले शिक्षकले हप्काएर उसको सातो लिनुभयो। |
| व्यथाले च्याप्नु | : | हिजोदेखि ज्वरो बढ्दै गएर व्यथाले च्यापेकाले खर्दार बाजेलाई अस्पताल पुर्‍याइयो। |
| परमधाम पुग्नु | : | हैजाले गर्दा रूपेश कस्सो परमधाम नपुगेको? |
| रेखी हाल्नु | : | बिहेमा पण्डितजीले रेखी हालेर यज्ञको स्थापना गरे। |
| दुनो सोभ्याउनु | : | आफ्नो मात्र दुनो सोभ्याउने नेतालाई जनताले हराउनै पर्छ। |
| रात छिप्पिनु | : | रात छिप्पिइसकेपछि बाहिर निस्कनु सुरक्षाको दृष्टिले समेत राम्रो होइन। |

CC-0. In Public Domain. Digitization by eGangotri

| | | |
|---|---|---|
| मार हान्नु | : | दसैंका बेला नेपालीहरूका घरमा खसी मार हान्ने प्रचलन छ। |
| ढिम्कन नदिनु | : | कक्षामा पस्न ढिला गर्नासाथ शिक्षकले हामीलाई कक्षामा ढिम्कनै दिनुहुन्न; पूरै घन्टी बाहिर बस्नुपर्छ। |
| ज्यान दिनु | : | साथीका लागि ज्यान दिन पनि पछि नपर्ने मित्र सच्चा मित्र हो। |
| बिन्ती बिसाउनु | : | आज छुट्टी पाऊँ भनेर मैले शिक्षकसँग बिन्ती बिसाएँ। |
| धराप थाप्नु | : | त्यतातिरबाट त जानुहुँदैन; त्यहाँ धराप थापेजस्तो छ। |
| बापबैरी साँध्नु | : | ती दुईजना साथी-साथी हुन् भनेर के गर्नु? एकले अर्कालाई गुन्डा लगाएर कुटाई बापवैरी साँधिहाल्यो। |
| आँखा चिम्लनु | : | एक-न-एक दिन सबैले आँखा चिम्ली यस संसारबाट बिदा हुनै पर्छ। |

## अभ्यास

१. तलका टुक्काहरूलाई अर्थ खुल्ने गरी आफ्नै वाक्यमा प्रयोग गर्नुहोस्:

(क) भङ्ग हुनु, आङ जिरिङ्ग हुनु, आँखी हुनु, हुरुक्क हुनु, लखतरान हुनु, मन अमिलो हुनु, तरङ्ग हुनु, फुलेल हुनु, विचलित हुनु, असिन-पसिन हुनु।

(ख) इतिश्री हुनु, अलप हुनु, चन्द्रमा दाहिने हुनु, आँखाको कसिङ्गर हुनु, धोती-न-टोपी हुनु, रिसले आगो हुनु, अपहत्ते गर्नु, घमन्ड चुर गर्नु, बोल्दा पनि पैसा पर्लाजस्तो गर्नु, श्रीगणेश गर्नु।

(ग) शिरोधार्य हुनु, कहाली लाग्नु, आँखा लाग्नु, सकसक लाग्नु, बात लाग्नु, भँगालो लाग्नु, घैँटामा घाम लाग्नु, तातो लाग्नु, लुत्रे कान लगाउनु, डेढ अक्कल लाउनु।

(घ) टेरपुच्छर नलाउनु, कान काट्नु, नाक काट्नु, डाँडो काट्नु, नेटो काट्नु, लख काट्नु, मक्ख पर्नु, बित्याँस पर्नु, तीन छक पर्नु, ट्वाल्ल पर्नु।

(ङ) खग्रास पार्नु, झाँको झार्नु, पिँडुलाको मास झार्नु, धरै नपाउनु, सुइँको पाउनु, भित्रभित्रै पोल्नु, डाडुमा पानी तताएर मर्नु, जिउँदै मर्नु, हृदय खोल्नु, आँखा खोल्नु।

(च) दोहोरी खेल्नु, अन्योलमा पिङ् खेल्नु, कानमा तेल हाल्नु, जङ् चल्नु, झवाँक चल्नु, मन ढुक्क फुल्नु, तालुमा आलु फल्नु, दिन फर्कनु, पाता फर्काउनु, मुख लुकाउनु।

CC-0. In Public Domain. Digitization by eGangotri

(छ) मुख टाल्नु, मुख सिउनु, मुखमा पानी आउनु, चाँचोमोचो बढाउनु, अगि सर्नु, मुख फोर्नु, अड्डी कस्नु, मिति पुग्नु, सपना तुन्नु, जिब्रो टोक्नु।

(ज) सर्वस्व दिनु, मुख देखाउनु, सातोपुत्लो उड्नु, पीपलको पात कामेझैँ काम्नु, धितधरान छाड्नु, धोती खुस्कनु, बाटो तताउनु, फुर्ती सेलाउनु, खुट्टो घुमाउनु, ज्यान दिनु।

(झ) बाचा बाँध्नु, खुट्टा तान्नु, ओझेल पर्नु, आँखा छल्नु, मन कुँडिनु, दलिन गन्नु, चिसो पस्नु, थाङ्नामा सुताउनु, टाउकामा टेक्नु, जहाज डुब्नु।

(ञ) हाँच मिल्नु, हृदय जित्नु, बिँडो थाम्नु, इच्छा जाग्नु, मुख सम्हाल्नु, डाको छोड्नु, पाउ मल्नु, रिट्ठो नबिराई भन्नु, मुटु चुँडाउनु, एक कानले सुनेर अर्को कानले उडाउनु।

(ट) थुक घुटुघुटु निल्नु, कुरो उठ्नु, देश पस्नु, हंसले ठाउँ छोड्नु, थाती राख्नु, साक्षी बक्नु, कोस झिक्नु, सातो लिनु, व्यथाले च्याप्नु, परमधाम पुग्नु।

(ठ) दुनो सोझ्याउनु, रात छिप्पिनु, मार हान्नु, ढिम्कन नदिनु, ज्यान दिनु, बिन्ती बिसाउनु, बापबैरी साँध्नु, आँखा चिम्लनु।

●

CC-0. In Public Domain. Digitization by eGangotri

# परिशिष्ट

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

# वाक्यान्तरणसम्बन्धी समष्टि नमुना र अभ्यास

तल सकर्मक क्रियापदको प्रयोग भएको सामान्य वर्तमानकालको कर्तृवाच्यको एक करण सरल वाक्य र अकर्मक क्रियापदको प्रयोग भएको सामान्यवर्तमानकालकै कर्तृवाच्यको अर्को एक करण सरल वाक्यलाई विभिन्न काल–पक्ष, अर्थ/भाव, व्याकरणात्मक कोटि र संरचनाका आधारमा अकरण वाक्यमा समेत परिवर्तन गरी समष्टि वाक्यान्तरणको नमुनाका रूपमा प्रस्तुत गरिएको छ:

**१. 'खानु' सकर्मक क्रियापदको प्रयोग भएको करण सरल वाक्य : तँ भात खान्छस्।**

| | | | करण वाक्य | अकरण वाक्य |
|---|---|---|---|---|
| काल–पक्षका आधारमा वाक्यान्तरण | १. | सा. भूत | तैँले भात खाइस्। | तैँले भात खाइनस्। |
| | २. | अपूर्ण भूत | तँ भात खाँदै थिइस्। | तँ भात खाँदै थिइनस् |
| | ३. | पूर्ण भूत | तैँले भात खाएको थिइस्। | तैँले भात खाएको थिइनस्। |
| | ४. | अज्ञात भूत | तैँले भात खाएछस्। | तैँले भात खाएनछस्। |
| | ५. | अभ्यस्त भूत | तँ भात खान्थिस्। | तँ भात खाँदैनथिस्/खान्नथिस्। |
| | ६. | सा. वर्तमान | | तँ भात खान्नस्। |
| | ७. | अपूर्ण वर्तमान | तँ भात खाँदै छस्। | तँ भात खाँदै छैनस्। |
| | ८. | पूर्ण वर्तमान | तैँले भात खाएको छस्। | तैँले भात खाएको छैनस्। |
| | ९. | सा. भविष्यत् | तँ भात खानेछस्। | तँ भात खानेछैनस्। |
| | १०. | अ. भविष्यत् | तँ भात खाँदै हुनेछस्। | तँ भात खाँदै हुनेछस्। |
| | ११. | पूर्ण भविष्यत् | तैँले भात खाएको हुनेछस्। | तैँले भात खाएको हुनेछैनस्। |
| अर्थ वा भावका आधारमा वाक्यान्तरण | १२. | सम्भावनार्थ | तँ भात खालास्। | तँ भात नखालास्। तँ भात खाओइनस्। |
| | १३. | सङ्केतार्थ | तैँले भात खाए हुन्थ्यो। | तैँले भात नखाए हुन्थ्यो। |
| | १४. | इच्छार्थ | तैँले भात खाएस्। | तैँले भात नखाएस्। |
| | १५. | १. आज्ञार्थ | तँ भात खा। | तँ भात नखा। |
| | | २. अनुरोधार्थ | तपाईं भात खानुहोस्। | तपाईं भात नखानुहोस्। |

CC-0. In Public Domain. Digitization by eGangotri

| | | | करण वाक्य | अकरण वाक्य |
|---|---|---|---|---|
| | १६. | प्रश्नार्थ | तँ घर जान्छस्? | तँ घर जान्नस्? |
| | १७. | विस्मयार्थ | तँ भात खान्छस्! | तँ भात खाँदैनस्! |
| | १८. | प्रेरणार्थ | म तँलाई भात खुवाउँछु। | म तँलाई भात खुवाउन्न। |
| व्याकरणात्मक कोटिका आधारमा वाक्यान्तरण | १९. | वचन | तिमीहरू भात खान्छौ। | तिमीहरू भात खाँदैनौ। |
| | २०. | पुरुष | ऊ भात खान्छ। | ऊ भात खान्न। |
| | २१. | लिङ्ग | तँ भात खान्छेस्। | तँ भात खाँदिनस्। |
| | २२. | आदर | तपाईं भात खानुहुन्छ। | तपाईं भात खानुहुन्न। |
| | २३. | कर्तृवाच्य | | |
| | २४. | कर्मवाच्य | तँद्वारा भात खाइन्छ। | तँद्वारा भात खाइन्न। |
| | २५. | भाववाच्य | | |
| संरचनाका आधारमा वाक्यान्तरण | २६. | सरल वाक्य | | |
| | २७. | मिश्र वाक्य | तँ एक केटो होस् जो भात खान्छस्। | |
| | २८. | संयुक्त वाक्य | तँ केटो होस् र तँ भात खान्छस्। | |

**२. 'जानु' अकर्मक क्रियापदको प्रयोग भएको करण वाक्य : तँ घर जान्छस्।**

| | | | करण वाक्य | अकरण वाक्य |
|---|---|---|---|---|
| काल–पक्षका आधारमा वाक्यान्तरण | १. | सामान्य भूत | तँ घर गइस्। | तँ घर गइनस्। |
| | २. | अपूर्ण भूत | तँ घर जाँदै थिइस्। | तँ घर जाँदै थिइनस्। |
| | ३. | पूर्ण भूत | तँ घर गएको थिइस्। | तँ घर गएको थिइनस्। |
| | ४. | अज्ञात भूत | तँ घर गएछस्। | तँ घर गएनछस्। |
| | ५. | अभ्यस्त भूत | तँ घर जान्थिस्। | तँ घर जाँदैनथिस्/जान्नथिस्। |
| | ६. | सामान्य वर्तमान | | तँ घर जान्नस्। |
| | ७. | अपूर्ण वर्तमान | तँ घर जाँदै छस्। | तँ घर जाँदै छैनस्। |
| | ८. | पूर्ण वर्तमान | तँ घर गएको छस्। | तँ घर गएको छैनस्। |
| | ९. | सा. भविष्यत् | तँ घर जानेछस्। | तँ घर जानेछैनस्। |
| | १०. | अपूर्ण भविष्यत् | तँ घर जाँदै हुनेछस्। | तँ घर जाँदै हुनेछैनस्। |
| | ११. | पूर्ण भविष्यत् | तँ घर गएको हुनेछस्। | तँ घर गएको हुनेछैनस्। |

CC-0. In Public Domain. Digitization by eGangotri

| | | | करण वाक्य | अकरण वाक्य |
|---|---|---|---|---|
| अर्थ वा भावका आधारमा वाक्यान्तरण | १२. | सम्भावनार्थ | तँ घर जालास्। | तँ घर नजालास्। तँ घर जाओइनस्। |
| | १३. | सङ्केतार्थ | तँ घर गए हुन्थ्यो। | तँ घर नगए हुन्थ्यो। |
| | १४. | इच्छार्थ | तँ घर गएस्। | तँ घर नगएस्। |
| | १५. | १. आज्ञार्थ<br>२. अनुरोधार्थ | १. तँ घर जा।<br>२. तपाईं घर जानुहोस्। | १. तँ घर नजा।<br>२. तपाईं घर नजानुहोस्। |
| | १६. | प्रश्नार्थ | तँ घर जान्छस्? | तँ घर जान्नस्? |
| | १७. | विस्मयार्थ | तँ घर जान्छस्! | तँ घर जान्नस्! |
| | १८. | प्रेरणार्थ | म तँलाई घर जान लगाउँछु। | म तँलाई घर जान लगाउन्न। |
| व्याकरणात्मक कोटिका आधारमा वाक्यान्तरण | १९. | वचन | तिमीहरू घर जान्छौ। | तिमीहरू घर जाँदैनौ। |
| | २०. | पुरुष | म घर जान्छु। | म घर जान्न। |
| | २१. | लिङ्ग | तँ घर जान्छेस्। | तँ घर जाँदिनस्। |
| | २२. | आदर | तपाईं घर जानुहुन्छ। | तपाईं घर जानुहुन्न। |
| | २३. | कर्तृवाच्य | | |
| | २४. | कर्मवाच्य | | |
| | २५. | भाववाच्य | तँद्वारा घर गइन्छ। | तँद्वारा घर गइन्न। |
| संरचनाका आधारमा वाक्यान्तरण | २६. | सरल | | |
| | २७. | मिश्र | तँ एक केटो होस्<br>जो घर जान्छस्। | तँ एक केटो होस्<br>जो घर जान्नस्। |
| | २८. | संयुक्त | तँ केटो होस् र<br>तँ घर जान्छस्। | तँ केटो होस् र<br>तँ घर जान्नस्। |

माथिको तालिकाबाट एउटा वाक्यलाई विभिन्न आधारमा अट्ठाईसओटाजति वाक्यमा बदल्न सकिने र ती प्रत्येकका अकरण वाक्य पनि हुने कुरो स्पष्ट हुन्छ।

४१९.४५२
अ १४ने

## अभ्यास

१. माथिको वाक्यान्तरणसम्बन्धी तालिका हेरी सोहीबमोजिम तलका प्रत्येक वाक्यलाई पनि अट्ठाईसओटा जति करण र अकरण वाक्यमा बदल्नुहोस्।

(क) म लुगा धुन्छु। (ख) तिमी नाच हेर्छौ।

(ग) तँ घर आउँछस्। (घ) ऊ उत्तीर्ण हुन्छ।

दर्ता नं
22062

CC-0. In Public Domain. Digitization by eGangotri

I. B + S. B.

R. D. + K. D

R. P. B + S. B

R. B. + A. B

R. D + R. D

P. P. D + U. D

S. P. D + S. B

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

## हाम्रा प्रकाशनबाट प्रकाशित नेपाली व्याकरणका अन्य पुस्तकहरु

१. सरल नेपाली व्याकरण र रचना भाग १
२. सरल नेपाली व्याकरण र रचना भाग २
३. सरल नेपाली व्याकरण र रचना भाग ३
४. सरल नेपाली व्याकरण र रचना भाग ४
५. सरल नेपाली व्याकरण र रचना भाग ५
६. निम्न-माध्यमिक नेपाली व्याकरण र रचना
७. नेपाली व्यावहारिक व्याकरण र अभिव्यक्ति
८. व्यावहारिक अनिवार्य नेपाली व्याकरण

नेपाली व्यावहारिक व्याकरण र अभिव्यक्ति
र
व्यावहारिक अनिवार्य नेपाली व्याकरण
नेपाली व्यावहारिक व्याकरण र अभिव्यक्ति
र
व्यावहारिक नेपाली व्याकरण

**एकता बुक्स,** थापाथली, काठमाडौं, नेपाल

नेपाली व्यावहारिक व्याकरण र अभिव्यक्ति - रू. १२५.००